CC-0. In Public Domain. Digitization by eGangotri

विचार रत्नमाला

Dr. Kumar B. Pandey
Lazimpat

लेखक र प्रकाशकः–

रामबहादुर गोतामे क्षत्री

विक्रम संवत् २०४१ साल

CC-0. In Public Domain. Digitization by eGangotri

विचार रत्नमाला

(सर्वाधिकार सुरक्षित)

लेखक र प्रकाशकः
राम बहादुर गोतामे क्षत्री
२।६६६ लाजिम्पाट, काठमाडौं, नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

दुई कुरा

मैले लेखको प्रथम, द्वितीय र तृतीय भाग वेदान्त–संग्रह पुस्तकलाई सबै सज्जन पाठक महानुभावहरूले पढी विशेष रुचाउनु भएको र चतुर्थ भाग पढ्न पनि विशेष इच्छा प्रकट गर्नु भएकोले नै मरो उत्साह बढ्दै गएकोमा चतुर्थ भागको बदला यो विचार रत्नमाला पुस्तक लेखको हुँ। मैले आजसम्म जो जति पुस्तकको अध्ययन गरें त्यसको सार यसै पुस्तकमा लेखिदिएको छु। जसरी मैले लेखका पुस्तकहरू रुचाउनु भयो त्यसैगरी यो पुस्तकलाई पनि रुचाउनु होला भन्ने आशा तथा विश्वास लागेको छ। यो पुस्तक पहिले लेखिएका वेदान्तसंग्रहका तीनै भाग भन्दा विशेष प्रौढरूपमा लेखिएको छ। यसमा केही न केही त्रुटि पर्न गएमा र छाप्ता दुइचार अक्षर अशुद्ध परकोमा त्यसमाथि ध्यान नराखी यस पुस्तकलाई सबैले अध्ययन गरिदिनु भएमा मेरो उत्साह बढ्नुको साथै म आफ्नो परिश्रमलाई सफल भएको मान्ने थिएँ। पुनः मलाई वेदान्तका अन्य पुस्तक लेख्ने उत्साह समेत बढ्ने थियो।

प्रथम वार १०००।
विक्रम सम्वत् २०४१।१।२२।६
वैशाख शुक्ल अक्षय तृतीया, श्रीपरशुराम जयन्ती।

—लेखक

सन् १९८४।५।४

मूल्यः— मोरू. ५०।

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य, न्याय, धर्म र मोक्षको गहीरो चाहनाले सदा प्रेरित मानव समाज-को कल्याण जडबाट भन्दा चेतनशील मानवबाटै हुन्छ।

—श्री ५ वीरेन्द्र

नेपाल राष्ट्र बैंक

परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

बैंकको ढोका सबैको लागि खुला छ,

थोरै पैसा भए पनि बैंकमा बचत गर्नु होस् ।

आजको बचत उज्वल भविष्यको चिह्न हो

बैंकमा सञ्चित धननै भोलिको लागि सुरक्षित जीवन हो ।

स-साना उद्योगको लागि बैंकसंग ऋण लिनु होस्

ऋणको सदुपयोग गरी राष्ट्रको आर्थिक बिकासमा टेबा दिनु होस् ।

राष्ट्रिय वाणिज्य बैंक

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको प्रत्येक नरनारी चाहे त्यो एउटा साधारण नागारिक होस्, चाहे त्यो सरकार, जागीरदार होस्, चाहे मिनिष्टर वा राजवंश किन नहोस् सबैलाई यो देश, यसको सुन्दरता, भव्यता र गौरवले एक नास मुग्ध गराउँछ। आफूलाई नेपाली कहलाउने प्रत्येक व्यक्ति निश्चयनै हाम्रो देश नेपाललाई माया गर्छ।

-- स्व. श्री ५ त्रिभुवन

-- कृषि विकास बैंक
परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

"जनसंख्या र राष्ट्रिय उत्पादनमा संतुलन नभएमा राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्तिमा पनि खलबल पर्न जाने संभावना हुन्छ।"

-श्री ५ वीरेन्द्र

थोरै भए ठिक्क धेरै भए दिक्क

साना र सुखी परिवारको लागि

परिवार नियोजन गर्नुहोस् ।

नजीकको स्वास्थ्य केन्द्रमा आजै सम्पर्क राख्नुहोस्।

सौजन्यः- सूचना विभाग

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मले ब्रह्माण्डको परम सत्यको खोजी गर्दछ,

दर्शनले यसको व्याख्या गर्दछ र संस्कृतिले यी दुबैलाई

जीवन पद्धतिमा आत्मसात् गर्दछ ।

(श्री ५ वीरेन्द्र)

यो पुस्तक सबैको भलाइको लागि होस् ।

साझा पसल सेवा
परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

नव-वर्ष २०४१ सालको

उपलक्ष्यमा स्वदेश तथा

प्रवासका निवासी समस्त नेपाली

बन्धुहरूमा उत्तरोत्तर सुख समृद्धि र

शाश्वत शान्तिको शुभ-कामना

समर्पित गर्दछौं

गुठी संस्थान परिवार

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गीय श्रीरुद्रबहादुर पाण्डे क्षत्रीज्यूको संक्षिप्त जीवनी

विक्रम सम्वत् १९६२ साल पौष २३ गते का. जि. महाराजगञ्जमा जन्मनु भई काठमाडौं लाजिम्पाटमा स्थायी वसोबास गरी आउनु भएका स्वर्गीय श्री रुद्र बहादुर पाण्डे १९८४।५।१६ मा शाही नेपाली सेनामा प्रवेश गर्नु भएको थियो ।

म युद्ध गर्दिन भनी धनु-वाण फ्याँकेका अर्जुनलाई भगवान् श्री कृष्णले गीता २।११ देखि ३० श्लोकसम्म साँख्य ज्ञानको उपदेश दिई पुनः २।३१ देखि जातीय धर्मादिको विषयमा उपदेश गर्नु भयो कि आफ्नो क्षत्रिय धर्मलाई मात्र लिने हो भने पनि तिमीले कर्तव्यपथबाट विचलित हुन उचित छैन किनभने धर्म युद्धभन्दा कल्याणकारी क्षत्रियको निमित्त अर्को छैन। इच्छा नगरी अकस्मात् प्राप्त, उद्घाटित स्वर्गको द्वाररूप यस्तो युद्ध भाग्यवान् क्षत्रियलाई मात्र मिल्दछ । यदि तिमीले धर्मयुक्त यो युद्ध गरेनौ भने त्यसबाट आफ्नो क्षत्रिय जातिको धर्म र कीर्ति दुवैलाई तिलाञ्जलि दिएर पापको भागी हुने छौ । श्रीकृष्णले

(अो)

CC-0. In Public Domain. Digitization by eGangotri

वताउनु भएको ज्ञान र जातीय धर्मादिको सर्वोत्तम उपदेश श्रवण गरेपछि अर्जुनको मोह नष्ट भयो र (करिष्ये वचनं तव) तपाईको वचनलाई पालन गर्दछु भनी धनु-वाणग्रहणगरी युद्धको लागि तत्पर भए। यही भगवान्को उपदेशवाट प्रेरित भई जातीय स्वधर्मलाई पालन गर्नको लागि पिताजी सम्वत् १९९६ र सम्वत् २००५ सालमा गरी दुइपल्ट दोस्रो विश्व युद्धमा प्रस्थान गर्नु भएको थियो। त्यसै समयमा आफ्नो वहादुरी र कर्तव्यपरायणताको फलस्वरूप सहसेनानी सम्मको पद र विभिन्न आभूषणहरूले अलंकृत हुनु भएको थियो।

२००७।१०।२२ मा सैनिक सेवावाट अवकाश लिनु भयो र पुनः २००९ सालमा श्री ५ सरकारको निजामती सेवा गृहमन्त्रालयको सोही पदमा नियुक्त हुनु भई क्रमशः वीरगञ्ज गौंडा र धनकुटा गौंडाको असिष्टेण्ट सुव्वा पदको कार्यभार वहन गर्नु भएको थियो। धार्मिक र सामाजिक सेवामा पनि निकैनै दिलचस्पी भएकोले यसै बीचमा उहाँले लाजिम्पाटदेखि नील सरस्वतीस्थान जाने वाटो निर्माणकार्यमा विशेष योगदान गर्नु भएको थियो। उहाँ स्पष्ट वक्ता तथा कमजोरहरूका लागि एक आधार स्तम्भ हुनुहुन्थ्यो। आफूले सकेको सहयोग गर्न कहिले पछि हट्नु भएन। व्यक्तिवादी समाजमा यस्ता पनि मानिस थिए भन्ने सम्झनाले मात्र भेटाउन सक्छ होला ? सम्वत् २०१७। १२।१८ मा पुनः यस सेवावाट पनि अवकाश प्राप्त भएपछि धार्मिक शास्त्रहरूको अध्ययन तथा सत्संगत तिर विशेष रूपले लाग्नु भएको थियो। सम्वत् २०३९ साल कार्तिक ३ गते हृदय गति वन्द भई परमधाम जाँदा उहाँको उमेर ७६ वर्ष ९ महिना १० दिन पुगको थियो।

(औ)

CC-0. In Public Domain. Digitization by eGangotri

गीता २।२७ मा भगवान् श्री कृष्णजीले मृत्यु भन्ने कुरा अवश्यंभावी र अपरिहार्य बताउनु भएको सम्झी हामी दुई पुत्र प्रेम बहादुर र श्याम वहादुर पाण्डे सहित हाम्री माता हरि कुमारीले धैर्य धारण गरी स्वर्गीय पिताजीको दिवंगत आत्मा-लाई सुख शान्ति प्राप्त होस् भनी ईश्वर संग प्रार्थना गर्दै हामीले धैर्य धारण गरेर रहेका छौं।

आर्थिक सहयोगी

वलरामपुर महारानी राजमाता श्रीराज्यलक्ष्मी कुमारी देवी र उहाँका सुपुत्र महाराज श्रीधर्मेन्द्र प्रसाद सिंहवाट यो विचार रत्नमाला पुस्तक प्रकाशित गर्नको लागि सहानु-भूतिपूर्वक ठूलो आर्थिक सहयोग गरी बक्सेकोले नै मैले पुस्तक प्रकाशित गर्न सफलता प्राप्त गर्न सकेको हुँ। राजमाताको जीवन नै परोपकारमय छ, मनोवाञ्छित फल दिने कल्पवृक्ष झैं उहाँको समीपमा पुगेका कुनै पनि दीन–दु:खीले विफल मनोरथ भई फर्कनु पर्दैन। जसको लागि धर्म कार्यालय स्थापना गरी दिई बक्सेको छ। मैले लेखको वेदान्त-संग्रहको प्रथम र द्वितीय भाग पुस्तक पनि राजमाताको आर्थिक सहयोगवाट प्रकाशित भएको हो।

CC-0. In Public Domain. Digitization by eGangotri

तन पवित्र सेवा किये, धन पवित्र दिये दान ।
मन पवित्र हरि भजन से, इस विधि हो कल्याण ॥
चिडी चोंच भर ले गई, नदी घटया ना नीर ।
दान दिये धन न घटै, कह गये दास कवीर ॥

(कवीर दास)

दानेन वर्धते लक्ष्मीर्विद्या दानेन वर्धते ।
दानेन वर्धते धर्म : कीर्तिदानेन वर्धते ॥

(ब्रह्मानन्दमोक्षगीता ४।४२)

यसरी वारम्वार निगाह गरी वक्सेकोवाट मौसूफको उदारता, उच्चविचार, वैदिक धर्ममा श्रद्धा–भक्ति र आस्था स्पष्ट झल्किन्छ । सत् पात्रमा एवं सत् कार्यमा धन खर्च गर्नु नै धर्म, कीर्तिको वृद्धिको साथै धनको वृद्धि र सदुपयोग गर्नु हो । दयामूर्ति राजमाता र उहाँका सुपुत्रको गाथमा भगवान् श्री पशुपतिनाथले सदा दीर्घायु र आरोग्य प्रदान गरून् भनी सभक्तिपूर्ण प्रार्थना गर्दछु ।

–लेखक

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक सहयोगी

भूतपूर्व रक्षा राज्य मन्त्री, वर्तमान राष्ट्रिय पञ्चायतका सदस्य र भूतपूर्व सैनिकका सभापति श्रीधर शम्शेर ज. व. रा. बाट आफ्ना स्वर्गीय बुवाज्यू महारथी श्री शङ्कर शम्शेर ज. व. रा. को र मुमाज्यू रानी साहेवा श्रीखिल राज्य लक्ष्मी देवी राणाको पुण्य स्मृतिमा यो विचार रत्नमाला पुस्तक प्रकाशित गर्नको लागि सहयोगको रूपमा १०००। एक हजार रूपैयाँ प्रदान गरकोमा म उहाँका स्वर्गीय बुबा-मुमा दुवैको दिवंगत आत्मालाई सुख–शान्ति प्राप्त होस् भनी ईश्वरसंग प्रार्थना गर्नुको साथै एक कर्मठ, धर्मनिष्ठ तथा देश र नरेशका परमभक्त श्रीधर शमशेर ज. व. रा. लाई भगवान् श्री पशुपतिनाथले सत् बुद्धि, दीर्घायु र आरोग्य प्रदान गरून् भनी प्रार्थना गर्दछु। आजको युग धर्मानुसार हामीलाई हाम्रो देशमा यस्तै कर्मठ महा पुरुषहरूका अत्यावश्यक परेको छ। स्वर्गीय श्री ५ महेन्द्र सरकारबाट पनि हुकुम भएकोथियो-(आज हामी लाई कुरा भन्दा कामको वढी खाँचो छ आडम्बर भन्दा ईमान्दारीको खाँचो छ) नेपाल माताले यस्ता कर्मठ सुपुत्रहरूका जन्म धरै संख्यामा गरून्।

—लेखक

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दू सम्राट् श्री ५ वीरेन्द्र

CC-0. In Public Domain. Digitization by eGangotri

श्री
पक्षक
आयु
विका
पूर्ण
देश
रहोस
कलम
प्रजा
(देश
स्वार्थ
झल्के

CC-0. In Public Domain. Digitization by eGangotri

राजा ईश्वरको विभूति र प्रतिनिधि हुन्

सम्पूर्ण विश्वमा एक मात्र हिन्दूराष्ट्र नेपालका राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुक्ल-पक्षको चन्द्रमाको कला प्रतिदिन बढ्दै गए झैं बुद्धि, बल, कीर्ति र आयुको उत्तरोत्तर वृद्धि हुनुको साथै मौसूफले गरीबक्सेको विकासको मूल फुटाउनु पर्छ भन्ने शुभ इच्छा दिन प्रति दिन पूर्ण हुँदै जाओस्, अरू विकासशील राष्ट्रहरूको दाँजोमा हाम्रो देश नेपाल पनि दाँजिन सकोस्; पञ्चायती राज सदा अमर रहोस् भनी भगवान् श्री पशुपतिनाथको सभक्तिपूर्ण प्रार्थना गर्दै कलमलाई अगाडि बढाउँदछु ।

प्रजावत्सल श्री ५ महाराजाधिराज वीरेन्द्रको आफ्नो प्रजामाथि कस्तो प्रेम रहेछ भन्ने कुरा उहाँबाट हुकुम भएको (देशवासीहरूको सुख दुःख नै हाम्रो सुख–दुःख हो, देश र जनताको स्वार्थ नै हाम्रो एक मात्र स्वार्थ हो) भन्ने महावाणीबाट स्पष्ट झल्केको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यजुर्वेदको वृहदारण्यकोपनिषद् १।४।११ मा यस्तो भनिएको छ– आरम्भमा यो एक ब्रह्म नै थियो। एक्लै हुनाको कारण ब्रह्म विभूतियुक्त कर्म गर्नमा सामर्थ भएनन् र अतिशयताले क्षत्र यस प्रशस्त रूपको रचना गरे। अर्थात् देवताहरूमा क्षत्रिय-इन्द्र, वरुण, सोम, सूर्य, अग्नि, यम, कुवेर र वायु हुन्। यिनै आठ लोकपालहरूका अंशबाट राजाको उत्पत्ति भयो। अतः क्षत्रिय भन्दा उत्कृष्ट कोही छैनन्। गीता १३।३३ को अर्थ अनुसार क्षत्र शब्द राष्ट्रको नाम हो। राष्ट्र जसको जिम्मामा छ उसलाई क्षत्री भन्दछन्। क्षत्री अर्थात् क्षत्रवाला अथवा क्षत्रको धनी राजा हुन्। साम, दान, दण्ड र भेद धारण गर्न सक्ने सामर्थ केवल क्षत्रिय राजामा नै भएको देखिन्छ।

महाभारतमा भनेको छ– कर्णले ब्राह्मण भेष धारण गरेर परशुरामसंग दिव्य अस्त्रहरूको विद्या सिकिरहेका थिए। एकदिन परशुराम कर्णको जाँघमा शिर राखी सुत्नु भएको थियो। त्यसै समयमा इन्द्रले एउटा कीराको रूप धारण गरी कर्णको तिघ्रामा टोकिदिए। रगतको धारा बग्न लाग्यो। परन्तु गुरु निद्राबाट विउँझिनु होला भन्ने भयले उनी अलिकति पनि चलायमान भएनन्। परशुरामजीले यो घटना देख्नु भो र भन्नु भयो– कर्ण! यस्तो कष्ट सहन सक्ने सामर्थ ब्राह्मणमा हुन सक्तैन, तिमी क्षत्रिय हौ। अतः मबाट प्राप्त गरको ब्रह्मास्त्रको विद्या युद्धमा विस्मरण होस् भनी शाप दिनु भयो।

हिन्दू राष्ट्र नेपालमा शास्त्रानुकूल वैदिक सनातनी क्षत्रिय राजा हुनु नेपाली मात्रको होइन कि विश्वमा जति आर्य संस्कृति

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दू धर्मावलम्वी छन् । तिनीहरूले आफूलाई सौभाग्य प्राप्त मान्नु स्वाभाविक हो ।

भगवान् श्री कृष्ण भन्नु हुन्छ– (नराणां च नाराधिपम्) गीता १०।२७ मलाई मनुष्यहरूमा राजा जान । (मनुष्याणां च भूपतिम्(भागवत ११।१६।१७ मा पनि भन्नु भएको छ– म मनुष्यहरूमा राजा हुँ ।

राजा सत्यं च धर्मश्च राजा कुलवतां कुलम् ।
राजा माता पिता चैव राजा हितकरो नृणाम् ।।

(वाल्मीकि रामायण अयो ६७।३४)

राजा नै सत्य, धर्म र कुलीनहरूका कुल हुन्, राजा नै माता पिता र दुनियाँको भलो गर्ने हुन् ।

बालोऽपि नावमन्तव्यो मनुष्य इति भूमिपः ।
महती देवता ह्येषा नररूपेण तिष्ठति : ।।

(हितोपदेश सुहृद्भेद ८२)

वालक भए पनि राजालाई मनुष्य झैं सम्झेर अपमान गर्नु हुन्न, किनभने महान् देवता नररूपमा रहेका हुन् ।

प्राचीनकालमा राज्य र राजा थिएनन् । त्यस समय सबै मानिस आ-आफ्ना वर्णाश्रम धर्ममा स्थित थिए । राज्य र राजाको कुनै आवश्यकता नै थिएन (धर्मो धारयते प्रजाः) धर्मले नै प्रजालाई धारण गरको थियो । कालान्तरमा जव धर्मको ग्लानी प्रजाको वृद्धि हुँदै गएपछि मानिसमा वैमनस्य र दुर्वासना हृदयमा उत्पन्न भयो । अनि परस्परमा तेरो र मेरो भन्ने खिचातानी

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्दै गयो । अन्तमा यहाँसम्म भयो कि दुर्वललाई बाँच्न पनि कठिन पऱ्यो ।

अराजकाः प्रजाः पूर्वं विनेशुरिति न श्रुतम् ।
परस्परं भक्षयन्तो मत्स्य इव जले कृशान् ॥
(म. भा. शा. ६७।१७)

राजा नहुनाले प्रजाहरूमा मत्स्य न्याय चल्यो अर्थात् पानीमा जसरी ठूलो माछाले सानो माछालाई खान्छ त्यसैगरी बलियाले दुर्वल माथि अत्याचार गर्न लागे । यस्तो भएपछि आफ्नो रक्षा तथा समाजको व्यवस्थाको लागि दुःखले ब्याकुल भएका शान्ति-प्रिय सबै प्रजाहरूले ब्रह्माजी कहाँ गएर निवेदन गरे-- प्रभो ! हाम्रो जीऊ धन मालको र अधिकारको रक्षाको लागि व्यवस्था गर्न हामीलाई ईश्वर (राजा) एउटा चाहियो । प्रजाको आर्त पुकार सुनेर ब्रह्माजीले विष्णुको अंशले युक्त भएका मनुलाई राजा नियुक्त गरी साम, दान, दण्ड र भेदको नीति समेत दिएर पठाउनु भयो । त्यहाँदेखि यिनै कारणहरूबाट राजा र राज्यको उत्पत्ति हुँदै गयो ।

नाग्रहिष्यन्पुरोडाशान्मनुष्य पितृ–देवताः ।
ना भविष्यत्श्वकाकानां भागधेयं हुतं हविः ॥
(पाराशरस्मृति १२।५६)

यदि ब्रह्माजीले राजा सृष्टि नगरेको भए मनुष्य, पितृ, देवताहरू ले आ-आफ्नो भाग पनि लिन पाउने थिएनन्, पकाएको भोजन पनि काग र कुकुरले खाने थिए अर्थात् रक्षक नभएपछि दुष्टहरूको दुराचारद्वारा सज्जनहरूलाई जीवन निर्वाह गर्न पनि कठिन पर्ने थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

अराजके हि लोकेऽस्मिन्सर्वतो भयम् ।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत्प्रभुः ॥

(मनुस्मृति ७।३)

राजा नभएपछि बलियाले निर्बलियलाई दुःख दिन थाल्दछन्, सर्वत्र पशुबलकै प्रधानता हुन्छ, धर्मनीति रहँदैनः त्यसकारणले नै जगत् रक्षाको निमित्त प्रभुले अष्ट दिक्पालको अंशबाट राजाको सृष्टि गर्नु भएको हो ।

चाट तस्कर दुर्वृत्त माहासाहसिकादिभि : ।
पीडयमानाः प्रजा रक्षेत्कयस्थैश्च विशेषतः ॥

(याज्ञवल्क्य स्मृति १३।३३६)

राजाले ठग, चोर, डाँकु, दुष्ट, दस्यु तथा विशेष गरेर जाली फटाहाबाट पीडित भएका प्रजा वर्गलाई ती बाधाहरू हटाएर रक्षा गर्नु पर्छ ।

मौसूफबाट हुकुम नै भएको छ– जनताको रक्षा गर्नु, न्याय दिनु तथा खराब गर्नेहरूलाई सजाय दिनु नै राजाको कर्तव्य हो ।

सूर्यको उदय भएपछि जसरी अन्धकार रहँदैन, त्यस्तै मौसूफको उदयकालमा पनि दुराचार, भ्रष्टाचार आदि निर्मूल हुनजाने छन् भन्ने सबैले निश्चय गरेका छन् । धर्मनिष्ठ सज्जन प्रजाको राजाबाट योगक्षम हुनाको कारणले नै शास्त्रले राजालाई ईश्वर मान्नु मुख्य तात्पर्य हो । राजाको छत्र-छाँयामा सम्पूर्ण प्रजाको जीवन केन्द्रित हुन्छ । मानव जातिको उत्थान र पतनको बागडोर तथा जीवन-मरणको निर्भर राजामा रहेको हुन्छ । राजा ईश्वरबाट वर्णाश्रम धर्मको रक्षार्थ नियुक्त गरेका

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिनिधि हुन् । राजाले देखाएको मार्गबाट सबै हिंड्ने हुनाले राजालाई समाजको रत्न र मार्ग-दर्शक पनि भनिन्छ।

राज्ञि धर्मिणि धर्मिष्ठाः पापे पापः समे समाः ।
प्रजास्तदनुवर्तन्ते यथा राजा तथा प्रजा ॥

(चाणक्यनीति १२।८)

राजा धर्मात्मा भएदेखि प्रजा पनि धर्मात्मा हुन्छन् । पापी भए पापी र सम भए सम हुन्छन् । राजाको अनुसार प्रजा हुन्छन् अर्थात् जस्तो राजा हुन्छन् उस्तै प्रजा हुन्छन् । हाम्रो राजा र राजपरिवारहरूबाट सबै धार्मिक तिथि, चाड र पर्वहरू मानी वक्सेकोले नै सबै प्रजाले पनि मानेका छन् । भगवान् श्रीरामजीले भरतलाई बताउनु भएको राज धर्मको सर्वस्व (सार) यस्तो छः–

मुखिआ मुख सो चाहिये, खान पान कहुँ एक ।
पालै पोषै सकल अंग, तुलसी सहित विवेक ॥

(तु. रा. अयो. दो. ३१६)

खानापीना गर्नलाई एउटा मुख जस्तो एउटा मुखिया (राजा) चाहिन्छ, त्यो मुखियाले विवेक पूर्वक सबै अङ्गप्रत्यङ्गको पालनपोषण गर्नु पर्छ । शरीरका हात, पाउ, नाक, कान, आँखा इत्यादि सकल अङ्गप्रत्यङ्ग सबै उपयोगी, सबै रक्षणीय, सबै पालनीय, सबै पोषणीय छन् । यी अङ्गप्रत्यङ्ग मध्ये कुनै एउटा बिग्रियो भने शरीर खूती हुनाले निन्दनीय हुन्छ, यिनको रक्षा हुनु अत्यावश्यक छ । यिनले पनि आहार पाउनु पर्छ, पाउँछन् पनि, कसरी पाउँछन् भने यी– अङ्गप्रत्यङ्गले एउटा मुखलाई

CC-0. In Public Domain. Digitization by eGangotri

मुखिया (मुख्य नेता राजा) बनाएका छन् त्यो मुखरूपी राजा नानाप्रकारको आहार आफूले गरेर त्यही आहार भिन्न-भिन्न सबै अङ्गप्रत्यङ्गमा पुऱ्याउँछ र तिनलाई हृष्ट-पुष्ट पार्दछ। त्यसो हुनाले नियमको साथ यो शरीर चलिरहन्छ। हाम्रो पनि हक छ, हामी पनि मुख जस्तै हौं, के खाँचाले काम गर्दछौं? आफ्नो पालन-पोषण आफैं गर्दछौं भनेर अङ्गप्रत्यङ्गका प्रत्येक व्यक्तिले दुराग्रहपूर्वक आ-आफ्ना काम छाडेर केवल आहार मात्र गर्न लागे भने शरीरको के गति होला ? व्यवहार कसरी चल्ला ? एवंप्रकार एउटा राष्ट्रनायकले राष्ट्रको आम्दानी लिएर त्यतावाट राष्ट्रको स्वामी (आफू) अमात्य, पुर, राष्ट्रकोष, दुर्ग, फौज, यी अङ्गहरूको यथोचित पालन-पोषण गर्नु पर्छ। राष्ट्रका अङ्ग व्यक्तिले यथेष्ट गरेर राष्ट्रको लाभ लिन लागे, मुखिया (राजा) को विरुद्ध चले भने व्यवस्था भङ्ग हुन्छ र राष्ट्र र राष्ट्रनायकको सर्वनाश हुन्छ। हे भाइ भरत! राज धर्मको सर्वस्व (सार) यत्ति नै हो।

भगवान् श्रीरामले आफ्नो प्यारो भाइ भरतलाई बताउनु भएको राजनीतिलाई राजा-प्रजा सबैले सम्यक् रूपले हृदयङ्गम गर्न सकेमा नेपाल देश र नरेशको कीर्ति चन्द्र-सूर्य रहेसम्म सदा अमर रहने छ भन्नुमा र श्री ५ वीरेन्द्र सरकारबाट हुकुम भएको–(राजा र प्रजाको निःस्वार्थ र संयुक्त प्रयास नै यस देशको राजसञ्चालनको विशेषता हो) भन्नुमा कुनै अन्तर देखिदैन।

धर्मे तिष्ठन्ति भूतानि धर्मो राजनि तिष्ठति।
स राजा साधु यः शास्ति स राजा पृथिवीपतिः॥

(महाभारत)

CC-0. In Public Domain. Digitization by eGangotri

सारा प्राणी धर्ममा नै रहन्छन् । धर्म राजामा आश्रित हुन्छ । राजाको पृथिवीस्वामित्व धर्मको सुशासनमा निहित हुन्छ।

यं हि धर्मं चरन्तीह प्रजा राज्ञा सुरक्षिताः ।
चतुर्थं तस्य धर्मस्य राजा विन्देत भारत ॥
(म. भा. उद्योगपर्व १३२।१२)

भारत ! राजाद्वारा सुरक्षित भएका प्रजा यहाँ जुन धर्मको अनुष्ठान गर्दछन्, त्यसको चौथाई भाग त्यस राजालाई प्राप्त हुन्छ ।

राजदोषेण हि जगत् स्पृश्यते जगत् : स च ॥
(म. भा. उद्योगपर्व १३२।२०)

राजाको दोष जगत्‌लाई र जगत्‌को दोष राजालाई प्राप्त हुन्छ । नेपालको राजा-प्रजामा मिल्दो-जुल्दो एक दृष्टान्त-राज्यवर्द्धन एक धर्मात्मा तथा प्रजा रः क राजा थिए । उनको शासन कालमा धनजनले राष्ट्रको नित्य बृद्धि हुँदै गएको थियो । तिनको राज्यमा कुनै उपसर्ग, रोग, हिंसक जीवहरूदेखि तथा अनावृष्टि आदि कुनै भय थिएन । यस्तै प्रकारले राज्य शासन चलाएको सात सहस्र वर्ष व्यतीत भइसकेको थियो एक दिन महारानी मानिनी राजको शिरमा तेलदलिरहकी थिइन्, त्यस समय महारानीको आँखावाट आँसूको थोपा वग्यो र राजाको शिरमा पऱ्यो । राजाले रानीलाई रुनको कारण सोधे ? परन्तु महारानीले कुनै उत्तर दिइनन् । राजले पुनः धेरै पटक प्रश्न

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा महारानीले राजाको केशहरू मध्य एउटा श्वेतकेश भएको देखाइन। हजुरको केश सेतो हुनु नै मेरो मन्द भाग्य हो। महारानीको यस्तो कुरा सुनेर राजालाई हाँसो उठ्यो। राजाले हाँसदै भने अब तिमी न रोउ, किन भने सबै जीवहरूमा जन्म, बृद्धि र परिणामादि विकार उत्पन्न भई नै रहन्छन्। मैले सबै वेदहरूको अध्ययन, हजारौं यज्ञहरूको अनुष्ठान, अनेकौं धार्मिक कार्यहरूको सम्पन्न, पुत्रोत्पादन इत्यादि सबै कर्म समाप्त गरिसकेको छु। मनुष्यहरूको लागि दुर्लभ सुखहरू पनि तिम्रो साथ उपभोग गरिसकेको छु। पृथ्वी-पालन, न्याय पूर्वक संग्रामादि सम्पूर्ण कार्य समाप्त भैसकेका छन्, अब मैले के गर्न बाँकी छ र जसको लागि तिमी मरो फूलेको केशलाई देखेर शोक गर्दछेऊ। अब मैले वनको आश्रय लिनु पर्छ, मरो श्वेत केश देखाई पर्नु नै भाग्योदय हुनु हो:-यसकारण रानी! तिमीले रूनु ठीक होइन। राजाका समीपमा बसेका राज पुरुषहरू र पुरवासीहरूले महाराज राज्यवर्द्धनलाई प्रणाम गरी विनय पूर्वक भने—अब हामीहरू सहित सबै प्राणीहरूले रुने समय आयो।

हे नाथ! हजुर हामी सबैको एक मात्र प्रति पालन गर्नेवाला होइबक्सिन्छ, हजुरको मुखबाट निस्केको वनको आश्रय ग्रहण गर्ने कुरा सुनेर हाम्रो प्राण निस्केर जान लागेको छ। हजुर वनवासी बन्नाले मनुष्यहरूका सबै क्रिया नष्ट हुने छन्। हे राजन्! वनमा निवास गरेर हजुर जति तपस्या गरिबक्सिन्छ, त्यसको फल यस पृथ्वी पालन रूप कर्मको सोह्र भागमा एक भागको बराबर पनि हुने छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

राजा भन्दछन्-मैले सात-सहस्त्र वर्षसम्म पृथ्वीको पनाल गरें, अब वनवास गर्नु मेरो लागि परम कल्याणदायक हुनेछ। केही समय पश्चात् मैले यमराजको अतिथि बन्न पर्ने छ। हे नागरिकहरू हो ! मेरो शिरमा श्वेत केश देखिनु मृत्युको पत्र समझ। यस कारण म पुत्रलाई राज्य दिएर सम्पूर्ण भोग-हरूलाई त्यागी वनमा निवास गरी तप गर्नेछु। राजाको कुरा सुनेर सवै व्याकुल भए। तत पश्चात् अनेक बृद्धविद्वान् ब्राह्मण-हरू भेला भई राजालाई विन्ति गरे। हे राजन् ! प्रसन्न होइ-वक्योस्, हामीमाथि अनुग्रह पूर्वक पहिले झैं हाम्रो पालन गरी वक्स्योस्। हजुर वनमा सवारी हुनाले सवै जीव अत्यन्त दुःखित हुने छन्। यसरी विप्रगण, राजपरिवार, प्रजाजन, मन्त्रीगण र भृत्यहरूद्वारा बारंबार अनुरोध गर्दा पनि राजाले वनवासको हठ छोडेनन्। सवैलाई राजाले यही उत्तर दिए कि (यम मलाई क्षमा गर्दैनन्)। तव ब्राह्मणहरू, बृद्ध पुरवासीहरू, मन्त्री-हरू र भृत्यहरूले परस्पर विचार गरी यस्तो निश्वय गरे। अब हामीहरू राजाको आयु वृद्धिको लागि सूर्यको तपस्या गरौं भनी सवैले गरे। तीन महिना मात्र के तपस्या गरेका थिए। सूर्यनारायण प्रसन्न हुनु भै प्रकट हुनु भयो। ब्राह्मण तपस्वीहरूले सूर्यलाई देखी प्रणाम गरेर भने-हे अन्धकार नाशक प्रभो ! यदि तपाई हाम्रो भक्तिदेखि प्रसन्न हुनुहुन्छ भने हाम्रो महाराज राज्यवर्द्धन रोग शोक रहित, शत्रुहरूमाथि बिजेता, स्थिर यौवनवान् भएर दश सहस्त्र वर्ष सम्म जीवित रहुन्।

सूर्यनारायणले तिमीहरूले भने झैं होस् भनी वर दिई अन्तर्धान हुनु भयो। वर प्राप्त भएपछि ती सवै तपस्वीहरूले

CC-0. In Public Domain. Digitization by eGangotri

राजा कहाँ गएर सम्पूर्ण वृत्तान्त सुनाए । त्यस वृतान्तलाई सुनेर राजमहिषी मानिनी अत्यन्त प्रसन्न भइन्, परन्तु राजा भने मौन भई धेरै समय सम्म विचार गर्दै रहे। रानीले प्रसन्न-चित्त भएर राजालाई विन्ति गरिन्–हे महाराज ! हजुरको आयु वृद्धि भएकोछ, अब,हजुर निरामय र स्थिर यौवन भएर दश सहस्त्र वर्षसम्म जीवित रहिवक्सिनेछ । यस्तो आनन्दको समयमा पनि हजुर चिन्ताले ब्याकुल होइवक्सेको छ यसको के कारण हो । राजाले भने–हे भद्रे ! मेरो कुनै भाग्योदय भएको छैन । ममाथि त झन हजारौं दुःखहरू प्राप्त हुन गएका छन् । म केवल एक जना नै दश हजार वर्षसम्म जीवित रहने छु, परन्तु तिमी त जीवित रहन्नौ; फेरि के तिमी विना मलाई दुःख हुँदैन । लामो आयु प्राप्त हुनुको फल आफ्ना छोरा, नाति, पनाति–तथा प्रि य बान्धवादिहरूको मत्यु भएको देखर दुःख भोगनु मात्र हो । जसले मेरो आयु वृद्धिको निमित्त ठूलो कष्ट सहेर तपस्या गरे ती सबै मरेर जाने छन् । परन्तु म मात्र जीवित रहेर दुःख भोग्ने छु, मेरो यस्तो जीवनलाई धिक्कार छ । रानीले राजालाई विन्ति गरिन्–हजुरले हुकुम भएको यथार्थ ठीक छ । अब जे गर्नाले कल्याण हुन्छ त्यो विचार गरी वक्स्योस् । राजाले भने–म वनमा गएर पुरवासीहरूको आयु वृद्धिको लागि तपस्या गर्ने छु, जुन प्रकार तिनीहरूले मेरो हितार्थ गरेका थिए । यस्तो निश्चय गरी राजारानी दुवै तपस्या गर्न गए । एक वर्ष भन्दा ज्यादा काल सम्म ठूलो कष्ट पूर्वक तपस्या गर्दा सूर्यनारायण प्रसन्न भई दर्शन दिनु भयो र राज्यवर्द्धन को सम्पूर्ण राज्यनिवासीहरूलाई दीर्घायु प्रदान गर्नु भयो। एवं

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकार वर प्राप्त गरी राजा रानी दरवारमा आई धर्मपूर्वक राज्य गर्न लागे ।

वेद, उपदिनषद्, गीता, रामायण, महाभारत र पुराण आदि वैदिक वाङ्मय शास्त्रहरूमा सर्वत्र नेपालका राजा जनक र राजा अश्वपतिको वर्णन गरेको देखिन्छ । यस्तो कुनै शास्त्र छैन जुन शास्त्रमा राजा जनकको धेरैथोरै वर्णन नभएको होस् । त्यही परम्परागत नेपालमा जो जति आजसम्म राजा भए सवै वैदिक धर्ममा श्रद्धा, भक्ति र आस्था राखब्नेवाला नै भए । यो पाशुपतक्षेत्रको महत्व र प्रभाव हो ।

इहैवैधि माप च्योष्ठाः पर्वत इवाविचाचलि : ।
इन्द्र इवेह धू्वस्तिष्ठेह राष्ट्रमुधारय ॥

(ऋग्वेद १०।१७३।२)

हे राजन् ! तिमी हिमालचुली जस्तै स्थिर भएर यहीं वस । तिमीले यस राष्ट्रबाट आफ्नो कर्तव्य परायण भै रहनु पर्छ, जस्तै इन्द्र अवचिलरूपले रहन्छन्, त्यस्तै तिमी पनि अविचल वनेर वसी आफ्नो राज्यलाई सुदृढ बनाऊ ।

आ ब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामा राष्ट्रे राजन्यः शूरऽइषव्योऽति व्याधो महारथी जायतां दोग्धी धेनुर्बोढानड्वानाशुः सप्तिः पुरन्धिर्योषा जिष्णु रभेष्ठा सभेयो युवास्य यजमानस्य वीरो जायतां निकामे निकामे नः पर्जन्यो वर्षतु फलवत्यो न ऽओषधयः पच्यन्तां योगक्षेमो न : कल्पताम् ॥

(यजुर्वेद २२।२२)

CC-0. In Public Domain. Digitization by eGangotri

।। हे ब्रह्मन् ! हाम्रो राष्ट्रमा ब्रह्मतेजले युक्त ब्राह्मण सर्वत्र जन्मून् । वाण विद्यामा चतुर शत्रुलाई जित्न सक्ने सामर्थ भएका महारथी वीर क्षत्रिय उत्पन्न होउन् । यी यजमानको गाई दूध दिनेवाला हुन् । वलीवर्द वहनशील र अश्व शीघ्र गमन गर्न सक्ने होस् । स्त्री सर्व गुण सम्पन्न तथा रथमा बस्ने पुरुष विजयशील होऊन् । यी युवा र वीर पुरुषहरू होऊन् । कामना गर्दा मेघ जल वर्षा गरून् । औषधिहरू परिपक्व फलवती हुन् । हामीलाई योग, क्षम आदिको प्राप्ति होस् ।

हाम्रो धर्म मेटिए संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्छ अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौ भनी हुकुम हुने राजा श्री ५ वीरन्द्र र ज्ञान र सीप प्राप्त नगरी विकास कार्यमा पनि प्रभावकारी सेवा प्रदान गर्न सकिदैन भनी हुकुम हुने श्री ५ वडामहारानी ऐश्वर्य जस्ता राजा रानीका क्षत्र-छांयामा बस्न पाउने हामी नेपाली जनता कति सौभाग्यशाली रहेछौं ।

अन्तिम सिद्धान्त—प्राण भन्दा प्यारा राजा श्री ५ महाराजाधिराज वीरन्द्र वीर विक्रम शाह देवको सक्रिय नेतृत्वले नै नेपालले बाँचनपाएको छ र हामीले हाम्रो देश नेपाल हो र हामी नेपाली हौं भन्न पाएका छौं । जस्तै नङ्गको मासुसंग जुन सम्वन्ध छ, सूर्यको किरणसंग, चन्द्रमाको चादनीसंग भए जस्तै प्रजाको राजासंग सम्वन्ध छ । एक न भई अर्काको अस्तित्व नै रहंदैन । पानी विना माछा एक क्षण पनि रहन सक्तैन, जस्तो माछाको पानीसंग सम्बन्ध छ, त्यस्तै हाम्रो राजासंग सम्वन्ध छ र राजा नभई हामी रहन सक्तनौं यो निश्चय र निर्विवाद सिद्ध छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान् साधु महात्माहरूका सम्मति र शुभ कामना

विचार रत्नमालाका केही अंश हेर्दा मलाई सन्तोष लाग्यो । गोतामेजीको सरल शैली विषयलाई अत्यन्त स्पष्ट गरिदिने र मौलिकतालाई सुरक्षित राख्ने पदहरू छन् । वेदान्त दर्शनको परिशीलन गर्ने र साधु सन्तहरूको सत्सङ्गतिमा रहने हुँदा उहाँलाई विचारको प्रौढिले अंगालेको छ भन्न करै लाग्छ । विचारको चाहना लोक साहित्यमा भन्दा दर्शन साहित्यमा गुम्फित रहन्छ । यस्ता रहस्यहरू आफ्ना सुबोध दृष्टान्तमा छर्लङ्ग ल्याएर जनहित र अनुसन्धान मार्गको दिशा-मा उहाँको जागरिलो प्रयासलाई निश्चय नै प्रशंसा गर्नु पर्छ । भन्ने मेरो धारणा छ । जे होस् विषयहरू मानवतालाई तिखार्न अघिसरेका छन् । यसबाट नेपाली साहित्य खदिलो हुन्छ भन्ने पनि मेरो विश्वास छ ।

सम्माननीय बडा गुरुज्यू श्री जुननाथ पण्डित
२०४०।१२।२१

CC-0. In Public Domain. Digitization by eGangotri

श्री राम बहादुर गोतामे क्षत्रियजी गृहस्थाश्रममे ऋषि है। वेद, स्मृति, पुराण और दर्शन शास्त्रका अच्छा अनुभव है। सत्संग उपदेशकी भी व्यवस्था वडे उत्तम ढङ्गसे करते है। गृहस्थ होते हुये भी आप की निष्ठा, त्याग, वैराग्य और संन्यास भी है। संत महात्माओं मे आपकी अप्रति हत श्रद्धा है। जो भी महात्मा अन्य देशसे नेपालमे आते हैं, उसकी सेवा बडे ही मनोयोगसे करते हैं। आपने प्रकाशित कर्नेके लिय लिखा हुवा विचार रत्नमाला नामक वेदान्त पुस्तक मे वैदिक वाङ्मय शास्त्रका सार है। मै विश्वनियन्ता परमात्मा से प्रार्थना करता हूँ कि आप यैसे विद्वान्को दीर्घायु वनावें।

श्री १००८ डा. स्वामी परिपुर्णनन्दजी महाराज।
पी.एच.डी. (योग) एम.ए. (धर्मदर्शन) वी.ए, एम. एस (मेडिसिन)
वेदान्ताचार्य, आयुर्वेदाचार्य। कनखल, हरिद्वार २८।३।१९८१

श्री राम बहादुरजी गोतामे क्षत्रीद्वारा लिखित, वेदान्त-सग्रह के दो भाग (२-३) देखे। प्रसन्नता होना स्वाभाविक है। वेदान्त के अध्येताओं के लिये राष्ट्र भाषा नेपाली मे यह सुन्दर रचना है। इस प्रकारका साहित्य स्वागताई है। श्री गोतामे क्षत्रीजी अभी एक नवीन रचना विचार रत्नमालाको प्रकाशित करने जा रहे है, जिसमे वेदान्त संबन्धी सम्पूर्ण विषयोंका प्रायः सारभूत संक्षिप्त उल्लेख होगा, जानकर हर्ष हुआ। वेदान्त के जिज्ञासु इन रचनाओं से अधिकाधिक लाभ उठायें, यही मेरी हार्दिक शुभकामना है। इति।

श्री १००८ स्वामी महामण्डलेश्वर
महेश्वरानन्द पुरीजी महाराज प्रकाश-सन्यासाश्रम
२०३७।४।१

CC-0. In Public Domain. Digitization by eGangotri

५२ वर्षीय विद्वान् श्रीराम बहादुर क्षत्रीयले ब्रह्म प्रार्थना-देखि आत्मा सम्बन्धी प्रश्नोत्तर सम्म ३६ वटा शीर्षक विषय लियेर लेखनु भएका विचार रत्नमालाका कतिपय अंशमात्र लेखकबाटै सुन्न पाउँदा अपार हर्ष लाग्यो र यो विचार व्यक्त गर्न तत्पर भयें:—

लेखकले चिरकाल पर्यन्त निरन्तर शास्त्रहरूको गहन अध्ययन गरेर कलम चलाएको रहेछ । यो पुस्तक पढ्ने पाठक हरूले पनि कुनै आलोचना गर्नु भन्दा प्रथम लेखकले झैं स्वाध्याय गरी दिनु हुन अनुरोध पूर्वक सम्मति छ ।

यसरी वेद, उपनिषद्, गीता, रामायण, महाभारत, पुराण प्रमुख वैदिक वाङ्मयको सारोद्धार गरी लेखको विचार पूर्ण विचार रत्नमाला संसारका समस्त विचारशील पठकहरूका गलामा उज्यालो मोतीको माला होस् । यस्तै छ शुभ कामना ।

श्री १०८ स्वामी योगी नरहरिनाथजी
२०३७।४।२२।४

सम्पूर्ण धर्म शास्त्रको मूलभूत सिद्धान्त वेदान्त दर्शन नै हो भन्ने कुरा निर्विवाद सिद्ध छ । ब्रह्मलाई जान्न खोजने इच्छुक जिज्ञासुका लागि वेदान्तको अतिरिक्त अन्य कुनै श्रेष्ठ शास्त्र देखनमा आउदैन (वेदान्तवेद्य ब्रह्म) वेदान्तले मात्र ब्रह्म लाई जानिन्छ (वेदान्त प्रतिपादित ब्रह्म) वेदान्तले प्रतिपादन गरको ब्रह्म हो । मानव-जीवनको अन्तिम लक्ष्य वेदान्त ज्ञान प्राप्त गरी मोक्ष हुनु नै हो । वेदान्तको मनन गर्नु विशेष गरेर हामी हिन्दू राष्ट्र निवासी नेपालीहरूको त परम कर्तव्य पनि हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त जस्तो गहन विषयलाई सरल र रोचक ढङ्गले सर्वं साधारणले समेत बुझ्न सक्ने गरी नेपाली राष्ट्र भाषामा श्रीराम बहादुर गोतामे क्षत्रीज्यूले ठूलो परिश्रम पूर्वक लेख्नु भएको विचार रत्नमाला पुस्तकको अध्ययनले पाठकको हृदयमा अवश्य पनि ज्ञान दीप जगाउने छ भन्ने मैले निश्चय गरेको छु । अतः लेखकलाई धन्यवाद दिदै पाठकको हृदयमा वेदान्त दीपक प्रकाश होस् भन्ने शुभकामना गर्दछु । यही नै मेरो भगवान् संग प्रार्थना छ ।

भूतपूर्व सम्माननीय प्रधान मन्त्री
श्री नगेन्द्र प्रसाद रिजालज्यू
मिति–२०३२।६।१०।५

CC-0. In Public Domain. Digitization by eGangotri

उपोद्‌घात

समुद्रको अर्को नाम छ (रत्नाकर) रत्नहरूको खानी हुनाले रत्नाकर भनेको हो । परन्तु रत्नाकर फेला पार्नु पनि रत्न भेटाउनु जत्तिकै कठिन छ। किनकि सर्व प्रथम रत्नाकारबाट रत्न निकाल्ने साधन हुन अति आवश्यक छ। यसपछि रत्नको ज्ञान हुनु पनि अनिवार्य छ । यस स्थितिमा रत्नको उपलब्धि एउटा जटिल समस्याको रूपमा अगाडि आउछ । त्यस कारण यदि रत्न प्राप्त गर्नु आवश्यक छ भने सुगम उपाय हो जौहरीको पसलमा जानु । त्यहाँ सीमित साधनबाट पनि रत्नहरू प्राप्त गर्न सकिन्छ। एवं प्रकार हाम्रो हिन्दू दर्शन साहित्य यति विशाल छ जसको तुलनामा आज विश्वका कुनै पनि धार्मिक साहित्यहरू छैनन् । यद्यपि आज कतिपय वेदका शाखा आरण्यक, ब्राह्मण, उपनिषद्, कल्पसूत्र, धर्मसूत्र, गृह्यसूत्र र स्मृतिहरू तथा यिनका भाष्यटीका स्वतन्त्र रचनाहरू समेत गरी हजारौं लाखौंमा केही विलुप्त र ध्वंसावशेष मात्र छन् । यो कुरा सर्व विदित छ । विशालको कुरा छोडौं अहिले जो जति छन् ती पनि एउटा १०० वर्षको आयु भएको मानवले अध्ययन गरेर पार हुन पनि

CC-0. In Public Domain. Digitization by eGangotri

मुश्किल छ भने त्यसको सार निकाल्ने काम त झन दुष्कर छ। यसैले शास्त्रमा सत्संगको महत्व धेरै लेखिएको छ। किनकि सत्सङ्गबाट सारको पनि सार लिन पाइन्छ। आफ्नू समग्र जीवन-लाई अध्ययनमा समर्पण गर्ने विद्वान्हरूका प्रवचनहरू लेख प्रश्नोत्तरबाट अति अल्प समयमा जो तत्व प्राप्त हुन्छ; त्यो वर्षौंको स्वतन्त्र अध्ययनले पनि प्राप्त हुँदैन। हाम्रा हिन्दू संस्कृ-तिका विभिन्न अङ्ग र उपाङ्ग यति छन् जसको गणना गर्दा पनि एक न एक छुट्न सम्भव छ। साच्चैनै भन्ने हो भने आज-सम्म जो हिन्दू संस्कृति बचेको छ, त्यसलाई कसैले बचाएर बचेको होइन; किन्तु आफ्नै शक्तिको बलमा बचेको हो र भवि-ष्यमा पनि बचिनै रहने छ। जुन धर्ममा सत्यको आधारमा अकाट्य तर्कहरू द्वारा विषय वस्तु सिद्ध गरिएको छ, त्यसलाई एक पल्ट हट गरेर नमाने पनि खण्डन गरेर पनि पछि घुमी फिरी त्यही सिद्धान्तमा फर्केर आउने संभावना हुन्छ। यदि ऊ प्रतिभावान् छ भने। किन भने अहंकारले हट गरे पनि बुद्धिको स्वभाव हो सत्यको पक्ष लिनू। सर्व साधारण मनुष्यको स्वभाव हुन्छ सधैं भरी एकनाससंग रहन मन नपराउने नयाँ-नयाँ सिर्जना पट्टि लाग्ने। ठीक हो र हुनै पनि पर्छ, परन्तु विचारणीय छ यस अवस्थामा केही सत्यबाट या स्वधर्मबाट नयाँ धर्म कर्म हेर्ने रहरमा पर्न पुगियोस्। आजको युगमा नयाँ-नयाँ धर्म संप्रदायको उत्थान साउन भदौको भेल जस्तै भएको छ र नाना नामका गुरु भगवान् अवतारहरू पनि वर्षाका वर्षा भू जस्तै आ-आफ्नू स्वर अलाप्तै प्रकट हुँदै छन्। यो स्थिति धार्मिक जनताको निम्ति एक गम्भीर चुनौती अवश्य हो। यस भेलमा हामी वगेर

CC-0. In Public Domain. Digitization by eGangotri
जान हुँदैन । धीर गम्भीर भएर अडन परेको छ । जुन धर्मले मनुष्यलाई यथेष्टाचारी बनाउँछ त्यस्तो धर्म कुनै पनि धर्म हुन लायक छैन । जसले हाम्रो परम्परा मान्यता र देशको संस्कृतिमा आघात पुऱ्याउछ त्यसलाई हामीले कुनै हालतमा पनि अपनाउन हुँदैन । जुन जातिको आफ्नो धर्म र संस्कृतिमा गर्व छैन त्यो जाति चाडैनै मासिएर जान्छ । अहिलेको स्थिति आफूसंग भएको चन्द्रकान्त मणिलाई कौडिमा सट्टा-पट्टा गर्न तयारीमा पुगेको छ । आत्मालाई चिन्नु भन्दा पहिले आफ्नू स्थितिलाई नै चिन्न परेको छ । प्रत्येक व्यक्ति नरहोस् या नारी, छात्र होस् या छात्रा, किसान होस् या कर्मचारी, ब्राह्मण होस् या शूद्र उसले म को हुँ कुन देशमा छु । मेरो कर्तव्य के हो ? विचार गर्नु छ । सबैको कर्तव्य एकै हुँदैन । आफ्नो कर्तव्यको बलि वेदीमा आफूलाई समर्पण गर्न सकनु पर्छ । यसैको नाम कर्तव्य परायण हो । हामीले आफ्नै खुट्टाको बलमा उभिनु पर्छ, अर्काको खुट्टाले होइन । आफ्नू विचार (सिद्धान्त) आफ्नू आचार (व्यबहार) ले नै हामी परम शान्तिको भागी बन्न सक्छौं । हामी विश्वमा आदर्शबन्नौं । विश्व कल्याणको भावना हामीमा रहोस् । विश्व मैत्रीको हाम्रो पाठ पुनः दोहोऱ्याऔं, जस्तै हाम्रो पूर्वज मनिषीहरूमा थियो । प्रतिदिन प्रार्थना गरौं-(सर्वे भवन्तु सुखिनः) आफै मात्र या आफ्नो वर्ग मात्र सुखी होस् बाचोस् अरू सबै मरून् भन्ने भावना मानवीय होइन राक्षसी हो । जसले अरूको अकल्याण चिताउछ ऊ कहिले सुखी हुन सक्तैन, उसले सधैं संत्रस्त रहनु पर्छ । अतः हामी सबै आफ्नो विशाल सिद्धान्तानुसार दुष्टसंग पनि द्रोह न गरौं केवल उसको

CC-0. In Public Domain. Digitization by eGangotri

दुष्टता संग मात्र ।

उपरोक्त यस्तो विशाल हिन्दू दर्शनको विशाल साहित्य सिन्धुबाट एक सत्सङ्गी अध्ययन शील राम बहादुर गोतामेले परिश्रम संग रत्नहरूको सग्रह गरी विभिन्न रत्न जडित माला जस्तै विचार रत्नमाला ग्रथित गर्नु भएकोमा मलाई धेरै खुशी लागेको छ । मलाई जस्तै जसले यस मालालाई धारण गर्दछन् तिनलाई पनि प्रसन्नता हुनेछ भन्ने मरो विश्वास छ । अन्तमा लेखकलाई भुरी-भुरी धन्यवाद दिदै यो प्रसंग यहीं समाप्त गर्दछु ।

ब्रह्मलीन श्री १००८ स्वमी
महामण्डलेश्वर ईश्वरानन्द गिरिजी
महाराज २०३७।१।२१

CC-0. In Public Domain. Digitization by eGangotri

कृतज्ञता

यो मैले लेखको विचार रत्नमाला पुस्तकको लागि उप पोद्घात, सम्मति लेख्ने जुन-जुन साधु, विद्वान्हरू हुनुहुन्छ जस-जसले ठूलो दान निष्ठालाई दर्शाई आर्थिक सहयोग गर्नु भएको छ। जस-जसले विज्ञापन दिई आर्थिक सहयोग प्रदान गर्नु भएको छ केशवराज गौतम वेदान्ताचार्यज्यूले आफ्नो अमूल्य समय प्रदान गरी प्रुफ रिडर रूपीसहयोग गर्नु भएको छ। यस्तै प्रकार गुठी संस्थानका अध्यक्षज्यूले पुस्तक खरीद गरिदिने आर्थिक सहयोग प्रदान गर्नु भयो। गुठीका अरू कर्मचारीहरूले पुस्तक प्रकाशित गर्नु पर्छ भन्ने विशेष प्रोत्साहन दिई मेरो उत्साहलाई बढाई दिनु भयो। श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभागले पनि पुस्तक खरीद गरिदिने सहयोग प्रदान गरेको छ। यसरी कुनै न कुनै रूपमा सहयोग प्रदान मलाई प्राप्त भएकोले नै मैले पुस्तक प्रकाशित गर्न सफलता प्राप्त गर्न सकेको हुँ। यसको निमित्त म उहाँहरू सबैको हृदयदेखि हार्दिक कृतज्ञ र आभारी छु।

—लेखक

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक–

मबहादुर गोतामे क्षत्री

२ / ६६६ लाजिम्पाट, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

विषय	पृष्ठ संख्या
१ ब्रह्म प्रार्थना	१
२ म को तिमी को	६
३ श्रद्धा	१२
४ भक्ति	२०
५ श्रवणको विशेष महत्व	३१
६ मानसिक त्याग	३९
७ तपोवल	५३
८ प्रायः सर्वत्र हिंसा निषेध	६४
९ वेदाध्ययन	८०
१० मनुष्य जीवनको महत्व र सार	१०१
११ हरिहरमा अभेद	११५
१२ ज्ञानीगुरुको महिमा	१३६
१३ विधिमुख र निषेधमुख	१४८
१४ पुनर्जन्म र मोक्ष	१६६
१५ सन्त ज्ञानेश्वरको संक्षिप्त जीवनी	१८०
१६ वेदान्त वार्ता	१८९

CC-0. In Public Domain. Digitization by eGangotri

१७ विदुषी नारीहरू १९४

१८ त्याग र वियोग २०९

१९ विशाल बुद्धि २२०

२० भक्ति र ज्ञानको तादात्म्य सम्बन्ध २३०

२१ संन्यासको महति महिमा २३७

२२ वृत्ति २५२

२३ सनत्कुमारद्वारा नारदजीलाई भूमा–विद्याको उपदेश २६३

२४ उपनिषद्को रहस्य २७४

२५ तत्त्वज्ञान, मनोनाश र वासनाक्षय २८२

२६ वर्णाश्रम तथा आपद्धर्म २९३

२७ गीताको विशेष महत्व ३०५

२८ आत्म–तीर्थ ३१४

२९ साकार ब्रह्म भगवान् राम–कृष्ण ३२९

३० ईश्वर रचित सृष्टि ३४८

३१ गायत्री जपको महिमा ३५८

३२ कालातीत भगवान् ३७२

३३ पिता–पुत्रको सम्वाद ३८९

३४ मौन व्याख्यान ४००

३५ वेदान्त प्रक्रिया ४१४

३६ आत्मा सम्बन्धि प्रश्नोत्तर ४२९

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रम्ह–प्रार्थना

यो देवो अग्नौ यो अप्सु यो विश्वं भुवनमाविवश ।
य ओषधीषु यो वनस्पतिषु तस्मै देवाय नमोनमः ॥

जुन देव अग्निमा छन्, जुन जलमा छन् र जसले सम्पूर्ण भुवनलाई व्याप्त गरेर राखेका छन् तथा जो औषधि र वनस्पतिहरूमा पनि विद्यमान छन् ती देवतालाई नमस्कार छ, नमस्कार छ ।

यो ब्रह्माणं विदधाति पूर्वं
यो वै वेदाँश्च प्रहिणती तस्मै ।
तंह देवमात्मबुद्धिप्रकाशं
मुमुक्षुर्वैंशरणमहं प्रपद्ये ॥

जो सृष्टिको आरम्भमा ब्रह्मालाई उत्पन्न गर्दछन् र जो उनको लागि वेदको प्रबृत्त गर्दछन् , आफ्नो बुद्धिलाई प्रकाशित गर्नेवाला ती देवलाई म मुमुक्षु शरण ग्रहण गर्दछु ।

निष्कलं निष्क्रियं शान्तं निरद्यं निरञ्जनम् ।
अमृतस्य परं सेतुँ दग्धेन्धनमिवानलम् ।

जो कलाहीन, क्रियाहीन, शान्त, अनिन्द्य, निर्लेप, अमृतत्वको उत्कृष्ट सेतु र जसको इंधन वलिसकेको छ त्यस (धूमादिशून्य) अग्निको समान (देदीप्यमान) छ, त्यस देवको म शरण पर्दछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्दर्शमतिगम्भीरमजं साम्यं विशारदम् ।
बुद्ध्वा पदमनानात्वं नमस्कुर्मो यथाबलम् ॥

दुर्दर्श, अत्यन्त गम्भीर, अज, निर्विशेष र विशुद्ध पदलाई भेदरहित जानेर म ब्रह्मलाई यथाशक्ति नमस्कार गर्दछु ।

अजमपि जनियोगं प्रापदैश्वर्ययोगा–
दगति च गतिमत्तां प्रापदेकं ह्यनेकम् ।
विविधविषय धर्मग्राहिमुग्धेक्षणानं
प्रणत भयविहन्तृ ब्रह्म यत्तन्नतोऽस्मि ॥

जसले अजन्मा भएर पनि ईश्वरीय शक्तिको योगले जन्म ग्रहण गरे, गतिशून्य भएर पनि गति स्वीकार गरे जो ना ना प्रकारका विषयरूप धर्मलाई सेवन गर्ने भएका मूढ दृष्टि लोकको हित विचारले एक भएर पनि अनेक भै जो शरणागत भयहारी छन् ती ब्रह्मलाई म नमस्कार गर्दछु ।

यं न पश्यति पश्यन्तं चक्षुर्यस्य नरिष्यति ।
अहं भूतनिलयं देव सुपर्णमुपधावत ॥

जुन सर्वसाक्षीलाई चक्षु आदि इन्द्रियहरूले देख्न सक्दैनन्, किन्तु जसको ज्ञान कहिले क्षीण हुँदन अर्थात् चक्षु आदि इन्द्रियहरूका अविषय भएर पनि जो स्वयं सब थोक जान्दछन् । ती सर्वान्तिर्यामी असङ्ग परमात्माको म भजन गर्दछु ।

सर्व भूतात्म भूताय भूतादिनिधनाय च।
अक्रोधद्रोहमोहाय तस्मै शान्तात्मने नमः ॥

जो समस्त भूतहरूको आत्मा हो, जसदखि तिनको प्रादुर्भाव हुन्छ र अन्तमा जसमा ती लीन हुन जान्छन्: यस्ता क्रोध, द्रोह र मोहादि दुर्गुणहरूदेखि सर्वथा शून्य, शान्तात्मालाई नमस्कार छ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस्मिन् सर्वं यतः सर्वं यः सर्वं सर्वतश्च यः ।
यश्च सर्वमयो नित्यं तस्मै सर्वात्मने नमः ॥

यी सारा प्रपञ्च जसमा स्थित छन्, जसदेखि यी सबका उत्पत्ति भएका छन्, जो स्वयं नै यी सबका रूपमा विराजमान छन् र जो यिनलाई सव प्रकारले व्याप्त गरर रहेका छन् तथा जो सर्वदा सर्वस्वरूप छन् ती सर्वात्मालाई नमस्कार छ ।

नमो नरकसंत्रासरक्षामण्डलकारिणे ।
संसारनिम्नगावर्ततरिकाष्ठाय विष्णवे ॥

जसले नरकको भयदेखि त्राण गर्नको लागि एक मण्डल (घेरा) वनाई राखेका छन्, जो संसाररूपी नदी पार लिएर जानको लागि माझीको काम गर्दछन्, ती भगवान् विष्णुलाई नमस्कार छ ।

यस्योपमानं न हि किंचनाथाप्यौपम्यतः संप्रतिपद्यते यः ।
बोधस्वरुपोऽप्यवबोध्यमानः श्रीशं तमीशं शरणं व्रजाम ः॥

जसको कुनै उपमा छैन फेरि पनि जो औपम्यले जानिन्छ, जो स्वयं बोधस्वरूप भएर पनि बोधित हुन्छ; त्यस्ता श्रीपति परमात्माको म शरणमा पर्दछु ।

यस्माद्विश्वमुदेति यत्ररमते यस्मिन्पुनर्लीयते
भासा यस्यं जगद्विभाति सहजानंदोज्ज्वलं यन्महः ।
शान्तं शाश्वतमक्रियं यमपुनर्भावाय भूतेश्वरं
द्वैत ध्वान्तमपास्यं यान्ति कृतिनः प्रस्तौमि तं पुरुषम् ॥

जसदखि यो शिव प्रकट हुन्छ, जसमा क्रीडा गर्दछ र फेरि जसमा लय हुन्छ, जसको कान्तिले विश्व प्रकाशित हुन्छ र जो तेज सहज, आनन्दमय, उज्ज्वल, शान्त र विकार रहित छ

CC-0. In Public Domain. Digitization by eGangotri

तथा पुण्यवंत, द्वैतरूप अज्ञानलाई त्याग गरेर प्राणीहरूको मुक्तिको लागि ईश्वरको तिर लैजान्छ, त्यस प्ररमपुरुषको म स्तुति गर्दछु।

यातोभिन्नमिदं सर्वं समुद्भूतं स्थितं च वै ।
यस्मिन्नेष्यति पश्चाच्च नतमस्मि शरणं गतः ।।

यो सम्पूर्ण विश्वको रचना को प्रयत्न जसदेखि पृथक् छ र समस्त प्रपंच जसदखि नै प्रकट भएको छ , जसमा स्थित छ र पछि जसमा नै लीन हुन जान्छ, तिनै भगवान्को म शरण ग्रहण गर्दछु

यःस्थितो विश्वरुपेण सङ्गीवात्र प्रतीयते ।
असङ्गी परिपूर्णश्च तमस्मि शरणं गतः ।।

जो यस विशाल विश्वको स्वरूपमा विराजमान हुनाको कारणले लिप्त झैं प्रतीत भएका छन् , परन्तु वास्तवमा उनी सदा निर्लेप र परिपूर्ण छन्; उनै परम प्रभु भगवान्को म शरण गर्नें गर्दछु ।

हृदि स्थितोऽपि यो देवो मायया मोहितात्मनाम् ।
न ज्ञायेत परः शुद्धस्तमस्मि शरणं गतः ।।

जो परम विशुद्ध परमात्मा समस्त प्राणीमात्रका अन्तः करणमा वर्तमान रहन्छन्, तथापि चित्त मायाले मोहित हुनाको कारणले गर्दा जान्नमा आउदैनन्: उनै भगवानको शरणागतिमा म जान्छु ।

सर्वसंगनिवृत्तानां ध्यानयोगरतात्मनाम् ।
सर्वत्र भाति ज्ञानात्मा तमस्मि शरणं गतः ।।

ज्ञानको स्वरूप जुन प्रभु समस्त अङ्गहरूले रहित, ध्यान–योगमा तत्पर पुरुषहरूका दृष्टिमा सर्वत्र प्रकाशित हुन्छन् उनको म शरण लिन्छु।

CC-0. In Public Domain. Digitization by eGangotri

यं ब्रह्मावरुणेन्द्ररुद्रमरूतः स्तुन्वन्ति दिव्यैःस्तवै ।
वेंदैः साङ्गपदक्रमो पनिषदैर्गायन्ति यं सामगाः ।।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्यान्तं न विदुःसुरासुरगणा देवाय तस्मै नमः ।।

ब्रह्मा, वरुण, इन्द्र, रूद्र र मरूत, दिव्य स्तोत्रहरूले जसको स्तुति गर्दछन्, सामवेदको गान गर्ने मुनि, अंग, पद, क्रम र उपनिषद् सहितको वेदहरूले जसलाई गान गर्दछन्, योगी समाधि लगाएर परमात्मामा रहने भएको मनले जसलाई दर्शन गर्दछन् र सुरा-सुरगण जसको महिमाको पार पाउँदैनन् , त्यस परमात्मालाई म नमस्कार गर्दछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

म को तिमी को

एउटा बालक गुरु कहाँ पढ्न गएको थियो । गुरुजी तत्त्ववेत्ता थिए, उच्चासनमा बसेका थिए र बालक जमीनम र सुकुलमा बसको थियो। त्यो केटो बालक भएत पनि सारै जिज्ञासु थियो। एक दिन अध्ययन गरिरहक समयमा अगाडि मार्गबाट हात्तीमा चढेर राजा गइहेरका थि त्यो देख्यो र गुरुलाई सोध्यो –गुरुजी ! के गइरहको छ ? गुरुले भने राजाको हात्ती गइरहको छ। बालकले पुनः सोध्यो –गुरुजी ! राजा कुन र हात्ती कुन हो ? गुरुले भने– राजा माथि बसेका हुन् र हात्ती तल । बालक– माथि के हुन्छ तल के हुन्छ ? गुरु– जस्तो म अहिले माथि बसको छु र तिमी तल बसेका छौ। बालक–म के र तिमी के ? गुरु– बाबू ! तिमी तत्त्वज्ञानको अधिकारी छौ। वस्तुतः म र तिमीको जिज्ञासाबाट नैं वेदान्त–दर्शनको आरम्भ हुन्छ र म र तिमीको भेद हराए पछि समाप्त हुन्छ ।

अयं बन्धुरयं नेति कलना लघुचेतसाम् ।
उदारचरितानाँ तु वसुधैव कुटुम्बकम् ॥

(महोपनिषद् ६।७१–७२)

यो मरो बन्धु होइन यो कचाहिने हो, यस्तो विचार अल्प

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि भएकोले गर्दछ । जुन मानिसको उदार मन भएको छ; उसको लागि त सम्पूर्ण संसार नै कुटुम्व हो ।

जो वेदान्त ज्ञानले रहित छ , त्यसलाई द्वैत प्रपञ्च उत्पन्न भै नै रहन्छ र सदा म र त्योमा उसलाई भिन्न भान हुन्छ । जो म हुँ त्यो तिमी हौ, जो तिमी हौ त्यही म हुँ । यस्तो अद्वैत (अभेद ज्ञान) ज्ञानवान् पुरूषलाई हुन्छ (यथा अहं तथा त्वम् यथा त्वम् तथा अहम्) जस्तो म त्यस्तै तिमी, जस्तो तिमी त्यस्तै म । (अथोदरमन्तरं अथ तस्य भयं । भवति द्वितीयाद्वै भयं भवति) जो आफूमा र अरूमा भेद गर्दछ त्यसलाई भय प्राप्त हुन्छ किन भने भय भनेको अरूदेखि हुन्छ आफूदेखि हुँदैन ।

स्वःपरमेश्चेत्यसदागहः पुंसां यन्मायया कृतः ।
विमोहितधियां दृष्टस्तस्मै भगवते नम : ॥
(भागवत ७।५।११)

प्रह्लाद भन्दछन्— जुन मनुष्यको बुद्धि मोहले ग्रस्त भइरहको हुन्छ, त्यसलाई भगवान्को मायाले यस्तो झूठा दुराग्रह भएको देखिएको छ कि यो आफ्नो हो यो अरूको हो । ती मायापति भगवान्लाई म नमस्कार गर्दछु ।

स यदानुव्रतः पुंसा पशुबुद्धिर्विभिद्यते ।
अन्य एष तथान्योऽहमिति भेदगतासती ॥
(भागवत ७।५।१२)

भगवत् जब कृपा गर्नु हुन्छ, तब मनुष्यहरूको पाशविक बुद्धि नष्ट हुन्छ । यसै पशुबुद्धिको कारणले नै यो म हुँ र यो म देखि भिन्नछ, यस्तो प्रकारको मिथ्या भेदभाव पैदा हुन जान्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

संयोगश्च विभागश्च वर्तते न च ते न मे ।
न त्वं नाहं जगन्नेदं सर्वमात्मैव केवलम् ॥
(अवधूतगीता १।१५)

संयोग र विभाग तिमीमा छैन र ममा पनि छैन, तं म को यो भेद पनि एउटा आत्मामा बन्दैन फेरि यो दृष्यमान जगत् पनि वास्तवमा रज्जुमा सर्पको भाँती छैन, किन्तु सर्वरूप केवल आत्मा नै छ । आत्मादेखि भिन्न कुनै पनि वस्तु छैन ।

जन्ममृत्युर्न ते चित्तं बन्धमोक्षौ शुभाशुभौ ।
कथं रोदिषि रे वत्स नामरूपं न ते नमे ॥
(अवधूतगीता १।१७)

हे वत्स ! जन्मनु र मर्नु यो सबै चित्तको धर्म हो, तिम्रो होइन र बन्ध मोक्ष तथा शुभ अशुभ जति कर्म छन् यिनीहरू सबै नै चित्तका धर्म हुन् । तिमीमा छैनन् र नाम रूप पनि चित्त कै धर्म हो तिम्रो र मेरो होइन के को लागि तिमी रुन्छौ ।

यत्सार भूतमखिलं कथितं मया ते
न त्वं न मे न महतो न गुरुर्न शिष्यः ।
स्वच्छन्दरूपसहजं परमार्थतत्व
ज्ञानामृतं समरस गगनोपमोऽहम् ॥
(अवधूतगीता ३।४२)

मैले जो सारभूत हो त्यो सम्पूर्ण तिमीलाई भने, परन्तु ती सब वास्तवमा न तिम्रो हो न मेरो हो र वास्तवमा तिमी र म पनि होइन न कोही महत्तत्वादि छ, न त कोही परमार्थ दृष्टिले गुरु– शिष्य नै छ । एक स्वच्छन्दरूप परमार्थ स्वरूप तिमी नै हौ र ज्ञानस्वरूप अमृतरूप एकरस आकाशवत् मै नै हुँ भन्ने यस्तो तिमी चिन्तन गर ।

CC-0. In Public Domain. Digitization by eGangotri

मैं अरु मोर तोर तैं माया। जहि वस कीन्हे जीव निकया।

(तु रा. आ. दो १४–२)

म र मेरो तँ र तेरो भन्नु यही माया हो, जसले सबै जीवलाई वशमा गरेको छ।

(यद्ब्रह्म तत्त्वमसि केवल बोधमात्रम्) यस्तो जो केवल ज्ञान मात्र ब्रह्म हो त्यो तिमी हौ (आत्मवेद्यं यद्ब्रह्म तत्त्वमसि केवल बोध मात्रम्) आत्मवेद्य (स्वयंवेद्य) केवल बोधमात्र जो ब्रह्म हो त्यो तिमी हौ।

तस्मात्वम्भयं नित्यं केवलानन्दलक्षणम्।
निष्कलं निष्क्रियं शान्तं ब्रह्मैवासि सदाऽद्वयम्॥

(शंकर वेदान्तसिद्धान्त–सारसग्रह ७८४)

यस उसले तिमी अभय, नित्य केवल आनन्दस्वरूप, निष्कल, निष्क्रिय शान्तरूप सदा अद्वितीय ब्रह्म नै हौ।

सत्यं शाश्वतमेकमनन्तं शुद्धं बुद्धं तत्वमसि त्वम्।

(शंकर वेदान्तसिद्धान्त–सारसंग्रह ७८७)

सत्य, शाश्वत, एक अनन्त, शुद्ध–बुद्ध ब्रह्म तत्त्व हो त्यो तिमी हौ।

म र तँ भन्ने पशु बुद्धिको सदा अन्त होस् भन्ने विचार गरेर नै यो पुस्तक लेखिएको छ। पूर्ण विश्वास छ कि विचार पूर्वक वेदान्त शास्त्रको अध्ययन गर्नाले ज्ञान हुन्छ र म र मेरो तँ र तेरो भन्ने भेद बुद्धि नाश हुन जानेछ, यो निश्चय र अनुभव सिद्ध कुरा हो।

एक दिष्टान्त– एक जना जीवन मुक्त अवस्थामा पुगिसक्नु भएको महात्मा हुनुनथ्यो। उहाँ धेरै जस्तो समय ध्यानमा मग्न

CC-0. In Public Domain. Digitization by eGangotri

भएर रहनु हुनथ्यो। यसै कारणले गर्दा उहाँको आश्रमको ढोका प्राय वन्दै नै रहनथ्यो वरावर मानिसहरू गई आश्रमको ढोका घचघचाउथे, उहाँ को हो भनी भित्रैवाट सोधनु हुन्थ्यो। मानिसहरू म फलानो नामको फलानो नाम गरेको, फलानो जात हुँ भनी भन्दथे, महात्मा भने अहिले भेट्ने समय छैन भन्नु हुनथ्यो; मानिसहरू त्यसै फर्कन्थे। एक दिन एक जना यस्तो मानिस आश्रमको द्वार घच घचाउन पुग्यो। महात्माले भित्रैवाट तिमी को हौ भनी सोधनु भयो। उनले भने म को हुँ भनी आफूलाई जान्न नसकेर नै तपाईको शरण पर्न आएकोहुँ। ती मानिसको यस्तो कुरा सुनेर महात्मा अति हर्षित हुनु भो र आश्रमको ढोका खोल्नु भै भन्नु भयो– आजसम्म आश्रमको ढोका घचघचाउन जो जति आए ती सबैले शरीरको धर्मलाई लिएर म फलानो हुँ भने। त्यस्तालाई ज्ञानको अधिकारी नठानेर मैले आश्रमको द्वार नखोलेको हुँ। परन्तु तिमीलाई भने मुसुक्षु भनी अर्थात् ज्ञानको अधिकारी भनी जानेर ढोका खोलेको हुँ अव तिमीलाई आत्मा सम्वन्धी जुन सुकै प्रश्न गर्न इच्छा भए गर अनि तिनले जुन–जुन प्रश्न गरे ती सबैको उत्तर महात्माले दिनु भएपछि आफूलाई धन्य र कृतार्थ भएँ भनी फर्के।

धन्योऽहं धन्योहंकर्तव्यं मे न विद्यते किञ्चित्।
धन्योऽहं धन्योऽहं प्राप्तव्यं सर्वमद्य संपन्नम्॥
(पञ्च दशी ब्रह्मानन्द विद्यानन्द प्र. ६१)

मेरो कर्तव्य केही पनि छैन, म धन्य हुँ, म धन्य हुँ। यस समय सबै प्राप्त हुनु योग्यले संपन्न भएको छु, म धन्य हुँ, म धन्य हुँ।

CC-0. In Public Domain. Digitization by eGangotri

तीं मानिसले के प्रश्न गरे महात्माले कस्तो उत्तर दिनु भयो र उनी तृप्त भए भन्ने कुरा यो पुस्तकको आद्योपान्त अध्ययन गरेपछि यथार्थ सबै थाहा हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धा

ॐ श्रद्धा प्रातर्हवामहे, श्रद्धां मध्यं दिनं परि ।
श्रद्धं सूर्यस्य निमुचि, श्रद्धे श्रद्धापयेहन ।
(ऋग्वेद १०।१५१)

श्रद्धा–देवीलाई म प्रातः कालमा आह्वान गर्दछु, दिनको मध्यमा पनि म श्रद्धालाई आह्वान गर्दछु, सूर्य अस्त भएको समयमा पनि म श्रद्धालाई आह्वान गर्दछु। हे श्रद्धे ! यो मेरो हृदयमा बसेर तिमी मलाई श्रद्धालु बनाऊ ।

श्रद्धां भगस्य मूर्धनि वचसा वेदयामसि ।
(ऋग्वेद १०।१५१।१)

अर्थात् भजनीय– सनातनधर्मलाई शिरमा विराजमान गराई श्रद्धालाई म वचनद्वारा प्रख्यापन गर्दछु ।

आजको हाम्रो समाजमा धेरैले दर्शन–शास्त्रहरूका अध्ययन गरेका छन् र साथै ब्रह्मवार्तामा कुशल पनि छन् । परन्तु यति भएर पनि तिनमा शान्ति प्राप्त हुन सकेको छैन । यसको उत्तर यो हो कि गुरु, ईश्वर र शास्त्रमा जति श्रद्धा भक्ति हुन पर्ने हो त्यति भएको छैन । किनकि–

यस्य देव परा भक्तिर्यथा देवे तथा गुरौ ।
तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः ॥
प्रकाशन्ते महात्मनः ॥
(श्वेताश्वतर ६।६२३)

CC-0. In Public Domain. Digitization by eGangotri

जसको परमेश्वरमा अत्यन्त भक्ति छ र जस्तै परमेश्वरमा छ उस्तै नै गुरुमा पनि छ भन्ने त्यस महात्माप्रति मात्र नै यी तत्त्वहरू प्रकाश हुन्छन् ।

गुरु र वेदान्त–वाक्यमा विश्वास गर्ने लक्ष्मणजोलाई भगवान् श्रीरामचन्द्र भन्नु हुन्छ–

विज्ञानमेतदखिलं श्रुतिसारमेकं
वेदान्तवेद्यचरणेन मयैव गीतम् ।
यः श्रद्धया परिपठेत् गुरुभक्तियुक्तो
मद्रूपमेति यदि मद्वचनेषु भक्तिः ॥

(रामगीता ६२)

हे लक्ष्मण! जगत्को उत्पत्ति आदि जसको लीलाहरूको ज्ञान उपनिषद्हरू सुन्नाले हुन्छ त्यो मै हुँ । हेर ! मैले सम्पूर्ण वेदहरूको सारभूत यो अद्वितीय तत्त्वज्ञान जो वर्णन गरेको छु, यसलाई जो पुरुष भक्ति गरेर विश्वास पूर्वक पढछ त्यसलाई यदि मेरो वचनहरूमा भक्ति रह्यो भने मेरो स्वरूपको प्राप्ति हुन्छ,

श्रद्धा भक्ति रहोस् गुरु चरणमा मेरो बचन्मा पनि ।
यसलाई श्रृतिसार्बुझिकन पढ़ोस् मूल तत्व यै हो भनी ॥
यस्ता रितसित यो पढ्यो पनि भन्या अज्ञानको नाश गरी ।
मेरो रूप बनि जान्छ जान्छ सहजै संसार सागरतरी ॥

भगवान् श्रीरामचन्द्र, भगवान् श्रीकृष्णचन्द्र, सत्यकाम, उपकोसल, पद्मापादाचार्य आदिले गुरुसेवा र गुरुवाक्यमा श्रद्धा पूर्णरूपले गर्नाले नै ज्ञान प्राप्त गरेका हुन् भन्नमा कुनै अत्युक्ति

CC-0. In Public Domain. Digitization by eGangotri

छैन । तरन्तु हामीहरू भने उपर्युक्त कुरादेखि विमुख भई मार्गमा हिड्दा तत्वज्ञानको विषयमा प्रश्न गर्दछौं ।

श्रुतं ह्येव मे भगवद्दृशेभ्य आचार्याद्वैव विद्या विदिता साधिष्ठं प्रापतीति तस्मै हैतदेवोवाचात्रहनकिञ्चन वीयायेति वीयायेति ॥

(छान्दो ४।९।३)

मैले श्रीमान् जस्ता ऋषिहरूदेखि सुनेको छु कि आचार्य-देखि जानिएको विद्याले नै अतिशय साधुतामा प्राप्त हुन्छ । तव आचार्यले सत्यकामलाई त्यही विद्याको उपदेश गरे । त्यसमा केही पनि न्यून भएन, उनको विद्या पूर्ण नै रह्यो ।

कुनै मानिस वस्त्र रंगाउनको निमित्त रङ्ग किन्न पसलमा गयो । पसलेलाई मलाई पक्की राम्रो रङ्ग देऊ भनी भन्यो । पसलेले पनि राम्रो पक्की रङ्ग दियो । परन्तु घरमा ल्याई वस्त्र रङ्गाउँदा रङ्गिएन र त्यो रङ्ग फिर्ता गर्न पुन: पसले कहाँ गयो । त्यसले पसलेलाई भन्यो-रङ्ग कपडामा लागेन । पसलेले भन्यो-तिमीले प्रयोग गर्न जानेनौ । अव कपडाको पहिलेको रङ्गलाई फ्याँकी लगाऊ लाग्नेछ । उसले त्यसै गऱ्यो रङ्ग कप-डामा लाग्यो ।

सिद्धान्त-वस्त्र भनेको अन्त: करण हो, रङ्ग भनेको शास्त्र हो र पसले भनेको गुरु हो। मानिसाशास्त्रको अध्ययन गर्दछन् तापनि यथार्थ बुझेका हुँदैनन् । (अशान्तस्य कुत: सुखम् (अशा-न्तलाई सुख कहाँवाट होस् अनि गएर गुरुलाई भन्दछन्-तपाईंले वेदान्त शास्त्रको अध्ययन गर्नु पर्दछ (बेदान्तशास्त्रविज्ञानाज्जा-यते ज्ञानमुत्तमम् (भन्नु भएको थियो र हामीले अध्ययन

CC-0. In Public Domain. Digitization by eGangotri

पनि गऱ्यौ तैं पनि ज्ञान भएन । पूर्वमा हाम्रो जुन स्थिति थियो आज पनि त्यही स्थिति छ । गुरु भन्दछन्-यसको मूल कारण गुरु, शास्त्र र ईश्वरमा पूर्ण श्रद्धा नहुनु हो । बेदान्तको यथार्थ तत्त्व बुझ्न यस्तो गर्नु पर्दछ–

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥
(गीता ४।३४)

यो ज्ञान जान्नका निमित्त ज्ञानीहरूलाई प्रणाम गर, उनीहरूको सेवा टहल गर, श्रद्धापूर्वक उनीहरूलाई सोधपूछ गर । त्यसो गऱ्यौं भने तत्त्व जान्ने ज्ञानी मुनिहरूले तिमीलाई अवश्य ज्ञानको उपदेश गर्नेछन् ।

श्रद्धावाँल्लभते ज्ञानं तत्परःसंयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा पराँ शान्तिमचिरेणाधि गच्छति ॥
(गीता ४।३९)

जितेन्द्रिय भई रात दिन हे भगवान् ! तिमीलाई कसो गरी पाऊ भनेर परमेश्वरकैं ध्यानमा मात्र रहने उनमा श्रद्धा भएका मानिसले ज्ञान लाभ गर्दछ । यस्तो ज्ञान लाभ भएपछि छिटै परमशान्ति पाउछ ।

सत्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥
(गीता १७।३)

हे भारत ! सबको श्रद्धा आफ्ना-आफ्ना अन्तः करण

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार हुन्छ । मानिस श्रद्धामय हुन्छ । त्यसकारण त्यसको जस्तो श्रद्धा छ त्यो त्यै हुन्छ ।

तो शिष्यले शास्त्रानुसार गुरु र ईश्वरमा श्रद्धा गर्नाले वेदान्तको मार्मिक तत्त्वलाई बुझे । यहाँ भन्नुको तात्पर्य यो हो कि जस्तै रङ्गमा र पसलेमा कुनै दोष छैन, त्यस्तै गुरु र शास्त्रमा पनि कुनै दोष छैन; यदि दोष छ त आफैमा ।

प्रणिपात सेवा र श्रद्धाले युक्त भई गुरुबाट सुनेको जुन ब्रह्म विद्या छ, त्यसले शिष्यको हृदयमा राम्रो असर पर्दछ । जस्तो कि एक थोपा मात्र तेल वस्त्रमा पर्नाले पनि तुरुन्त असर पर्दछ ।

प्राचीनकालमा गुरुको आश्रममा ज्ञान सिक्नेनको लागि यस्तो श्रद्धाले युक्त भई जान्थे भन्ने कुरा प्रश्नोपनिषद्‌मा स्पष्ट झल्काएको छ भरद्वाजनन्दन, शिविकुमार सत्यकाम, गर्ग गोत्रमा उत्पन्न भएका सौर्यायणि, अश्वलकुमार कौसल्य, कवन्धी र भार्गव यी अपरबब्रह्मको उपसना गर्ने भएका तदनुकूल अनुष्ठानमा तत्पर छ ऋषिगण परब्रह्मको जिज्ञासु भएर भगवान पिप्पलादले हामीलाई उक्त विषयमा सवै थोक वताइदिन् हुनेछ भनी हातमा समिधा लिएर गएका थिए। (श्रद्धयासत्य माप्यते) श्रद्धाद्वारा नै सत्य तत्त्व परमात्माको प्राप्ति हुन जान्छ । (श्रद्धया देवत्वमश्नुते, प्रतिष्ठालोकस्य देवी श्रद्धाको द्वारा नै मनुष्य देवत्व प्राप्त गर्दछ देव हुन्छ । य लोकको प्रतिष्ठा (आधार) नै श्रद्धादेवी हुन् ।

श्रद्धाले रहितभई जप, तप, होम, यज्ञयागादि जतिसु ईश्वर सम्वन्धी सत्कर्म गरे पनि त्यो ग्रहण गर्दैनन् । ईश्व

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नको भोका छैनन् श्रद्धाको भोकाछन् । भगवान् श्रीकृष्ण सन्धि विषयमा कौरव कहाँ जानु भएको थियो । परन्तु दुर्योधनले सन्धि गर्ने विचारलाई स्वीकार गरेनन् । दुर्योधनले कृष्णलाई भोजन गराउने इच्छाले भोजन तयार गराएका थिए । श्रीकृ-ष्णले यो श्रद्धारहितको भोजन खान्न भनी खानु भएन ।

युधिष्ठिरले राजसूय यज्ञ आरम्भ गरे अनि उनले श्रीकृष्ण-लाई सोधे, मेरो यज्ञ राम्रोसंग पूर्ण भयो भन्ने कुरा मलाई कसरी थाहा हुन्छ ? श्रीकृष्णले भन्नु भयो-यो मेरो पाञ्चजन्य शंख जब स्वयं वज्न लाग्छ, तब यज्ञ पूर्ण भयो- भनी संझ । यज्ञ समाप्त भयो, तर शंख भने बजेन । युधिष्ठिरले सोधे शंख किन बजेन ? श्रीकृष्णले भन्नु भयो-मेरो एउटा भक्त जो जातको शूद्र छ त्यसलाई भोजन गराएनौ । त्यस शूद्रलाई युधिष्ठिरले आदरका साथ बोलाए र द्रौपदीको हातद्वारा तयार गरिएको अति स्वादिष्ट भोजन खान दिए । त्यो शूद्रले जो जति खाने पदार्थ थिए ती सबै एक ठाउँमा मिसाएर खायो । त्यो देखेर द्रौप-दीले भनिन् कि शूद्र-शुद्र नै हो । यस्तो प्रकारको भोजन यसले कहिले खान पाएको थियो र जानोस् । भगवान्को शंख राम्रो बजेन । युधिष्ठिरले भने- भगवान् ! शंख राम्रोसंग बजेन । भगवान्ले भन्नु भयो-मेरो भक्तलाई श्रद्धापूर्वक भोजन गराएनौ । द्रौपदी स्वयं त्यस शूद्र कहाँ गएर माफी मागिन् । पुनः त्यसलाई श्रद्धापूर्वक भोजन गराइन् । अनि भगवान्को शंख जोडसंग वज्यो र युधिष्ठिर आफ्नो यज्ञ पूर्ण भयो भनी खुशी भए ।

यसबाट यो कुराको बोध हुन्छ कि लौकिक होस् वा पार-मार्थिक दुवै पक्षमा श्रद्धाले विमुख भई जो जति कार्य गरे पनि

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो निरर्थक हुन्छ र वस्तु उपलब्धि हुँदैन । श्रद्धाले रहित पुरुष-देखि न नर खुसी हुन्छ न त नारायण । नारायण खुशी नभई सद्बुद्धि प्राप्त हुँदन ।

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥
(गीता १०।१०)

ती सदा मेरो ध्यानमा लागेका प्रेमपूर्वक मेरो भजन गर्ने भक्तहरूलाई म बुद्धियोग दिन्छु, जसद्वारा तिनीहरू ममा प्राप्त हुन्छन् ।

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥
(गीता १०।११)

तिनीहरूमाथि निगाह गरेर म उनीहरूका बुद्धि भित्र वसेर अज्ञानबाट उत्पन्न भएको अन्धकारलाई धप धप वल्ने ज्ञानरुपी वत्तीद्वारा नाश गर्दछु ।

महर्षि धौम्यको आश्रम-सेवा, तितिक्षा र संयमकोलागि प्रख्यात थियो । उनी आफ्ना शिष्यहरूलाई सुयोग्य बनाउनको लागि तप गर्न लगाउँदथे । उनको आशिर्वादले नै शिष्य शास्त्रज्ञ वन्दथे । शिष्य पनि गुरुको वचनलाई श्रद्धापूर्वक पालन गर्दथे । आरुणि, उपमन्यु र वेद यी तीन शास्त्राकार ऋषि महर्षि यिनै धौम्यका शिष्य हुन्

एक दिन सायंकालमा वर्षा भएकोले धौम्यले आफ्नो शिष्य आरुणिलाई खेतमा वाँध वाँधन पठाए । पूरा रात वित्यो तैं पनि शिष्य न आएकाले स्वंय महर्षि चिन्तित भए र भोलि-

CC-0. In Public Domain. Digitization by eGangotri

पल्ट विहान शिष्यलाई खोज्न गए। गुरुको शब्द सुनेर खेतमा सुतिरहेका आरुणिले म यहाँ छु भनी कराए। उनको शरीर पानीले र शीतले भिजेकोले सुन्निएको थियो। गुरुले भने-यसरी पानीमा किन रात भर सुतेको ? उनले उत्तर दिए-पानीको बेग ठूलो हुनाको कारण मैले जति माटो हालेर थुन्दा पनि वगाएर लगेको हुँदा आफैं सुतेर खेतको पानी रोकेको हुँ। शिष्यको अत्यन्त ठूलो श्रद्धा भक्तिलाई देखि स्नेहले गद्गद् भएर भने-वत्स ! सम्पूर्ण श्रुतिहरू तिमीलाई प्रकाशित होऊन आरुणि गुरुको प्रसाद प्राप्त गरेर धन्य भए। यिनै आरुणि महर्षि उद्दालकको नामले उपनिषदमा प्रसिद्ध छन्। श्रद्धाले नै परमात्मा-वस्तु उपलब्ध हुन्छ। (श्रद्धायो पहरैनित्य श्रद्धा (भुगहमीश्वर) नित्यप्रति अति श्रद्धाको साथ साथ पदार्थ निवेदन गरोस्; किन भने म परमात्मा श्रद्धाको भोको छु।

श्रद्धाया दुहिता तपसोऽधि जाता स्वस ऋषीणां भूतक्ृतां बभूव
सानो मेखला मतिमा धेहि मेधामथो नो धेहि तपे इन्द्रियंच ॥

(अथर्ववेद ६।१३।१३३।४)

आस्तिक्य बुद्धिको नाम श्रद्धा हो,श्रद्धाकी पुत्री ब्रह्माजीको तपले उत्पन्न भएकी मेखला हुन्। हे मेखला ! तिमी मलाई भविष्यको कुरा संझन सक्ने मति (बुद्धि) प्रदान गर तथा सुनेको कुरा याद राखन सक्ने समर्थ बुद्धि मलाई देऊ; तिमी मेरो लागि आत्मवल प्रदान गर।

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति

धर्मको मार्गमा प्रवृत्त गराउने नै मुख्य भक्ति हो, भक्तिहीन पुरुष कुनै पनि धार्मिकमार्गलाई अवलंबन गरेर अगाडि बढ्न सक्तैन । भक्तिमा जम्मा तीन अक्षर छन्- भ (भव) संसारको दुःखलाई हटाउंछ क (कल्याण) गर्दछ । ति (तीव्रज्ञान) प्राप्त गराउँछ ।

वेदस्याध्ययनं कृत परिचित शास्त्रं पुराणं श्रुतं ।
सर्वं व्यर्थमिदं पदं न कमलाकान्तस्य चेत्कीर्तितम् ।।
उत्खातं सदृशीकृतं विरचितस्सेकोऽम्भसा भूयसा ।
सर्वं निष्फलमालवालवलये क्षिप्तं न बीजंयदि ।।

कुलो खनेर बाँध बानएर धेरै जल भरोस्, किन्तु त्यसमा बीज छरिएन भने व्यर्थ हुन जान्छ । यस्तै प्रकार वेदको अध्ययन गरेको छ, शास्त्रको बोध छ, पुराणहरू सुनेको छ यदि कमलाकान्त लक्ष्मीपति परमेश्वरको चरणकमलको गुणगान गरेको छैन भने त्यो सब वेदाध्ययन आदि परिश्रम व्यर्थ नै जान्छ ।

व्यापक ब्रह्म निरञ्जन, निर्गुन विगत विनोद ।
सो अज प्रेम भगति वस, कौसल्याके गोद ।।

(तु. रा वा. दो २०८)

CC-0. In Public Domain. Digitization by eGangotri

जुन ब्रह्म व्यापक, निरञ्जन, (माया रहित) निर्गुण, विगतविनोद (निष्कक्रय) अज भएर पनि कौसल्याको प्रेम-पूर्ण भक्तिको पराधीन भएर उनको काखमा बसे ।

बचन करममन मोर गति, भजन करहिं निकाम ।
तिन्हके हृदय कमल महुँ, करौं सदा विश्राम ।।
(तु. रा. अरण्य. दो. २८)

मनसा -कर्मणा वाचाले जो मेरो आधारमा रहन्छन्, जो निष्काम भइकन मेरो भजन गर्दछन् तिनका हृयकमलमा सदा सर्वदा विश्राम गर्दछु ।

रामचन्द्र के भजन विनू, चह पद निर्वान ।
ग्यानवन्त अपि सो नर, पसु विनु पूछ विषान ।।
(तु. रा. उ. दो. ११५)

रामचन्द्रको भजन-विना जो निर्वाणपद (मुक्ति) चाहन्छ, ज्ञानवान् भएता पिन त्यो मानिस सीङ र पुच्छर नभएको (वत-सूरत) पशु हो ।

श्री रामनामामृतमन्त्रबीजं संजीवनी चेन्मनसि प्रविष्ट ।
हालाहलं वा प्रलयानलं वा मृत्योर्मुखं वा विशतां कुतोभी :
(अ रा.)

जसको हृदयमा रामनाम अमृतरूप संजीवनी विद्यमान छ त्यो हालाहल, प्रलयानल अथवा मृत्युको मुखमा नै हाम्फा-लोस् त्यसलाई कहिले पनि भय हुँदैन ।

रामं परात्मानमभावयञ्जनो
भक्त्या हृदिस्थं सुखरूपमद्वयम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

कथं परं तीरमवाप्नुयाज्जनो
भवाम्बुधे दु:खतरङ्गमालिनः ॥
(अ. रा.सु. ४।२४)

जो आफ्नो हृदयमास्थित अद्वितीय सुखस्वरूप परमात्मा रामको भक्तिपूर्वक ध्यान गर्दैनं, त्यो दुःख-तरङ्गावलिले-पूर्ण संसारसमुद्रदेखि कसरी पार पाउन सक्ला ? ।

पुञ्जीभूतं प्रेम गोपाङ्गनानाँ मूर्तिभूतं भागधेयं यदूनाम्
सान्द्रीभूतं गुप्तवित्तं श्रुतीनाँ श्यामीभूतं ब्रह्म मे सन्निधत्ताम्

गोपिनीहरूका पुञ्जीभूत प्रेम यादवहरूका मूर्तिमान् भाग्य, श्रुतिहरूका एकत्र घनीभूत गुप्तधन, यस्तो जो मेरा श्यामल ब्रह्म छन् ती निरन्तर मेरो समीपमा रहून् ।

एकोऽपि कृष्णस्य कृतःप्रणामो दशाश्वमेधावभृत्येन तुल्यः
दशाश्वमेधी पुनरेति जन्म कृष्णप्रणामी न पुनर्भवाय ।

भगवान् श्रीकृष्णलाई एकटक गरेको प्रमाण दश अश्वमेघ यज्ञ बराबर छ । यति मात्र होइन कि दश अश्वमेध गर्नेले जन्म लिनु पर्दछ, कृष्णलाई प्रमाण गर्नेले भने जन्मलिनु पर्दैन ।

आब्रह्म भुवनाल्लोकाः पुनरार्तिनोऽर्जुन ।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥
(गीता. ८।१६)

हे अर्जुन ! ब्रह्मलोक सम्मका जीवहरूले वारंवार आवागमन गरिरहनु पर्दछ । परन्तु हे कौन्तेय ! मलाई प्राप्त गरेपछि पुनर्जन्म हुँदैन ।

कौन्तेय ! प्रतिजानीहि न मे भक्तः प्रणश्यति
(गीता. ९।३१)

CC-0. In Public Domain. Digitization by eGangotri

हे कुन्तीपुत्र ! तिमी यो कुरा निश्चय जान मेरो भक्त कहिल्यै नष्ट हुँदैन ।

येतु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ।
अनन्येनैव योगेन माँ ध्यायन्त उपासते ।।
तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ।।

(गीता.. १२।६।७)

हे पार्थ ! जो मेरो शरणभई, सम्पूर्ण कर्महरू मैमा अर्पण गरेर अनन्यभावले मेरो ध्यान एवं पूजा गर्दछन्, म ती ममा चित्त-लाउनेहरूको छिटै जन्म मरणको बन्धन भएको संसारदेखि उद्धार गर्नेछु ।

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ।।

(गीता० १२।२०)

जो मेरा शरण परेका श्रद्धालुहरू यो मैले भने जस्तो धर्मले परिपूर्ण उपदेशरूपी अमृतको पूर्णरूपले पालन गर्दछन् ती भक्तहरू मेरा अत्यन्त प्यारा हुन्छन् ।

भक्तवत्सल भगवान्लाई प्राप्तगर्नको लागि कुनै लिङ्ग भेदको जरूरत छैन, आयुको गणना छैन, विद्याको आवश्यक पर्दैन, जातीय वर्णभेद चाहिंदैन, ठूलो पुरुषार्थको पनि जरूरत पर्दैन, न सुन्दररूपको जरूरत पर्दछ न त धनको ।

भक्त्या तुष्यति केवलं न च गुणैर्भक्तिप्रियो माधवः ।।

भक्तिप्रिय माधव त केवल भक्तिदेखि नै सन्तुष्ट हुनुहुन्छ, गुणदेखि होइन ।

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टान्त-भगवान् श्रीकृष्णले म महाभारतको युद्धमा अस्त्र-शस्त्र ग्रहण गर्दिन भनी प्रतिज्ञा गर्नुभएको थियो । भीष्मले भने युद्धक्षेत्रमा म श्रीकृष्णलाई अस्त्र-शस्त्र ग्रहण गर्न अवश्य पनि लगाउँदछु भनी प्रतिज्ञा गर्नुभएको थियो । अर्जुनसंग भीष्मको घोर युद्ध पऱ्यो । अर्जुनको भीष्मसंग युद्धमा प्रतिद्वन्द्वी भएर लड्ने सामर्थ्य न देखेर स्वयं भगवान् श्रीकृष्णले रथको पाँग्रो लिएर भीष्मतिर दौड्नु भयो । यसरी दौडेर आफूतिर आइरहनुभएको कृष्णलाई भीष्मपितामह भन्नु हुन्छ– हे भगवान् ! तपाईं मलाई मार्न भनी आउनु भएको होइन, मलाई आफ्नो परमभक्त,वालब्रह्मचारी र आफूले गरेको प्रतिज्ञालाई पूर्णरूपले पालन गर्ने यस्तो जानी आफ्नो प्रतिज्ञालाई भङ्गगरी केवल भक्तको प्रतिज्ञा पूर्णगर्न आउनु भएको हो भनी अत्यन्त खुशी हुनु भयो। भीष्मले शरशय्यामा भगवान्ले रथको पाँग्रो ग्रहण गर्नुभएको त्यो स्वरूपको ध्यान गरेर प्राण छोड्नु भयो ।

श्रीधरस्वामी एक दिन आफ्नो गाउँबाट अर्को कुनै गाउँमा गइरहनुभएको थियो । वनको डरलाग्दो बाटो र चोरहरूको भय समेत भएकोले उहाँले आत्मरक्षार्थ रामरक्षास्तोत्रको पाठगर्दै हिंडिरहनु भएको थियो । चोरहरू केही क्षणमा आइपुगे तर चोरहरूले स्वामीजीको रक्षाको लागि राम लक्ष्मण दुवै धनुर्बाण धारणा गरी अघि पछि हिड्नु भएको देखे । यस्तै चोरहरूद्वारा तुलसीदासजीको धनको रक्षा गर्न रामचन्द्रले कुटीमा पालो समेत बस्नु भएको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् भाव-भक्तिको भोको हुनुहुन्छ भन्ने कुरा श्री क्रृष्णजीले दुर्योधनको घरमा हजार प्रकारको भोजन नगरी विदुरको घरमा सागको भोजन गर्दै रुक्मिणी आदि मेरी स्त्रीहरूले आफ्ना हातले नित्य तयार गरी भोजन गराएको भन्दा पनि मलाई ज्यादै मीठो लाग्यो भन्नु भएको र श्रीराम-चन्द्रले सवरीले दिएको वयर खानुभएकोवाट स्पष्ट झल्किन्छ। भगवान्को कत्रो भक्तवत्सलता, कौरवको सभामा द्रौपदीको लाज वचाउन श्रीकृष्णले स्वंय सारीको रूप धारण गर्नु भयो। दुर्वासा सहित साठी हजार शिष्यको अतिथिसत्कार गर्न अस-मर्थ भएर द्रौपदीले स्मरण गर्नासाथ तुरुन्त आई अक्षयपात्रमा द्रौपदीले खाई शेष अड्किएको एक त्यान्द्रा सागको पात खाई त्रिलोकलाईनै तृप्त गराउनु भयो, दुर्वासाजीको के कुरा। यसरी द्रौपदीलाई दुर्वाविसाको शापको भयबाट वचाउनु भयो।

भीष्मपितामहले भोलि म पाण्डवसलाई युद्धमा मार्दछु भनी प्रतिज्ञा गर्नु भएको थियो। त्यही रातमा भक्त वत्सल भगवानले द्रौपदीको जुत्ता आफ्नो पीताम्बरमा पोको-पारी काखीमनि च्यापी द्रौपदीलाई साथ लिएर भीष्मको शिवि-रमा जानुभयो। छलले द्रौपदीलाई सौभाग्यवती भव, भन्ने वर दिन लगाउनु भयो। सौभाग्यवती भव भन्ने वर पाएपछि द्रौपदीले भीष्मलाई भनिन्–तपाईले आज दिनमा पाण्डवलाई मार्दछु भनी गर्नु भएको प्रतिज्ञा सत्य हो कि अहिले मलाई दिएको सौभाग्यवतीको वर सत्य हो भन्दा ध्यानमग्न भीष्मजी झल्याँस्स विउझिनु भयो। उहाँले विचार गर्नु भयो कि यो काम निश्चय पनि कृष्णकै हो। शिविर वाहिर आई हेर्दा उहाँले एउटा कुनामा

CC-0. In Public Domain. Digitization by eGangotri

लुकेर बसेको मामुली वस्त्र पैरिएको काखीमनि पिताम्बरमा जुत्ताको पोको बोकेको भगवान् श्रीकृष्णचन्द्रलाई देखि भन्नु भयो-भगवान् ! हजूरको इच्छा पाण्डवलाई विजय गराउनमा रहेछ, त्यस्तै होस्; द्रौपदी सौभाग्यवती नै हुन् म मर्दछु भनी आफ्नो मरणको कारण बताउनु भयो।

श्रीकृष्णले द्रौपदीको हितको लागि फुनै कुरा गर्न बाँकी राख्नु भएन। तै पनि भन्नुहुन्छ—कौरवको सभामा आफ्नो लाज वचाउन आफ्ना अतिवीर पतिहरू छंदादै पनि द्रौपदीले मलाई आर्तपुकार गरेर डाकेकी छन्—

गोविन्द द्वारकावासिन् कृष्ण गोपीजनप्रिय ।
कौरवैः परिभूतां माँ किं न जानासि केशव ॥

(म. भा. सभा. ३८!।४१)

हे गोविन्द ! द्वारकावासी कृष्ण ! हे गोपाङ्गनाहरूका प्राणवल्लभ केशव ! कौरवले मेरो अपमान गरिरहेका छन्, के तपाईजान्नु हुन्न ?। यो द्रौपदीको आर्तपुकारको ऋण कहिले पनि मैले चुकाउन नसकिने छ। भगवान्ले भागवतमा पुनः भन्नु भएको छ –

निरपेक्षं मुनिं शान्तं निर्वैरं समदर्शनम् ।
अनुव्रजाम्यहं नित्यं पूयेयेत्यङ्घ्रिरेणुभिः ॥

(भा. ११।१४।१६)

जसलाई कसैको अपेक्षा छैन, चिन्तनदेखि सर्वथा उपरत भएर मेरो नै मनन-चिन्तनमा तल्लीन रहन्छन् र राग द्वेषदेखि रहित भएर सबैमा समान दृष्टि राख्तछ, त्यस महात्माको पछि

CC-0. In Public Domain. Digitization by eGangotri

पछि म यो विचार गरेर निरन्तर घुमेर हिंड्दछु कि त्यसको चरणको धूलो उडेर ममाथि परोस् र म पवित्र बनौं ।

बर्हापीडं नटवरवपुः कर्णयोः र्काणकारं
बिभ्रद्वासः कनककपिशं वैजयन्तीं च मालाम् ।
रन्ध्रान् बेणोरधरसुधया पूरयन् गोपवृन्दै-
र्बृन्दारण्यं स्वपदरमणं प्राविशद् गीतकीर्तिः ॥

(भा. १०।२१।५)

जन्मत्यागी परमब्रह्मज्ञानी श्रीशुकदेव स्वामीलाई व्यास-जीले भन्नु भएको कृष्णको साकार स्वरूपको अपूर्व आनन्दप्रद वर्णन गरेको सुनेर भगवद्भक्तिमा प्रवेश गर्नुभयो । सम्पूर्ण शास्त्रको ज्ञाता नारदजी सदा हरिकीर्तनमा रत हुनुहुन्छ । ज्ञानीहरूमा अग्रगण्य मानिनु भएको श्री हनुमान्जी परम राम-भक्त हुनुहुन्छ । भगवान् श्री रामचन्द्रको भक्तिको रसास्वादन गर्नुभएको तुलसीदासजीको यो निश्चय छ–

सोइ गुनग्य सोइ बड भागी ।
जो रघु-वीर-चरन अनुरागी ॥
वारि मथे घृत होइ बरु सिकता तें वह तेल ।
विन हरि भजन न भव तरिअ, यह सिद्धान्त अपेल ॥

दयान्दजीले जब रामकृष्ण परमहंसको भक्तिभावलाई देख्नुभयो । अनि उहाँले आफ्ना शास्त्रवेत्ता साथी पण्डितहरूलाई भन्नुभयो–हामीहरूले वेद, वेदान्त आदि दर्शनशास्त्र पढ्यौं, परन्तु त्यसको फल रामकृष्णमा नै देखा पर्न आयो । पण्डितहरूले शास्त्रको मन्थन गरेर केवल मोही मात्र पिए, मक्खन भने यिनै महापुरुषले खाए ।

CC-0. In Public Domain. Digitization by eGangotri

एकदिन हनुमानलाई कुनै पुरुषले आज के तिथि हो भनी सोधे हनुमान्‌जीले उत्तर दिनु भयो कि– वार, तिथि, पक्ष आदि हेर्ने समय नभएकोले मलाई केही पनि थाहा छैन, म त खालि श्रीरामको चिन्तन गरेर रहन्छु ।

हरिहरमा कुनैअन्तर नभएको हुँदा मैले यहाँहरिको वर्णन गर्नु पनि हरको वर्णन गर्नको समान नै हो ,केवल लेख लामो हुन जाने भएकोले शिवको भक्ति विषयमा अलिकति मात्र वर्णन गर्दछु ।

यो हरिं हररूपेण हरं च हरिरूपिणम् ।
यः पश्यति स एव स्याद् वैष्णवः शैव एव च ॥
हरौ हरे चये भेदं कुर्वन्ति मनुजाधमाः ।
पाखण्डिनो वेदवाह्यास्ते वै निरयगामिनः ॥

प्रसिद्ध मैथिलकवि श्री विद्यापति शिवका अनन्यभक्त थिए । विद्यापतिको यस्तो भक्तिदेखि शिवजी अति खुसी भई गुप्तरूपले उनको सेवक वनी सेवा गर्नुहुन्थ्यो, तर यो भेद विद्यापतिलाई थाहा थिएन । एकदिन विद्यापति आफ्नो सेवक उदानको साथ घुम्दा उनलाई पानीको ज्यादा प्यास लाग्यो । उनले पानी लिएर आऊ भनी आफ्नो सेवक उदानलाई भने । सेवकले तुरुन्त पानी लिएर आए । उनले पानी पिए । विद्यापतिलाई थाहा भयो कि यो पानी साधारण होइन निश्चय पनि गंगाजल हो । उनले यो पानी कहाँबाट लिएर आयौ भनी सोद्धा उदानले भने–यहाँ कही पानी नभएकोले मैले आफ्नो जटाबाट निकालेर तिमीलाई गङ्गाजल पिलाएको हूँ, यति भनेर आफ्नो शिवरूपको दर्शन दिनु भयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

भगति हींन गुन सब सुख कैसे ।
लवन विना बहु व्यंजन जैसे ॥

(तु.रा.उ.दो. १२६।५)

यो तुलसीदासजीले भन्नु भएको दोहाको अर्थ व्यासजीमा प्रत्यक्षरूपमा घटेको देखियो । व्यासजीले महाभारत सहित १७ पुराण र ब्रह्मसूत्र लेखिसकेर पनि उहाँलाई मनमा सन्तोष भएन र भन्नुहुन्छ–यद्यपि म ब्रह्मतेजले सम्पन्न एवं समर्थ छु, तथापि मेरो हृदयमा अपूर्णता नै छ । अवश्य आजसम्म मैले भगवान्लाई प्राप्त गराउने चाहि धर्मको प्रायः निरूपण गरिन ।

नारदजीले भन्नु भयो–व्यासजी तपाईंले भगवान्को निर्मल यशको गान प्रायः गर्नु भएन । मेरो यस्तो मान्यता छ कि जुनदेखि भगवान् सन्तुष्ट हुनुहुन्न, त्यो शास्त्र वा ज्ञान अधूरो हो । भगवान् श्रीकृष्णको महिमाको निरूपण न गरेको अपवित्र शास्त्रमा मानससरोवरको कमनीय कमलवनमा विहार गर्ने हंसहरूको भाँति ब्रह्मधाममा विहार गर्ने भगवच्चरणारविन्दाश्रित परमहंस कहिले पनि रमण गर्दैनन् । ब्रह्मर्षि व्यासजीले नारदको यो उपदेश सुनेर श्रीमद्भागवत महापुराणको रचना गर्नु भयो । अनि उहाँको हृदयमा नित्य तृप्ति र संतोष प्राप्त भयो ।

भमरा तबसम्म कराएर घुम्दछ जबसम्म फूलमा बसेर रसास्वाद ग्रहण गर्दैन यस्तै प्रकार मानिसहरू भगवान प्राप्त गर्ने विषयमा सत्सङ्गमा नाना प्रकारका वार्ता गर्दछन्, जुन दिन भगवान्लाई प्राप्त गर्दछन् अनि भमरा झैं मौन रहन्छन् । यस्तै

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकार व्यासजीलाई पनि भागवत लेखिसकेपछि भगवान्को साक्षात्कार भयो र पुनः उहाँले अरू शास्त्रको रचना गर्नु भएन

यहाँ लेखक भन्दछन्—पूर्वमा जो जति भक्त भए, हाल जो जति छन् र पछि जो जति हुनेछन् । तिनीहरू प्रति यो मेरो भावना सदा अमर रहोस् ।

धन्यास्ते पुरुषा लोके येऽर्चयन्ति सदा हरिम् ॥

CC-0. In Public Domain. Digitization by eGangotri

श्रवणको विशेष महत्त्व

उपासक पुरुष मुख्य अधिकारी हो, त्यस्तालाई ब्रह्मको एकत्व प्रतिपादन गर्ने एक श्लोक अथवा आधा श्लोक मात्र श्रवण गर्नाले पनि ब्रह्मसाक्षात्कार हुन्छ । अमुख्य अधिकारीलाई भने महावाक्य श्रवणले मात्र ब्रह्मसाक्षात्कार हुँदैन । त्यस्ताले आजीवन दर्शनशास्त्रको श्रवण र अध्ययन गरिरहनु पर्छ ।

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥

(भागवत ८।४।२३)

नवधा भक्तिमा यहाँ पहिले श्रवणलाई नै लिएको छ । यदि श्रवण मात्रले ज्ञान प्राप्त भयो भने उसको लागि अरू केही जान्नु र गर्नु अवशेष रहँदैन । श्रवणद्वारा (यज्ज्ञात्वा) जुन ब्रह्मलाई जानेपछि मुक्त भइहाल्दाछ, लोकहितको लागि कर्म गरे पनि हुन्छ, न गरे पनि कुनै दोष उसलाई लाग्दैन । धुन्धुकारी र परीक्षित आदि केवल श्रवणले नै मुक्त भए उनीहरूले केही गर्नु परेन ।

श्रुत्वा धर्मं विजानाति श्रुत्वा त्यजति दुर्मतिम् ।
श्रुत्वा ज्ञानमवाप्नोति श्रुत्वा मोक्षमवाप्नुयात् ॥

(चाणक्यनीति ५।१)

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्य शास्त्र सुनेर धर्मलाई जान्दछ, सुनेर दुर्बुद्धिलाई छोड्दछ, सुनेर ज्ञान र मोक्षलाई प्राप्त गर्दछ ।

आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो
निदिध्यासितव्यो मैत्रेय्यात्मनो वा अरे दर्शनेन
श्रवणेन मत्या विज्ञानेनेदं सर्वं विदितम् ॥

(बृह २।४।५)

याज्ञवल्क्य आफ्नी पत्नीलाई भन्नुहुन्छ– हे मैत्रेयि ! यो आत्मा नै दर्शनीय, श्रवणीय, मननीय र ध्यान गर्न योग्य छ। यस आत्माको दर्शन, श्रवण, मनन एवं विज्ञानले यी सबैको ज्ञान हुन जान्छ ।

कुनै समयमा अत्रिमहर्षि राजा जनकको मिथिलापुरीको उपवनमा शिष्यहरूको साथ चातुर्मास प्रवचन गरेर बस्नुभएको थियो । राजाजनक महर्षिको श्रद्धा एवं उदारतापूर्वक सेवा गर्नुको साथ प्रतिदिन प्रवचनमा पनि सम्मिलित हुन्थे । राजा जनक सच्चा जिज्ञासु थिए, यस कारण अत्रिमहर्षिको राजा लाई नै खास गरेर प्रवचन सुनाउने अभिरुचि थियो । कहिले-कहिले राजकाजको कामले गर्दा विलम्ब भई ५।१० मनेट ढिलो पुग्दथे । महर्षि भने राजाको प्रतीक्षा गरेर रहनु हुन्थ्यो र राजा आएपछि मात्र प्रवचन आरम्भ गर्ने गर्नुभएको थियो । यस्तो प्रकारको चाल देखेर अरू श्रोताहरूमा महर्षिको प्रति अश्रद्धा दिन–प्रतिदिन बढ्दै जान लाग्यो। श्रोताहरू आपस-आपसमा भन्न लागे कि यी समदर्शी ब्रह्मवेत्ता ऋषि भएर पनि राजाजनकको यत्तिको पक्षपात किन गर्दछन् । राजा जनक

CC-0. In Public Domain. Digitization by eGangotri

समृद्ध एवं ऐश्वर्यशाली छन्, यस कारण राजावाट विशेष ऐश्वर्य प्राप्त गर्नको लागि नै ऋषिले पक्षपात गर्नुभएको होला। नत्र भने नियत समयमा नै प्रवचन गर्नु पर्दथ्यो। सर्वज्ञ महर्षिले श्रोतागणले आफूलाई दोषारोपण गरेको थाहा पाउनुभयो। अतः लोकलाई यथार्थ कुरा सम्झाउनको लागि महर्षिले आफ्नो योगशक्तिको एक दिन विलक्षण चमत्कार देखाइदिनु भयो।

श्रावणी अमावास्या–सोमवारको पुनीत पर्व थियो, त्यस दिन प्रवचन सुन्नको लागि मानिसहरू विशेष संख्यामा भेला भएका थिए। (सर्वं खल्विदं ब्रह्म) अतोऽत्यन्यार्तंद (अयमात्मा ब्रह्म) इत्यादि श्रुति–वनचको प्रवचन भइरहेको थियो। राजा जनक ठूलो श्रद्धा एवं एकाग्रतापूर्वक सुनिरहेका थिए। प्रवचन के आधा मात्र पुगेको थियो–त्यस समयमा महर्षिले योगशक्तिले मिथिला नगरीको एक भागमा सबैलाई आगलागी भएको भान पारिदिनु भयो। नगरको उत्तर भागमा ठूलो आगलागी भएको देखेर त्यस ठाउँतिर घर हुने मानिसहरू सहसा प्रवचनलाई छाडेर भागे। शनैः शनैः अग्नि बढ्दै गएर संपूर्ण नगरमा फैलियो। सबै श्रोताहरू भागे परन्तु अत्रिमहर्षिले आफ्नो प्रवचन रोक्नुभएन। राज जनक पनि तन्मयतापूर्वक सुनिरहेका थिए। दुनियाहरू जोडजोडसंग कराएर भन्न लागे– सबै नगर जलिसक्यो अझ पनि तपाईं आफ्नो प्रवचन किन रोक्नु हुन्न। यसरी दुनिया हाहाकार गरी कराएको शब्दलाई न त महर्षिले सुन्नुभयो न त राजा जनकले नै सुने। महर्षिको प्रवचन सुन्न साधुसन्तहरू पनि आएका थिए। तिनीहरू आफ्ना कुटीमा आगलागी

CC-0. In Public Domain. Digitization by eGangotri

भएको देखेर प्रवचन सुन्न छोडेर भागे । कोही मेरो कमण्डलु जल्यो, कोही कुटी र कोही घर जल्यो इत्यादि भन्दै प्रवचन सुन्न छोडेर दौडन थाले । अन्तमा अग्नि जल्दै प्रवचनस्थलमा पनि के आइपुग्न लागेको थियो जो जति श्रोताहरू बाँकी थिए ती पनि भागे केवल वक्ता अत्रिमहर्षि र श्रोता राजा जनक मात्र शेष रहन गए । यस्तैमा अग्नि पनि शान्त भयो । वास्तवमा त्यो अग्नि थियो, ऋषिको योगशक्तिको चमत्कार ।

अग्निले केही पनि जलाएको थिएन । सब श्रोताहरू आश्चर्यमा परे, पछि आ–आफ्ना स्थानमा आएर वसी पुनः प्रवचन सुन्न लागे अत्रिमहर्षिले सबै श्रोताहरूलाई सम्बोधित गरेर भन्नुभयो– तपाईंहरू आफूलाई र राजा जनकलाई हेर्नुहोस्, को उच्चा ब्रह्मजिज्ञासु हो ? तपाईंहरूको त एक–एक घर बल्न लागेको थियो, परन्तु यी राजाको समग्र नगर बलिरहेको थियो; तैपनि राजा अति शान्त एवं प्रसन्न नै रही तन्मयताको साथ ब्रह्मप्रवचन सुनिरहेका थिए । यस कारण मैले राजा जनकलाई सच्चा ब्रह्म–जिज्ञासु जानेर पक्षपात गरेको हुँ ।

यस्तैमा कसैले आएर जनकलाई सोधे– महाराज ! यसरी आफ्नो नगर जलेर नष्ट हुन लागेको देखेर पनि के हजुरलाई त्यसमा मोह एवं आसक्ति केही नभएर हो कि पूर्ववत् तन्मयताको साथ श्रवण गरेर रहिबक्सेको हो । यो कुरा सुनेर राजाले उत्तर दिए–

अनन्तवत्तु मे वित्तं यन्मे नास्ति हि किञ्चन ।
मिथिलायां प्रदग्धायां न मे किञ्चन दह्यते ॥

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो आत्मरूप धन अनन्त छ। त्यसको अन्त कहिले पनि हुँदैन। यो मिथिला जल्नाले मेरो केही पनि जल्न सक्दैन म असङ्ग, उदासीन, निर्विकार अन्तरात्मा हुँ। मेरो केही पनि छैन र म कसैको पनि होइन। यस्तो प्रकार जगत्लाई अनिर्वचनीय (मिथ्या) मान्ने कुनै मुमुक्षुलाई पनि ममत्व हुँदैन। अत्रिमहर्षिको यस्तो प्रकारको योगको चमत्कारलाई देखेर ऋषि प्रतिको जो अश्रद्धा थियो त्यो नष्ट भयो। तत्पश्चात् सबै श्रोतागण ऋषिको चरणमा नतमस्तक भए। राजा जनकको तन्मयता एवं जिज्ञासुत्वको लागि सबैले धन्यवाद प्रदान गरे।

मालवदेशका राजा शिखिध्वजको विवाह सौराष्ट्र देशकी राजकुमारी चूडालासंग भएको थियो। धेरै कालसम्म राजा रानीले लौकिकसुखभोग गरे। जब बृद्ध अवस्था आयो तब राजा रानी दुबैलाई वैराग्य उत्पादन भयो। अनि उनीहरूलाई यो संसार मिथ्या र विनाशी छ सदा एक रूपले नरही परिवर्तन भइरहन्छ, त्यस्तै भोग पनि मिथ्या छ र हाम्रो अवस्था पनि अतीत भइसक्यो हामी मृत्यु निकटमा पुगिसकेकाछौं। यस्तो विचार गरी राजा रानी आत्मज्ञान प्राप्त गर्ने इच्छाले साधु सन्त कहाँ जान लागे। केही दिनमा नै रानीलाई ब्रह्मज्ञान भयो। एकैसाथ ब्रह्मज्ञान श्रवण गरे पनि राजालाई भने ज्ञान प्राप्त भएन। ब्रह्मज्ञानको प्रभावले गर्दा रानीको मुखमा प्रसन्नता र अनौठा तेज झल्किन थाल्यो अष्टिसिद्धि पनि प्राप्त भए।

यहाँ यो मान्नु पर्छ कि रानीले पूर्वजन्ममा नै कर्म र भक्तिद्वारा मल र विक्षेपदोषलाई नाश गरिसकेकी हुनाले श्रवण मात्रले

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान प्राप्त भयो। किन्तु राजाको भने मल र विक्षेपदोष नाश भएको नहुनाले हृदय निर्मल भइसकेको थिएन। यसै कारणले राजालाई श्रवण मात्रले प्राप्त हुन सकेन। पछि ८ वर्ष तपस्या गरेपछि मल र विक्षेपदोष नाश हुँदै गयो र श्रवण, मनन र निदिध्यासनबाट ज्ञान प्राप्त भयो।

शुश्रूषुरपि दुर्मेधाः पुरुषोऽनियतेन्द्रियः।
नालं वेदयितुं कृत्स्नौ धर्मार्थाविति मे मतिः॥

(म. भा. सौ. ५।१)

कृपाचार्य अश्वत्थामालाई भन्नु हुन्छ, मेरो यस्तो विचार छ कि जुन मनुष्यको बुद्धि दुर्भावानायुक्त छ तथा जसले आफ्नो इन्द्रियलाई वशमा राखेको छैन उसले धर्म र अर्थको कुराहरू सुन्न इच्छा गरेतापनि पूर्णरूपले संज्ञन सक्तैन।

पिताको आफ्ना पुत्रहरूलाई उपदेश– एकजना बृद्ध चोरका पाँच पुत्र थिए। त्यो बृद्ध चोरले आफ्ना सबै पुत्रहरूलाई नित्य यस्तो उपदेश दिने गरेको थियो। कुनै देवमन्दिरमा, कुनै सत्सङ्गमा, कुनै विद्वान कहाँ महात्मा, पण्डित एवं धार्मिक कथा वार्ता आदिमा कहिले पनि नजानु। एक दिन त्यो बूढो चोर मऱ्यो उसको ठूलो छोराले राजाको चोरी गर्ने निश्चय गरी राती घरबाट निस्की राजमहलतिर लाग्यो। मार्गमा एउटा पण्डित पुराण भनिरहेका थिए। श्रोतागण अति आनन्द तथा श्रद्धापूर्वक कथा सुनिरहेका थिए। यो सब देखेर चोरले आफ्नो पिताले जहाँ कथा भइरहेको छ त्यहाँ न जानु भन्ने उपदेश दिएको कुरा सम्झ्यो। अब म यहाँबाट कसरी जाऊँ जुन उपाय गर्नाले

CC-0. In Public Domain. Digitization by eGangotri

कथाको कुरा श्रवण नहोस् भन्ने विचार गर्न लाग्यो । अनि उसले आफ्ना दुबै कान दुइ हातका औंलाले बन्द गऱ्यो र दौड्यो। दौडदा ठेस लाग्यो र त्यो लड्यो, लड्दा उसका दुबै औंला कानबाट छुटे । त्यस समयमा पण्डितजी कथामा यी कुरा भनिरहेका थिए कि देवताहरूको छायाँ हुँदैन र पाउले पृथ्वीमा पनि छोएको हुँदैन । यी दुइ कुरा त्यो चोरले सुन्यो राजाको दरवारमा पसी धेरै धनमाल चोरेर लग्यो ।

भोलिपल्ट प्रातःकाल आज गएको रातमा राजाको दरवारमा धेरै धनमाल चोरी भयो भन्ने कुरा थाहा भयो । चोर समात्न पुलिसहरूले कति कोशिस गरे, समात्नको त के कुरा चोरको पत्ता समेत पाउन नसकेकोमा राजाको मनमा चोर मामुली रहेनछ भन्ने भयो र मन्त्रीलाई भेष बदलेर चोरको पत्ता लगाउनु भनी भने । मन्त्रीले भेष बदली कालीको भेष लिई खड्ग धारण गरी आधा रातको समयमा चोरको घर गएर भने– तिमीहरू धनमाल चोरेर ल्याउँदछौ, त्यसको उपभोग खालि आफैंहरू मात्र गर्दछौ म काली माइलाई भने कहिले पनि भेटी चढाउदैनौं? आज मलाई सबै दिनको भेटी चढाउ, होइन भने म तिमीहरूको नाश गर्ने छु । सबै चोरहरू भयले भेषधारी कालीको समीपमा भेला भएर हात जोडी भन्न लागे– माता ! हामीहरूमाथि प्रसन्न हुनुहोस्, तपाईंलाई भेटी हामी भोलि अवश्य चढाउने छौं । हामीहरूबाट जो जति भूलहरू हुन गएका छन् ती सबै क्षमा गर्नुहोस्, यस्तैमा जुनचाहिंने चोरले कथा सुनेको थियो, त्यो कथाको कुरा उसले सम्झ्यो । त्यसले घरभित्र गई दीपक बालेर ल्यायो र कालीको अङ्ग हेर्न लाग्यो । तब उसले थाहा

CC-0. In Public Domain. Digitization by eGangotri

पायो कि यिनी देवी होइनन् यदि यिनी काली भएकी भए देहको छायाँ र पाउले पृथ्वीमा स्पर्श हुँदैनथ्यो । हामी चोर-हरूलाई ठग्नको लागि कुनै पुरुषले देवीको नक्कली भेष बनाएर आएको हो । यस्तो निश्चय गरी उसले साथीहरू सहित भई लौराले कालीलाई चुट्न तयार हुँदा नक्कली काली खड्ग समेत फ्याँकी भागिन् ।

काली भागेर गएपछि त्यो चोरले विचार गऱ्यो कि मैले कथामा पण्डितजीले भनेका केवल दुइ कुरा मात्र सुनेको थिएँ। त्यही कुराले गर्दा म सहित मेरा सबै साथीहरूको जिऊ धन बाँच्यो। यदि अब म र मेरा साथीहरू सबै सदैव नित्य सत्सङ्ग एवं कथामा गएर श्रवण गर्न लाग्यौं भने शीघ्र यस दुष्ट कर्मलाई त्याग गर्न सक्ने छौं र हामीलाई महान् फल प्राप्त हुनेछ। यस्तो विचार गरी त्यसले सबै चोरहरूलाई चोरी गर्न छुटाई प्रतिदिन कथा, कीर्तन, सत्सङ्गमा लिएर जाने गर्न लाग्यो। केही दिनमा नै ती सबै चोरहरू धर्मात्मा बन्न गए आफ्ना मेहनतले न्याय पूर्वक कमाई गरी अन्त्यमा मुक्त भए ।

सत्पुरुषको उपदेश श्रवण गर्नाले मानव समाजको परम हित हुन्छ । विषयबाट केही न केही समय निकाली हामी साधक-हरूले विद्वान्हरूका उपदेशरूपी अमृतलाई श्रवणद्वारा पान गर्नु पर्छ ।

श्रृण्वतो जायते ज्ञानं ज्ञानादेव विमुच्यते ।।

(शिवगीता १।१८)

श्रवण भएपछि ज्ञान हुन्छ र ज्ञानले नै मोक्ष हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

मानसिक–त्याग

सर्वश्रेष्ठ त्याग हो मानसिक त्याग। बाहिरी त्याग त कीर्ति फैलाउनका लागि र दम्भले पनि गरिन्छ । वाह्यत्याग मूढबुद्धि भएका मानिसद्वारा पनि हुन सक्छ । परन्तु मानसिक–त्याग विना ज्ञान–निष्ठामा प्राप्त नभई हुन सर्वथा असंभव छ। मूढ़-बुद्धि भएका मानिस आफूले वाह्य–वस्तुको त्याग गरिसकेपछि पनि त्यस विषयमा पुनः पुनः चिन्तन गरिरहन्छन् । यस विषयमा भगवान् श्रीकृष्ण भन्नुहुन्छ– (मिथ्याचार स उच्यते) त्यस्ता-लाई मिथ्याचारी र दम्भी भनिन्छ। 'सर्वकर्माणी मनसा सन्य-स्यास्ते' सम्पूर्ण–कर्मलाई केवल मनले मात्र त्याग्नु पर्दछ (ईतरे नाम धारकाः) मानसिक–त्यागको अतिरिक्त अरू जो जति त्यागछन् सबै नाममात्रका हुन् ।

इज्याध्ययनदानानि तपः सत्यं धृतिः क्षमा ।
अलोभ इति मार्गोऽयं धर्म्मस्याष्टविधःस्मृत :॥
तत्र पूर्वश्चतुर्वर्गो दम्भार्थमपि सेव्यते ।
उत्तरस्तु चतुर्वर्गो महात्मन्येव तिष्ठति ॥

–म. भा. उद्योग. ३५।५६

धर्मका जम्मा आठ मार्ग छन्– यज्ञ, अध्ययन, दान, तप,

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य, धृति, क्षमा र अलोभ । पूर्वका चार दम्भले पनि सेवन गरिन्छन् तर उत्तरका चार केवल महात्मामा मात्रै रहन्छन् ।

यज्ञ, दान, तप आदि ज्ञानीहरू पनि लोकसंग्रहको निमित्त फलाशक्ति त्यागेर गर्दछन् ।

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच ॥

–गीता. १८।६६

भगवान् श्रीकृष्ण आफ्नो प्यारो भक्त अर्जुनलाई भन्नुहुन्छ–सबै धर्मलाई छोडेर केवल मेरो शरणमा पर म तिमीलाई सबै पापदेखि मुक्त गरिदिन्छु; शोक नगर । धर्मको पालन गर्नु नै एक मात्र भगवान्‌को शरणपर्नु हो । यदि धर्मलाई त्याग गर्ने मानिस नै भगवान्‌को शरणागत भक्त हुन्छन् भने पापीजन जो धर्म गर्दैनन् ती सबै भगवान्‌को भक्त भए त भन्ने शंका उत्पन्न हुन्छ । त्यस्तो शंका पुनः उत्पन्न न होस् भन्ने तात्पर्यलाई लिएर नै यो लेखलाई शुरू गरिन्छ ।

त्यज धर्ममधर्मं च उभे सत्यानृते त्यज ।
उभे सत्यानृते त्यक्त्वा येन त्यजसि तत्त्यज ॥

–म. भा. शान्ति ३२९।४०

देवगुरु बृहस्पति आफ्नो पुत्रलाई भन्नुहुन्छ–धर्म र अधर्मलाई छोड, सत्य र झूटो दुवैलाई छोड धर्म– अधर्म र सत्यझूटोलाई जुन अहंकारले छोड्यो त्यो अहंकारलाई पनि छोड ।

विद्वान् पुण्यपापे विधूय, निरञ्जन परमं साम्यमुपैति ।

–मु. उ. ३।१।३

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानवान् पुरुष पुण्यपापलाई धोएर निर्मल भएपछि परम-पुरुषको समता पाउँदछन् । ज्ञानवान्ले पुण्य-पापलाई छोड्नुको कारण यो हो कि पुण्य पाप नै जन्म -मरणको मूलकारण हो । पापपुण्यद्वारा नीच र उच्च योनि प्राप्त भइ नै रहन्छ । यी दुवैलाई त्याग्नु नै जीवनमुक्त हुनु हो ।

शरीरं पुण्यपापाभ्यामुत्पन्नं सुखदुःखवत् ॥

(अ० रा० अयो० ६।१२)

मनुष्यको शरीर पाप र पुण्यको मेलले उत्पन्न हुनाको कारण सुख-दु:खमय नै हो ।

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।

(गीता २।५०)

बुद्धिमान् मनुष्य पुण्य र पाप दुवैलाई परित्याग गर्दछन् अर्थात् यहाँ पाप भनेको शरीररूपी कोठाको धूलो हो । त्यस धूलोलाई बढार्नुको मिलित्त पुण्यरूपी कूचोको सहयोग लिइन्छ । जब धूलो बढारी सक्यो अनि त्यो कूचोको पनि कुनै प्रयोजन छैन भन्नु हो । जस्तै-नदी पार जानलाई डुङ्गाको र माझीको सहयोग नभई हुँदैन र फेरि जबसम्म दुवैलाई त्याग गरिँदैन तवसम्म पारि पुग्न सकिंदैन । यहा नदी भनेको संसार हो, डुङ्गा भनेको वेद-शास्त्र हो र माझी भनेको गुरु हुन् जीवन्मुक्त अवस्थामा गुरु र शास्त्रलाई पनि त्याग गर्नै पर्दछ ।

अबिज्ञाते परे तत्त्वे शास्त्राधीतिस्तु निष्फला ।
विज्ञातेऽपि परे तत्त्वे शास्त्रधीतिस्तु निष्फला ॥

(विवेक–चूढामणि ६१)

CC-0. In Public Domain. Digitization by eGangotri

परमतत्त्वलाई यदि जानिएन भने शास्त्राध्ययन गरेको निष्फल (ब्यर्थ) नै हो र परमतत्त्वलाई जानिसकेको छ भने पनि शास्त्राध्ययन गर्नु निष्फल (अनावश्यक,) नै हो ।

(पादलग्नं करस्थेन कण्टकेनैव कण्टकम्) खुट्टामा विझेको काडालाई हातमा रहेको काडाले झिक र झिकिसकेपछि दुबैलाई फ्याक । चाहे अपकारी होस् चाहे उपकारी होस दुवै काडानै हुन् । अर्थात् तमोगुणलाई त्याग्नको मिनित्त रजोगुणको सहयोग लिनु पऱ्यो र रजोगुणलाई त्याग्नको निमित्त सत्त्वगुणको सहयोग लिनु पऱ्यो । अन्तमा सत्त्वगुणलाई पनि त्याग गर्नु नै पर्दछ । यी तीन गुण मायाका हुन् । आफू आत्मा तीन गुणदेखि रहित गुणातीत छ । तमोगुण भनेको फलामको नेल हो, रजोगुण भनेको चादीको नेल हो र सत्त्वगुग भनेको सुनको नेल हो । यी तीन नेल मध्ये जुनचाहिं नेलले बाधे पनि जीव वन्धनमा पर्दछ । कसैले शुगालाई फलामको पिंजडामा राखी पालोसवा सुनको पिंजडामा राखी पालोस्, शुगाको लागि दुबै कारागार हुन् ।

शास्त्रमा त्यागको ठूलो प्रशंसा छ– 'त्यागेन अमृतत्त्व मश्नुते' त्यागबाट अमृतत्त्व प्राप्त हुन्छ भनी जो भनियो त्यसको अर्थ यो हो स्त्री राज पाठ संपूर्ण ऐश्वर्य सहित कुटुम्बलाई– त्याग गरी वनमा गई तपस्या गरेर राजा शिखिध्वज वसेका थिए । आफूलाई महात्यागी सम्झने राजालाई कुम्भज भेषधारी रानी चुडालाले हजूरले केही पनि त्याग गरिवक्सेको छैन भनिन् । अनि राजाले आफ्नो लठ्ठी, मृगछाला, कमण्डलु, जपमाला आदि वस्तुहरूलाई त्याग गरी अन्तमा

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो शरीरलाई समेत त्याग गर्न तयार भएका थिए। त्यस्तैमा भेषधारी रानीले भनीन्–देहलाई त्याग्नाले मात्र सच्चा त्यागी हुँदैन, मैले पुण्य पाप गरें भन्ने अभिमानकर्ता चित्त हो त्यसलाई त्याग गर्नु पर्दछ । जबसम्म चित्तलाई त्याग गर्न सकिंदैन तबसम्म यसले वासनाद्वारा अनेक प्रकारको शरीर बनाइ-रहन्छ। जस्तै क्षेत्रमा अनेक प्रकारका अन्न उत्पन्न हुन्छन् । जब क्षेत्रलाई नै जलाई दिएपछि फेरि अन्न उत्पन्न हुँदैन, त्यस्तै यो शरीरलाई वारंवार जन्म-मरणरको चक्रमा घुमाउने चित्त नै हो चित्त त्याग्नासाथ सर्व त्यागी बनिन्छ र पुनर्जन्म हुदैन।

कुन कर्म गर्ने हो, कुन नगर्ने हो, कुन त्याग्ने हो र कुन ग्रहनण गर्ने हो भन्ने विषयमा ज्ञानीहरूलाई पनि यसै हो भन्न अत्यन्त गाऱ्हो हुने हुनाले भगावन् श्रीकृष्णले ,गहना कर्मणो गतिः, कर्मको गति गहिरो छ भन्नु भयो ।

तीर्थयात्रीहरू चार पाँचजना मिली बद्री जादा एउटा भरिया लगेको रहेछ। बद्रीनाथको दर्शन गरेपछि ती तीर्थयात्री हरू कसैले मासु खान छोडे, कसैले चुरोट पिउन छोडे, कसैले सुपारी र कसैले तमाखु पिउन छोडे छन् । भरियाले भने अब म पनि आजदेखि भारी बोक्न छोडिदिन्छु भनेर भारी बोक्नै छोडिदिएछ। भारी बोक्नु भरियाको लागि नियत कर्म थियो। जुन कर्मले नै उसको प्राणको रक्षा भएको थियो, त्यो कर्मलाई त्याग्नाको साथ खाननपाएर उसले शरीरलाई पनि छोड्नु पऱ्यो।

नियतं कुरु कर्म त्व कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्धयेदकर्मणः ॥

(गीता० ३।८)

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रले गर्नु पर्दछभनेर बताएको कर्म तिमी अ...र्य गर । कर्म नगर्नु भन्दा कर्म गर्नु अति श्रेष्ठ हो । केही काम नगररेको खण्डमा त तिमीलाई जीवन निर्वाह गर्न पनि कठिन पर्ला ।

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥

(गीता० १८।११)

देहधारी कसैले पनि पूर्णतया निःशेषरूपले कर्म त्यागगर्न सक्तैन । जो कर्मफलको त्यागी हो त्यै नै त्यागी हो ।

सर्वकर्माणि मनसा सन्न्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥

(गीता० ५।१३)

ज्ञानीपुरुषहरू सर्वकर्मलाई केवल मनले मात्र त्याग गरेर आनन्दपूर्वक रहन्छन् । मनले त्याग गरेपछि नौद्वार भएको शरीरले पनि गरेको ठहरिंदैन ।

शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ।

(गीता १२।१७)

भगवान्को पनि यो भनाई छ कि शुभाशुभलाई त्याग गर्ने जो हो त्यही नै मेरो प्रिय भक्त हो । यसबाट यो कुरा थाहा हुन्छ कि भगवान्को प्रिय -भक्त बन्नलाई शुभाशुभ, प्रिय-अप्रिय, मानअपमान, सत्यअसत्य, धर्म-अधर्म, पुण्य-पाप, शीतोष्णादिलाई त्याग्नु पर्दछ । यहाँ त्यागको अर्थ हो सबैमा सम रहनु ।

तद्यथेह कर्मजितो लोकः क्षीयत एवमेवामुत्र
पुण्यजितो लोकः क्षीयते ।

(छा. ६।८।१।६)

CC-0. In Public Domain. Digitization by eGangotri

जुन प्रकार यहाँ कर्मद्वारा प्राप्त गरेको लोक क्षीण हुन जान्छ त्यस्तै प्रकार पुण्योपार्जित लोक पनि क्षीण हुन जान्छ ऽ।

स्थूलानि सूक्ष्माणि बहूनि चैव
रूपाणि देही स्वगुणैर्वृणोति ।

–श्वेता० ५।५।१२

जीव आफ्नो गुणहरू (पाप-पुण्यहरूको) द्वारा स्थूल-सूक्ष्म धेरै नै देह धारण गर्दछ ।

त्यागतप हो । त्यागविना न तेज हुन्छ, न सत्कार हुन्छ, न शान्ति हुन्छ: न प्रसन्नता,न आनन्द र न मुक्ति नै हुन्छ । त्याग गर्नु घर स्त्री पुत्र धनादिलाई होइन , जसले कामना तृष्णा आसक्तिलाई त्याग गर्‍यो त्यसले नै सच्चा त्याग गर्‍यो ।

आशा एक नदीं हो । उसमा इच्छारूपी जल छ, तृष्णा त्यस नदीको तरङ्ग हो, प्रीति त्यसको ग्राह हो, तर्क-वितर्क त्यसको पक्षी हो, मोह त्यसको भवर हो, चिन्ता नै त्यसको किनारा हो, त्यो आशा नदीले धैर्यरूपी वृक्षलाई लडाइदिन्छ । जस्तै वृक्षको प्रत्येक शाखालाई छेदनगर्नाले पनि वृक्ष नष्ट हुँदैन ,वृक्षलाई नष्ट गर्न मूलको नै छेदन गर्नुपर्दछ, त्यस्तै यहाँ आशालाई छेदन गर्नासाथ त्यसको छोरा-नाति कामक्रोधादिको पनि मृत्यु हुन्छ र अनि मात्र नित्यानन्दको प्राप्ति हुन्छ ।

जब भित्रबाट इच्छा,-निवृत्त हुन्छ तब मन उपशम हुन्छ-अनि गुरु र शास्त्रको उपदेश र मन्त्रादिको अपेक्षा रहँदैन ।

पानीलाई जसरी झ्याउले ढाकिदिन्छ त्यस्तै तृष्णा र आशाले बुद्धिलाई ढाक्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

कमलमा सुगन्ध तवसम्म हुन्छ जवसम्म सर्पको मुखको वायु लागेको हुँदैन। त्यस्तै बुद्धि र विचार तवसम्म ठीक हुन्छन् जवसम्म चित्तरूपी सर्पको भोग र इच्छारूपी वायुले स्पर्श गरेको हुँदैन। जव भोग र इच्छारूपी वायु लाग्दछ तव विचाररूपी सुगन्ध लिएर जान्छ र विषरूपी तृष्णा छोडेर जान्छ

इच्छालाई महान् तुल्याएर राखेको खण्डमा त्यसले दुःख र शोकको कुण्डमा डुवाई दिन्छ। आफ्नी दासी वनाएर आफ्नो आज्ञामा राख्न सक्नेलाई सारा सुख प्राप्त हुन्छ।

आशा हि परमं दुःखं नैराश्यं परमं सुखम्।
यथा सञ्छिद्य कान्ताशाँ सुखं सुष्वाप पिङ्गला॥

–भागवत० ११।८।४४

साच्चै नै आशा सबै भन्दा ठूलो दुःख हो र निराशा नै सब भन्दा ठूलो सुख हो, किनभने पिङ्गला बेस्याले जव पुरुषको आशा त्याग गरी अनि त्यो सुखले सुत्नसकी।

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्विको मतः॥

–गीता० १८।६

हे अर्जुन कर्म गर्नैपर्दछ भन्ने यस्तो कर्तव्य बुद्धिले आशक्ति र फललाई त्याग गरेर नियत कर्म गरिन्छ त्यसलाई भने स्वात्विक त्याग भनिन्छ।

निर्ममो निरहंकारः समः सङ्गविवर्जितः।
सदा शान्त्यादियुक्तः सन्नात्मन्यात्मानमीक्षते॥

–शिवगीता० १३।२४।

जो मुमुक्षु ममता रहित अहङ्कार रहित सबैमा बराबर

CC-0. In Public Domain. Digitization by eGangotri

भएर आसक्तिलाई त्याग गरी शान्ति आदि गुणले युक्त भएर आत्मालाई देख्दछ –

मनमरे न मायामरे मर–मरगये शरीर ।
आशा तृष्णा न मरे कहगये दास कबीर ।।

कबिरदास ।

कबिरदासजी भन्नु हुन्छ–मन,माया, आशा, तृष्णादि मर्नु पर्नेमा नमरी केवल शरीर मात्र मरेर के हुन्छ ? जुन शरीरलाई उत्पन्न गर्ने बीजरूप मन, माया, आशा, तृष्णादि त जीवित नै छन् ।

"थोत्रो पाटी उज्यालो,
मलिन तृणकुटी कन्दरा झन् उज्यालो ।
भिक्षा भारी उज्यालो,
अझ घनवनको सागविसस्नू उज्यालो ।।
फ्याङ्ग्लो गुन्द्री उज्यालो
वरपर घुमदा जीर्ण कन्था उज्यालो ।
तृष्णाको तुच्छ जालो ,
मन विच नभए जो मिल्यो सो उज्यालो ।,,

–कविशिरोमणि श्रीलेखनाथ ।

वसिष्ठजी भन्नु हुन्छ–हे रामजी ! तृष्णा जस्तो दुःख नरकमा पनि छैन । तृष्णाको निवृत्तिमा जो सुख प्राप्त हुन्छ त्यस्तो सुख वैकुण्ठमा पनि छैन ।

वयमिह परितुष्टा वल्कलैस्त्वं दुकूलैः ।
सम इव परितोषो निर्विशेषो विशेषः ।।

CC-0. In Public Domain. Digitization by eGangotri

स तु भवति दरिद्रो यस्य तृष्णा विशाला ।
मनसि च परितुष्टे कोऽर्थवान् को दरिद्रः ।।

–वैराग्यशतक ७४ ।

म वृक्षको बोक्रा लगाएर सन्तुष्ट छु, तिमी दोसल्ला आदि अनेक प्रकारकाराम्रा-राम्रा वस्त्र लगाएर सन्तुष्ट छौं, तब मेरो र तिम्रो तुष्टि पनि निर्विशेष भयो अर्थात् भेद रहेन । दरिद्री भनेको त्यो हो जसलाई अति तृष्णा छ, जव मन सन्तोषले पूर्ण भएको छ भने त्यस्ताको लागि कुन दरिद्र कुन धनवान् ?

न तृष्णायाँ सत्याँ सुखस्य गन्धमात्रम् अपि उपपद्यते ।

श्रीशङ्कराचार्य ।

अभिप्राय यो हो कि तृष्णा रहेसम्म सुखको गन्धमात्र पनि मिल्दैन ।

आशा नाम मनुष्याणां काचिदाश्चर्यश्रृङ्खला ।
यया बद्धाः प्रधावन्ति मुक्तास्तिष्ठन्ति कुत्रचित् ।।

भर्तृहरि ।

आशा वडो विचित्रको वन्धन छ । यो वन्धनले बाधिएका मानिसहरू दौडिरहन्छन्; यसवाट जो मुक्त छन् ती एकै ठाउँमा आरामपूर्वक वस्तछन् ।

अन्य पशु-पंक्षीहरूलाई वन्धनमा पार्नको लागि पासोको प्रयोग गर्नुपर्दछ परन्तु नर-पशुलाई वाध्ने आशा नै पाशो हो ।

परमविदुषी महारानी मदालसा राजा ऋतध्वजकी रानी हुन् । उनको गर्भवाट एउटा पुत्ररत्नको जन्म भयो । राजाले

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्रको नाम विक्रान्त रराखे । महारानी मदालसाले आफ्नो रोइराखेको वालक पुत्रलाई फुल्याउनाको निमित्त भनिन् ।

शुद्धोऽसि बुद्धोऽसि निरञ्जनोऽसि
संसारमायापरिवर्जितोऽसि ।
शुद्धोऽसि रे तात न तेऽस्ति नाम
कृतं हि ते कल्पनयाधुनैव ।
पाञ्चात्मकं देहमिदं न तेऽस्ति
नैवास्य त्वं रोदिषि कस्य हेतोः ।।

(**मार्कण्डेय. पु. २३।१०–११**)

हे वाबू ! तिमी शुद्ध, बुद्ध, निरञ्जन र सांसरिक मायाले रहित आत्मा हौं, तिम्रो कुनै नाम छैन । यो कल्पित नाम त तिमीलाई अहिले मात्र प्राप्त भएको हो । यो शरीर पनि पाँच भूतले वनेको छ । न यो तिम्रो हो, न तिमी त्यसको हौ । त्यस कारण तिमीले रुनु पर्ने केही पनि कारण छैन । एवं प्रकारको ब्रम्हज्ञानले पूर्ण अरू उपदेश पनि गरिन । जसद्वारा ज्ञानी एवं ममताशून्य भएर राजकुमारले गार्हस्थ्यधर्म प्रति आफ्नो मनलाई जान दिएनन् । यस्तै प्रकारले मदालसाको गर्भवाट अरू दुइ पुत्र सुवाहु र शत्रुमर्दनको जन्म भयो । मदालसाले यी दुइ पुत्रलाई पनि वालककालमै पूर्ववत् आत्मतत्त्वको उपदेश दिएको हुँदा यिनीहरूले पनि गृहस्थाश्रमलाई रुचाएनन् ।

केही वर्षपछि चौथो पुत्र अलर्कको जन्म भयो । तदनन्तर रानीले अरू पुत्रहरूको झैं यस कान्छो पुत्रलाई पनि ज्ञानको कुरा सुनाउन आरम्भ गरेकी थिइन् । तव राजाले उनलाई

CC-0. In Public Domain. Digitization by eGangotri

रोकेर भने–अहो यो के गरको ? पहिलेका पुत्रहरूलाई झैं यस पुत्रलाई पनि ज्ञानको उपदेश दिएर मेरो बंशको उच्छेद गर्न किन तत्पर हुन्छ्यौ ? यदि तिमीलाई मेरो प्रिय कार्य गर्नु छ भने मेरो यो पुत्रलाई प्रवृत्तिमार्गमा लगाऊ। देवि ! यस्तो गर्नाले कर्ममार्गको उच्छेद तथा पितृहरूको पिण्डदान लोपहुन पाउँदैन । अतः हे सुन्दरी ! तिमी मेरो पुत्रलाई यस्तो उपदेश देऊ, जसबाट यो लोक र परलोकमा उत्तम फल दिनेवाला होस् र क्षत्रियोचित कर्तव्यको त्यसलाई ठीक-ठीक ज्ञान होस् ।

पतिको हुकूम पाएर मदालसाले आफ्नो बालक पुत्र अलर्कलाई राजनीति, वर्णाश्रमधर्म, गृहस्थीको कर्तव्य, श्राद्धकर्म श्राद्धमा विहित र निषिद्ध वस्तु तथा गृहस्थथोचित ज्ञानको उपदेश दिइन् । तदनन्तर धेरै समयपछि वृद्धावस्थास्थामा प्राप्त भएका राजा ऋतध्वजले आफ्नी पत्नी मदालसाको साथ तपस्याको लागि वनमा जाने विचार गरी अलर्कलाई राज्याभिषेक गरिदिए । त्यसै समयमा मदालसाले आफ्नो पुत्र विषयभोगमा आसक्त नहोस् भन्ने अभिप्राय लिएर अन्तिम वचन भनिन्– पुत्र ! गृहस्थ-धर्मको अवलम्बन गरेर राज्य गर्दा यदि तिमीमाथि प्रियवन्धुको वियोगले, शत्रुहरूको बाधाले अथवा धनको नाशले हुने कुनै असह्य दुःख आइपन्यो भने मैले दिएको यस अँगूठी भित्र उपदेशपत्र छ झिकेर पढ्नु जो रेशमी वस्त्रमा अत्यन्त सानो अक्षरले लेखेको छ । ;यति उपदेश दिएर महारानी मदालसा तपस्या गर्नको लागि वनमा गइन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो भाइ अलर्क विषय भोगमा आसक्त, प्रमादी र अजितेन्द्रिय छ भन्ने समाचार सुबाहुले सुने । अलर्कलाई ज्ञान प्राप्त होस् भन्ने उद्देश्य लिएर काशिराजलाई युद्ध गर्न लगाए युद्ध गर्दा अलर्कको धेरै सेना र खजानाको समेत नाश भएकोले उनलाई आफ्नी माता मदालसाले दिएको अँगूठीको स्मरण भयो र स्नान गरी पवित्र भएर उपदेशपत्र खोलेर हेरे । त्यो उपदेशपत्रमा यस्तो लेखेको थियो :–

सङ्गः सर्वात्मना त्याज्यः स चेत्त्युक्तुं न शक्यते ।
स सद्भिः सह कर्तव्यः सतां सङ्गो हि भेषजम् ॥
कामः सर्वात्मना हेयो हातुं चेच्छक्यते न सः ।
मुमुक्षां प्रति तत्कार्यं स वै तस्यापि भेषजम् ॥
(मा. पु. २९।२३–२४)

सङ्ग (आसक्ति) लाई सब प्रकारबाट त्यग गर्नुपर्दछ, किन्तु त्यसलाई त्याग गर्न सकिएन भने सत्पुरुषहरूको सङ्ग गर्नु पर्दछ; किन कि सत्पुरुषहरूको सङ्ग नै त्यसको औषधि हो । कामनालाई सर्वथा छोडिदिनु पर्दछ, परन्तु यदि त्यसलाई छोड्न सकिएन भने मुमुक्षा (मुक्तिको इच्छा) को कामना गर्नुपर्दछ ; किनभने मुमुक्षा नै त्यस कामनालाई हटाउने औषधि हो ।

विहाय कामान्यः सर्वान्पुमाँश्चरति निःस्पृहः ।
निर्ममो निरहंकारः स शान्तिमधिगच्छाति ॥
एषा ब्राह्मीस्थितिः पार्थ नैनाँ प्राप्य विमुह्यति ।
स्थित्वास्यान्मतकलेऽपि ब्रह्मनिर्वाणमृच्छाति ॥
(–गीता० २।७१।७२)

CC-0. In Public Domain. Digitization by eGangotri

जो पुरुष समस्त कामनाहरूलाई त्यागेर श्रौ विषयासक्ति ममता तथा श्रहङ्कारदेखि रहित भएर व्यवहार गर्दछ त्यसले शान्ति पाउँदछ। हे श्रर्जुन ! ब्राह्मी स्थिति भनेको यही हो ! यसलाई पाएपछि फेरि कोही पनि मोहमा पर्दैन श्रौ श्रन्तकालमा पनि यो स्थिति प्राप्त भयो भने ब्रम्हमा लीन हुन्छ।

हरिः ॐ तत्सत्

CC-0. In Public Domain. Digitization by eGangotri

तपोबल

हाम्रा पूर्वज ऋषि मुनिहरूले तपद्वारा आफ्ना इन्द्रियहरू माथि विजय प्राप्त गरेका थिए । यसै कारणले उनीहरूको वाणी सिद्ध थियो । उनीहरूको आश्रममा लौकिक वस्तुको सर्वथा अभाव देखिन्थ्यो । परन्तु तपोनिधिले भरिएको हुनाले आवश्यक परेको समयमा अनेक पदार्थ निकाली आफ्नो र अरूको इच्छा पूर्ति गर्दथे । तपोवलको प्रभावले उनीहरूमा स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा विचरण गर्ने सामर्थ्य थियो । विश्वामित्रले आफ्नो तपोबलको प्रभावले त्रिशंकु (सत्यव्रत) को लागि दोश्रो स्वर्गको समेत रचना गरे । यो निश्चय छ कि तपसाद्वारा तेज, सत्कार, शान्ति, प्रसन्नता, आनन्द र अन्तमा मुक्ति समेत प्राप्त हुन्छ। ऋग्वेदमा उल्लेख छ –

ॐ पवित्रं ते विततं ब्रह्मणस्पते ! प्रभुर्गात्राणि पर्येषि विश्वतः
अतप्ततनूर्न तदामो अश्नते श्रृतास इद्वहन्तस्तत्समाशत ॥
(ऋग्वेद मण्ड ९ सूक्त ८३ ऋक१)

हे ब्रम्हणस्पते ! परमात्मन् ! तिम्रो पवित्र–पावनस्वरूप सर्वत्र व्याप्त छ । प्रभु–समर्थ तिमी समस्त चराचर पदार्थहरूको स्वरूपको वाहिर व्याप्त भएका छौ । तपद्वारा जसले आफ्नो

CC-0. In Public Domain. Digitization by eGangotri

तनु (सूक्ष्मशरीर) परिशुद्ध गरेको छौन, यस्तो कच्चा-अशुद्धान्तःकरण भएको मनुष्य तिम्रो त्यस पूर्ण -व्यापक स्वरूपमा प्राप्त हुँदैन । जो तपद्वारा परिपक्कशुद्ध भएको छ, एवं योग-साधनमा तत्पर रहन्छ, त्यही त्यस पवित्रस्वरूपमा प्राप्त हुन्छ ।

तपसा ये अनाधृष्यास्तपसा ये स्वर्ययुः ।
तपो ये चक्रिरे महस्ताँश्चिदेवापिगच्छतात् ॥

ऋग्वेद १०।१५४।२

तपद्वारा जो पापादिदेखि अभिभूत भएका छन्, एवं जो तपद्वारा विमल आनन्दमा प्राप्त भएका छन्, जो महान् तप गरिहन्छन्, त्यस्ता संग तिमी संगति गर ।

त्वं तपः परितप्य अजय स्वः ।

ऋग्वेद १०।१६७।१

तिमी तप गर एवं तपको द्वारा तिमी दिव्यसुखलाई विजय गर ।

अग्ने ! तपस्तप्यामह उपतप्यामहे तपः ॥

अथर्ववेद ७।६२।२

हे अग्नि भगवान् ! म तप गर्दछु । शीघ्र नै तप गर्दछु ।

तपसा युजा विजहि शत्रून् ।

ऋग्वेद १०।८३।३

सहायक–तपको द्वारा नै तिमी शत्रुहरूलाई विध्वंस गर ।

तपसा वै लोकं जयन्ति ।

शत ३।४।४।२७

निश्चय तपले नै अभीष्ट लोक लाई जय गर्दछन ।

CC-0. In Public Domain. Digitization by eGangotri

नातपस्विनो योगः सिद्ध्यति ।

अतपस्वीलाई योग सिद्ध हुँदैन ।

यद् दुस्तरं यद् दुरापं च यद् दुर्गं यच्च दुष्करम् ।
सर्वं तु तपसा साध्यं तपो हि दुरतिक्रमम् ॥

मनु ११।२३९

जो काम दुष्कर, दुष्प्राप्य र दुर्गम रहन्छ, त्यो सब तपस्याले सुलभ हुन जान्छ । किनभने तपस्यालाई कोही पनि अतिक्रमण गर्न सक्तनन् ।

तपसैव परं ज्योतिर्भगवन्तमधोक्षजम् ।
सर्वभूतगुहावासमञ्जसा विन्दते पुमान् ॥

भा. ३।१२।१९

तपस्याले नै परं ज्योति भगवान् अधोक्षज (अक्ष इन्द्रिय-जन्यज्ञान जसले अधः तिरस्कृत गरिदिएका छन्) उनी सर्वभूत प्राणीहरूको बुद्धिगुहामा निवास गरेर रहेका छन्, उनलाई पुरुष शीघ्र नै प्राप्त गर्दछ ।

तपो निःश्रेयसं जन्तोस्तस्य मूलं शमो दमः ।
तेन सर्वानवाप्नोति यान् कामान् मनसेच्छति ॥

म. भा. शा २३२।२२

मनुष्यको लागि तप नै कल्याणको साधन हो, त्यसको मूल कारण शम एवं दम हो । त्यस तपद्वारा मनले जुन कामना गर्दछ, ती सबलाई प्राप्त गरेर लिन्छ ।

ऋषयस्तपसा वेदानध्यैषत दिवानिशम् ॥

म. भा. शा. २३२।२४

CC-0. In Public Domain. Digitization by eGangotri

सात्विक तपद्वारा नै ऋषिहरूले रात दिन वेदाध्ययन गरेका थिए ।

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ।।

गीता. १७।१४

देवता, ब्राह्मण, गुरु, ज्ञानीहरूको पूजा, पवित्रता, सरलता, ब्रह्मचर्य र अहिंसा यी शरीर सम्वन्धी तप भनिन्छन् ।

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ।।

गीता. १७।१५

कसैको चित्त नदुखाउनु, प्रिय, हित, सत्य, वचन र वेद पढ्नु पढाउनु परमेश्वरको भजन गर्नु जो हुन् ती वचन सम्वन्धी तप भनिन्छन् ।

मनः प्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ।।

गीता. १७।१६

मनको प्रसन्नता, शान्तभाव, मौन, मनको विशेष निग्रह, अन्तः करणको विशेष पवित्रता, यी मानस तप भनिन्छ ।

कामत्यागस्तपः स्मृतम् ।

भा. ११।२०।२७

कामलाई त्याग गर्नु तप हो ।

स्वाध्यायप्रवचने एवेति नाको मौद्गल्यः तद्धि तपस्तद्धि तपः ।

तै. १–९

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाध्याय एवं प्रवचन नै श्रेष्ठ कर्म हो, यस्तो नाकमौद्गल्य नामको प्रसिद्ध ऋषि भन्नुहुन्छ–किन कि त्यही तप हो त्यहो तप हो ।

वेदोक्तेन प्रकारेण कृच्छ्र चान्द्रायणादिभिः
शरीरशोषणं यत्तत्तप इत्युच्यते बुधैः ॥
को वा मोक्षः कथं बन्धः संसारप्रतिपन्नवान् ।
इत्यालोचनमर्थज्ञास्तपः शंसन्ति पण्डिताः ॥

जाबालदर्शनोपनिषद् २।३।४

वेदोक्त-प्रकारले कृच्छ्र-चान्द्रायण आदि द्वारा जो शरीरलाई शोषण गरिन्छ, त्यो तप हो यस्तो पण्डित भन्दछन् । मोक्ष क्या हो ? तथा बन्ध क्या हो ? यस संसारमा म कसरी प्राप्त भएको छु ? यस प्रकारको आलोचन– विचारलाई अर्थज्ञ पण्डित तप भन्दछन् ।

ब्रह्मचर्येण तपसा देवा मृत्युमपाघ्नत ।

अथर्वसंहिता ११।१७

ब्रह्मचर्यरूप तप द्वारा देताहरूले मृत्युलाई विध्वंस गरे ।

मनसश्चेन्द्रियाणाञ्च ह्यैकाग्र्यं परमं तपः ।

म. भा. शा. २५।४

मन एवं इन्द्रियहरूको एकाग्रताको नाम नै परम तप हो ।

स्ववर्णाश्रमधर्मेण तपसा हरितोषणात् ।

शङ्कराचार्य अपरोक्षानुभूति३

आफ्नो वर्ण एवं आश्रमको धर्मलाई पालना गर्नु तप हो, त्यसले श्रीहरि संतुष्ट हुनुहुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सृजामि तपसैवेदं ग्रसामि तपसा पुनः ।
विभर्मि तपसा विश्वं बीर्यं मे दुश्चरं तपः ॥

भा. २।६।२३

भगवान् ब्रह्माजीलाई भन्नुहुन्छ–म तपस्या द्वारा नै संसार सृष्टि गर्दछु । तपस्याद्वारा नै यसलाई धारण–पोषण गर्दछु र फेरि तपस्याद्वारा नै यसलाई आफूमा लीन गरेर लिन्छु । अत: तपस्या मेरो एक दुश्चर शक्ति हो ।

जनि आचरजु करहु मन माही ।
सुत तप ते दुर्लभ कछु नाहीं ॥
तपबल ते जग सृजइ विधाता ।
तपबल विष्नु भए परित्राता ॥
तपबल संभु करहिं संघारा ।
तप ते अगम न कछु संसारा ॥

तु. रा. बा. दो. १६२।१.२.३

बच्चा ! मनमा आर्श्चय नमान । तपस्याद्वारा दुर्लभ केही छैन । विधाता तपोवलले जगत्सृष्टि गर्दछन्, विष्णु तपोवलले जगत्पालक भएका हुन्, शंभुजी ततपोवलले संहार गर्दछन्, संसारमा तपोवलले नपाइने कुरा केही छैंन ।

नायमात्मा बलहीनेन लभ्यः ।

मुण्डको ३।२।४

जसको तप (वल) छैन, त्यस्ताले आत्मालाई प्राप्त गर्न सक्तैन ।

आदि शक्तिले युक्त हुनाको कारण भगवान श्रीपशुपति नाथलाई (शिव) भनिन्छ । (,शि, मा इ रहेको हुन्छ, इ झिकि-

CC-0. In Public Domain. Digitization by eGangotri

दिएमा शव हुन्छ; संस्कृतमा शव भनेको मरेको मुर्दा हो। मरेको मुर्दाले केही पनि गर्न सक्तैन। शक्ति भनेको वल हो, विना तपस्या वल प्राप्त हुँदैन। तपस्या नै अभीष्ट फलप्राप्तिको मख्य साधन हो। तपस्या भनेको केवल जङ्गलमा वस्नु र कायक्लेश गर्नु मात्रलाई भनेको होइन। तपस्या भनेको स्ववर्णाश्रमधर्म पालन गर्नु र निष्ठा पूर्वक श्रद्धा भक्तिले शास्त्र विहित कर्म गर्नुको नाम हो। तुलाधर वैश्यको र धर्मव्याधा कसाईको जो तपस्या थियो, त्यो उनीहरूको वर्णाश्रम-व्यवस्था-पूर्वकको हुनाको कारण त्यसबाट उनीहरूलाई अभीष्ट फल परमार्थ लाभ भयो। जाजली मुनिले तपस्या गर्दा उनको जटामा पक्षीले गुंड बनाई बच्चा समेत हुर्काएर लगे। परन्तु मुनिको यस्तो घोर तप भन्दा ज्यादा महत्वपूर्ण तप तुलाधर वैश्यको थियो। तुलाधरले मुनिलाई सत्य व्यवहारको विषयमा उपदेश गरेका छन्। कौशिक मुनिले वनमा धेरै वर्ष तप गरी सिद्धि प्राप्त गरेका थिए। परन्तु त्यो सिद्धि भन्दा पनि विशेष महत्वको तप धर्मव्याधाको थियो धर्मव्याधाले कौशिक मुनिलाई वर्णाश्रमधर्म सम्बन्धी उपदेश गरेका छन्।

वस्तुप्राप्ति तपस्याले हुन्छ, केवल मुखको पाण्डित्यले मात्र हुँदैन; खालि मुखको पण्डित्य त वाग्विलास मात्र हो।

वीणाया रूपसौन्दर्यं तन्त्रिवादनसौष्ठवम्।
प्रजारञ्जनमात्रं तन्न साम्राज्याय कल्पते॥
वाग्वैखरी शब्दझरी शास्त्रव्याख्यानकौशलम्॥
वैदुष्यं विदुषां तद्वद्भुक्तये न तु मुक्तये॥

विवेकचूडामणि ५९।६०

CC-0. In Public Domain. Digitization by eGangotri

जुन प्रकार वीणाको रूप--वलावण्य तथा तन्त्री वजाउने सुन्दर ढङ्ग छ त्यसवाट मनुष्यहरूको मनोरञ्जनको नै कारण मात्र हुन्छ त्यसवाट साम्राज्य संभव छैन। यसै गरी वाणीको कुशलता, शब्दको धारावाहिकता, शास्त्र व्याख्यानको कुशलता विद्वत्ता पनि भोगको कारण नै हुन्छ, मोक्षको हुँदैन।

हिजो आज मुखपण्डितको संख्या भने बढ्दै गएको छ। तपस्वी पुरुषको संख्या भने दिन दुइगुना रात चौगुना अभाव हुँदै गएको छ इत्यादि कारणहरूले गर्दा मानिसहरूको आस्था धर्ममा घट्दै गइरहेको छ।

न वेषधारणं सिद्धेः कारणं न च तत्कथा।
क्रियैव कारणं सिद्धेः सत्यमेतन्न संशय :॥

न त कपडा रङ्गाउनाले सिद्धि हुन्छ न धेरै कुरा बनाउनाले साधनरूप कृया नै सिद्धिको असली कारण हो; यसमा अलिकति पनि सन्देह छैन।

यस विषयमा एउटा रोचक कथा यो छ कि एक जना व्याधा वनमा गई पाशो थापी पाशोमा परेका शुगाहरूलाई मारी बेचन शहरमा लिएर जान्थ्यो। एकजना सज्जनले त्यत्तिको शुगा मरेको देख्दा वनका शुगाहरूलाई व्याधाको हातबाट वचाउने विचार सोची त्यसलाई भने— अब तैंले शुगा बेचन ल्याउँदा जीवित नै लिएर आउनू म मृतशुगाको भन्दा डवल पैसा दिनेछु। व्याधाले त्यस्तै गऱ्यो। ती सज्जनले व्याधासंग शुगाहरू किनी पढाउन शुरू गरे। व्याधा वनमा आउँछ र हामीहरूलाई समात्नको लागि धान छरी पाशो थापदछ, अब हामीहरू त्यो धान खाने छैनौं। यस्तो पढ्न जाने पछि

CC-0. In Public Domain. Digitization by eGangotri

ती सज्जनले शुगाहरूलाई छोडी दिए । वनमा गएर शुगा आपूहरूलाई सज्जनले पढाएको कुरा भन्दा जो जति वनमा अरू शुगा थिए तिनीहरूले पनि जाने ।

एक दिन व्याधा बनमा शुगाहरूलाई समात्न भनी धान र जाल लिएर गयो । सबै शुगाहरूले व्याधा बनमा आउँदछ र हामीहरूलाई समात्नको लागि धान छरी पाशो थापदछ, अब हामीहरू त्यो धान खान जाने छनौं भनेको सुन्यो । व्याधाले विचार गऱ्यो, शुगाहरूले धानखान न आएपछि मैले छर्नु पनि व्यर्थ नै हुनेछ । इत्यादि विचार गरी घरतिर फर्क्यो । परन्तु मार्गमा त्यसले पुनः विचार गऱ्यो कि केवल मुखले मात्र भनेका हुन् कि कामले पनि गर्ने हुन् । जे भए पनि एकपटक परीक्षा गरी हेर्नु पऱ्यो भनी पुनः फर्की धान छरी पाशो थाप्दा ती सबै शुगा धान खान आएर पाशोमा परे ।

अज्ञेभ्यो ग्रन्थिनः श्रेष्ठाः ग्रन्थिभ्यो धारिणो वराः ।
धारिभ्यो ज्ञानिनः श्रेष्ठा ज्ञानिभ्यो व्यवसायिनः ॥
(मनुस्मृति)

नपढ्ने भन्दा पढ्ने श्रेष्ठ पढ्ने भन्दा पढेको कुरा संझिने श्रेष्ठ, सम्झिराख्ने भन्दा कुराको अभिप्रायलाई सम्झिने ज्ञानी श्रेष्ठ, ज्ञानी भन्दा पनि त्यो श्रेष्ठ हो जसले आफूले जानेको कुरा अनुसार आचरण गर्दछ ।

शुगाका वचनलाई ध्यानमा राखी हामीले एकपल्ट आफूतिर फर्केर हेर्नु अत्यावश्यक छ । हाम्रो उपदेश हामीमा चरितार्थ छन् कि छैनन् ? रामतीर्थको जन्म तुलसीदासजीको कुलमा भएको थियो । रामतीर्थ फारसी भाषामा पण्डित थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले भनिदियो– तिमी तुलसीदासको कुलमा जन्मेका छौ तर संस्कृत जान्दनौ कस्तो लाजमर्नु ? रामतीर्थलाई यो कुरा हृदयमा गड्यो । उनी भन्दछन्– अहो मैले कुल परम्पराको घात गरें छु । कुल–स्मृतिको यो कत्रो सामर्थ्य छ । यसबाट प्रेरित भएर उनी संस्कृतको अध्ययनमा लागे ।

हाम्रो जन्म पनि ऋषि–मुनिको कुलमा भएको छ । तप र विद्या यी दुइथोकले उनीहरू पूर्ण थिए । तप र विद्या हामी आर्यजातिको पैतृक सम्पत्ति हो । हामीमा यी दुई थोक छैनन् भने त हाम्रो जन्म र कुल धर्मलाई अवश्य घात गर्‍यौं ।

तपो विद्या च विप्राणां निःश्रेयसकरे उभे ।
त एव दुर्विनीतस्य कल्पेते कर्तु रन्यथा ॥

भा. ६।४।७०

यसमा सन्देह छैन कि ब्राह्मणहरूको लागि तपस्या र विद्या परम कल्याणको साधन हो । परन्तु यदि ब्राह्मण उद्दण्ड र अन्यायी हुन गए भने ती दुबै उल्टा फल दिन लाग्दछन् ।

तपस्या र विद्या (ज्ञान) दुबैको सम्वन्धले मात्र मनुष्य आफ्ना अभीष्ट वस्तु मोक्षलाई प्राप्त गर्न समर्थ हुन्छन् । तप र विद्या भनेको एक रथको दुइ पाँग्रा हुन्, अर्थात् पक्षीको दुई पखेटा हुन् । (एकचक्रो रथो यद्वदेकपक्षो यथा खगः) एउटा मात्र पाङ्ग्रो भएको रथ र एउटा मात्र पखेटा भएको पक्षी हुनु नहुनुमा कुनै अन्तर छैन । त्यस्तै तपस्याले रहित भएको र विद्याले रहित भएको तपस्या पनि त्यस्तै नै हो । केवल मुख-पण्डितबाट न आफूलाई सुख–शान्ति हुन्छ न त अरूमा नै कुनै

CC-0. In Public Domain. Digitization by eGangotri

असर पर्दछ अतः सबैलाई तपोबलले सम्पन्न गराउन् भन्ने परमात्मा संग प्रार्थना गर्दै यो लेख समाप्त गर्दछु ।

हरिः ॐ तत्सत्

स्वे स्वे कर्मण्यभिरतः संसिद्धि लभते नरः ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्राय: सर्वत्र हिंसा निषेध

परमात्मा सम्पूर्ण प्राणीमा जीव रूपले व्याप्त भएर रहनु भएको छ, यस कारण प्राणीको सेवा गर्नु नै परमात्माको सेवा गर्नु हो । सम्पूर्ण जीवहरूलाई ईश्वररूप सम्झेर आफ्नो न्याययुक्त कर्तव्य पालन गर्नु मनुष्य मात्रको परम धर्म हो । भगवान् श्रीकृष्णजीले भन्नु भएकोछः–

ममैवांशो जीवलोके जीवभूतः सनातन ।

(गीता १५।७)

जीवलोकमा जीवरूप भएर रहेको मेरै सनातन अंश हो ।

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥

(गीता१५।१४)

म वैश्वानर (जठराग्नि(भएर प्राणीहरूका देहमा रहन्छु तथा प्राण र अपानले यु क्त भएर चार प्रकारका अन्नहरूलाई पचाउद छु ।

तत्सृष्ट्रा तदेवानु प्राविशत ।

(तैत्तरीयो पनिषद् २।६।१

त्यसलाई सृष्टिगरेर त्यसैमा भगवान् अनुप्रविष्ट हुनु भयो।

आर्यजातीको शास्त्रहरू मध्ये सबै भन्दा प्राचीन शास्त्र बेद नै हो (वेदोऽखिलो धर्म मूलं) वेद सम्पूर्ण धर्मको मूल हो।

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा पशु वलि गर्नुलाई वेदले निषेध गरेको छ । ब्राह्मण ग्रन्थ(इतिहास पुराणादि) मा टीकाकारहरूले (आलभन) शब्दको अर्थ भूलले (वध) लेखिदिएका हुनाले भ्रम उत्पन्न भएको छ लभ धातुको अर्थ प्राप्ति हो र आ उपसर्ग लाग्नाले आलभको अर्थ वध हुन सक्तैन। पारस्कार गृह्य सूत्रमा विवाहको सम्बन्धमा यो वाक्य आउँदछ:–

अभास्यै दक्षिणां समधि हृदयमालभते ममव्रते इत्यादि ।

(ऐतरेय ब्राह्मण १।८)

वर वधूको हृदयमा हात राखेर (आलभन) गरून् । यहाँ (आलभते) को अर्थ हो स्पर्श काटनु र वध गर्नु भन्ने होइन।

यद् घ्राणभक्षो विहितः सुरायस्तथा
पशोरालभनं न हिंसा ।

(भागवत ११।५।१३)

सौत्रामणी यज्ञमा पनि सुराको सूँघनको मात्र विधान छ। पीउनको होइन । यज्ञमा पशुलाई स्पर्श गर्नु भनेको छ, हिंसा होइन यज्ञमा पशु–बलिको बारेमा जो उल्लेख गरिएको छ त्यसमा पशु भनेर केलाई भनेको हो, त्यो विचार गर्नु परम आवश्कक छ।

वीजैर्यज्ञषु यष्टव्यमिति वै वैदिको श्रुतिः ।
अजसंज्ञानाँ बीजानी च्छागं नोहन्तुमर्ह थ ॥

(म.भा.शा. ३३७।४)

यज्ञमा अन्नको बीजद्वारा यजन गर्नु पर्दछ, यस्तो वैदिक श्रुतिमा छ । नउम्रने बीजको नाम हो अज, अतः बोकालाई वध गर्नु उचित हुँदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

स निमित्तकः यशोर्गुणस्याचोदितत्त्वात् ।
जातेर्वा तत्प्रायवचानार्च वत्त्वाभ्याम् ॥
(मीमासा-दर्शन ६।८।४२-४३)

यहाँ (छाग) एक विशेष प्रकारको वनस्पति अथवा औषधिको नाम हो जो हवनको सामग्रीमा पर्दछ। यसबाट पनि बोका सिद्ध हुँदैन ।

ऋग्वेदको ऐतरेय ब्राह्मणमा यस्तो लेखेको छ– जो चामलको पुरोडाश (पीठो) ले यज्ञ गर्दछ, त्यो सब पशुहरूको माँसले यज्ञ गर्दछ । यस कारण पुरोडासले नै यज्ञ गर्नु ठीक छ पशु भनेर चारपादवाला जीवलाई मात्र मान्नु ठूलो भूल र अज्ञान हो । शास्त्रमा अग्नि, वायु र सूर्यको नामलाई पशुको नाम दिएको छ :

ॐ य ईशे पशुपतिः पशूनाँ, चतुष्तपाद्भुत यो द्विपदान् ।
निष्क्रांतः स यजियं भागसेतु, रामस्योषा यजमानं सचन्तास् ॥
(अर्थववेद २।३४।१)

चारखुट्टा भएका गाई, अश्वादि पशुहरूका तथा दुई खुट्टा भएका मानव–दानवादि पशुहरूका पनि शासक–स्वामी भएकाले उहाँ (शिव) पशुपति हुनुहुन्छ।

अस्वाः कणा गाव स्तण्डुला मशक स्तुषः ।
श्याममयो ऽस्य माँसानी लोहितमस्थ लोहितम् ॥

कनिका भनेको घोडा हो, चामल गाई हो, भूस लामखूट्टे र भुसुना हो, चामलको कालो भाग मासु हो र रातो भाग दाल हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

धाता धेनुरभवद्, वत्सोऽस्यास्तिलः ।

(अथर्ववेद १८।४।३२

धान नै धेनु हो र तिलै उसको बाच्छो हो ।

आयुर्वेदका ग्रन्थमा धेरै जसो जडी–बुटीको नामलाई पशुको नामले नामकरण गरेको छ । जस्तै बृषभकन्द नाम गरेको औषधिको नाम केवल बृषभ (बैल) लेखेको छ । अश्वगन्धाको उल्लेख अश्व (घोडा) को नामले नै गरेको छ । यस्तै प्रकार घाँसलाई श्वान (कुकुर) महिषाक्षलाई महिष (भैंसी) । वाराहीकन्दलाई वाराह (बदेल) मूषाकर्णीलाई मूषक (मूसा) । फल र औषधीहरूको गूदीलाई माँस भनी लेखेको छ ।

वलयः सह पुष्यतु देवानामुपहारयेत ।
दधिदुग्धमयाः पुण्याः सुगन्धाः प्रियदर्शनः ॥

(म.भा.अ. ९८।६०)

देवताहरूलाई जो बलि दिइन्छ, त्यो दही–दूधले बनेको परम पवित्र, सुगन्धित, दर्शनीय फूलहरूले सुशोभित हुनु पर्छ ।

सर्वेऽस्मै देवा बलिमावहन्ति ।

(तैतिरीय १।५।३)

सम्पूर्ण देवगण ब्रह्मलाई बलि उपहार समर्पण गर्दछन् । बलि भनेर उपहारलाई र भोज्य सामग्रीलाई भनिन्छ बलि–वैश्वदेव कर्ममामा सबै देवतालाई खाने अन्न बलिरूपमा चढाइन्छ ।

संस्कृति शब्द देववाणी हो साधारण लौकिक भाषा जस्तो होइन, एकै शब्दको अनेक अर्थ हुन्छ । एउटा गो शब्द कै नै

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ हेरौ । गो इन्द्रिय, गाई, जिब्रो, सरस्वती, विद्या, पृथ्वी, दान, वाण, जल, सूर्य, जिब्रो इत्यादि । सबै मानिस वास्तविक तथ्यलाई छोडी आफ्नो अनुकूल अर्थ लगाउदछन् ।

गोमाँसं भक्षये-न्नित्यं पिवेदमरवारूणीम् ।
कुलीनं तमहं मन्ये इतरे कुलघातका ॥

जुन मानिस नित्य गोमांस भक्षण गर्छ र अमरवाणी पिउदछ म त्यसलाई कुलीनमान्दछु र जो यो कर्म गर्दैन त्यो कुल-घातक हो ।

वाम मार्गीहरूले यो श्लोकलाई ग्रहण गरेर आफ्नो तात्पर्य सिद्ध गरे । मनुमहाराजले यो श्लोक लेखेको हो ता पनि यसको अर्थ त्यो होइन–(गोमाँस भक्षयेन्नित्य) नित्यगोमांस भक्षण गरोस् अर्थात् गो भनेको जिब्रो हो र मांस भनेको जिब्रोको मासुलाई उल्टाएर कण्ठ भित्र प्रवेश गरिदिनुलाई भनेको हो । अमृतरस खसेर जिब्रोको अग्र भागमा पर्छ, त्यस खसिरहेको अमर रसलाई नित्य पान गर्नुको नाम अमर वारूणी पिउनु हो, यसै कर्मको नाम खेचरीमुद्रा हो ।

गृहस्थले नित्य पालन गर्नु पर्ने यज्ञ पाँच यज्ञ छन् । यिनै पञ्च महायज्ञलाई मूर्खताले पञ्च वलि भनी वलिको अर्थ पशुवलि लगाई ईश्वर भक्तिको निमित्त पाँच जीवहरूको रूपमा गर्दछन् । यो धेरै दुःख र अनर्थको विषय हो, यस्तो अन्ध विश्वासमा लागेर धर्म र पुण्य गर्ने विचारले धेरै जसो मानिसहरू अधर्म र पाप गर्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषियज्ञं देवयज्ञं भूतयज्ञञ्च सर्वदा ।
नृयज्ञं पितृयज्ञञ्च यथाशक्ति नहापयेत् ॥
(मनु ४।२)

वेदहरू पढ्नु पढाउनु र वेदोक्त सन्ध्योपासना गर्नु ब्रह्मयज्ञ अर्थात् ऋषियज्ञ हो । होम गर्नु देवयज्ञ हो। पशु, पक्षी प्राणीहरूलाई खाने कुराको भाग दिनु भूतयज्ञ हो । अतिथि-हरूलाई सेवा गर्नु नृयज्ञ हो । जीवित माता पितालाई सेवा गर्नु पितृयज्ञ हो । यिनै पाँच प्रकार यज्ञहरूमा प्राणी लाई मार्नु भनिकन कुनै सत् शास्त्रले आज्ञा दिएको छैन ।

ब्रह्मविद्यां जगद्धात्री सर्वेषां जननी तथा ।
यया सर्वमिदं व्याप्तं त्रैलोक्यं सचराचरम् ॥
(देवी भागवत १।५।४६)

ब्रह्मविद्या जगद्दात्री र सर्व प्राणीहरूकी जननी हुन् , उनै देवी सव चराचर जीवहरूमा व्याप्त भएर रहेकीछन् ।

सर्वयोनिषु कौन्तेय मूर्तयः संभवन्ति याः ।
तासां ब्रह्म महद्यौनिरहं बीजप्रदः पिता ॥
(गीता १४।४)

हे अर्जुन ! सम्पूर्ण मनुष्य, पशु, पक्षी, कृमि, कीट आदि योनिमा जति शरीरहरू उत्पन्न हुन्ठछन्, ती सबैको आमा प्रकृति हुन् बाबु म हुँ ।

भगवान् श्री कृष्णले वताउनु भए अनुसार यो सिद्ध भयो कि सम्पूर्ण प्राणीहरूको माता लक्ष्मी भइन् र पिता भगवान् विष्णु हुनु भयो । यो विश्वमा जति प्राणी छन् ती सबै एकै माता पिताका सन्तान हुन् । (देहो देवालय युक्तो, देही देवो

CC-0. In Public Domain. Digitization by eGangotri

निरञ्जन) यो देह नै देवालय भनिन्छ, यसमा देह–द्रष्टा निरञ्जन आत्मा नै देव हो । प्राणीलाई वध गर्नु त चेतन परमात्माको मन्दिरलाई नष्ट गर्नु हो । देवालयलाई नाश गरेको कति पाप लाग्ने हो त्यो स्वयं पाठक विचार गरून् ।

यज्ञमा मृतक पशुलाई जलाउने आगो होस् वा मरेका मानिसका शवलाई जलाउने आगो होस् सर्वथा अशुद्ध मानी त्याग गरिन्छ ।

क्रव्यादमग्नि प्रहिणोमि दूरं यमराज्ञो गच्छतु
रिप्रवाह : ।
इहैवायमितरो जातावेदा देवेभ्यो हव्यं बहतु प्रजाननम् ॥
(ऋग्वेद)

मांस जलाउने अग्निलाई टाढा हटाउँदछु । अतः यमराजको घरमा जावोस् अर्को पवित्र सर्वज्ञ अग्निदेवलाई यहाँ स्थापना गर्दछु । यिनले हविलाई देवताको समीपमापुऱ्याउछन् ।

पुरिस्योऽसि विश्वभाराऽअथर्वा त्वाप्रथमो निरमन्थदग्ने ।
(यजुर्वेद अध्याय ११।३२)

हे अग्ने ! तिमी पशुहरूको हितैषी र सबै प्राणीहरूको पालक हौ । सर्व प्रथम अथर्वाले तिमीलाई उत्पन्न गरे ।

हृदा पूतं मनसा जातवेदो विश्वानी देव वयुनानिविद्वान् ।
सप्तास्यानी तव जातवेदस्तेभ्यो जुहोमि स जुषस्व इव्यम् ॥
(अथर्वेद ४।३९।१०)

ऋषि अगिरा भन्नुहुन्छ– हे अग्ने ! तिमी सम्पूर्ण उत्पन्न प्राणीहरूको ज्ञाता छौं, दानादि गुणहरूले युक्त छौ, तिम्रो

CC-0. In Public Domain. Digitization by eGangotri

मुखमा सात जिभ्रो छ । म त्यस मुख खोलनको लागि शुद्ध हृदयले घृताहुति प्रदान गर्दछु ।

अभयस्यहि यो दाता तस्यैव सुमहत् फलम् ।
न हि प्राणसमं दानं त्रिषु लोकेषु विद्यते ॥

(म.भा.शा. ७२।२४)

जो अभयदान गर्दछ उसलाई महान् फल प्राप्ति हुन्छ, किन भने तीन लोकमा प्राण दानको समान ठूलो अर्को दान छैन।

सम्पूर्ण प्राणीको कल्याणार्थ हिंसा रहित जुन यज्ञ गरिन्छ, त्यही नै विशुद्ध एवं परम पवित्र यज्ञ हो । यज्ञ भन्नु र होम भन्नुमा कुनै अन्तर देखिदैन ता पनि यज्ञ भन्नाले केही गौरवपूर्ण दृष्टि हुन्छ र होम भन्दा साधारण अनुभव हुन्छ । शतपथ ब्राह्मण मा भनिएको छ– (यज्ञो वै श्रेष्ठतम कर्म) यज्ञ नै श्रेष्ठ कर्म हो । यस्तै जैमिनीय सूत्रमा भनिएको छ– (यजति चोदना द्रव्यदेवता क्रिया समुदाय कृत्तात्त्वात्) । द्रव्य, देवता र क्रियाको समुदाय नै यज्ञ हो। भगवान् श्रीकृष्णले पनि गीतामा धेरै यज्ञ को उल्लेख गर्नु भए छ– देव यज्ञ, इन्द्रिय संयमयज्ञ, योगयज्ञ, द्रव्ययज्ञ, तपयज्ञ, व्रतयज्ञ, ज्ञानयज्ञ, स्वाध्याययज्ञ, भोजन संयमयज्ञ, इत्यादि सबैलाई यज्ञ भनिन्छन् र यज्ञ गर्नाले सम्पूर्ण पाप नाश हुन्छन् ।

महाराज युधिष्ठिरको जब एक महान् यज्ञ पूरा भएको थियो, तब त्यहाँ भेला भएका ऋषि मुनिहरूले यज्ञको ठूलो प्रशंसा गर्न लागे । यस्तो उदारतापूर्वक आज सम्म कुनै यज्ञ भएको देख्नु त के कुरा सुनिएको पनि छैन । स्वयं भगवान् नर–नारायण (अर्जुन र कृष्ण) ले समेत जूठो टपरी उठाउनु

CC-0. In Public Domain. Digitization by eGangotri

भयो। यस्तै समयमा अकस्मात सभाको बीचमा एउटा न्याउरीमूसा आइपुग्यो। त्यसको आधा शरीर सुनको थियो। त्यसले मनुष्य वाणीमा भन्यो तपाईंहरू युधिष्ठिरको यज्ञको यति ठूलो प्रशंसा किन गर्नु हुन्छ ? यज्ञ भनेको कुरुक्षेत्रमा एउटा ब्राह्मणले गरे, जसको फलस्वरूप तत्काल विमान आयो र त्यसमा वसी ब्राह्मणका सकुटुम्भव स्वर्ग गए। युधिष्ठिर त आफ्ना भाइहरूका साथ हिमालयको मार्गद्वारा स्वर्ग जानेछन्, त्यो पनि सफल हुन गारै पर्नेछ। यति भनि त्यो न्याउरीमूसा चूप लाग्यो।

न्याउरीमूसाको यस्तो मार्मिक कुरा सुनेर सब सभासद चकित परे। सभासद्ले ती कुरुक्षेत्रका ब्राह्मणले कस्तो यज्ञ गरेका थिए भनी सोधे पुन न्याउरीमूसोले के भन्यो भने ती ब्राह्मण आफ्नी स्त्री र पुत्रवधूका साथ रहन्थे। उनीहरू उच्छवृत्तिले आफ्नो जीवन निर्वाह गर्दथे। ती ब्राह्मण शुद्ध आचार–विचार तथा धर्मात्मा र जितेन्द्रिय थिए। एक समय भयङ्कर अनिकाल पऱ्यो। धेरै दिन देखि परिवार सहित अन्नको अभावले गर्दा उपवास गरिरहेका थिए। यस्तो परिस्थितिमा पनि ती ब्राह्मण अनो विचारमा दृढ थिए। धेरै दिन पश्चात् खेत तथा पसल अगाडि खसेको अन्न एक सेर जत्ति जम्मा गरे। यथाविधि अन्न तयार गरी अन्नादिको भोग लगाई शेष अन्न आफू सहित परिवारहरूलाई बाँडेर भोजन गर्न लागेका थिए, त्यस्तैमा एउटा भोका ब्राह्मण अतिथिको रूपमा आइपुगे र भोजन मागे ती उच्छवृत्ति ब्राह्मणले अितिथिलाई भने भगवन् ! यो न्यायपूर्वक उपार्जित गरिएको परम पवित्र सत्तू ग्रहण गर्नु होस्। एक भाग सत्तू खानाले अतिथि ब्राह्मण तृप्ति भएनन्। ब्राह्मणका

CC-0. In Public Domain. Digitization by eGangotri

सबै परिवार धर्मात्मा थिए। ब्राह्मणकी स्त्रीले आफ्नो भाग भोजन दिइन्। त्यतिले पनि अतिथिको क्षुधा निवृत्ति भएन र पुत्रले पनि आफ्नो भाग दिए। अन्त्यमा उनकी पुत्रवधू समेत आफ्नो भागदिन तत्पर भइन्। तब ब्राह्मणले भने पुत्री ! तिमी गर्भवती छौ। अन्न विना गर्भमा क्षति प्राप्त हुन्छ, तिमी आफ्नो भाग भोजन नदेऊ। पुत्रवधूले भनिन्– पिताजी। तपाईंले भन्नु भएको यथार्थ सत्य हो। परन्तु गर्भ पतन भयो भने पुनः अर्को गर्भ प्राप्त हुन सक्छ, तर धर्म पतन भयो भने पुनः प्राप्त हुँदैन। यति भनी वधूले आफ्नो भाग भोजन अतिथिलाई दिइन् अतिथि ब्राह्मण तृप्त भै गएपछि विमान आयो र ब्राह्मणका सबै परिवारवलाई स्वर्ग लिएर गयो।

ब्राह्मणका सबै परिवार स्वर्ग गैसकेपछि म अतिथिले भोजन गरेको स्थानमा गएँ र सत्तूको गन्ध सूधें। चुठेको जलको हिलोमा स्पर्श भयो। यति हुनासाथ मेरो आधा शरीर सुन भयो। शेष आधा शरीर सुन हुन्छ कि भन्ने उद्देश्य लिएर म यहाँ आएको हुँ। परन्तु आधा शरीर सुवर्णमय हुन सकेन। यस कारण मेरो विचारमा यो यज्ञ भन्दा ती अतिथिलाई भोजन गराएको यज्ञ सर्व श्रेष्ठको हो यति भनी न्याउरी मूसा आफ्नो बाटो लाग्यो।

अन्नेन देवताः सर्वातुस्तुष्यंति पितरस्तथा।

(ब्रह्मानन्दमोक्षगीता ४।१२)

सबै देवता तथा पितृहरू यज्ञमा र श्राद्धमा अन्नले नै प्रसन्न हुन्छन्।

निहतस्य पशोर्यज्ञ स्वर्गप्राप्तिर्य–दीप्यते।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वपिता यजमानेन किन्तु तस्मान्न हन्यते ॥

(विष्णु पुराण३।१८।२७)

यदि यज्ञमा वलि दिएको पशु स्वर्ग प्राप्ति हुन्छ भने यजमान आफ्ना पितालाई किन वलि दिंदैनन् अर्थात् मारदैनन् ।

अभयं सर्व भूतानाँ दानमाहुर्मनीषिणः ।

(सदाचारानुसन्धानम् ३९)

सबै प्राणीहरूलाई अभय प्रदान गर्नु नै दान हो, यस्तो विद्वान्हरू भन्दछन् ।

मुग्धा देवा उत शुनायन्तोत गौरङ्गैः मुहधायजन्त ।

(अथर्ववेद ७।५।५)

अविवेकशील र मूढ यजमान पशुका अङ्गहरूले हवन गर्दछन् , यो निश्चय नै मूर्खतापूर्ण र निन्दनीय हो ।

पशून पाहि गाँ मा हिंसा अजाँ मा हिंसी ।
आदिं मा हिंसी इमँमा हिंसी द्वपादं पशुं ॥
माहिंसीरेक शफं पशुंमा हिंस्यात् सर्वा भूतानि ॥

(अथर्ववेद)

पशुहरूलाई रक्षा गर, गाईलाई नमार, बोकालाई नमार, भेंडालाई नमार, दुई खुट्टा भएका (मनुष्य पक्षीआदि) लाई नमार, एक खुर भएका (घोडा, गधा आदि) लाई न मार, कुनै पनि प्राणीको हिंसा नगर । (मा हिंसा यान् सर्वा भूतानि)

वेदले यज्ञमा, श्राद्धमा र देव–देवीलाई वलि दिनु भनेर यसरी हिंसाकर्मलाई निषेध गरेको अध्ययन गरेर पनि जुन मानिस धर्मको नाममा र आफू खानको लागि हिंसा गर्द-

CC-0. In Public Domain. Digitization by eGangotri

छन् भने ती वैदिक धर्म अनुयायी होइनन् कि विरोधी हुन् । मानव होइनन् दानव हुन् ।

मुहम्मद गजनीको वाबु सुबुकतगीं राजा तख्तमा वस्नु भन्दा अगाडि अलप्तगीं वादशाहको गुलाम (नोकर) थिए उनी आफ्नो गरीबीको जमानामा प्रायः एक मामुली टट्टुमा चढेर शिकार खेल्न जाने गर्दथे । एक दिन उनले एउटा हरिणी आफ्नो वच्चाको साथ चरिरहेकी देखे । उनले वच्चालाई समाती घोडामा राखी घरतिर फर्कीरहेका थिए । केही वेरपछि उनले पछाडि फर्केर हेर्दा वच्चाको आमा हरिणी आँखा भरी आँसू पारी शोकको मूर्ति वनी आफ्नो पछाडि आइरहेकी देखे । यो कौतुक देखेर सुबुकतगींलाई दया आयो र उनले तुरून्त हरिणीको वच्चालाई छोडी दिए । हरिणीले आफ्नो वच्चालाई पाएर खुशीले उफरेर खेल्नुको साथ–साथ सुबुकतगीं माथि आफ्नो विशाल दृष्टिले हेरी । त्यही रातमा उनले स्वप्नामा पैगम्बर मुहम्मद साहबको दर्शन पाए । उनले सुबुकतगींलाई आज्ञा दिए कि जुन तिमीले एक असहाय र दुःखी पशुमाथि दया गर्‍यौ त्यसमा खुदा (भगवान्) अत्यन्त खुशी भएर तिम्रो नाम वादशाहको फेरिरिइत (बैखाता) मा लेखेको हुन् अगाडि गएर यही व्यवहार आफ्ना प्रजाको साथमा जारी राख्नु । दया भाव कहिले नछोडी हरबखत याद राख्नु कि दया यस लोक र परलोक दुबैको साँचो हो । भनाइको मतवल यो हो कि केवल आफ्नो वर्गमा मात्र होइन सम्पूर्ण प्राणीलाई सुख दिनु मानव शरीरको परम धर्मको हो । यदि कुनै परिस्थिति वश सुख दिन सकिएन

CC-0. In Public Domain. Digitization by eGangotri

भने पनि दुःख कसैलाई न दिनु, यही नै मानव शरीर पाएको सार्थक हुने छ :

परहित बस जिन्ह के मन माही ।
तिन्हकहुँ जग दुर्लभ कछु नाही ॥

(तु.रा.अ.दो. ३०।६)

भगवान् श्री राम जटायुलाई भन्नु हुन्छ– जसको मन परहितमा लागेको छ तिनलाई जगत्मा दुर्लभ केही छैन ।

अहिंसाप्रतिष्ठायाँ तत्सन्निधौ वैरत्यागः ॥

(योग दर्शन २।३५)

जब योगीको अहिंसा भाव पूर्णतया दृढ र स्थिर हुन जान्छ, तब उनको निकटवर्ती सिंहक जीव पनि वैरभावदेखि रहित हुन जान्छन् ।

इतिहास–ग्रन्थहरूमा ऋषि–मुनिहरूको आश्रमको वर्णन यस्तो प्रकारले गरिएको छ कि वनचर हिंसक जीव पनि आफ्ना स्वभाविक वैर भावलाई त्यागी अन्य जीव संग एक साथ रहेका हुन्छन् । यो ऋषि मुनिहरूको अहिंसा भावको प्रतिष्ठाको द्योतक हो ।

खगमृग विपुल कोलाहल करहीं । विरहित वैर मुदित मन चरही ॥
करि केहरि कपिकोल कुरंगा । विगत वैर विचरहि सब संगा ॥

तुलसीदासजी वाल्मीक आश्रमको वर्णन गर्नु हुन्छ पक्षी, मृगहरू खूब कोलाहल गरिरहेका थिए । तिनीहरू वैरभावले

CC-0. In Public Domain. Digitization by eGangotri

रहित भै मनमा आनन्दले घुमिरहेका थिए। हात्ती सिंह, बानर, वदेल र हरिणहरू वैरभाव नलिएर सबै संग संग घुम्दथे।

यदा प्रभृति चाक्रान्ता दिगियं पुण्यकर्मणा।
तदाप्र-भृति निर्वैराः प्रशान्ता रजनीचराः।

((वा.रा. अरण्य, सर्ग ११।८३)

वाल्मीकि ऋषि अगस्त्याश्रमको वर्णन गर्नु हुन्छ—जहिलेदेखि यी पुण्यकर्म गर्ने ऋषि यस दिशामा आई वस्न लागे त्यहाँ देखि यहाँका राक्षसहरू विरोध गर्न छोडेर शान्त भई बसेकाछन्।

अय दीर्घायुषस्तस्य लोके विश्रुतकर्मण :।
अगस्त्याश्रमः श्रीमान विनीतमृगसेवितः ॥

(वा.रा. अरण्य ११।८६)

संसारमा विख्यात काम गर्ने दीर्घायु अगस्त्यजीको रमणीय आश्रम यही हो, यहाँका मृगहरू वडा शान्त छन्।

नात्र जीवेन्मृषावादी क्रूरो वा यदि वा शठः।
नृसंसः पापबृत्तो वा मुनिरेष तथाविधः ॥

यी मुनी यस्ता छन् कि यिनको आश्रममा झूटो बोल्ने, निष्ठुरी, धूर्त, हिंसा गर्ने, तथा पापी बाँच्न सक्तैनन्।

पूर्व मीमांसा—दर्शनले यज्ञको विषयमा जति उल्लेख गरेको छ, त्यस्तो उल्लेख अन्य कुनै दर्शन शास्त्रले गरेको देखिदैन। मीमांसा – दर्शनले वैदिक यज्ञहरूमा पशुहिंसा र पशुको मांसादिको प्रयोग सर्वथा निषेध गरेको छ। (प्रतिषिद्धं चाविशेषेण हि तच्छ्रूति (मीमांसादर्शन ६।३।२० मा निषिद्ध पदार्थहरू जस्तै मद्य, मांसादिलाई यज्ञमा पूर्ण निषेध गरिएको छ। (न चोद

CC-0. In Public Domain. Digitization by eGangotri

विरोधात्) मीमांसा–दर्शन ६।४।६ मा भनिएको छ– मांस–भक्षणको प्रश्न उठाउनु नै व्यर्थ छ। शास्त्रहरूमा यस्तो पाप कर्मको सर्वथा निषेध छ। यज्ञम पशु बलिदान दिनु वैदिक धर्म विरूद्ध हो। काँही इतिहास पुराणादिमा यज्ञ शेष मांस खानु भनेको छ तापनि त्यसको तात्पर्य त्यो होइन। सदा मांस खाने मानिसलाई मांस खाए पाप लाग्छ खानु हुँदैन भन्दामा मांस खान छोड्न सक्तैन। यज्ञ भनेको सदा गरिरहन सकिने कुरा होइन यसरी शनै–शनै दूषित कर्मलाई हटाउने जुन उपाय वताउनु हो त्यसलाई परिसंख्या न्याय भनिन्छ।

अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम् ।
परोपकारः पुण्याय पापाय परपीडनम् ॥

अठार पुराणहरूमा व्यासजीले जो जति लेख्नु भयो, त्यसमा उहाँको केवल दुइटा मात्र वचन छ। प्राणिहरू माथि परोपकार गर्नु पुण्य हो र तिनलाई दुःख दिनु पाप हो।

श्रूयतां धर्मसर्वस्वं श्रुत्वा चैवाव–धार्यताम् ।
आत्मनः प्रतिकूलानि परेषां न समाचरेत् ॥

(पद्म पुराण ३२)

व्यासजी भन्नुहुन्छ– धर्मको सर्वस्व सार सुन र सुनेर चित्तमा धारणा गर। जुन कुरा व्यवहारमा अरू देखि तिमी चाहँदैनौ, त्यस्तो व्यवहार तिमी पनि अरूमा नगर। भनाइको मतलब यो हो कि तिमीलाई आफ्नी स्त्रीलाई अरूले कुदृष्टिले हेरेको मन पर्दैन भने तिमी पनि अर्काकी स्त्रीलाई कुदृष्टिले नहेर। यदि तिमीलाई आफ्ना परिवारलाई अरूले वध गरेको दुःख दिएको मन

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दैन त तिमी पनि अरूको परिवारलाई दुःख नदेऊ यही नै धर्मको मुख्य सार हो ।

अधर्मो धर्मघाताय प्रारब्धः पशुभिस्त्वया ।
नायं धर्मो ह्यधर्मो ऽयं न हिंसा धर्म उच्यते ।।

(वा.पु.प्रकर्णा ३६।९६)

पशु वधद्वारा धर्मलाई नाश गर्नु मात्रै हो । पशु वध धर्म होइन अधर्म हो हिंसालाई कहिले पनि धर्म भन्न सकिंदैन ।

अहिंसा प्रथमं पुष्पं पुष्पमिन्द्रयनिग्रहः ।
तृतियंतु दया पुष्पं क्षमा पुष्पं चतुर्थकर्म ।
ध्यानपुष्पं तपपुष्पं ज्ञानपुष्पं तु सप्तकम् ।
सत्यं चैवाष्टमं पुष्पमेभिः तुष्यन्ति देवताः ।।

(स्कन्धपुराण रेवाखण्ड, ५।१

अहिंसा प्रथम पुष्प हो दोस्रोपुष्प इन्द्रिय निग्रह हो, तेस्रो दया पुष्प हो, चौथो क्षमा पुष्प हो, पाँचौ ध्यान पुष्प हो, छैटौं तप पुष्प हो, सातौं ज्ञानपुष्प हो र सत्य आठौं पुष्प हो । यी पुष्पहरू द्वारा देवता अत्य न्त सन्तुष्ट हुन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

वेदाध्ययन

(वेद्यते-ज्ञायते धर्मादि पुरुषार्थ अनेन इति वेदः) वेद शब्दको अर्थ-जसबाट धर्मादि पुरुषार्थलाई राम्रोसंग जान्न, बुझ्न र केलाउन सकिन्छ त्यसलाई वेद भनिन्छ । वेदको विषय मा धेरै शास्त्रहरूको मत भेद देखिन्छ। एकमत छ वेद कसैकेले पनि वनाएको होइन अतः वेद अपौरुषेय हो । अर्को मत छ वेद ईश्वर ले वनाउनु भएको हो । कसैको मतमा ईश्वरको अनुग्रहद्वारा वेद ऋषिले बनाएका हुन् । मीमाँसको मतमा वेद नित्य छ । नैयायिको मतमा वेद शब्दरूप भएकोले क्षणिक र पौरुषेय हो। वेदान्तको मतमा वेद नित्य छैन,चेतनदेखि भिन्नसवै अनित्य हुन् । किन्तु सृष्टिको आदिकालमा सर्वज्ञ ईश्वरको संकल्प मात्रले वेदको उत्पति भएको हो ।

वेदाध्ययन गर्ने अधिकार कसलाई छ कसलाई छैन भन्ने विषयमा उल्लेख गरिन्छ । (स्त्री शूद्र द्विज वन्धूनाँ त्रयी न श्रुति गोचरा) स्त्री, शूद्र र खराव द्विज वन्धूलाई वेद पढने

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकार छैन (द्विज भनेको दुइ पटक जन्म हुनेलई भनेको हो। जसको दुइ पटक जन्म हुन्छ त्यसैको मात्र वेद पढने अधिकार हुन्छ। पक्षीको र सर्प आदिको पनि दुइपल्ट जन्म हुन्छ, पहिले फुलरूपमा जन्म हुन्छ र पछि जीवरूपमा हुन्छ। यस कारण पक्षी र सर्पहरू पनि द्विज भएकाले तिनलाई वेदाध्यायनको अधिकारछ। (जन्मना जायते शूद्रः संस्कारैद्विज उच्यते। वेदपाठी भवेद्विप्रो ब्रह्म जानाति ब्राह्मणः) आमाको पेटबाट जन्मदा सबै शूद्रै हुन्छन् (संस्कार) व्रतबन्ध भएपछि द्विज हुन्छन्। वैश्य, क्षत्रिय र ब्राह्मण जातिको ब्रतबन्ध हुने हुनाले दुइपल्ट जन्म हुन्छ र वेद पढने अधिकार हुन्छ। स्त्री शूद्रको व्रतबन्ध नहुनेहुनाले एकपल्ट मात्र जन्म भएकोले वेदाध्ययनमा अधिकार छैन भन्ने एक पक्षको सिद्धान्त छ।

अर्को पक्ष-उपनयन न भई वेदाध्ययन गर्नु हुन्न भन्ने कुरा पनि युक्ति संगत देखिदैन। देवताको र राक्षसको उपनयन हुँदैन ता पनि वेदाध्ययनको अधिकारी छन्। सामवेदको छान्दोग्योपनिषद्मा इन्द्र र विरोचनले प्रजापतिद्वारा ब्रह्मज्ञान प्राप्त गरेका छन्। ब्रह्माजीले दुवैलाईब्रह्मचर्य व्रत पालन गर्नलगाई तत्पश्चात् ब्रह्मज्ञानको उपदेश गर्नु भएको हो। यसबाट यो सिद्ध भयो कि ब्रह्मविद्याको अधिकार असुरजातिलाई पनि रहेछ। रावणले चारै वेदको टीका लेखेका थिए भन्ने कुरा सर्वविदित छ। ब्रह्मविद्याको लागि आश्रममा नै बस्तु पर्दछ भन्ने पनि कुनै नियम छैन। ब्रह्मविद्या अनाश्रमी रैक्वको अधिकार थियो जानश्रुति शूद्र राजाले रैक्वसंग ब्रह्मविद्या प्राप्त गर्न

CC-0. In Public Domain. Digitization by eGangotri

गएको कुराको वर्णन सामवेदको छान्दोग्योपनिषद्मा पाइन्छ। यस्तै प्रकार आश्रम वर्जित स्त्री जाति गार्गी आदिको ब्रह्मविद्या वेदमा अधिकार थियो। राजा जनकको ब्रह्मसभामा गार्गी र याज्ञवल्क्यको वीचमा भएको संवादको वर्णन यजुर्वेदको वृहदारण्यक उपनिषद्मा पाइन्छ। वृहदारण्यक उपनिषद्मा याज्ञवल्क्यले आफ्नी प्रिय पत्नी मैत्रेयीलाई ब्रह्मविद्याको उपदेश दिनु भएको कुरा सर्वविदित छ।

यजुर्वेदको २६ अध्यायको २ मन्त्रमा स्पष्ट लेखिएको छ कि वेद पढनु पढाउनु र सुन्नु सुनाउनु मनुष्यमात्रलाई अधिकार छ।

ये थेमां वाचं कल्याणीमावदानि जनेभ्यः।
ब्रह्मराजन्याभ्यॉं शूद्राय चार्याय च स्वायचा रणाय च।

वेदका मन्त्र द्रष्टा ऋषिहरू-ऋग्वेद १० मण्डल ३ अनुवाक ४० सूक्तमा यस्तो लेखिएको छ कि काक्षीवान् ऋषिकी कन्या घोषा विदुषी मन्त्र द्रष्टा ऋषि थिइन्। ऋग्वेदको ५ मण्डल २ अनुवाक २८ सूक्त यस्तो लेखिएको छ कि अत्रि महर्षिको वंशमा उत्पन्न भएकी विदुषी विश्ववरा मन्त्र द्रष्टा ऋषि थिइन्। अपला अत्रि मुनिको वंशमा उत्पन्न भएकी हुन्। यिनी ब्रह्मवादीनी थिइन्। ऋग्वेदको ८ मण्डल ९१ अनुवाक १ सूक्तदेखि ७ सम्मको ऋचाहरू यिनैको संकलित हो। रोमशा बृहस्पतिजीकी पुत्री हुन्। यिनले ऋग्वेद संहिताको प्रथम मण्डलको १२६ सूक्तको ७ ऋचाहरूको संकलन गरेकी हुन्। ब्रह्म-

CC-0. In Public Domain. Digitization by eGangotri

वादिनी सूर्याले ऋग्वेदको १० मण्डल ८५ अनुवाक ४७ सूक्तका ऋचाहरू संकलन गरेकी हुन् । शश्वती अङ्गिरा ऋषिकी कन्या हुन् । ऋग्वेद ८।१।३४ का ऋचाहरू यिनै बाट संकलन भएका हुन् । ब्रह्मवादीनी ममताले अग्निको उद्देश्यले गरेको स्तुति पाठ ऋग्वेद संहिताको प्रथम मण्दलको सूत्रको ऋचामा मिल्द छ । दीर्घतमा ऋषिकी पत्नी उशिज हुन् । ऋग्वेदको प्रथम मण्डलको ११६ देखि १२१ सम्मका मन्त्रहरू यिनै द्वारा संकलन भएकाहुन् । वागामभृणी ऋग्वेद १०।१०।१२५। गरुड ऋग्वेद १०।११।१४४। इन्द्राणी ऋग्वेद १०११।१४५। ऋग्वेद पुरुरवा उर्वशी ऋग्वेद १०।८।९५। असुर शरमा कुकुर्नी ऋग्वेद १०।९।१०८। सर्प ऋग्वेद १०।८।९४। अगस्ती ऋषिकी पत्नी लोपामुद्रा ऋग्वेद १।२४।१७९। ऋषि शुनः शेप ऋग्वेद १।६।२५ देखि ३० सम्मका ऋचाहरू यिनैबाट संकलन भएका हुन् ।

वेदका मन्त्र द्रष्टा-क्षत्रिय राजाहरू ऋषि विश्वामित्र ऋग्वेद ३।१।१। ऋषि रहुगण ऋग्वेद ९।२।३७। ऋषि अम्ब-रीष ऋग्वेद ९।६।९८। ऋषि मान्धाता ऋग्वेद १०।११।१३४। ऋषि ध्रुव ऋग्वेद १०।१३।१७४ इत्यादि ।

गायत्री छन्दसाँ मातेति ।

(नारायणोपनिषद् ३४)

गायत्री समस्त वेदकी माता हुन् । वेदमाता गायत्री देवीले चार हातमा चार वेद धारणगर्नु भएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मदेव कृत यज्ञमा सबै देवताहरू उपस्थित थिए । परन्तु ब्रह्माजीकी पत्नी सावित्री त्यस यज्ञमा आउनु एन । ब्रह्माजीले भन्नुभयो हे देवराज इन्द्र ! सावित्री न आएकी हुनाले मेरो लागि यस समय यज्ञ कार्य सम्पन्न गर्नको लागि अर्की कुनै पत्नीको व्यवस्था शीघ्र गर । ब्रह्माजीको लागि पत्नी खोजन इन्द्र सम्पूर्ण धरा-तलमा घुम्नु भयो । परन्तु योग्य कन्या प्राप्त गर्न सक्नु भएन । त्यस्तैमा एउटा अहिरकी कन्या (वैश्य जाति) रूपलावण्यले र योवनले सम्पन्न भएकी देख्नु भयो । ती अहिरकी कन्या यस्ती सुन्दरी थिइन् कि गन्धर्वी, आसुरी, देवी इत्यादि कुनै पनि स्त्रीले भेटन न सकिने थिइन् ती लक्ष्मी तुल्य कन्या शिरमा दही बोकेर आइरहकी थिइन् । देवराज इन्द्रले सोध्नु भयो-हे सुभ्रु ! तपाई कसकी कन्या हुनुहुन्छ, यहाँ के कामले आउनु भयो मलाई यथार्थ तथ्य वताउनु होस् ? ती कन्याले भनिन्-म गोप कन्या वैश्य जातिको हुँ र दही मखन विक्री गर्ने काम गर्दछु ।

ती कन्याको यति कुरा सुनेपछि ब्रह्माजीको लागि पत्नी वनाउन योग्य विचार गरी तिनको हात समाती इन्द्रले ब्रह्माजीको समीपमा लिएर आउनु भयो । कन्या पनि ब्रह्माजी जस्तो देवतालाई आफ्नो पति तुल्याउन पाएकोमा अत्यन्त हर्षित भइन् । भगवान् विष्णुको आज्ञाले ब्रह्माजीले ती कन्या संग गान्धर्व विवाह गरी आफ्नी पत्नी वनाउनु भयो । तत्पश्चात् ब्रह्माजीले ती कन्याको नाम गायत्री राख्नु भयो । अनि गाय-

CC-0. In Public Domain. Digitization by eGangotri

त्रीको साथमा रही ब्रह्मादेव कृत यज्ञलाई पूर्ण गराउनु भयो। यिनै गायत्री वेदकी माता हुन्।

त्वं देव सरस्वत्यवा वाजेषु वाजिनि
रदापूषेव न सनिभ्।
उतस्या न सरस्वती घोरा हिरण्यवर्तनिः
वृत्रघ्नी वष्टि सुष्टुतिम्॥

(ऋग्वेद ६।५।६१।६–७)

ऋषि भरद्वाज भन्नुहुन्छ-हे सरस्वती! तिमी युद्धमा रक्षा गर। पूषाको समान मलाई उपभोगग्य धन देऊ। शत्रुको नाश गर्ने भएकी रथारुढ सरस्वतीले मेरो श्रेष्ठ स्तोत्रको रक्षा गरून्।

आ भारती भारतीभिः सजोषां इला देवैर्मनुष्येभिरग्निः।
सरस्वती सारस्वतेभिरर्वाक् तिस्त्रो देवीर्वहिरेदं सदन्तु॥

(ऋग्वेद ७।१।२।८)

ऋषि वसिष्ठ भन्नुहुन्छ-सूर्यात्मक वाणीहरूको साथ भारती-आगमन गरून्। देवताहरू र मनुष्यहरूको साथ इला पनि आगमन गरून्। सरस्वती पनि यहाँ आउन्। यी तीनै देवीहरू कुशमा विराजमान् हुन्।

सम्पूर्ण विद्याकी स्वामीनी सरस्वती माताले एक हातमा वेदको पुस्तक धारण गर्नु भएको छ। जसको कृपाले साधारण मानिस समेत विद्वान् हुन्छन्। विद्या, श्री, श्रुति, गीता, बुद्धि, शक्ति आदि शब्द नै स्त्रीलिङ्ग हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

माता नै पुत्रका गुरु हुन् भन्नमाकुनै अत्युक्ति होइन । बालक कालमा माताले जुन उपदेश पुत्रलाई दिएको हुन्छ, त्यही नै भविष्यमा सम्पूर्ण जीवन निर्माणको आधार वन्दछ । अभिमन्यु, पृथ्वीराज, प्रताप, शिवाजी र गुरुगोविन्दसिंहको चरित्र अध्ययन गरी हेर्दा असाधारण वीरताले युक्त भएको देखिन्छ । यो हो माताको पवित्र, उच्च, वीरत्वादि शिक्षाको प्रभाव । दधिची, वसिष्ठ, याज्ञवल्क्य आदिमा जो अलौकिक योगवल थियो, त्यसको कारण माता नै हुन् । ध्रुव, प्रह्लाद र नारदजीमा जुन अद्भुत गुण, शील थियो; त्यो सव आर्यजननीको प्रवल इच्छा र आध्यात्मिक संस्कारहरूको प्रभाव थियो । चुडाला रानीले आफ्नो पति राजा शिखिध्र्वजलाई ब्रह्मज्ञानको उपदेश सुनाई ठूलो कोशिश गरी ब्रह्मज्ञानी नै वनाएकी थिइन् । मदालसा रानीले आफ्ना चारै पुत्रलाई ब्रह्मज्ञानी वनाइन् ।

राम्रोसंग शास्त्रको अवलोकन गरेमा नर नारीको समान अधिकार भएको देखिन्छ । वाल्मीकि रामायण (५।१५।४८) को अनुसार सीताजी वैदिक प्रार्थना गर्नु हुन्थ्यो । कौसल्या मन्त्रपाठ पूर्वक अग्नि होत्र गर्नु हुन्छथ्यो ।(ऋग्वेद ८।६।३०।) (ऋग्वेद १०।१०२।५ मन्त्र)

पुराकल्पे कुमारीणां मौञ्जीबन्धन मिष्यते ।
अध्यापनं च वेदानं सावित्रीवचनं तथा ।।
पिता पितृव्यो भ्राताः वा चैनमध्याप येत्पुर ।
स्वगृहे चैव कन्याय भैक्ष्यचर्या विधीयते ।
वर्जयेदजिनं दण्डं जटाधारणमेवच ।।

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन युगमा कुमारीहरूको व्रतबन्ध हुन्थ्यो र वेदाध्ययन तथा गायत्रीको समेत अधिकार थियो। खालि गुरुकुलको सट्टाघरैमा यिनीहरूको काम हुन्थ्यो। आचार्यको सट्टा बाबु, बाबु नभए कान्छाबाबु, जेठाबाबु, यिनीहरू पनि नभए दाजु भाइले वेदाध्ययन गराऊँदथे। छात्रहरूले गुरुकुलमा भिक्षा लिन प्रतिदिन गाउँमा जान पर्दथ्यो, परन्तु कुमारी ब्रह्मचारीणी लाई घरैमा भिक्षावृत्ति गराइन्थ्यो। गुरुकुल निवासी ब्रह्मचारीहरूले जटा पाल्ने, दण्ड धारण गर्ने तथा कृष्ण-मृगचर्म पहिर्ने नियम थियो, किन्तु ब्रह्मचारिणीहरूका निमित्त यी नियम थिएनन्।

आर्य हिन्दू धर्मावलम्बीहरूका मूल भूत सिद्धान्त तथा सर्वाधार वेद नै परम प्रमाण मानिन्छ। वेद अमूल्य ज्ञानराशिको र धर्मको कोष हो। इष्ट प्राप्ति र अनिष्ठ परिहारको अलौकिक उपाय स्पष्ट दर्शाउने ग्रन्थ रत्न केवल वेद नै हो (वेदोऽखिलो धर्म मूलम्) वेद सम्पूर्ण धर्मको मूल हो (वेदम् अधीते-वैदिक) वेद पढेको मानिस नै वैदिक धर्मको अनुयायी हो (नावेदविन्मनुते) वेदाध्यायन नगरी ज्ञान प्राप्त हुदैन (वेदनिन्दक नास्तिक) वेदलाई निन्दा गर्नेलाई नास्तिक भनिन्छ। प्राणी मात्रलाई मुक्तिको इच्छा छ। विना वेद वेदान्तको अध्ययन नगरी मुक्ति प्राप्त हुनु सम्भव छैन।

आत्मपूजा समो नास्ति पूजा रघुकुलोद्भव।
मत्सायुज्यमवाप्नोति चण्डालो ऽप्यात्मपूजय॥

(शिव गीता १६।३८)

CC-0. In Public Domain. Digitization by eGangotri

शिवजी भन्नुहुन्छ-हे राम ! आत्मपूजा जस्तो अर्को कुनै पूजा छैन ,चण्डाल पनि आत्मपूजाले सामुज्य मुक्तिलाई प्राप्त गर्दछ ।

माँ हि पार्थ व्यपाश्रित्य ये ऽपि स्युः पापयोनयः
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपियान्ति पराँ गतिम् ॥

(गीता ९।३२)

हे अर्जुन ! मेरो अनन्य शरण लिएपछि स्त्री, वैश्य, तथा शूद्र सबैले परम गति पाउँदछन् ।

ऐतरेय ब्राह्मण–ऋग्वेदको हो । (ऐतरेय ब्राह्मण) ऐतरेय (महिदास) ऋषिले लेखेका हुन् । इतरा एक नीचे कुलकी स्त्री थिइन् । उनीवाट जन्म हुनाको कारण माताको नाममा यिनको ऐतरेय नाम भएको हो ।

जिम मैक्समूलर साहेवले वेदको राम्रो संग अध्ययन गरी ४५ वर्ष लगाएर वेदलाई अंग्रेजीमा भाषान्तर गरे । योरोपका सुप्रसिद्ध दार्शनिक मेटरलिकले मुक्त कण्ठले वेदलाई ज्ञानको भण्डार भनेका छन् ।

वर्तमान युगमा योग वेदान्त पण्डिता ब्रह्मवादिनी श्री सन्तोष कुमारी (गीता भारती)ले महामण्डलेश्वरीको पद प्राप्त गरेकी छन् ।

वैदिक धार्मावलम्बि भई कन पनि हिन्दूले आफ्नो धंर्म शास्त्र वेद पढ्न नपाउनाको कारणले गर्दा उनीहरूलाई पर

CC-0. In Public Domain. Digitization by eGangotri

धर्ममा प्रवेश हुनु परेको हो । वेद ब्राह्मण वाहेक अरूले पढ्न पढाउनु हुंदैन भन्ने यो मानिसको मिथ्याधारणा र शास्त्र विरुद्ध कुरा हो । सामवेदीय छान्दोग्योपनिषद्मा राजा अश्वपतिको भवमना वैश्वानरसंज्ञक आत्माको ज्ञान प्राप्त गर्न उद्दालक मुनि सहित अरू पाँच मुनि प्राचीनशाल, सत्ययज्ञ, इन्द्रद्युम्न, जन र बुडिल गएका थिए ।

तान्होवाच प्रातर्वः प्रतिवक्तास्मीति ते ह
समित्पाणयः पूर्वाह्णे प्रतिचक्रमिरे तान्हानुपनीयैवैतदुवाच ।

(छां. ५।११।७)

वैश्वानर आत्माको पूरा ज्ञाता राजा अश्वपतिले मुनिहरूलाई भने -हुन्छ, म प्राप्तः काल तपाईहरूलाई यसको उत्तर दिउला । तबभोलिपल्ट मुनिहरूले हातमा समिधा लिएर राजा कहाँ गए । मुनिहरूलाई उपनयन न गराई कन नै राजले त्यस विद्याको उपदेश गरे ।

यजुर्वेदीय वृहदारण्यकोपनिषद्को अध्यया ६ ब्राह्मण २ मा राजा प्रवाहण र श्वेतकेतुको संवाद भएको छ । एक दिन आरुणिपुत्र श्वेतकेतु राजा प्रवाहणको सभामा गए । प्रवाहणले सोधें-के तिम्रो पिताले तिमीलाई शिक्षा दिनु भएको छ ? तब श्वेतकेतुले दिनु भएको छ भनी यस्तो उत्तर दिए ।

राजा प्रवाहणले प्रश्न गरे-जुन प्रकार मरेपछि यी प्रजा बिभिन्न मार्गद्वारा जान्छन्, जुन प्रकार पुनः ती प्रजा यस लोकमा

CC-0. In Public Domain. Digitization by eGangotri

आउदछन्, यस्तै प्रकारले पुनः पुनः धेरैको मृत्यु भएर जाँदा पनि त्यो लोक भरिदैन, कति पटक आहुति हवन गरेपछि आप (जल) पुरुष शब्द वाच्य भएर उठेर बोलन लाग्दछ; देवयानमार्गको कर्मरूप साधन अथवा पितृयान मार्गको कर्मरूप साधनलाई जो जान्दछन् ती देवयानमार्गमा प्राप्त हुन्छन् अथवा पितृयानमार्गमा ? मैले त मन्त्रको यो वचन सुनेको छु कि पितृहरूको र देवताहरूको यस्तो प्रकारको दुइ मार्ग हुन्छन्। यो दुवै मनुष्य संग सम्वन्ध राखेनेवाला मार्ग हुन्। यी दुवै मार्गदेखि जाने भएको जगत् सम्यक प्रकरले जान्छ तथा यी मार्ग (द्युलोक र पृथ्वीरूप) पिता माताको मध्यमा छन्? यस्तो प्रकारका पाँच प्रश्नहरू राजाले गरे ।

श्वेतकेतुले ती सवै प्रश्न प्रति आफ्नो अनभिज्ञाता प्रकाट गरे। तत्पश्चात् श्वेतकेतु घरमा फर्केर आए र पितालाई भने-तपाईले मलाई सम्पूर्ण विद्याको शिक्षा दिई सकेको छु भन्नु हुन्थ्यो। परन्तु मलाई एउटा क्षत्रिय राजाले पाँच प्रश्न सोधे मैले कुनैको पनि उत्तर दिनसकिन। पिताले भने-कस्तो प्रश्न ? श्वेतकेतुले राजाले गरेका पांचौ प्रश्नको यथार्थ वर्णन गरेर पितालाई सुनाए। पिताले भने-त्यो त म पनि जान्दिन। तदनन्तर त्यो वेद विद्याको शिक्षा लिनको लागि आरुणि राजा प्रवाहण कहाँ गएर ज्यादा नै आग्रह गरेकाले उक्त विद्याको उपदेश राजाले गरे।

यस भन्दा पूर्व यो विद्या कुनै ब्राह्मण जातिलाई थाहा थिएन। आरुणिद्वारा ब्राह्मणमा यो विद्याको प्रचार हुन गयो

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मविद्या क्षत्रियराजाहरूको निजी पैत्रिक सम्पति थियो । आफ्नो अन्त हुने केही वर्ष पूर्व र गृहस्थाश्रम छोडी सन्यास ग्रहण गर्ने केही समय अगावै मात्र आफ्ना पुत्रहरूलाई दिने गरेका थिए । राजाको जो जेठो पुत्र हुन्थ्यो, तिनलाई मात्र ब्रह्मविद्याको अधिकार थियो । ब्रह्मविद्या परम्परागत केवल राजा र राजर्षिहरूमा मात्र थियो । यसरी ब्रह्मविद्यालाई राजाहरूलेपतिव्रता स्त्रीलाई झैं गूह्य राखेका थिए । ब्रह्म विद्याको अर्को नाम हो राजविद्या । (पूर्व न कस्मिँश्चन ब्राह्मण उवास तां त्वहंतुभ्यं वक्ष्यामि) यस भन्दा पहिले यो विद्या कुनै ब्राह्मणलाई ज्ञात थिएन । त्यसलाई तिम्रो लागि बताउद्छु भनी राजाले बताए ।

इमं विवस्वते योगं प्रोक्तावानहमव्ययम् ।
विवस्वान्मन्वे प्राह मनुरिक्ष्वाकवे ऽब्रवीत् ॥
एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।

(गीता ४।१–२)

मैले यो कहिले नाश न हुने योग उहिले सूर्यलाई भनेको थिएँ । सूर्यले मनुलाई भने । मनुले इक्ष्वाकुलाई भनेका हुन् । यस्ता प्रकारले परम्परादेखि चली आएको योग राजर्षिहरू जान्द थिए ।

ऋग्वेदीय कौषीत उपनिषद्मा यस्तो उल्लेख गरेको छ– बालाकि नाम गरेका ब्राह्मण काशीका राजा अजातशत्रुलाई ब्रह्मज्ञान बताउन भनी गएका थिए । परन्तु बालाकिले

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणलाई नै ब्रह्म हो भनी बताएका हुँदा राजाले ती ब्रह्मविद्यादेखि रहित ब्राह्मणलाई निर्गुण ब्रम्हविद्याको उपदेश गरेका छन् ।

यजुर्वेदको वृहादारण्य उपनिषद्को १।४।११ मा यस्तो भनिएको छ– आरम्भमा यो एक ब्रह्म नै थियो । एकलै हुनाको कारण ब्रह्म विभूतियुक्त कर्म गर्न सामर्थ भएनन्, उनले अति शयताले क्षत्र यस प्रशस्त रूपको रचना गरे – अर्थात् देवताहरू-मा क्षत्रिय इन्द्र, वरुण, सोम, रुद्र, मेघ, यम,मृत्यु, ईशानादि हुन् यिनलाई उत्पन्न गरे । अतः क्षत्रिय भन्दा उत्कृष्ट कोही छैनन् । यसै ले राजसूय यज्ञमा ब्राह्मण तल बसेर क्षत्रियको उपासना गर्दछन् । ब्राह्मणहरू क्षत्रियहरूबाट नै मान, मर्यादा र कीर्तिलाई प्राप्त गर्दछन् ।

देवी भागवत् नवम स्कन्धको २६ अध्यायमा भगवान् विष्णु नारदजीलाई भन्नुहुन्छ -वेदजननी गायत्री प्रथम ब्रह्माजी-द्वारा पूजित भइन्, अनि देवगणहरूद्वारा, तत्पश्चात् पण्डित, राजा अश्वपति र पुनः चारै वर्णहरूद्वारा पूजिन लागिन् ।

वेदाध्ययनको अधिकार जन्मले प्राप्त हुने हो वा गुण र कर्मले प्राप्त हुने हो । पराशर ऋषि चाण्डालीको गर्भबाट पैदा भएका हुन् । व्यासजी मत्स्यकन्या सत्यवतीका पुत्र हुन् । मतङ्ग ऋषि पनि चाण्डलको कुलमा पैदा भएका हुन् । यिनी-हरू सबैले आफ्ना गुण र कर्मको प्रभावले ब्राह्मणत्व प्राप्त गरी सम्पूर्ण शास्त्रको वक्ता तथा लेखक भए । सूत भनेको पिता क्षत्री र माता ब्राह्मणीबाट जन्म लिनेलाई भनिन्छ । त्यो जातमा

CC-0. In Public Domain. Digitization by eGangotri

क्षत्री भन्दा सानो हुन्छ । त्यसले घोडाको सवारको काम र पुराणको व्याख्या गर्दछ । जुन सुकै पुराणमा पनि सूत उवाच भनेको पाइन्छ । चाण्डालको अर्थ हो शूद्र र ब्राह्मणीको ससागमबाट जन्मने मानिस, त्यो अत्यन्त भयंकर नीच कर्म गर्दछ र गाउं देख बाहिर वसेको हुन्छ ।

जसले जस्तो गुण–कर्मको सेवन गरेको छ, तदनुसार त्यसको वर्ण (जाति) हुन्छ । प्राचीन कालमा जन्मलाई भन्दा गुण-कर्मलाई विशेष मान्यता दिइन्थ्यो । (अत्युग्रपुण्यपापानामिहैव फलमश्नुते) अत्यन्त उग्र पुण्यपापको फल यसै जन्ममा प्राप्त हुन्छ ।

सदाचारेण देवत्वं ऋषित्वं च तथैव च ।
प्राप्नुवन्ति कुयोनित्वं मनुष्यातद्विपर्यये ।।

(संवर्तस्मृति)

मनुष्यहरू सदाचारले देवत्व तथा ऋषित्वलाई पाउँदछन्; दुराचारले नीचतालाई ।

एते त्वङ्गिरसः पुत्रा जात वंशेऽथ भार्गवे
ब्राह्मणाः क्षत्रिय वैश्याः स्तयोः पुत्राः सहस्त्रशः ।।

(हरिवंशपुराण हरिवंशपर्व २८।८३)

यो अङ्गिरागोत्री गालवको वंश हो, जो भार्गववंशमा उत्पन्न भए । यिनमा ब्राह्मण, क्षत्रिय, र वैश्य तीनै वर्णहरूका लोक थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

शतानि पञ्च भार्याणां ब्रह्मदत्तस्य धीमतः ।
आनीता वसुदेवस्य सुतस्य प्रियकाम्यया ।।
शतद्वयं ब्राह्मणीनाँ राजन्यानाँ शतं तथा ।
वैश्यानाँ शतमेकं च शूद्राणाँ शतमेव च ।।

(हरिवंशपुराण विष्णुपर्व ८३।३३–३४)

वुद्धिमान् ब्रह्मदत्तकी पाँच सय स्त्रीहरू थिए, जसलाई उनले भगवान् श्रीकृष्णलाई प्रसन्न गराई प्राप्त गरेका थिए। उनकी स्त्रीहरूमा दुइ सय त ब्राह्मणी थिए, एक सय क्षत्रिय-कन्याहरू, एक सय वैश्यकन्याहरू र एक सय शूद्रकी कन्याहरू थिए ।

पृष धृस्तु गुरुगोवधात्शूद्रत्वमगमत् ।

(विष्णुपराण ४।१।१४)

पृषध्र ब्राह्मण थिए, गुरुकी गाई मार्नाले शूद्र भए ।

शूद्रयोनौ हि जातस्य सद्गुणानुपतिष्ठतः ।
वैश्यत्वं लभते ब्रह्मन् क्षत्रियत्वं तथैव च ।
आर्जवे वर्तमानस्य ब्राह्मण्यमभिजायते ।।

(म.मा. वन. २११।११)

हे ब्रह्मन् ! शूद्रयोनिमा उत्पन्न भए ता पनि सदाचारको पालन गर्नाले वैश्यत्व तथा क्षत्रियत्वमा प्राप्त हुन्छ; ब्राह्मणका सरलता आदि गुणहरूलाई पालन गरेको छ भने ब्राह्मणत्व प्राप्त हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्वपाकीगर्भ संभूतः पिता व्यासस्य पार्थिव ! ।
तपसा ब्राह्मणो जातः संस्कारस्तेन कारणाम् ॥
(भविष्यपुराण ४२।२६)

व्यासका पिता पराशर एक चाण्डालीको गर्भबाट पैदा भएर पनि तपस्याले ब्राह्मण भए, त्यसकारण उच्च वर्णमा प्राप्त हुन संस्कार नै मुख्य कारण छ। (सर्वत्वमाधिकारिकम्) पूर्व मीमाँसा-दर्शन अध्याय १ पाद २ सूत्र १६ मा यस्तो भनिएको छ– ब्रह्म कर्ममा सबैलाई समान अधिकार छ।

न काम्यत्वात ॥
संस्कारे च तत्प्रधानत्वात् ॥
(मी.द.अ. ६ पा.१.सू ३१।३२)

मीमांसको मतमा शूद्रहरूको पनि कामना हुनाले तिनीहरूको पनि अधिकार सिद्ध हुन्छ। संस्कारहरूको कारणबाट ब्राह्मणादि वर्णहरूलाई प्रधानता मानिन्छ, तर शूद्र पनि आफ्ना योग्यताको प्रमाण दिएर उपनयन र वैदिक कर्महरूको अधिकारी बन्न सक्तछन्। जस्तै छान्दोग्य उपनिषद्मा सत्यकाम जाबालको योग्याताको आधारलाई लिएर गुरुजनहरूले वेदाध्ययनको अधिकाररी बनाएका थिए।

ऋष्यशृङ्गी मृग्यः, कौशिकः कुशात, जाम्बको
जाम्बूकात, वाल्मीकोः बाल्मीकत, व्यासः
कैवर्तकन्यकायाम्, शशपृष्ठात् गौतमः, वसिष्ठ
उर्वश्याम् अगस्त्यः कलशे जात इति श्रुतत्वात ॥
(वज्रसूचिकोपनिषद् ५)

CC-0. In Public Domain. Digitization by eGangotri

मृगदेखि श्रृङ्गी ऋषिको जन्म भयो, कुशबाट कौशिक, जम्बुकबाट जाम्बुक, वाल्मीकीबाट वाल्मीक, मल्लाहको कन्यादेखि व्यास, शशकको पीठदेखि गौतम, उर्वशी वेश्यादेखि वसिष्ठ, कलशदेखि अगस्त्य ऋषिको जन्म भयो ।

जातिरिति च। न चर्मणो न रक्तस्य न माँसस्य
न चास्थि नः । जातिरात्मनो जातिर्व्यवहार प्रकल्पित,
(निरालम्वोपनिषद् १०)

जाति कुनै छालाको हुँदैन, रगतको हुंदैन, मांसको हुँदैन, हाडको हुँडैन, आत्माको हुँदैन, जाति केवल व्यवहारको लागि मात्र कल्पित गरिएको हो ।

वैदिककाल (सत्ययुगमा) सत्यकाम जावलले ब्रह्मविद्या प्राप्त गरे । तेत्रायुगमा वाल्मीकी नाम गरेका डाँकू जो जातिको भिल्ल थिए । द्वापरमा एकलव्य भिल्ल जसले द्रोणाचार्यलाई गुरु मानी क्षत्रियहरूको अस्त्रशस्त्र विद्या सिके महात्मा विदुर ब्रह्मज्ञानी भए । कलीमा दादू, कवीर र रैदास सारकी यिनीहरूले ब्रह्मविद्या प्राप्त गरेका थिए, ।

प्राणो पिता प्राणो माता प्राणो भ्राता ।
प्राणः स्वसा प्राण आचार्यः प्राणो ब्राह्मणः ॥
(छा. ७।१५।१)

प्राण नै पिता हो, माता हो, भ्राता हो, वहिनी हो, आचर्य एवं ब्राह्मण हो । यदि शरीरलाई माता, पिता ब्राह्मणादि मानेको

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डमा त मृत शरीर जलाउदा मातृहत्या, पितृहत्या, ब्राह्मणहत्या आदि गरेको पाप लाग्न जाने हुन्छ। यस कारण प्राणलाई लिएर नै जाति पाति मानेको हो । यही नियमानुसार भारतमा प्राण रहित शवलाई जसले छोए पनि हुने मानेका छन् ।

सत्यं दानं क्षमा शीलमानृशंस्य तपो घृणा ।
दृश्यन्ते यत्र नागेन्द्र स ब्राह्मण इति स्मृताः ॥

(म.मा.वन. १८।२१)

युधिष्ठिर भन्दछन्–नागराजा ! जसमा सत्य, दान, क्षमा, सुशीलता, छ र क्रूरताको अभाव छ, तपस्या र दया इत्यादि सद्गुण देखिन्छन् भने उसलाई नै ब्राह्मण भनिएको छ ।

यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहु पण्डितं बुधा ः॥

(गीता ४।१९)

जसको कर्महरू कामना सङ्कल्पले रहित छन् तथा जसको कर्महरू ज्ञानरूपी अग्निले भस्म भएका छन्; त्यसलाई ज्ञानीहरू पण्डित भन्दछन् ।(पण्डा आत्मविषया बुद्धिः येषां ते ही पण्डित) आत्मविषयक बुद्धिको नाम पण्डा हो जसको यस्तो बुद्धि छ त्यही पण्डित हो ।

यस्य यल्लक्षणं प्रोक्तं पुंसो वर्णाभिव्यञ्जकम् ।
यदन्यत्रापि दृश्येत तत् तेनैव विनिर्दिशेत् ॥

(भागवत ७।११।३५)

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषको वर्णलाई वताउनेवाला जो लक्षण भनियो, यदि त्यो अर्कै वर्णवालामा पनि मिल्यो भने उसलाई पनि त्यसै वर्णको समझ्नु पर्दछ ।

नीचोच्च भावो गुणकर्मजन्यो नजन्मना
कस्यचिदस्ति लोके स्तेनोऽपि वाल्मीकि
रभून्महर्षिः विप्रोऽपि दैत्यो दशकन्धरोऽभूत् ॥

नीच र उच्च भाव कर्मवाट हुन्छ, जन्मवाट हुँदैन । वाल्मीकि चोर ऋषि भए । विप्र कुलमा जन्म भएर पनि रावण राक्षस भयो ।

वज्रसूचिकोपनिषद्मा कसलाई ब्राह्मण भन्ने प्रश्न उठाएर त्यसको निर्णय (ब्रह्मजानाति ब्राह्मणः) भन्ने सिद्ध गरेको छ । ऋषिहरूको उत्पत्ति नीच योनिवाट भएर पनि ब्राह्मण भएका उदाहरण पाइएको छ ।

श्री रामचन्द्रले श्राद्धको निमित्त विन्ध्याचलमा किरातलाई ब्राह्मण वनाएर श्राद्ध गरेको मातण्ड ग्रन्थमा छ । फेरि केरल देशमा कैवर्त (माझी) हरूलाई परशुरामले जनै हाली दिएको कुरा स्कन्दपुराण ह्याद्री खण्डाम यस प्रकार छ– (अब्राह्मण्ये तदादेशे कैव्रर्तन प्रेक्ष्य भार्गवः वसिष्टाचार यज्ञ सूत्रमकल्पयत) तिनै ब्राह्मण अहिले (नम्बुद्रि)य रले प्रसिद्ध छन् । किन भने (नम्भु) केरल भाषामा नौका पतवारलाई भन्दछन् ।

ऐत्तरेय ब्राम्हाणमा – कवष ऐलुषको विषयलाई लिएर लेखिएको छ कवष ऐलुष शूद्रको पुत्र थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषिहरूले सरस्वती नदीको तटमा यज्ञ गर्न लागेको समयमा उनलाई शूद्र भनेर त्यहाँवाट निकालो मरोस् भनी मरुस्थलमा पठाए । सरस्वती नदीको पानी समेत पनि पिउन दिएनन् । ती विचरा कवषलेप्यासले ग्राकुल-व्याकुल भएर ईश्वरको ग्रारधना गरे, ग्रनि उनले तत्काल ग्राफ्नो प्रिय सूक्त देखे, मन्त्र द्रष्टा ऋषि भए। उनको प्रभावले सरस्वती नदी नै कुरुक्षेत्रको मरुस्थलवाट वग्न थालिन् । यसरी शूद्रहरू पनि व्रह्मण्यत्वमा प्राप्त हुँदै गएका थिए । (एभिस्त कर्मभिदेवी शुभराचिर्तेस्तथा शूद्रो ब्राह्मणतां गच्छेत वैश्य क्षत्रियताँ ब्रजेत) ब्र.पु. २२३।१४ (कृण्वन्तो विश्वमार्यम्) यस श्रुतिको ग्रादेश ग्रनुसार प्राचीन कालदेखि नै विश्वमा ग्रनार्य जातिलाई ग्रार्य वनाउदै लगेको प्रमाणहरू उपलव्ध छन् । श्रुति, स्मृति,पुराण र इतिहास सवैको एकै संमति यही छ कि सदाचारद्वारा उच्च र ग्रनाचारद्वारा नीच वर्णमा प्राप्त हुन्छ, जन्मद्वारा मात्र हुँदैन । यसै कुरालाई लिएर व्याकरण महा भाष्यमा मतञ्जलि महर्षिले भन्नु भएको छ– ब्राह्मणादि शब्द जातिवाचक होइन, किन्तु गुण वाचक हो ।

चातुर्वण्य मया सृष्टं गुणकर्मविभागश ।

(गीता ४।१३)

भगवान् श्रीकृष्ण भन्नुहुन्छ–गुण र कर्मको विभागवाट ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र यी चार वर्ण मैले नै सृष्टि गरेको हुँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यो लेखको मुख्य भनाई यो हो कि जन्मको अपेक्षा गुण कर्ममा विशेषता हुन्छ; वर्ण र लिङ्ग भेदको विचार गर्नु हुंदैन र सदाचार रहित ब्रह्मवन्धु (नाम मात्रको ब्राह्मण)लाई पनि ब्रह्मविद्या दिनु हुँदैन । जो गुण र कर्मले सम्पन्न छन् तिनले वेदाध्ययन गर्नु मा कुनै हानि र आपति छैन । सदाचार सम्पन्न भई सवै आर्यजाति, हिन्दूले वेदाध्ययन गरे भने वैदिक धर्मको रहस्य वोध हुन जाने थियो र यथेष्ट मात्रामा यस धर्मको प्रचार र प्रसार हुने थियो । उनीहरूले विश्वाका अन्य कुनै पनि धर्मलाई ग्रहण गर्ने थिएनन् ।

केही वर्ष अधिसम्म मानिसमा यस्तो विपरीत धारणा थियो कि स्वास्नी मानिसले र गृहस्थी लोग्ने मानिसले गीता पढनु हुन्न पढे भने कि वौलाउदछन् कित जोगी हुन्छन् । आज यो मिथ्या धारणा त सर्वथा नष्ट भई नै सकेको छ, आशा छ अव केही वर्ष भित्रमा वेदाध्ययन गर्नु हुँदैन भन्ने धारणाको पनि अन्त हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्य जीवनको महत्त्व र सार

मनुष्य देहको महत्त्व यो छ कि त्रीयासी लाख, उनानसय हजार, नौसय उनानसय थरी देहधारीहरूको सृष्टि गरेर पनि सृष्टिकर्तालाई सन्तोष भएन र अन्तमा मनुष्य योनि सृष्टि गरेपछि उहाँ अत्यन्त प्रसन्न हुनु भयो। मनुष्य जीवन भगवान्को अन्तिम सृष्टि हो। मनुष्य जीवनमा भगवान्का कलाहरू विशेष रूपले विकास हुन जाने हुनाले नै यस देखि भगवान् अति सन्तुष्ट हुनुभएको हो।

भगवान्का यी कलाहरू पात्रानुसार कहीं थोरै र कहीं धेरै भएर सर्वत्र व्याप्त छन्। जति–जति कलाहरूको विकास हुँदै जान्छ उति–उति बुद्धि, वल, शक्ति आदिको बृद्धि हुँदै जान्छ। १६ कलामा १ कलाको विकास उदिभज्ज योनिमा हुन्छ, जुन पृथ्वीबाट उत्पन्न हुने वृक्ष वनस्पति हुन्। तिनमा केवल अन्नमय-कोष मात्र हुन्छ। २ कलाको विकास स्वेदज जीवन अर्थात् पसिनाबाट र पृथ्वीको वाष्यबाट पैदा हुने साना जन्तुहरू जम्रा, भुसुना आदिहरूमा हुन्छ। यस स्वेदज यानिमा अन्नमय र प्राणमय कोष हुन्छ। ३ कलाको विकास अण्डज योनि अर्थात् फुलबाट पैदा हुने सर्प, छेपारा, भ्यागुतो, माछा, पक्षी आदिमा हुन्छ। यसमा

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नामय, प्राणामय र मनोमय कोष हुन्छ । ४ कलाको विकास जरायुज जीवन अर्थात् सालबाट उत्पन्न हुने पशु आदिको योनिमा हुन्छ । यसमा अन्नमय, प्राणामय, मनोमय र विज्ञानमय कोष हुन्छ । साधारण मनुष्यमा ५ कला हुन्छन् र आनन्दमय कोष सहित अरू चारै कोष हुन्छन् । विशेष प्रभावशाली दैवी सम्पद-युक्त पुरुषहरूमा सम्पत्को तारतम्यले ६ कलादेखि ८ कलासम्म को विकास हुन्छ ९। कलादेखि अतिमानव कर्महरू प्रकट हुन्छन्; नौ कलाले सम्पन्न भएको पुरुष मानव होइन त्यो ईश्वरको अंश अवतार हो । यसमा पनि १५ कला सम्मको विकासलाई अंशावतार र १६ कला पूर्णावतार मानिन्छ । (षोडशकलोवै सौम्यपुरुषः) यो सौम्यपुरुष १६ कला युक्त छ । ज्ञानवान पुरुषको कला विशेष हुनाको कारण भगवान् श्री कृष्णजीले गीता ७।१८ मा भन्नु भएको छ– (ज्ञानीत्वात्मैव मे मतम) ज्ञानी त मेरै स्वरूप हो । यसैले (ज्ञानी नैव हन्तव्यः) भनेर शास्त्रले ज्ञानीको वधलाई निषेध गरेको छ ।

शङ्कराचार्य भन्नुहुन्छ– (जन्तूनाँ नरजन्म दुर्लभम्) अर्थात् जन्महरूमा नरजन्म प्राप्त गर्न अत्यन्त दुर्लभ कुरा हो । नेपाल र भारत देवी र देवताहरूको जन्मस्थान हो । विश्व-भरमा यी दुबै देशलाई धर्म क्षेत्र मानिएका छन् । यस्तो पुण्य भूमिमा जन्म हुनुको त के कुरा दर्शन मात्र प्राप्त हुनु पनि महान् सौभाग्य हो । यसै नेपाल देशमा गौतम बुद्ध, सीताजी, ब्यासजी आदिको जन्म भएको थियो । पार्वतीको पनि जन्म नेपालमा नै भएको हो । पार्वतीको साथ शिवजीको विवाह भएपछि शिवजी नेपालको हिमालय कैलाशमा रहनु भयो । वैशेषिक दर्शनको

CC-0. In Public Domain. Digitization by eGangotri

रचयिता महर्षि कणादको आश्रम मिथिलामा थियो। कपिलमुनि, विश्वामित्र, याज्ञवल्क्य आदि ऋषिहरूका आश्रम पनि नेपालमा नै थियो भन्ने कुरा प्रसिद्ध छ। भारत यति पुण्य भूमि हो कि त्यसको वर्णन गरेर कहिले पनि समाप्त हुन नसकिनेछ। जुन भूमिमा भगवान्ले रामावतार र कृष्णावतार आदि लिनु भयो।

गायन्ति देवाः किलगीतकानि,
धन्यास्तु ये भारत भूमि भागे।

भारतको पावन–भूमिमा मानवशरीर धारण गर्न पाउने जो छन् ती धन्य हुन्।

सिकन्दर वादशाह भारत जाने समयमा आफ्नो गुरु सुकरातको दर्शन गर्न गएका थिए। सिकन्दरले गुरुको दर्शन गरी भने– म भारतबाट आउँदा हजुरलाई के लिएर आउँ। भारतको नाम सुनेर सुकरात अति प्रसन्न भएर भने– राजन्! यदि तपाईंले भारतबाट मेरो लागि केही ल्याई दिनुहुन्छ भने एक जना ज्ञानी गुरु ल्याइदिनु होस्। भारतका ज्ञानीहरूको मन जुनसुकै समयमा (दुःख–सुख) मा पनि प्रसन्न भइरहेको हुन्छ। पुनः यदि तपाईं सक्नु हुन्छ भने मेरो लागि गंगाजल पनि लिएर आउनु होस्। जुन जललाई पिएर–ऋषिमुनिहरूले गुह्य तत्त्वलाई जाने। अरू पनि मेरो लागि केही ल्याई दिने विचार छ भने बाँसको बाँसुरी ल्याउनु [illegible] वजाएर म हेर्दछु कि त्यसको स्वर कस्तो आनन्ददायकको रहेछ। यदि राजन्! हुन सक्छ भने गीता र रामायणको पुस्तकलाई समेत लिएर आउनु। राजन्! मैले भनेका यी कुराहरू नभुल्नु होला।

CC-0. In Public Domain. Digitization by eGangotri

**नृदेहमाद्यं सुलभं सुदुर्लभं प्लवं सुकल्पं गुरुकर्णधारम् ।
मया नुकूलेन नभस्वतेरितं पुमान् भवाब्धि न तरेत स आत्महा ॥**

(भागवत. ११।२०।१७)

यो मनुष्य जीवन समस्त शुभ फलहरूलाई प्राप्त गनमा मुख्य छ र अत्यन्त दुर्लभ भएर पनि अनायास सुलभ भएको छ। यस संसार सागरदेखि पार जानको लागि यो एउटा सुदृढ नौका हो। जसमा गुरु कर्णधार (माझी) छन् तथा जो मेरो (भगवान्को) अनुकूलतारूपी हावाले प्रेरित छ। यस अवस्थामा जसले संसार समुद्र तर्दैन, त्यो आत्मघाती हो।

**वडे भाग मानुष तनु पावा ।
सुरदुर्लभ सव ग्रंथन्हि गावा ॥
साधन धाम मोच्छ कर द्वारा ।
पाइ न जेहि परलोक संवारा ॥**

(तु.रा. उत्तर. का.दो. ६५।७-८)

ठूलो भाग्यले मनुष्यशरीर पाइन्छ, यो शरीर देवताहरूलाई पनि प्राप्त हुन दुर्लभ छ भनी सबै शास्त्रले भनेका छन्। मनुष्य शरीर नै सम्पूर्ण साधनको धाम हो, यो नरशरीरले जुनसुकै साधन पनि गर्न सक्छ। जति साधनहरू छन् यही नरदेहमा नै रहन्छन् अन्य देहमा होइन। नरदेह नै मोक्षको द्वार हो र यसै को माध्यमबाट चारै प्रकारका मुक्तिलाई प्राप्त गर्न सकिन्छ। भनेको पनि छ– (शरीर माद्यं खलु धर्मसाधनम्)।

देवताहरूका शरीर भन्दा मानिसका शरीरको विशेष महत्त्व हुनु यो कारण हो। देवताहरूको कला कृष्णपक्षको

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रमा झैं दिन प्रतिदिन घट्दै गइरहेका छन् र मानिसको भने कला शुक्लपक्षको चन्द्रमा झैं दिन प्रतिदिन बढ्दै गइरहेको छ (ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विशान्ति) गीता ९।२१ देवताहरू त्यो ठूलो स्वर्गलोकको भोग गरेर पुण्य क्षीण भएपछि फेरि पृथ्वीतलमा झर्दछन् । परन्तु मानिसहरू भने आफ्ना पुण्यरूपी पुरुषार्थको बलले माथि चढि-रहेका छन् । केवल मानव शरीरलाई मात्र मोक्षको द्वार मानिएको हुँदा देवताहरूले पनि मोक्षको लागि मानव शरीर धारण गर्नु पर्छ ।

जो न तरै भवसागर, नर समाज अस पाइ ।
सो कृतनिंदक मंदमति, आतमहन कहि--जाइ ।।
(तु.रा.उत्तर दो. ६७)

जो यस्तो दुर्लभ नरदेह पाएर पनि भवसागरबाट पार हुनलाई प्रयत्न गर्दैन भने त्यो जस्तो अर्को अल्पज्ञ को होला ? शास्त्रले यस्तो मनुष्यलाई कृतघ्न र आत्मघाती बताएको छ ।

एकमेवामुना साध्यं ज्ञानं यत्स्वरूपदम् ।
तद्विना तु पशुभ्यश्च नरो हीनतमो मतः ।।
(आनन्दरामायण ३।६)

अतः आत्मज्ञान नै मनुष्य जीवनको उपलब्धि हो । आत्म ज्ञानदेखि रहित मानिसलाई पशु भन्दा पनि ज्यादा हीन (नीच) मानिएको छ ।

(आत्मलाभात्परो नान्यो लाभः कश्चन विद्यते) उपदेश साहस्त्री १७।४ आत्मज्ञानको लाभ भन्दा ठूलो लाभ अरू कुनै

CC-0. In Public Domain. Digitization by eGangotri

पनि छैन । (आत्मलाभान्न परं विद्यते) अध्यात्म पटल १।८।२ आत्मा लाभ नै सर्वोत्तम लाभ हो, त्यसलाई लाभ गरेपछि अरू केही लाभ गर्नु शेष रहेको हुँदैन (यज्ज्ञात्वा नेह भूयो ऽन्यज्ज्ञातव्यमवशिष्यते) गीता ७।२ जसलाई जानेपछि संसारमा फेरि अरू जान्नु पर्ने केही बाँकी रहँदैन ।

प्राप्य चाप्युत्तमं जन्म लब्ध्वा चेन्द्रियसौष्ठवम् ।
न वेत्त्यात्महितं यस्तु स भवेदात्मघातकः ॥

(भर्तृहरि)

यस्तो उत्तम जन्म र यस्तो काम गर्न सक्ने इन्द्रियहरूलाई पाएर पनि जो मनुष्य आफ्नो हित के गरेर हुन्छ भन्ने कुरा जान्दैन, आफ्नो जीवनलाई कल्याणमा लगाउँदैन, त्यो आत्म-हत्यारा हुन्छ ।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मन ॥

(गीता ६।५)

मनुष्यले आफूलाई आफैंले उद्धार गर्नु पर्छ, आफ्नो अधोगति गराउन हुँदैन । किनभने वास्तवमा आफ्नो शत्रु र मित्र आँफै नै हो ।

What shall it profit a man if he shall gain the whole world and lose his own soul

(इसामसीह)

अर्थात् यदि सम्पूर्ण जगत्को पनि स्वामित्व प्राप्त गरिसकेको छ तर आफ्नो आत्मालाई भूलेको छ भने स्वामित्व व्यर्थ नै हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या वित्त सुरूप गुण, सुत दारा सुख भोग
नारायण हरि भक्ति विन, ये सव ही हैं रोग ॥

विद्या पढेको छ, ऐश्वर्यले सम्पन्न छ, स्वरूप पनि राम्रो छ, गुणवान् छ, छोरा र पत्नी पनि असल छन् । इत्यादि सबै सुख भोगले पूर्ण छ ता पनि यदि नारायणको भक्ति देखि रहित छ भने त्यो भोग होइन रोग हो ।

येषां न विद्या न तपो न दानं न चापि शीलं न गुणो न धर्मः ।
ते मृत्युलोके भुविभारभूता मनुष्यरूपेण मृगाश्चरंति ॥
(चाणाक्य नीति ६।६)

जुन मनुष्यमा विद्या, तप, दान, शील, गुण, धर्म इत्यादि केही पनि छैनन् भने ती संसारमा पृथ्वीको भार भएर मनुष्य रूपले मृग भ्रमण गर्दछन् ।

यो नरो जन्मपर्यन्तं स्वोदरस्य प्रपूरकः ।
न करोति हरेः पूजाँ स नरो गोवृषः स्मृत ॥

जो मनुष्य जीवनभर केवल उदर पोषणमा मात्र लाग्दछ, भगवान्को पूजा गर्दैन भने त्यस मनुष्यलाई गोरु नै माने पनि हुन्छ । घाँस खानको गारोले मानिस भएको भन्ने पनि चलन छ ।

माँस भक्षैःसुरापानैर्मूखैश्चाक्षरवर्जितैः।
पशुभिः पुरुषाकारै र्भाराक्रांतास्ति मोदिनी ॥
(चाणक्यनीति ६।२२)

माँस भक्षण गर्ने मदिरा पान गर्ने न पढेका मूर्ख पुरुषाकार यी पशुहरूका भारले पृथ्वी पीड़ित हुन्छिन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

आहारनिद्रा भयमैथुञ्च सामान्यमेतत् पशुभिर्नराणाम् ।
धर्मोहि तेसामधिको विशेषो धर्मेणहीना पशुभीसमानाः ।।

खानु, सुत्नु, डराउनु र छोरा–छोरी जन्माउनु पशुहरूले पनि जानेका छन् यति मात्र भई धर्म देखि हीन भएका नर पनि पशुकै समान हुन् । खानु, लाउनु, छोरा–छोरी पाउनु यतिको लागि मात्र त मनुष्य जीवन प्राप्त गर्नुको कुनै प्रयोजन नै छैन । यी भोगहरू त शुकर, कुकुर आदि योनिहरूमा पनि प्राप्त भएका छन् । मानिस भइकन मानिसले गर्नु पर्ने र जान्नु पर्ने कुराकै ज्ञान भएन्न भने नरजन्म सार्थक भएन । शास्त्रमा लेखिएको छ– (न शरीरं पुनः पुनः) परन्तु यो नरदेह बारम्बार प्राप्त पनि भइरहँदैन ।

अब आयुको विषयमा केही विचार गरौं– विषयका जति सुख भोग छन् ती सबै बादलमा विजुली चम्के समान अञ्चल छन् । देखेको केही क्षीण पछि पुनः देखि दैनन्, त्यस्तै जीवको आयु पनि आगोमा तताई राखेको फलाममा पानी हाल्दा क्षीण भरमा सुकेर जान्छ; यस्तै हाम्रो यो शरीर पनि क्षीणभरको लागि मात्र हो । यस साँसारिक मेलको पनि विचार गर्दा–पिता, माता, स्त्री, पुत्र, भाइ यी सबै संग मिलेर एकसाथ बसिन्छ । परन्तु यो मेल पनि केही समयको लागि मात्र हो । बाटोको पाटीमा बास बसेका बटुवाहरू रातमा सबैसंग आफ्ना परिवार झैं मिलेर बसेका हुन्छन् । प्रातः कालहुनासाथ कोही कता लाग्दछन् कोही कता लाग्दछन् । परिवारको मेल पनि त्यस्तै छ, आफ्ना आफ्ना भोग सकी कोही कता जान्छन्– कोही कता जान्छन् यो

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा हुँदैन । मानिसको आयु अत्यन्त अल्प छ । सूर्यको उदय र अस्तको साथ-साथ प्रतिदिन आयु क्षीण भएर गइरहेको छ । कति मानिसहरू निरन्तर वृद्धावस्थाले पीडित भइरहेका छन् र कति मरेर गइरहेका छन्, यस्तो भएको देख्ता-देख्ता पनि मूर्खहरू हाम्रो पनि त्यही गत हुन्छ भनी ठान्दैनन् ।

आदित्यस्य गतागतैरहरहः संक्षीयते जीवितं ।
व्यापारैर्बहु कार्य भारगुरुभिः :कालोऽपि न ज्ञायते,
दृष्ट्वा जन्मजराविपत्तिमरणं त्रासश्च नोत्पद्यते ।
पीत्वा मोहमयीं प्रमादमदिरा मुमन्त्त भूतं जगत् ॥

(वैराग्य शतक ३४)

सूर्यको उदय अस्त हुनाले आयु दिन–दिन घटतै गइरहको छ । अनेक प्रकारको कार्यहरूमा र व्यापारमा काल व्यतीत भएको थाहा पाउदैनन् । जन्म, बृद्धापन, विपत्ति र मरण भएको देखेर पनि त्रास हुंदैनन्: यसबाट यो निश्चित हुन्छ कि मोहमयी प्रमादरूपी मदिरा पिएर जगत् मतवाला भइरहको छ । (बहिः सरति निःश्वासे विश्वासः कः प्रवर्तते) श्वास फेर्दा वाहिर निस्केर गएको श्वास फेरि भित्र पस्तछ भन्ने कुनै विश्वास भएको कुरा होइन ।

आयुः क्षणलवमात्रं न लभ्यते हेमकोटिभिः क्वापि
तच्चेद्गच्छति सर्वं मृषा ततः काधका हानिः ॥

श्री शङ्कराचार्य भन्नुहुन्छ–करोडौं सुनको रुपैयाँ दिनाले पनि आयुको एक क्षण समेत प्राप्त हुंदैन । यस्तो बहुमूल्य आयु सबै व्यर्थ जानु यस भन्दा ठूलो हानि अरू के होला ?

CC-0. In Public Domain. Digitization by eGangotri

श्वोभावा मर्त्यस्य यदन्तकैतत् ।
सर्वेन्द्रियाणाँ जरयन्ति तेजः ।
अपि सर्वं जीवितमल्पमेव

(कठ १।२६)

हे यमाचार्य! यी सबै साँसारिक विषय क्षण भङ्गुर छन् । भोलि सम्म रहन्छ कि रहदैन निश्चय छैन । इन्द्रियहरूको शक्ति नष्ट हुन्छ। जीवन अति अल्प छ ।

एक वनिया अति धनाढ्य थिए उनको स्त्री भने विदुषी थिइन् । उनको हृदय वैराग्य र विवेकले पूर्ण थियो । यस कारण उनी जहिले पनि आफ्नो पतिलाई भन्द थिइन्–परमात्मालाई प्राप्त गर्नु नै मनुष्य जीवनको सार हो । यस मार्गलाई तपाई किन ग्रहण गर्नु हुन्न । स्त्रीको कुरा सुनेर सेठ यही उत्तर दिन्थे–अहिले त्यस मार्गलाई ग्रहण गर्नु धेरै समय वाँकी छ केही हतार छैन । स्त्रीले विचार गरिन् कि कुनै युक्तिद्वारा सेठलाई लगाउनु पर्छ । केवल विषयमा लिप्त हुन मात्र स्त्री र पुरुषको धर्म होइन एउटाले अर्काको कल्याण गर्नु पर्छ । एक दिन सेठ बिरामी भए । वैद्यले औषधि दिए । त्यो औषधि स्त्रीले राखिन् । सेठले भने–वैद्यले दिएको औषधि झट्टै ल्याउ । स्त्रीले भनिन् –खानु होला अहिले केही हतार छैन । बारंबार सेठले औषधि माग्दा पनि नदिई यही उत्तर मात्र दिइन्–अहिले समय भएको छैन सेठले क्रोध पूर्वक भने–के मरेपछि खाने ? स्त्रीले भनिन्–परमात्माको चिन्तन के मरेपछि गर्ने ? सेठले आफ्नी पत्नीको उद्देश्यलाई बुझे, अनि उनी त्यस दिनदेखि

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्य जन्मको सार क्या हो परमात्मा कसरी प्राप्त हुन्छ भन्ने इत्यादि कुराको विचार गर्न लागे ।

आत्मः श्रेयसि तावदेव विदुषां कार्यं प्रयत्नो महान् ।
सन्दीप्ते भवने तु कूपखनने प्रत्युद्यमः कीदृशः ॥

(वैराग्य शतक ८६)

शरीरमा वल भएको समयमा नै आफ्नो उद्धार गर्न पर्छ । बृद्धावस्थामा धर्म गर्छु भन्नु र घरमा आगो लागे पछि इनार खनेर निभाउदछु भन्नु जस्तो हो ।

अत्यन्त दुःख परेकोले कुनै एक ब्राह्मणले महाराज युधिष्ठिरसंग केही धन मागे । युधिष्ठिरले भने भोलि दिन्छु । दाइको यस्तो कुरा सुनेर भीमले ठूलो हर्ष मानी नगरा वजाए । धर्मराजले सोधे नगरा किन वजाएको ? भीमले भने–तपाईले काललाई जीतनु भएको खुशीले ! किन भने पताईले ब्राह्मणलाई भोलि धन दिन्छु भन्नु भयो। अतएव भोलि सम्म त काललाई तपाईले आफ्नो अधीनमा राख्नु भयो । केही क्षीण अगाडि देखिएको मानिसको तुरुन्त मृत्यु भएको देखिएको छ। भाइको यो कुरा सुनेर युधिष्ठिरलाई लाज लाग्यो र तुरुन्त ब्राह्मणलाई डाकी धन दिएर पठाए ।

एक जना मानिस घोडामा चढेर घुमिरहेका थिए । यस्तैमा उनको घोडालाई पानीको प्यास लाग्यो । उनले घोडालाई मेशीनले पानी तानेको ठाउमा लगे । परन्तु मेशीनको अवाज सुनेर घोडा तरस्यो । उनले मेशीन चालकलाई भने एक क्षीण

CC-0. In Public Domain. Digitization by eGangotri

चलाउन वन्द गर म घोडालाई पानी पिलाउद छु । चालकले भने पताई मूर्ख हुनुहुदो रहेछ, मेशीनको ग्रावाज बन्द हुना साथ पानी ग्राउन पनि वन्द हुन्छ, ग्रनि तपाई कसरी घोडालाई पानी पिलाउनु हुन्छ । यदि घोडालाई पानी पिलाउनु नै छ भने मेशीन चलेको समयमा नै पिलाउनु होस् ।

उक्त कुराको तात्पर्य–मेशीन भनेको प्राण हो ग्रवाज श्रुति वाक्य हो, पानी ज्ञानामृत हो, घोडा चढने मानिस जीव हो, घोडा श्रोत्र इन्द्रिय (कान) हो । जीवले ज्ञानामृत पान गराउन खोज्दा विषयाशक्त भएको श्रोत्र ग्रब मेरो विषय वासना नष्ट होला भन्ने भय मानी जादैन । जीवले चालकालाई मेशीन वन्द गरभन्दा उसले यस्तो उत्तर दियो । मेशीन रूपी प्राण चलेको (जीवितावस्था) मा नै श्रोत्र इन्द्रियलाई ज्ञानामृत पान गराउनु सक्नु पर्छ । मेशीन बन्द हुन साथ शरीरको मृत्यु भइहाल्छ, ग्रनि के गर्नु । (इन्द्रियाणि हयानाहु) कठोपनिषद् १।३।४ मा इन्द्रियहरूलाई घोडा भनिएको छ ।

इह चेदवेदीदथ सत्यमस्ति न चेदिहावेदीन्महती विनष्टिः ।
(केनो २।५)

यस जन्ममा ब्रह्मलाई जान्यो भने त ठीक छ, यदि उसलाई जान्न सकेन भने त ठूलो हानी भयो ।

मनुष जनमहि पायके, चुके ग्रवकी घात ।
जाय परे भवचक्रमे ,सहे घनेरी घात ॥

यदि यस मनुष्य जन्म प्राप्त भएको समयमा परमात्मालाई

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गर्न सकिएन भने फेरि चौरासीमा पर्नु पर्छ। त्यस अवस्थामा कति कष्ट भोग्नु पर्ला।

अन्तिम सिद्धान्त–जसले वेदान्त दर्शनको अध्ययन गरी ब्रह्मज्ञान प्राप्त गरेको छ त्यही नै आवागमन देखि रहित हुन्छ। यसैको नाम हो मुक्ति अथवा मोक्ष। जसलाई मानव जीवनको लक्ष्यीभूत चारै पुरुषार्थहरूमा सर्वश्रेष्ठ तथा सर्वोपरि स्वीकार गरिएको छ।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम्।
कथयन्तश्च माँ नित्यं तुष्यन्ति च रमन्ति च॥

(गीताः– १०।९)

ममा चित्त र प्राण लगाएका भक्त जनहरू मेरो विषयलाई लिएर आपसमा छल–फल गरेर कुरा बुझाउदै सदा प्रसन्न भएर रमाउंदछन्।

आत्मानं सततं ज्ञात्वा कालं नय महामते।
प्रारब्ध मखिलं भुञ्जन्नोद्वेग कर्तुमर्हसि॥

(नादविन्दपनिषद् २१)

हे बुद्धिमान् पुरुष! तिमीले आत्माको स्वरूपलाई जान्नको लागि सदैव चेष्टा गर्नु पर्छ र आफ्नो मूल्यवान् समयलाई त्यसैको चिन्तनमा विताउनु पर्छ। प्रारब्ध कर्महरूको अनुसार कष्ट र कठिनाईहरू भोगरूपमा अगाडि आउद छन् ती देखि खिन्न हुनु हुंदैन. किनकि जव आत्माको ज्ञान हुन जान्छ, तब पनि यस प्रारब्ध देखि छुटकारा पाइदैन।

CC-0. In Public Domain. Digitization by eGangotri

आह्लादरूपता यस्य सुषुप्ते सर्वसाक्षिकी ।
तत्रोपेक्षा भवेद्यस्य तदन्यः स्यात् पशु कथम् ॥
(वेदान्तसिद्धान्त मुक्तावली ३०)

जसको आनन्द रूपता सुषुप्तिमा सबैलाई प्रतीत हुन्छ, त्यस आत्मालाई जो उपेक्षा गर्दछ; त्यस भन्दा अर्को पशु को होला ।

CC-0. In Public Domain. Digitization by eGangotri

हरिहरमा अभेद

यौ तौ शंखकपाल भूषितकरौ मालास्थिमालाधरौ ।
द्वेवौ द्वारवती श्मशाननिलयौं नागरि गौ बाहनौ ।।
द्वि = क्षौ बलिदक्षयज्ञमथनौ मेघाद्रिराजप्रभौ ।
पापं मे हरता सदा हरिहरौ श्री शैलजावल्लभौं ।।

(स्कन्द पुराण)

हे हरिहर, शंख कपाल लिएका वनमाला अस्थिमाला लाएका दिव्यरूप भई द्वारिका श्मसानमा वसेका गरुड वृष वाहन भएका दुइ तीन आँखा भएका बलिराज दक्षप्रजापतिका यज्ञ मथन गर्ने भएका मेघ हिमालय पर्वतको जस्तो वर्ण भएका लक्ष्मी पार्वतीका स्वामी भएका यस्ता तपाईले मेरो पाप सदा हरण गरिदिनु होस् ।

एको वासः पत्तने वा वने वा, एका नारी सुन्दरी वा दरी वा।
एकं मित्रं भूपतिर्वा यति र्वा, एको देव केशवो वा शिवो वा ।

(भर्तृहरि नी. श. ६९)

CC-0. In Public Domain. Digitization by eGangotri

एकै स्थानमा निसवा गर्नु पर्दछ–चाहे त्यो बडा मनोरम सुन्दर नगर होस् अथवा रमणीय वन होस् । एउटी नारी बनाउनु पर्दछ–त्यो सुन्दरी युवती होस् अथवा दरी अर्थात् हिमालयको शान्त गुफा होस् । एउटै मित्र बनाउनु पदर्छ–चाहे त्यो भूपति होस् अथवा विद्वान् संन्यासी होस् । एउटै देवताको आराधना गर्नु पर्दछ–चाहे शिव हुन् वा केशव ।

शिव नामको अर्थ हो (शेते सर्वं जगत् यस्मिन् सः शिव) प्रलयको समयमा जसमा समस्त जगत् विलय हुन्छ त्यो शिव हो। विष्णु नामको अर्थ हो (वेवेष्टि व्याप्नोति सर्व जगत् इति विष्णु) जो सर्व जगत्मा व्याप्त भएर रहनु भएको छ त्यो हो विष्णु । काशीको विश्व नाथमा र पुरीको जगन्नाथमा के अन्तर छ भनी कसैले सोध्यो भने विद्वान्हरू यही नै उत्तर दिन्छन् कि विश्व भन अथवा जगत् भन एकै कुरा हो केही फरक छैन । जव विश्व एवं जगत् एकै नै हो भने उसको स्वामी मात्र धेरै होलान् त ? यसकारण काल्पनिक मूर्तिमा भेद भएर पनि विश्वनाथ (शिव) एवं जगन्नाथ (विष्णु) वास्तवः एकै नै हुन् ।

जुन समय मर्यादा पुरुषोत्तम भगवान् श्रीराम दक्षिणको समुद्रतीरमा श्रीरामेश्वरको स्थापना गरिरहनु भएको थियो । त्यस समय देवर्षि नारदजी आइपुग्नु भयो र श्रीरामचन्द्रद्वारा वालुवाको निर्मित शिवलिङ्गको दर्शन गरी लिङ्गको नाम रामजी संग सोध्नु भयो। रामजीले तुरुन्त नै लिङ्गको नाम रामेश्वर हो भन्नु भयो। म रामहुं शिवजी मेरो ईश्वर र आराध्य देव हुन् । जसको मैले मूर्ति स्थापित गरेको छु । यसकारण

CC-0. In Public Domain. Digitization by eGangotri

(रामस्य ईश्वरः रामेश्वर) यस्तो अर्थ श्रीरामले वताउनु भयो ।

नारदजीलाई लिङ्गको विषयमा यथार्थ बुझ्ने इच्छा एभकोले तत्पश्चात् कैलाश जानु भयो र शिवजीसंग रामेश्वरको अर्थ सोध्नु भयो । शिवजेले तुरुन्त उत्तर दिनु भयो–(रामः ईश्वरो यस्य सः रामेश्वरः) रामेश्वरमा तत्पुरुषसमास छैन, किन्तु वहुव्रीहि समास छ जसको अर्थ हो–राम आराध्य ईश्वर हुनुहुन्छ जुन शिवको ती रामेश्वर हुन् । नरादजी संशयमा पर्नु भयो कि राम भन्नुहुन्छ–शिवजी मेरो ईश्वर हुनुहुन्छ, शिवजी भन्नुहुन्छ–रामजी मेरो ईश्वर हुनुहुन्छ । वस्तुतः राम र शिवले के भन्नु भएको हो त्यसको यथार्थ अर्थ बुझ्न भनी ब्रह्मलोक जानु भयो ब्रह्माजीलाई उक्त कुरा सोधनु भयो । ब्रह्माजीले पनि तुरुन्त उत्तर दिनु भयो–(रामश्चासौ ईश्वरश्च इति रामेश्वरः) रामेश्वरमा कर्मधारय समास छ, जो राम हो त्यही ईश्वर शिव हो, दुवै एक अभिन्न हुन् । एउटाले अर्कालाई आफ्नो आराध्य देव मान्नु नै यसको मूल तात्पर्य हो । शिव एवं विष्णु जुन प्रकार परस्परमा प्रेम गरी अभेद भाव राख्नु हुन्छ त्यस्तै प्रकार शैव एवं वैष्णवले पनि परस्परामा प्रेम गरी अभेद भाव राख्नु पर्दछ ।

तमोगुणी मायाको अधिष्ठातृत्वले गर्दा शिवजीको कालो वर्ण थियो, एवं सत्वगुणी मायाको अधिष्ठातृत्वले गर्दा विष्णुको सेतो वर्ण थियो । तथापि परस्परको ध्यानले गर्दा परस्परको वर्णमा परिवर्तन भयो यसै कारणले हाम्रो शास्त्र-

CC-0. In Public Domain. Digitization by eGangotri

हरूमा शिवको कर्पूरगौर एवं विष्णुको श्याम–सुन्दर भनिएको छ। विद्याकामस्तु गिरिशंय जेत् (भागवत् २।३।७) ब्रह्मविद्याको कामना गर्नेले भगवान् शंकरको आराधना गरोस्।

नरायणो नाम नरो नाराणां प्रसिद्धचोरः कथित पृथिव्याम् ।
अनेक जन्मार्जितपाप सञ्चयं, हरत्यशेषं स्मृतमात्र एव यः।
(पाण्डवगीता ४)

इन्द्रले भने–नारायणको नाम पृथ्वीमा सवै चोरहरू भन्दा पनि प्रसिद्ध छ. किन भने अनेक जन्मदेखि जम्मा गरिराखेको पापसमूहलाई केवल स्मरण गर्नाले मात्र पनि चोरेर लिनु हुन्छ।

व्रजे प्रसिद्धं नवनीतचौरं, गोपाङ्गनानाञ्च दुकूलचौरं ।
अशेषजन्मार्जितपापचौरं, चौराग्रगण्यं पुरुषं नमामि ॥

एउटा कुनै रसिक भक्त भगवान् श्रीकृष्णलाई भन्दछन्– ब्रजमा नौनी चोरमा प्रसिद्ध कहलाएका गोपाङ्गनाहरूका वस्त्र चोर्ने र अनेक जन्म आर्जित पापलाई चोर्ने भएका चौराग्रगण्य पुरुष तपाईलाई नमस्कार गर्दछु।

भगवान् श्रीपशुपतिनाथको मन्दिरमा पण्डितजीहरूले यजुर्वेद संहिताको रुद्राष्टाध्यायको पाठ गरेको सुनिन्छ।

दिशांच पतये नमो नमः पशूनां पतये नमो नमः
जगतां पतये नमो नमः।

(यजुर्वेद १६।१७–१८)

CC-0. In Public Domain. Digitization by eGangotri

तस्कराणां पतये नमो नमः स्तायूनां पतये नमो नमः ।

(यजुर्वेद १७।८–१)

भगवान् श्रीशंकर दिशाहरूका पति हुनुहुन्छः अज्ञानी मूढरूप पशुका पति हुनुहुन्छ, समस्त जगत्का पति हुनुहुन्छ, उहाँलाई मेरो वारम्वार नमस्कार छ । भगवान् शंकर डाकू एवं चोरका पति अर्थात् सरदार हुनुहुन्छ उहाँलाई मेरो नमस्कार छ ।

यस्तं वेत्ति स मां वेत्ति यो ऽनुतं स हि मामनु ।

(म.भा.शा. ३४१।२६)

भगवान् विष्णु भन्नुहुन्छ–जो रुद्रलाई जान्दछ, त्यो मलाई पनि जान्दछ । जो रुद्रको अनुगामी छ, मेरो पनि अनुगामी हो ।

अनादिनिधने देवे हरिशङ्करसंज्ञिते ।
अज्ञानसागरे मग्ना भेदं कुर्वन्ति पापिनः ।।

(नारद पुराण ।४५)

जन्म–मरणदेखि रहित भगवान् शम्भु तथा विष्णुमा भेद अज्ञान सागरमा निमग्न (डूबेका) महापपीले नै गर्दछन् ।

कुनै रसिक कविले शिव एवं विष्णुमा समानता सिद्ध गर्नको अभिप्रायले-रमा एवं उमाको मनोरञ्जन गर्ने भएको एक अति राम्रो संवादको वर्णन गरेका छन् –

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्षु क्वांऽस्ति ? बलेर्मखे, पशुपतिः? किं नास्त्यसौ गोकुले,
मुग्धे ! पन्नग भूषणः? सखि ! सदा शेते च तस्योपरि ।
आर्ये ! मुञ्च विषादमाशु, कमले ! नाहं प्रकृत्या चला,
इत्थं श्रीगिरिजासमुद्रसुतयोः संभाषणं पातु वः ॥

एक दिन भगवती महालक्ष्मी रमाले विचार गर्नु भयो कि मेरी प्यारी सखी भगवती उमा गौरीसंग भेट नभएको धेरै समय भैसक्यो । न उनी मलाई भेटन वैकुण्ठमा आइन् न म उनीलाई भेटन कैलाश गयें। यस्तो विचार गरी शीघ्र कैलाश जानु भयो । जो संग विशेष प्रेम एवं अभेद भाव हुन्छ, उसको साथ केही विनोद (हाँसी ठट्टा) पनि गरिन्छ । उमालाई एक्लै देखेर रमाले सोध्नु भो कि–(भिक्षु क्वांस्ति) अर्थात् तपाईको भिक्षु पति कहाँ हुनुहुन्छ ? व्यङ्यबाट यो सूचित गर्नु हुन्छ कि तिम्रो पति त भिखारी हुनुहुन्छ र मेरो पति भने राजाधिराज हुनुहुन्छ। बुद्धिमती उमाले तुरुन्त नै भिक्षुपदद्वारा आफूलाई आक्षेप गरेको समझनु भयो(कृते च प्रतिकर्तव्यं एष धर्मः सनातनः) को अनुसार मंद – मंद हाँसदै भन्नुभयो–ओहो ! मेरी प्यारी सखी भिक्षुलाई खोजनको लागि यहाँ आएको हौ भने म तिमीलाई भिक्षुको ठेगाना बताई दिन्छु । राजा बलि ठूलो यज्ञ गरिरहेका छन्, त्यहाँ वामन् रूपले साडे तीन पाउ भूमिको याचना गरिहनु भएको भिक्षु फेला पर्ने छ, त्यहाँ जाऊं । पार्वतीदेवीको यस्तो युक्ति–युक्त वचन सुनेर लक्ष्मीदेवीले बुझ्नु भयो कि केवल उमाको वर मात्र भिक्षु होइन मेरो

CC-0. In Public Domain. Digitization by eGangotri

वर पनि भिक्षु हुनुहुन्छ । लक्ष्मीले भन्नुभयो –मैले भिक्षुलाई सोधेको होइन, पशुपति कहाँ हुनुहुन्छ भानी सोधको हुं ? पशुपति शव्दको प्रयोगबाट रमाले उमाको समक्ष भगवान् शंकर को आक्षेप गर्नु भयो कि तिम्रो स्वामी पशुको पति हुनुहुन्छ । जुन प्रकार पशुको बुद्धि मोटो हुन्छ त्यस्तै प्रकार तिम्रो भोलानाथ् पनि नन्दी–पशुको साथमा रहेर त्यस्तै वन्नु भयो ; यसै कारणले गर्दा क्षीर समुद्र मंथनबाट जो अमृतको उत्पन्न भयो त्यो सवै देवताहरूले पान गरे , भोलानाथलाई भने देवताहरूले विष पान गराए । यदि उहाँमा बुद्धि भएको भए किन विष पान गर्नु हुनथ्यो । यसकारण तिम्रो स्वामी पूरा पशु जस्तै भएकोले पशुको पति हुनुहुन्छ ।

भगवाती गौरीले तुरुन्त नै पशुपति पदको आक्षेप गरेको समझनु भयो र भन्नुहुन्छ–के तिमीले पशुपतिलाई सोधेको हो। उहाँ गोकुलमा अहिले गाई चराई रहनु भएको होला, त्यहाँ भेट भएन र यहाँ खोजन आयौ । गाई पनि त पशु हुन्, मनुष्य होइनन्। यदि नन्दीको सम्वन्धबाट तिमी मेरो पतिमा जस्तो आक्षेप गर्दछेऊ; त्यस्तै आक्षेप गाईहरूको सम्बन्धवाट तिम्रो पतिमा पनि त लागू हुन सक्तछ । विषपान बुद्धिहीनताको परिचय होइन, किन्तु ठूला–ठूला विद्वान्ः–कविहरूले त्यसलाई कृपालुता एवंविश्व संरक्षणकताको परिचायक वताएका छन् । यस्तो प्रकारको सुसंगत प्रत्युत्तर सुनेर देवी कमला भन्न लाग्नु भयो कि मैले पशुपतिलाई सोधेको होइन, पन्नगभूषणलाई सोधको हुं । पन्नगभूषण पदवाट पनि आक्षेप गर्नु हुन्छ–तिम्रो

CC-0. In Public Domain. Digitization by eGangotri

पति कस्तो भयंकर रूपधारी हुनुहुन्छ, जसले सर्पको आभूषण धारण गर्नु भएको छ। शरीरमा जता हेर्‍यो उतै सर्प नै सर्प देखिन्छ। हातमा सर्पको बाला, गलामा सर्पको माला र कमरमा सर्प कै पटुका धारण गरेको छ। उहाँले सुन–चादी–मुक्ता कुनैको पनि आभूषण प्राप्त गर्न सक्नु भएन छ र भयंकर सर्पको नै आभूषण धारण गर्नु भयो। यस कारण जस्तो सर्प तमोगुणी छ, त्यस्तै तिम्रो सर्पधारी पति पनि तमोगुणी हुनुहुन्छ। यस आक्षेपलाई पनि देवी राजराजेश्वरी अन्नपूर्णले तुरन्त बुझ्नु भयो र भन्नुहुन्छ–पन्नगभूषणको दर्शन त तिमीलाई क्षीरसागर मा हुनेछ। त्यहाँ नै उहाँ सहस्त्रफण भएको शेषनागको शय्यामा सुरितहनु भएको छ अर्थात् मेरो पतिले त सर्प लाई आभूषण वनाउनु भयो। परन्तु तिम्रोपतिले त सर्पको नै खाट वनाउनु भयो। यदि सर्पको सम्वन्ध हुँदा शिवजीलाई तमोगुणी भनिन्छ भने विष्णुलाई पनि तमोगुणी भन्नमा कुनै आपत्ति छैन। यस्तो प्रत्युत्तार सुनेर लक्ष्मीले शिव र विष्णुमा कुनै अन्तर नभएको बुझ्नु भयो।

लक्ष्मीले भन्नु भयो– हे देवी पार्वती ! तिमी त सारै सरल हृदय भएकी छौ यसैकारण तिमीले श्मसानवासी मुण्ड-मालाधारी कपाली शिवलाई पतिरूपले वरण गर्‍यौ। यो तिम्रो ठूलो भूल हो। अहिले पनि तिमी यो भूललाई सुधार गरी अन्य कुनै सुन्दरदेवलाई वरण गर्न सक्तछेउ। शिवजी संग सम्वन्ध विच्छेद गर। पार्वती देवीले लक्ष्मीको मर्यादा भङ्ग शब्दलाई सुनेर यस्तो भन्नु भयो– हे लक्ष्मी ! राम्रो संग मेरो

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा सुन, मेरो पिता हिमाचल पर्वत हो र उहाँ सदा आफ्नो स्थानमा अचलरूपले प्रतिष्ठित रहनु हुन्छ, कहिले पनि हिंड-डूल गर्न हुन्न, अतः म हउआँकी पुत्री पार्वती पनि कुनै प्रकारको चलायमान हुन्न, किनकि पिताको अचल गुण ममा पनि अवस्थित छ। यसकारण मबाट कहिले पनि सम्वन्ध विच्छेद हुन सक्तैन। परन्तु तिमीमा भने विष्णु संग सम्वन्ध विच्छेद गर्ने योग्यता अवश्य छ। किनकी तिम्रो पिता समुद्रको स्थिर आसन छैन र सदा हिंड्ने– दौडने गरिरहनु हुन्छ। समुद्रकी पुत्री भएकोले तिमी लक्ष्मीको पनि त्यस्तै चञ्चल स्वभाव भएको देखिन्छ– आज हरिवहादुरको घरमा रहेको छ त भोलि नरवहादुरको पर्सी त्यहाँ पनि न वसी अर्कै मानिसको घरमा वसेको तिमीलाई देखिन्छ। यसकारण चञ्चल पिताकी पुत्री तिमी चञ्चला, आफ्नो चञ्चल स्वभावको अनुसार विष्णु संग सम्वन्ध विच्छेद गर्न सक्तछेउ, परन्तु म अचलतनया आफ्नो अचल स्वभावको अनुसार आफ्नो पतिदेव संगको सम्वन्ध विच्छेद गर्न सक्तिन। यस्तो प्रकारको रमा र उमाको प्रेममयी संवादले हामी सबैको कल्याण गरोस्।

शिवाय विष्णुरूपाय शिवरूपाय विष्णवे।
शिवस्य हृदयं विष्णुर्विष्णोश्च हृदयं शिव ःII

(स्कन्दोपनिषद् ८)

शिव नै विष्णु रूप हो र विष्णु नै शिव रूप हो, शिवको हृदयमा विष्णु रहनु हुन्छ र विष्णुको हृदयमा शिव निवास गर्नुहुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

वंशस्तु भगवान्रुद्रः ।

(कृष्णोपनिषद् ८)

भगवान् रुद्रले वंशीको रूप धारण गर्नुभयो । यही कारणले गर्दा भगवान् श्रीकृष्ण वंशीलाई क्षणभर पनि छोड्नु हुँदैनथ्यो। आफ्नो प्राणभन्दा पनि प्यारो मानी कहिले ओठमा र कहिले हातमा धारण गर्नु हुन्थ्यो ।

ये नमस्यन्ति गोविन्दं ते नमस्यन्ति शंकरम् ।
येऽर्चयन्ति हरिं भक्त्या तेऽर्चयन्ति वृषध्वजम् ।।
ये द्विषन्ति विरुपाक्षं ते द्विषन्ति जनार्दनम् ।
ये रुद्रं नभिजानन्ति ते न जानन्ति केशवम् ।।

(रुद्रोहृदयोपनिषद् ५–६)

जो गोविन्दलाई नमस्कार गर्दछ, त्यसको नमस्कार भगवान् शङ्करमा स्वयं नै पुग्न जान्छ । जो भक्त भगवान् विष्णुको पूजा गर्दछ, त्यो वास्तवमा वृषभध्वजको नै पूजा गर्दछ । जो भगवान् आशुतोषको द्वेष गर्दछ, त्यो जनार्दन प्रभुको प्रिय कहिले पनि हुन सक्तैन । जो रुद्रको ज्ञाता छैन, त्यो केशवको पनि ज्ञाता हुन सक्तैन ।

रुद्रो नारायणश्चैव सत्त्वमेकं द्विधाकृतम ।
लोके चरति कौन्तेय व्यक्तिस्थं सर्वकर्मसुः ।।

(म.भा.शा. ३४१।२७)

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– हे कुन्तीनन्दन ! रुद्र र नारायण दुवै एकै स्वरूप हुन् दुइ स्वरूप धारण गरेर भिन्न-भिन्न

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिहरूमा स्थित भै संसारमा यज्ञ आदि सब कर्महरूमा प्रवृत्त हुन्छन् ।

यो हरिं हररूपेण हरं च हरिरूपिणम् ।
यः पश्यति स एव स्यद् वैष्णवः शैव एव च ।
हरौ हरि च ये भदं कुर्वन्ति मनुजाधमाः ।
पाखण्डिनो वेदबाह्यास्ते वै निरयगामिनः ॥

जुन हरि हुन् उनै हर हुन्, यस्तो जो देख्दछ त्यो नै वैष्णव एवं शैव हो । हरि र हरमा जो भेद गर्दछ त्यो मानिसमा अधम हो । त्यस्तो पाखण्डिलाई वेदाध्ययनदेखि वहिष्कार गर्नु पर्दछ ।

औरउ एक गुपत मत, सवहुं कहहुं कर जोरि ।
शंकर भजन विना नर, भगति न पावै मोरि ॥

(तु.रा.उत्तर दो. ६७)

रामजी भन्नुहुन्छ– एउटा अर्को मेरो गुप्त मत छ, हात जोरर सबैलाई भन्दछु, त्यो के हो भने– शङ्करजीको भजन नगरीकन मेरो भक्ति पाइदैन ।

शंकर प्रिय मम द्रोही, शिवद्रोही मम दास ।
ते नर करहि कल्प भरि, घोरनरक महुँ वास ॥

(तु.रा.लंका. दो. २)

जो व्यक्ति शङ्करको भक्त मेरो द्रोही छ अथवा मेरो भक्त शंकरको द्रोही छ भने ती दुवै प्रकारका मानिस कल्प-कल्पान्तर सम्म घोर नरकमा निवास गर्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

हरिस्ते साहस्त्रं कमलबलिमाधाय पदयो–
र्यदेकोने तस्मिन्निजमुदहरन नेत्रकमलम् ।
गतो भक्त्युद्रेकः परिणतिमसौ चक्रवपुषा
त्रयाणां रक्षायै त्रिपुरहर ! जागर्ति जगताम् ॥

(श्रीशिवमहिम्नस्तोत्र १९)

भगवान विष्णु प्रतिदिन एक हजार कमलको फूलले शिवजीको पूजा गर्नुहुन्थ्यो । एकदिन भक्तिको परीक्षा गर्नको लागि शिवजीले एउटा कमलको फूल लुकाई दिनु भयो । पूजा गर्न बसेपछि विना पूर्ण न भै उठ्दा नियम भङ्ग हुन जाने हुनाले परम शिव भक्त विष्णुले आफ्नो एउटा नेत्र कमल निकाली पूर्ति गर्नु भयो। विष्णुको परम भक्तिदेखि प्रसन्न भएर शंकरजीले सुदर्शन चक्र दिनु भयो ।

शङ्खचूडले देवताहरूका राज्य हरण गरेर लियो । भगवान् विष्णुले शङ्खचूड संग युद्ध गर्न शिवजीलाई प्रेरणा गरी त्रिशूल प्रदान गर्नुभयो ।

दत्वा त्रिशूल हरिणा तव प्रस्थापितः शिवः ।

(ब्रह्मवैवर्त पुराण २३।१७)

त्यसै त्रिशूलद्वारा शिवजीले युद्ध मा विजय प्राप्त गर्नु भयो।

एनमेव हि देवेशि सर्वमन्त्रशिरोमणिम् ।
काश्यामहं प्रदास्यामि जीवानां मुक्तिहेतवे ॥

(शि.पु. कैलाश संहिता ३।२०)

CC-0. In Public Domain. Digitization by eGangotri

शिवजी पार्वतीलाई भन्नुहुन्छ– हे देवी ! सर्व ! मन्त्रहरूमा शिरोमणि तारक मन्त्र (राम) म काशीमा प्राण त्याग गर्ने जीवलाई मुक्तिको लागि दिन्छु ।

महामन्त्र जोइ जपत महेसू । काशी मुक्तिहेतु उपदेसू ।
(तु.रा वा.दो. २४।३)

शिवजी रामलाई भन्नुहुन्छ– म हजुरको तारक मन्त्र (रामनाम) जपेर पार्वतीको साथ काशीमा रहन्छु र मर्नलागेको मानिसको कानमा त्यही तारक मन्त्र सुनाई दिन्छु ।

एक रात भगवान् विष्णुले यस्तो स्वप्ना देख्नु भयो कि करौडौं चन्द्रमाको कान्ति सरीको त्रिशूल-डमरू लिई नाना किसिमको सुवर्णले भूषित हुनु भएको शिवजी आफ्नो अगाडि आएर ध्यान गरिराखेको देख्न साथ विष्णुको निद्रा खुल्यो ।

अनि विष्णु भगवान् मनमनै भन्नुहुन्छ म माथि शिवजीले ठूलो कृपा गर्नु भो भनी खुशी भई नसुती आफ्नो शय्याबाट ओर्ली शिवजीको ध्यान गर्न लाग्नु भयो । जब विष्णु ध्यान गर्न लाग्नु भएको थियो तब लक्ष्मी पनि जागा हुनु भयो । लक्ष्मीले कसको ध्यान गरेको हो भनी विष्णुलाई सोध्नु भयो । विष्णु भन्नुहुन्छ– हे प्यारी लक्ष्मी ! म माथि शिवजीको ठूलो कृपा भयो, मैले स्वप्नमा उहाँको दर्शन पाएं । त्यसै कारण मैले उहाँको ध्यान गरेको हुँ । अब हामी दुवै शिवजीको दर्शन गर्न जाउँ भनी लक्ष्मीलाई लिएर विष्णु कैलाशतर्फ प्रस्थान गर्नुभयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

उता भगवान् शिवले पनि विष्णुले स्वप्ना देखे झैं स्वप्ना देख्नु भयो । आफूले विष्णुलाई देखेकोमा अत्यन्त हर्षित भई उक्त कुरा पार्वतीलाई भन्नु भयो । अब हामीदुवै विष्णुको दर्शन गर्न जाउँ भनी हिमालयको घरदेखि वैकुण्ठतिर भवानी शङ्कर प्रस्थान गर्नुभयो ।

शिव र विष्णुको मार्गमा नै भेट भयो र दुवै अति खुशी हुनु भयो; विष्णु शिवलाई वैकुण्ठ जाउँ भन्नुहुन्छ तथा शिव विष्णुलाई कैलाश जाउँ भन्नुहुन्छ । यही अवसरमा नारदजी पनि आइपुग्नु भयो र वीणा बजाई हरिहरको स्तुति गर्नु भयो। विष्णु र शिवको त्यस्तो घनिष्ट प्रेमलाई देखेर आश्चर्य मानी नारदजीले पनि केही भन्न सक्नुभएन तत्पश्चात् पार्वतीले भन्नु भयो। हे नाथ हे विष्णु हे वैकुण्ठपते नारायण ! हजुरहरूको यस्तो अलौकिक प्रेमलाई देखेर मेरो मनमा त यस्तो लाग्छ कि दुवै थरीको भिन्नता कहिले पनि हुँदैन । कैलाश भन्नु र वैकुण्ठ भन्नुमा पनि कुनै अन्तर छैन, फेरि दुवैको एकै आत्मा छ र शरीर पनि एकै हुन्छ । जस्तै हरिहरमा कुनै अन्तर छैन ।

जुन पुरुष यी कुरालाई नजानी हरिहरको निन्दा गर्दछन् र अरूले निन्दा गरेको सुन्दछन् भने तिनलाई गोवधको पाप लाग्छ । म पनि नारदजीले झैं वैकुण्ठ अथवा कैलाश कतातिर जानु पर्दछ भन्ने कुराको निश्चय गर्न सक्दिन । परन्तु अब म हजुरहरू दुवै संग यो प्रार्थना गर्दछु कि आफ्नो-आफ्नो लोक संवारी होस् । पार्वतीको यो कुरा सुनेपछि दुवै आफ्नो-आफ्नो लोकमा जानु भयो । परन्तु विष्णुलाई वैकुण्ठ जाँदा

CC-0. In Public Domain. Digitization by eGangotri

शिवजीको रूप धारण गरी गएको जस्तो लाग्यो। शिवजीलाई पनि कैलाश जाँदा विष्णुको रूप धारण गरी गए झैं लाग्यो।

भगवान् विष्णु वैकुण्ठ पुगिसकेपछि लक्ष्मीले सोध्नुभयो– हजुरलाई सबभन्दा प्यारो को लाग्छ ? भगवान् विष्णु भन्नु हुन्छ– मेरो सबभन्दा प्यारो शिवजी नै हुनुहुन्छ। मेरो भक्तलाई शिवजी आफ्नो भक्तभन्दा पनि ज्यादा प्रेम गर्नु हुन्छ, त्यस्तै प्रेम शिव भक्तलाई म पनि गर्दछु।

जेही पर कृपा न करही पुरारी।
सो न पाव मुनि भगति हमारी ॥

(तु.रा.वा.दो. १४७)

भगवान् विष्णु नारदजीलाई भन्नुहुन्छ– शङ्करजी जसको उपर कृपा गर्नु हुन्न त्यो व्यक्तिले मेरो भक्ति पाउदैन। एक दिन पार्वतीले शिवजीलाई सोध्नु भो– सार वस्तु के हो ? शिवजी उत्तर दिनु हुन्छ –

उमा कहुं मै अनुभव अपना।
सत्य हरि भजन जगत् सब स्वप्ना ॥

(तु.रा.अरण्य दो. ३८।५)

उमा ! म तिमीलाई आफ्नो अनुभव भन्दछु कि एउटा हरिको भजन सत्य छ, जगत् सबै स्वप्ना तुल्य मिथ्या छ।

शिवमहापुराणको कोटिरुद्र– संहिताको ३७ अध्यायमा

CC-0. In Public Domain. Digitization by eGangotri

भनेको छ– श्रीरामजी शिवको परम भक्त हुनाको कारण रुद्राक्ष एवं भस्म धारण गर्नु हुन्थ्यो ।

रोगं हरतिनिर्माल्यं, शोकन्तु चरणोदकं ।
अशेषं पातकं हन्ति, शम्भो नैवेद्य भक्षणम् ।।
शिवनैवेद्यके चैव हरिनैवेद्यके तथा ।
करोति भेदबुद्धिं यो ब्रह्महत्यां लभेत सः ।।

(शि.पु. विद्येश्वर संहिता अ. २२)

भगवान् शिवमा चढाएको विल्वपत्र – पुष्पादिरूप निर्माल्य नेत्र एवं शिरको स्पर्शद्वारा रोगहरूको निवारण गर्दछ, शिव-पादोदक पानद्वारा शोक नाश गर्दछ, शम्भुको नैवद्य भक्षणद्वारा सम्पूर्ण पापहरू विध्वंस हुन्छ ।

श्रीशिवको नैवेद्यादिमा तथा श्रीहरिको नैवेद्यादिमा जो मानव भेदबुद्धि गर्दछ,त्यो ब्रह्महत्या पापमा प्राप्त हुन्छ। अतः शिव निर्माल्यादि परम पवित्र एवं ग्राह्य हो ।

रावणले सीताजीलाई हरण गरेर लगेपछि भगवान् राम सामन्य मानिस झै सीताको वियोगले दुःखित भई हा सीते हा सीते भन्दै वनमा घुमिरहनु भएको थियो । देवताहरू पनि श्रीरामले गरेको लीलालाई हेरिरहेका थिए । श्रीरामको यस लीलालाई देखि सतीदेवीलाई भने राम पूर्णब्रह्म हुनु हुन्छ भन्ने कुरामा शङ्का उत्पन्न भयो शिवजीको कुरामा पनि विश्वास भएन र मोहमा पर्नु भयो। अनि शिवजीले विश्वास नभए परीक्षा गरी हेर भन्नुभयो । सती सीताको रूप धारण गरी रामको

CC-0. In Public Domain. Digitization by eGangotri

सामुन्ने खडा हुनु भयो। राम भने पूर्ववत् नै हा सीते– हा सीते ! भनिरहनु भएको थियो भेषधारी सीता भन्नुहुन्छ–

स पण्डितो नरश्रेष्ठः प्राज्ञः कर्मविदां वरः ।
अप्राज्ञ इव किं रामः भार्याहेतोर्विमुह्यति ॥

हे राम ! हजुर त बुद्धिमान एवं विद्वान भएर पनि अज्ञानी झैं पत्नीको वियोगले मोहमा किन पर्नुहुन्छ । अव यो मोहलाई छोड्नु होस् । वनवासको दिन पनि समाप्त हुन लागेको छ । सीता भेषधारी सतीको कुरालाई सुनेर भगवान् राम हाँस्दै भन्नुहुन्छ– माता यस्तो कुरा किन गर्नु हुन्छ, म त भगवान् शङ्करको एक दीन वालक हुँ। शङ्करको कुरामा विश्वास नमानी सीताको भेष धारण गरेर किन आउनु भो । सतीले तुरुन्त सीताको भेषलाई त्यागी रामको शरणमा परी भन्नु भयो– हजुरको अगम्य गति छ। हजुरको अगाडि कसैको पनि छलकपट चल्न सक्तैन हजुर पूर्ण ब्रह्म हुनुहुन्छ। हजुरमा सीता वियोगको दुःख र कामवासना रति भर छैन यस्तो भएर पनि हा सीते– हा सीते भनी वनमा किन कराई घुम्नु भएको हो ।

श्री रामले उत्तर दिनु भयो– देवी मेरो लीला श्रीशिवजी जान्नुहुन्छ, उहाँ सँगै सोध्नुहोस्। सतीले भन्नु भयो– हे राम ! म हजुरको शरणमा परकी छु, मलाई आफ्नो लीलाको गुह्य रहस्य वताउनु होस ।

यसरी सतीले ज्यादै आग्रह गर्नु एको हुँदा श्रीरामले भन्नु भयो– हे देवी भवानी ! तपाईंले जुन मैले वृक्ष पत्थरलाई

CC-0. In Public Domain. Digitization by eGangotri

आलिंगन गरी हा सीते ! भनेको देख्नु र सुन्नुभयो तो वृक्ष पत्थरहरू पूर्व जन्ममा ऋषि-मुनि थिए । तिनले मलाई प्राप्त गर्नको लागि निष्काम अनुष्ठान गरेका थिए । सीता वियोगको माध्यमबाट तिनलाई आलिङ्गन गरेको हुँ । तपाईं यो निश्चय गर्नु होस् कि विनाकारण राम एक पाइला पनि अगाडि वढाउँदैन । इत्यादि रामको वचन सुनेपछि सतीको मोह नष्ट भयो र रामको चरणको गुण गाउँदै कैशालतर्फ जानु भयो । शिवजीलाई सतीले सीताको भेष धारण गरेको थाहा भयो र सतीलाई त्याग्ने मनमा निश्चय गर्नु भयो ।

अस प्रण तुम विन करैं को आना ।
राम भक्त समरथ भगवाना ॥

(तु.रा.वा.दो. ६८।५)

हजुर बाहेका अर्को कुन यस्तो प्रण गर्न सक्दछ । हजुर परम राम भक्त र समर्थवान हुनुहुन्छ भनी यस्तो आकाशवाणी भयो

सिव समको रघुपति व्रत धारी ।
विनु अघ तजी सती असिनारी ॥

(तु.रा.वा.दो. ११४।७)

रघुपति रामजीको सेवारूपी व्रत धारण गर्नेमा शङ्कर जस्तो अर्को को छ ? जसले सती जस्ती स्त्रीलाई विना अघ (विना पाप) त्यागिदिनु भयो ।

सीताजीलाई शिवजी माता तुल्य मान्नु हुन्थ्यो, यसकारण सतीले सीताको रूप धारण गरेको हुँदा पत्नीरूपले ग्रहण गर्नु

CC-0. In Public Domain. Digitization by eGangotri

भएन । सतीले पनि अब यो देह धारण गर्नु के काम भनी दक्षको यज्ञकुण्डमा प्रवेश गरी प्राण त्याग्नु भयो र पार्वती भई पुनः शङ्करको पत्नी हुनुभयो ।

शिवजी र पार्वतीद्वारा श्रीकृष्णलाई वर प्राप्ति – धर्ममा दृढतापूर्वक स्थिति, युद्धमा शत्रुलाई संहार गर्न सक्ने शक्ति, श्रेष्ठ यशः उत्तम वल, योगवल, सर्वप्रिय र दश हजार पुत्र यति सात वर प्राप्त भइसकेपछि श्रीकृष्णले पार्वती संग ब्राह्मण माथि मेरो मनमा कहिले क्रोध नहोस्, मेरा पिता सदा मदेखि प्रशन्न रहून्, उत्तम भोग सदा उपलब्ध भइरहोस्, मेरो कुलमा प्रसन्नता वनिरहोस् । मेरी माता पनि सदा प्रसन्न रहून् र मलाई शान्ति तथा प्रत्येक कार्यमा कुशलता प्राप्त होस् भन्ने यति सात वर माग्नु भयो । पार्वतीले कृष्णलाई सात वर प्रदान गर्नु भयो र पुनः आफ्नो तर्फबाट पनि आठ वर दिनु भयो । कहिले असत्य वचन नबोले, १६ हजार रानी हुन्, ती रानीहरूको प्रेम तिमीमाथि रहोस् । तिमीलाई अक्षय धन-धान्य प्राप्त होस् बन्धु वान्धवहरूवाट तिमीलाई प्रशन्नता होस् । तिम्रो यो शरीरमा सदा काम भोगको शक्ति रहोस् । तिम्रो घरमा प्रतिदिन सात हजार अतिथि भोजन गरून् । भवानी – शङ्करबाट यस्तो वर प्राप्त भएकोमा श्रीकृष्ण अत्यन्त हर्षित हुनुभयो ।

शिव र विष्णुमा अन्तर मान्नु ठूलो भूल र महान् हानी हो । अन्य सबै देवतालाई देव र ईश मात्र भनिन्छ । सबै देवता भन्दा श्रेष्ठ हुनाको कारण शिवजीलाई महादेव र महेश

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ । कल्याणको नाम हो शिव, अतः कुन चाहिं मूर्ख होला जो आफ्नो कल्याण न चाहने ।

ॐ भुवनस्य पितरं गार्भिराभी रुद्रं दिवा वर्धया रुद्रभक्ती ।
वृहन्त भृष्वमजरं सुषम्न मृधरधुवेम कविनोषितासः ॥

(ऋग्वेद ६।४९।१०)

चराचर विश्वरूप भुवनको पिता भगवान् रुद्रको वेदको प्रसिद्ध तन्त्र स्तुतिरूप वाणीहरूद्वारा दिन तथा रात्रिमा पनि रुद्रलाई प्रशन्न गर । कविसर्वज्ञ अन्तर्यामी ती भगवान्देखि प्रेरित भएको म ती महान् व्यापक दर्शनीतमय, अजर, अमर, अखण्डानन्द निधि परमेश्वर रुद्रको समृद्ध ऐश्वर्यको लागि स्तुति प्रार्थना र आराधना गर्दछु ।

नमो नरकसंत्रास रक्षामण्डलकारणे ।
संसार निम्नगावर्त तारिकाष्ठाय विष्णवे ॥

जसले नरकको भयदेखि त्राण गर्नको लागि एक मण्डल घेरा बनाई राखेका छन्, जो संसाररूपी नदी पार भएर जानको लागि माझीको काम गर्दछन्, ती भगवान् विष्णुलाई नमस्कार छ ।

जय चक्रगदापाणे जय शूलिंस्त्रिलोचन ।
जय मौक्तिकदीप्ताङ्ग जय नागविभूषण ॥

(हरिवंश पुराण भविष्यपर्व ८७।१०)

हातमा चक्र र गदा धारण गर्ने नारायण तपाईको जय

CC-0. In Public Domain. Digitization by eGangotri

होस् । शूलधारी त्रिलोचन ! तपाईंको जय होस् । मोतीहरूका मालाले उद्भाषित अङ्ग भएका श्रीकृष्ण ! तपाईंको जय होस् ! नागहारले विभूषित महादेव ! तपाईंको जयहोस् ।

शिवाय बिष्णुरूपाय विष्णवे शिवरूपिणे ।
यथान्तरं न पश्यामि तेन तौ दिंशतः शिवम् ॥

(हरिवंश पुराण विष्णुपर्व १२५।२९)

विष्णुरूप धारी शिव र शिवरूप धारी विष्णुलाई नमस्कार छ म उहाँहरू दुइमा कुनै अन्तर देखदिन, मेरो यस भावदेखि सन्तुष्ट भएर ती दुवैले मलाई कल्याण प्रदान गरून् ।

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानी गुरुको महिमा

समजका रत्न स्वरूप ज्ञानी गुरु हुन् पथ प्रदर्शक । ज्ञानी गुरुको उपदेशले मात्र मुमुक्षु शिष्य ज्ञान प्राप्त गरी जीवनमुक्त हुन सक्दछ जस्तै एक थोपामात्र तेल कुनै वस्त्रमा पऱ्यो भने त्यसको असर तुरुन्त पर्छ, त्यस्तै सद्गुरुको अलिकति उपदेशले नै शिष्यको हृदयमा असर पर्न जान्छ ।

गुरु ब्रह्मा गुरु विष्णु गुरुर्देवो महेश्वर : ।
गुरुरेव परं ब्रह्म तस्मै श्री गुरुवे नमः ॥

(गुरुगीता ४३)

गुरु ब्रह्मा हुन्, गुरु विष्णु हुन् र गुरु नै महेश्वर हुन्, ती श्रीगुरुदेवलाई नमस्कार छ ।

अज्ञान तिमिरान्धस्य ज्ञानांजन शलाकया ।
चक्षुरुन्मीलितं येन तस्मै श्री गुरुवे नमः ॥

(गुरुगीता ४४)

जसले ज्ञानरूपी (अंजन) गाजल सलाईले अज्ञानरूपी

CC-0. In Public Domain. Digitization by eGangotri

अन्धकारदेखि अन्धो भएको आँखालाई खोलिदिएका छन्, ती श्रीगुरुलाई नमस्कार छ ।

अखाण्ड मंडलाकारं व्याप्तं येन चराचरम् ।
तत्पदं दर्शितं येन तस्मै श्री गुरुवेनमः ॥

(गुरुगीता ४५)

जसले अखण्डमण्डलाकार चराचरलाई व्याप्त गरेर राखेको छ त्यस पदलाई जसले देखाई दिएका छन्, ती श्रीगुरुलाई नमस्कार छ ।

गुशब्दस्त्वन्धकारो ऽस्ति रुशब्दस्तत्निरोधकः
अन्धकारनिरोधित्वाद्गुरुरित्यभिधीयते ॥

(अद्वयावतारकोपनिषद्)

गु अर्थात् अन्धकार र रु अर्थात्, त्यसको नाश गर्ने भएको प्रकाश गुरु भनिन्छ । ती गुरु नै अन्धकारलाई नाश गर्दछन् ।

हजारौं प्रकारका विद्या र हजारौं प्रकारका गुरु छन् । सबै विद्याहरू यी दुई विद्याका क्षेत्र भित्र पर्न आउदछन् । आधुनिक भौतिक विद्या भन्नाले हस्तकला र अध्यात्म विद्याले रहित भएको केवल उदर पूर्तिको मात्र साधन भएको विद्या हो । यी सब विद्या गौण विद्या हुन् र यी विद्या सिकाउने गुरु पनि सांसारिक नै हुन् । भागवतमा भनेको छ– (अचक्षुरन्धस्य यथाग्रणीः कृतस्तथा जनस्याविद्षोऽबुधो गुरुः) जुन प्रकार नेत्र विहिन मूढको पछि लाग्ने पुरुषको जुन हालत हुन्छ, त्यस्तै हालत यस्ता गुरुका पछि लाग्ने शिष्यको हुन्छ । शिष्यको कान

CC-0. In Public Domain. Digitization by eGangotri

फुक्ने गुरुको संख्या हिजो-अाज यति उति भनी गन्न समेत नसकिने अवस्थामा पुगिसकेको छ ।

गुरवो बहवः सन्ति शिष्य वित्तापहारकाः ।
तमेकं दुर्लभं मन्येशिष्यसन्तापहारकम् ।।

(गुरुगीता १३७)

शिष्यको धन हरण गर्नेवाला धेरै गुरु हुन्छन् । परन्तु शिष्यको सन्तापलाई हरण गर्ने वाल गुरु दुर्लभ कोही एक हुन्छन् ।

विद्या भनेको मुख्य अध्यात्म विद्या हो यसैलाई ब्रह्म विद्या पनि भन्दछन् । ब्रह्म विद्या जान्ने पुरुषलाई ब्रह्मज्ञानी सद्गुरु भन्दछन् । भगवान् श्री कृष्णले गीता १०।३२ मा भन्नु भएको छ– (अध्यात्मविद्या विद्यानां) विद्याहरूमा म अध्यात्म विद्या हुँ । भगवान् नै अध्यात्मविद्याको स्वरूप हुनु भएकोले (कृष्णंवन्दे जग्दगुरुम्) श्रीकृष्ण चन्द्रलाई जगत् गुरु भनिन्छ ।

उपनिषद्मा विद्यालाई दुइ भागमा विभक्त गरेको छ– पराविद्या र अपराविद्या । अपराविद्याले लौकिक कर्त्तव्य र कर्मकाण्डको विषयमा वर्णन गर्दछ । पराविद्या भनेको अध्यात्म विद्या हो, अन्तिम सत्ताको स्वरूपको वर्णन गर्दछ । उपनिषद्मा पराविद्याको स्थान अपराविद्याको भन्दा धेरै उच्च छ । अपरा-विद्याको फल अस्थिर हुन्छ , भोग भोगेपछि फेरि जीवन-मरणको चक्रमा घुम्नु पर्छ । पराविद्याको फल ब्रह्मज्ञान हो, जसद्वारा भव वन्धन सदाको लागि मेटिन्छ (विद्ययाऽमृतमश्नुते) ईश

CC-0. In Public Domain. Digitization by eGangotri

११ विद्याले अमृत (मोक्ष) गराउदछ। (विद्याया च विमुच्यते) म भा. शा. २४३।७ विद्याले विमुक्त हुन जान्छ।

विद्या हि परमं चक्षुर्लोकालोकार्थदर्शकम् ।
नहि विद्यासमं लोके मित्रं सुखकरं परम् ॥

(ब्रह्मानंदमोक्षगीता १।२३)

विद्यानै लोक तथा परलोकको पदार्थहरू देख्नमा वा जान्नमा परम सुन्दर नेत्ररूप छ तथा विद्याको समान जगत्मा यस जीवको कुनै अर्को हिताकरी मित्र छैन।

(त्रैलोक्य राज्याच्च गुरुतरा बिद्या) छां ८।७।२ तत्वज्ञान तै–लोक्य राज्य भन्दा पनि ज्यादा ठूलो छ (सर्व द्रव्येषु विद्यैव द्रव्य–महुर नत्तमम्) सम्पूर्ण द्रव्यहरूमा विद्या द्रव्यलाई उत्तम भनिएको छ। (विद्या धनंसर्वधनप्रधानम्) सम्पूर्ण धनहरूमा विद्या धन प्रधान छ (विद्या या सा विमुक्तये) वि. पु. १।१९।४१ त्यो विद्याहो, जो विमुक्तको लागि होस्, अर्थात् संसार वन्धन देखि विमुक्त गराउने नै सच्चा विद्याहो। (नास्ति विद्यासमं चक्षुः नास्ति विद्या समं वलम्) म. भा. शा. २७।८।३६ विद्याको समान नेत्र कुनैछैन र विद्याको समान वल-शक्ति पनि अरू कुनै छैन लौकिक–तुच्छ विद्याले मोह बढदछ, परन्तु अध्यांत्म विद्याले भने मोह हजारौं कोश पर भाग्दछ। लौकिक विद्याले बुद्धि मलिन हुन्छ र कुकर्ममा प्रबृति गराउछ। अध्यात्म विद्याले भने बुद्धि निर्मल हुन्छ र सदा सत् बस्तुमा मनलगाई दिन्छ। लौकिक विद्या दूषणरूप छ र अध्यात्म विद्या भने भूषणरूप छ। अलौकिक–दिव्य अध्यात्म विद्यालाई छोडेर लौकिक तुच्छ

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याको पछाडि विवेकी विरक्त सज्जन महान पुरुष कदापि इच्छा गर्दैनन् ।

अध्यात्मज्ञान नित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ।।

(गीता १३।११)

अध्यात्म ज्ञान नै एउटा नित्य ज्ञान हो भन्ने विचार र आत्मा दर्शनलाई ज्ञान भनिन्छ, यसदेखि अन्य जति विद्या छन् तीनलाई उल्टो र अज्ञान मात्र हुन् भनी जान्नु ।

यस्यदेवे परा भक्तिर्यथा देवे तथा गुरौ ।
तस्यैते कथिता ह्यार्थाः प्रकाशन्ते महात्मनः ।।

(श्वेताश्वर ६।६।२३)

जसको परमेश्वरमा अत्यन्त भक्ति छ र त्यस्तै भक्ति गुरुमा पनि छ भने त्यस महात्माप्रति मात्र नै ब्रह्मविद्या प्रकाशित हुन्छ ।

शङ्कराचार्यको शिष्य मण्डलीमा एक सनन्दन नाम गरेका प्रधान शिष्य थिए । एक दिन उहाँले गंगा पारी बसेका ती सनन्दन शिष्यलाई शीघ्र आउ भनी डाक्नु भो । त्यस समय गुरु कहाँ जानको लागि नौका आदि फुनै पनि साधन थिएन, अनि ती अनन्य गुरु भक्त सनन्दनले आफ्नो मनमा यस्तो विचार गरी भने–

संतारिका ऽनवधिसंसृतिसागरस्य,
किं तारयेन्न सरितः गुरुपाद भक्तिः ।

CC-0. In Public Domain. Digitization by eGangotri

विशाल भवसागरबाट पार लगाउन सक्ने गुरु भक्तिले के नदीबाट पार लगाउन सकोइन ?

यस्तो दृढ निश्चय गरेर तत्काल नै ती शिष्य गङ्गाजीमा पसे । भगवती गङ्गाजीले पनि ती शिष्यको विशुद्ध गुरु भक्ति एवं अपूर्व साहसलाई देखेर प्रशन्न हुनु भो र तिनको प्रत्येक पादहरूको तल स्वर्णमय कमल लगाई दिनु भो । तिनले ती कमलहरूमा टेकेर निर्विघ्न साथ गुरु कहाँ पुगे । गुरुदेव भगवान् श्रीशङ्कराचार्य शिष्यको अलौकिक श्रद्धा भक्तिलाई देखेर अति प्रशन्न हुनु भो । त्यस दिन देखि ती शिष्यको नाम पद्मपाद राख्नु भो ।

वाघिनीको दूध केवल स्वर्णपात्रमा मात्र अड्दछ, अन्य कुनै पात्रमा पनि अड्दैन; त्यस्तै अध्यात्मविद्या पनि सद्गुण-सदाचारले सम्पन्न भएको पात्र (शिष्य) मा सफलिभूत हुन्छ । एक दिन गुरु समर्थ रामदासजीले आफ्नो शिष्य शिवाजीको परीक्षा लिनको लागि मेरो मुटू दुख्यो, मलाई अति कष्ट भएको छ । त्यसको एकमात्र उपाय यो छ कि छातीमा वाघि-नीको दूध दल्नु पर्दछ । मलाई जसरी भए पनि जीवित बाघिनीको दूध यथा शीघ्र ल्याइ देऊ भन्नु भो । शिवाजीमा सबभन्दा उत्तम गुण यो थियो कि उनी असाधरण इन्द्रिय निग्रह गुरु भक्ति र अलौकिक चरित्रले सम्पन्न थिए । गुरुको कष्ट निवारण गर्न अर्थात् बाघिनीको दूधको खोजी गर्न तुरुन्त वनमा गए । उनले जङ्गलमा दुइटा बाघको बच्चालाई देखी उसैको साथमा खेलेर वसिरहेका थिए । त्यस्तैमा बाघिनी आइपुगी ।

CC-0. In Public Domain. Digitization by eGangotri

उनले बाघिनीलाई हात जोडेर भने– मेरो गुरुदेव समर्थ रामदास लाई अति कष्ट भएकोले म तिमी संग दूध माग्न आएको हुँ भन्दा बाघिनीले गुरु भक्तको प्रार्थनालाई स्वीकार गरी । शिवाजीले स्वर्णपात्रमा दूध दोएर ल्याई गुरुमा चढाए । शिष्यको अपूर्व गुरु भक्तिलाई देखी समर्थ रामदास अति प्रसन्न हुनु भो ।

गुरु विनु भवनिधि तरै न कोई ।
जौ विरंचि सकर सम होई ॥

(तु. रा. उत्तर दो. १४३।५)

विना गुरु ब्रह्माजी र शङ्करजीको समान भए ता पनि कोही संसारसागरदेखि पार हुन सक्तैनन् यो अकाटच नियम छ ।

सर्ववेदान्त सिद्वान्तगोचरं तमगोचरम् ।
गोविन्दं परमानन्दं सद्गुरु प्रणातो ऽस्म्यहम् ॥

(शंकराचार्यकृत विवेक सुधा १)

सामान्य रीतिले जो जान्न सकिंदैन परन्तु वेदान्तको सर्व सिद्धान्तहरूले मात्र जान्न सकिन्छ त्यस्ता वेद वाणीलाई रक्षा गर्ने वाला, परम आनन्दमूर्ति, सद्गुरुलाई म प्रणाम गर्दछु ।

अध्यात्म मार्गमा आफ्नो र अर्काको सम्पूर्ण परिग्रहमा राग-द्वेष हुनुहुन्न, हेय-उपादेय देखि रहित हुनु पर्दछ । (समलोष्टाश्मकाञ्चन) सुन माटोलाई सम देख्नु पर्दछ । इत्यादि ब्रह्म ज्ञानको लक्षण आफ्नो शिष्यको छ छैन भनी परीक्षा गर्न एकदिन समर्थ रामदास शिवजी कहाँ गई भिक्षा माग्नु भो । परम गुरु भक्त शिवाजींले गुरुको भिक्षा पात्रमा आफ्नो सम्पूर्ण राज्य

CC-0. In Public Domain. Digitization by eGangotri

तथा आफ्नो जो जति भएको वैभवको लिष्ट लेखी यही हो भिक्षा भनी हालिदिनु भयो । गुरुले आजदेखि तिम्रो सम्पूर्ण राज्य र वैभव समेत मेरो भयो तथापि यसको संचालन तिमी नै गर भनी फिर्ता दिनु भयो ।

(त्यागेनैके अमृतत्व मानशुः) त्यागवाट अमृतत्व प्राप्त हुन्छ भन्ने कुरा सार्थक भयो । गुरुमा श्रद्धा भक्ति तथा वेदान्त शास्त्र अध्ययन गर्ने पुरुषले मोक्ष प्राप्त गर्दछ । श्रद्धाले सम्पन्न भएको पुरुषको निमित्त अध्यात्म शास्त्र परमात्मामा विश्राम प्राप्त गराउने कारण वन्न जान्छ । अध्यात्म शास्त्रको बारम्बार अभ्यास गर्नाले शीघ्र नै त्यस पावन परमपदको साक्षात्कार गर्दछ । सत्– शास्त्रको उत्कृष्ट जलले अविद्या जनित मललाई धुने पुरुष अचिन्त्य वस्तु-शक्तिको प्रभाले परम शुद्धिलाई प्राप्त गर्दछ । जस्तै उखूको रसमा आफ्नै अनुभवले स्वादिष्ट माधुर्यको उपलब्धि हुन्छ, त्यस्तै प्रकार सत्–शास्त्र र सद्गुरुको उपदेशरूप उपायदेखि (तत्व मसि) आदि महावाक्यार्थको साररूप आत्म ज्ञान प्राप्त हुन्छ ।

गुरु र ईश्वरमा श्रद्धा गर्नाले मात्र वेदान्तको मार्मिक तत्त्वलाई बुझिन्छ। ज्ञानी गुरुलाई दण्डवत् र सेवा गरिसके पछि निष्कपट भावले प्रश्न गर्नु पर्छ। ज्ञानप्राप्तिका तीन साधन यिनै हुन् – प्रणिपात, परिप्रश्न र सेवा ।

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥

(गीता ४।३९)

CC-0. In Public Domain. Digitization by eGangotri

जितेन्द्रिय भई रात दिन हे भगवन् ! तिमीलाई कसो गरी पाऊ भनेर परमेश्वर कै ध्यानमा मात्र रहने उनमा श्राद्धा भएको मानिसले ज्ञान लाभ गर्दछ। यस्तो ज्ञान लाफ भएपछि त्यसले छिटै परमशान्ति पाउछ ।

राजा जानश्रुतिले श्रोत्रिय ब्रह्मनिष्ठ गुरु रैक्वसंग ब्रह्मविद्या प्राप्त गर्ने उद्देश्यले यथेष्ट ऐश्वर्य लगेर चढाए। राजा भन्दछन्- तपाईं यस धनलाई स्वीकार गर्नु होस् र मलाई उपदेश गर्नु होस्, जसलाई तपाईंले उपासना गर्नु भएको छ।

राजालाई रैक्वले भन्नु भयो– हे शूद्र ! यी गाईहरू सहित रथ र हार तिमी श्राफै राख । प्रणिपात, परिप्रश्न र सेवाले रहित भई थोरै धनले ब्रह्म ज्ञान प्राप्त गर्न खोजेकाले क्रोधवश शूद्रशब्दको प्रयोग गर्नु भयो ।

एकाऽक्षरप्रदातारं गुरुंयोनैवमन्यते ।
मृत्वातानभिसंयाति गुरुद्रोहपरोनरः ।
शिवेरुष्टे गुरुस्त्राता गुरौरुष्टेशिवोनहि ।
शिवादप्यऽधिकं तस्मात् गुरुंयत्नेनपूजयेत् ॥
गुरौविमुखतां याते विमुखाः सर्वदेवता ः।
भवतिक्रियमाणं च पुण्यंपापंहिजायते ॥

(श्रात्मपुराण श्र. ८)

ब्रह्मविद्याको एक श्रक्षर मात्र पनि उपदेश गर्ने जो गुरु हुन् ती गुरूलाई नमाने मूढ पुरुष जगत्को प्रलय पर्यन्त रौरवनाम नरकमा पर्दछ ।

शिवजी क्रुद्ध हुनु भयो भने पनि श्रधिकारी पुरुषालाई

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु रक्षा गर्न सक्तछन् । गुरु क्रोधित भए भने शिवजी पनि रक्षागर्न सक्नु हुन्न । यस कारण शिवजीको पूजा भन्दा ज्यादा गुरुको पूजा गरोस् ।

ब्रह्मविद्याको उपदेश गर्ने भएका जो गुरु हुन् ती गुरुदेखि जब पुरुष विमुख हुन्छ । गुरु विमुख पुरुषदेखि सबै देवता विमुख हुन्छन् । गुरु विमुख पुरुषले पुण्य कर्म गरे पनि त्यो पाप रूप नै हुन्छ ।

अष्टावक्रले राजा जनकलाई भन्नु भो– हे राजन् ! पहिले तिम्रो प्रश्नको समाधान तुलाएकोमा मलाई गुरु दक्षिणा देउ अनि पछि मात्र म ब्रह्मज्ञानको उपदेश गर्ने छु । तुरुन्त राजाले आफ्नो प्रधान मन्त्रीलाई आज्ञा गरे । मन्त्रीले अति उत्तम बहु-मूल्य रत्न, हीरा, मोतीहरूले भरिएको दुइटा सुवर्णको ठूलो थाल ल्याए । राजाले त्यो धन गुरुलाई अर्पण गर्न लाग्दा ऋषि पुत्रले हाँसेर भन्नु भयो– हे मूढ रत्नहरूले परिपूर्ण अनेक भण्डार क्षणभरमा उत्पन्न गर्न सक्ने यस्ता सर्व सिद्धिहरू ब्रह्म ज्ञानीको दासी बनी खडा रहन्छन्, तब यसले मेरो के सन्तोष हुन सक्छ ? म तिम्रो सभामा द्रव्यको लालसाले आएको होइन । ब्रह्मबीज नष्ट हुनलाग्यो भनी तिम्रो शङ्का निबृत्त गर्न आएको हुँ ।

राजाले भने सद्गुरुदेव ! तपाईं जे आज्ञा दिनु हुन्छ, त्यही वस्तु ल्याएर चढाउदछु ।

ऋषि पुत्रले भन्नु भो– आफ्नो तन, मन र धन यी तीनै पदार्थ नै मलाई गुरु दक्षिणामा देऊ ।

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले अति हर्ष पूर्वक तीनै वस्तु गुरुलाई अर्पण गरी सके पछि हे गुरुदेव ! अब म बनमा गएर रहन्छु भने ।

अष्टावक्रले भन्नु भो– कसरी जान्छौ ? मेरो आज्ञाले वा आफ्नो इच्छाले। तिम्रो तन, मन, धन सबै मेरो भइसकेको छ अब तिमी संग के छ, कहाँ जान्छौ र कहाँ छौ ? विचार गरेर बोल। जुन प्रकार कोही आफ्नो घर–वार द्रव्यादिक अरू कसैलाई संभाली राख्नको लागि सौंम्पी दिएका हुन्छन्। त्यस्तै यो राज्यादि समेत तन, मन, धन मेरो हो, म तिमीलाई संभाली राख्नको लागि सौम्पी दिन्छु भनी फिर्ता दिनु भयो।

आसमाप्तेः शरीरस्य यस्तु शुश्रूषते गुरुम् ।
स गच्छत्यञ्जसा विप्रो ब्रह्मगः सद्म शाश्वतम् ।।

मनुस्मृति २।२४४

जो शिष्य मरणकालसम्म गुरुको सेवा गर्दछ, त्यसले अवश्य अविनाशी ब्रह्मलोक प्राप्त गर्दछ ।

यावदायुस्त्रयो वंद्या वेदान्ततो गुरुरीश्वर ः।
आदौ ज्ञान प्रसिद्ध्यर्थं कृतघ्नत्वापनुत्तये ।।

जवसम्म शरीरमा आयु छ तबसम्म वेदान्त–शास्त्र र त्यसको उपदेशष्टा गुरु तथा ईश्वर यी तीनजनाको वन्दना गर्न योग्य छ, किनकि ज्ञान हुनु भन्दा प्रथम त ज्ञान प्राप्तिको लागि वेदान्त शास्त्रको श्रवण, गुरु सेवा र ईश्वरको भक्ति गर्नु कर्तव्य हो। ज्ञान प्राप्तिको पश्चात् कृतघ्नतारूप पापको निबृत्तिको निमित्त यिनलाई सेवन गर्न उचित छ, किन कि जुन वेदान्त

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु र ईश्वरको कृपाले ज्ञान प्राप्त भएको छ, उसको उपकार-लाई भुल्नाले कृतघ्नतामा प्राप्त हुनेछ । अर्थात् परिपूर्ण, अखण्ड एकरस परमात्माको ज्ञानद्वारा दुस्तर संसार सागरदेखि तरन र कृतघ्नता दोषको निबृत्तिको लागि परमात्मा र गुरुको भक्ति पूर्वक सेवा गरी देहपात पर्यन्त वेदान्तको विचार गरेर नै काल व्यतीत गर्नु पर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

विधिमुख र निषेधमुख

विधिमुखले ब्रह्मको लक्ष गरी आनन्द स्वरूप, ज्ञान स्वरूप, मुक्त स्वरूप भनी बोध गराउँदछ। निषेधमुखले अज, निराकार, निर्गुण निरञ्जन आदि भनी वताउँदछ। अर्थात् ब्रह्मको विशेषण वताउने विधिमुख हो र कुनै पनि विषेशण छैन भनी वताउने निषधमुख हो । यी दुबै विधि र निषेधमुखले बताएका ब्रह्म मै नै हुँ भनेर चिन्तन गर्नु निर्गुण उपासना हो। जसले विधि र निषेधमुखले प्रतिपादन गरेका ब्रह्मज्ञानलाई राम्रो संग न बुझी आफूलाई वेदान्तको मार्मिक रहस्य बुझेको ज्ञानी मान्दछ भन्ने त्यो मूर्ख नै हो ।

सकलवाङ्मनसा ऽतिगतचिति।
सकलवाङ्मनसव्यवहार भाक्

(तत्त्व निर्णय १।३६)

त्यो अद्वितीय चेतन ब्रह्म सबै मन वाणीको व्यवहारदेखि अतीत छ र समस्त मन वाणीको व्यवहारको विषय पनि हो।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम निषेधमुखको वर्णन गरिन्छ–ब्रह्मलाई जान्न अत्यन्त कठिन छ। पानीमा बस्ने माछाको गति कल्पना गर्न सकिन्छ, आकाशमा उडेको पक्षीको गति जान्न सकिन्छ, वायुको गति पनि जान्न सकिन्छ, परन्तु सहजानन्द स्वरूपको गति अकथित छ। त्यो अत्यन्त गूढ र अतिशय गुप्त छ (देवा अपि मार्गे मुह्न्ति) ब्रह्मविद्को मार्गलाई देवताहरू पनि जान्दैनन्। जसले जानेकोछ त्यो पनि अरूलाई वाणीद्वारा यथार्थ बताउन सक्दैन।

आश्चर्यवत्पश्यति कश्चिदेनमाश्चर्यवद्वदति तथैव चान्यः।
आश्चर्यवच्चैनमन्यः श्रृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित॥

(गीता २।२९)

कोही आत्मालाई अद्भूतरूपमा देख्दछन्, कोही अद्भूत वस्तु भनेर बयान गर्दछन्, अौ कोही सुनेर आश्चर्यमा पर्दछन्। कोही यस्ता छन् कि आत्माको विषयमा जति सुने पनि बुझदैनन्।

कहत कठिन समुझत कठिन, साधन कठिन विवेक।
होइ घुनाच्छर न्याय जौं, पुनि प्रत्यूहअनेक॥

(तु.रा.उत्तर दो. ११८)

ज्ञान भनेको कुरा भन्नैलाई पनि कठिन। कसैलेयथाक–थंचित भनी हाल्यो भने पनि बुझ्नलाई कठिन छ। केही गरी बुझी हाल्यो भने पनि त्यसको साधन कठिन छ। घुणाक्षर न्यायले साधन भैहाल्यो भने पनि फेरि अनेक विघ्न पर्दछन्।

ग्यानपंथ कृपान कै धारा परत खगेस ! होइ निहिं बारा।

(तु.रा. उत्तर. चौ. २९)

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान मार्ग तरवारको धार हो, त्यसमा पर्ने वित्तिकै (छटक्क हुन) वेर लाग्दैन ।

क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत्कवयो वदन्ति ।

(कठ. १।३।१४)

जुन प्रकार छुराको धार तीक्ष्ण र दुस्तर हुन्छ, तत्त्वज्ञानीहरू त्यस मार्गलाई त्यस्तै नै दुर्गम बताउदछन् ।

श्रवणायापि बहुभिर्यो न लभ्यः श्रृण्वन्तोऽपि बहवो यं नविद्युः ।

(कठ १।२।७)

धेरै जस्ताले त आत्माको कुरा सुन्न पाएका पनि हुँदैनन्, सुनेर पनि आत्मस्वरूपलाई धेरैले जान्न सक्दैनन् ।

मनुष्याणं सहस्त्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ।।

(गीता ७।३)

हजारौं मनुष्यमा कोही एक साधक ज्ञानसिद्धिको निम्ति यत्न गर्दछ, त्यस्ता यत्न गर्ने हजारौंमा कोही एउटाले मलाई यथार्थ रूपले जान्दछ ।

ब्रह्मानन्दमा जो स्थिति छ त्यसको वर्णन गर्न सकिदैन । किन भने त्यसको वर्णन गर्नको लागि पर्याप्त शब्द नै छैन । त्यसको तुलना नहुनाले त्यसको नाम अकथ–अनुपम रह्यो; यही ब्रह्म दशा हो । यही नेति–नेति हो, त्यहाँ चक्षुको गति पुग्दैन, वाणीको र मनको गति पनि छैन । त्यसलाई जान्न पनि

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त कठिन छ। जसले जान्यो उसैले जान्यो, जान्ने भन्न सक्दैन र जो भन्न सक्दछ उसले जानेको छैन। जो जान्दछ त्यो उसले जानेको भन्दा अर्कै छ, किन कि त्यो जान्नमा आउने वस्तु होइन।

यस्यामतं तस्य मतं मतं यस्य न वेद सः।
अविज्ञातं विजानतां विज्ञातमविजानताम्॥

(केनोपनिषद् ।२।३)

ब्रह्म जसलाई ज्ञात छैन उसैलाई ज्ञात छ र जसलाई ज्ञात छ त्यो ब्रह्मलाई जान्दैन; किन भने ब्रह्म जान्नेवालाहरू विना जानिएको छ र न जान्नेवालाहरूले जानेका छन्। किन भने अन्य वस्तुहरूको समान दृश्य न हुनाले ब्रह्मलाई जान्न सकिदैन।

यद्वाचानभ्युदितं येन वागभ्युद्यते।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते॥

(केनोपनिषद् १।४)

जो वाणिले प्रकाशित हुँदैन, किन्तु जसद्वारा वाणी प्रकाशित हुन्छ उसलाई तिमी ब्रह्म जान, जो यस (देशकालावच्छिन्न वस्तु) लाई लोक उपासना गर्दछन् त्यो ब्रह्म होइन।

यन्मनसा न मनुते येनाहुर्मनो मतम्।

(केनोपनिषद् १।५)

जसलाई मनले मनन गर्न सक्दैन, तर जसले मनलाई मनन गरेको छ, त्यसैलाई ब्रह्म जान।

नायमात्मा प्रवचनेन लभ्यो न मेधया न वहुना श्रुतेन।

(मुण्डकोपनिषद् ३।२।३)

CC-0. In Public Domain. Digitization by eGangotri

यो आत्मा प्रवचन, शास्त्राध्ययन, धारणशक्ति तथा ज्यादा श्रवण गर्नाले पनि प्राप्त हुँदैन ।

यतो वाचो निवर्तन्ते । अप्राप्य मनसा सह ॥

(तैत्तिरीयोपनिषद् २।४।१)

जहाँदेखि मनको सहित वाणी उसलाई न पाएर फर्केर आउँछ।

न तत्र सूर्यो भाति न चन्द्रतारकं,
नेमा विद्युतो भान्ति कुतो ऽयमग्नि :।
तमेव भान्तमनु भाति सर्वं
तस्य भासा सर्वमिदं विभाति ॥

(कठोपनिषद् २।२।१५)

त्यहाँ त्यो आत्मामा सूर्य प्रकाशित हुँदैन, चन्द्रमा र ताराको पनि प्रकाश पुग्दैन, विद्युत्को प्रकाश पनि पुग्न सक्तैन, अग्निको त कुरा नै के भयो ? त्यसको प्रकाशमान हुनाले नै यी सब प्रकाशित हुन्छन् र उसैको प्रकाशले नै यी सब भासित भएका छन् ।

नैव वाचा न मनसा प्राप्तुं शक्यो न चक्षुषा ।

(कठोपनिषद् २।३।१२)

त्यो आत्मालाई न त वाणीले, न मनले, र न नेत्रले नै प्राप्त गर्न सकिन्छ ।

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥

(गीता १५।६)

CC-0. In Public Domain. Digitization by eGangotri

जुन पदलाई सूर्य, चन्द्रमा, अग्निले प्रकाशित गर्न सक्तैनन्, उसलाई पाएर पाउनेवाला फेरि फर्कदैन त्यो मेरो परम धाम हो।

स वेत्ति वेद्यं न च तस्यस्ति वेत्ता

(श्वेताश्वतरोपनिषद् ३।३।१९)

त्यो सम्पूर्ण वेद्यवर्गलाई जान्दछ, किन्तु उसलाई जानेवाला कोही पनि छैनन्।

सो ऽहं भगवो मन्त्रविदेंवास्मि नात्मविच्छुतं ।
शोकमात्मविदिति सोऽहं भगवः शोचामि ॥

(छान्दोग्योपनिषद् ७।१।३)

देवर्षी नारदजी सनत्कुमारलाई भन्नु हुन्छ– हे भगवन्! म केवल मन्त्रवेत्ता (शास्त्र जान्ने) मात्र हुँ, आत्मवेत्ता होइन। आत्मवेत्ताले शोकलाई पार गरिसकेको हुन्छ; हे भगवन्? म शोक गर्दछु।

गो गोचर जहँ लगि मन जाई। सो सब माया जानेहु भाई।

तु.रा. अरण्य. दो. १४।३)

भगवान् श्रीरामजी आफ्नो प्यारो भाइ लक्ष्मणजीलाई भन्नु हुन्छ–इन्द्रियले जानिने सबै वस्तु र जहाँसम्म मनले तर्क गर्न सकिन्छ त्यो माया हो, परमार्थ वस्तु होइन।

यदिदं मनसा वाचा चक्षुर्भ्यां श्रवणादिभि :।
नश्वरं गृह्यमाणं च विद्धि माया मनोमयम् ॥

(भागवत ११।७।७)

CC-0. In Public Domain. Digitization by eGangotri

यो जगत्मा जो जति मनले विचार गरिन्छ, वाणीले भनिन्छ, आँखाले देखिन्छ र श्रवण आदि इन्द्रियहरूबाट अनुभव गरिन्छ, ती सब नाशवान हुन् । स्वप्नको समान मनको विलास मात्र हो । यस कारण मायामात्र हो र मिथ्या छ भनी जान्नु पर्दछ ।

नेति नेति यो पनि होइन, त्यो पनि होइन भनी निषेधमुखले भनेर जाँदा जुन अवशिष्ट रहन्छ त्यही ब्रह्म हो । अर्थात् सम्पूर्ण पदार्थहरूलाई निषेध गरी केवल लक्ष्य वस्तुलाई वताई बोध गराउँदछ ।

दृष्टान्त–एउटा राजाको ठूलो नगर थियो । त्यस नगरमा प्रवेश गर्ने चार द्वार थिए । एक दिन त्यहाँ जात्रा लागेको थियो । त्यो जात्रा हेर्न भनी पति–पत्नी दुवैसंग–संगै त्यस पुरमा गएका थिए । भीडले गर्दा तिनीहरू छलिए र पत्नीले गएर राजालाई निवेदन गरिन् । मेरो पति हराउनु भयो ,मलाई पति प्राप्त गराई दिई वक्स्योस् । राजाले आफ्नो कर्मचारीलाई आज्ञा दिए । नगरको तीन द्वार बन्द गर्नु र पूर्वको द्वारमा यी स्त्रीलाई लिएर वस्नु अनि एक-एक जना गरी द्वारबाट मानिसलाई पठाउनु, कर्मचारीले राजाको आज्ञा बमोजिम गरे । द्वारवाट निस्कन लागेका मानिसलाई कर्मचारी यो तिम्रो पति हो भनी सोध्दै जान्छन् स्त्री यो मेरो पति होइन भनी निषेध गर्दै जान्छिन् एवं प्रकारले निषेध गर्दा-गर्दा शेष जो रह्यो त्यो उनको पति थियो । शेष रहेको मानिसलाई यो तिम्रो पति हो भन्दा ती स्त्री चूप लागिन् । यसवाट यो सिद्ध हुन्छ कि परमात्मा वस्तु प्राप्तिको समय वाणी आपसे-आप चूप हुन्छ । परमात्मा वस्तु-

CC-0. In Public Domain. Digitization by eGangotri

लाई कसैले सिद्ध गर्नु पर्दैन त्यो स्वयं सिद्ध छ, केवल उपाधि-लाई मात्र पन्छाउनु पर्छ।

नशुल्कं न कृष्णं न रक्तं न पीतं,
न कुब्जं न पीनं न ह्रस्वं न दीर्घम् ।
अरूपं तथा ज्योतिराकारकत्वात्,
तदेको ऽवशिष्ट :शिवः केवलो ऽहम् ।
(श्रीशङ्करसूक्ति सुधा निर्माणदशकम छ)

म सेतो होइन, कालो होइन, रातो होइन, पहेंलो होइन, कुब्जा होइन, मोटो होइन, छोटो होइन, लामो होइन, किन भने सेतो आदि गुण मायाको हो। म मायादेखि अतीत छु, रूपरहित छु, सर्व प्रकाशक आत्मा-ज्योति स्वरूप छु, सबैको शेष एक केवल शिव स्वरूप हुँ।

नाऽहं मनुष्यो न च देवयक्षौ,
न ब्राह्मण क्षत्रियवैश्यशूद्राः ।
न ब्रह्मचारी न गृही वनस्थो,
भिक्षु र्न चाहं निजबोधरूपः ।।
(हस्तामलक-स्तोत्रम् २)

म मनुष्य होइन, देवता र यक्ष पनि होइन, ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्र पनि होइन, ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ एवं सन्यासी पनि होइन, किन्तु ज्ञानस्वरूप, असङ्ग आत्मा हुँ।

यसरी ज्ञानी गुरुले शिष्यलाई निषेधमुखले नेति-नेति द्वारा ब्रह्मज्ञानको उपदेश गर्नु पर्छ। पहिले नै विधिमुखले सबै ब्रह्म हो ,ब्रह्मको अतिरिक्त केही छैन भन्ने यस्तो ज्ञानको

CC-0. In Public Domain. Digitization by eGangotri

उपदेश दिनु हुँदैन। किन भने अप्रबुद्धलाई सर्व ब्रह्मको उपदेश गऱ्यो भने व्यर्थ हुन जान्छ। जस्तै कोही दुःखी आफ्नो दुःख भित्ताको अगाडि गएर भनोस त त्यसले भनेको भित्ता सुनदैन र भनेको वृथा हुन्छ, त्यस्तै अप्रबुद्धलाई सर्व ब्रह्मको उपदेश व्यर्थ हुन्छ।

अज्ञस्यार्थ प्रबुद्धस्य सर्वं ब्रह्मेति यो वदेत्।

महानरकजालेषु स तेन विनियोजितः॥

(महोपनिषद् ५।१०५)

जो अज्ञानी तथा अर्द्ध विकसित बुद्धि भएका छन्, त्यस्ताका समक्ष (सबै थोक ब्रह्म नै हो (यस्तो उपदेश गर्नु तिनलाई नरकमा नै घचाडेर पठाउनुको समान हो।

ब्रह्मैव सत्य मखिलं नहि किञ्चिदन्यत्
तस्मान्न मे सखि परापर भेदबुद्धि।
जारे तथा निजपतौ च समान भावो
व्यर्थं किमर्थमसती ति कदर्थ यन्ति॥

एक जना महिला ब्रह्मसभामा जाने गर्दथिइन्, तिनलाई समदर्शी मात्र हुनु पर्छ र समव्रती हुनुहुन्न भन्ने ज्ञान थिएन। त्यसकारणले गर्दा तिनलाई ब्रह्मज्ञानको उल्टो असर पर्नगयो। उनी भन्दछिन्–एउटा सत्य स्वरूप ब्रह्मको अतिरिक्त अरू केही पनि छैन।। त्यसकारण हेसखी ! मलाई मेरो र अर्काको भन्ने भेदबुद्धि छैन। मैले जार पतिलाई र विवाहित पतिलाई समान भावले मानेको छु। जसलाई यस्तो ब्रह्मज्ञान भएको छैन तिनीहरूले मलाई व्यर्थ नै गणिका भन्दछन्।

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टान्त–ब्रह्म सभामा एकै चेतन आत्मा सम्पूर्ण प्राणीका हृदयमा स्थित भएको हुँदा कसै संग पनि भेदबुद्धि गर्नु हुन्न, जस्तो आफू त्यस्तै अरूहरू पनि हुन् । ब्रह्मवादिको लागि ब्राह्मण तथा चाण्डलमा रहेको प्रत्यागात्मको विषयमा भेद समझनु शोभा दिदैन । गंगा जल तथा मदिरामा प्रतिबिम्ब दुइ देखिएता पनि बिम्बरूप सूर्यमा कुनै प्रकारको भेद छैन सूर्य एउटै हुनुहुन्छ, त्यस्तै प्रकार प्रत्येक शरीरमा स्थित साक्षी आत्मा एउटै नै छ। तँ र म को भेद पनि एउटा आत्मामा बन्दैन । यो दृश्यमान जगत् पनि वास्तवमा आत्मादेखि भिन्न वस्तु होइन सर्वरूप केवल आत्मा नै हो । एकजना अर्द्धप्रबुद्ध मानिस ब्रह्म सभामा गई ब्रह्मज्ञानको उपदेश सुन्ने गर्दथे । यस्तो ज्ञानको उपदेश सुनेपछि तिनलाई सम्पूर्ण प्राणी ब्रह्म कै स्वरूप रहेछन् भन्ने भावना भयो र गुरुलाई सोधे म सहित सवै चल अचल के ब्रह्मको स्वरूप हो ? गुरुले भने–सवै ब्रह्म कै स्वरूप हो, यस कारण आफूदेखि भिन्न अरूलाई देख्नु हुन्न । (अथोदरमन्तरं अथ तस्य भयं भवति द्वितीयाद्वै भयं भवति।।) जो ब्रह्ममा र जीवमा अलिकति मात्र भेद गर्दछ त्यसलाई भय प्राप्त हुन्छ, किन भने भय भनेको अरूदेखि हुन्छ आफूदेखि हुँदैन । अब ती साधकले निश्चय गरेकि ब्रह्मज्ञान भनेको सवैलाई एकै देख्नु र कसैदेखि पनि भय नहुनु हो । यस्तो निश्चय भएपछि उनी ब्रह्मसभामा जान छोडे । एक दिनको कुरा हो उनि नगरमा घुमिरहेका थिए, त्यस्तैमा एउटा वहुला हात्ती आयो । माउते भन्दै थियो, पर भाग यो हात्ती बहुलाएको छ। अरू मानिसहरू माउतेको कुरा सुनेर भागे, परन्तु आफूलाई समव्रती मान्ने ती

CC-0. In Public Domain. Digitization by eGangotri

साधक भने जुन हात्ती हो त्यो मै हुँ म मा र त्यसमा कुनै अन्तर छैन भनी भागेनन्। यस्तैमा हात्ती आइपुग्यो र ती समव्रतीलाई सुडले समाती पर फ्याकिदियो । ती साधकले गुरु कहाँ गएर भने-तपाईले सम्पूर्ण प्राणीलाई ब्रह्मस्वरूप मान्नु आफूमा र अरूमा अलिकति पनि भेद नगर्नु भन्नु भएको उपदेशलाई ग्रहण गरी ब्रह्मले ब्रह्मलाई के गर्दछ भनी निश्चय मान्दा आज हात्तीले मेरो यो अवस्था गराई दियो। गुरुले भने हात्तीमाथि बस्ने माउते नारायणले केही सूचना गरेनन् । शिष्य-माउते नारायणले त यो हात्ती बहुलाएको छ भाग–भाग भनेका थिए । गुरु -तिमीले शुद्ध चेतन स्वरूप माउतेलाई भने ब्रह्मस्वरूप देखेनौ र उनको आज्ञालाई पालन गरेनौ, केवल जड स्वभाव भएको हात्तीलाई मात्र ब्रह्मस्वरूप मान्दा तिमीलाई यो अवस्थामा प्राप्त हुनु परेको हो ।

यो दृष्टान्तले गुरु–चेला दुवैलाई अब राम्रो ज्ञान भयो। हाम्रो उखान छ–कि पढनु पर्छ कि पर्नु पर्छ, पढनु भन्दा पर्नुमा दृढनिश्चय हुन्छ । गुरुलाई यस्तो ज्ञान भयो कि सच्चा ज्ञानी वन्नु पर्छ, ज्ञान बन्धु वन्नु हुँदैन र शिष्यको योग्यता विचार गरेर मात्र उसले ग्रहण गर्न सक्ने ज्ञान दिनुपर्छ। शिष्यलाई पनि केवल समदर्शी मात्र हुन पर्छ समव्रती हुनुहुन्न भन्ने यस्तो ज्ञान भयो।

एक जना गुरुले शिष्यहरुलाई भने कि गुरु ब्रह्म, शिष्य ब्रह्म, सर्वम् ब्रह्म। प्रति दिन एक जना शिष्य गुरुको खूब सम्मान गर्दथे । परन्तु त्यसदिनदेखि उनले सम्मान गर्न छोडे र गुरु आउदा पनि उठेनन् । गुरुले शिष्यलाई न उठनाको कारण

CC-0. In Public Domain. Digitization by eGangotri

सोधे ? शिष्यले उत्तर दिए–तपाईंले जो (सर्वम् खल्विदम ब्रह्म) भन्नु भयो, त्यस उपदेशलाई पालन गरेको हुँ। आफूले गरेको उपदेशको उल्टो असर परेको देखेर गुरुले विचार गरे अयोग्य पुरुषलाई सर्वम् ब्रह्मको उपदेश दिनुठीक होइन। अब शिष्यलाई संझाउनु पर्‍यो भनी गएर बोडमा लेखे –गुरु ब्रह्म शिष्य ब्रह्म, सर्वम् ब्रह्म। हेर यी तीनै शब्दको प्रत्येक वाक्यको पछाडि ब्रह्मलागेको छ, त्यो ब्रह्ममा कुनै भिन्नता छैन तर गुरु, शिष्य र सर्वम् शब्द अलग–अलग छ। जब यी तीन शब्दपनि एकै भएका भए तिमीले सबै एकै हुन्, गुरु र शिष्यमा कुनै अन्तर छैन भनेको ठीक हुने थियो। आधार सबैको एकै छ तर शरीर भिन्न–भिन्न भएकोले शिष्यले गुरुको सम्मान गर्नै पर्छ मर्यादा भङ्ग गर्नु हुँदैन।

अब विधिमुखको वर्णन गरिन्छ– श्रीरामचन्द्रजीलाई वैराग्य प्राप्त भयो र भन्नु भयो म संसार त्याग गर्ने छु। महाराज दशरथले रामलाई समझाउनु को लागि वसिष्ठजीलाई पठाउनु भयो। वसिष्ठले रामलाई तीव्र वैराग्य भएको देख्नु भयो र भन्नु भयो–राम ! पहिले मसंग केही विचार पूर्वक कुरा गर, अनि त्याग्नु परे संसार त्याग। के संसार ईश्वरदेखि भिन्न कुनै चीज हो ? यदि भिन्नै हो भने यसलाई त्याग गरे हुन्छ। राम ले देख्नु भयो, ईश्वर नै जीव र जगत सब थोक हुनु भएको छ। उनकै सत्ताको कारण सबै चीज सत्य जान्नमा आउद छ। यति भनी श्रीरामचन्द्रजी चूप भएर रहनु भयो।

वलिराजाले विचार गरे कि मेरो निमित्त त्याग अथवा

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहण गर्नुमा कुन योग्य छ; त्याग त्यसलाई गर्नु पर्छ जो अनिष्ठ र दु:खदायक छ। ग्रहण त्यसलाई गर्नु पर्छ जो अगाडि न भएको होस् किन्तु आत्मादेखि व्यतिरेक केही छैन त्यसकारण म ग्रहण र त्याग कसको गरौं।

किं हेयं किमुपादेयं किमन्यत् किं विलक्षणम् ।
अखण्डानन्दपीयूष पूर्णब्रह्ममहार्णवे ॥

(अध्यात्मोपिनषद् ६७)

अखण्ड आनन्दरूप अमृतले भरिएको यस ब्रह्मरूप महासागरमा अब मलाई के त्याग गर्नु के लिनु छ? अन्य को छ, विलक्षण के हो।

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनञ्जय ।;
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥

(गीता ७।७)

हे धनञ्जय! म भन्दा अर्को केही पनि छैनः यो सारा संसार धागामा उनिएका मणिका दाना झैं मैमा उनिएका छन्।

यथा न तोयतो भिन्नास्तरंगाः फेनबुद्बुदा ।
आत्मनो न तथा भिन्नं विश्वमात्मविनिर्गतम् ॥

(अष्टावक्र गीता. २३)

जस्तो तरंग, फीज र बुद्बुद जलदेखि भिन्न छैनन् त्यस्तै आत्मा देखि उत्पन्न भएको वि श्व आत्मादेखि भिन्न छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

यदिदं सकलं विश्व नानारूपं प्रतीतमज्ञानात् ।
सत्सर्वं ब्रह्मैव प्रत्यस्ताशेष भावनादोषम् ॥
(विवेक–चूडामणि २२६)

यो सम्पूर्ण विश्व जो अज्ञानले नाना प्रकारको प्रतीत भइरहेको छ। समस्त भावनाहरूको दोषदेखि रहित निर्विकल्प नै हो।

ॐ ईशा वास्यमिदं सर्वयत्किञ्च जगत्यां जगत् ।
(ईशावास्योपनिषद् १।१)

जगत्मा जो जति स्थावर –जङ्गम संसार छ, त्यो सबै ईश्वरको द्वारा आच्छादनीय (ढाकिएको) छ।

सर्वं खल्विदं ब्रह्म तज्जलानिति
शान्त उपासीताथ खलु क्रतुमयः ।
(छान्दो ३।१४।१)

यो सारा जगत् ब्रह्मकै स्वरूप हो, किन भने ब्रह्मदेखि उत्पन्न भएको छ, ब्रह्मैमा स्थित छ तथा ब्रह्ममै लीन हुन्छ।

परमामात्मा अभिन्न निमित्तकारण हुनु भएकोले यो संसारलाई धारण गरेर रहनु भएको छ। कारण आफ्नो कार्यमा सदा व्याप्त रहन्छ (कारणंगुणपूर्वकःकार्यगुणोदृष्टः) वैशेषिक दर्शन २।१।१४ कारणदेखि कार्यको उत्पत्ति हुन्छ र कारण अनुसार कार्य हुन्छ। माटोवाट घडा उत्पन्न हुन्छ वस्त्र हुँदैन। जुन गुण कारणमा हुन्छ त्यही गुण कार्यमा पनि हुन्छ। (नाशः कारणलय) सांख्य–दर्शन १।७।८ कारणमा लीन हुनुलाई नै नाश भनेको हो नहुनुलाई भनेको होइन।

CC-0. In Public Domain. Digitization by eGangotri

सव जग ईश्वररूप है, भलो बुरो नहि कोय ।
जैसे जाकीं भावना, तैसो ही फल होयः। ।

वास्तवमा यो संसार कस्तो छ भने जस्तो माटाको कार्य हो ता पनि घडा त्यसदेखि पृथक हुँदैन, किनने भने सवै तिरवाट मृतिकारूप हुनाको कारण घडा को रूप मृतिकादेखि पृथक् रहेको हुँदैन । माटोदेखि फरक घडाको रूप कहिले पनि हुन सक्दैन । घडा बनाउनु भन्दा प्रथम पनि माटै छ, घडा बन्दा पनि माटै छ र घडाको नाश हुँदामा पनि माटै नै हुन्छ । त्यस्तै यो संसार आदिमा पनि ब्रह्मैमा थियो. मध्यमा पनि ब्रह्मैमा स्थित छ, अन्तमा पनि ब्रह्मैमा गएर लीन हुन्छ । (वासुदेवः सर्वमिति) गीता ७।१९ सव वासुदेव हो (मयाततमिदं सर्वं) गीत ९।४ यो सारा संसारमा म पूर्ण छु (अहं सर्वस्य प्रभवो) गीता १०।८ म सवको उत्पत्तिको कारण हुँ ।

अहमात्मा ऽऽन्तरो वाह्योऽनावृतः सर्वदेहिनाम् ।
यथा भूतानि भूतेषु बहिरन्तः स्वयं तथा ।।
(भागवत ११।१५।३६)

जस्तो स्थूल पञ्चमहाभूतहरूमा वाहिर, भित्र सर्वत्र सूक्ष्म पञ्चमहाभूत छ सूक्ष्म भूतहरूको अतिरिक्त स्थूल भूतहरूको कुनै सत्ता छैन, त्यस्तै नै म समस्त प्राणीहरूमा भित्र द्रष्टारूपले र वाहिर दृष्यरूपले स्थित छु । ममा वाहिर भित्र को भेद छैन, किन भने म निरावरण एक अद्वितीय आत्मा हुँ ।

अहं हरि सर्वमिदं जनार्दनो, नान्यत्ततः कारणकार्यजातम् ।
ईदृङमनो यस्य न तस्य भूयो, भवोद्भवा द्वन्द्वगदा भवन्ति ।

CC-0. In Public Domain. Digitization by eGangotri

(विष्णु पुराण १।२२।८७)

म तथा यो सम्पूर्ण जगत् जनार्दन श्रीहरि नै हो, हरिदेखि भिन्न अरू कुनै कार्यकारणादि छैन । जसको चित्तमा यस्तो पावनब्रह्माद्वैत भावना छ, त्यसलाई फेरि संसारजन्य रागद्वेषादि द्वन्दरूप रोगको प्राप्ति हुँदैन ।

सर्वतः पाणिपादं तत्सर्वतो ऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।।

(श्वेताश्वतरोपनिषद् ३।३।१६)

त्यसको सबैतिर हात–खुट्टा छ, सबैतिर आँखा, शिर र मुख छ तथा त्यो सर्वत्र कर्णवाला छ एवं लोकमा सबैलाई व्याप्त गरेर स्थित छ ।

पहिले निषेधमुखको वर्णन गर्दा त्यो अद्वितीय चेतन ब्रह्म सबै मन, वाणी, र बुद्धिदेखि अतीत, अगोचर, अप्रमेय आदि जो भनियो त्यसलाई विषायासक्त मन, बुद्धि आदिले जान्न सक्दैनन् भनेको हो । सूक्ष्मदर्शी पुरुषहरू आफ्ना शुद्ध, तीव्र र सूक्ष्म मन बुद्धिले ब्रह्मलाई देख्दछन् । (दृश्यते त्वग्रया बुद्धया सूक्ष्मया सूक्ष्मदर्शिभिः) (मनसैवानुद्रष्टव्यं) भनिएको छ । जसलाई (अपाणिपादो) भनिएको छ त्यसलाई (सर्वतः पाणिपादं) र (सहस्त्रशीर्षा पुरुष), भनिएको छ । वसिष्ठजी भन्नुहुन्छ–हे रामजी ! द्रष्टा, दर्शन र दृश्य तीनै ब्रह्ममा कल्पित हुन् र वास्तवमा ब्रह्म नै हुन् । (इदं सर्वं यदयमात्मा) वृ ४।५।७ जो यो सर्व जगत् हो त्यो आत्मा नै हो । (ब्रह्मैवेदं-

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वम्) मु २।२।११ ब्रह्म नै यो विश्व हो। (आत्मैवेदं सर्वम्) छा ७।२५।।२ आत्मा नै यो विश्व हो।(विश्वंनारायणं देवं) ना.उ. ४।१ नारायण देव नै विश्व हो। (स वाह्याभ्यन्तरो ह्यज) मु २।१।२ ती अजन्मा परमात्मा निश्चय पनि बाहिर भित्र पूर्ण छन्। (खं वायुमग्निं सलिलं महीं च ... हरे शरीरं) भागवत ११।२।४१ यो आकाश वायु अग्नि, जल, पृथ्वी, ग्रह–नक्षत्र, प्राणी, दिशा, वृक्ष–वनस्पति, नदी समुद्र यी सबै भगवान्का शरीर हुन्।

वेदान्तसिद्धान्तनिरुक्तिरेषा, ब्रह्मैव जीव; सकलं जगच्च।
(विवेक–चूडामणि–४७९)

वेदान्तको सिद्धान्तले त यही भनेको छ कि जीव र सम्पूर्ण जगत् केवल ब्रह्म नै हो।

एक ब्रह्म मात्र सत्य छ त्यसमा नानात्व केही पनि छैन भनी निषेध मुखले भन्नु र जो जति छ ब्रह्मदेखि भिन्न छैन भनी विधिमुखले भन्नु एकै हो। जस्तै काले खत्री भन्नुमा र खत्री काले भन्नुमा शब्दको मात्र भिन्न देखिन्छ।

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम्।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना॥
(गीता ४।२४)

आहुति हाल्ने सुरो ब्रह्म, घिउ ब्रह्म, ब्रह्मरूपी अग्निमा ब्रह्मरूप होताले हालेको आहुति ब्रह्म, ब्रह्मकर्ममा लीन पुरुषले प्राप्त गर्ने समेत ब्रह्म नै हो। सिद्धान्तमा त दुवै प्रकारले भनेको एउटै कुरा हो।

CC-0. In Public Domain. Digitization by eGangotri

योो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥

(गीता ६।३०)

जो मलाई समस्त भूतवर्गमा तथा समस्त भूतवर्गलाई ममा देख्दछ, त्यसदेखि म अप्रत्यक्ष छैन, मदेखि पनि त्यो अदृश्य छैन । एउटा परमात्माको अतिरिक्त केही पनि छैन भन्नु र सबै नै परमात्मा हुनुहुन्छ भन्नु एकै हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

पुनर्जन्म र मोक्ष

आर्य हिन्दू–संस्कृतिको अवयवमा पुनर्जन्म– प्राणको समान प्रतिष्ठित छ। अनेक घटनाहरू कहानीहरू, शास्त्रसम्मत प्रमाणहरू यस तथ्यलई पूर्ति गर्दछन् कि शरीर विनष्ट भइ-सकेपछि पनि जीवको सत्ता समाप्त भएको हुँदैन; त्यो पुनः अन्य शरीरलाई प्राप्त गर्दछ। जस्तै कोही सरकारी कर्मचारी नोकरीवाट मुक्त भइसकेर पनि पुनः भत्ता पेनसेन आदिको रूपमा अर्थ प्राप्त गरी नै रहन्छन्।

कस्यप अदिति महातप कीन्हा।
तिन्ह कहुं मैं पूरव वर दीन्हा॥
ते दशरथ कौसल्या रूपा।
कोसलपुरी प्रगट नर भूपा।

(–तु. रा. वा. का. दो १८६।३)

कश्यकप अदतिले भगवान् विष्णुको वर प्राप्त गरेर अर्को जन्ममा दशरथ र कौसल्या भई अयोध्यामा जन्म लिए।

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् विष्णुले मुख्य २४ अवतार लिनुभएको कुरा त सर्वविदित नै छ। अरू अवतार त गनेर गन्न के सकिएला ? रामावतार मात्र पनि हनुमान्ले गन्न नसकेको कुरा आनन्द–रामायणमा वर्णन गरिएको छ।

शतानन्दो महाप्राज्ञो सुदामा ब्राह्मणो ह्यभूत्।
तस्मिन् जन्मनि श्रीकृष्णं ध्यात्वा मोक्षमवाप ह ॥
काष्ठभारवहो भिल्लो गुहराजो बभूव ह।
तस्मिन् जन्मनि संसेव्य रामं मोक्ष गजाम वै ॥
उल्कामुखो महाराजो नृपो दशरथोऽभवत्।
श्रीरङ्गनाथं सम्पूज्य श्रीवैकुण्ठं तदागमत् ॥
धार्मिकः सत्यसन्धश्च साधुर्मोरध्वजोऽभवत्।
देहार्धं क्रकचैश्छित्वा दत्त्वा मोक्षमवाप ह ॥
तुङ्गध्वजो महाराजो स्वायम्भुवोऽभवत्किल।
(–स्कन्दपुराण रेवाखण्ड)

शतानन्दको अर्को जन्म सुदामा, दाउरेवाट भिल्लको राजा गुह, उल्कामुख राजाबाट राजा दशरथ, सत्यसन्धबाट अर्को जन्ममा मोरध्वज भएका इत्यादि कुरा छन्।

जीवको पुनर्जन्म मृत्यु पश्चात् यसै लोकमा हुन्छ। जुन प्रकार जुगा एउटा खुट्टा राम्रोसंग अडेपछि अर्को खुट्टा पहिलेको ठाऊंबाट छोड्दछ, यस्तै प्रकार जीव पनि नयाँ घर तयार भएपछि पुरानो घर (देहलाई) छोड्दछ।

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम्।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।।
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ।।

(गीता. ८।५–६)

जो मर्ने बेलामा मलाई सम्झेर शरीर त्याग गरेर जान्छ त्यो मेरो स्वरूपमा प्राप्त हुन्छ यसमा कुनै सन्देह छैन । अर्थात् अन्त्यकालमा जसले जुन भावलाई लिएर शरीर छोडेको हुन्छ त्यै भावमा प्राप्त हुन्छ ।

इत्यादि कुराबाट यो थाहा हुन्छ कि मृत्युको पश्चात् तुरुन्त पुनर्जन्म हुन्छ । कोही बालक–बालिका बालककालमा नै आफ्नो पूर्वजन्मको स्मृतिले पूर्वजन्मका माता पितालाई चिन्दछन् । यसबाट यो कुरा थाहा हुन्छ कि बालककालमा मरेरका अविकसित जीव र अकस्मात् जसको मृत्यु भएको छ, ती मरणोत्तर तुरुन्त जन्म लिन्छन् । (बृ. ४।४।४), (तै. २।३), कौ.(५।६) र (चरकसूत्र). ११।३०–३३)

अभ्रं भूत्वा मेघो भवति, मेघो भूत्वा प्रवर्षति,
त इह व्रीहियवा ओषधिवनस्पतयस्तिलमाषा
इति जायन्तेऽतो वै खलु दुर्निष्प्रपतरं, यो यो
ह्यन्नमत्ति, यो रेतः सिञ्चति, तद्भूय एव भवति ।।

(छा. ५–१०।६)

त्यो अभ्र भएर मेघ हुन्छ मेघ भएर वर्षन्छ । तब त्यो जीव लोकमा धान जौ औषधि तिल आदि भएर उत्पन्न हुन्छ ।यस प्रकार यो निष्क्रमण निश्चय पनि अत्यन्त कष्टप्रद छ । त्यस

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नलाई जो–जो भक्षग गर्दछ र, जो–जो वीर्यसेवन गर्दछ तद्रुप नै त्यो जीव हुनजान्छ ।

यामीस्ता यातनाः प्राप्य स जीवो वीतकल्मषः ।
तान्येव पञ्चभूतानि पुनरप्येति भागशः ॥

(मनुस्मृति. १२।२२)

जीव यमप्रदत्त यातना भोग गरेर जब शुद्ध हुन जान्छ तब फेरि भाग्यवश पञ्चतत्त्वहरूमा मिलेर पुनः मानव देह धारण गर्दछ।

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परंतप ॥

(गीता. ४।५)

हे अर्जुन ! मेरो र तिम्रो अनेक जन्म भइसके । हे परंतप ! म ती सबै जान्दछु तर तिमी थाहा पाउंदैनौ ।

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥

(गीता. २।२७)

जो जन्मन्छ उसको मरण अवश्य हुन्छ, र जो मर्छ उसको जन्म अवश्य हुन्छ । त्यसकारण यो नभइनछोड्ने कुरामा शोक गर्नु योग्य छैन ।

कुनै घटना यस्तो पनि हुन्छ, जसको कार्यकारण-सम्बन्ध पूर्वजन्म र पुनर्जन्म नमानिकन समझमा नै आउन सक्तैन । पूर्वजन्म सिद्ध हुनाले पुनर्जन्म आफैं सिद्ध हुन्छ । जन्मेका साना

CC-0. In Public Domain. Digitization by eGangotri

बालक बलीका निंदाएका समयमा पूर्वजन्मको स्मृतिले कहिले हाँसेका र कहिले डराएका देखिन्छन् । नवजात बालक–बालिकामा पूर्वजन्मको संस्कारको कारण माताको स्तनमपानमा प्रवृत्ति हुन्छ, यो सहज बुद्धि पूर्वानुभवलाई सूचित गर्दछ । कुनै–कुनै बालक–बालिकाहरूले पूर्वजन्ममा गरेका कार्य, पूर्वजन्मा गरेका सम्बन्ध विषयमा वर्णन गरेका कुराहरू परीक्षा गर्दा सत्य हुनआएका छन् । शास्त्रमा र पत्रपत्रिकामा पनि लेखिएको पाइन्छ ।

यसमा एउटा प्रश्न उठ्दछ कि हामीलाई किन पूर्वजन्मको कुरा अहिले थाह भएन ? कसैले तिमीले बालक कालमा माताको दूध पिएको स्वाद भन भनेदेखि हामी भन्न सक्तैनौं भने त्यो भन्दा पूर्वको कुरा भन्न त कठिन नै पर्दछ । जुनसुकै मानिस पनि मैले माताको दूध पिएको त छु तर भूले भन्दछन् । भूले भन्दैमा असत्य हुने होइन ।

वेदाभ्यासेन सततं शौचेन तपसैव च ।
अद्रोहेण च भूतानां जातिं स्मरति पौर्विकीम् ॥
पौर्विकीं संस्मरञ्जातिं ब्रह्मैवाभ्यसते पुनः ।
ब्रह्माभ्यासेन चाजस्रमनन्तं सुखमश्नुते ॥

(मनुस्मृति ४।१४८।१८६)

नित्य वेदाध्ययन, शौच, तपस्या र अहिंसाले पूर्वजन्मको स्मरण भएर आउंदछ । पूर्वजन्मको स्मरण हुनाले नै त्यो यस जन्ममा पनि निरन्तर वेदको अभ्यास गरेर रहन्छ, जसद्वारा उसलाई अनन्त सुखको प्राप्ति हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

देहात्मा प्रत्येक जन्ममा भिन्न हुनाले सबैलाई पूर्वजन्मको स्मृति हुंदैन । जसलाई हुन्छ, उसलाई भगवान्को प्रेरणाले हुन्छ । भावुक उपासकलाई आफ्नो ध्येयसम्म पुग्नको लागि एक जन्मले मात्र पर्याप्त हुँदैन । भगवान्ले भन्नु भएको छ–

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ।
जिज्ञासुरपि योगस्य शब्द ब्रह्मातिवर्तते ॥
प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्विषः ।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ॥

(गीता ६।४४-४५)

पूर्वजन्मका अभ्यासका बलले पराधीन जस्तै भएर त्यो योगी योगतिरै आकर्षित हुन्छ । किनकि योगको स्वरूप जान्न-चाहने व्यक्तिले पनि शब्दब्रह्मलाई नाघ्दछ । प्रयत्नपूर्वक अभ्यास गर्ने योगी त अन्तःकरण शुद्धभई जन्मन्तरको अभ्यासले प्राप्त भएक सिद्धि–लाभद्वारा अन्त्यमा परम गतिमा प्राप्त हुन्छन् ।

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥

(गीता ७।१९)

अनेक जन्म पश्चात् ज्ञानी सबै वासुदेव हो भनेर मेरो शरणमा आउंदछन् औ यस्ता महात्मा बडो दुर्लभ हुन्छन् ।

स्वर्गस्थितानामिह जीवलोके
चत्वारि चिन्हानि वसन्ति देहे ।
दानप्रसंगो मधुरा च वाणी
देवार्चनं ब्राह्मणतर्पणं च ॥ (चणक्यनीति१६)

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गको भोग भोगेर जो पृथ्वीतलमा जन्म लिएको हुन्छ, उसको देहमा चार चिन्ह रहेका हुन्छन् । दान दिने, मीठो वचन बोल्ने, देवताको पूजा गर्ने र ब्राह्मणलाई मान्ने ।

अत्यन्तकोपः कटुका च वाणी
दरिद्रता च स्वजनेषु वैरम् ।
नीचप्रसंगः कुलहीनसेवा
चिन्हानि देहे नरकस्थितानाम् ॥

(चणक्यनीति १७)

नरकको भोग गरेर पृथ्वीतलमा जसले जन्म लिएको छ, उसको देहायमा यी चिन्हहरू रहेका हुन्छन् । ज्यादा रिस, कडा वचन दरिद्रता र स्वजनहरूमा वैरभाव नीचको प्रशंसा र कुलहीनको सेवा ।

महाभारतमा पूर्वजन्मका जातिस्मरण विषयका अनेक कथाहरू छन् । एउटा कथा यस्तो छ– एक शूद्र तपस्वी थिए । उनले एक मित्रब्राह्मण तपस्वीबाट आफ्ना पितृहरूका श्राद्ध सपम्न्न गराएका थिए त्यसको फलस्वरूप ती तापसशूद्र पुनर्जन्ममा राजा भए । उनलाई पूर्व जातिस्मरण भइनै रहेको थियो । ती तापस ब्राह्मण पनि उनै राजाको पुरोहित भए । राजा बारंबार पुरोहितलाई हेरेर हाँस्ने गर्दथे । एक दिन पुरोहितले एकान्तमा राजासंग हाँस्नाको कारण सोधे । राजाले आफ्नो पूर्वस्मृतिको बलले पुरोहितको पूर्वजन्मको यथार्थ कुरा बताइ दिए । राजाको कुरा सुनेर पुरोहित तपस्या गर्न गए र कठिन तप गरेर मोक्ष प्राप्त गरे ।

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो वैदिक–धर्मशास्त्रमा प्रह्लाद, देवर्षि नारद, राजा बलि, जडभरत, नल–दमयन्ती, कुब्जा; कालीयनाग, पूतना, उपवर्हण, राजाभोज, वसिष्ठ, वामदेव आदिको पूर्वजन्म र पुनर्जन्मको विषयमा उल्लेख गरेको पाइन्छ। विश्वमा जो जति धर्मशास्त्रमा आस्था राख्तछन् ती मानिसहरूले शास्त्र र प्रत्यक्ष प्रमाणबाट पूर्वजन्म र पुनर्जन्मलाई नतमस्तक भएर स्वीकार गरेका छन्।

अस्ति परलोक इत्येवं मतिर्यस्य स आस्तिकः।
नास्तीति मतिर्यस्य स नास्तिकः॥

जो परलोक छ भनी मान्दछ त्यो आस्तिक हो। जो परलोक छैन भनी मान्दछ त्यो नास्तिक हो। चार्वाकि अनुयायीहरू परलोकलाई मान्दैनन्, यसकारण उनीहरूलाई नास्तिक भनिन्छ। चार्वाक शास्त्रमा यस्तो लेखिएको छ– काम एवैकः पुरुषार्थः (एकमात्र काम नै पुरुषार्थ हो।)

यावज्जीवेत् सुखं जीवेद् ऋणं कृत्वा घृतं पिवेत्।
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः॥
(चार्वाक)

मनुष्य जीवनभर सुखसाथ बाचोस्। ऋण गरेर भए पनि घिउ पिओस्। अग्निमा जलाएर भस्म भइसकेको देहको फेरि कहाँबाट आगमन हुन सक्तछ ?

भोजनं मांसरहितं शयनं सुन्दरीं विना।
पादाचारेण गमनं नरकं किमतः परम्॥ **(चार्वाक)**

CC-0. In Public Domain. Digitization by eGangotri

मांस रहितको भोजन गर्नु, सुन्दरी स्त्रीले रहित भएर सुत्नु र पैदल हिड्नु नरकै भोग्नु हो ।

न स्वर्गो नापवर्गो वा नैवात्मा पारलौकिकः ।
नैव वर्णाश्रमादीनां क्रियाश्च फलदायिकाः ।।

(चार्वाक)

न स्वर्ग छ, न मुक्ति छ, न परलोक जाने कुनै आत्मा नै छ । कुनैवर्णाश्रमादि क्रियाहरूले पनि फल दिने होइनन् ।

गोमांस भक्षयेन्नित्यं पिबेदमरवारुणीम् ।
कुलीनं तमहं मन्ये इतरे कुलघातकाः ।।

जुन मानिस नित्य गोमांस भक्षण गर्दछ, र अमरवारूणी पिउँदछ, म त्यसलाई कुलीन मान्दछु र जो यो कर्म गर्दैन त्यो कुलघातक हो ।

चार्वाक अनुयायीहरूले यो श्लोकलाई यथाश्रुत अर्थ गरेर आफ्नो पक्ष सिद्ध गरे । तर यसको अर्थ अर्कै छ–नित्य गोमांस भक्षण गरोस अर्थात् गो भनेको जिब्रो हो र मांस भनेको जिब्रोको मासुलाई उल्टाएर कण्ठ भित्र प्रवेश गरिदिनलाई भनेको हो । अमृतरस खसेर जिब्रोको अग्र भागमा पर्दछ; खसिरहेको त्यस अमररसलाई नित्य पान गर्नुको नाम अमरवारुणी पिउनु हो; यसै कर्मको नाम खेचरीमुद्रा हो ।

आजकाल सैद्धान्तिकरूपले चार्वाकका अनुयायीहरू कोही पनि छैनन् । परन्तु आचार र विचारका क्षेत्रमा हिजो आज मानिसहरू त्यसभन्दा पनि ज्यादा माथि पुगिसकेका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो आर्य–हिन्दूधर्मको कुनै महत्त्व नबुझी अवहेलन गरी जुन हाम्रा दाजु–भाइ, दिदी–वहिनीहरूले पश्चिमी देशको रहन–सहन, धर्म–कर्म आदिलाई अपनाएका छन्। उनीहरूलाई विश्वास पार्नको लागि पश्चिमी विद्वान्हरूको सिद्धान्त दर्शाउनु पर्दछ। जस्तै गङ्गाजीको जलको गुणको विषयमा ऋषि–मुनिहरूले अनेकौं ग्रन्थ लेखे तर विश्वास परेन र साधारण कूवाको जल तुल्य नै मानेका थिए। पछि पश्चिमी विद्वान्हरूले परीक्षा गर्दा गंगाजल अनेकौं गुणले युक्त छ भन्ने कुरा पत्ता लगाए पछि मात्र सबैलाई विश्वास पर्‍यो।

पूर्वजन्मको वन्धु तथा जातिस्मरण र भविष्यवाणीगर्ने क्यूवा निवासी २६ वर्षकी महिला राचा लेगाण्ड, स्विट्जरलैण्डको ३२ वर्षको गैब्रियल उराइब, अमेरीकी महिलाई श्रीमती रोजनवर्ग, इटलीको डाक्टर गैस्टोन उग्रसियोनी, जापानको ७ वर्षको वालक कटसूगोरो, फ्राँसकी ३ महिनाकी वच्ची कुमारी थिरीज, थाइलैण्डमा सार्जन्ट थिइन, अष्ट्रियाको एलेक्जैण्डिना सैमोना, लङ्काको जयसेनाको २ वर्षको वालक छोरा, क्यूवाको ४ वर्षको वालक इत्यादि अनेक प्रमाण छन्। क्राइष्ट (ईसा) को जन्मको घटना उल्लेख गर्दै सेंट मैच्यले भने–पैगंवरको भविष्यवाणीमा प्रभुको वारेमा जो केही भन्नु भएको थियो। हेर, एक कुमारी गर्भ धारण गर्नेछिन् र एउटा पुत्र पैदा हुनेछ जसको नाम एमैनुएलके हुनेछ।

गरीव–धनी, मूर्ख–पण्डित, कुरूप–रूपवान् वलहीन–वलवान् इत्यादि भएको प्रत्यक्ष प्रमाणलाई देख्दा–देख्दै पनि

CC-0. In Public Domain. Digitization by eGangotri

कुन चाहिने मूर्ख होला पूर्वजन्मको पाप–पुण्यको फल हो भनेर नमान्ने । यस्तै कुरालाई लिएर यमराज नचिकेतालाई भन्नु हुन्छ–

न साम्परायः प्रतिभाति बालं
प्रमाद्यन्तं वित्तमोहेन मूढम् ।
अयं लोको नास्ति पर इति मानी
पुनः पु नर्वशमापद्यते मे ।। (कठ १।२।६)

धनको मोहले अंध भएर प्रमाद गर्ने भएको त्यस मूर्खलाई परलोकको साधन सूझ्दैन । यो लोक छ, परलोक छैन । यस्तो मान्नेवाला पुरुष बारम्वार मेरो वशमा प्राप्त हुन्छ अर्थात् त्यसको जन्ममरण भइनै रहन्छ ।

पुनर्जन्म हुन्छ भन्ने विषयमा त सबैको एक मत छ, त्यसको लागि कुनै प्रयत्न गर्नु परेन, सबैको पुनर्जन्म हुन्छ–हुन्छ । अब हामीले सत् शास्त्र, सत्सङ्ग र सद्गुरुको उपदेशलाई ग्रहण गरेर पुनर्जन्म नहोस् भन्ने विचार गर्नु परेको छ ।

पुनरपि जननं पुनरपि मरणम्
पुनरपि जननीजठरे शयनम् ।
इह संसारे खलु दुस्तारे
कृपयाऽपारे पाहि मुरारे ।।
भज गोबिन्दं, भज गोबिन्दं, गोबिन्दं भज मूढमते
(चर्पट-पञ्जरिका ४)

हे मूढमते ! अनादि कालदेखि तैंले बारंबार असंख्य जन्म लिइस् । असंख्य चोटी पुनः पुनः त्यही भयङ्कर मृत्युमा प्राप्त

CC-0. In Public Domain. Digitization by eGangotri

भइस् र असंख्य माताहरूको दुर्गन्धमय कष्टप्रद उदरहरूमा सुतिस्। अब तँ संसार–चक्रदेखि छुट्नको लागि मुरारि प्रभुको भजन गर कृपानिधि भगवान्‌ले तेरो निश्चय पनि उद्धार गर्नु हुनेछ।

ततः पदं तत्परिमार्गितव्यं यस्मिन्गता न निवर्तन्ति भूयः
(गीता १५।४)

त्यो ठाउँ पत्ता लाउनु पर्दछ जहाँ गएपछि पुनः फर्केर आउनु पर्दैन।

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्वतः।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन॥ (गीता ४।९)

हे अर्जुन! जसले मेरो यस्तो प्रकारको दिव्य जन्म र कर्मलाई राम्रो गरी जान्दछ, त्यो मानिसले शरीर त्याग गरे पछि फेरि जन्मनु मर्नु पर्दैन; त्यो मैमा लीन हुन आउँछ।

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम्।
नाप्नुवन्ति महात्मानः संसिद्धि परमां गताः॥
आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म नविद्यते॥
(गीता ८।१५।१६)

परम सिद्धि पाएका महात्माहरूले मलाई पाएर दुःखको घर, क्षणभङ्गगुर पुनर्जन्ममा पर्नु पर्दैन। हे अर्जुन! ब्रह्म-लोकसम्मका जीवहरूले वारम्वार आवागमन गरिरहनु पर्दछ। परन्तु हे कौन्तेय! मलाई प्राप्त गरेपछि जन्म–मरण हुँदैन।

CC-0. In Public Domain. Digitization by eGangotri

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥

(गीता १५।६)

त्यो परम–पदलाई उज्यालो गराउने सामर्थ्य सूर्य, चन्द्र वा अग्नि कसैको पनि छैन । जुन पदमा पुगेपछि मानिसहरू पुनः आवागमनदेखि रहित हुन्छन् त्यो मेरो परंधाम हो ।

अव्यक्तात्तु परः पुरुषो व्यापकोऽलिङ्ग एव च ।
यं ज्ञात्वा मुच्यते जन्तुरमृतत्वं च गच्छति ॥

(कठ २।३।८)

अव्यक्तदेखि पनि पुरुष श्रेष्ठ छ र त्यो व्यापक तथा अलिङ्ग छ; जसलाई जानेर मनुष्य मुक्त हुन्छ र त्यो अमरत्वमा प्राप्त हुन जान्छ। (ब्रह्मविदाप्नोति परम्) तै २।१।१, ब्रह्मवेत्ता परमात्मामा प्राप्त हुन्छ। (ब्रह्मविद् ब्रह्मैव भवति) मु. ३।२९ म ब्रह्म नै हुँ भनी जो जान्दछ त्यो ब्रह्म नै हुन्छ। (स एव तदभवत्) बृ. १।८।१० जसले उसलाई जान्यो, त्यो त्यही नै भयो। (न तस्य प्राणा उत्क्रामन्ति ब्रह्मैव सन् ब्रह्माप्येति) बृ. ४।४।६ त्यसको प्राण शरीरबाट बाहिर निस्केर जाँदैन, ब्रह्म नै भएर ब्रह्मैमा विलीन हुन जान्छ ।

वेदाहमेतं पुरुषं महान्त-
मादित्यवर्णं तमसः परस्तात् ।
तमेव विदित्वातिमृत्युमेति
नान्यः पन्था विद्यतेऽयनाय ॥

(श्वेता ३।८)

CC-0. In Public Domain. Digitization by eGangotri

म यस अज्ञानातीत प्रकाशस्वरूप महान् पुरुषलाई जान्दछु। त्यसलाई नै जानेर पुरुष मृत्युलाई पार गर्दछन्, यो बाहेक परमपद प्राप्तिको अन्य कुनै मार्ग नै छैन।

यदा सर्वे प्रभिद्यन्ते हृदयस्येह ग्रन्थयः।
अथ मर्त्योऽमृतो भवत्येतावद्ध्यनुशासनम्॥

(कठ २।३।१५)

जुन समय यस जीवनमा नै हृदयका सम्पूर्ण ग्रन्थिहरूको छेदन हुन जान्छ। त्यस समय यो मरण धर्मा अमर हुन जान्छ। बस, सम्पूर्ण वेदान्तहरूको यति नै आदेश छ।

CC-0. In Public Domain. Digitization by eGangotri

सन्त ज्ञानेश्वरको संक्षिप्त जीवनी

विट्ठलपन्तको विवाह सिद्योपन्तकी छोरी रुक्मिणीबाई संग भएको थियो । विवाह भएको केही काल पश्चात् सन्तान नभएकोले उनले काशीमा गई संन्यास लिने विचार गरी पत्नीलाई भने–मेरो संन्यास लिने इच्छा छ। रुक्मिणीवाईले सन्तान नभई संन्यास लिनु हुन्न भनी मनाई गरेकी थिइन् । एक दिन उनले पत्नीसंग म गङ्गास्नान गर्न जान्छु भन्दा पत्नीले हुन्छ जानुहोस्, भनेकोले उनी काशी गए ।

काशीमा रामानन्दस्वामीलाई म संन्यास लिन्छु मेरा स्त्री पुत्रादि कोही पनि छैनन् भने । स्वामीजीले पनि उनको सत्य वैराग्य देखेर उनलाई संन्यास मन्त्र दिए ।

अस्तु, केही दिनपछि रुक्मिणीवाईलाई आफ्नो पतिले काशीमा गई रामानन्दस्वामीसंग संन्यास ग्रहण गरेको कुरा थाहा भयो। त्यस दिनदेखि उनीले वैराग्य धारण गरी भगवान्को चिन्तन गरी बान्ह वर्ष व्यतीत गरिन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

रामानन्दस्वामी आफ्ना शिष्यहरूका साथ रामेश्वरको यात्रामा प्रस्थान गरे। संयोग यस्तो भयो कि मार्गमा आलन्दीमा वास बस्नु परेकोले हनुमानजीको मन्दिरमा बस्न गए। रुक्मिणी वाई नित्य हनुमानजीको दर्शन गर्न जान्थिन्। मन्दिरमा स्वामीजीलाई देखी उनले दर्शन गरिन्। स्वामीजीले (पुत्रवती भव) भनी आशीर्वाद दिए। यस्तो प्रकारको आशीर्वाद दिएको सुनेर उनी हाँसिन्। स्वामीजीले हाँस्नको कारण सोधे। उनले उत्तर दिइन् – मेरो पति देवले काशीमा गएर तपाईं संग संन्यास दीक्षा ग्रहण गर्नु एको छ, यसकराण तपाईं ले मलाई दिनु भएको आशीर्वाद पूर्ण हुन असंभव देखेर हाँसेकी हुँ भनिन्। अनि स्वामीजीले यथार्थ हाल रुक्मिणीवाई संग सोधे। उनको कुरा सुनेपछि विट्ठलपन्त चैतन्याश्रम स्वामी वनेका नै यी स्त्रीको पति हुन पर्छ भनी निश्चय गरे। स्वामीजीले रामेश्वर यात्राको संकल्प त्याग गरी रुक्मिणीवाई सहित उनकी माता पितालाई समेत साथ लिई काशी फर्के। स्वामीजीले आलन्दी पुगेर फर्की आएको छु भन्न साथ चैतन्याश्रम हडवडाए तदनन्तर उनले आफ्नो यथार्थ हाल बताई गुरुको पाउमा परे। उनको ससुरा सिधोपन्त पनि आफ्नी स्त्री र छोरी रुक्मिणीवाई सहित अगाडि खडा भए।

स्वामीजीले विट्ठलपन्त चैतन्याश्रमलाई आफ्नी स्त्रीलाई ग्रहण गर। आफ्नो घरमा गई स्वधर्म–पालनको लागि गृहस्थाश्रममा नै रहु भन्ने आज्ञा दिए। चैतन्याश्रमले पनि गुरुको आज्ञा पालन गरी सासु–ससुरा र आफ्नी स्त्रीको साथ आलन्दी फर्की आए।

CC-0. In Public Domain. Digitization by eGangotri

विट्ठलपन्त संन्यासी भएर पुनः गृहस्थ भएकाले उनलाई सबैले निन्दा गरी अनेक प्रकारका कष्ट समेत दिन लागे। आफ्नो कुलबाट पनि त्यागिनु पर्‍यो। उनले अनेक प्रकारका कष्टहरू भोग्नु पर्‍यो। यस्तैमा रुक्मिणीबाईको गर्भबाट दुइ– दुइ वर्ष फर्क गरी तीन छोरा र एक छोरी को जन्म भयो। निबृत्तिनाथ संवत् १३३० ज्ञानेश्वर संवत् १३३२ सोपानदेव संवत् १३३४ र मुक्ताबाई संवत् १३३६ मा जन्मिन्।

यी चारै जना अपूर्व बुद्धि, शील, गुणादिले युक्त थिए। आपसमा खेल्दा पनि परमार्थ विषयको कुरा गर्दथे। निबृत्तिनाथ जब सात वर्ष लागेका थिए, तब विट्ठलपन्तले विचार गरे कि संन्यासी भएर फेरि मैले गृहस्थाश्रममा प्रवेश गरी सन्तान पैदा गरें। अब छोराहरूको कसरी उपनयन–संस्कार हुन्छ ! यस्तो विचार गरी छोराहरूका उपनयन गराउनको निमित्त उनले धेरै जसो ब्राह्मणहरूलाई अनुरोध गरे। ब्राह्मणहरूले यस्तो उत्तर दिए–संन्यास भएर जो गृहस्थाश्रममा प्रवेश गरी सन्तान जन्माउदछ भने त्यस सन्तानको यज्ञोपवीत–संस्कार गर्न हुन्छ भनेर कुनै शास्त्रमा लेखेको छैन। यसकारण तिम्रो छोराहरूको उपनयन–संस्कार हुन सक्तैन तिम्रो अपराध यति ठूलो छ कि त्यसको प्रायश्चित स्वरूप दण्ड देहान्त हुनु बाहेक अर्को छैन।

विद्वान् ब्राह्मणहरूको त्यस्तो प्रकारको निर्णयलाई सुनेर विट्ठलपन्तले आफ्नो शरीर त्याग्ने निश्चय गरी प्रयाग गए। तीर्थ राज प्रयागमा पुगेर शान्त चित्तले उनले गङ्गा–यमुनाको सङ्गमा डुबी आफ्नो शरीर छाडे। रुक्मिणीबाईले पनि पतिको

CC-0. In Public Domain. Digitization by eGangotri

स्मरण गरी पतिले फालहालेको ठाउँमा आफू पनि हामफालिन् । एवं प्रकार पति–पत्नी दुबैले आफ्ना नश्वर देहलाई त्याग गरे।

आमा बाबु दुबैको स्वर्गवास भएको समयमा निबृत्तिनाथको अवस्था १० वर्ष को थियो। उनी भाइ–बहिनीहरूका साथ आपेगाँव अर्थात् आफ्ना पूर्वजहरूका गाउँमा रहन लागे। त्यहाँ उनका बन्धुहरूले उनीहरूलाई घर भित्र पस्न समेत नदिई जो जति भएको उनीहरूको अंश समेत दिएनन्। घरवार हीन हुनाको कारण केही दिन आपेगाँवमा वसी निबृत्तिनाथ भाइ–वहिनीका साथ आलन्दीमा आए। निबृत्तिनाथ साँचिकै निबृत्ति नै थिए, उनलाई यज्ञोपवीत–संस्कारको विषयमा केही चिन्ता नै थिएन। परन्तु ज्ञानेश्वर भने यही भन्दथे कि हामीहरू ब्राह्मणका शरण परौं र आफ्नो यज्ञोपवीत–संस्कार गरौं। ज्ञानेश्वरको जन्म नै वर्णाश्रम धर्म रक्षाको निमित्त भएको थियो। यज्ञोपवीत (व्रतवन्ध) को निमित्त आलन्दीका ब्राह्मणहरूसंग प्रार्थना गर्दा ब्राह्मणहरूले निबृत्तिनाथलाई भने– तिमीहरू पैठाणमा गएर उहाँका विद्वान् ब्राह्मणहरूवाट शुद्धिपत्र लिएर पहिले आऊ।

आलन्दीका पण्डितहरूले व्रतवन्धको विषयलाई लिएर पत्र लेखेका थिए, त्यो पत्र लिएर निबृत्तिनाथ आफ्ना भाइ–वहिनी सहित पैठाण गए। पैठण पुगी आलन्दीका ब्राह्मण-हरूले दिएका शुद्धिपत्र त्यहाँ विद्वान् ब्राह्मणलाई दिए। पत्रद्वारा यिनीहरू संन्यासीका छोरा छोरी रहेछन् र हामीहरूद्वारा शुद्धिपत्र प्राप्त गरी यज्ञोपवीत–संस्कार गर्न चाहन्छन् भन्ने

CC-0. In Public Domain. Digitization by eGangotri

यथार्थ कुरा ब्राह्मणहरूलाई थाहा भयो। अनि सबै शास्त्रमा ब्राह्मणहरूले एक ठूलो सभा गरे। त्यस सभामा उपस्थित भएका सबै पण्डितहरूले खूब गरी शास्त्रहरूको अध्ययन गरे तर कुनै शास्त्रमा पनि संन्यासीको छोरालाई यज्ञोपवीत–संस्कार गर्न हुन्छ भनी कुनै शास्त्रमा पनि नलेखिएकोले उनीहरूले यस्तो निर्णय निबृत्तिनाथलाई सुनाए ब्रतवन्ध भने हुन सक्तैन, त्यस कारण तिमीहरूले भगवान्को अनन्य–भक्तिको अनुसरण गर्नु, तीव्र अनुताप गर्नु र गौ, खर, श्वानको वन्दना गरी भजन गर्नु ।

ब्राह्मणहरूले गरेका यस्तो प्रकारको निर्णयलाई सुनेर पनि वालकहरूका आनन्दमा कुनै अन्तर नपरेको देखेर सभासदहरूलाई सारै आश्चर्य लाग्यो। उनीहरूले त यही विचार गरेका थिए कि वालकहरू निराश भएर फर्किने छन्। परन्तु वालकहरूका आनन्दमा भने अलिकति पनि अन्तर परेन सभापतिले ती वालकहरूलाई सोधे तिमीहरूको नामको अर्थ के हो ? यस्तो प्रश्न सुनी उनीहरूले आ–आफ्ना नामको अर्थ वताउन शुरू गरे।

निबृत्तिनाथले भने– म निबृत्ति हुँ, प्रबृत्ति संग मेरो कुनै सम्वन्ध छैन। म राजयोगी हुँ, अखण्ड एक रस स्वसुखामृत पान गरी आनन्दपूर्वक रहन्छु।

सन्त ज्ञानेश्वरले भने–म ज्ञानेश्वर हुँ अर्थात् वेदहरूको पूर्ण निपूण तथा भूत, वर्तमान र भविष्य ज्ञाता छु।

CC-0. In Public Domain. Digitization by eGangotri

सोपानले भने– म सोपान हुँ, भगवान्‌को भजनमा लोकलाई लगाउनु र भक्तिमान्‌लाई बैकुण्ठ प्राप्त गराउनु मेरो काम हो ।

मुक्ताबाईले भनिन्–मेरो नाम मुक्ता हो, संसारमा मुक्तिको निमित्त ईश्वर–भक्तिको मार्ग दर्शाउन मेरो जन्म भएको हो ।

साना वालकहरूका मुखदेखि त्यस्तो कुरा सुनेर धेरै मानिसहरू हाँसे । त्यसै समयमा त्यहाँ एउटा भैंसी देखा पऱ्यो । त्यसलाई देखाएर त्यहाँ केही मानिसले ज्ञनेश्वरलाई भने-नामले मात्र के हुन्छ ? यो भैंसीको नाम पनि ज्ञानदेव हो । यो कुरा सुनेर ज्ञानदेवले भने–ठीक छ, यसमा र ममा केही भेद छैन यो भैंसीको आत्मा पनि मेरै आत्मा हो । जुन प्रकारले जलले पूर्ण भएका अनन्त घडा छन् ता पनि सबैमा एकै सूर्यको प्रतिविम्व परेको हुन्छ, त्यस्तै प्रकारले सम्पूर्ण भूतहरूमा समानरूपले भगवान् व्याप्त हुनुहुन्छ । नाना प्रकारका वनस्पति छन्, परन्तु ती सवैका मूलमा एउटा जल नै व्यापक छ । त्यस्तै नै सब भूतमा एउटा ब्रह्म नै व्यापक छ । त्यस्तैमा एक दुष्ट ब्राह्मणले त्यस भैंसीको पीठौमा लट्ठीले तीन चोटी हाने। सर्वात्मा भावको प्रतितीको यस्तो चमत्कार देखियो कि लट्ठी लाग्यो भैंसीको पीठौमा चोट लाग्यो ज्ञानेश्वरको पीठौमा र त्यसवाट रगत वग्न लाग्यो । यो घटना देखेर सबै ब्राह्मणहरू आश्चर्यमा परे ।

केही वर्षपछि ज्ञानेश्वर आफ्ना दाजु–भाइ र वहिनीको साथ गोदावरीको किनारामा आई वसेका थिए उनलाई हेर्नको लागि धेरै मानिसहरू भेला हुन लागे । त्यहाँ उनले अंधा-

CC-0. In Public Domain. Digitization by eGangotri

लाई देख्न सक्ने र लंगडालाई हिड्न सक्ने तुल्याई पठाए। त्यस्तैमा एउटा दुष्ट मानिस आयो र उहाँलाई भन्यो–यदि तिमी आफ्नो कुल पवित्र गर्न चाहन्छौ भने यस भैंसीको मुखवाट वेद मन्त्रहरू उच्चारण गराऊ। यस्तो कुरा सुनी खुशी साथ सन्त ज्ञानेश्वरले भैंसीको शिरमा आफ्नो हात राखे। अनि मनुष्यको स्वरमा भैंसीको मुखदेखि वेदका ऋचाहरू निस्कन लागे। यो अपूर्व दृष्य संवत् १३४४ माघ शुल्क पञ्चमीको दिन गोदावरीतटमा भएको थियो। यो आलौकिक तथा अपूर्व घटनाले ब्राह्मणहरूको अभिमान चूर भयो र भन्न लागे कि यी बालयोगी विष्णुका अवतार हुन्। यिनका दाजु–भाइ र वहिनी भगवान्का अंश हुन्। यस्तो निश्चय गरेर ब्राह्मणहरूले भक्ति भाव सहित बालयोगी राज ज्ञानेश्वरको मुक्त कण्ठले स्तुति गरे।

पैठाणमा एक ब्राह्मलणाई आफ्नो पिताको श्राद्ध गर्न परेको थियो। ज्ञानेश्वरले ती ब्राह्मणलाई श्राद्ध को सामान तयार गर्न लगाए। अनि ज्ञानेश्वरले श्राद्ध आरम्भ गरी तिनको पितृहरूको ध्यान गरी भने (आगन्तव्यम्) भन्न साथै सबै पितृहरू आए।

ज्ञानेश्वर महाराजको अनेकौं अपूर्व चमत्कारहरूलाई देखेर ब्राह्मणहरूलाई तीनै दाजु-भाइ देव मूर्ति हुन भन्ने कुरामा दृढ निश्चय भयो। यस्तो प्रकारको निश्चय भएपछि पैठाणका विद्वान् ब्राह्मणहरूले शुद्धिपत्र लेखी निवृत्तिनाथलाई दिए।

CC-0. In Public Domain. Digitization by eGangotri

सन्त ज्ञानेश्वर आफ्ना दाजु–भाइ र बहिनीको साथ तीर्थ-यात्रा गर्दा–गर्दै एकदिन नेवासेंमा पुगे । त्यहाँ उनले एउटी सती स्त्रीलाईआफ्नो मृत पतिको शवको नगीच बसी बिलाप गरिरहेकी देखे । ज्ञानेश्वर महाराजले सोध–पूछ गर्दा थाहा भयो कि त्यो मृत पुरुषको नाम सच्चिदानन्द रहेछ। नाम सुन्न साथ बालयोगेश्वरले भने–के सत् चित् आनन्दलाई पनि कसले मार्न सक्छ ? के सत् चित् आनन्दको पनि मृत्यु हुन्छ ? सच्चिदानन्दको त कुनै उपाधि हुँदैन, उसलाई मृत्युले स्पर्श सम्म गर्न सक्तैन । यस्तो भन्दै उनले त्यस शवलाई आफ्नो हातले स्पर्श गरे। सन्त ज्ञानेश्वरजीको हस्त स्पर्श हुन साथ त्यो मृत पुरुष तुरुन्त जीवित भएर उठ्यो । एवं प्रकारबाट तीर्थयात्रा समाप्त गरी निवृत्तिनाथ, ज्ञानेश्वर: सोपानदेव र मुक्ताबाई सबै जना आलन्दीमा आए ।

एक दिन चाङ्गदेवले ज्ञानेश्वरलाई भेटन इच्छा गरी सिंहमा चढेर एउटा हातमा त्रिशूल र अर्को हातमा सर्प समाती आलन्दीतिर लागे । चाङ्गदेव भेटन आइरहेका छन् भन्ने कुरा ज्ञानेश्वरले थाहा पाइसकेका थिए । त्यस समयमा उनी आफ्ना दाजु–भाइ र बहिनीले सहित एउटा परखाल जस्तो भीत्तामा सुखपूर्वक बसिरहेका थिए । जाङ्गदेव जसले तपस्याद्वारा आफ्नो आयुलाई १४०० सय वर्ष पुराएका थिए । त्यस्ता तपस्वी मान्य पुरुषलाई अलि पर सम्म लिन जाने निश्चय गरी ज्ञानेश्वरले भीत्तालाई हिडन आज्ञा दिए । भीताले आज्ञा पाएपछि सचेतन प्राणीको समान तीव्र गतिले हिडन शुरू गर्‍यो । एवं प्रकार१४००सय वर्ष पुगेका वृद्ध तपस्वीको र१४वर्ष का बालक

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानेश्वरको भेट भयो । चाङ्गदेवलाई म जस्तो ठूलो तपस्वी अरू कोही छैन भन्ने अभिमान थियो त्यो सन्त ज्ञानेश्वरको दर्शन मात्रले तुरुन्त नष्ट भयो । उपदेश सुनेपछि उनको मन अन्तर्मुख भयो र परम ज्ञानी भए ।

संवत् १३५३ साल मार्गशीर्ष कृष्ण १३ मा ज्ञानेश्वरको आलन्दीमा समाधि भयो, अर्थात् उनले देह छोडदा उनको उमेर २१ वर्ष ३ महिना ५ दिन भएको थियो। सन्त ज्ञानेश्वरको समाधि भएको एक दुइ वर्ष भित्रमा नै सोपानदेव, मुक्तावाई र निवृत्तिनाथ पनि समाधिस्थ भए ।

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त-वार्ता

केशव भन्दछन्—हे मित्र हरि ! जीव, ईश, ब्रह्म, पुरुषोत्तम, अच्युत आदि नाम रूप जति छन् ती सबै आफू अवाच्य पदवाट नै सिद्ध हुन्छन् । आफू चैतन्य केही गरे पनि असिद्ध हुन सक्तैन; यस कारण आफ्नो नमस्कार आफैलाई नै छ । आफूमा जान्नु नजान्नु पना केही पनि छैन र सबै दृश्य केवल आफ्नै चमत्कार मात्र हुन् । आफैबाट उत्पन्न भएका हुन् र आफैमा प्रतिष्ठित छन् ।

हरि भन्दछन् —तिमी को हौ ? पहिले मेरो यो प्रश्नको उत्तर देऊ ।

केशव भन्दछन्—म आफूलाई जान्दिन कि को हुँ किनकि जो जान्न मा र देख्नमा आउदछ त्यो दृश्य मिथ्या तथा बुद्धिको धर्म हुन्छ र आफू चैतन्य भने सबैलाई जान्नेवाला हुँ, मलाई कसले जानोस् यस कारण म स्वयं प्रकाश हुँ । अद्वय आफू निर्वि-शेष ब्रह्मलाई जसले जानेको, सुनेको र देखेको छु भन्दछ भने त्यसले वेदान्त केही पनि बुझेको छैन किन भने जान्नु, सुन्नु र देख्नु अल्प हो । आफ्नो स्वरूपलाई न वाणीले वर्णन गर्न सकिन्छ न

CC-0. In Public Domain. Digitization by eGangotri

नेत्रले देख्न सक्तछ र मनले मनन नै गर्न सक्तछ। आफ्नै सत्तावाट वाणीमा बोल्न सक्ने शक्ति, नेत्रमा देख्न सक्ने शक्ति र मनमा मनन गर्ने शक्ति प्राप्त भएको छ। ६ यै प्रमाणवाट जान्न नसकिने आफू अप्रमा हो ।

हरि–तिमीबाटै सर्व जगत् प्रकट भएको छ भने किन तिमी आफूलाई जान्दैनौ, के तिमी जड हौ ?

केशव–जड घटादि तमगुणको कार्य हो र बुद्धि सत्त्व गुणको कार्य हो। यसैले घटादिहरूका अपेक्षाले बुद्धिलाई चैतन्य भनिएको हो। आफू आवाङ्मनसगोचर जड चैतन्य देखि रहित शुद्ध चैतन्य हुँ। आफैंबाट जड–चेतन, सत्,–असत, ज्ञान–अज्ञान, ग्रहण, त्याग–धर्म–अधर्म, मन, वाणीको कथन, चिन्तनादि सिद्ध हुन्छ। जसदेखि नामरूप जगत् सिद्ध हुन जान्छ त्यही नै आफ्नो स्वयं प्रकाश स्वरूप आत्मा हो ,यही नै सम्यक् रूपले जान्नु छ। जान्नु त्रिपुटीमा हुन्छ , ब्रह्मात्मा त्रिपुटीको प्रकाशक हो त्रिपुटीको विषय होइन, त्रिपुटीद्वारा जानिएको वस्तु ब्रह्मात्मा हुँदैन । यही नै सर्व वेदान्तको सिद्धान्त हो । बन्धमोक्षको निवृत्ति प्राप्तिको विषयमा शारीरिक, मानसिक र वाणीदेखि पनि कर्तव्य गर्नु पर्ने केही छैन, किन भने बन्धमोक्ष आफ्नो स्वरूपको अज्ञानवाट उत्पन्न भएको भ्रम सिद्ध हुन्छ। तात्पर्य यो हो कि आफ्नो स्वरूपलाई सम्यक् न जान्नु बन्ध हो र आफ्नो स्वरूपलाई सम्यक् जान्नु नै मोक्ष हो । यसदेखि अतिरिक्त बन्ध मोक्ष कुनै वस्तु होइन, जसलाई ग्रहण त्यागबाट पुरुषको बन्धमोक्ष होस् र न कोही बन्धमोक्षको स्थान छ। जहाँ गएर बन्धको निवृत्ति र मोक्ष को प्राप्ति हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

हरि–हे केशव ! तिम्रो यस्तो कथनले त बन्धमोक्षको प्रतिपादक शास्त्र निष्फल हुन जान्छ।

केशव–मैले कुनै शास्त्रको खण्डन –मण्डन केही गरेको छैन, यथार्थ सिद्धान्तको कुरा भनेको हुँ।

न निरोधो न चोत्पत्तिर्न बद्धो न च साधकः।
न मुमुक्षुर्न वै मुक्त इत्येषा परमार्थता ॥

(अवधूतोपनिषद् ११)

अतः परमार्थ (वास्तविक) कुरा त यही हो कि न कसैको नाश छ, न उत्पत्ति छ, न बन्धन छ र न कोही साधक छन् तथा न मुमुक्षु छन् न मुक्त छ।

मोक्षस्य नहि वासो ऽस्ति न ग्रामान्तरमेव वा।
अज्ञान हृदयग्रन्थिनाशो मोक्ष इति स्मृतः ॥

(शिव गीता १३।३३)

मोक्षको अवस्थान कुनै लोकमा, काही पनि मोक्ष हुँदैन अर्थात् जस्तो कैलाश वैकुण्ठलोक छ त्यस्तै मोक्ष कुनै लोक होइन, अज्ञानको गाँठो नाश नै मोक्ष हो।

बुभुक्षेरिह संसारे मुमुक्षुरपि दृश्यते।
भोगमोक्ष निराकांक्षी विरलो हि महाशय ॥

(अष्टावक्र गीता १७।५)

संसारमा प्राय भोग र मोक्षको इच्छा गर्ने भएका पुरुष नै देखिन्छन्। परन्तु भोग र मोक्ष दुवैको इच्छाले रहित भएका महाशय विरला नै हुन्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

बन्धमोक्षको निवृत्ति प्राप्तिको लागि शास्त्र यत्न गर्दैन । अन्धाकारलाई हटाउनको लागि तथा अन्धाकारमा राखेको वस्तु प्राप्तिको लागि दीपक वाल्नुको लागि भने अनेक साधनहरू छन् । अन्धकारलाई हटाउनको लागि र अन्धकारमा राखेको वस्तु प्राप्तिको लागि भने कुनै साधन चाहिंदैन । तथा जसरी आफ्नो मुखलाई देखनको लागि केवल शुद्ध दर्पणलाई सम्मुख गर्नु नै कर्तव्य हो । परन्तु जुन दर्पणमा मलिनता छ त्यस दर्पणको मलिनाता हटाउनको लागि अवश्य अनेक साधन छन्, मुख देखनको लागि साधनको आवश्यकता छैन । त्यस्तै बन्धमोक्षको निवृत्ति प्राप्तिको लागि केवल आफ्नो स्वरूपको सम्यक् ज्ञान हुनुमा मुख्य कर्तव्य छ अन्य होइन । परन्तु जान्नु सम्यक् बुद्धिदेखि मात्र हुन्छ, जुन बुद्धिरूपी दर्पणमा मल विक्षेपादि दोषरूप मलिनता छ भने त्यसलाई हटाउनको लागि अनेक जप, तप, भजन, यज्ञ, दान, पूजा, तीर्थयात्रा, व्रत, शम, दमादि साधन छन्; वन्धमोक्ष निवृत्ति प्राप्तिको लागि कुनै साधन छैनन् ।

एष सर्वेषु भूतेषु गूढोत्मा न प्रकाशते ।
दृश्यते त्वग्र्चया बुद्धया सूक्ष्मया सूक्ष्मदर्शिभिः ॥

(कठोपनिषद् १।३।१२)

सम्पूर्ण भूतहरूमा लुकेको यो आत्मा प्रकाशमान हुँदैन । यो त सूक्ष्म दर्शी पुरुषहरूद्वारा आफ्नो तीव्र र सूक्ष्म बुद्धिले नै देखिन जान्छ ।

अत्यन्त मार्मिक कुरा यो छ कि दीपक वाल्नाले अन्धकारको नशा मात्र हुन्छ, वस्तु त आफैले प्राप्त गर्नु पर्छ । यदि दीपक

CC-0. In Public Domain. Digitization by eGangotri

बाल्नाले नै वस्तु प्राप्त हुने भए अन्धाले पनि प्राप्त गर्न सक्नु पर्ने ? यस्तै गुरु र शास्त्रले मात्र आफूलाई जान्न सकिदैंन । जसलाई स्वरूपको भ्रम छ, त्यसको लागि गुरु र शास्त्रको आवश्यकता अवश्य छ । मोक्ष रूप ब्रह्मात्मालाई प्राप्ति गर्नको लागि गुरु र शास्त्र होइन । त्यस्तै आत्मालाई जान्नको लागि वृत्तिव्याप्तिको अपेक्षया छ फल व्याक्प्तिको छैन । हे हरि ! म आफूलाई यस्तो उस्तो भन्न सक्तिन, जस्तो हो त्यस्तै छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

विदुषी नारीहरू

महारानी मदालसा राजा ऋतुध्वजकी पत्नी हुन् । मदालसाको गर्भबाट एउटा पुत्र रत्नको जन्मभयो । राजाले छोराको नाम विक्रान्त राखे । मदालसाले आफ्नो रोइराखेको सानो बालक छोरालाई फुलाउन यस्तो उपदेशको आरम्भ गरिन्–

शुद्धोसि बुद्धोसि निरञ्जनोसि, संसार माया परिर्वाजितोसि ।
संसार स्वप्नं त्यज मोहनिद्रां, मदालसावाक्यमुवाचपुत्रम् ॥

(मार्कण्डेय पुराण २३।१०)

दोष रहित, ज्ञानस्वरूप, मायामल रहितको तिमी छौ, संसारी माया रहित छौ, यो मोह निद्रा जनित संसार स्वप्नलाई त्याग, मदालसाले यस्तो उपदेश पुत्रलाई गरिन् ।

शुद्धोसि रे तात न तेऽस्ति नाम, कृतं च ते कल्पनयाधुनैव ।
पञ्चात्मकं देहमिदं न तेऽस्ति, नैवास्य त्वं रोदिषि कस्यहेतोः ॥

(मार्कण्डेय पुराण २३।११–१२)

हे तात ! तिमी त शुद्ध आत्मा हौ; तिम्रो कुनै नाम छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

यो कल्पित नाम त तिमीलाई अहिले मात्र प्राप्त भएको हो। यो शरीर पनि पाँच भूतले बनेको छ। न यो तिम्रो हो, न तिमी त्यसको हौ।

न वा भवान्नो दिति वै स्वजन्मा, शुद्धोयमासाद्य महीसमहम्।
विकल्प्यमानोविविधैर्गुणार्थै, र्गुणाश्च भौताः सकलेंन्द्रियषु॥

(मार्कण्डेय पुराण २३।१२–१३)

अथवा तिमी त रुदैनौ, यो शब्द राजकुमार कहाँ पुगेर आफसे आप प्रकट हुन्छ। तिम्रो सम्पूर्ण इन्द्रियहरूमा जो भिन्न–भिन्न प्रकारका गुण–अवगुणहरूका कल्पना हुन्छन्, ती पनि पाञ्च भौतिक नै हुन्।

भूतानि भूतैः परिदुर्वलानि, वृद्धिं समायति यथेह पुंसः।
अन्नांबुपानादिभिरेव कस्य न तेऽस्ति वृद्धिर्न च तेऽस्ति हानिः॥

(मा. पु. २३।१३–१४)

जसरी यस जगत्मा अत्यन्त दुर्वल भूत अन्य भूतहरूको सहयोगबाट बृद्धिमा प्राप्त हुन्छ, त्यस्तै प्रकार अन्न र जल आदि भौतिक पदार्थहरूलाई दिनाले पुरुषको पाञ्चभौतिक शरीरको नै पुष्ठ हुन्छ। यसबाट तिमी शुद्ध आत्माको न त बृद्धि हुन्छ र हानि नै हुन्छ।

त्वं कंचुके शीर्यमाणे निजेऽस्मिंस्तस्मिन्स्व देहे मूढतां मा व्रजेथाः।
शुभाशुभैः कर्मभिर्देहमेतन्मदा, दिमूढैः कंचुकस्ते पिनद्धः॥

(मा. पु. २३।१४–१५)

तिमीले आफ्नो यस देहरूप चोलाको जीर्णशीर्ण हुँदा

CC-0. In Public Domain. Digitization by eGangotri

मोह न गर्नु । शुभाशुभ कर्महरूको अनुसार यो देह प्राप्त भएको छ, तिमी त सर्वथा यसदेखि मुक्त छौ ।

तातेति किंचित्तनयेति किंचिदंवेति किंचद्दयितेति किंचित् ।
ममेति किंचित् नममेति किंचिभ्दौतं संघं बहुधा मा लपेथाः ॥

(मा. पु. २३।१५–१६)

कोही जीव पिताको रूपमा प्रसिद्ध छन्, कोही पुत्रको रूपमा, कसलाई माता र कसलाई प्यारी स्त्री भन्दछन्; कोही यो मेरो हो भनेर अपनाउद छन् र कोही मेरो होइन यो त पराय होभन्दछन् । यसं प्रकार भूतसमुदायको नै नना रूप हुन्, यस्तो तिमीले मान्नु पर्छ ।

दुःखानि दुःखोपगमाय भोगान्सुखाय जानाति विमूढचेताः ।
तान्येव दुःखानि पुनः सुखानि जानाति विद्वानविमूढचेताः ॥

(मा. पु. २३।१६–१७)

यद्यपि समस्त भोग दुःखरूप छन् तथापि मूढचित्त मानव त्यसलाई दुःख नष्ट गरिदिनेवाला तथा सुखलाई प्राप्ति गराइदिनेवाला संझन्छन्; किन्तु जो विद्वान् छन्,जसको चित्त आच्छन्न भएको छैन , ती त्यस भोगजनित सुखलाई पनि दुःख नै मान्दछन् ।

हासोऽस्थिसंदर्शनमक्षियुग्ममत्युज्ज्वलं यत्कलुषंवासायाः ।
कुचादिपीनं पिशितं घनं तत्स्थानं रतेः किं नरकं न योषित् ॥

(मा. पु. २३।१७–१८)

स्त्रीहरूको हाँसो क्या हो, हाडहरूको प्रदर्शन । जसलाई अत्यन्त सुन्दर नेत्र युवत भनिन्छ, त्यो वोसोको कलुषता हो

CC-0. In Public Domain. Digitization by eGangotri

र मोटो-मोटो कुंच(स्तन) आदि मांसको थूप्रोको ग्रन्थिहरू हुन्; अतः पुरुष जसमाथि अनुराग गर्दछ, त्यो युवती के नरकको मूर्ति होइन ?

यानं क्षितौ यानगतश्च देहो देहेऽपि चान्यः पुरुषो निविष्टः ॥
ममत्वमुर्व्यां न तथा यथा स्वे देहेऽति मात्रं च विमूढतैषा ॥
(मा. पु. २३।१८-१९)

पृथ्वीमा सवारी चल्दछ, सवारीमाथि यो शरीर रहन्छ र यस शरीरमा पनि अर्को एउटा पुरुष बसेको हुन्छ। किन्तु पृथ्वी शरीरमा त्यस्तो ज्यादा ममता देखी दैन, जस्तो कि आफ्नो देहमा दृष्टिगोचर हुन्छ। यही मूर्खता हो ।

जति–जति बढ्दै बालक जान्थ्यो,उति–उति नै महारानी मदालसा प्रतिदिन बालकलाई ममताशून्य ज्ञानको पदेश दिन्थिन् । एवं प्रकार माताले जन्म देखि नै आफ्नो पुत्रलाई यस्तो उपदेश दिएको हुँदा, जसद्वारा ज्ञानी एवं ममताशून्य भएर राजकुमारले गार्हस्थ्य धर्मको प्रति आफ्नोमनलाई जान दिएनन्। मदलसाको गर्भवाट अरू पुत्रसुवाहु र शत्रुमर्दनको जन्म भयो। यी दुवैपुत्रलाई पनि पहिलेको पुत्रलाई झैं ज्ञानको उपदेश दिइन्। जसद्वारा यी दुवै राजकुमारहरू पनि परम बुद्धिमान् एवं ज्ञानी भए। उनीहरू निष्काम कर्म गर्न लागे, सकाम कर्ममा उनीहरूको रुचि भएन। जब मदालासाको गर्भवाट चौथो पुत्र अलर्कको जन्म भएको थियो। तदनन्तर रानीले पहिलेका पुत्रहरूलाई झैं यस कान्छो पुत्रलाई पनि ज्ञानको उपदेश सुनाउन आरम्भ गर्न लागेकी थिइन्। तव राजाले उनीलाई रोकेर भने– अहो यो के गरेकी ?

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलेका पुत्रहरूलाई झैं यस पुत्रलाई पनि ज्ञानको उपदेश दिएर मेरो वंशपरम्पराको उच्छेद गर्न किन तत्पर हुन्छ्यौ । यदि तिमीलाई मेरो प्रिय कार्य गर्नु छ भने मेरो पुत्रलाई प्रवृत्ति-मार्गमा लगाऊ । देवी ! यस्तो गर्नाले कर्ममार्गको उच्छेद हुंदैन तथा पितृहरूको पिण्डदान लोप हुन पाउदैन ।

पतिको आज्ञानुसार महारानी मदालसाले अलर्कलाई राजनीति, वर्णाश्रम धर्म, गृहस्थीको कर्तव्य, श्राद्ध कर्म, श्राद्धमा विहित र निषिद्ध वस्तु तथा गृहस्थोचित सम्पूर्ण ज्ञानको उपदेश दिइन् । तदनन्तर धेरै वर्ष पछि वृद्धावस्थामा प्राप्त भएका राजा ऋतध्वजले आफ्नी पत्नी मदालासाको साथ तपस्याकोलागि वनमा जाने निश्चय गरी अलर्कलाई राज्याभिषेक गरिदिए त्यसै समयमा मदालसाले आफ्नो पुत्र केवल विषय भोगमा मात्र आसक्ति नहोस् भन्ने अभिप्राय लिएयर अन्तिम वचन भनिन्– पुत्र ! गृहस्थ–धर्मको अवलम्भवन गरेर राज्य गर्दा यदि तिमी माथि प्रिय बन्धुको वियोगले, शत्रुहरूको वाधाले अथवा धनको नाशले हुने कुनै असह्य दुःख आइपऱ्यो भने मैले यस अंगुठीमा रेशमी वस्त्रमा उपदेश लेखेर राखिदिएकी छु त्यो खोलेर हेर्नु । यति भनी उनी तपस्या गर्नको लागि पतिको साथ वनमा गइन् । त्यो अंगुठीमा यस्तो उपदेश लेखेको थियो ।

सङ्गः सर्वात्मना त्याज्यः स चेत्युक्तं न शक्यते ।
स सद्भिः सह कर्तव्यः सतां सङ्गो हि भेषजम् ॥
कामः सर्वात्मना हेयो हातुं चेच्छक्यते न सः ।
मुमुक्षां प्रति तत्कार्यं सवै तस्यापि भेषजम् ॥

(मा. पु. ३६।२३–२४)

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्ग (आसक्ति) लाई सब प्रकारवाट त्याग गर्नु पर्छ 'किन्तु यदि त्यसलाई त्याग गर्न सकिएन भने सत्पुरुषहरूको सङ्गत गर्नु पर्छ; किन भने सत्पुरुषहरूको सङ्गत नै त्यसको औषधि हो।

कामनालाई सर्वथा छोडनु पर्छ, परन्तु यदि त्यसलाई छोडन सकिएन भने मुमुक्षा (मुक्तिको इच्छा) को प्रति कामना गर्नु पर्छ; किन भने मुमुक्षा नै त्यस कामनालाई हटाउने औषधि हो।

भारती र जगत् गुरु श्रीशङ्कराचार्यको संवाद—वेदशास्त्रमा अनावस्था यज्ञादिको सर्वनाश गर्नमा संलग्न वौद्ध र जैनादिहरूको महान् अत्यचार देखि भयभीत भएर ब्रह्मा, विष्णु, देवगण तथा गोरूप धारिणी पृथ्वी धर्मरक्षाको लागि कैलासमा गएर शिवजीको शरण परे।

देवता इत्यादिको कुरा सुनेर भगवान् शङ्करले भन्नु भयो—हुन्छ, म अवतार लिनेछु। तपाईहरू पनि मनुष्यरूप धारण गरी भारतमा जन्म लिनुहोस्। शंकरले आफ्नो पुत्र कार्तिकेयलाई भन्नु भयो—तिमी कर्मकाण्डको रक्षाको लागि कुमारिल भट्टको रूप धारण गर। उपासना (भक्ति) काण्डको रक्षणार्थ विष्णु र शेषनाग संकर्षण र पतञ्जलिको रूपमा अवतीर्ण हुनेछन्। तिम्रो सहायताको लागि ब्रह्माजी मण्डन मिश्र र देवराज इन्द्र सुधन्वा राजा हुने छन्। म स्वयं ज्ञान काण्डको उद्धार गर्ने छु। शंकरको अज्ञाले देवगणले अवतार धारण गरे। सरस्वतीले पनि दुर्वासाको शापले गर्दा मण्डन मिश्रकी पत्नीको रूप धारण गर्नु भयो।

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डनमिश्र पूर्वमीमांसा शास्त्रको पूर्ण विद्वान् र अनुयायी थिए। उनलाई आफ्नो पाण्डित्यको पूरा अभिमान थियो, उनी सम्झन्थे कि म समन पृथ्वीमा अरू कोही पनि विद्वान् छैनन्।

यस वृत्तान्तलाई सुनेर शास्त्रार्थकेशरी आचार्य शङ्कर स्वामी तत्काल नै आफ्नो योगसिद्धिको प्रभावले आकाशमार्ग द्वारा उनको बन्द गृहको भित्र पुग्नु भो। मण्डनमिश्र भित्र श्राद्ध गरिरहेका थिए। शङ्कराचार्यले उनी संग शास्त्रार्थको भिक्षा माग्नु भो। उनी पनि त्यस्तै चाहान्थे। दुवैमा यो प्रतिज्ञा भयो कि शास्त्रार्थमा जो पराजित हुन्छ त्यसले विजेताको शिष्य बन्ने दुवैमा शास्त्रार्थ हुने निश्चित भयो र दुवैको सम्मतिले मिश्रकी धर्मपत्नी प्रसिद्ध विदुषी भारतीलाई मध्यस्थ पदमा नियुक्त गरे। जो साक्षात् सरस्वती कै अवतार थिइन्। दुवैको कण्ठमा पुष्प–माला पइराई भारतीले भनिन्–जो हार्दछ उसको कण्ठको माला सुकेर जानेछ।

शास्त्रार्थ प्रारम्भ भो। मण्डनमिश्र द्वैतवादलाई अनेक प्रमाण एवं युक्तिद्वारा सिद्ध गर्दथे, र श्रीशङ्कर स्वामी त्यसलाई खण्डन गरी अद्वैतवादलाई प्रवल अकाट्य युक्ति, तर्क, प्रमाणादिले समर्थन गर्नु हुन्थ्यो। आखिर ७ दिन पछि मण्डनमिश्रको कण्ठको माला सुक्न गयो। मिश्रले आफ्नो हार स्वीकार गरी द्वैतवादलाई त्यागी आफ्नो प्रतिज्ञाको अनुसार आचार्य शंकरको सन्यासी शिष्य बन्न तयार भएका थिए। त्यस्तैमा भारतीले भनिन्– हे विद्वन्! अहिले तपाईंले पण्डितहरूमा श्रेष्ठ मेरो पतिलाई राम्रो संग जीत्नु भएको छैन, किनभने म उनकी अर्धाङ्गिनी

CC-0. In Public Domain. Digitization by eGangotri

हुँ। यसकारण मलाई जीतेर मात्र मेरो पतिलाई आफ्नो शिष्य बनाउनु होला।

शंकर र भारतीको बीचमा शास्त्रार्थ प्रारम्भ भयो। यी दुवैको विचित्र पद र युक्तिहरूले भरिएको वचन सुनेर लोकले त शेषनागलाई समेत केही गनेन् न सूर्य, न वृहस्पति न शुक्राचार्यलाई नै गने, संसारमा अरूको त कुरा नै के भयो ?

न दिवा न निश्यपि च वादकथा विरराम नैयमिककालमृते
इति जल्पतोः सममनल्पधियोर्दिवसाश्च सप्तदश चात्यगमन् ॥

(श्रीशङ्करदिग्वजय सर्ग ६।६५)

सन्ध्या - वन्दन आदि निश्चित काललाई छोडेर नदिनमा न रातमा नै यो शास्त्रर्थ रोकियो। यस्तो प्रकारले यी दुवै विशेष विद्वान्को बीचमा शास्त्रार्थ भएर १७ दिन बित्यो।

कामशास्त्रको रहस्यलाई जान्ने भएकी भारतीले शंकराचार्यलाई यो प्रश्न गरिन्—कामको कलाहरू कति छन् ? यसको स्वरूप कस्तो छ ? कुन स्थानमा यो निवास गर्छ ? शुक्ल पक्ष र कृष्ण पक्षमा यसको स्थिति कहाँ–कहाँ रहन्छ ? युवतीमा तथा पुरुषमा यो कलाको निवास कुन प्रकारले रहेको हुन्छ ? बालकपनमा नै सन्यास ग्रहण गरेको हुंदा शंकरले कामशास्त्रमा अनभिज्ञ छु भनी स्वीकार गर्नु भयो। कामशास्त्रमा भारतीले शंकरलाई पराजित गराइन्।

धर्मध्वज जनक सुलभा संवाद – प्राचीन कालमा मिथिलापुरीमा जनक नाम गरेका राजा राज गर्दथे। उनीले

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थाश्रममा रहेर पनि सन्यासको जो सम्यगज्ञानरूप फल हो, त्यसलाई प्राप्त गरेका थिए । उनी तत्त्व ज्ञाता तथा इन्द्रियहरूलाई वशमा राख्नेवाला थिए । वेदका ज्ञाता ठूला विद्वान् पुरुष पनि उनको साधुवृत्तिको समाचार सुनेर आफू पनि राजाको समान सज्जन वन्ने इच्छा गर्दथे ।

त्यो धर्म प्रधान युगको समय थियो । एक जना सुलभा नाम गरेकी त्रिदण्ड सन्यासिनी योग धर्मको अनुष्ठानद्वारा सिद्धि प्राप्त गरेर पृथ्वीमा यत्र–तत्र घुमेर हिडदथिइन् । सुलभाले एक दिन मिथिलापति राजा जनक तत्त्वज्ञानी छन् भन्ने कुरा सुनिन् – सुलभाको मनमा यस्तो संदेह भयो कि जनकको सम्वन्धमा जुन कुरा मैले सुने त्यो सत्य हो कि होइन । यस्तो संशय उत्पन्न भएकोले उनीले राजा जनकलाई नै भेटने निश्चय गरिन् । अनि योगशक्तिद्वारा सुन्दररूप धारण गरिन् र क्षणभरमा विदेहदेशको राजधानी मिथिलामा पुगिनन् । तत्पश्चात् संन्यासिनी सुलभाले भिक्षा माग्ने वहानाले मिथिला नरेशको दर्शन गरिन् ।

उनको परम सुकुमार शरीर र सौन्दर्यलाई देखेर राजालाई सारै आश्चर्य लाग्यो । राजाले उनको यथोचित स्वागत-सत्कार गरे । भोजन गरी संतुष्ट भएकी सुलभाले राजासंग केही प्रश्न गर्ने विचार गरिन् । उनीलाई राजा जनक जीवन्मुक्त पुरुष हुन् कि होइनन् भन्ने कुरामा संदेह थियो योगशक्ति र आफ्नो सूक्ष्म बुद्धिद्वारा राजाको बुद्धिमा प्रविष्ट भइन् । उनीले आफ्नो नेत्रको किरणले राजको नेत्रको किरणलाई संयम गरी योगवलले उनको चित्तलाई वाँधी वशमा गरिन् – जनकलाई

CC-0. In Public Domain. Digitization by eGangotri

सुलभा आफ्नो बुद्धिमा प्रवेश गरेकी थाहा भयो । राजा जनक र सुलभाको एकै शरीरमा रहेर जुन संवाद भयो, त्यो यस प्रकारको छ ।

राजा जनक भन्दछन्–मैले पूर्वकालमा सर्वश्रेष्ठ मोक्षविषयक ज्ञान जसद्वारा प्राप्त गरें, त्यो ज्ञान र ज्ञानदाता गुरुको परिचय तपाई म देखि सुन्नु होस् । पराशरगोत्री सन्यासी–धर्मावलम्बी बृद्ध महात्मा पञ्चशिख मेरो गुरु हुनुहुन्छ । म उहाँको परम शिष्य हुँ । साख्यज्ञान, योगविद्या तथा राजधर्म यी तीन प्रकारका मोक्ष धर्ममा मलाई गन्तव्य मार्ग गुरुदेवबाट प्राप्त भैसकेको छ । यस्तो प्रकारको उपदेश प्राप्त गरेको हुंदा म विषयहरूमा आसक्ति रहित भएर परमपदमा स्थित भएर रहेको छु । मेरो मोह नष्ट भैसकेको छ । मैले समस्त संसर्गहरूलाई त्यागी सकेको छु, यस कारण मैले गृहस्थ धर्ममा रहेर पनि बुद्धिको परम निर्द्वन्द्वता प्राप्त गरेको छु मेरो बुद्धि कुनै अनर्थमा अथवा भोगहरूको संग्रहमा पनि आसक्त हुँदैन । स्त्री आदिको विषयमा अनुराग हुनु र शत्रु आदिको विषयमा क्रोध उत्पन्न हुनु त्यो मेरो बुद्धिमा प्रवृत्ति हुँदैन । मेरो दाहिने बाहुमा चन्दन लगाई दिने र बाँया बाहुलाई काट्ने पुरुष भएता पनि ती दुवै मेरो लागि एक समान छन् । मेरो दृष्टिमा माटो, ढुङ्गा र सुवर्ण एक समान छन् । म आसक्ति रहित भएर राजाको पदमा प्रतिष्ठित भएको छु ।

दोषदर्शी तु गार्हस्थ्ये यो व्रजत्याश्रमान्तरे ।
उत्सृजन् परिगृह्णंश्च सोऽपि सङ्गान्न मुच्यते ॥

(म. भा. शा. ३२०।४४)

CC-0. In Public Domain. Digitization by eGangotri

जो गृहस्थ आश्रमलाई दोष देखि त्यसलाई परित्याग गरेर अर्कै आश्रममा जान्छ, त्यो पनि केही त्याग गर्छ केही ग्रहण गर्छ। अत: त्यसलाई पनि सङ्गदोष देखि छुटकार मिल्दैन ।

काषाय धारणं मौण्ड्यं त्रिविष्टब्धं कमण्डलुम् ।
लिङ्गान्युत्पथभूतानि न मोक्षयेति मे मतिः ।।

(म. भा. शा. ३२०।४७)

मेरो त यो धारणा छ कि गेरु वस्त्र लगाउनु, शिर मुडाउनु तथा त्रिदण्ड र कमण्डलु धारण गर्नु यी सब उत्कृष्ट सन्यासमार्गका परिचय दिने भएका चिन्ह मात्र हुन् । यिनीहरूको द्वारा मोक्ष सिद्धि हुँदैन ।

न त अकिञ्चनता (दरिद्रता) मा मोक्ष छ र नकिञ्चनता (आवश्यक वस्तुहरूले सम्पन्न हुनाले) बन्धन नै हुन्छ । धन र निर्धनता दुवै अवस्थाहरूमा मोक्ष छैन, ज्ञानदेखि नै जीवलाई मोक्ष प्राप्ति हुन्छ । यस कारण धर्म, अर्थ काम तथा राज्यपरिग्रह यी बन्धन का स्थानमा रहेर पनि मलाई तपाईं बन्धन रहित (जीवन्मुक्त) पदमा प्रतिष्ठित भएको समझनु होस् । राजा जनकले यसरी अनेकौं दु:खजनक, अयोग्य र असङ्गत वचनहरूद्वारा तिरस्कार गर्दा पनि सुलभाको मन अलिकति पनि विचलित भएन । जब राजाको कुरा समाप्त भयो, तब परम सुन्दरी सुलभाले अत्यन्त मधुर वाणीमा भाषण गर्न आरम्भ गरिन् ।]

सुलभा भन्दछिन्—राजान् ! वाणी र बुद्धिलाई दूषित गराउने जुन नौ–नौ दोष छन् यिनीहरूदेखि रहित अठारह गुण हरूले सम्पन्न र युक्तिसङ्गत अर्थले युक्त पदसमूहलाई वाक्य

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन् । ती वाक्यमा सौक्ष्मय, संख्या, क्रम, निर्णय र प्रयोजन यी पाँच प्रकारका अर्थ रहनु पर्छ । तपाईको वचनमा युक्ति सङ्गत अर्थ भएन । महाराज तपाईले मलाई सोध्नु भएको थियो कि तपाई को हुनुहुन्छ, कसकी हुनुहुन्छ र कहाँबाट आउनु भएको हो ? अतः यसको उत्तर सुनुहोस् जीव एक अवस्था बाट अर्को अवस्थामा जान्छ । यस कारण त्यसको विषयमा यस्तो प्रश्न हुन सक्तैन । इन्द्रियहरूलाई आफ्नोज्ञान र अर्काको ज्ञान केही पनि न हुनाको कारण तिनीहरू केहीपनि जान्न र बताउन सक्तैनन् । को कहाँबाट आउछ र को कहाँबाट आउदैन, यो कसको हो ? कसको होइन ? प्राणीहरूको आफ्नो अङ्गहरूको साथमा पनि कुनै सम्बन्ध छैन । जीव आफ्नो पूर्व संकल्प अनुसार जन्म ग्रहण गर्दछ । यस कारण तपाईले कसलाई सोधनु भएको हो । ।

आत्मन्येवात्मनात्मानं यथात्वमनुपश्यसि ।
ऐवमेवात्मना त्मानंयथात्वमनु पश्यसि ॥

(म. भा. शा. ३२०।१२५)

जसरी तपाई स्वयं आफूद्वारा आफैंमा आत्माको दर्शन गर्नु हुन्छ, त्यस्तै प्रकार आफूद्वारा अरूमा आत्माको दर्शन किन गर्नु हुन्न ।

इदं मे स्यादिदं नेति द्वन्द्वैर्मुक्तस्य मैथिल ।
कासि कस्य कुतो वेति वचनैः किं प्रयोजनम् ॥

म. भा. शा. ३२०।१२७)

मिथिला नरेश ! यो मलाई प्राप्त होस् ,यो न होस् । इत्यादि रूपले जो द्वन्द्वविषयका चिन्ता प्राप्त हुन्छ, त्यसदेखि यदि

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईं मुक्त हुनु भएको छ भने तपाई को हुनुहुन्छ ? कसरी हुनुहुन्छ ? अथवा कहाँबाट आउमनु भएको हो ? यस्तो प्रश्न गर्नुमा तपाईको के प्रयोजन हो ।

तदयुक्तस्य ते मोक्षे यो ऽभिमानो भवेन्नृप ।
सुहृद्भिः संनिवार्यस्तेऽविरक्तस्येव भेषजम् ॥

(म भा. शा. ३२०।१३१)

हे नरेश्वर ! वास्तवमा तपाई योग युक्त हुनुहुन्न तै पनि तपाईलाई जो जीवन्मुक्तिको अभिमान भइरहेको छ. त्यो तपाईको सुहृदलाई पर हटाई दिनु पर्छ अर्थात् यो मान्नु हुँदैन कि तपाई जीवन्मुक्त हुनुहुन्छ, ठीक त्यस्तै प्रकार अपचय्शील रोगीलाई औषधि दिन बन्द गरदिइन्छ ।

सर्वः स्वे स्वे गृहे राजा सर्वः स्वे स्वे गृहे गृही ।
निग्रहानुग्रहान् कुर्वंस्तुल्यो जनक राजभिः ॥

(म. भा. शा. ३२०।१४७)

जनक ! सबै मानिस आ–आफ्ना घरका राजा हुन् र सबै आ–आफ्ना घरका गृहस्वामी हुन्, सबै कसैलाई दण्ड दिन्छन् र कसै माथि अनुग्रह गर्दछन्; अतः सबै मानिस राजका समान नै हुन् ।

स्त्री, पुत्र, शरीर, कोष, मित्र तथा संग्रह यी सब वस्तुहरू राजाहरूको झै अरूको साथमा पनि साधारणतया भएकै हुन्छन् जुन कारणले त्यो राजा मानिएको छ, त्यही युक्तिहरूले अरू मानिस पनि राजाको समान नै हुन् भनी भन्न सकिन्छ । म सं-

CC-0. In Public Domain. Digitization by eGangotri

झन्छु कि तपाईंले पञ्चशिखाचार्यसंग शास्त्र श्रवण गरेर पनि श्रवण गरको छैन अथवा कुनै शास्त्र सुनेको भए पनि त्यसलाई मिथ्या गरिदिनु भो; यो पनि हुन सक्छ कि तपाईले वेद–शास्त्र जस्तो प्रतीत कुनै अन्य शास्त्र सुनेको होला । तपाईं केवल विदेहराज, मिथिलापति आदि लौकिक नामहरूले नै प्रतिष्ठित हुनु भएको छ, तपाईं अरू साधारण मनुष्यको तुल्य आसक्ति र अवरोधले वाँधिनु भएको छ ।

सबै वर्णहरूमा यो नियम प्रसिद्ध छ कि सन्यासीहरूले एकान्त स्थानमा रहनु पर्छ । मैले पनि तपाईंको शून्य शरीरमा मात्र निवास गरेकी हुं, त्यसवाट तपाईको कुन वस्तु दूषित भयो ? निष्पाप नरेश ! नत हातले, नखुट्टाले, न जाँघाले, न शरीरको अरू कुनै अंवयवहरूले नै तपाईंलाई स्पर्श गरको छु । यद्यपि मैले स्पर्श गरकी छैन तापनि यदि तपाईंलाई मरो स्पर्शको अनुभव हुन्छ भने मलाई यो भन्नु छ कि ती सन्यासी महात्मा पञ्चशिखा ले तपाईलाई ज्ञानको उपदेश कसरी गरे ? किन भने तपाईंले त्यसलाई निर्वीज गरिदिनु भयो । जीवन्मुक्त ज्ञानीको–जीवन्मुक्त ज्ञानीको साथ, एकत्वको पृथकत्वको साथ तथा आत्माको प्रकृतिको साथ संयोग हुनाले वर्णसंकरताको उत्पति हुन सक्तैन । जसलाई ब्रह्म साक्षात्कार भइसकेको छ, उसको लागि आत्मा देखि भिन्न कुनै अन्य वस्तु हुँदैन । उसको कुनै अन्यको साथ संयोग हुनु सम्भव छैन ।

नास्मि वर्णोत्तमा जत्या न वैश्या नावरा तथा ।
तव राजन् सवर्णास्मि शुद्धयोनिरविप्लुता ॥

(म. भा. शा. ३२०।१८०)

CC-0. In Public Domain. Digitization by eGangotri

राजन् ! म जातिको ब्राह्मणी होइन र वैश्य अथवा शूद्र नै हुँ। म त तपाईको समान वर्ण भएकी क्षत्रिणी नै हुँ। मरो जन्म शुद्ध वंशमा भएको छ र मैले अखण्ड ब्रह्मचर्यलाई पालन गरकी छु।

नास्मि सत्रप्रतिच्छन्ना न परस्वापहारिणी ।
न धर्म संकरकरी स्वधर्मे ऽस्मि धृतव्रता ॥

म. भा. शा. ३२०।१८४)

मैले संन्यासिनीको छद्‌मवेष धारण गरकी छैन। म पराय धनलाई अपहरण गर्दिन, न धर्मसंकरता नै फैलाउद छु। म दृढ-तापूर्वक ब्रह्मचर्यलाई पालन गरी आफ्नो धर्ममा स्थित छु।

जनेश्वर ! म आफ्नो प्रतिज्ञादेखि कहिले पनि विचलित हुन्न। विना विचार नगरी केही कुरा गर्दिन, तपाईको यहाँ पनि खूब सोच–विचार गरेर मात्र आएकी हुँ। सुलभाको यस्तो युक्ति सङ्गत र सार्थक वचनलाई सुनेर राजा जनक कुनै उत्तर न दिई चूप लागे। विदुषी त्रिदण्ड संन्यासिनी सुलभाले यसरी ज्ञानमा जनकलाई पराजय गरिन्।

CC-0. In Public Domain. Digitization by eGangotri

त्याग र वियोग

त्याग र वियोगलाई सामन्य दृष्टिले हेर्दा उस्तै झै देखिन्छ । परन्तु सूक्ष्मदर्शीको सूक्ष्म दृष्टिले हेर्दा ग्राकाश पातालको समान ग्रन्तर देखिन्छ ।

त्यागेनैके ग्रमृत्वमानशुः (कैवल्योपनिषद् १।३)

एकमात्र त्यागबाट ग्रमृत्त्व प्राप्त हुन्छ । (सन्यास) को ग्रर्थ हो त्याग । सन्यासी हुनलाई ग्राफ्नो परिवार, घर श्री सम्पति ग्रादिको ग्रासक्ति त्याग्नु पर्छ । यही कारणले गर्दा साधु महात्मालाई त्यागी भनिन्छ ।

सुरमंदिरतरुमूलनिवासः शय्या भूतलमजिनं वासः ।
सर्वपरिग्रहभोगत्यागः कस्य सुखं न करोति विराग :॥

(शङ्कराचार्य कृत मोह-मुग्दार ७)

एकान्त देवमन्दिरमा ग्रथवा वृक्षको मूलमा निवास गर्नु पृथ्वीलाई शय्या बनाउनु एवं मृगचर्मको वस्त्र बनाएर लगाउनु र स्त्री, पुत्र, धन, ग्रादि सबै प्रकारको परिग्रहणलाई त्यागिदिनु,

CC-0. In Public Domain. Digitization by eGangotri

तथा हृदयदेखि भोग:वासनालाई सर्वथा परित्याग गर्नु, यही वैराग्यको सच्चा स्वरूप हो यस्तो निर्मल वैराग्यले कसलाई सुख दिदैन ?

श्येनवत्सुखदुःखी त्यागवियोगाभ्याम् ।

(सांख्यदर्शन ४।५)

त्यागवाट सुख र वियोगबाट दु:ख प्राप्त हुन्छ । एउटा वाजले पक्षी लाई समातेको थियो, शिकारीले देख्योर त्यो पक्षी-लाई खोसेर लियो । पक्षीलाई खोसेर लगेपछि अर्थात् आफूले कत्रो परिश्रमद्वारा समातेको पक्षीसंग वियोग हुनाले वाजलाई अत्यान्त दु:ख लाग्यो र विचार गऱ्यो कि यदि मैले त्यो पक्षीलाई शिकारीले हरेर लानु भन्दा पूर्व त्यागी दिएको भए मलाई कस्तो सुख हुने थियो ।

अहिनिर्ल्वयिनीवत । (सांख्यदर्शन ४।६)

मोक्षको इच्छा हुनेले विषयसई सर्पले काँचुली त्यागे झै त्याग गर्नु पर्छ । परन्तु सर्पले काँचुली आफ्नो प्वालको नगीचै छोडेको हुन्छ र त्यसको मोहले वारंवार हेर्न जान्छ । त्यो काँचु-लीलाई देखेर सर्प समात्ने त्यहाँ वसिरहको हुन्छ, सर्प आउना-साथ समाती हाल्दछ । यस्तो प्रकारको त्यागवाट भने मानिस जीवन मुक्त हुँदैन ।

त्याग महान् तप हो । त्यागको विना न तेज, न सत्कार हुन्छ, न शान्ति हुन्छ, न प्रसन्नता, न आनन्द र न मुक्ति नै हुन्छ । मोहमा परेकाले आफूलाई समेत भूलेको हुन्छ । यस्तो प्रकार

CC-0. In Public Domain. Digitization by eGangotri

घर, पुत्र, स्त्री, पशु आदि अनित्य नाशवान् धनलाई जम्मा गर्ने न पूर्वका मानिसलाई सुख भो न त पछिकालाई नै यसबाट सुख हुनेछ ।

त्यजेदेकं कुलस्यार्थे ग्रामस्यार्थे कुलं त्यजेत् ।
ग्रामं जनपदस्यार्थे आत्मार्थे पृथिवीं त्यजेत् ॥

(मा. भा. आदि ८२।१६)

कुलको हितको लागि एक मनुष्यलाई त्यागोस् । गाउको हितको निमित्त एक कुललाई छोडोस् । जनपदको निमित्त एक गाउलाई पनि उपेक्षा गरोस् र आत्मकल्याणको लागि पृथ्वीलाई समेत त्याग गरोस् ।

त्यज्यन्ते दुःखमर्था हि पालने न च ते सुखा : ।
दुःखेन चाधिगम्यन्ते नाशमेषां न चिन्तयेत् ॥

(मा. भा. शा. ३३०।१८)

धन खर्च गर्ने बखतमा अति दुःख हुन्छ । त्यसको रक्षामा पनि सुख हुँदैन र प्राप्तिमा पनि अति नै कष्ट हुन्छ ,अतः धनलाई प्रत्येक अवस्थामा दुःखदायक सम्झेर त्यसको नाश हुँदा चिन्ता गर्नु हुन्न ।

धर्मार्थं यस्य वित्तेहा वरं तस्य निरीहता ।
प्रक्षालनाद्धि पंकस्य श्रेयो न स्पर्शनं नृणाम् ॥

(मा. भा. वन. २।४९)

जो धर्म गर्नको लागि धनोपार्जन को इच्छा गर्दछ, त्यसलाई धनको इच्छा नगर्नु नै ठीक छ । हिलो लगाएर धुनुको अपेक्षा मनुष्यको लागि त्यसको स्पर्श नगर्नु ठीक छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन राजा भोज महलको कौसीमा सुतिरहेका थिए । एक जना चोर ब्राह्मणले राजाको खजानामा राखेको धन चोरे उनको चित्तमा तत्क्षण नै वैराग्य उत्पन्न भयो कि मैले चोरेको धन मेरो परिवार भोग गर्दछन्, चोरी गरेको पापको फल भने मलाई प्राप्त हुन्छ । ब्राह्मण यस्तो बिचार गरिरहेका थिए, यस्तैमा राजाको निद्रा खुल्यो । भोज आफ्नो ऐश्वर्यको ध्यान गरेर मग्न भए र श्लोक वनाएर पढन थाले–

चेतोहरा युवतयः सुहृदो ऽ नुकूला :
सद्बान्धवाः प्रणयनम्रगिरश्च भृत्याः ।
गर्जन्ति दन्तिनिवहारतरलास्तुरंगाः

मेरो मनलाई हरण गर्ने मेरी स्त्रीहरू छन् मेरो मित्र पनि मेरो अनुकूल छन्, मेरो वन्धुजन श्रेष्ठ छन्, मेरा सेवक नम्रतापूर्वक बोल्दछन्, मेरा हात्ती गर्जनेवाला छन्, घोडा चञ्चल छन् ।

यस्तो प्रकार श्लोकको तीन चरण राजा पुनः पुनः भन्न लागे । चोर ब्राह्मण जो राजमहलमा लुकेर बसेका थिए, उनले चौथा चरण वनाएर सुनाई दिए--

संमिलने नयनयोर्नहि किंञ्चिदस्ति

(राजा भोज ४२)

जव नेत्र चिम्लिन्छ अर्थात् मनुष्यको मरण हुन्छ, तव उ संग केही पनि रहदैन्; सवै यहीँ रहन्छन् ।

आफ्नो चौथा चरण पूरा भएको सुनेर राजालाई आश्चर्य लाग्यो कि यहाँ मानिस कसरी आइपुगे ? राजा उठेर त्यतैतिर लागे जहाँ ती चोर ब्राह्मण थिए । ब्राह्मणले हात जोडेर राजालाई भने–म चोर हुँ ,मेरो अपराध क्षामा गर्नु होस् । म यहाँ चोर्न

CC-0. In Public Domain. Digitization by eGangotri

आएको हुँ तथापि मेरो चित्तमा वैराग्य उत्पन्न भएकोले धन लिई न भागी यहीं स्थित भएर रहेको हुँ। राजा आफ्नो चौथा चरण पूरा गरिदिएकोमा प्रसन्न भएका थिए, यसै कारण ती ब्राह्मणलाई दण्ड न दिई त्यो चोरेको धन सबै उनलाई नै दिए।

यत्पृथिव्यां व्रीहियवं हिरण्यं पशवः स्त्रियः ।
सर्वं तन्नालमेकस्य तस्माद् विद्वाञ्छमं चरेत् ॥

(म. भा. अनु. ९३।४०)

यस पृथ्वीमा जति धन, जौ, सुवर्ण, पशु र स्त्रीहरू छन्, ती सबै कुनै एक पुरुषलाई प्राप्त होस् ता पनि उसलाई संतोष हुँदैन; यो विचार गरेर विद्वान् पुरुष आफ्नो मनको तृष्णालाई शान्त गरोस्।

प्रायेण श्रीमतां लोके भोक्तुं शक्तिर्नविद्यते ।
जीर्यन्त्यपि हि काष्ठानि दरिद्राणां महीपते ॥

(विदुरनीति २।५१)

अक्सर गरेर धनवान् व्यक्तिहरूको खाएको भोजनलाई पचाउने शक्ति हुँदैन र निद्रा पनि उनीहरूलाई उस्तो लाग्दैन जो गरीब छ उसको भने काठलाई पनि पचाउने शक्ति हुन्छ जसको पचाउन शक्ति छैन उसको घरमा भने खाने पदार्थहरू कुइएर, गनाएर, सडेर फ्याकिन्छन्। जसको पाचन शक्ति छ उसको घरमा भने अन्नको सदा अभाव हुन्छ।

लक्ष्मीको स्वभाव अति चञ्चल छ सदा एकै ठाउमा र एकै व्यक्ति कहाँ स्थिर भएर बस्न उनीले जानेकै छैन भने पनि

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। यो शास्त्र सिद्धान्त मात्र होइन प्रत्यक्ष सबैले आँखाले देखेकै घटना हो हिजोको पूँजीपति आजको गरीव र आजको गरीव भोलिको धनवान् भएको।

दानेन वर्धते लक्ष्मी विद्या दानेन वर्धते।
दानेन वर्धते धर्मः कीर्तिर्दानेन वर्धते॥

(ब्रह्मानन्दमोक्षगीता ४।४२)

दान गर्नाले लक्ष्मीको वृद्धि हुन्छ र दान गर्नाले विद्याको बृद्धि हुन्छ, दान गर्नाले धर्मको वृद्धि हुन्छ र दान गर्नाले जगत् भरमा कीर्तिको वृद्धि हुन्छ।

धनको तीनौटा गति मानिएको छ– दान:क्षय र अपहरण। दानको अर्थ हो गरीव र असहायलाई धन दिनु, मुख्य कायमा लगाउनु, साधु, महात्मा, ज्ञानीजनहरूको धनद्वारा सेवा गर्नु। यति गरेपछि परमात्मा खुशी हुनुहुन्छ र सबै थोकको वृद्धि हुँदै जान्छ।

क्षयको– अर्थ हो उक्त पुण्य कर्महरूमा धन खर्च नगरेपछि ईश्वर क्रोधित हुन्छन् र अग्निद्वारा सबै भस्म गराई दिन्छन्।

पअहरणको–अर्थ हो चोरेर लैजानु, राजाले हरण गर्नु र धूर्त ठगादिहरूले छकाई हिसाव–किताबमा गोलमाल पारी धन लिनु।

तन पवित्र सेवा किये धन पवित्र दिये दान।
मन पवित्र हरि भजन से इस विधि हो कल्याण॥
चिडी चोंच भर ले गई नदी घटया ना नीर।
दान दिये धन न घटै कह गये दास कवीर॥

(कवीरदास)

CC-0. In Public Domain. Digitization by eGangotri

धनको इच्छा गर्दा दिन प्रति दिन दुःख बढ्दै जान्छ, धनलाई प्राप्त गर्न पनि कठिन नै पर्छ यदि कुनै प्रकारबाट प्राप्त भैहाल्यो भने पनि आत्माको लागि त यो मृत्यु स्वरूप नै छ। आफ्नो हातले धन खर्च गरी दान गर्दा मनमा सन्तोष हुन्छ, हृदय शीतल हुन्छ सदा उसको मुख हर्षले प्रफुल्लित भई नै रहन्छ; उता त्यस पुण्यले गरी परमात्माको प्राप्ति हुन्छ। त्यही धन अरूले अपहरण गरेकोमा सदा फलानोले मेरो यति धन बेइमान गरेर खायो भनेर मनमा चिन्ता भई नै रहन्छ; अत्यन्त दुःखको अनुभव हुन्छ। हृदय अग्निले पोलेको डाहा भए झैं छटपटाई रहन्छ र यही कारणले गर्दा निद्रा पनि राम्रो लाग्दैन। यही चिन्ताले गर्दा उसको शरीर रोग र शोकले ग्रस्त हुन्छ। कुनै धर्मकर्म नगरी हा पैसा–हा पैसा यति भन्दा –भन्दै नै त्यसको शरीरको इतिश्री पनि भइहाल्दछ।

यदि त्याग र परोपकारको विचारले मार्गमा फलफूलको वृक्ष रोपिदिएको छ भने, त्यो फलफूल अरूले खाइदिएकोमा मनमा अत्यन्त आनन्द हुन्छ। यो मेरो लागि भनी रोपिएको फलको वृक्षबाट कसैले एउटा मात्र फलटिपेर खाइदियो भने क्रोध उत्पन्न हुन्छ र मनमा दुःख लाग्दछ। यही नै त्याग र वियोगको महान् अन्तर हो।

यावद्भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम।
अधिकं यो ऽभिमन्येत स स्तेनो दण्डमर्हति ॥

(भागवत ७।१४।८)

मनुष्यहरूको अधिकार केवल त्यत्ति नै धनमा छ, जतिले उनीहरूको भोक मेटिन्छ। यसदेखि ज्यादा सम्पतिलाई जो आफ्नो

CC-0. In Public Domain. Digitization by eGangotri

मान्दछ त्यो चोर हो त्यसलाई दण्ड दिनै पर्छ। यो शुकदेवजीले भन्नु भएको सन्यासीलाई होला। गृहस्थाश्रमको धर्म पालन गर्न त केही न केही धन हुनै पर्छ। मनु भन्नुहुन्छ–(परित्यजेद थंकामौ यौ स्यातां धर्मवर्जितौ) मनुस्मृति ४।१७६ धर्मविरोधी अर्थ र कामलाई त्याग गरोस्।

चत्वारो धनदायादाः धर्माग्निनृपतस्करा :।
तेषांज्येष्ठापमानेन त्रयः कुप्यन्ति सोदराः ॥

धनको हिस्सेदार चार भाइ छन्–धर्म, अग्नि, नृप र तस्कर (चोर)। यिनमा जेठा दाइ धर्मको यदि अपमान हुन गयो भने अनि कान्छा तीन भाई अग्नि, राजा र चोर कुपित हुन जान्छन्।

दृष्टान्त–चारजना डाकूँ डाका मार्न भनी बन्दूक समेत लिएर रातमा निस्केका थिए। दैवसंयोग तिनी-हरूले मार्गमा अशर्फीको एक थैली भेट्टाए। चारैजना एउटा पाटीमा बसी आपसमा बराबर अशर्फी बाँडेर लिने कुरा गरे। त्यस्तैमा एउटाले भन्यो–अहिले हामीहरूलाई धेरै भोक लागेको छ, पहिले खानेकुरा खाएर मात्र बाँड्ने कामगरौं–अनि त्यसै गर्न ठीक हो भनी बजारमा दुइजना खानेकुरा किन्न गए। दुइ-जना पाटीमा अशर्फी कुरेर बसेकाले सल्लाह गरे कि यो धन तिनीहरूलाई नदिने हामी दुइ जना मात्र आधा–आधा गरेर लिने। जब ती दुइजना खानेकुरा लिएर आउँदछन् त्यसै समयमा बन्दुकले हानी मारिदिने, यस्तो निश्चय गरे। उता खानेकुरा किन्न गएका दुइजनाले पनि यस्तो विचार गरे कि हामी खाने-

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा खाओौं र ती दुइजनालाई भने विषहालेर लिएर जाऔं। ती दुइ जना मरेपछि हामी दुइ आधा-आधा गरेर अशर्फी बाँडौं। यस्तो निश्चय गरी आफूहरूले खानेकुरा खाई ती दुइजनालाई भने विष हालेर खाना लगे।

जब दुइजना विषमिश्रित खाना लिएर गएगका थिए, त्यहाँ पुग्नलाग्दा आफ्ना साथीहरूले बन्दूक हानी मारे। अनि ती दुइजनाले भनेअशर्फी पछि मात्र हामी दुइ आधा –आधा बाडौंला अहिले सारै भोक लागिरहेछ पहिले खाना खाऊ भनी खाँदा ती दुइ पनि मरे। यसरी अशर्फी पृथ्वीको –पृथ्वीमा नै रह्यो अर्थात् जहाँ थियो त्यहीं रह्यो।

यो धन मेरो, यो घर मेरो, यो जग्गा मेरो भनेको सुनेर पृथ्वी हाँस्दछिन् र भन्दछिन्–यो पृथ्वी, यो धन, यो राज्य मेरो भन्ने एउटा मात्र होइन कि हजारौं चक्रवर्तीराजाहरू भैसके। परन्तु अन्त्यमा न कसैले एकपैसा र टुक्रा जमीन लान सके। तँछुसी के मेरो भन्दछस्। श्री (लक्ष्मी) हुन् चल सम्पत्तिकी मालिक्नी, म भू (पृथ्वी) अचल सम्पत्तिकी मालिक्नी हुँ। हामी दुवै विष्णुकी पत्नी हौं कहिले पनि भगवान् विष्णुलाई छोडेर अरूकी हुँदैनौं।

धनानि भूमौ पशवश्च गोष्ठे, नारी गृहद्वारी जनाःश्मशाने।
देहश्चितायां परलोकमार्गे, धर्मानुगो गच्छति जीव एक॥

जुनसमय यो जीव यहाँबाट जान्छ, त्यस समय त्यसले खूब परिश्रमले कमाएको धन जहाँको तहाँ नै रहन्छ। हात्ती घोडा आदि पशुहरू गोठमा बाधिरहेका हुन्छन्,

CC-0. In Public Domain. Digitization by eGangotri

ती पनि साथ जादैनन्। अत्यन्त प्यारी अर्धाङ्गिनी भन्नेभएकी स्त्री पनि घरको द्वारमा नै रहन्छे, त्यो पनि साथ जान्न। भाइ बन्धु आदि कुटुम्बीहरू श्मशानसम्म मात्र साथ जान्छन्। अरूको त के कुरा यो शरीर पनि साथ जादैन, खालि चितासम्म साथ रहन्छ – एउटा धर्म मात्र जीवको साथ–साथै जान्छ, कहिले छोड्दैन।

जो पाटीमा नै वस्तछ, लुगा लगाएको पनि फाटेको छ। जस्तो भेट्टायो उस्तै खान्छ ता पनि यस्तालाई त्यागी भनिदैन, किन कि उसले बस्तुलाई त्यागेको होइनकि वस्तुदेखि त्यो त्यागिएको हो। वस्तु फेला परे ग्रहण गर्दछ। त्यागी त्यसलाई नै भनिन्छ। जो वस्तु भएर पनि त्याग गर्दछ। वस्तु नभएर दुःख भोगेकालाई वियोग भनिन्छ। राजा भर्तृहरिले भनेका छन् –

भिक्षाशनं तदपि नरिसमेकवारं,
शय्या च भूः परिजनो निजदेहमात्रम्।
वस्त्रं चजीर्णशतखण्डमयी च कन्था,
हा हा तथापि विषया न परित्यजन्ति॥

(वैराग्यशतक. २९)

नीरस अन्न (वासी सडेको) एक छाक भिक्षा मागेर खान्छ, भूमिमा सुत्दछ, कुटुम्बको नाममा केवल आफ्नो देहमात्र छ, पुरानो वस्त्र सय ठाउमा फाटेको लगाएको छ; यस्तो अवस्थामा पनि उसलाई विषय वासानाले छोडेको हुँदैन कस्तो आश्चर्य ?

शतहस्त समाहर, सहस्त्रहस्त संकिर।

(अथर्ववेद. ३।२४।५)

CC-0. In Public Domain. Digitization by eGangotri

हे मानव ! तँ सय हातहरूले उत्साह एवं श्रमद्वारा धकमा र हजार हातहरूद्वारा उदारता पूर्वक त्यसको सदुपयोग दान धर्म गर।

ॐ ईशा वास्यमिद ँ सर्वं यत्किञ्च जगत्यां जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् ॥

(ईशावास्योपनिषद् १।१)

जगत्मा जो जति स्थावर–जङ्गम संसार छ त्यो सवै ईश्वर-द्वारा आच्छादनीय छ। (अर्थात् त्यसलाई भगवत्स्वरूप अनु-भव गर्नु पर्दछ)। त्यसको त्याग–भावनाले तिमी आफ्नो पालन गर; कसैको धनको इच्छा नगर।

CC-0. In Public Domain. Digitization by eGangotri

विशाल–बुध्दि

देव, दानव, मानवादिमा जसमा विशाल बुद्धि छ तिनै सर्वमान्य हुन् । व्यासजीले महाभारत शास्त्र लेख्नु भएपछि उहाँलाई विशाल बुद्धि युक्त महा पुरुष मानियो । (नमो ऽस्तुते व्यास विशाल बुद्धे ।)ठूला बुद्धि भएका व्यासजी ! तपाईलाई नमस्कार छ । भगवान् आफ्नो परम भक्तलाई सत् बुद्धि प्रदान गर्नु हुन्छ ।

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्तिते ॥

(गीता. १०।१०)

नित्य –निरन्तर मैमा मन लगाएर प्रेम पूर्वक मरो भजन गर्ने ती भक्तलाई म बुद्धियोग (समत्वज्ञान)दिन्छु जसद्वारा ती भक्तले मलाई पाउदछन् ।

न देवा दण्डमादाय रक्षन्ति पशुपालवत् ।
यं तु रक्षितुमिच्छन्ति बुद्धचा संविभजन्ति तम् ॥

(विदुरनीति ३।४०)

CC-0. In Public Domain. Digitization by eGangotri

देवताहरू गोठालाहरू झैं डण्डा लिएर पहरा गर्दैनन् । उनीहरू जसको रक्षा गर्न चहान्छन्, त्यसलाई उत्तम बुद्धिले युक्त गरिदिन्छन् ।

यस्मै देवाः प्रयच्छन्ति पुरुषाय पराभवम् ।
बुद्धिं तस्यापकर्षन्ति सोऽवाचीनानि पश्यति ॥

(विदुरनीति २।८१)

देवताहरू जसलाई पराजय गराउन चाहन्छन्, त्यसको बुद्धिलाई पहिले नै हरण गरेर लिन्छन्, यस कारण त्यो नीच कर्महरूमा नैं ज्यादा दृष्टि राख्ने हुन्छ ।

विनाशकाले विपरीतबुद्धि : ।

(चाणक्यनीति १५।५)

बिनाश कालमा बुद्धि विपरीत हुन्छ

बुद्धिनाशात्प्रणश्यति ॥

(गीता २।६३)

बुद्धि नाश भएपछि सर्व नाश हुन्छ ।

एक दिन अकवर बादशाहका राज सभामा तानसेन र वीरबल यी दुइमा को बुद्धिमान् तथा योग्य व्यक्ति हुन्, कसले उच्च स्थान पाउनु पर्छ भन्ने कुराको चर्चा भयो । कसैले बीरबलको पक्ष लिए, कसैले तानसेनको एक मत नभएकोले अवकरले ती दुवैलाई निर्णयको लागि महाराणा प्रतापसिंह कहाँ जाने हुकुम दिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

वादशाहको हुकुमले वीरवल र तानसेन दुवै उदयपुर गए। तानसेन गवैया भएकाले पुग्ना साथ सभा– भवनमा गाउन थाले। सरा सभासदहरू र उदरपुरका गवैया उस्ताजहरू गीत सुनी छक्क परे। तानसनको सबैमा ठूलो प्रभाव परको देखी वीरवरले एउटा उपाय रची राणा प्रतापसिंहलाई बिन्ति चढाए, धर्मावतार! एउटा जरुरी कुरा सुनिवक्सियोस्। हामी दुवै जना हजुर कहाँ आफ्नू इन्साफ गराउन भनी अकवरसित विदा भई उदयपुर आउन लाग्दा बाटामा अजमेर पऱ्यो र पुष्करराजमा स्नान गरी एक संकल्प गरें कि यदि महाराणाबाट मैले मानपत्र पाएँ भने एक सय गोदान गर्ने छु। परन्तु तानसेन भने मुसलमान भएकाले उनले ख्वाजेसाहवको दरगाहमा यस्तो भाकल गरेका छन्, कि यदि राणाजीले मलाई प्रशंशा पत्र लेखी दिए भने सय गाई कुरवानी गर्ने छु। अब सय गाई मराउनु र सय गाई दान गारउनु हजुर को हातमा छ जो इच्छा। वीरवलको यस्तो कुरा सुन्नका साथ लराणाले वीरबल ज्यादा बुद्धिमान् रहेछन् भनी प्रशंसा पत्र लेखी अकवर कहाँ पठाए। जहाँ पनि र जहिले पनि सदा बुद्धिमान् पुरुषकै बिजय हुन्छ। बुद्धिमान् सर्वत्र पूज्यमान् हुन्छन्।

गुणवदगुणवद्वा कुर्वता कार्यजातं।
परिणतिरवधार्या यत्नतः पण्डितेन॥
अतिरभसकृतानां कर्मणामाविपत्ते–।
र्भवति हृदयादाही शल्यतुल्यो विपाकः॥

(नीतिशतकम् ९९)

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिमान्ले पहिले नै यो काम उचित छ अथवा अनुचित छ, यसको परिणाम के होला भन्ने यस्तो प्रकारको विचार गरी यत्न पूर्वक काम गरून् । विचारै न गरी जुन काम ज्यादा हडबडी पूर्वक गरिन्छ, त्यसको परिणाम असल हुँदैन । त्यो सदैव हृदयमा काँडाको समान घोच्ने र दुःख दिने हुन्छ ।

बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेश्च कुतो बलम् ?
बने सिंहो मदोन्मत्तः शशकेन निपातितः ॥

(चाणक्य नीति ६।१६)

जसको बुद्धि छ, त्यसको नै बल छ, निर्बुद्धिको कहाँबाट वल होस् ? मदोन्मत्तः सिंहलाई एउटा खरायोले मारिदियो ।

काकले काकिनीलाई खरायोले सिंहलाई मारेको कथा आद्योपान्त वताई सकेपछि तलाउमा स्नान गर्न लागेका राज-कुमारको सुनको सिक्री ढुङ्गामा राखको थियो । त्यसलाई चुच्चाले उठाएर ल्याई सर्पको प्यालमा राखिदियो । सुनको सिक्री खोजी गर्दै आएका राज कर्मचारीले कृष्ण सर्पलाई देखी मारे ।

भगवान् श्रीकृष्ण आफ्नो परम प्यारो सखा अर्जुनलाई भन्नु हुन्छ–(बुद्धिर्बुद्धिमतामस्मि (गीता ७।१० बुद्धिमान्हरूमा भएको बुद्धि मै हुं ।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥

(गीता ८।७)

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस कारण हे अर्जुन ! जुन सुकै वेलामा पनि मेरो नै सम्झना गरर युद्ध गर । ममा मन र बुद्धि अर्पण गरे पछि अवश्यमेव मैमा प्राप्त हुने छौ ।

एष सर्वेषु भूतेषु गूढोत्मा न प्रकाशते ।
दृश्यते त्वग्रचया बुद्धया सूक्ष्मया सूक्ष्मदर्शिभिः ॥

(कठ ।१।३।१२)

सम्पूर्ण भूतहरूमा लुकेको यो आत्मा प्रकाशमान् हुँदैन । यो त सूक्ष्मदर्शी पुरुषहरूद्वारा आफ्नो तीव्र र सूक्ष्म बुद्धिले नै देखिन जान्छ ।

(कृष्वा दुवांस्यन्तमा सवेमा) ऋग्वेद मण्डल ७ अनुवाक ३ सूक्त २२ ऋक ४ मेरो सेवादेखि प्रसन्न भएर मलाई श्रेष्ठ बुद्धिमा स्थित गर ।

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
बहुशाखा ह्यन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥

(गीता २।४१)

हे अर्जुन ! यस कल्याण मार्गमा दृढ बुद्धि एउटा मात्र छ भोगविलासका वासना युक्त अज्ञानीहरूका बुद्धि अनन्त र नाना प्रकारका शाखा भएका हुन्छन् ।

भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥

(गीता २।४४)

स्वर्ग भोग र ऐश्वर्यमा आसक्त भएका मानिसहरूका बुद्धि दृढ र एकाग्र भै परमेश्वर पट्टी लाग्दैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन राजाभोज कविहरूका साथ सभामा बसेका थिए शंकर कविको बुद्धि विचार देखि राजा प्रसन्न भएर बारहलाख रुपैयाँ इनाम दिए। राजाले शंकर कविको ठूलो प्रशंसा गरी बारह लाख इनाम दिएकोमा सबै कविजन कान्तिहीन हुन गए, परन्तु राजाको भयले गर्दा बोल्न सकेका थिएनन्। सबै कविहरू सभामा राजाको निन्दा गरिरहेका थिए। यी राजाले एउटा मूर्ख कविलाई बारह लाख इनाम दिए। यस्तो प्रकारको परस्परमा कुराकानी भइरहको थियो, यस्तैमा कवि कालिदासजी पनि आइपुगे।

कवि कालिदासले सुवर्णको कुण्डल कानमा लगाएकाथिए, शरीरमा दिव्य वस्त्र धारण गरेका थिए, राजकुमारको समान शोभायमान थिए। कालिदासलाई देखेर सबै कवि चकित भए। सबै सभामा उपस्थित कविहरूलाई एक-एकौटा पान दिएर कालीदास सभामा यसरी बसे कि हात्तीहरूको बीचमा सिंह बसे झैं गरी बसे। अनि राजाबाट शंकर कविलाई बारह लाख रूपैयाँ इनाम दिएका अभियोगमा खिन्न भइरहेका कविहरूलाई भने-राजाले शंकर कविलाई बारह लाख रूपैयाँ दिएको अभिप्राय: तपाईहरूले जान्नु भएन सुन्नु होस् शंकर महादेबको पूजन आरम्भ गर्नलाई हो शंकर कविलाई त एक लाख रूपैयाँ मात्र दिएको हो; परन्तु शंकर नाम भएका एघार रुद्रलाई एघार लाख रुपैयाँ दान गरेर शंकर कविलाई दिएको हो।

यही कारणले शंकर कविलाई राजाबाट बारहलाख रुपियाँ दिएको हो एक जनां राजकर्मचारीले कालिदासको महान् बुद्धिलाई

CC-0. In Public Domain. Digitization by eGangotri

देखी राजा भोजलाई बिन्ति गरे कि एकजना खूब बुद्धिमान् मानिस राजसभामा आएका छन् । उनले आउनासाथ सबै कवि तथा पण्डितहरूलाई चकित गरिदिए । शंकर कविलाई हजुरले बारह लाख रुपैयाँ निगाह भएको अभिप्राय समझाएर सबै कवि-हरूलाई सावधान गरे । यो कुरा सुनेर राजालाई आश्चर्य लाग्यो र उनलाई महादेव नै समझी सभाभा आए । राजालाई देखना साथ कविले स्वस्ति (हजुरको कल्याण होस्) भनी आशी-र्वाद दिए । राजाले पनि कविलाई प्रणाम गरेर हात मिलाई राज भवनमा लगी उच्चासनमा वसाले । तत्पश्चात् राजाले तपाईको नाममा कुन-कुन अक्षर परको छन् भनी सोध्र ? कुन देशबाट तपाई आउनु भएको हो ? त्यहाँ सबैलाई तपाई आएपछि तपाईको वियोगले दुःख भयो होला । यो सुनेर कविले राजाको हातमा आफ्नो नाम (कालिदास) लेखिदिए । नाम पढ्ना साथ राजाले कविको चरणमा ढोगदिए र अत्यन्त प्रसन्न भए । कालिदास संग कुराकानी गर्दा सन्ध्या भयो, तव राजले उनलाई सन्ध्या को वर्णन गर्ने आज्ञा दिए । कालिदासले सन्ध्याको विषयमा वर्णन गरकोमा र राजको स्तुति गरकोमा राजा भोज खूब खुसी भए । दुबैमा परस्पर ठूलो मित्रता भयो, त्यस दिनदेखि कालि-दास राजाको साथ रहन लागे ।

एक दिन पाण्डवको सभामा जरासंधलाई वध गर्ने विषयमा कुरा उठको थियो । त्यसमा श्री कृष्णजीले भन्नुभयो—भीमलेसन-द्वारा जरासंधलाई मार्न सकिन्छ । भगवान्को कुरा सुनेर युधि-ष्ठिरले भने— (अन्धवलं जडप्राहु प्रणेतव्यं विचक्षणैः) अर्थात्

CC-0. In Public Domain. Digitization by eGangotri

केवल बल अन्धो र जड हुन्छ ।त्यसलाई बुद्धिमान्ले बाटो देखाउनु पर्छ। यसको मतलव यो थियो, भीमसेन वलियो त छ तर यसको बुद्धि छैत । श्रीकृष्णजीले जवाफ दिनु भयो–मयि नीतिवले भीमे म संग नीति (बुद्धि) छ, भीमसेनसंग बल छ; यी दुवैलाई मिलाएपछि संसारमा असंभव केही हुँदैन । भगवान्को यो वचनले गर्दा अव अवश्यपनि जरासन्धको मत्यु हुनेछ भन्ने कुरामा युधिष्ठिरलाई दृढ निश्चय भयो :

जव कौरव र पाण्डवमा युद्ध हुने निश्चय भो तव अर्जुन र दुर्योधन दुवै श्रीकृष्णजीसंग सहायतामाग्न गए । भगवान्-ले भन्नुभयो तिमीहरू मेरो लागि वरावर छौ। म कमैको पनि पक्ष लिएर युद्ध गर्दिन । मरो एक अक्षोहिणी नारायणी सेना लिन्छौ कि केवल म एउटा लाई लिन्छौ भनी अर्जुनलाई सोद्धा उनले भगवान् श्रीकृष्णलाई नै लिन मञ्जुर गरे । आफूले एक अक्ष-हिणी नारायणी सेना पाएकोमा दुर्योधन पनि अति खुशी भए । श्रीकृष्णले अर्जुनलाई सोध्नु भयो–तिमीले के कारण मलाई ग्रहण गर्‍यौ ? अर्जुनले भने जति नै सेना हुन् ती सर्व लाई हनन गर्ने सामर्थ्य ममा छ, मलाई त बुद्धिमान्को जरुरी छ । तपाईं बुद्धिमान्हरूमा सर्व श्रेष्ट हुनुहुन्छ ।

सारथ्यं तु त्वया कार्यमिति मे मानसं सदा।
चिररात्रेप्सितं कामं तद् भवान् कर्तुमर्हति ॥

(म. भा. उद्योग ७।३७)

मेरो मनमा धरै दिनदेखि यो अभिलाषा थियो कि तपाईं-लाई आफ्नो सारथी बनाउनाउ र आफ्नो जीवन रथको वागडोर

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईं को हातमा सौम्पी दिऊँ। मेरो यस चिरकालिक अभिलाषालाई तपाईं पूर्ण गर्नु होस्।

आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु।
बुद्धिं तु सारथिं विद्धि मनः प्रग्रहमेव च ॥

(कठो. १।३।३)

तिमी आत्मालाई रथी जान, शरीरलाई रथ सम्झ बुद्धिलाई सारथि जान र मनलाई लगाम सम्झ।

जीवन मुक्त हुनलाई पाप–पुण्य, शुभ–अशुभ, धर्म अधर्म मान –अपमान इत्यादिलाई त्याग गर्नु पर्छ।

बुद्धिमान् पुरुष नै त्यागी बन्न सक्त छन्।

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते।

(गीता २।५०)

बुद्धिमान् मानिस यसै लोकमा सुकृत र दुष्कृत द्वुबैलाई त्याग गर्दछन्।

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥

(गीताः २।५१)

बुद्धिमान् मनुष्यहरू कर्मबाट उत्पन्न भएका फललाई त्याग गरेर जन्मरूपी बन्धनबाट विशेष रूपले मुक्त भएका छदाँ मोक्ष पदमा प्राप्त हुन्छन्।

विद्वान् पुण्य पापेविधूय निरञ्जन परमं साम्यमुपैति।

(मा. उ. ३।१।३)

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानवान् पुरुष पुण्यपापलाई धोएर निर्मल भएपछि परम पुरुषको समता पाउँदछन् । बुद्धिमान् पुरुषले पुण्य–पापलाई छोड्नुको कारण यो हो कि पुण्य र पाप नै जन्म मरणको मूलकारण हो। पाप–पुण्यद्वारा नीच र उच्च योनि प्राप्त भइ नै रहन्छ।

यं कामये तंतमुग्रं कृणोमि तं ब्रह्माणं तं सुमेधाम् ॥

(अथर्ववेद ४।६।३०।३)

वाक् देवता भन्नु हुन्छ—म जसलाई रक्षा गर्न चाहन्छु उसलाई प्रवल वनाउदछु। म उसलाई ईश्वर, सृष्टा र ऋषि बनाएर श्रेष्ठ बुद्धिले सम्पन्न गरिदिन्छु ।

श्रीविष्णु भगवान्ले राजा बलिलाई सोध्नु भयो कि तिमी पाँच जना बुद्धिमान् साथ नरकमा बस्न चाहन्छौ ? वा पाँच जनामूर्खका साथ स्वर्गमा वस्न चाहन्छौ । राजा बलिले भने– भगवन् ! म बुद्धिमान्का साथ नर्कमा बस्न चाहन्छु। परन्तु मूर्खका साथ मलाई स्वर्गमा पनि बस्न इच्छा छैन, किन भने जहाँ बुद्धिमान् रहन्छन् त्यही स्वर्ग हो, र मूर्खले त स्वर्गलाई समेत नर्क बनाई दिन्छ ।

सावित्रीले आफ्नो तीव्र र सूक्ष्म बुद्धिले यमराजलाई प्रभावित पारी आफ्नो मृत पति सत्यवान्लाई पुनः जीवित तुल्याइन् ।

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ॥

(गीता. १५।२०)

हे निष्पाप भारत ! यस्तो यो सारै गुप्त शास्त्र मैले भने यो शास्त्र जानेर मानिस बुद्धिमान् र कृतकृत्य हुन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति र ज्ञानको तादात्म्य सम्बन्ध

ज्ञान आँखासमान छ। अतः ज्ञान विहीन व्यक्ति अँधो हो। अँधो मानिस खाडलमा खस्न पनि सक्छ। भक्तिरहित ज्ञान शुष्क–भार रूप एवं लंगडा हो। लंगडा मानिस जुन प्रकार हिड्न सक्तैन, यस्तै प्रकार भक्तिविनाको ज्ञान कल्याणमार्गमा अघि बढन सक्तैन। यसै कारण सबै शास्त्रहरूले ज्ञान र भक्तिको तादात्म्य सम्बन्ध मानेको छ। ज्ञानले भक्तिमा निर्मलता सिद्ध हुन्छ र भक्तिले ज्ञानमा तनमयता सिद्ध हुन्छ। यस कारण परस्पर पोष्य–पोषकता देखिन्छ।

लोकेऽस्मिन्द्विविधा निष्ठा पुराप्रोक्ता मयानघ।
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ॥

(गीता ३।३)

भगवान् भन्नुहुन्छ– हे पापरहित अर्जुन! यस संसारमा मैले ज्ञानीहरूका लागि ज्ञानयोग र कर्मयोगीहरूका निमित्त कर्मयोग दुइटा निष्ठा बताएको छु। यहाँ भगवान्ले भक्तिको किन उल्लेख गर्नु भएन भन्ने कुराको शंका हुन्छ। त्यसको समा-

CC-0. In Public Domain. Digitization by eGangotri

धान यो हो कि भक्ति उभयपक्ष भएकोले नै उल्लेख नगर्नु भएको हो । जुन कर्ममा भक्ति छैन , त्यो कर्म केवल पापकर्ममात्र हुन्छ ।

यज्ञार्थात्कर्मणोऽन्यत्र लोको ऽ यं कर्मबन्धनः ।

(गीता. ३।९)

परमेश्वरप्राप्तिको निमित्त गरको कर्म बाहेक अरू सबै कर्मले त बन्धन हुन्छ । जुन ज्ञान भक्तिरहित छ त्यो त लगंडो हो, लंगड़ाले के गर्न सक्छ ? ज्ञानरहित विना समझको भक्ति अज्ञान हो । ज्ञानको अर्थ हो जान्नु र देख्नु नजानी नदेखि गरको प्रेम दृढ र स्थिर हुँदैन । ज्ञानी भक्त भगवान्‌को अत्यन्त प्रिय हुनाको कारण यो हो कि ज्ञानी भक्तको भगवान्‌मा विशुद्ध प्रेम हुन्छ, त्यो प्रेम निष्काम, अविछेच्च, अखण्डैकरस हुन्छ जसमा कृत्रिमताको लेश मात्र पनि हुँदैन । विना ज्ञानको भक्तिमा सम्पूर्ण कामना नष्ट भएको हुँदैन, बीज रूपले रहको हुन्छ । मनमा वासना लिएर मुखले केवल राम–कृष्ण भन्नु यथार्थ भक्ति होइन ।

कृष्ण कृष्ण सब ही कहै, ठग ठाकुर अरु चोर ।
विना प्रेम रीझे नहीं, प्रेमी नन्दकिसोर ॥

यो नियम छ कि जसमाथि मनुष्यको विश्वास हुन्छ, त्यसैसंग सम्बन्ध्र हुन्छ, जो संग सम्बन्ध हुन्छ त्यही प्रिय हुन्छ, प्रियको नै स्मरण हुन्छ । जसको स्मरण हुन्छ, उसैको चिन्तन हुन्छ र यो चिन्तन नै अगाडि गएर ध्यान, समाधि बन्न जान्छ । जब साधक समाधिको रसदेखि पनि उपरत हुन्छ, त्यसलाई पनि चाहदैन तब उसलाई विशुद्ध प्रेम प्राप्त हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

देवर्षि नारद, शुकदेव हनुमान् प्रल्हाद, व्यास आदिलाई व्रह्मज्ञानको पश्चात् भगवान्मा प्रेम भएको थियो । प्रेम सच्चिदानन्दलाई समात्ने डोरी हो ।

वाणी चार प्रकारका हुन्छन्– परा, पश्यन्ती मध्यमा र वैखरी । वैखरी वाणी अर्थात् विना प्रेम भगवान्को नाम मुखले भन्दैमा कोही भक्त हुँदैन । परा वाणी मूलाधार चक्रमा रहन्छ । जसले परा वाणीले अत्यन्त प्रेमपूर्वक भगवान्को नाम उच्चारण गर्दछ त्यो मुक्त हुन्छ ।

महादेव महादेव महादेवेति यो वदेत् ।
एकेनैव भवेन्मुक्ति र्द्वाभ्यां शंभु ऋणी भवेत् ।

(आत्मपुराण अ. २)

जो पुरुष प्रेमपूर्वक महादेव महादेव महादेव यस प्रकार तीनपल्ट महादवको नामको उच्चारण गर्दछ भने त्यो पुरुषलाई एक पल्ट नाम लिएकोमा नै मुक्ति हुन्छ, अरू दुई पल्ट भनेकोमा महादेव त्यस भक्तको ऋणी बन्न हुन्छ इत्यादि प्रकारले ज्ञानको मार्मिक तत्त्वलाई बुझि भगवान्को भजन गर्नु पर्छ ।

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रिय: ॥

(गीता. ७।१७)

ती चार प्रकारका भक्तहरू मध्ये सदा एकनास सित मैमा दृढ भक्ति भएको ज्ञानी श्रेष्ठ छ । किनभने ज्ञानीका निमित्त म अत्यन्त प्यारो छु अौ त्यो मरो अत्यन्त प्यारो छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥

(गीता. ७।१८)

यी सबैथरी भक्त उत्तम हुन् तर ज्ञानी मरो आफ्नै स्वरूप हो भन्ने मरो यस्तो निश्चय छ। किन भने त्यो मति स्थिर भएर ममा लागको ज्ञानी अति उत्तम गति भएको मैमा दृढ रहन्छ।

जुन वेदान्त ज्ञानले ब्रह्मलाई सर्वज्ञ, सर्वव्यापक, निर्गुण, निर्विकार, अखण्ड, पूर्ण, सर्वशक्तिमान् इत्यादि भनी प्रतिपादित गरको छ, त्यसलाई भक्त प्रत्यक्षरूपमा दर्शन गर्दछन्।

हरि व्यापक सर्वत्र समाना ।
प्रेमते प्रगट होहिं मै जाना ॥

(तु रा. वा. सो. २७।५)

हरि सर्वत्र समान भावले व्यापक हुनुहुन्छ। जहाँ प्रेम भयो त्यहाँ प्रकट हुनुहुन्छ।

व्यापक ब्रह्म निरंजन निर्गुन विगत बिनोद ।
सो अज प्रेम भगति बस कौसल्या के गोद ॥

(तु. रा. वा. दो. २०८)

जुन ब्रह्म व्यापक, निरञ्जन, (माया रहित) निर्गुण, विगत विनोद (निष्क्रिय) अज भएर पनि कौसल्याको प्रेमपूर्ण भक्तिको पराधीन भएर उनको काखमा वस्नु भयो।

कौन्तेय ! प्रति जानीहि न मे भक्तः प्रणश्यति ।

(गीता. ९।३१)

CC-0. In Public Domain. Digitization by eGangotri

हे कुन्तीपुत्र ! तिमी यो कुरा निश्चय जान मरो भक्त कहिल्यै नष्ट हुँदैन ।

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्वतः ।

(गीता. १८।५५)

यसरी भक्तिले गर्दा मलाई यथार्थ जान्दछ, भनी भगवान्ले जो भन्नु भयो त्यो ज्ञानी भक्तलाई लिएर भन्नुभएको हो । विना ज्ञान जान्नु र नाश न हुनु हुँदैन ।

प्रल्हादले निर्गुण निकार ब्रह्मलाई सगुण साकार रूपमा खम्बामा प्रकट गरी दर्शन गरे । भक्तले भगवान्लाई यसरी साकाररूपमा प्रकट गर्नु नै भगवान्को सर्वज्ञता, सर्वव्यापकता र सर्वशक्तिमान् सिद्ध हुनु हो । भगवान्ले साकाररूपमा प्रकटभई यदि भक्तलाई दर्शन नदिनु भएको भए सर्वज्ञता, सर्वव्यापक र सर्वशक्तिमान् मान्नु सार्थकता हुने थिएन । देश परिच्छेद र काल परिच्छेद हुनाको कारण ब्रह्मलाई पूर्ण, व्यापकादि भन्न मिल्दैनथ्यो सजातीय, विजातीय र स्वगतभेद रहितको त्यही सनातन मूल तत्त्व नै भक्तको भगवान्, योगीको परमातमा र ज्ञानीको ब्रह्म हो ।

अखिल ब्रह्माण्डकोटिनायक श्री हरि स्वयं आफ्नो श्रीमुखले भन्नुहुन्छ (क्रीतोऽहं तेन चार्जुन) हे अर्जुन ! भक्तहरूले मलाई किनेर लिएका छन्, म उनीहरूको क्रीतदास हुँ ।

अन्तिम सिद्धान्त यो हो कि भक्ति आनन्दहरूपा भए ज्ञान अद्वैतरूप हो । दुबैको लक्ष्य एकै नै हो । अतएव सिद्धान्तमा दुबैको तादात्म्य–सम्वन्ध मानिएको छ । ज्ञान विना भक्ति

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध हुँदैन र भक्ति विना ज्ञानको निष्ठा हुँदैन। भक्ति मिश्रीमा घोलिएकको दूधजस्तै मिलेको छ।

सर्वेषामेव भक्तानामिष्टः प्रियतरो मम।
यो हि ज्ञानेन मां नित्यमाराधयति नान्यथा॥

(शिवगीता १७।५२)

त्यो भक्त अरू सबै भक्तभन्दा मेरो प्यारो भक्त हो जो कि (सर्वज्ञ सर्वात्मा साक्षी इत्यादि जानेर भक्ति गर्दछ)

जुन पुरुष ठूलो ऐश्वर्यले भने सम्पन्न छ, परन्तु भक्ति र ज्ञानदेखि विमुख छ भने त्यो वास्तवमा ठगिएको हो। बाच्नु त्यसैको श्रेष्ठ छ, जो भक्ति र ज्ञान प्राप्तिको यत्न गर्दछ र बाच्नु त्यसको बृथा हो जो सांसारिक विषय प्राप्तिको यत्नमा मात्र सदा लागिरहन्छ।

भक्ति र ज्ञानमा केही भेद छैन।

भगतिहि ग्यानहि नहिं कछु भेदा।
उभय हरहिं भवसंभव खेदा॥

(तु रा दो. १६३ को चौ ७)

ज्ञान सहितको भक्तिलाई लिएर जगदगुरु भगवान् श्री शङ्कराचार्य भन्नुहुन्छ–

(किमहर्निशमनुचिन्त्यं भगवच्चरणं) प्रश्नोत्तर रत्नमालिका ३३, दिनरात कसको चिन्ता गर्नु पर्दछ? भगवान्को परम पावन चरण–कमलको (कादुर्लभा नराणां हरिभक्तिः) प्रश्नोत्तर रत्नमालिका ४२, मनुष्यहरूलाई दुर्लभ के छ? श्री हरिको भक्ति।

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्ति लभेत कस्मान्मुकुन्दभक्तेः मुकुन्दः कः ?
यस्तारयेदविद्यां का चाविद्या यदात्मनोऽस्फूर्तिः ॥
(प्रश्नोत्तररत्नमालिका ५६)

केले मुक्ति प्राप्त हुन्छ ? मुकुन्द भगवान्को भक्तिले । मुकुन्द भनेका को हुन् ? जो अविद्यादेखि तारिदिन्छन् । अविद्या क्या हो ? आत्माको यथार्थ स्वरूपको भान न हुनु ।

अपारसंसारसमुद्रमध्ये सम्मज्जतो मे शरणं किमस्ति ।
गुरो कृपालो कृपया वदैतद् विश्वेश पादाम्बुजमेव नौका ॥

□

CC-0. In Public Domain. Digitization by eGangotri

संन्यासको महत्ति महिमा

संन्यास शब्दमा दुई पद छन् -एउटा सं पद हो र अर्को न्यास पद हो। संपद म ब्रह्म हुँ भनी अर्थात् आत्मज्ञानरूप शास्त्रले मूल अज्ञान सहित काम क्रोधादिक शत्रुहरूलाई छेदन गर्नु संपदको अर्थ हो।

न्यासपद– पुनरावृत्तिदेखि रहित भै ब्रह्म भावमास्थित हुनु न्यासपदको अर्थ हो। अब दुवै पदलाई मिलाएर यो अर्थ हुन्छ। आत्मज्ञानरूप शस्त्रले मूल अज्ञान सहित काम क्रोधादिहरूलाई निवृत्ति गरेर पुनरावृत्तिदेखि रहित ब्रह्म भावमा स्थित रहनु यो संन्यास शब्दको अर्थ हो।

संन्यासी दुइ प्रकारका हुन्छन्– ज्ञानको इच्छाले लिएको संन्यासलाई विविदिशा संन्यास र परमतत्त्वलाई जानेर लिएको संन्यासलाई विद्वत्संन्यास भनिन्छ। जुन पाप कुनै कर्मले पनि विनाश हुँदैन त्यो पापको विनाश संन्यासी भएपछि स्वतः हुन्छ। संन्यास चतुर्थ मोक्षाश्रम भएकोले जसलाई मोक्ष हुनाको इच्छा छ भने उसले संन्यासी हुनुपर्छ। साधु सन्त नै मानव जातिको

CC-0. In Public Domain. Digitization by eGangotri

प्राण हुन् , साधु नै संसाररूपी वृक्षको नाश गरी अमृत फल फलाउदछन् । साधु सभ्य समाजलाई प्रकाश गर्ने प्रदीप हुन्, उनमा पाप– तापले पीडित भएका मानव जातिलाई माथि उठाउने शक्ति परिपूर्ण भएका हुन्छन् ।

ज्ञानामृतेन तृप्तस्य कृतकृतत्यस्य योगिनः ।
न चास्ति किंचित्कर्तव्यमस्ति चेन्न स तत्त्ववित् ।।

(जवालदर्शनोपनिषद् १।२३)

जुन योगी ज्ञानरूपी अमृतले तृप्त हुन जान्छ, संसारमा उसको लागि केही पनि शेष रहँदैन । यदि केही शेष सम्झन्छ भने त्यसलाई तत्त्वज्ञानी भन्न सकिंदैन ।

लोकत्रयेऽपि कर्तव्यं किंचिन्नास्यात्मवेदिनाम् ।।

(जवालोदर्शनोपनिषद् १।२४)

आत्मज्ञानी सन्तको लागि तीनै लोकमा कुनै पनि केही कर्त्तव्य छैन ।

सशिखं वपनं कृत्वा वहिः सूत्रं त्यजेद्बुधः ।।
यदक्षरं परंब्रह्म तत्सूत्रमिति धारयेत् ।।

(परब्रह्मोपनिषद् ६)

शिखा सहित केशलाई काटेर यस वाह्य उपवीतलाई छोडी दियोस् र जुन अविनाशी परब्रह्म हो उसलाई नै सूत्रको रूपमा धारण गरोस् ।

शिखा ज्ञानमयी यस्य उपवीतं च तन्मयत् ।
ब्राह्मण्यं सकलं तस्य नेतरेषां तु किंचन ।।

(परब्रह्मोपनिषद् १७)

CC-0. In Public Domain. Digitization by eGangotri

जुन विद्वान् यस परमतत्त्व स्वरूप परम ब्रह्म परायण यज्ञोपवीतलाई धारण गरेर यज्ञोपवीत हुन जान्छ त्यो नै वस्तुत मुक्तिको अधिकारी हो ।

निर्द्वन्दो नित्यसत्वंथः सर्वत्र समदर्शनः ।
तुरीयोः परमो हंसः साक्षान्नारायणो यतिः ॥

(नारदपरिव्राजकोपनिषद् ४।१३)

सत्वगुणयुक्त, समदृष्टि, द्वन्द्वातीत, तुरीयाश्रममा अवस्थित परहंस सन्यासी नारायणको साक्षात् स्वरूप हो ।

दग्धस्य दहनं नास्ति पक्वस्य पचनं यथा।
ज्ञानाग्निदग्धदेहस्य न च श्राद्धं न च क्रिया ॥

(पैङ्गलोपनिषद् ४।१०)

जुन प्रकार जली सकेकोलाई फेरि जलाइदैन र पाकी सकेकोलाई फेरि पकाउनु अनावश्यक छ, यस्तै प्रकार जो ज्ञानरूपी अग्निले दग्ध भैसकेको छ उसको लागि श्राद्ध र क्रिया कर्म गर्नु कुनै आवश्यकता छैन ।

सन्यासी सम्पूर्ण प्राणीलाई नारायणको रूप देख्दछन् । यसै कारण मानिसहरू सन्यासीलाई ॐ नमो नारायण भनी प्रणाम गर्दछन् । महात्मा त्यसको उत्तरमा नारायण यस्तो भन्दछन् । अर्थात् म मात्र नारायण होइन कि तिमी प्रणाम गर्ने पनि नारायण नै हौ । सच्चा संत जब बाहिरबाट चुपचाप रहन्छन् तब उनी भित्र-भित्र नै ईश्वरको साथ कुरा गरिरहेका हुन्छन् र जब उनको नेत्र चिम्लेको हुन्छ तब ईश्वरको स्वरूपलाई देखिरहेका हुन्छन् । त्यागीमहात्मा सांसारिक दृष्टि देखिन त

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त दरिद्र हुन्छन्; परन्तु सद्गुण-सदाचारमा भने अत्यन्त धनी । वाह्यत: उनको जीवन अभावमय हुन्छ, तर उनको आन्तरिक जीवन सदाचरण र दैवी आश्वासनको कारण नित्य प्रसन्न हुन्छ ।

संन्यास क्रमबाट पनि हुन्छ र विना क्रमबाट पनि हुन्छ। क्रमबाट संन्यास हुन प्रथम ब्रह्मचारी २५ वर्षसम्म रहनु पर्छ पश्चात् ५० वर्ष सम्म गृहस्थाश्रमको धर्म पालन गरी देव, पितृ तथा ऋषि तीनै ऋणदेखि मुक्त भएर ७५ वर्षसम्म वानप्रस्थ धर्मलाई पालन गरेर रहोस् । यो क्रमबाट जानेले ७५ वर्ष पछि मात्र संन्यासाश्रमलाई ग्रहण गर्नु पर्छ । विना क्रम संन्यास हुन जुन पुरुषलाई विषयदेखि वैराग्य उत्पन्न हुन गयो र आत्म-ज्ञान प्राप्त गर्ने तीव्र इच्छा भयो भने यसमा ब्रह्मचारी, वान-प्रस्थादिको प्रयोजन छैन । ब्रह्मचारीबाट संन्यास लिए पनि हुन्छ गृहस्थाश्रमबाट लिए पनि हुन्छ केही नियम छैन ।

संन्यास दुइ प्रकारका हुन्छन्–लिंगसंन्यास र अलिंग संन्यास दण्डादिक चिन्ह धारणपूर्वक जो संन्यास हो त्यो लिंग-संन्यास हो । दण्डादि चिन्हदेखि रहित जो संन्यास हो त्यो अलिंग संन्यास हो । लिंगसंन्यासको अधिकार केवल ब्राह्मणलाई मात्र छ, अरु वर्णलाई छैन । अलिंग संन्यासको अधिकार क्षत्रिय, वैश्य र स्त्रीजातिलाई गसेत छ । लिंगसंन्यास पनि दुइ प्रकारका छन्– एक त्रिदण्ड र अर्को एक दण्ड । तीन दण्ड धारणा गर्न संन्यासीको नाम त्रिदण्डसंन्यास हो र जुन संन्यासमा एक दण्ड धारण गरिन्छ त्यो संन्यासी एक दण्ड संन्यासी हो । त्रिदण्ड संन्यास पनि दुइ प्रकारका हुन्छन्– कुटीचक र वहूदक । जस्तै

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिदण्ड संन्यास दुइ कारका हुन्छन्, त्यस्तै एक दण्ड संन्यास पनि दुइ प्रकारका हुन्छन्, हंस र परमहंस । कुटीकच संन्यासको अधिकार तथा धर्मको निरूपण गरिन्छ । जुन द्विज पुत्रवान् गृहवान्, धनवान् छन् तथा स्त्रीदेखि रहित जरावस्थाले युक्त, व्याधिले ग्रस्त भएका पुत्रादिमा स्नेह गर्ने, भिक्षा मागेर भोजन गर्न असमर्थ छन्; तथा जसको शरीर क्लेशलाई हटाउन सामर्थ छैन यस्ता द्विज त्रिदण्ड संन्यासलाई ग्रहण गरून् । आफ्नो गृहको वरिपरि नै कुटुम्बदेखि पृथक कुटी बनाएर त्यहाँ निवास गरून् । आफ्ना छोराहरूदेखि नै अन्न वस्त्रादि लिउन् । प्रणव आदि मन्त्रहरूलाई जपी स्मृतिहरूमा जति कुटीचकसंन्यासीका धर्म कथन गरिएका छन् ती सबैलाई पालन गरेर रहनु पर्छ ।

वहूदकसंन्यासको अधिकार तथा धर्मको निरूपण गरिन्छ । जुन द्विजकी स्त्री मृत्यु भएकी छ र पुनः स्त्री विवाह गरी संभोग गर्न इच्छा छैन । अथवा जुन द्विजकी स्त्री वृद्धावस्थामा प्राप्त भएकी छ, जुन द्विजलाई सर्वदा ब्रह्मचर्य धर्ममा प्रीति छ, संध्या उपासनादिक कर्महरूमा जसको श्रद्धा छ, जरावस्थाले युक्त छन्, पुत्रादिक वान्धवहरूमा जसको स्नेह छैन । यस्ता द्विजले वहूदकसंन्यासलाई ग्रहण गरून् । वहूदकसंन्यासीले पाँच चीज सर्वदा धारण गरून् । त्रिदंड, कमण्डलु, झोली, भिक्षाअन्न, भोजन गर्ने पात्र र जललाई शोधन गर्ने वस्त्र । यी पाँच चीजलाई धारण गरेर कीराको जस्तो शनैः शनै पृथ्वीमा हिड-डुल गरून् । स्मृतिहरूमा जुन वहूदकसंन्यासीका धर्म कथन गरिएका छन् ती सबै धर्मलाई श्रद्धापूर्व पालन गर्नुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

हंससन्यासको अधिकार तथा धर्मको निरूपण गरिन्छ। जुन द्विज विषय सुख देखि परम वैराग्य प्राप्त गरेर कर्महरूमा किंचित् मात्र श्रद्धा गर्ने भएका छन् भने ती द्विज हंससंन्यास ग्रहण गरून्। जसरी सामवेदको अध्ययन गर्नेवाला ब्रह्मचारीले शिखादेखि रहित भै यज्ञोपवीत धारण गरेका हुन्छन्। त्यस्तै हंससन्यासीले पनि शिखा रहित यज्ञोपवीतलाई धरण गरी एक दण्ड धारण गरेर कीरा समान शनैः शनैः पृथ्वीमा घुमफिर गरून्। प्रणवादिमन्त्रहरूलाई जपनु र जति हंससन्यासको धर्म स्मृतिहरूमा कथन गरिएका छन् ती धर्मलाई श्रद्धापूर्वक पालन गरेर रहुन्।

परमहंससंन्यासको अधिकार तथा धर्मको निरूपण गरिन्छ। जुन द्विज यस लोक तथा स्वर्गादिक लोकहरूको विषय सुखमा समेत परम वैराग्यवान् भएका छन्। हृदय स्थित जुन आनन्द-स्वरूप आत्मा छ त्यसलाई प्राप्त गर्न जसलाई तीव्र इच्छा छ, कर्महरूको वासनादेखि रहित भएका छन्, यस्ता द्विजले आफ्नो हातमा वेणुको एकदण्ट धारण गरेर परमहंस संन्यासलाई ग्रहण गरून्। आत्मसाक्षात्कारको निमित्त नित्य वेदान्तशास्त्र श्रवण र अध्ययन गरून्। कुटीचक, बहूदक, हंस र परमहं यी चारै प्रकारका संन्यास विषयमा श्रुति स्मृतिमा कथन गरिएका छन्: यी चारमा चतुर्थ परमहंस संन्यास सबैभन्दा उत्कृष्ट छ। संवर्तक, उद्दालक, श्वेतकेतु, दुर्वासा, ऋभु, निदाघ, जडभरत, रैवत, दत्तात्रेय, भारद्वाज, शुकदेव, वामदेव, याज्ञवल्क्य आदि अनेक ब्राह्मणले परमहंससन्यासलाई धारण गरेका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

कुटीचक, वहूदक, हंस र परमहंस यी चार प्रकारका संन्यासलाई आद्य जगत् गुरु भगवान् श्रीशङ्कराचार्यले दशनामी संन्यासी भन्ने नाम राख्नु भयो । तीर्थ, सरस्वती, आश्रम, भारती, गिरी, पुरी, वन, अरण्य पर्वत र सागर । यिनीहरूमा तीर्थ, सरस्वती र आश्रम दण्ड धारण गर्दछन् । भारतीलई भने आधा दण्ड धारण गर्ने अधिकार छ, अरू शेष गिरि. पुरी, वन, अरण्य पर्वत र सागर यी छलाई भने दण्ड धारण गर्ने अधिकार छैन । त्यस पछि मठ र पीठको स्थापन गरी पूर्वमा-गोंवर्धन मठ जगन्नाथपुरीमा पद्‌मपादाचार्यलाई पीठाधीश बनाई वन र अरण्य नामका सन्यासीलाई राखी (प्रज्ञानं ब्रम्ह) ऐतरेय उपनिषद् ५ ऋग्वेदको अध्ययन गराउने व्यवस्था गर्नु भयो ।

पश्चिममा– शारदामठ द्वारकापुरीको पीठाधीशमा हस्तामलकाचार्यलाई नियुक्त गरी तीर्थ र आश्रम नामका सन्यासी लाई राखी (तत्त्वमसि) छा. उ. ६।८७ सामवेदको अध्ययन गराउने व्यवस्था गर्नुभयो ।

उत्तरमा- ज्योतिर्मठ वद्रिकाश्रमको पीठाधीश त्रोटकचार्यलाई बनाई गिरि, पर्वत र सागर नामका सन्यासीहरूलाई राखीअयं (आत्मा ब्रम्ह) माण्क्डुय, उ. २ अथर्ववेदको अध्ययन गराउने व्यवस्था गर्नुभयो ।

दक्षिणमा– श्रृङरी मठ रामेंश्वरमा सुरेश्वराचार्यलाई पीठाधीश बनाई सरस्वती, भारती र पुरी नामका सन्यासी–

CC-0. In Public Domain. Digitization by eGangotri

हरूलाई राखी (अहं ब्राम्हास्मि) भन्ने महावाक्य वृ. उ. १।४।१० यजुर्वेदको अध्ययन गराउने व्यवस्था गर्नुभयो ।

जड चेतन गुन दोष मय, विश्व कीन्ह करतार ।
सन्त हंस गुन गर्हहिं पय, परि हरि वारि विकार ॥

(तु. रा. बालकाण्ड दो. ७)

विधाताले जड-चेतन, गुण-दोषले मिसिएको संसार बनाउनु भएको छ ता पनि सज्जनरूपी सन्त हंसहरू दोषरूपी पानीलाई छोडेर गुणरूपी दूधको ग्रहण गर्दछन् । राजहंसहरू पानी मिसिएको दूधवाट आफ्ना अपूर्व-विवेकशक्तिका प्रभावले दूध मात्र पिएर पानीलाई छोडी दिन्छन्, त्यस्तै विवेकशक्ति भएका साधु सन्त गुणदोष मिसिएका चीजवाट गुण-गुण लिन्छन् र दोषलाई छाडी दिन्छन् ।

तीर्थ दुइ प्रकारका हुन्छन् स्थावर (जड) जङ्गम (चेतन) जलमा स्नान गर्नु र पत्थरको मूर्तिमा दर्शन गर्नु जड तीर्थ हो । ज्ञानी, साधु, महात्माहरूको दर्शन गर्नु चेतन तीर्थ हो। (द्वेरुपेवासुदेवस्य चलंचाचलमेवच । चलं संन्यासिनांरुपंमचलं प्रतिमादिकम् ॥)भगवान् वासुदेवका दुइ रूप छन्— चेतनमा संन्यासी र जडमा पत्थरादिको मूर्तिहरू । मर्यादा पुरुषोत्तम श्रीरामचन्द्रजीले तीर्थ भ्रमण गर्दा जङ्गम तीर्थ साधु, महात्मा, ज्ञानीजनहरूको दर्शन गर्नु भएकोले उहालाई वैराग्य प्राप्त भयो । तीर्थ भ्रमण समाप्त गरेर फर्केपछि आफूलाई प्राप्त भएको वैराग्य यथार्थ वर्णन गरी पिता दशरथजीलाई भन्नु भयो । अब म यो विषयको विषलाई सहन सक्तिन । मनको

CC-0. In Public Domain. Digitization by eGangotri

अन्धकारलाई हटाउन ज्ञानको प्रकाश चाहिन्छ, जसरी भए पनि त्यो ज्ञान पाऊँ। यदि मनको दुःख निर्मूल हुने ज्ञान पाउन्न भने खान पिउन छोडनुको साथ-साथै यो तुच्छ देहलाई पनि छोडि दिन्छु, यति भनी चुप लाग्नु भयो।

रामचन्द्रको यस्तो वैराग्य परिपूर्ण वचन सुनेपछि वशिष्ठ-द्वारा ज्ञान (योगवासिष्ठ) सुनाउने निर्णय भयो। वशिष्ठद्वारा योगवासिष्ठ सुनेपछि रामलाई ज्ञान प्राप्त भयो र दुःख निर्मूल भै जीवन मुक्त हुनुभयो। यही नै साधु महात्माको दर्शनको फल हो।

महत्संङ्गस्तु दुर्लभो ऽगम्यो ऽमोघश्च ।

(नारद भक्तिसूत्र. ३९)

महात्माको सङ्ग हुनु दुर्लभ, दुर्गम र अमोघ (निष्फल नहुने) हो।

क्षणमिह सज्जन संगतिरेका ।
भवति भवार्णवतरणे नौका ॥

(शङ्कराचार्य कृत मोह मुद्गर. ४)

एकक्षणमात्रको सज्जनको सङ्ग पनि संसाररूप समुद्रबाट पारी तार्ने नौका समान हुनेछ।

साधूनां दर्शनं पुण्यं तीर्थभूता हि साधवः ।
कालेन फलते तीर्थं सद्यः साधुसमागमः ॥

(चाणक्यनीति. ११।८०)

साधुहरूको दर्शनले पुण्य हुन्छ किन भने साधु तीर्थरूप

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् साधुको संगले शीघ्र नै फल दिन्छ तर जड तीर्थहरूका फल भने धरै कालमा मात्र प्राप्त हुन्छन् ।

गंगा पापं शशी तापं दैन्यं कल्पतरुस्तथा ।
पापं तापं च दैन्यं च हरेत् साधुसमागमः ॥

गंगामा गएर स्नान गरे पाप नाश हुन्छ, चन्द्रमाको पूजा गर्नाले ताप नष्ट भै शरीर शीतल हुन्छ, कल्पवृक्षको समीपमा पुग्न सके दरिद्रता रहदैन । परन्तु साधु समागमले भने पाप, ताप र दैन्य तीनै नाश हुन्छन् ।

साधुसङ्गतिरेवात्र मोक्षहेतुरुदाहृत ॥

(अ. रा. आ. ३।३६)

संसारमा साधु संगलाई नै मोक्षको मुख्य कारण भनिएको छ ।

न ह्यम्मयानि तीर्थानि न देवा मृच्छिलामया: ।
ते पुनन्त्युरुकालेन दर्शनादेव साधवः ॥

(भागवत. १०।८४।११)

केवल जलमय तीर्थ नै तीर्थ होइन र केवल माटो तथा पत्थरको प्रतिमा नै देवता हुँदैन, सन्त पुरुष नै वास्तवमा तीर्थ र देवता हुन् ।तीर्थ त धरै कालसम्म सेवन गर्नाले पवित्र गर्दछन् । परन्तु सन्त पुरुष त दर्शन मात्रले कृतार्थ गरिदिन्छन् ।

योगवाशिष्ठ निर्वाण प्रकणमा काक भुशुण्डी वशिष्ठलाई भन्दछन् सन्तकोसङ्गत चन्द्र माको चाँदनी:तुल्य शीतल छ र अमृत झै आनन्दलाई दिनेवाला छ ।यस्तो को छ जसले सन्तको

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गदेखि आनन्दलाई प्राप्त गरेको न होस्, अर्थात् सबै आनन्द लाई प्रात गरको हुन्छ यो अर्थ हो । हे मुनिश्वर ! सन्तको संग चन्द्रमाको अमृतभन्दा ज्यादा श्रेष्ठ छ किन भने, त्यो शीतल गौण छ त्यसले हृदयको ताप हराउदैन र सन्तको संगले अन्तः-करणको ताप हराउछ त्यो अमृत क्षीर समुद्रलाई मथन गर्दा क्षोभवाट निक्लेको हो । परन्तु सन्तको सङ्ग सुखले प्राप्त हुन्छ आत्मानन्दलाई प्राप्त गराउदछ । यसकारण सन्तको सङ्ग परम उत्तम छ । म त यसभन्दा उत्तम केही पनि मान्दिन ।

पारसमे अरु संतमे, संत अधिक कर मान ।
यह लोहा सुवरन करे, वह करे आप समान ॥

(कबीर दास)

पारसमा र साधु महात्मामा धेरै अन्तर छ। पारसको केवल फलामलाई सुन मात्र बनाउने शक्ति छ, आफू जस्तै पारस बनाउने सामर्थ्य छैन । परन्तु साधु महात्मा शिष्यलाई जस्तो आफू उस्तै नै बनाई दिन्छन् ।

ज्ञान र वैराग्य संन्यासको लक्षण हो । (ज्ञानं संन्यासलक्ष-णम्) ज्ञान संन्यासको लक्षण (चिन्ह) हो ।

दृष्टान्त– एक दिन राजा जनकले याज्ञवल्क्यलाई सोध्नु भयो– वैराग्यको लक्षण के हो ? त्यस समयमा याज्ञवल्क्यजीले कुनै उत्तर दिनु भएन र भोलिपल्ट शिखा सूत्रलाई फ्याकी गेरु वस्त्र धारण गरी संन्यासी वनी जनकलाई वैराग्यको लक्षण यही हो भनेर प्रत्यक्ष देखाउनु भयो । जनकले आफूले वैराग्यको लक्षण सोधको उत्तरमा याज्ञवल्क्यजीले संन्यास ग्रहण गर्नु

CC-0. In Public Domain. Digitization by eGangotri

भएकोमा दुःख मान्नु भयो । यसरी आफू संन्यासी भैसकेको हुँदा याज्ञवल्क्यजीले आफ्नी दुवै स्त्री मैत्रयी र कात्यायनीलाई धन बाडिदिई गार्हस्थआश्रम छोड्ने विचार गर्नु भएको हो ।

आतुरसंन्यास– जुन अधिकारी पुरुषको शरीर रोगले व्याकुल भएको छ । त्यस आतुर पुरुषले केवल प्रैषमन्त्रको नै उच्चारण गरोस् । प्रैषमन्त्रको उच्चारणले त्यसको संन्यास सिद्ध हुन्छ । आतुर संन्यासमा श्राद्ध आदि साधनहरू गर्नु केही जरुरत छैन । जुन अधिकारी पुरुष कदाचित् वाणीद्वारा पनि प्रैषमन्त्र उच्चारण गर्न समेत असमर्थ छ भने मरण कालमा मन-मनै प्रैषमन्त्रको उच्चारण गरोस् । आतुर संन्यास ग्रहण गरेर जसले शरीरलाई परित्याग गरको छ भने त्यसले ब्रह्मलोक प्राप्त गर्छ । आतुर संन्यासको फलको वर्णन कपिल आदि ऋषिहरूले गरेका छन् –

संन्यस्तमितियो ब्रूयात प्राणैः कंठगतैरपि ।
ससूर्यमंडलभित्वा ब्रह्मलोकेमहीयते ॥

मरणकालमा कंठदेशमा प्राण स्थित हुँदामा पनि जुन अधिकारी पुरुषले प्रैषमन्त्रको उच्चारण गरेर संन्यासाश्रम धारण गरको छ भने मृत्यु पश्चात् सूर्य मण्डललाई भेदन गरेर ब्रह्मलोकमा प्राप्त हुन्छ । महाप्रलयमा ब्रह्माजीको साथ निर्गुण ब्रह्मरूप मोक्षमा प्राप्त हुन्छ ।

शतंकुलनापुरतोवभूव तथाकुलनांत्रिशतंसमग्रं ।
एते भवंतिसुकृतस्यलोके येषांकुलेसंन्यसतीहविप्रः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

जुन कुलमा जो ब्राह्मणले संन्यास आश्रम ग्रहण गरेका छन् । त्यस कुलमा पूर्वव्यतीत भएका १०० पुरुष तथा पछि हुने ३०० पुरुष स्वर्गादि उत्तम लोकमा प्राप्त हुन्छन् ।

अब मोहि भा भरोसा हनुमंता । बिनु हरिकृपा मिलहिं नहिं संता ।।

(तु. रा. सुन्दर. दो. ७।४)

विभीषण भन्दछन्– हे हनुमान्! अब मलाई पूरा विश्वास भयो कि विना हरिको कृपा नभै सन्त संग भेट हुँदो रहेनछ ।

सुत दारा औ लक्ष्मी पापी घरभी होय ।
सन्त समागम हरीकथा तुल्सी दुर्लव दोय ।।

पुत्र, पत्नी र धन यी पापीका घरमा पनि हुन्छन् । परन्तु सन्त समागम र हरिकथा यी दुइ भने दुर्लभ ते मात्र पाइन्छन् ।

विद्वंत्संन्यासीले यी छ धर्मलाई पालन गर्नु पर्छ । अजिह्व, षंडक, पंगु, अन्ध, बधिर र मुग्ध । जुन सन्यासी अन्नादि भक्षण गर्दा यो अन्न स्वादिलो छ यो अन्न अस्वादिलो छ भनी भन्दैनन् र केवल सत्य वचन र हितकारक वचनको मात्र उच्चारण गर्दछन् भने ती अजिह्व हुन् । सानी बालिका तथा सयवर्षकी अति बृद्धा स्त्रीलाई देखेर कामरूप विकार उत्पन्न हुँदैन । त्यस्तै जुन संन्यासी-लाई सोन्ह वर्षकी युवती स्त्रीलाई देखेर पनि कामरूप विकार उत्पन्न भएन भने ती संन्यासी षंडक हुन् । जुन संन्यासी भिक्षाको लागि र शौचको लागि मात्र गमन गर्दछन् र अन्य कुनै प्रयोजनको लागि गमन गर्दैनन् । अर्थात् जुन संन्यासी एक योजनदेखि ज्यादा

CC-0. In Public Domain. Digitization by eGangotri

मार्ग हिंड्दैनन् भने ती संन्यासी पंगु हुन् । जुन संन्यासी स्थित हुँदा र हिंड्दमा पनि उनको नेत्र सोह्र हात भन्दा पर जाँदैन भने ती संन्याही अन्ध हुन् । जुन संन्यासीलाई हर्ष प्राप्त हुने अनुकूल वचन तथा शोक प्राप्त हुने प्रतिकूल वचन सुनेर पनि हर्ष शोकमा प्राप्त हुँदैनन् भने ती संन्यासी वधिर हुन् । विषय भोगको वस्तु प्राप्ता हुँदा, आफूमा भोग्ने सामर्थ्य भैकन पनि यदि जुन संन्यासी विषयमा प्रबृत्त हुँदैनन् र सुषुप्त पुरुषको झैं विषयदेखि उपराम रहन्छन् भने ती संन्यासी मुग्ध हुन् ।

काटै परसु मलय सुनु भाई ! निजगुन देइ सुगन्ध बसाई ॥

(तु. रा. उत्तर. दो ५६।८)

कुठार (वञ्चरोले) चन्दनलाई काट्तछ, चन्दन भने आफ्नो सुगन्ध रूपी गुणले त्यसलाई सुवासित गरिदिन्छ । त्यस्तै सन्तहरू आफूलाई गाली गर्ने, कुट्ने र मार्न खोजनेलाई समेत ज्ञान-बुद्धि आदि दिएर पापबाट मुक्त गर्दछन् । जस्तै नारदजीले वाल्मीकिलाई गर्नु भएको थियो ।

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थित : ।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥

(गीता. ६।३१)

सम्पूर्ण भूतमा व्याप्त भएर रहको मलाई जुन योगी एकात्म बुद्धिले भज्दछन् ती सबै व्यवहार गरेर पनि मैमा रहन्छन् ।

आत्मौपम्येन सर्वत्र समं पश्यति यो ऽर्जुनः ।
सुखं वा यदि वा दुःखं स योगी परमो मत : ॥

(गीता. ६।३२)

CC-0. In Public Domain. Digitization by eGangotri

हेअर्जुन ! जुन योगी सम्पूर्ण प्राणीका सुख-दुःखलाई आफूलाई जस्तै वराबर देख्दछन्, ती सबै भन्दा श्रेष्ठ योगी हुन् ।

तपस्विभ्योऽधिकोयोगी ज्ञानिभ्योऽपि मतोऽधिकः ।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ॥

(गीत. ६।४६)

तपस्वी र केवल ज्ञानी तथा केवल कर्मिष्ठभन्दा योगी श्रेष्ठ छ– त्यसकारण हे अर्जुन ! तिमी योगी बन ।

वेदान्तविज्ञनसुनिश्चितार्थः
संन्यासयोगाद्यतयः शुद्धसत्वाः ।
तेब्रह्मलोकेषु परान्तकाले
परामृताः परिमुच्यन्ति सर्वे ॥

(मुण्डकोपनिषद् ३।२।६)

जसले वेदान्तजनित विज्ञानद्वारा ज्ञेय अर्थलाई राम्रो तरहले निश्चय गरका छन् ती संन्यसयोगले यत्न गर्ने भएका समस्त शुद्ध चित्त पुरुष ब्रह्मलोकमा देहत्याग गर्ने समय परम अमरभावमा प्राप्त भएर सबै प्रकारले मुक्त हुन जान्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

वृत्ति

येषां वृत्तिः समावृद्धा परिपक्वा च सा पुनः ।
ते वै सद्ब्रह्मतां प्राप्ता नेतरे शब्दवादिनः ॥

जसको ब्राह्मी वृत्ति बढेको छ र परिपक्व भएको समेत छ भने त्यही अति श्रेष्ठ ब्रह्मभावमा प्राप्त हुन्छ, केवल शब्दले भन्ने अन्य पुरुष हुँदैन ।

कुशला ब्रह्मवार्तायां वृत्तिहीनाः सुरागिणः ।
तेऽप्यज्ञानतया नूनं पुनरायान्ति यान्ति च ॥

(अपरोक्षानुभूति १३३)

ब्रह्मवार्तामा यदि कुशल भए पनि ब्रह्ममा वृत्ति नराख्नेहरू अज्ञानताको कारण जन्म लिंदै मर्दै गर्दछन् ।

निमेषार्धं न तिष्ठन्ति वृत्तिं ब्रह्ममयीं विना ।
यथा तिष्ठन्ति ब्रह्माद्याः सनकाद्याःशुकादयः ॥

अपरोक्षानुभूति १३४)

ब्रह्मादि (लोकपालकहरू) सनकादि (सिद्धहरू) शुकदेवादि

CC-0. In Public Domain. Digitization by eGangotri

(परमहंसहरू) आधा पल पनि ब्रह्ममयी वृत्तिको विना रहँदैनन् । यस विषयमा भगवान् श्रीकृष्ण आफ्नो श्रीमुखले भन्नुहुन्छ–

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥

(गीता ५।१७)

परमार्थ तत्त्वमै बुद्धि लगाएका, त्यसैमा मन लगाएका, त्यसैमा निष्ठा भएका, त्यसैमा परायण तथा ज्ञानले सम्पूर्ण पाप-हरू धोइसकेका फेरि संसारमा जन्मदैनन् ।

तेषां ज्ञानी नित्ययुक्त एक भक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥

(गीता ७।१७)

ती चार मध्येमा नित्ययुक्त तथा अनन्यभक्त हुनाले ज्ञानी सबैभन्दा श्रेष्ठ छ । किनभने म ज्ञानीको अत्यन्तै प्रिय छु तथा ज्ञानी पनि मरो त्यस्तै प्रिय छ ।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मर्य्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥

(गीता ८।७)

त्यसकारण हरवखत मलाई सम्झ र युद्ध गर, एवं प्रकार मन बुद्धि ममा अर्पण गरेपछि तिमी मैमा प्राप्त हुनेछौ ।

यहाँ एउटा ठूलो शङ्का उत्पन्न हुन्छ, इन्द्रियहरू सबैको मालिक मन हो; मनले हेर्न इच्छा गरे मात्र नेत्रले देख्तछ, कानले सुन्दछ इत्यादि । मनले भगवान्‌लाई सम्झिराखेर कसरी युद्ध गर्नु ? ठोक्रोबाट बाण झिकेर हान्नै पर्‍यो । अरूले प्रहार गरकोमा

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टि नदिए आफ्नो मरण हुन्छ। युद्ध गर्न पनि मन नै चाहियो। मनले एउटा विषयलाई नछोडी अर्को विषय ग्रहण गर्न सक्तैन; अर्थात् एकै कालमा दुई थोक हुनु सम्भव छैन।

समाधान-- यदि भगवान्मा मन दिंदैमा युद्ध गर्न नसकिने भए भगवान्ले किन भन्नुहुन्थ्यो। मुख्य बृत्ति परमात्मामा राखेर पनि गौण वृत्तिद्वारा अनेक कार्य हुन सक्तछन्। भगवान् श्रीपशुपतिनाथको दर्शन गर्न जाने व्यक्तिको मुख्य ध्येयवस्तु पशुपतिनाथ नै हुनुहुन्छ। मार्गमा भेटिएका मानिसहरू सँग गौण-रूपले कुराकानी गर्दैमा उसको ध्येयवस्तु हराउँदैन। एवं प्रकार पतिव्रता स्त्रीको वृत्ति नित्य आफ्नो पतिमा नै संयुक्त भइरहेको हुन्छ तापनि गौण रूपले गृहको सम्पूर्ण कर्म गरकै हुन्छ। कसै-कसैको यस्तो भनाइ छ, परमात्माको चिन्तनमा लागेपछि घर व्यवहार कसरी चल्न सक्छ? लागेर त हेरून् चल्छ कि चल्दैन। स्वयं भगवान्ले भन्नु भएको छ ———

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम्॥

(गीता ९।२२)

जो मनुष्य अनन्य भावले चिन्तन गर्दै मलाई भन्दछन्, निरन्तर मैमा लागेका ती भक्तहरूको योग-क्षेम म आफैं चलाउँदछु।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु।
मामैवेष्यसि युक्त्वैवमात्मानं मत्परायणः॥

(गीता ९।३४)

CC-0. In Public Domain. Digitization by eGangotri

तिमी ममा मन लगाऊ, मेरो भक्त वन मरो पूजा गर तथा मलाई नमस्कार गर। एवं प्रकार ममा परायण भएर चित्त-लाई ममा लगाएपछि मलाई नै पाउनेछौ।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥

(गीता १०।६)

ममा चित्त र प्राण लगाएका भक्तजनहरू मरो विषयलाई लिएर आफुसमा छल-फल गरेर कुरा बुझाउँदै प्रसन्न भएर रमाउँदछन् यसैको नाम ब्रह्माभ्यास हो।

कुलं पवित्रं जननी कृतार्था वसुन्धरा पुण्यवती च तेन ।
अपारसंवित्सुखसागरे ऽस्मिँल्लीनं परे ब्रह्मणि यस्य चेतः ॥

(स्कन्दपुराण, माहे. कौ. खं. ४५।१४०)

जसको चित्त अपार संवित्सुखसागर परब्रह्ममा लीन छ, त्यसको जन्मले कुल पवित्र हुन्छ, त्यसकी जननी कृतार्थ हुन्छिन् र पृथ्वी समेत पुण्यवती हुन्छिन्।

वृत्तिनिरोधात् तत्सिद्धिः ।

(सांख्य-दर्शन ३।३१)

वृत्तिहरूको निरोध भएपछि ध्यानको सिद्धि हुन सक्तछ।

ध्यानं निर्विषयं मनः ।

(सांख्य-दर्शन ६।१५)

मन विषयदेखि रहित हुन जानु नै ध्यान हो।

तन्निष्टस्य मोक्षोपदेशात्

(वेदान्त-दर्शन १।१।७)

CC-0. In Public Domain. Digitization by eGangotri

जुन व्यक्ति त्यस ब्रह्ममा निष्ठावान् छ त्यही मुक्तिको उपदेश प्राप्त गर्ने अधिकारी हुन्छ ।

प्रकृतिमा निष्ठा राख्नाको मोक्ष हुँदैन । तैत्तरीय श्रुतिको अनुसार ब्रह्ममा बुद्धि राख्ने प्राणीको मुक्ति हुन्छ ।

योगश्चित्तवृत्तिनिरोधः ।

(योग-दर्शन १।२)

चित्तवृत्तिहरूको निरोध (सर्वथा रोक्नु) योग हो ।

अभ्यासवैराग्याभ्यां तन्निरोधः ।

(योग-दर्शन १।१२)

चित्तवृत्तिहरूलाई निरोध गर्ने दुई उपाय छन्, अभ्यास र वैराग्य । विषयाशक्त चित्तलाई रोक्ने उपाय वैराग्य हो र कल्याणमार्गमा लगाउनु अभ्यास हो ।

द्वौ क्रमौ चित्तनाशस्य योगो ज्ञानं मुनीश्वर ।
योगस्तु वृत्तिरोधो हि ज्ञानंसम्यगवेक्षणम् ॥

(शाण्डिल्योपनिषद् १।७।२४)

हे मुनीश्वर ! चित्तलाई नाश गर्ने दुई मार्ग छन्, योग र ज्ञान। योग– अर्थात् चित्त वृत्तिहरूलाई रोक्नु र ज्ञान–अर्थात् वस्तु तत्त्वलाई यथार्थ रूपमा देख्नु ।

यी श्लोकहरूले वृत्तिलाई किन यति ठूलो महत्व दिए यसमा विचार गरौं । ब्रह्म चैतन्यज्ञानस्वरूप भएर पनि सामान्य हुनाले अज्ञानलाई नाश गर्न सक्तैन । त्यसकारण अज्ञान नाश गर्न वृत्तिविशिष्ट चैतन्य नै चाहिन्छ । त्यसो हो तापनि वृति अज्ञानकै कार्य हो । अतएव रुख काट्ने बञ्चरो हो तापनि जहाँ-

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म रुखको काठ बींड बनेर बञ्चरोको सहायक हुँदैन, त्यहाँ,-सम्म बञ्चरो भएर पनि रुख काट्ने काममा आउँदैन । एवं प्रकार अज्ञानलाई नाश गर्ने ज्ञानै हो तापनि विना ब्रह्माकार-वृत्तिमा आरूढ न भै अज्ञानलाई नाश गर्न सक्तैन ।

ज्ञानस्वरूप आत्मा प्राणीमात्रमा स्थित भएर पनि कसैको अज्ञान नष्ट हुँदैन । यसकारण प्राणीमात्रमा रहेको ज्ञान पनि सामान्यज्ञान भएकोले अज्ञानको विरोधी छैन । जब श्रोत्रिय ब्रह्मनिष्ठ सद्गुरुको उपदेशद्वारा यस्तो निश्चय हुन्छ कि मै नै सच्चिदानन्द आत्मा हुँ । जब यस्तो वृत्तिजन्य विशेष ज्ञान हुन्छ अनि मात्र अज्ञान नष्ट हुन्छ । जस्तै सूर्यको तापमा सामान्य रूपले अग्नि भएर पनि कुनै वस्तुलाई जलाउने सामर्थ्य हुँदैन । किन्तु जब त्यहाँ ताप सूर्यमुखी पत्थरमाथि पर्न गयो भने त्यहाँ विशेष अग्नि उत्पन्न हुन जान्छ र सम्पूर्ण वस्तुलाई भस्म गर्दछ ।

नित्य कर्म अन्तःकरणको शुद्धिद्वारा आत्मजिज्ञासालाई उत्पन्न गरेर सफल भई निवृत्त हुन जान्छ । जस्तो वृष्टि गरेर ऋतुको अन्तमा मेघ लय हुन जान्छ।

आगोवाट धूवाँ उत्पन्न हुन्छ र मेघ भै वर्षा बनेर त्यही आगोलाई निभाई दिन्छ । त्यस्तै अज्ञानवाट मन उत्पन्न हुन्छ र ज्ञान प्राप्त गरी आफूसहित अज्ञानलाई पनि नाश गर्दछ । जस्तै केराको बोट फल दिएपछि आफैं नष्ट हुन्छ; त्यस्तै वृत्ति पनि ब्रह्मरूपी फल प्राप्ति गरी स्वयं नष्ट हुन्छ । वर्षामा हिलोले पानी मलिन भएको हुन्छ । त्यस पानीलाई सफा गर्न घडामा राखी निर्मलीकरणचूर्ण (कतकरेणु) हाल्नुपर्दछ । कतकरेणुले पहिले

CC-0. In Public Domain. Digitization by eGangotri

पानीलाई सफा तुल्याउँछ र पश्चात् आफैं नष्ट हुन्छ । जस्तै कपडासफा गर्न साबुनको प्रयोग गरिन्छ । कपडा सफा पनि हुन्छ साबुन पनि समाप्त हुन्छ । ब्रह्मलाई प्राप्त गर्न ब्रह्माकार वृत्ति हुनै पर्दछ र ब्रह्म प्राप्त भएपछि साबुन समाप्त भएझैं वृत्ति पनि समाप्त नै हुन्छ । जसरी पानीमा हालेको मिस्री पग्लेर पानी नै हुन्छ, त्यस्तै ब्रह्ममा लागेको वृत्ति ब्रह्ममा नै लीन हुन्छ ।

यो एउटा अत्यन्त मार्मिक कुरा छ । सबैले यसलाई हृदयङ्गम गर्नु पर्दछ । छोरीलाई कन्यादान दिएपछि जसलाई दिएको छ उसैको गोत्र हुन्छ । पिताको कुल गोत्र रहँदैन । त्यस्तै परमात्मालाई वृत्तिले वरण गरेपछि परमात्मा नै हुन्छ, वृत्ति भन्ने नाम रहँदैन । परमात्मामा लागेको चित्तबाट चित् (चेतन) परमात्मा नै हुन्छ । मनले जुन वस्तुको चिन्तन गऱ्यो त्यो त्यही नै हुन्छ भन्ने प्रत्यक्ष प्रमाण कुह्मालकोटीबाट पनि सिद्ध भएको छ ।

यथा नद्यः स्यन्दमान समुद्रेऽस्तं गच्छन्ति नामरूपे विहाय ।
तथा विद्वान्नामरूपाद्विमुक्तः परात्परं पुरुषमुपैति दिव्यम् ॥
(मुण्डकोपनिषद् ३।२।८)

जुन प्रकार निरन्तर वगिरहेका नदीहरू आ-आफ्ना नाम रूपलाई त्याग गरेर समुद्रमा अस्त हुन्छन्, त्यस्तै प्रकार विद्वान् नामरूपदेखि मुक्त भएर परात्पर दिव्य पुरुषमा प्राप्त हुन जान्छन् ।

समासक्तं यदा चित्तंजन्तोर्विषयगोचरे ।
यद्येवं ब्रह्मणि स्यात्तत् को न मुच्येत वन्धनात् ॥
(मैत्रायुण्युपनिषद् ४।५)

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यको चित्त जति विषयमा आसक्त हुन्छ त्यति नै यदि त्यो ब्रह्ममा असक्त होस् त बन्धनदेखि को मुक्त हुँदैन ।

अर्थादर्थे यदा वृत्तिर्गन्तुं चलति चान्तरे ।
निराधारा निर्विकारा या दशा सोन्मनी स्मृता ॥

(श्रीशङ्करसूक्तिसुधा सदाचारानुसन्धानम्, २९)

एक पदार्थबाट हटेर वृत्ति जब द्वितीय पदार्थ तिर जानको लागि तयार हुन्छ, त्यसको बीचतिर जो निराधार (विषयालम्बन शून्य) निर्विकार दशा हुन्छ, त्यसलाई उन्मनी भनिन्छ ।

वृत्ति पनि दुई प्रकारका हुंन्छन्—वृत्तिव्याप्ति र फलव्याप्ति । घटादि पदार्थहरूमा मनको वृत्ति व्याप्त भएर त्यही घटादिको आकारमा जो स्फुरण हुन्छ त्यो वृत्तिव्याप्ति हो । यो घट हो भन्ने यस्तो ज्ञान हुनु फलव्याप्ति हो । अज्ञानलाई निवृत्ति गर्न वृत्तिव्याप्तिको आवश्यक हुन्छ, फलव्याप्ति चाहिंदैन । सूर्यलाई देख्नको लागि केवल निरोगी नेत्रको अपेक्षा छ; अरू दीपकको अपेक्षा पर्दैन । त्यस्तै स्वयं प्रकाश आत्मालाई जान्नको लागि वृत्तिव्याप्तिको अपेक्षा छ फलव्याप्तिको छैन । घटपटादि पदार्थलाई देख्नको लागि भने वृत्तिव्याप्ति र फलव्याप्ति दुवैको अपेक्षा पर्दछ । जस्तै अन्धकारमा रहेको घटलाई देख्नको निमित्त नेत्र र दीपको आवश्यकता पर्दछ ।

वृत्तिज्ञानलाई शास्त्रले दुई प्रकारको मानेको छ– प्रमा र अप्रमा । प्रमाणजन्य इन्द्रियहरू र मनद्वारा जानिने ज्ञान प्रमा हो । माथि वर्णन गरिएका सबै ज्ञानका कुराहरू प्रमा ज्ञान हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै पनि प्रमाणले नजानिने अर्थात् इन्द्रिय, मन र बुद्धिले समेत जान्नमा न आउने अप्रमा ज्ञान हो।

वैराग्य प्रकरणमा श्रीरामजीले भन्नु भएको छ– अग्निमा वस्नु, ठूलो पर्वतमाथि चढ्नु, वज्रलाई चूर्ण गर्नु, समुद्रलाई पान गर्नु, अग्निलाई भक्षण गर्नु र सुमेरुलाई नाघ्नु म सुगम मान्दछु परन्तु चित्तलाई जित्नु महाकठिन छ। गीता ६।३४ मा अर्जुनले पनि भनेका छन्— हे कृष्ण! यो मन असाध्य चञ्चल छ। यो वडो हुँडलो मचाउँछ, बलियो तथा कठोर छ, म त्यस-लाई रोक्नु वायुलाई रोक्नु जत्तिकै कठिन मान्दछु। अर्जुनको कुरालाई भगवान् श्रीकृष्णले होइन भन्नुभएन। परन्तु अभ्यास र वैराग्यले वश गर्न सकिन्छ भन्नुभयो। चिरकालदेखि जसले सांसारिक विषयलाई सत्य मानी विषयाकार वृत्ति बनाई सकेको छ। विषयाकार वृत्तिलाई ब्रह्माकार वृत्तिमा परिणत गर्नु तत्कालैमा हुने कुरा होइन। श्रीकृष्णजी भन्नुहुन्छ——

शनैः शनैरुपरमेद् बुद्ध्या धृतिगृहीतया।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत्।

(गीता ६।२५)

अलि-अलि गरेर मनलाई वाह्य विषयबाट फर्काओस् र आत्मामा लगेर मनलाई राखोस्, अनि केही चिन्तन नगरोस्।

समाहिता ये प्रविलाप्य बाह्यं श्रोत्रादि चेतः स्वमहं चिदात्मनि।
त एव मुक्ता भवपाशबन्धैर्नान्ये तु पारोक्ष्यकथाभिधायिनः॥

(विवेक-चूडामणि ३५७)

जुन मनुष्य श्रोत्रादि इन्द्रियवर्ग तथा चित्त र अहंकार यी

CC-0. In Public Domain. Digitization by eGangotri

वाह्य वस्तुहरूलाई आत्मामा लीन गरेर समाधिमा स्थित हुन्छ त्यही संसार-वन्धनदेखि मुक्त हो, जो केवल परोक्ष ब्रह्म-ज्ञानको कुरामात्र छाँट्दछ त्यो कहिले पनि मुक्त हुन सक्तैन।

दृष्टान्त— एकजना मानिस रोगले धरै वर्षदेखि पीडित थिए, उनले वैद्यलाई भने-मलाई यस्तो प्रकारको रोग छ, सो रोगवाट सदा मुक्त हुने औषधि दिनुहोस् । वैद्यले भने- जुन औषधि म तिमीलाई दिन्छु त्यसको ठीक अनुपान मिलाएर सेवन गरे रोग तुरुन्त निको हुन्छ । यदि अनुपान मिलेन भने उल्टो असर गर्दछ । मरो औषधिको अनुपान के हो भने, औषधि सेवन गर्दा कालो मुख भएको वानरलाई सम्झनु हुँदैन । यति भनी औषधि दिए । रोगीले औषधि सेवन गर्न लाग्दा त्यस समय कालो मुख भएको वानरको सम्झना भइरहकोले औषधि सेवन गर्न नसकी भने मैले तपाईंको औषधि सेवन गर्न सकिन । अनि वैद्यले भने-रातो मुख भएको वानरलाई स्मरण गर कालो मुख वानरको सम्झना हुँदैन । रोगीले त्यस्तै गरी औषधि सेवन गरेर निरोगी भए ।

सिद्धान्त– यहाँ रोगी भनेको जिज्ञासु साधक हुन् । वैद्य भनेको श्रोत्रिय-ब्रह्मनिष्ठ गुरु हुन् । औषधि भनेको वेदान्त शास्त्र हो। कालोमुख भएको वानर भनेको विषयाकार वृत्ति हो र रातो मुख भएको वानर ब्रह्माकार वृत्ति हो। ब्रह्माकार वृत्तिमा आरोहण नभई विषयाकार वृत्ति नष्ट हुँदैन ।

तदैवमात्मन्यवरुद्धचित्तो न वेद किञ्चिद् बहिरन्तरं वा ।
यथेषुकारो नृपतिं व्रजन्तमिषौ गतात्मा न ददर्श पार्श्वे ॥

(भागवात ११।९।१३)

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो प्रकारले जसको चित्त आफ्नो आत्मामा नै स्थिर निरुद्ध हुन जान्छ, उसलाई बाहिर-भित्र कहीँ कुनै पदार्थको भान हुँदैन । एउटा वाण बनाउने कारिगर वाण बनाउनमा यस्तो तन्मय भइरहको थियो कि त्यसको अगाडिबाटै ठूलो फौजसहित राजाको सवारी भएर गयो तर उसले थाहा पाएन ।

ब्रह्माकारमनोवृत्तिप्रवाहोऽहंकृतिं विना ।
संप्रज्ञातः समाधिः स्याद् ध्यानाभ्यासप्रकर्षतः ॥

ध्यानको अभ्यास बढ्न जानाले अहंकारको विना नै ब्रह्माकार मनोवृत्तिको प्रवाह हुन्छ, यही संप्रज्ञात (सविकल्प) समाधि भनिन्छ ।

प्रशान्तवृत्तिकं चित्तं परमानन्ददीपकम् ।
असंप्रज्ञातनामाऽयं समाधिर्योगिनां प्रियः ॥

चित्तवृत्ति परमानन्दको प्रकाश गर्न लाग्छ अर्थात् कैवल्य तत्त्व स्वरूप भएर साक्षात्कार हुन लाग्छ । यही योगीहरूको अत्यन्त प्रिय असंप्रज्ञात (निर्विकल्प) नामको समाधि हो ।

सोहंमास्मि इति वृत्ति अखंडा दीप । सिखासोइपरम पचंडा ।
आतम अनुभव सुखसुप्राकासा । तब भवमूलभेद भ्रमनासा ॥

(तु० रा० उत्तर० दो० २०१।२१)

(सः) अहम्, अस्मि, त्यो (ब्रह्म) म हुँ यस्तो अखण्डवृत्ति जो हो, त्यो ज्ञान दीपको प्रचण्ड शिखा (ज्वाला) हो। अनि आत्माको अनुभवको सुख प्रकाशमान् हुन्छ र संसारको मूलकारण भएको भेद भ्रान्ति नष्ट हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्कुमारद्वारा नारदजीलाई भूमा–विद्याको उपदेश

भन्याङ्को खुड्किलामा जसरी क्रमशः चढ्दै जाइन्छ, त्यस्तै प्रकारले स्थूलदेखि आरम्भ गरेर बुद्धिलाई सूक्ष्म र सूक्ष्मतर विषयको ज्ञापित गराई अधिकारीलाई त्यसदेखि अतिरिक्त स्वाराज्यामा अभिषिक्त अथवा स्वरूपमा स्थित गराई दिनु पर्दछ। जसले सबै कर्तव्य पूर्ण गरिसकेका थिए। सर्वविद्या सम्पन्न थिए त्यस्ता देवर्षि नारदजीलाई पनि अनात्मज्ञ हुनाको कारण शोक भयो भने अन्य अल्पज्ञ जीवको त के कुरा भयो ।

अथवा आत्मज्ञानभन्दा ठूलो अरू कुनै कल्याणको साधन छैन । यो प्रदर्शित गर्नको लागि सनत्कुमार – नारद – आख्यायिकाको आरम्भ गरिन्छ । उत्तम कुल, विद्या, आचारादिको अभिमानलाई त्याग गरी श्रेय : साधन प्राप्तिको लागि साधारण पुरुषको समान देवर्षि नारद समित्पाणि भएर सनत्कुमारको समीप गएं । प्रणामादिक अनन्तर उनले प्रार्थना गरें-भगवन् !

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई ब्रह्मविद्याको उपदेश दिनोहोस् । सनत्कुमारले भन्नु भयो नारद ! प्रथम तिमी आफू कुन-कुन शास्त्रहरूको ज्ञाता छौ त्यो भन, तब म तिमीलाई त्यसभन्दा अगाडिको बताउँला । नारदले भने——

ऋग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमाथर्वणं
चतुर्थमितिहासपुराणं पञ्चमं वेदानां वेदंपित्र्यँ राशिं
दैवं निधिं वाकोवाक्यमेकायनं देवविद्यां ब्रह्मविद्यां भूतविद्यां
क्षत्रविद्यां नक्षत्रविद्यां सर्पदेवजनविद्यामेतद्भगवो ऽध्येमि

(छा. ७।१।२)

हे भगवन् ! म ऋग्वेद, यजुर्वेद, सामवेद र चौथा अथर्ववेद, इतिहास, पुराण, पञ्चमवेद, वेदको पनि वेद (व्याकरण) श्राद्धकल्प, गणित, उत्पातज्ञान, निधिशास्त्र, तर्कशास्त्र, नीति, देवविद्या, ब्रह्मविद्या, भूतविद्या, क्षत्रविद्या, नक्षत्रविद्या, सर्पविद्या, गरुडविद्या र देवजनविद्या नृत्य संगीत आदि यी सब जान्दछु ।

सोऽहं भगवो मन्त्रविदेवास्मि नात्मविच्छुतँ ह्येव
मे भगवद्दृशेभ्यस्तरति शोकमात्मविदिति सोऽहं
भगवः शोचामि तं मा भगवाञ्छोकस्य पारं तारयत्विति.
तँ होवाच यद्वै किञ्चैतदध्योगीष्ठा नामैवैतत् ॥

(छा. ७।१।३)

नारदजीले भने भगवान् ! म केवल वेदादि-शास्त्रहरूको शब्दार्थलाई जान्दछु । आत्माको वास्तविक–अपरोक्षानुभव

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई भएको छैन । अतएव म शोकले ग्रस्त छु । किन भने मैले तपाईं जस्ता ब्रह्मनिष्ठ महात्माहरूदेखि सुनेको छु कि आत्मवेत्ता शोकदेखि रहित हुन जान्छन् । म शोक गर्दछु, यस-कारण म आत्मवेत्ता होइन । यदि म आत्मवेत्ता भएको भए मलाई कहिले पनि शोक हुँदैनथ्यो । हे भगवन् ! मलाई आत्म ज्ञानरूपी नाऊद्वारा शोकसागरदेखि पार पुराई दिनुहोस्, मलाई कृतार्थ बुद्धि प्राप्त गराई दिनुहोस् अर्थात् अभय प्राप्त गराई दिनुहोस् । यस्तो प्रकार नारदजीलाई तीव्र ब्रह्मजिज्ञासा भएको देखर सनत्कुमारजीले विचार गर्नु भो–यद्यपि नारदजी सम्पूर्ण शास्त्रको ज्ञाता छन्, तथापि शास्त्रहरूको विविध–विषयहरूमा परस्पर विरोध हुनाको कारण यिनलाई शङ्का भयो । यसै कारण यिनलाई आत्मतत्त्वको यथार्थ निश्चय भएन । यस्तो विचार गरी सनत्कुमारले सोपान –क्रम–न्यायले भूमाविद्याको अन्तिम उपदेश दिनको लागि भन्नु भयो–तिमीले जो जति विद्या जानेका छौ ती सब नाम मात्र हुन् ।

सनत्कुमार – ऋग्वेद नाम नै हो, तथा यजुर्वेद इत्यादि यी सबै नामै हुन् । अतः जुन प्रकार विष्णु बुद्धिले प्रतिमाको उपासना गर्दछन् त्यस्तै प्रकार तिमी नामको उपासना गर ।

नारद-भगवन् ! नाम भन्दा पनि ठूलो केही छ ?

सनत्कुमार– नाम भन्दा पनि ठूलो वाक् छ । यदि वाणी न भएको भए न धर्म - अधर्मको नै ज्ञान हुन्थ्यो, तथा न सत्य, न असत्य, न साधु, न असाधु, न मनोज्ञ, न अमनोज्ञको नै ज्ञान हुन सक्तथ्यो । वाणीबाट यी सबैको ज्ञान हुन्छ ; अतः तिमी

CC-0. In Public Domain. Digitization by eGangotri

वाणी नै ब्रह्म हो भनी उपासना गर ।

नारद– केवाणी भन्दा पनि ठूलो केही छ ?.

सनत्कुमार – वाक् भन्दा ठूलो मन छ, मनन शक्ति विशिष्ट अन्तःकरण वाणीभन्दा उत्कृष्ट छ । मन नै वाणीलाई वक्तव्य विषयमा प्रेरित्त गर्दछ । अतः वाक् मनको अन्तर्गत छ । मन नै आत्मा हो, मन नै लोक हो र मन नै ब्रह्म हो ; तिमी मनको उपासना गर ।

यस्तो प्रकारले नादरले प्रश्न गर्दै गए, सनत्कुमारले उत्तर दिंदै जानुभयो– मन भन्दा संकल्प श्रेष्ठ छ, संकल्पको अपेक्षा चित्त श्रेष्ठ छ, चित्तको अपेक्षा ध्यान श्रेष्ठ छ, ध्यान भन्दा विज्ञानको महिमा ठूलो छ, विज्ञान भन्दा वल श्रेष्ठ छ, बलको अपेक्षा अन्न प्रधान छ, प्रन्नको अपेक्षा जलको महत्व छ, जलको अपेक्षा तेज श्रेष्ठ छ, तेजभन्दा आकाश श्रेष्ठ छ, आकाशको अपेक्षा स्मरण महत्व छ, आशा स्मरणको अपेक्षा उत्कृष्ट छ, आशा भन्दा श्रेष्ठ प्राण छ; तिमी प्राणलाई ब्रह्म जानेर उपासना गर । प्रांण किन श्रेष्ठ छ त्यो सुन––

प्राणो वा आशाय भूयान्यथा वा अरा नाभौ सर्मापिता
एवमस्मिन्प्राणे सर्वं ँ सर्मापितम् । प्राण प्राणेन याति
प्राणः प्राणं ददाति प्राणाय दादाति । प्राणो ह पिता प्राणो
माता प्राणो भ्राता प्राणः स्वसा प्राण आचार्यः प्राणो ब्राह्मणः ।

(छा. ७।१५।१)

CC-0. In Public Domain. Digitization by eGangotri

प्राण आशाको अपेक्षा उत्कृष्ट छ। जुनप्रकार रथचक्रको नाभिमा अरा समर्पित रहेको हुन्छ, त्यस्तै प्रकार प्राणमा सम्पूर्ण जगत् समर्पित हुन्छ । प्राण (आफ्नो शक्ति) को द्वारा गमन गर्दछ; प्राण प्राणलाई दिन्छ र प्राणको लागि नै हुन्छ । प्राण नै पिता हो, प्राण नै माता हो, प्राण भाइ हो, प्राण बहिनी हो, प्राण आचार्य हो र प्राण नै ब्राह्मण हो ।

यदि कसैले आफ्ना पिता, माता, भ्राता, भगिनी, आचार्य अथवा ब्राह्मणलाई कुनै अनुचित बचन भन्यो भने उसको समीप-वर्तीहरूले उसलाई धिक्कार गर्दछन् र भन्दछन् कि तँ माता पिता, भाइ, बहिनी आदि हनन गर्नेवाला होस् । परन्तु जसको प्राण देहलाई त्याग गरेर गएको छ त्यो देहलाई अग्निमा जलाउँदा कसैले पनि उसलाई मातृ-पितृ घातक भन्दैनन् । किनभने पिता आदि नामवाला प्राण हो त्यो त्याहाँ छैन । प्राण नै माता पितादि हुन् भनी जो यस्तो प्रकार देख्नेवाला, चिन्तन गर्नेवाला र जाने-वाला छ त्यो अतिवादी हुन्छ । उसलाई यदि कसैले अतिवादी होस् भन्यो भने म अतिवादी हुँ भन्नु पर्दछ लुकाउनु हुँदैन । पश्चात् नारदजीले प्राणलाई नै शुद्ध ब्रह्म सम्झेर प्रश्न गर्न छोडी चुप भएर रहे । अनि सनत्कुमारले परमतत्त्व सत्य – भूमाको उपदेश दिने निश्चय गरी भन्नु भयो – हे नारद ! तिमी अतिवादी बन ।

नारद– भगवन् ! अतिवादी बन्न चाहन्छु, तपाईं मलाई अतिवादी बनाउनु होस् ।

सनत्कुमार – सत्य – भाषण – ब्रह्मचर्यादि साधनले सम्पन्न भएको मनुष्य सत्य – परमार्थ वस्तुको विज्ञानले अति-वादी हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

नारद – सत्य वस्तुको विज्ञान कसरी प्राप्त हुन्छ ?

सनत्कुमार – मननबाट विज्ञान प्राप्त हुन्छ । ब्रह्मनिष्ठ आचार्यद्वारा श्रवणरूप तात्पर्य निश्चय गरिएको शास्त्रीय तत्त्वको तर्क एवं युक्तिहरूद्वारा एकाग्रतापूर्वक विचार गर्नुको नाम मनन हो ।

नारद – भगवन् ! मनन कसरी सिद्ध हुन्छ ?

सनत्कुमार – श्रद्धाले मनन सिद्धि हुन्छ । शास्त्र एवं आचार्यको वचनमा यथार्थ बुद्धिको नाम श्रद्धा हो ।

नारद – श्रद्धा प्राप्तिको के साधन हो ?

सनत्कुमार – श्रद्धाको साधन निष्ठा हो । ब्रह्मचर्य, गुरुसेवा आदि सहित यम-नियम पालन गर्नुको नाम निष्ठा हो ।

नारद – निष्ठा कसरी प्राप्त हुन्छ ?

सनत्कुमार – कृतिले निष्ठा प्राप्त हुन्छ । यहाँ शम-दमादिको नाम कृति हो ।

नारद – कृति प्राप्तको के साधन हो ?

सनत्कुमार – कृतिको साधन अखण्ड – सुख प्राप्तिको तीव्र इच्छा हो । अतएव सुखको तीव्र इच्छा उत्पन्न गर्नको लागि सुखको वास्तविक स्वरूपलाई जान्नुपर्दछ ।

नारद – भगवन् ! सुखको स्वरूप कस्तो हुन्छ ?

यो वै भूमा तत्सुखं नाल्पे सुखमस्ति भूमैव सुखं भूमा त्वेव विजिज्ञासितव्य इति । भूमानं भगवो विजिज्ञास इति ॥

(छा. ७।२३।१)

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्कुमार– जो भूमा - व्यापक चेतनतत्त्व हो, त्यही सुखस्वरूप हो, निरतिशय सुख भनेको परिपूर्ण वस्तुमा नै हुन्छ; अल्प – परिच्छिन्नमा हुँदैन, भूमा नै सुख हो। अल्प वस्तु ज्यादा तृष्णाको कारण हुन्छ । दुःखको कारण तृष्णा नै हो । तथा लोकमा दुःखको बीजभूत ज्वरादिमा सुखको हेतु देखिदैन। अतः अल्पमा सुख छैन, तिमी भूमाको नै विशेषरूपले जिज्ञासा गर ।

नारद – हे भगवन् ! भूमाको स्वरूप विशेषरूपले वताउनु होस् ।

यत्र नान्यत्पश्यति नान्यच्छृणोति नान्यद्विजानाति
स भूमाथ यत्रान्यत्पश्यत्यन्यच्छृणोत्यन्यद्विजानाति
तदल्पं यो वै भूमा तदमृतमथ यदल्पं तन्मर्त्यम् ।
स भगवः कस्मिन्प्रतिष्ठित इति। स्वे महिम्नि यदि वा न महिम्नीति।।
(छा ७।२४।१)

सनत्कुमार –एक अद्वय निर्विशेष आनन्दपूर्ण भूमा तत्त्वमा ब्रह्मवेत्ता अन्य वस्तुलाई न देख्तछ, न सुन्दछ, न जान्दछ त्यही भूमा पूर्ण तत्त्व हो । त्यसमा द्वैत प्रपञ्चको अत्यन्ताभाव छ । जहाँ मनुष्य अन्य वस्तुलाई देख्तछ, सुन्दछ, एवं जान्दछ भने त्यो अल्प हो। जो भूमा हो, त्यही अमृत हो। जो अल्प हो, त्यो मर्त्य हो ।

नारद – हे भगवान् ! त्यो भूमा कसमा प्रतिष्ठित छ ? अर्थात् त्यसको आधार कुन हो त्यो वताउनु होस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्कुमार – भूमा आफ्नो अद्वय महिमामा नै प्रतिष्ठित छ, अथवा वास्तवमा त्यो कसैमा पनि प्रतिष्ठित हुन सक्तैन, त्यो अप्रतिष्ठित एवं अनाश्रित हो किन भने न त त्यो वृत्तिरूप ज्ञानक्रियाको कर्ता हो, न विषय हो। भूमा स्वयं चैतन्य, स्वप्रकाश अखण्ड ज्ञान रूप हो। यस लोकमा गौ, घोडा, हात्ती, सुर्वण, दास, भार्या, क्षेत्र, घर आदि जो महिमारूपले प्रसिद्ध छन्, ती सब अन्यको आश्रित छन्। यस्तो महिमा म भूमाको भन्दिन। जो अन्यको आश्रित रहको हुन्छ, त्यो त अल्प, परिच्छिन्न, विकारी एवं नाशवान हुन्छ। भूमा ब्रह्म यस्तो होईन, त्यो स्वयं अनाधार भएर पनि सबैको आधार छ। त्यो भूमा सर्वत्र व्याप्त छ, समीप-भन्दा पनि समीप छ, आफू-आफैमा छ। त्यो भूमा तल छ, त्यही माथि छ, त्यही पछाडि छ, त्यही अगाडि छ, त्यही पश्चिममा स्थित छ, त्यही पूर्वमा स्थित छ, त्यही दक्षिणमा र उत्तरमा स्थित छ। त्यही यो सम्पूर्ण दृश्यरूपमा वर्तमान छ, त्यसदेखि भिन्न कुनै वस्तु छैन, त्यो सर्वत्र छ।

हे नारद! त्यो भूमा भनेको तिमी नै हौ। त्यसलाई आफू रूपले यस्तो प्रकार अनुसन्धान गर कि मै नै तल, माथि, पूर्व, पश्चिम, उत्तर, दक्षिणमा छु। म नै आदि मध्य एवं अन्तमा स्थित छु। सर्वत्र म नै विविधरूपले व्यापक छु। यो जो विश्व हो त्यो पनि म नै हुँ, मदेखि अन्य केही पनि छैन। म नै भूमा व्यापक ब्रह्म हुँ। सर्व शरीरहरूको साक्षी, द्रष्टा जो भूमा हो, त्यो म नै हुँ। यस्तो प्रकार तिमी आफूले आफैलाई पूर्ण ब्रह्म-रूपले सतत भावना गर। आत्मानुभव शून्य – वहिर्मुख मूढ बुद्धि भएका अविबेकीहरू अहँकारदेखि देहादि संघातलाई

CC-0. In Public Domain. Digitization by eGangotri

पंनि आदेश गर्छन्, अतः यस्तो आशंका न होस् भन्नको लागि नित्य शुद्ध, बुद्ध आत्मस्वरूपदेखि नै पुनः त्यस अहंपद लक्षित भूमाको उपदेश सुन ।.........................

अथात आत्मादेश एव आत्मैवाधस्तादात्मोपरिष्टादात्मा पश्चादात्मा पुरस्तादात्मः दक्षिणत आत्मोत्तरत आत्मैवेदँ सर्वमिति । स वा एष एवं पश्यन्नेवं मनवान एवं विजानन्ना-त्मरतिरात्मक्रीड आत्ममिथुन आत्मानन्दः स स्वराड् भवति तस्य सर्वेषु लोकेषु कामचारो भवति अथ येऽन्यथातो विदुरन्यराजानस्ते क्षय्यलोका भवन्ति तेषाँ सर्वेषु लोकेष्वकाम चारो भवति ॥

(छा उ ७।२५।२)

अब आत्मरूपले नै भूमाको आदेश गरिन्छ । आत्मा नै तल, माथि, अगाडि, पछाडि, दायाँ वायाँ सर्वत्र आकाशवत् परिपूर्ण स्थित छ । त्यसदेखि व्यतिरिक्त केही पनि छैन । यस्तो प्रकारले आफ्नो आत्मालाई सर्वत्र देख्तछ, यस्तो प्रकारले श्रवण मनन गर्दछ एवं अपरोक्षरूपले अनुभव गर्दछ र विशेष-रूपले जान्दछ भने त्यो आत्माराम भएर आत्मामा नै निरन्तर रमण गर्दछ, आत्माको साथ क्रीडा र मिथुन गर्दछ; आत्मामा संयुक्त रहेर आत्मानन्द प्राप्त गरी सम्राट्को पनि सम्राट् हुन जान्छ । सम्पूर्ण लोकहरूमा उसको यथेच्छा गति हुन्छ । परन्तु जो यसदेखि विपरीत रूपले आत्मालाई जान्दछ उसलाई नाशवान् लोक प्राप्त हुन्छ । त्यसको अनेकौं दुःखहरूले परिपूर्ण योनीहरूमा वारम्वार आवागमन भै नै रहन्छ । भूमा आत्मा

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टि भन्दा प्रथम एक अद्वितीय थियो, सृष्टिको अन्तमा पनि अद्वितीय नै रहन्छ, मध्यमा पनि अद्वितीय नै छ ।

तदेष श्लोको न पश्यो........................आहारशुद्धौ सत्त्वशुद्धिः सत्त्वशुद्धौ ध्रुवा स्मृतिः स्मृतिलम्भे सर्वग्रन्थीनां विप्रमोक्षस्तस्मै मृदितकषायाय तमसस्पारं दर्शयति भगवान्सनत्कुमारस्त ˘ ˎ स्कन्द इत्याचक्ष तेत ˘ ˎ सकन्द इत्याचक्षते ॥

(छा ७।२६।२)

विद्वान् न त मृत्युलाई देख्तछ, न रोगलाई र दुःखलाई नै देख्तछ । त्यो विद्वान् सबलाई आत्मरूपले देख्तछ, अतः त्यो सबैलाई सब प्रकरले प्राप्त हुन्छ । परन्तु त्यो माया शक्तिकोद्वारा एक, तीन, पाँच, सात, नौ, एघार सय, सहस्त्रले, असंख्यरूपहरूले प्रतीत हुन जान्छ । विश्वमा जो जति प्रतीत भइरहेको छ, त्यो सब नै भूमा – आत्मा हो । जब आहार शुद्ध हुन्छ, तब अन्तःकरण शुद्ध हुन्छ, अन्तःकरण शुद्ध भएपछि ध्रुवा-स्मृति अर्थात् पूर्णतत्त्वको निरन्तर स्थायी स्मरण रहन्छ । स्मृति प्राप्ति हुनाले सम्पूर्ण ग्रन्थिहरू निवृत्ति हुन जान्छन् । यस्तो प्रकारले मल, विक्षेप, एवं आवरण त्रिविध कषायहरूदेखि रहित भएका नारदजीलाई भगवान् सनत्कुमारले अज्ञानान्धकाररूपी तमभन्दा परको परमार्थ तत्त्वलाई देखाउनु भयो, अर्थात् परब्रह्मतत्त्वको अपरोक्ष साक्षात्कार गराउनु भयो ।

यहाँ आहारको दुइ अर्थ मानिन्छ – एक श्रोत्रादि इन्द्रियहरूका शब्दादि विषयहरू र अर्को भोजन । यी दुवैको शुद्धि हुनु परम आवश्यक मानिएको छ । इन्द्रियरूपी द्वारहरूबाट

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दादि विषयहरूको ग्रहण हुनु आहार गर्नु हो। जुन आहारबाट अन्तःकरणमा कुनै विकृति न होस्, राग-द्वेष प्रवेश हुनु नै अन्तःकरणको विकृति हो। अर्थात् इन्द्रिहरूबाट शब्दादि विषय-हरूको अवगाहन गर्ने भएका वृत्तिहरू राग-द्वेष रहित निर्मल हुनु पर्दछ, यही आहार शुद्धि हो। अर्को पाप रहित न्यायपूर्वक आर्जन गरिएको धनद्वारा किनेको पवित्र-सात्विक अन्न बलि वैश्वदेव, भूतयज्ञ तथा अतिथि सत्कार गरी परिशिष्ट रहेको भोजन गर्नु आहार शुद्धि हो। यस्तो प्रकार सनत्कुमारले नारद-जीलाई भूमा– विद्यारूपी नौकामा बसाली आफू स्वयं माझी बनेर अविद्या प्रसूत - अथाह मोह – शोक सागरबाट पार गरिदिनुभयो।

CC-0. In Public Domain. Digitization by eGangotri

उपनिषद्को रहस्य

वेदको शीर्ष (शिर)लाई उपनिषद् भन्दछन् । उप र नि उपसर्ग लागेको छ । सद् धातु गतिको अर्थमा उपयुक्त हुन्छ । हुन त सद्धातुका ज्ञान गमन र प्राप्ति तीन अर्थ हुन्छन् । यहाँ प्राप्ति अर्थ उपयुक्त छ । (उप-सामीप्येन नि-नितरां प्राप्नुवन्ति परं ब्रह्म यया विद्यया सा उपनिषद्) अर्थात् जुन विद्याद्वारा परब्रह्मको सामीप्य एवं तादात्म्य सम्बन्ध प्राप्त गरिन्छ, त्यो उपनिषद् हो । उप ब्रह्मसामीप्यं नि निश्चयेन सीदति प्राप्नोति यया सा उपनिषद्)

जसद्वारा (उप) ब्रह्मको समीपता (नि) निश्चित रूपले (सद्) प्राप्त हुन्छ । ब्रह्मको समीपता अथवा ब्रह्मको सामीप्य प्राप्ति अथवा ब्रह्मलाई प्राप्तिको एकमात्र साधन ब्रह्मविद्या अथवा ब्रह्मज्ञान नै हो । जुन ज्ञान अथवा विद्याद्वारा परमात्मालाई साक्षात्कार गर्न सकिन्छ त्यही नै उपनिषद् हो ।

वेदको कल्प-कल्पान्तरहरूमा शाखाहरू प्रादुर्भूत हुँदै

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छन् । वर्तमान मन्वन्तरमा वेदको ११८० शाखाहरू हुनु पर्ने मानिएको छ । प्रत्येक शाखाको एक मन्त्र भागको एक उपनिषद् तथा एक ब्राह्मण हुन्छन् । यस प्रकार ११८० उपनिषद् हुनु पर्छ ।

एकविंशतिशाखायामृग्वेदः परिकीर्तितः ॥२४॥
शतं च नव शाखासु यजुषामेव जन्मनाम् ।
साम्नः सहस्रशाखाः स्यु पञ्चश त्वथर्वणः ॥

(सीतोपनिषद् २४–२५)

ऋग्वेदको एकाइस शाखा, यजुर्वेदको एक सय नौ सामवेदको एक हजार तथा अथर्ववेदको पचास शाखाहरू मानिएका छन् ।

परन्तु आजकल यी वाङ्मयाका अधिकाँश भाग लुप्त छन् । केही उपनिषद् मात्र देखिएका छन् यिनमा १०८ उपनिषद् प्रसिद्ध छन् । अनेक खोजी गर्दा-गर्दा लगभग २५० उपनिषद् उपलब्ध भएको सुनिन्छ । १०८ उपनिषद् मध्ये ज्ञान खण्डमा ३३ छन् । ३३ मा पनि यी दश उपनिषद्लाई प्रधान मानिन्छ । ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डक्य, तैतरीय, ऐतरीय छान्दोग्य र बृहदारण्यक ।

उपनिषद्को प्रतिपाद्य विषय-ब्रह्मज्ञान प्राप्त गराई जीवलाई मुक्त गर्नु हो । उपनिषद्लाई ज्ञानको भण्डार मानिएको छ । ब्रह्मको स्वरूप, आत्माको स्वरूप, परलोकको रहस्य उपासनाको रीति, सृष्टिको विषय, आत्मा र परमात्माको दर्शनको उपाय र परमानन्दको प्राप्ति यी सबै कुराको ज्ञान केवल उपनिषद्को गहन अध्ययनले मात्र प्राप्त हुन संभव छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

उपनिषद्हरूले परमात्माको वर्णन दुई प्रकारले गरेका छन् । एक परमात्माको स्वरूप मात्रको र अर्को जगत् उसको प्रकाशको र आनन्द (सच्चिदानन्द) यी तीन शब्दहरूद्वारा वर्णन हुन्छ, अथवा नेति-नेति शब्दहरूले हुन्छ ।

स होवाचैतद् वै तदक्षरं गार्गि ब्राह्मणा अभिवदन्त्य-स्थूलमनण्वह्रस्वमदीर्घमलोहितमस्नेहमच्छायमतमो

(बृह ३।८।८)

अर्थात् हे गार्गि, यसलाई ब्राह्मण अक्षर भन्दछन्, त्यो न मोटो छ, न पातलो, न छोटो, न लामो, न रातो, न स्नेहवान्, न छायावाला र न अन्धकारले युक्त भएको छ । यसैलाई पर-ब्रह्म शुद्ध ब्रह्म भन्दछन् ।

द्वे वाव ब्रह्मणो रूपे मूर्तं चैवामूर्तं च मर्त्यं चामृतं च स्थितं च यच्च सच्च त्यच्च ॥

(बृह. २।३।१)

ब्रह्मको दुई रूप छ– मूर्त (साकार) अमूर्त (निराकार) मर्त्य र अमृत, स्थित र यत् (चर) तथा सत् र त्यत् ।

जसले उपनिषद्हरूको गहन अध्ययन गरी ब्रह्मज्ञान प्राप्ति गरेको छ भने त्यो जन्म र मरण (आवागमन) देखि रहित हुन्छ । यसको नाम मुक्ति अथवा मोक्ष हो । मानव जीवनको चारै पुरुषार्थहरूमा सर्वश्रेष्ठ तथा सर्वोपरि पुरुषार्थ मोक्ष हुनु नै हो । ब्रह्मविद्या (वेदान्त) द्वारा संसारिक मिथ्यज्ञानको अनुभूतिको विनाश एवं परमसत्यको उपलब्धि

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। अतः ब्रह्मलाई प्राप्ति गराउनु नै वेदान्त शास्त्रक उपनिषद्को एकमात्र प्रतिपाद्य विषय हो। ब्रह्मविदाप्नोति परम, (तैत्ति. २।१।१) ब्रह्मवेत्ताले परब्रह्मलाई प्राप्त गर्दछ। (वेदान्तवेद्य ब्रह्म) वेदान्तद्वारा जानिने ब्रह्म (वेदान्त प्रतिपादित ब्रह्म) वेदान्तले प्रतिपादन गरेको ब्रह्म। ब्रह्मविद् ब्रह्मैव भवति (मु. ३।२।९) ब्रह्मलाई जान्ने ब्रह्म नै हुन्छ।

त्यस परावर (कारणकार्यरूप) ब्रह्मलाई साक्षात्कार गरिलिनाले जीवको हृदयग्रन्थि नष्ट हुन जान्छ, सम्पूर्ण संशय नष्ट हुनाको कारण कर्म क्षीण हुन जान्छ। "तस्य न कर्मलेप" (मण्डल ब्राह्मणोपनिषद् २।१) ब्रह्मज्ञानीलाई कुनै कर्म नगर्नाले दोष लाग्दैन र गर्नाले पनि बन्धन हुँदैन किनभने उसले सदा (ज्ञानामृतं भोजनम) ज्ञानरूपी अमृतलाई भोजन गरिरहेको हुन्छ। "त्रैलोक्य राज्याच्च गुरुतर "विद्या" (छां. भा. ८।७।२) तत्वज्ञान त्रैलोक्यको राज्य भन्दा पनि ज्यादा ठूलो छ। "ॐ प्रज्ञानं ब्रह्म ॐअहं ब्रह्मास्मि ॐतत्वमसि। ॐ अयमात्मा ब्रह्म" (शुकरहस्योपनिषद्) ज्ञान नै ब्रह्म हो। म नै ब्रह्म हुँ। त्यो ब्रह्म तिमी नै हौ। यो आत्मा नै ब्रह्म हो। तमेव विदित्वाति मृत्युमेति नान्यः पन्था विद्यते ऽयनाय" (श्वेता. ६।१५) जसलाई जानेर पुरुष मृत्युदेखि पार हुन्छ, यस देखि भिन्न परमपद प्राप्तिको लागि अर्को कुनै मार्ग छैन।

उपनिषद् आर्य हिन्दूहरूको मूलभूत सिद्धान्त र पैतृक सम्पत्ति हो भन्नमा कुनै अत्युक्ति होवैइन। उपनिषद्को प्रतिष्ठा

CC-0. In Public Domain. Digitization by eGangotri

बढाउनको लागि विद्वान् महापुरुषहरूले वेदान्त-दर्शन, ब्रह्मसूत्र, शारीरिक सूत्र, ब्रह्ममीमांसा, वेदान्त-मीमांसा अथवा उत्तर-मीमांसा, श्रीमद्भःगवद्गीता लेखेका हुन् ।

वेदका सुप्रसिद्ध विद्वान् प्रो. मैंक्समूलरले आफ्नो पुस्तक India what can it teach us मा (भारतले हामीलाई के सिकाउन सक्छ) लेखेका छन्- मृत्युको भयबाट बच्न चाहने र सत्यलाई जान्न खोज्ने इच्छुक जिज्ञासुको लागि उपनिषद्हरूको अतिरिक्त अन्य कुनै श्रेष्ठ मेरो दृष्टिमा देखापरेको छैन । उपनिषद्को ज्ञानले मलाई आफ्नो जीवनको उत्कर्षमा ठूलो सहायता प्राप्त भएको छ । म त्यसको सदा ऋणी छु । यी उपनिषद्हरू आत्मिक उन्नतिको लागि विश्वको धार्मिक साहित्यमा अत्यन्त सम्मानपूर्णपदमा रहेकाछन् र पछि पनि सदा रहने छन् । यो ज्ञान महापुरुषहरूको महान् प्रज्ञाको परिणाम हो । कुनै न कुनै दिन भारतका यी सर्वश्रेष्ठ बिद्या समस्त योरोपमा प्रकाशित हुनेछन् । अनिमात्र हाम्रो ज्ञान एवं विचारहरूमा महान् परिवर्तन उपस्थित होला ।"

योरोपका विद्वान् दार्शनिक शौपनहरले आफ्नो अभि-व्यक्ति यस्तो प्रकट गरेका छन्– यद्यपि संस्कृत भाषाको समुचित ज्ञान हामीलाई प्राप्त भएको छैन, जसद्वारा उपनिषद्हरूको वास्तविक रहस्यलाई समझाउन सकौं, तैपनि जति समझेका छौं; त्यसबाट यो मान्नु पर्छ कि तीनका प्रत्येक स्थल गम्भीर ज्ञान र उच्च भावनाहरूले ओतप्रोत छन् । जब हामी उपनिषद्हरू पढ्दछौं दिव्य वातावरण हाम्रो चारैतिर फैलिन जान्छन् र

CC-0. In Public Domain. Digitization by eGangotri

तिनका रचियता ऋषिहरू हाम्रो हृदयमा प्रवेश गरको प्रतीत हुन्छ उपनिषद्हरूको समान आत्मालाई माथि उठाउने ज्ञान संसारमा अरू केहीं पनि छैन ।

मेरो आत्मालाई यस जीवनमा उपनिषद्हरूदेखि नै शान्ति मिलेको हो र यो आशा गर्छु कि यिनैबाट मृत्युको उपरान्त पनि शान्ति मिलने छ ।

स्वीडनका मनीषी प्रो. याल डच्यूसनले लेखेका छन्– उपनिषद्हरू मनुष्यको महान् अमूल्य फल हो । जीवन-मृत्युको, दुःख-सुखको प्रत्येक परिस्थितिमा हर घडी यिनबाट यस्तो शान्ति मिल्दछ; त्यस्तो अन्यत्र केहीं पनि उपलब्ध हुँदैन । आत्मा ज्ञान र आत्म शान्तिको यो एउटा यस्तो कोष छ कि संसारमा अरू केहीं पनि देखिदैन । पूर्वीय क्षेत्रको यात्रा गर्न गएको थिएँ, त्यहाँ मैले धेरै थोक पाएँ; सबभन्दा बहुमूल्य विभूति जो मैले त्यहाँबाट प्राप्त गरें त्यो यो हो– पवित्र संस्कृत भाषामा ऋषि-हरूका दिव्य ज्ञानले ओतप्रोत भएका उपनिषद्हरू ।

Dogmas of Budhsim नामक ग्रन्थकको लेखक श्रीह्यूमले लेखेका छन्– सुकरात अरस्तु, अफलातून आदि कति दार्शनिकहरूको पुस्तक मैले ध्यानपूर्वक अध्ययन गरें; परन्तु जस्तो शान्तिमयी आत्मविद्या उपनिषद्हरूमा पाएँ, त्यस्तो अरू कहीं पनि देख्न पाइएन ।

Philosophy of the Upanishads नामक ग्रन्थको प्रणेता प्रसिद्ध दार्शनिक पाल डायसनले उपनिषद्हरूलाई विश्वको सर्वश्रेष्ठ ज्ञान मानेका छन् । उनले लेखका छन्–

CC-0. In Public Domain. Digitization by eGangotri

उपनिषद्हरूको ज्ञान भारतमा प्राप्त मानिएको छ, वस्तुत त्यो सारा संसारको लागि अनुपम छ। तिनमा दार्शनिक सत्यको अद्भूत अभिव्यंजना छ तथा परम श्रेयस्कर आत्मविद्याको सिद्धान्तहरूको यस्तो मार्मिक विवेचना छ त्यस्तो संसारमा अन्यत्र काहीं छैन।

Is god knowable नामक ग्रन्थमा प्रो. जी. आर्कले लेखका छन्– मनुष्यको आत्मिक मानसिक र सामाजिक व्यवस्था कुन प्रकार राम्रो हुन सक्तछ यसको ज्ञान उपनिषद्-हरूद्वारा मिल्न सक्छ। यो शिक्षा यति सत्य, शिव र सुन्दर छ कि अन्तरात्माको गैराइ सम्म त्यसको प्रवेश हुन्छ। जुन मनुष्य सांसारिक दुःख र चिन्ताहरूले घेरिएर रहेको हुन्छ त्यसलई शान्ति र सहारा दिने अमोघ साधनको रूपमा उपनिषद् नै सहायक हुन सक्छ।

जर्मन दार्शनिक शोपन्नहर (Schopen our) भन्दछन्– In the whole world there is no study so benefical and elevating as that of the upanishads उपनिषद्हरूको उच्चातिउच्च कल्याणमय ज्ञान भन्दा ठूलो सम्पूर्ण संसारमा अध्ययनको लागि अरू केही छैन।

उपनिषद्हरूको महत्त्व मुसलमानहरूको शासन कालमा पनि खूब भएको थियो। अकबर का प्रपौत्र दाराशिकोहले हिन्दू पण्डितहरूद्वारा उपनिषद् सुने पछि उन्नी यति प्रभावित भए कि त्यसको मर्म बुझ्नको लागि संस्कृत पढ्न आरम्भ गरे। उन्नले सत्र वर्षसम्म संस्कृत पढी उपनिषद्हरू फारसी भाषामा अनुवाद

CC-0. In Public Domain. Digitization by eGangotri

गरे दारासिहकहले आफ्नो फारसी उपनिषद् अनुवादको भूमिकामा लेखका छन्– आत्मविद्याको मैले धरै ग्रन्थ पढें तर परमात्माको खोजीको प्यास मेटिएन । हृदयमा यस्तो अनेकौं शङ्काहरू र समस्या उठद थियो। त्यसको समाधान ईश्वरीय ज्ञानको अतिरिक्त अरू कुनै प्रकारले सम्भव थिएन । मैले कुरान, तोरन, इञ्जील, जबूर आदि ग्रन्थ पढें, तिनमा ईश्वर सम्वन्धी जो वर्णन छ त्यसबाट मनको प्यास मेटिएन । तव हिन्दूहरूको ईश्वरीय पुस्तक पढें तिनीहरूमध्ये उपनिषद्हरूको ज्ञान यस्तो छ, जसदेखि आत्माको शाश्वत तथा सच्चा आनन्द प्राप्ति हुन्छ ।

उपनिषद्को एक अध्ययन भन्ने पुस्तकको प्रस्तावनामा सन्त विनोवाले लेखका छन्– उपनिषद्हरूलाई धरैले गाए । कविले भनेका छन् हिमालय जस्तो पर्वत अरू छैन र उपनिषद् जस्तो पुस्तक अरू छैन । मरो विचारमा उपनिषद् पुस्तक होईन एक दर्शन हो । मरो जीवनमा गीताले माताको स्थान लिएको छ । त्यो स्थान त उनैको हो । परन्तु म जान्दछु कि उपनिषद् मेरी माताकी पनि माता हुन् । त्यसै श्रद्धाले उपनिषद्हरूको मेरो मनन, निदिध्यासन चलिरहेको छ ।

संसारमा कुनै पनि सभ्य भाषा यस्तो छैन । जसमा उपनिषद्को सम्वन्धमा सानो-ठूलो ग्रन्थ प्रकाशित नभएको होस् । यस तत्त्वज्ञानमा सारा संसारका दार्शनिकहरू मुग्ध छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्वज्ञान, मनोनाश र वासनाक्षय

निर्विकल्प शुद्ध आत्मामा चेतन लक्षण मनबाट त्रिवर्त स्थित भएको छ र अगाडि उसले जगत् कल्पना गऱ्यो। जसरी समुद्रमा तरङ्ग, सुवर्णमा भूषण, डोरीमा सर्प र सूर्यको किरणमा जलाभास छ, त्यस्तै नै आत्मामा विवर्तमन छ किन्तु आत्मादेखि भिन्न होइन। जसलाई तरङ्गको ज्ञान छ उसलाई समुद्र बुद्धि हुँदैन, त्यो तरङ्गलाई मात्र जान्दछ। जसलाई भूषणको ज्ञान छ त्यो सुवर्णलाई जान्दैन, सर्पको ज्ञानले डोरी जानिँदैन र जलको ज्ञानले किरणलाई जान्दैन; त्यस्तै नै नानाप्रकारको विश्वको ज्ञानबाट जीव परमात्मालाई जान्दैन। जुन पुरुषले समुद्रलाई जानेको छ भने उसको दृष्टिमा तरङ्ग र बुदबुदमा जल नै भास्तछ जलदेखि भिन्न केही अरू भासदैन। जसलाई डोरीको ज्ञान भएको छ उसलाई सर्प बुद्धि हुँदैन; जसलाई सुवर्णको ज्ञान भएको छ उसलाई भूषण बुद्धि हुँदैन र जसलाई किरणको ज्ञान भएको छ उसलाई जल बुद्धि हुँदैन यस्ता पुरुष निर्विकल्प हुन्। जुन पुरुषलाई निर्विकल्प आत्माको ज्ञान भएको छ उसलाई संसार भावना हुँदैन, ब्रह्म नै भास्तछ। मन पनि आत्मादेखि भिन्न होइन।

CC-0. In Public Domain. Digitization by eGangotri

मनसैवानुद्रष्टव्यं नेह नानास्ति किञ्चन ।

(बृद्दा ४।४।१९)

ब्राह्मलाई आचार्योपदेश पूर्वक मनले नै देख्नु पर्छ ।

एष सर्वेषु भूतेषु गूढोत्मा न प्रकाशते ।
दृश्यते त्वग्रयया बुद्धया सूक्ष्मया सूक्ष्मदर्शिभिः ॥

(कठोपनिषद् १।३।१२)

सम्पूर्ण भूतहरूमा लुकेकोयो आत्मा प्रकाशमान् हुँदैन । यो त सूक्ष्मदर्शी पुरुषहरूद्वारा आफ्नो तीव्र र सूक्ष्मबुद्धिले नै देखिन जान्छ ।

चितस्य हि प्रसादेन हन्ति कर्म शुभाशुभम् ।
प्रसन्नात्माऽत्मनि स्थित्वा सुखमध्ययमश्नुते ॥

(मैत्रायण्युपनिषद् ४।४

चित्त शान्त भएपछि शुभाशुभ कर्म नष्ट हुन जान्छ र शान्त भएको मनुष्य जब आत्मामा लीन हुन्छ, तब त्यसलाई अविनाशी आनन्द प्राप्त हुन्छ ।

समा सक्तं यदा चित्तं जन्तोर्विषयगोचरे ।
यद्येवं ब्रह्मणि स्यात्तत् को न मुच्येत बन्धनात् ॥

(मैत्रायण्युपनिषद् ४।५)

मनुष्यको चित्त जति विषयमा आसक्त हुन्छ, त्यतिनै यदि त्यो ब्रह्ममा असक्त होस् त बन्धनदेखि मुक्ति किन प्राप्त हुँदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानवान् पुरुषले दुवै प्रकारका वासनालाई त्याग गरेका हुन्छन् । एउटा वासनाको नाम ध्येय त्याग हो र अर्कोको नाम नेयत्याग हो । म यो पदार्थरूप हुँ, म यसैबाट वाँचको छु, यो विना म वाँचन सक्तिन र मेरो विना यो पनि केही होइन। यो जो हृदयमा निश्चय छ त्यसलाई त्याग गरेर विचारपूर्वक न म पदार्थ हुँ न मेरो पदार्थ हो । यस्तो भावना गर्ने जो पुरुष हो उसको अन्तष्करण आत्मप्रकाशले शीतल हुन जान्छ । त्यसले जो जति क्रिया गर्दछ त्यो लीला मात्र हो । जुन पुरुषले निश्चय गरेर वासनालाई त्याग गरेको छ, त्यो सर्व क्रियाहरूमा सर्व आत्मा नै जान्दछ। त्यसको कुनै बन्धनको कारण हुँदैन; उसको हृदयमा सर्ववासनाको त्याग हुन्छ र बाहिरी इन्द्रिहरूबाट चेष्टा गर्दछ । जुन पुरुष जीवन्मुक्त अवस्था पुगको हुन्छ, उसले जुन वासनालाई त्याग गरेको छ त्यस बासनाको त्यागको नाम ध्येय त्याग हो र जुन पुरुषले मन संयुक्त देह बासनालाई त्याग गरेको छ र त्यस बासनालाई पनि त्याग गरको छ भने त्यो नेयत्याग हो । नेयबासनाको त्यागलाई बिदेहमुक्त भनिन्छ । जुन पुरुषले देहाभिमानलाई त्याग गरेको छ; संसारको बासना लीलाले त्याग गरेको छ र स्वरूपमा स्थित भएर क्रिया पनि गर्दछ भने त्यसलाई जीवन्मुक्त भनिन्छ । जसको सबै बासना नाश भएको छ र भित्र-बाहिरको चेष्टदेखि रहित भएको छ अर्थात् हृदयको सङ्कल्प र बाहिरी क्रिया त्यागेको छ त्यसको नाम नेयत्याग हो त्यसलाई विदेह मुक्त जान्नुपर्छ । यी दुवै मुक्त स्वरूप हुन् र निर्मल पदमा स्थित हुन्छन् । एउटाको देह स्फुरण रूप हुन्छ र अर्को अस्फुरण हुन्छ। जुन पुरुषले संसारको इष्ट

CC-0. In Public Domain. Digitization by eGangotri

अनिष्ट पदार्थहरूको इच्छा त्याग गरेको छ, त्यसको सब कार्यमा सुषुप्ति झैं अचल वृत्ति हुन्छ, त्यसलाई जीवन्मुक्त भनिन्छ। हेयोपादेय, म र मरो इत्यादि सब कलना जसको हृदयदेखि क्षीण भैसकेको छ त्यो जीवन्मुक्त हो।

सर्वत्र सर्वतः सर्वं ब्रह्ममात्रावलोकनम् ।
सद्भावभावनादार्ढ्याद्वासनालयमश्नुते ॥

(अध्यात्मोपनिषद् १३)

सर्वत्र, सबैतिर, सबैलाई केवल ब्रह्मरूप देख्नु यस्तो सद्भावना दृढ हुनाले वासनाको नाश हुन्छ।

चित्तमूलो विकल्पोऽयं चित्ताभावे न कश्चन ।
अतश्चित्तं समाधेहि प्रत्यग्रूपे परात्मने ।

(अध्यात्मोपनिषद् २६)

यस विकल्प (भेद) को मूल चित्त हो, यदि चित्त न भएको भए कुनै भेद नै हुँदैनथ्यो, यस कारणमा प्रत्यागत्मा स्वरूप परमात्मामा चित्तलाई एकाग्र गर्नु पर्छ।

द्वौ क्रमौ चित्तनाशस्य योगो ज्ञानं मुनीश्वर ।
योगस्तु वृत्ति रोधो हि ज्ञानं सम्य गवेक्षणम् ॥

(शाण्डिल्पोपनिषद् १।७।२४)

हे मुनिश्वर ! चित्तलाई नाश गर्ने दुइ मार्ग छन्; योग र ज्ञान। योग अर्थात् चित्तको वृत्तिहरूलाई रोक्नु र ज्ञान अर्थात् वस्तुको तत्त्वलाई यथार्थ रूपमा देख्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

तपसा प्राप्यते सत्वसत्वात् सं प्राप्यते मन : ।
मनसा प्राप्यते त्वात्मा ह्यात्मापत्या निवर्तते ॥
यथा निरिन्धनो बह्निः स्वयोनावुपशाम्यति ।
तथा बृत्तिक्षयाच्चित्तं स्वयोनावुपशाम्यति ॥

(मैत्रायण्युपनिषद् १।४-७)

तपद्वारा ज्ञान प्राप्त हुन्छ, ज्ञानले मन वशमा आउँदछ, मन वश हुनाले आत्मा प्राप्ति हुन्छ र आत्मा प्राप्ति हुनाले संसारदेखि छुटकरा हुनजान्छ ।

जुनप्रकार दाउरा समाप्त हुनाले अग्नि आपसे-आप निभ्न जान्छ, त्यस्तै प्रकार वृत्तिहरू नाश हुनाले चित्त आफ्नो कारण रूप आत्मामा शान्त वन्न जान्छ ।

चित्तमेव हि संसारस्तत् प्रयत्नेन शोधयेत् ।
यच्चित्तस्तन्मनो भाति गुह्यमेतत्सनातनम् ॥
चित्तस्य हि प्रसादेन हन्ति कर्म शुभाशुभम् ।
प्रसन्नात्मात्मनि स्थित्वा सुखमध्ययमश्नु ते ॥

(मैत्रायण्युपनिषद् १।४-१०)

चित्त नै संसार हो, यसकारण प्रयत्नपूर्वक त्यसलाई शुद्ध गर्नुपर्छ । जस्तै जसको चित्त, त्यस्तै उसको गति हुन्छ, यो एक सनातन सिद्धान्त हो ।

चित्त शान्त हुनाले शुभाशुभ कर्म नष्ट हुन जान्छ र शान्त वनेको मनुष्य जव आत्मामा लीन हुन्छ तव उसलाई अक्षय आनन्द प्राप्त हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

चित्ते चलति संसारो निश्चलं मोक्ष उच्यते ।

(श्रुतिसिद्धान्त सार संग्रह ५।५६)

चित्त चलनाले संसार हुन्छ, चित्त स्थिर भएमा मोक्ष हुन्छ ।

तदामुक्तिर्यदा चित्तं न वाञ्छति न शोचति ।
न मुंचति न गृहणाति न हृष्यति न कुप्यति ॥

(अष्टावक्रगीता ७९)

जव चित्त इच्छा गर्दैन, चिन्ता गर्दैन, छोड्दैन, ग्रहण गर्दैन, हर्ष पनि गर्दैन औ क्रोध पनि गर्दैन । तव मुक्ति हुन्छ ।

आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥

गीता ६।२५

मनलमई आत्मामा लगेर राखोस् र केही पनि चिन्तन नगरोस् ।

जसको आफ्नो मनलाई वश गर्ने शक्ति छैन त्यसलाई धिक्कार छ, त्यो मनुष्य गर्दभ हो । आफ्नो पुरुषार्थले मनलाई वश गर्नु आफ्नो साथ परम मित्रता गर्नु हो । जुन मानिसले मनलाई उपशम गर्दछ भने उसले परम लाभ प्राप्त गर्दछ । मनलाई मार्ने मन्त्र यो हो कि दृश्यको तरफबाट चित्तलाई निबृत्त गरी आत्मचेतन संवितमा लगाउनु । आत्मचिन्त गरेर मनलाई मार्नु सुखरूप हो । इच्छाले मन पुष्ट रहन्छ, जब भित्रबाट इच्छा निबृत हुनजान्छ तव मन उपशम हुन्छ, जब मन उपशम भयो भने तव गुरु र शास्त्रहरूको उपदेश र मन्त्र आदिको अपेक्षा रहँदैन । मनलाई जीत्नामा अरू कुनै यत्न छैन केवल एक संवे-

• CC-0. In Public Domain. Digitization by eGangotri

दनको प्रवाह पल्टाउनु हो, दृश्य तिरबाट निवृत्त गरी आत्मा तिर लगाएपछि चित्त अचित्त हुन जान्छ । जसले मनलाई जितेको छ उसको लागि त्रिलोकलाई जित्नु तृणसमान हो । हृदयकाशमा जो चेतन चक्र हो अर्थात् जो ब्रह्माकार वृत्ति हो त्यस तरफ जब मनको तीव्र संयोग होवोस् तब सबैदु:खको अभाव हुनजान्छ । मनको मननभाव त्यसै ब्रह्माकार वृत्तिचक्रले नष्ट हुन्छ । संसारको भोग जो मनमा रमणीय भास्त छ, त्यो जब रमणीय संग भासेनभने जान्नु पर्छ कि अब मनको अङ्ग काटियो ।

मनको दुइटा रूप छ– एउटा जड र अर्को चेतन । जडरूप मन दृश्यरूप हो र चेतनरूप ब्रह्म हो । जब दृश्य तिर फुर्दछ तव दृश्यरूप हुन्छ र जब चेतन भावमा स्थित हुन्छ तव जस्तो सुवर्णलाई जान्नाले भूषणभाव नष्ट हुनजान्छ त्यस्तै नै दृश्यरूप जड भाव नष्ट हुन जान्छ । जब चित्तको स्फूर्ति हुन्छ तव जगत् भास्त छ र जब चेतन आत्मामा स्थित हुन्छ तब मनको जड भाव रहँदैन । जस्तो पारस मणिको मिलापले फलाम सुवर्ण हुन्छ र फेरि त्यसको फलाम भाव कहिले पनि हुँदैन, त्यस्तै मन जब आत्मामा स्थित हुन्छ तब त्यसको जडता दृश्यभाव रहँदैन । जस्तो सुवर्णको शोधन गरेपछि त्यसमा रहेको मैलो जलेर जान्छ र शुद्ध शेष रहन्छ ; त्यस्तै नै जब चित्त आत्मामा स्थित हुन्छ तब त्यसको जड भाव जल्दछ र शुद्धचेतन मात्र शेष रन्छ ।

चञ्चलता देखि रहित भएको मनलाई मृतक भनिन्छ । शास्त्रको सिद्धान्त यो छ कि, मनको मृतक हुनु नै मोक्ष हुनु हो । जब विवेक विचारमा मन लाग्दछ तव त्यसको अभ्यासद्वारा

CC-0. In Public Domain. Digitization by eGangotri

जडता निवृत्त हुन जान्छ र केवल चेतन आत्मतत्त्व भास्त छ। जुन पदको निमित्त मन प्रयत्न गर्दछ त्यस पदलाई प्राप्त गर्दछ। चित्तलाई चित्तले स्थिर गरी अशोक पदको आश्रय गर्नु पर्दछ। जो जति भाव अभावरूप संसारका पदार्थ छन् ती सबै मनवाटै उत्पन्न भएका हुन्। यसकरण मनलाई उपशम गर्ने प्रयत्न गर्नुपर्छ। मनको उपशम विना संसाररूपी चक्रवाट छुट्ने अन्य कुनै उपाय छैन। मनलाई मनैले निग्रह गर्दछ अरू कसैले गर्न सक्दैनन्। जस्तै राजा संग राजा नै युद्ध गर्दछन् अरू कोही गर्न सक्दैनन्; त्यस्तै मन संग मन नै युद्ध गर्दछ। यसकारण मनले मनलाई मारेर शान्ति प्राप्त गर्नुपर्छ।

योगश्चित्तवृत्तिनिरोध (योग दर्शन १।२) चित्तको वृत्तिहरूको निरोध गर्नु योग हो। अभ्यासवैराग्याभ्यां तन्निरोधः (योग दर्शन १।१२) चित्तवृत्तिहरूलाई निरोध गर्ने दुइ उपाय छन् अभ्यास र वैराग्य।

भगवान् श्रीकृष्णजीले गीता १०।२२ मा भन्नु भएको छ— (इन्द्रियाणां मनश्चास्मि) इन्द्रियहरूमा म मन हुँ। यसवाट यो सिद्ध हुन्छ कि मनलाई वशमा राख्नु नै भगवान् श्रीकृष्णजीलाई प्राप्त गर्नु हो।

वाह्ये निरुद्धे मनसः प्रसन्नता मनः प्रसादे परमात्मदर्शनम्।

वाह्य प्रवृत्तिमा लागको मनलाई आभ्यान्तर प्रवृत्तिमा रोक्नाले प्रसन्नता बढ्द छ, प्रसन्नता बढ्नाले परमात्माको दर्शन हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

मन एव मनुष्याणं कारणं बन्धमोक्षयो : ।
बन्धाय विषयासक्तंमक्त्यै निर्विषयं स्मृतम् ।।
(मैत्रायण्युयपनिषम् ४।११)

मनुष्यहरूको वन्ध र मोक्षको कारण मन नै हो । विषय-हरूमा आसक्त भएको मन वन्धनको कारण हो र विषय रहित मन मोक्षको कारण हो ।

सङ्कल्पादिकं मनो बन्धहेतुः ।
तद्वियुक्तं मनो मोक्षाय भवति ।।
(मण्डलब्राह्मणो पनिषद् २।४)

सङ्कल्पादिले प्राप्त भएको मन वन्धनको कारण हुन्छ र सङ्कल्प देखि रहित मन मोक्षको कारण हुन्छ ।

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ।।
(मुण्डकोपनिषद् २।२।८)

त्यस परावर (कारणकार्यरूप) ब्रह्मलाई साक्षात्कार गरिलिनाले यस जीवको हृदयग्रन्थि नष्ट हुन जान्छ; सम्पूर्ण संशय नष्ट हुनको कारण जीवको कर्म क्षीण हुन जान्छ ।

यदा सर्वे प्रभिद्यन्ते हृदयस्येह ग्रन्थयः ।
अथ मर्त्योऽमृतो भवत्येतावद्धयनुशासनम् ।।
(कठोपनिषद् २।३।१५)

जुन समय यस जीवनमा नै यसको हृदयको सम्पूर्ण ग्रन्थिहरू छेदन हुन जान्छ त्यसै समय यो मरणाधर्म अमर हुन्छ । वस, सम्पूर्ण बेदान्तहरूका यत्तिनै आदेश हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सत् उसलाई भन्दछन् जसको अभाव भूत, भविष्य र वर्तमान तीनै कालमा हुँदैन, किन्तु सदा-सर्वदा अखण्ड एकरूपले रहको हुन्छ अर्थात् विश्वका जति वस्तुहरू छन् ती सबैका आधाररूपले रहको मूल-सत्ता नै सत् वस्तु हो। सत् स्वरूप आत्मामा सारा द्वैत प्रपञ्च कल्पित हुनाले असत्य क्षण परिणामी छन्। ती सबै परिवर्तन भई पूर्वरूपलाई छोडेर रूपान्तरमा गइरहन्छन्। तिनको नाम र कार्य पनि बदलिन्छ। यसरी दृश्य जगत्को ढाँचा अविरामगतिले बदलिंदा पनि नबदलिने चेतन आत्मा नै सत् वस्तु हो। म आफू त्यही सच्चिदानन्द अद्वितीय आत्मा हुँ भन्ने अनुभव तत्त्वज्ञान हो।

वाह्य प्रवृत्तिमा लागेको मन अभ्यन्तर प्रवृत्तिमा लागपछि आत्मस्वरूपमा स्थित हुन्छ। त्यसपछि मिथ्याभूत दृश्याकार वृत्ति उदित न भएको वृत्तिको शून्य अवस्थामा प्राप्त हुनु मनोनाश हो।

आत्म-वस्तुको ज्ञान प्राप्त गरी अनादि वासनालाई प्रयत्नपूर्वक हटाउनु पर्छ, वासनाको क्षीण हुनु नै मुक्त हुनु हो। मिथ्याभूत दृश्यहरूको साथ अन्तः सम्बन्ध नहुने हुनाले तिनीहरूको स्फुरणको अभावपूर्वक संस्कारको पनि अभाव हुनु वासनाक्षय हो।

वसिष्ठजीले भन्नु भएको छ– तत्त्वज्ञान प्राप्ति, मनोनाश र वासनाक्षय गर्नको लागि एक मात्र परम उपाय हो सन्तहरूको सङ्गति र सत् शास्त्रहरूको विचार। यहाँ यो पहिले हुन्छ, त्यो पछि हुन्छ भन्ने केही नियम वा क्रम छैन। यी तीन तत्त्वहरूमा

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानद्वारा मनोनाश, मनोनाशद्वारा वासनाक्षय वासनाक्षयबाट मनोनाश, मनोनाशबाट तत्त्वज्ञान । मनोनाशबाट वासनाक्षय, वासनाक्षयबाट तत्त्वज्ञान हुने हुनाले कुन पहिले भन्ने कुरा छैन । यी तीनका साधन पृथकरूपमा नगरी एकै साथ गर्नुपर्छ । किनकि तत्त्वज्ञान प्राप्ति मनोनाश र वासनाक्षय यी तीनै एकै साथ हुन्छन् । मनोनाश भएपछि सङ्कल्प विकल्पको अभाव हुन्छ र स्वस्वरूपमा स्थित हुन्छ । वासनाक्षय हुँदा निर्वासन शान्त स्थिति हुन्छ । तत्त्वज्ञान प्राप्ति भएपछि अज्ञानको नाश हुन्छ र स्वयंप्रकाशमान चिद्रूपमात्र भइरहन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णाश्रम तथा आपद्धर्म

धृञ् धातु धारण अर्थमा प्रवृत्त हुन्छ, त्यसबाट धर्मशब्द वन्दछ । त्यसले सम्पूर्ण भूतप्रणीहरूलाई धारण गरको हुँदा महर्षिहरूले त्यसको नाम धर्म राखे । धर्मको सेवन गर्नाले जीवको माथि स्वर्गादि लोकमा गति हुन्छ, माथितिर उठाएर लिनुलाई धारण गर्नु भनिन्छ । धर्मवाट माथितिर जाने हुनाले धर्मशब्दको अर्थ हो धारण गर्नु ।

अथातो धर्म व्याख्यास्यामः ।

(वैशेषिक-दर्शन १।१।१)

अव धर्मको व्याख्या गरिन्छ

यतो ऽभ्युदयनिः श्रेयससिद्धिस्स धर्मः ।

(वै. द. १।१।२)

जसकोद्वारा यसलोक र परलोकमा उन्नति र अन्तमा मोक्ष प्राप्ति हुन्छ उसलाई धर्म भनिन्छ ।

अथातो धर्मजिज्ञासा । (मीमांसा– दर्शन १।१।१)

अव धर्मको जिज्ञासा हुन्छ । चोदनालणक्षणो ऽ र्थो धर्मः (मी. द. १।१।२) विधानमा आएको अर्थलाई धर्म भनिन्छ

CC-0. In Public Domain. Digitization by eGangotri

(धारयतीति धर्मः) सबैलाई धारण गर्ने नै धर्म हो (धर्मे धारयते प्रजा) धर्मले प्रजालाई धारणा गर्दछ (वेदोऽखिलो धर्म मूल) वेद सम्पूर्ण धर्मको मूल हो (विद्या धर्मेण शोभते) विद्याको शोभा धर्म हो ।

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥

(मनुस्मृति ६।९२)

धर्मको दश लक्षण हुन्छ–धृति (सन्तोष) क्षमा (सहनु) दम अस्तेय (चोरी) शौच (देहशुद्धि) इन्द्रिय निग्रह धी (शास्त्रादि तत्त्वको ज्ञान, विद्या (आत्मज्ञान) सत्य (यथार्थ वचन) क्रोधको अभाव ।

इज्याध्ययनदानानि तपः सत्यं क्षमा घृणा ।
अलोभ इति मार्गोऽयं धर्मस्याष्टविधः स्मृतः ॥

(विदुरनीति ३।५६)

यज्ञ, अध्ययन, दान, तप, सत्य, क्षमा दया र अलोभ – यी धर्मका आठ प्रकारका मार्ग बताइएका छन् ।

धर्मः पिता च माता च धर्मो नाथः सुहृत् तथा ।
धर्मो भ्राता सखा चैव धर्मः स्वामी परंतप ॥

(म. भा. अश्वमेधिक १३।।२)

परंतप ! धर्म नै जीवको माता, पिता, रक्षक, सुहृद, भ्रात, सखा र स्वामी हो ।

स्ववर्णाश्रम धर्मेण तपसा हरितोषणात् ।

(श्रीशङ्कराचार्य अपरोक्षानुभूति ३)

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो वर्णाश्रमधर्मको तपस्याद्वारा श्रीहरि प्रशन्न हुनुहुन्छ ।

वर्णाश्रमाचारवता पुरुषेण परः पुमान् ।
विष्णुराराध्यते पन्था नान्यस्तत्तोषकारकः ॥

(विष्णु पुराण ३।८।९)

जुन पुरुष वर्णाश्रम धर्मको पालन गर्दछ, त्यही परम पुरुष नै विष्णुको ,आराधना गर्न सक्छ; विष्णुलाई सन्तुष्ट गर्ने अरू कुनै मार्ग छैन ।

स्वे स्वे कर्मण्यभिरतः संसिद्धि लभते नरः ।
स्वकर्मनिरतः सिद्धि यथा विन्दति तच्छृणु ॥

गीता १८।४५

आफ्ना-आफ्ना कर्ममा लागका मानिसले सिद्धि पाउदछन् । यस्ता मानिसले कसरी सिद्धि पाउदछन् त्यो कुरा सुन ।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धि विन्दति मानवः ॥

(गीता १८।४६)

जसद्वारा समस्त जगत्को सृष्टि भएको छ तथा जो सम्पूर्ण विश्वमा व्याप्त छ, उसलाई आफ्नू स्वभावजन्य कर्मले पूजा गरेपछि मनुष्यले सिद्धि पाउँदछ ।

विना ईश्वरको कृपा नभई सिद्धि प्राप्त हुँदैन । ईश्वरलाई प्रशन्न गराउने उपायहरूमा सबैभन्दा मुख्य वर्णाश्रम धर्म नै छ। चातुर्वर्ण्य - व्यवस्थामा स्वाभाविकता र धर्म दुवै हुन्छन् । आमा-बाबुको पेशा स्वभावत नै छोरालाई विना परिश्रम

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्दछ । आफ्ना पूर्वजहरूले पालन गरी आएका वर्णाश्रम धर्मकर्ममा अगाडि वढ्नु चातुर्वर्ण्यको एउटा ठूलो विशेषता पनि हो । बच्चालाई दूध पिलाउनु जस्तै कसैले सिकाउन पर्दैन; त्यस्तै वालक जुन वर्णमा जन्मन्छ त्यस वर्णको धर्म उसले स्वभावले नै जान्दछ ।

वरनाश्रम निज निज धर्म निरत वेद पथ लोग ।
चलहिं सदा पावहिं सुखहिं नहि भय सोक न रोग ॥
(तु. रा. उत्तरकाण्ड. दो. ४३)

भगवान् श्री रामको राज्यमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी चार वर्ण र ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र संन्यासी यी चार आश्रम आफ्ना-आपना धर्ममा तत्पर थिए । सबैजना वेद मार्गमा चलेका थिए । तिनीहरू सदा-सर्वदा सुख पाइरहेका थिए । न डर थियो, न रोग थियो ।

वर्णा धर्मानसीदंतियस्यराष्ट्रेतयाश्रमा :।
राज्ञस्तस्यसुखंतात परत्रेचशाश्वतम् ॥
(मा. पु. अ. २४।३०)

महारानी मदालसा भन्दछिन हे पुत्र ! जसको राज्यमा वर्णाश्रम धर्म नाश हुँदैन त्यो राजा यसलोक र परलोक दुबैमा निरन्तर सुख भोग्द छ ।

सामन्य धर्म, विशेष धर्म, संप्रदाय धर्म र आपद्धर्म यिनीहरू सवै धर्मका स्वरूप हुन् । आपत्ति कालमा गरिने धर्मको नाम हो आपद्धर्म । आपत्ति एक विशेष स्थिति हो र त्यस समय विवशतावश सामन्य धर्ममा जो अपवाद स्वीकार गरिन्छ, त्यो पनि

CC-0. In Public Domain. Digitization by eGangotri

एक प्रकारको विशेष धर्म नै हो; परन्तु विशेष धर्म र आपद्धर्ममा एक मौलिक भेद पनि छ। जुन विशेष व्यक्ति अथवा विशेष अवसरको लागि विशेष धर्म शास्त्रविहित छ, त्यस समय त्यसलाई पालन गर्नु धर्म हो। त्यस विशेष धर्मलाई पालन नगरेर सामन्य धर्मलाई पालन गर्नु त्यस व्यक्तिको लागि त्यस अवसरमा अधर्म हुन जान्छ। आपद्धर्ममा यस्तो कुनै कुरा छैन। आपत्तिकालमा सामन्य धर्ममा नै दृढ भइरहनु र आपद्धर्मको आश्रय न लिनु महत्ता हो, त्याग हो। आपद्धर्मको आश्रय आपित्तिकालमा गर्नुलाई सामन्य धर्ममा अपवाद स्वीकार गरिएको छ, त्यसको दोष हुँदैन। उदाहरणको लागि रघुवंशको घटना लिए हुन्छ। महर्षि वसिष्ठकी नन्दिनी गाईलाई सिंहले वनमा आक्रमण गऱ्यो। महाराज दिलीप ती गाईको रक्षामा थिए। गाईलाई वचाउनको लागि ठोक्राबाट वाण झिक्न लाग्दा दिलीपको हात ठोक्रामा टाँसियो महाराज विवश भए। यदि दिलीप गुरु कहाँ फर्केर आएका भए पनि गो-रक्षा नगरेको पापको भागी हुँदैन थिए; परन्तु राजाले आफ्नो शरीर दिएर गो-रक्षा गर्न खोजे, यो उनको महत्ता थियो।

न जातु कामान्नभयान्न लोभाद् धर्मं त्यजेज्जीवितस्यापि हेतोः।
नित्यो धर्मः सुखदुःखे त्वनित्ये जीवो नित्यो हेतुरस्य त्वनित्यः॥
(म. भा. स्वर्ग. ५।६३)

मानिसले कुनै पनि समयमा कामले, भयले, लोभले र जीवन रक्षाको लागि पनि धर्म त्याग गर्नु हुन्न; किन भने धर्म नित्य छ र सुख-दुख अनित्य छ तथा जीव नित्य छ र जीवनको हेतु अनित्य छ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥

(गीता ३।३५)

आफ्ना धर्ममा रहेर मर्नु उत्तम छ । अर्काको धर्म डर लाग्दो हुन्छ ।

अकृत्यं नैव कर्तव्यं प्राणत्यागेऽपि संस्थिते ।
न च कृत्यं परित्याज्यमेष धर्मः सनातनः ॥

प्राण छाडनु परेता पनि गर्न न हुने कम गर्दै न गर्नु, गर्नु पर्ने काम न छोडनु यो सनातन पहिले देखि चलिआएको धर्म हो

धर्म एव हतो हन्ति धर्मो रक्षित रक्षितः ॥

(म. भा. वन. ३१३।१२८)

जुन मानिस आफ्नो धर्मलाई त्यग गर्छ उसलाई धर्मले पनि त्याग गर्छ । परन्तु जुन मानिस धर्मको रक्षा गर्छ त्यसको रक्षा धर्मले गर्छ ।

गुरु गोविन्दसिंहले आनन्दगढ छोड्दा उनको साथमा आफ्नी माता र दुइ पुत्र थिए । मुगल सेनाको आक्रमणले गर्दा माता र छोराहरू सँग विछोड भयो । आफ्नै खाना बनाउने खान्सामाले विश्वासघात गर्दा तीनजना गिरफ्तार भए । सुवा सर्हिदले शत्रुको परिवार आफ्नो कब्जामा परकोले वैर साधन गर्ने निश्चय गरे । सुवा सर्हिदले सबै मुख्य-मख्य मुसलमान संग परामर्श गरी गुरु गोविन्दसिंहका दुइ पुत्रलाई मुसलमान वानउन आफ्नो दरवारमा बोलाए । बजैलाई वालकको धर्म

CC-0. In Public Domain. Digitization by eGangotri

नष्ट गर्न बोलाएको होला भन्नेशङ्का भयो र उनले दुवै नातिलाई प्राण छोड्नु परे पनि धर्म न छोड्नु भनी शिक्षा दिई पठाइन् ।

सुवा सरहिंदले ९ वर्षका जोरावरसिंहलाई भने तिमीले मुसलमान हुन पर्छ न वनेमा प्राण दण्ड हुने छ । जोरावरले भने– मलाई गुरुको यही उपदेश छ कि धर्मलाई छोडर यदि स्वर्ग प्राप्त हुन्छ भने पनि त्यसलाई नरक कै समान मान्नु । मेरा वाजे गुरु तेजबहादुरले पनि मुसलमान हुन मञ्जूर गरेनन् र आफ्नो धर्म प्राण त्यागेर पनि पालन गरे, म उनै धर्मप्राणको नाति हुँ । इत्यादि भनी जोरावरले मुसलमान बन्न स्वीकार गरेनन्। त्यसपछि सुवा सरहिंदले सानो भाइ ७ वर्षको फतह-सिंहलाई भने– तिमी मुसलमान बन्दछौ कि मर्न तयार छौ भन्दा उनले पनि मर्न नै मञ्जूर गरे । अनि दुइ भाइलाई ईटको गारो लगाई पुर्दै ल्याए, छातीसम्म पुर्दा प्राणकण्ठसम्म आउदा पनि मुसलमान बन्न स्वीकार नगरी मरेर गए ।

मनुष्यले आफ्नो वर्णाश्रम धर्मको रक्षाको लागि मौकामा ज्यान समेत दिन तयार हुनुपर्छ, कर्तव्यहीन हुनुहुँदैन । यसरी आफ्नो धर्म रक्षाको लागि प्राण त्याग्नुलाई महान् धर्म बताएको छ । त्यस्तै नै आपदकालमा आपद्धर्मलाई ग्रहण गरी प्राणको रक्षा गर्नुलाई पनि महान् धर्म बताएको छ । यी महान् दुइ धर्ममा जसलाई जस्तो रुची लाग्दछ उस्तै गर्दछन् । प्राचीन कालदेखि यी दुवै धर्म एवं प्रकारले चलिआएका छन् ।

धर्मेण धार्यते पृथ्वी धर्मेण तपते रविः ।
धर्मेण वाति वायुश्च सर्वं धर्मे प्रतिष्ठितम् ॥

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मले पृथ्वी स्थिर भइरहेको छन्, धर्मले सूर्य प्रकाशित भएका छन्, धर्मले वायु चलिरहेका छन् तथा सबै धर्मको आधारमा स्थित भइरहेका छन् ।

क्षणं वित्तं क्षणं चित्तं क्षणिकं च स्वजीवितम् ।
यमो ऽतिनिर्धृणः सो ऽस्ति धर्मं शीघ्रमतश्चरेत् ॥

(आ. रा.. राज्यकाण्ड १८।४४)

धन क्षणस्थायी छ, चित्त वृत्ति क्षणिक छ र आफ्नो जीवन पनि क्षण भुंगर छ । यसकारण जतिसक्दो शीघ्र हुन सक्छ, धार्मिक काम पूर्ण गर्नु पर्छ ।

मृतं शरीरमुत्सृज्य काष्ठलोष्ठसमं क्षितौ ।
विमुखा बान्धवा यान्ति धर्मस्तमनुवर्तते ॥

(म. भा. आश्वमेधिकः १३।४)

वन्धु-वान्धव मनुष्यको मृत शरीरलाई काठ र माटाको डल्ला समन पृथ्वीमा राखेर मुख फर्काएर हिंडदछन् । त्यस समय केवल धर्म नै जीवको पछि-पछि जान्छ ।

आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त एव च ।
तस्मादस्मि सदा युक्तो नित्यं स्यादात्मवान्द्विजः ॥

(मनुस्मृति. १।१०८)

आत्मज्ञानी ब्राह्मण यस शास्त्रको सदा हृदयंगम गरून् । किने भने श्रुति र स्मृति दुवैले आचारलाई सर्वधर्म बताएका छन् ।

सर्वागमानामाचारः प्रथमं परिकल्प्यते ।
आचारः प्रभवो धर्मो धर्मस्य प्रभुरच्युतः ॥

(म. भा. अनुशासन १४९।१३७)

CC-0. In Public Domain. Digitization by eGangotri

सबै शास्त्रहरूमा सबभन्दा पहिले आचारको नै कल्पना गरिएको हुन्छ, आचारबाट धर्म उत्पन्न हुन्छ र धर्मको प्रभु श्रीअच्युत भगवान् हुनुहुन्छ ।

आचराल्लभते चायुराचाराल्लभते सुखम् ।
आचारात्स्वर्गमोक्षं च आचारोहन्त्यलक्षणाम् ॥
अनाचारो हिपुरुषो लोके भवतिनिन्दितः ।
दुःख भागी च सततं व्याधितोऽल्पायुरेवच ॥
नरकेनियतंवासो ह्यनाचारान्नरस्य च ।
आचाराच्च परं लोकमाचरं श्रृणुतत्वतः ॥

(पद्म पुराणः सृष्टि खण्ड सदाचार २–३–४)

ब्रह्माजीले भन्नुभयो– हे नारद ! आचारको अत्यन्त ठूलो महिमा छ। आचारवाट पुरुष आयुको अधिकता लाभ प्राप्त गर्दछन् । आचारबाट मनुष्यलाई सुख प्राप्त हुन्छ । आचारले नै मानिस स्वर्ग तथा मोक्षलई समेत प्राप्त गर्दछन् । आचारले खराब लक्षणहरूलाई नाश गरिदिन्छ । जुन पुरुष आचारदेखि हीन हुन्छ त्यो लोकमा निन्दित हुन जान्छ । आचार शून्य पुरुषलाई सर्वदा दुःख नै दुःख भोग्नु पर्छ र रोगी तथा छोटो आयुवाला हुन जान्छ। जो आचारदेखि रहित हुन्छ त्यस मनुष्यले नरकमा नियतरूपले रहनु पर्छ। जो आचारले युक्त हुन्छ त्यो परम श्रेष्ठ लोकलाई प्राप्ति गर्दछ ।

आचारलाई नै सर्वश्रेष्ठ धर्म बताएको छ तापनि आपद कालमा आचार भ्रष्ट हुनगए पनि पाप लाग्दैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

स एव धर्मः सोऽधर्मो देशकाले प्रतिष्ठितः ।
अदानमनृतं हिंसा धर्मो ह्यावस्थिकः स्मृतः ॥

(म. भा. शान्ति. ३६।११)

एकै क्रिया देश र कालको भेदले धर्म वा अधर्म हुन जान्छ। चोरी गर्नु, झूठो बोल्नु एवं हिंसा गर्नु आदि अधर्म पनि अवस्था विशेष धर्म मानिएको छ ।

सामवेदको छान्दोग्योपनिषद्को १।१० मा यस विषयको ज्वलन्त प्रमाण छ । उषस्ति आफ्नो स्त्रीको साथ कुरुदेशमा रहन्थे । कुरुदेशमा खेती सबै नष्ट हुन गएकोले दुर्भिक्ष पर्‍यो। उषस्ति अन्न प्राप्तिको लागि घुमिरहेका थिए, अकस्मात् एउटा माउतेले कुत्सित माष(गहत)खाएको देखेर उनले मागे। तब त्यो माउतेले उनलाई भन्यो– यो उच्छिष्ट (जूठो) कुत्सित माषको सिवाय अरू म संग केही छैन, अतः म कुन प्रकारले तपाईंको याचना पूर्ण गरौं ।

उषस्तिले भने– हे माउते ! हुन्छ, मलाई देऊ । अनि माउतेले उनलाई कुत्सित माष दियो । पिउनको लागि साथमा राखको जललाई लिएर भन्यो– अनुपान पनि लाऊ । उषस्तिले भने-यदि मैले यो जल पिएँ भने मलाई उच्छिष्ट जल पिएको दोष प्राप्त हुनजान्छ । माउतेले भन्यो– के यो कुल्माष उच्छिष्ट होइन ? उनले भने– यसलाई न खाईकन त म जीवित नै रहन सक्ने थिइन, जल त मलाई यथेष्ट मात्रमा सर्वत्र मिल्दछ ।

उषस्तिले आफूले खाएर बचेको कुल्माष करुणावश आफ्नी पत्नीको लागि लिएर आए । परन्तु पत्नी ले त्यो कुल्माष

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त हुनुभन्दा पूर्व केही अन्न प्राप्त गरिसकेकी थिइन् ता पनि स्त्री स्वभाववश पतिले दिएको त्यो कुल्माषलाई अवहेलना नगरी पतिको हातदेखि लिएर राखिन्। उषस्तिले प्रातः काल शय्यावाट उठेर आफ्नो पत्नीलाई सुनाएर भने– यदि केही अन्न खान पाइयो भने हिड्न सामर्थ होइन्थ्यो र काहीं गएर अलिकति धन कमाउने थिएँ। त्यसले हाम्रो जीवन निर्वाह हुनेथियो। राजाले यज्ञ गर्ने भएका छन् उनले सम्पूर्ण ऋत्विक कर्महरूको लागि मलाई वरण गर्ने छन्। पत्नीले भनिन स्वामिन्! तपाईंले दिनुभएको कुल्माष मैले राखकी छु, लिनुहोस्। उषस्तिले त्यो खाएर यज्ञमा गए।

अजीगर्तः सुतं हन्तुमुपासर्पद्बुभुक्षितः।
न चालिप्यत पापेन क्षत्प्रतीकारमाचरन्॥

(मनुस्मृति १०।१०५)

भोका ऋषि अजीगर्तले आफ्नो पुत्रलई मार्न तयार भएका थिए। क्षुधानिवृत्तिको उद्देश्यले गरको हुँदा तै पनि उनलाई पाप लागेन।

भरद्वाजः क्षुधार्तस्तु सपुत्रो विजने वने।
बह्वीर्गाः प्रतिजग्राह वृधोस्तक्षणो महातपाः॥

(मनुस्मृति १०।१०७)

महातपस्वी भरद्धाज ऋषि आफ्नो पुत्र सहित क्षुधाले पीडित भए, तब उनले निर्जन वनमा वृधुनासक (कर्मी) संग धेरै गाई दान लिए।

CC-0. In Public Domain. Digitization by eGangotri

क्षुधार्तश्चात्तुमभ्यागाद्विश्वामित्रः श्वजाघनीम् ।
चण्डालहस्तादादाय धर्माधर्मविचक्षणः ॥

(मनुस्मृति. १०।१०८)

धर्माधर्म विचक्षण विश्वामित्र मुनिले क्षुधातुर भएर चण्डालको हातदेखि कुकुरको मांस खोसेर खान इच्छा गरे, तैपनि पाप लिप्त भएनन् ।

आपद्धर्म केवल आपत्तिकलसम्मको लागि मात्र हुन्छ र त्यो पनि त्यति अंशमा, जति अंशमा आपत्ति हुन्छ । मरणासन्न रोगीलाई वैद्यले अभक्ष चीज खान दियो भने खाए हुन्छ, परन्तु ठीक भएपछि त्यसको सेवन गर्नुहुन्न । हिजो– आज त धरै जस्तो मानिसलाई आपद्धर्मले ग्रस्त गरेर होला उनीहरू भक्षाभक्षको र जातिपातिको कुनै ख्याल नै गर्दैनन् ।

अष्ठादशपुराणेषु व्यासस्य वचनद्वयम् ।
परोपकारः पुण्याय पापाय परपीडनम् ॥

व्यासजीले अठार पुराणहरूमा केवल दुइ कुरा मात्र लेखनु भएको छ । परोपकार गर्नु पुण्य हो र अर्कालाई दुःख दिनु पाप हो ।

श्रूयतां धर्मसर्वस्वं श्रुत्वा चैवावधार्यताम् ।
आत्मनः प्रतिकूलानि परेषां न समाचरेत ॥

(पद्म पुराण ३२)

व्यासजी भन्नुहुन्छ– धर्मको सर्वस्व सुन र यसलाई सुनेर चित्तमा धारण गर कि जुन कुरा व्यवहारामा अरूदेखि तिमी चहादैनौ, त्यस्तो प्रतिकूल व्यवहार तिमी अरू कसै संग पनि नगर ।

CC-0. In Public Domain. Digitization by eGangotri

गीताको विशेष महत्व

कुरुक्षेत्रमा कौरव-पाण्डवको युद्ध हुने समय जो आजभन्दा ५१२० वर्ष पूर्व श्रीकृष्णजीको मुखारविन्दवाट गीताको जन्म भयो। महादेवको ज्योतिर्लिङ्गले ब्रह्माण्ड ढाके झैं दिनप्रति-दिन गीताको पनि अवयव बढ्दै गयो र ब्रह्माण्डको कुना काप्चा-सम्म व्याप्त भयो। आज विश्वमा कुनै पनि यस्तो भाषा छैन जुन भाषामा गीताको अनुवाद नभएको होस्।

(गीताज्ञानं समाश्रित्य त्रीन्ल्लोकान्पालयाम्यहम्) म गीता ज्ञानको आश्रय लिएर तीनै लोकलाई पालन गर्दछु। (विना पिङ्गल छन्दही रचे, विना गीत के ज्ञान) ङ्गिलशास्त्र नपढी कन छन्द रचना गर्ने र गीता नपढी ज्ञान चाहने दुवै मूर्ख हुन्। उपनिषदहरूमा जम्मा ११८० एघार सय अशी मन्त्र छन्; त्यसवाट पनि सार५७५पाँच सय पचहत्तर मन्त्र भगवान्ले निकाल्नु भो। अर्को शब्दमा भन्ने हो भने भगवान्ले घडामा सागर भर्नु भएको मान्नु अति सार्थक हुनेछ। पाँच सय पचहत्तर श्लोक मध्ये एकै नै श्लोकलाई धारण गरी त्यसको अर्थलाई सार्थक गरे जीवन सहजै मुक्त हुन्छ भन्नुमा कुनै आपत्ति छैन।

CC-0. In Public Domain. Digitization by eGangotri.

गीता माता भन्नु र सुन्नु भन्दा ज्यादा बन्नुमा जोड दिनु हुन्छ । कुनै एकजना विद्वान् ब्राह्मण तत्त्वज्ञान सम्पन्न राजा कहाँ गएका थिए । राजाले पण्डितजीलाई गीताको कुनै एक श्लोक भावसहित सुनाउने आज्ञा दिए । पण्डितजीले भने–

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्त स मे प्रियः ॥

(गीता १२।१६)

जो पुरुष आकांक्षाले रहित, बाहिर-भित्र शुद्ध, चतुर पक्षपातदेखि रहित र दुःखदेखि पनि छुटेको होस्, त्यो सब आरम्भहरूको त्यागी मेरो भक्त मेरो प्रिय हो । यति अर्थ र भावार्थ समेत बताए ।

राजाले पण्डितजीले व्याख्यान गरेका अर्थ सहित भावार्थ-लाई सुनेर भने– पण्डितजी ! तपाईंले गर्नु भएको व्याख्यान सर्वथा युक्ति युक्त र शास्त्रसंगत छ। तथापि मेरो यस्तो अनुमान छ कि श्लोकको राम्रो अर्थ गरे तापनि तपाईं रहस्यको अनभिज्ञ नै हुनुहुन्छ। राजाले आफूलाई यस्तो भनेकोले पण्डितजी राजाले दिएको कुनै पनि द्रव्य न लिई घरमा आए ।

पतिव्रता विदुषी पत्नीले आफ्नो पतिलाई राजा कहाँ के-के भयो भनेर सोधिन्– पण्डितजीले सबै कुराको आद्योपान्त सुनाए । ब्राह्मणीले भनिन्– राजाले जे भने त्यो कुरा यथार्थमा सत्य नै थियो, तपाईंले रिसाउनु ठीक थिएन । टेपरिकडले अरूले भनेको कुरा टिपिराखको हुन्छ र त्यही नै भन्दछ– तर उसलाई रहस्यको भने केही बोध भएको हुँदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितजी– उसो भए म पनि के टेपरिकड समान भएँ ?

पत्नी – जो पुरुष अर्कालाई भने उपदेश दिन्छ, तर स्वयं त्यसमा त्यो कुरा चरितार्थ छैन भने टेपरिकडमा र त्यसमा के अन्तर भयो ? तपाईंले राजालाई सुनाएको सबै कुराहरू के तपाईंमा चरितार्थ छन् ? अनेपक्षको के भाव हो ?

पण्डितजी – जसलाई कुनै प्रकारको इच्छा, स्पृहा र कामना न होस्, जो आप्तकाम होस् एवं कुनै कुराको पनि परवाह नहोस् त्यसलाई (अनपेक्ष) भन्दछन् ।

पत्नी – के तपाईं त्यस्तो हुनुहुन्छ ?

पण्डितजी – किन छैन ? म त केवल तिम्रो अनुरोधले पो राजा कहाँ गएको हुँ र राजाले दिएको धन समेतलाई मैले ग्रहण गरिन ।

पत्नी – ठीक छ लौ, मेरो आग्रहले जानु भएको रहेछ । 'शुचि' को के अभिप्राय हो ?

पण्डितजी – जसको अन्तःकरण अत्यन्त पवित्र होस्, जसको वाहिरी व्यवहार पनि उद्वेगरहित, पवित्र र न्याययुक्त होस्; जसको दर्शन, भाषण, स्पर्श र वार्तालापले नै लोक पवित्र होस् त्यो (शुचि) हो ।

पत्नी – के तपाईंको बाहिर-भित्र शुद्ध छ ? के तपाईंको दर्शन, भाषाण, स्पर्श, वार्तालापले मनुष्य पवित्र हुन्छन् ? के तपाईंको अन्तःकरणमा कुनै विकार छैन ? के तपाईंको बाहिरी व्यवहार उद्वेगरहित, न्याययुक्त र पवित्र छ त ? यदि यस्तो हुनुहुन्छ भने राजाको कुरा सुनेर तपाईंमा क्रोध तथा उद्वेग किन आयो ?

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितजी – ठिक हो, यो गुण त ममा छैन ।

पत्नी – (दक्ष) को तपाईंले के भाव वताउनु भो ?

पण्डितजी – जुन महान् कार्य सम्पन्न गर्नको लागि नर देह मिलेको छ, त्यसलाई प्राप्त गर्नु अर्थात् भगवान्लाई प्राप्त गर्नु नै दक्षता हो ।

पत्नी – के तपाईं जुन महान् कार्यको लागि संसारमा आउनु भयो, त्यो पूरा गरिसक्नु भो अर्थात् परमपद प्राप्त गरिसक्नु भो ?

पण्डितजी – तिमीले भनेको सत्य हो ममा यो गुण पनि छैन।

पत्नी (उदासीन) पदको के अभिप्राय हो ?

पण्डितजी– साक्षी वक्ताले राग, द्वेष, लोभ, मोह एवं भय आदिको वशमा न परी पक्षपात रहित यथार्थ भन्नु उदासीन हो।

पत्नी – के तपाईं पक्षपातरहित हुनुहुन्छ ? राजाले तपाईंलाई श्लोकको रहस्य थाहा छैन भनी ठीक भनेकोमा तपाईंले राजाको सम्मुख आफ्नो पक्षको समर्थन किन गर्नु भो ?

पण्डितजी – सत्य हो, त्यो गुण पनि ममा छैन । म आफ्नो क्षलाई दुर्वल जानेर पनि आफ्नो दुराग्रहलाई छोडदिन ।

पत्नी 'गतव्यथः' को के अर्थ लगाउनु भयो ?

पण्डितजी – ठूला आपतहरू आइपर्दा पनि जसको हृदयमा दुखःले स्पर्श समेत गर्न सक्तैन र सदा खुशी रहन्छ, त्यही गतव्यभः हो ।

पत्नी– के तपाईं को चित्तमा कुनै व्यथा छैन ? यदि छैन भने राजाले भनेकोमा र मैले राजाको वचनलाई समर्थन गर्दा तपाईंलाई त्यत्तिको उद्वेग र व्यथा किन हुनुपर्दथ्यो ?

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डितजी – तिम्रो भनाई सत्य हो, यो भाव ममा छैन। मनको विपरीत भयो कि केवल व्यथा मात्र होइन कि उद्वेग, भय, शोक आदि पनि हुन्छ।

पत्नी – 'सर्वारम्भपरित्यागी' को के अर्थ लगाउनु भो ?

पण्डितजी – जो बाहिरको र भित्रको समस्त कर्महरूलाई त्यागी प्रारब्धमाथि नै निर्भर रहन्छ, आफ्नो स्वार्थको लागि केही पनि गर्दैन, आपसे-आप प्राप्त भएको वस्तुमा सन्तुष्ट रहन्छ। क्रियाहरू गरेर पनि जसलाई कर्तापनको अभिमान छैन, त्यही पुरुष नै सर्वारम्भ परित्यागी हो।

पत्नी – धरै राम्रो व्याख्या गर्नु भो, परन्तु के तपाईंले बाहिरी भित्री सबै कर्म त्याग्नु भो, तपाईको अन्तःकरणमा सांसारिक सङ्कल्प उठ्दैन ? के तपाईंले आफूलाई कर्ता भोक्ता मान्नु भएको छैन ?

पण्डितजी – सत्य हो, यस्तो कुराको मैले कहिले पनि विचार गरको थिइन। मैले आफ्मो संपूर्ण भूल र कमीलाई सम्झें। साच्चिनै म श्लोकको अर्थमा मात्र दौडिरहको थिएँ र रहस्यमा भने अनभिज्ञ नै थिएँ।

राजा र ब्रह्मणपत्नी दुवै जीवन्मुक्त महात्मा नै थिए। उनैको सङ्गको प्रभावले गर्दा पण्डितजी पनि जीवन्मुक्त महात्मा बने।

(गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तारैः)

जसले गीताको अध्ययन गरेको छ त्यसको लागि के अन्य शास्त्र अध्ययन गर्न अवशिष्ट रहन्छ र ? (गीतागङ्गोदकं पीत्वा

CC-0. In Public Domain. Digitization by eGangotri

पुनर्जन्म न विद्यते) जसले गीतारूपी गंगाजल पान गरेको छ त्यसको पुनर्जन्म हुँदैन। यसै कुरालाई लिएर शङ्कराचार्य भन्नु हुन्छ–

भगवद्गीता किञ्चिदधीता,
गङ्गाजललवकणिका पीता ।
येनाकारि मुरारेरर्चा,
तस्य यमः किं कुरुते चर्चाः ॥

(चर्पट पञ्जरिका १३)

जसले भगवद्गीताको अलिकति मात्र पाठ गरेको छ र जसले मुरारि-प्रभुको पूजा गरेको छ, त्यसलाई यमराजले के चर्चा गर्न सक्दछन् ।

पाश्चात्य देशहरूमा पनि गीताको प्रचार र प्रसार प्रशस्त मात्रमा भएको देखिन्छ । स्वामी श्री विवकानन्द एवं स्वामी श्रीरामतीर्थ महात्माहरूले गीता ज्ञानको सन्देश लिएर यूरोप र अमेरिका गई गीताको शिक्षा दिई त्यहाँका धेरै जसो जनतालाई शिष्य बनाउनु भएको थियो। यूरोपियन महिला डा. एनीवेसेन्टले अंग्रेजीमा गीताको अनुवाद समेत गरेकिथिइन् ।

एक दिन अमेरिकन कवि श्रेष्ठ इमर्सन (**Emerson**) संत थारो (**Thoreau**) को दर्शन गर्न भनी वाल्डेनमा गएका थिए । इमर्सन के देख्तछन्– संत थारो एउटा रुखतल खाटमा वसिरहेका छन्, खाट मनी भने एउटा ठूलो विषालु सर्प वसिराखको छ । यस्तो भयप्रद दृश्यलाई देखी आश्चर्यमा

CC-0. In Public Domain. Digitization by eGangotri

परी कविले संत संग भने-- महाराज ! के तपाईंलाई सर्पदेखि डर लाग्दैन ? यो कुरा सुनेपछि संत थारोले तकिया मनीबाट गीताजीको पुस्तक झिकेर भने-**Where is fear when mother gita is there portect** मातेश्वरी गीताजीको काखमा रहेको उनको अबोध बालकलाई भयको सम्भावना कहाँ संत थारोजी-लाई गीताप्रति ज्यादै नै श्रद्धा, भक्ति, प्रेम र विश्वास थियो ।

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥

(गीता १६।१)

संतजीलाई गीताको यस श्लोकले नै ज्ञानको सिद्धान्त मुक्तिको धाम अभयपदमा स्थिर गराएको हो । विश्व कवि रवीन्द्र नाथ अमेरिका जानु भएको थियो । उहाँ अमेरिकामा गएर संत थारोको घरमा बस्नु भयो । थारोले पाञ्च भौतिक शरीरलाई छोडिसकेका थिए । कविजीले संतजीको सर्वप्रिय वस्तु हेर्ने इच्छा प्रकट गर्दा घरपतिले एउटा पुस्तक ल्याएर अगाडि राखिदिइन् त्यो थियो गीता ।

देहधारीको लागि जत्तिको प्राण प्यारो हुन्छ, त्यस्तै प्यारो महात्मा गान्धीको लागि गीता थियो ॥ श्रीकृष्णले वंशीलाई सदा धारण गरें झैं गांधीजी पनि गीतालाई अरूसमयको केकुरा मलसूत्र त्यागको समयमा समेत धारण गर्नु हुन्थ्यो । जस्तो सुकै महान् समस्याहरू आइपर्दा पनि गीताजीबाट ती समस्याहरूको समाधान उहाँलाई प्राप्त हुन्थ्यो । गीता न भएको भए म पहिले नै पागल भइसक्ने थिएँ भनेर भन्नु भएको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

गीताजीको अगाडि विश्वका सबै बुद्धिजीविहरूले कुनै न कुनै दिन आफ्ना शिर अवश्य झुकाउने छन् भनेर पाश्चात्य विद्वान्ले मुक्त कण्ठले भनिसकेका छन् । सेंटपाल र ईशामसीह सर्मेनले गीतालाई सर्वदा सिरानमा राख्ने गरेका थिए । महा दार्शनिक सुकरातले सिकन्दरलाई मलाई भारतवाट एउटा ज्ञानी गुरु, गंगाजल, वासुरी र गीताको पुस्तक पठाइदिनु भनेका थिए । यूनानका प्रसिद्ध दार्शनिक अरस्तूको गुरु तालमीन भन्ने हिन्दू थिए । हिन्दू गुरुवाट नै अरस्तूले गीता पढेका हुन् । शालवेंग भन्ने एक ठूला विदेशी विद्वान् थिए, गीता पढ्दा उनलाई बारम्बार समाधि लाग्दथियो । पाश्चात्य विद्वान्हरूको यति मात्र उल्लेख गर्नु नै पर्याप्त छ ।

गीताको मुख्य विषय यही नै हो कि सुन्नु बुझ्नु र पालन समेत गर्नु । अर्जुनले गीता सुने बुझ र कार्यमा परिणत पनि गरे । (करिष्ये वचन तव) भगवान्को वचनलाई पालन गरे । कसैले दूधको नाम मात्र सुनेका छन्, कसैले दूधलाई देखेका पनि छन्, कसैले भने दूध पिएका समेत छन् । जसले केवल दूधको नाम मात्र सुने का छन् ती अज्ञानी हुन् , जसले देखेका छन् ती ज्ञानी हुन्, जसले पिएका पनि छन् ती विज्ञानी हुन् । दूध पिउने पुरुषलाई नै दूधवाट हुने तुष्टि, पुष्टि, तृप्ति र आनन्द प्राप्ति भएको हुन्छ ।

अज्ञेभ्य ग्रन्थिनः श्रेष्ठाः ग्रन्थिभ्यो धारिणो वराः ।
धारिभ्यो ज्ञानिनः श्रेष्ठा ज्ञानिभ्यो व्यवसायिनः ॥

(मनुस्मृति)

नपढ्ने भन्दा पढ्ने श्रेंष्ठ, पढ्नेभन्दा पढेंको कुरा संझिने

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेष्ठ, सम्झि राख्ने भन्दा कुराको अभिप्रायलाई सम्झिने ज्ञानी श्रेष्ठ, ज्ञानीभन्दा पनि त्यो श्रेष्ठ हो जसले आफूले जानेको कुरा अनुसार आचरण गर्दछ। यस्तो ज्ञाननिष्ठाले युक्त हुनु जो हो भवसागरदेंखि पारी पुराउने नौकामा चढ्नु हो। (कैवर्तकः केशवः) भव नदी पार पुराउने कर्णधार (माझी) स्वयं भगवान् श्रीकृष्ण नै हुनुहुन्छ, बस अब के चाहियो।

CC-0. In Public Domain. Digitization by eGangotri

आत्म-तीर्थ

वेद र उपनिषद्हरूले विशेष गरेर आत्मतीर्थको वर्णन गरको देखिन्छ । वाह्य लौकिक तीर्थहरूलाई उस्तो महत्व र मान्यता दिएको देखिदैन ।

आत्मतीर्थं समुत्सृज्य वहिस्तीर्थानि यो ब्रजेत् ।
करस्थं स महारत्नं त्यक्त्वा काचं विमार्गते ॥

(जावालदर्शनोपनिषद् ४।५०)

यो आत्म-तीर्थ सबैभन्दा ठूलो छ, जुन मनुष्य यस तीर्थलाई परित्याग गरेर वाह्य तीर्थहरूमा नै घुम्दछ त्यो मानो आफ्नो हातमा रहेको वहुमूल्य रत्नलाई त्याग गरी काँचलाई खोजेर हिंड्दछ ।

अज्ञानमलपङ्कं यः क्षालयेज्ज्ञानतोयतः ।

(जावालदर्शनोपनिषद् ५।१४)

जुन मनुष्य अज्ञानरूप मललाई ज्ञानरूपी जलले धुन्छ, त्यही मनुष्य परम शुद्ध हो । जो ज्ञानलाई उपेक्षा गरेर लौकिक कर्महरूमा आसक्त रहन्छ त्यो पुरुष शुद्ध छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तमा तत्वचिन्तैव मध्यमं शास्त्रचिन्तनम् ।
अधमा तन्त्रचिन्ता च तीर्थं भ्रान्त्यधमाधमा ॥
(मैत्रेय्युपनिषद् २।२१)

तत्वको विचार उत्तम हो, शास्त्रको विचिर मध्यम हो, मन्त्रहरूको साधना अधम हो र तीर्थहरूमा घुम्नु अधम भन्दा पनि अधम हो ।

पाषाणलोहमणिमृन्मयविग्रहेषु पूजा
पुनर्जन्म भोगकरी मुमुक्षोः ।
तस्माद्यतिः स्वहृदयार्चनमेव कुर्याद्बाह्यार्चनं परिहरेदपुन र्भवाय ॥
(मैत्रेय्युपनिषद् २।२६)

ढुङ्गा, सुन, अथवा माटोद्वारा वनाएको मूर्तिहरूको पूजा, मोक्षको इच्छा गर्नेको लागि अर्को जन्म र भोग प्राप्त गराउने हुन जान्छ, यसकारण पुनर्जन्म नहोस् भन्ने उद्देश्य लिनेले वाहिरी पूजा त्याग गरेर हृदयमा नै (आत्माको) पूजा गर्नु पर्दछ ।

आत्मपूजा समोनास्ति पूजा रघुकुलोद्भव ।
मत्सायुज्यमवाप्नोति चण्डालोऽप्यात्मपूजया ॥
(शिवगीता १६।३८)

भगवान् शिव भन्नुहुन्छ– हे राम ! आत्म-पूजा जस्तो अर्को कुनै पूजा छैन, चण्डालपनि आत्मा-पूजाले शिवैमा मिल्दछ

देहो देवालयः प्रोक्तो, देही देवो निरञ्जनः ।
अर्चितः सर्वभावेन, स्वानुभूत्या विराजते ॥
(श्रीशङ्करसूक्तिसुधा सदाचारानुसधानम् ११)

CC-0. In Public Domain. Digitization by eGangotri

यो देहलाई नै देवालय भनिएको छ, यसमा देह द्रष्टा निरञ्जन आत्मा नै देव हुनुहुन्छ, उहाँ सर्वभावहरूले पूजित भएर स्वानुभवद्वारा सदा विराजमान हुनुहुन्छ।

ज्ञान मोक्षैक कारणम्।

(कौलोपनिषद्)

ज्ञान मोक्षको एक कारण हो।

नान्यः पंथाविद्यते अयनाय।

(श्वेताश्वतरोपनिषद् ३।८)

मोक्ष प्राप्तको लागि आत्मज्ञान विना दोस्रो कुनै मार्ग नै छैन।

भगवान् श्रीकृष्णचन्द्र आफ्नो अत्यन्त प्यारो शखा अर्जुनलाई भन्नुहुन्छ–

सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते।

(गीता ४।३३)

हे पार्थ! सम्पूर्ण कर्महरूको टुङ्गो अन्त्यमा ज्ञानमा गएर लाग्छ।

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः।
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि॥

(गीता ४।३६)

तिमी पापीहरू मध्यका उग्रपापी भए तापनि ज्ञानरूप नाउँद्वारा सम्पूर्ण पापदेखि अवश्य तर्नेछौ।

CC-0. In Public Domain. Digitization by eGangotri

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।

(गीता ४।३८)

यस संसारमा ज्ञान जस्तो पवित्रकुरा अरू केही छैन यो निश्चय छ ।

तीर्थे दाने जपे यज्ञे काष्ठे पाषाणके सदा ।
शिवं पश्यति मूढात्माशिवे देहे प्रतिष्ठिते ॥

(जाबालदर्शनोपनिषद् ४।५७)

तीर्थमा, दानमा, जपमा, यज्ञमा तथा काष्ठ अथवा पाषाणको प्रतिमा पूजनमा त अज्ञानी मन्द बुद्धिपुरुष नै शिव (परमतत्त्व) लाई खोज्दछन् । वास्तवमा त शिव आफ्नै शरीररूपी मन्दिरमा साक्षात् विराजमान हुनुहुन्छ ।

कुरुते गङ्गासागरगमनं व्रतपरिपालनमथवा दानम् ।
ज्ञानविहीने सर्वमतेन मुक्तिर्न भवति जन्मशतेन ॥

गंगासागरमा गमन गर्नाले, व्रतलाई परिपालन गर्नाले अथवा दान दिनाले पनि ज्ञान विना सय जन्ममा पनि मुक्ति हुँदैन भन्ने यो सर्वसम्मत सिद्धान्त छ ।

वदन्तु शास्त्राणि यजन्तु देवान्
कुर्वन्तु कर्माणि भजन्तु देवताः ।
आत्मैक्यबोधेन विना विमुक्ति-
र्न सिध्यति ब्रह्मशतान्तरेऽपि ॥

(विवेक-चूडामणि ६)

श्रीशङ्कराचार्य भन्नुहुन्छ– कोही शास्त्रहरूको व्याख्यान

CC-0. In Public Domain. Digitization by eGangotri

गरून्, देवताहरूको यजन गरून्, नाना शुभ कर्महरू गरून् अथवा देवताहरूलाई भजून्, तथापि जवसम्म ब्रह्म र आत्माको एकताको बोध हुँदैन तबसम्म सय ब्रह्माहरू वितेर गए पनि मुक्ति हुन सक्तैन ।

अग्निर्देवो द्विजातीनां मुनीनां हृदि दैवतम् ।
प्रतिमा स्वल्पबुद्धीनां सर्वत्र समदर्शिन : ।।
(चाणक्यनीतिदर्पण ३।१९)

ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन जातिका देवता अग्नि हुन्, मुनिहरूको देवता हृदय हो, अल्पबुद्धि भएका मानिसका देवता मूर्ति हो र समदर्शिहरूका लागि सर्वत्र देवता छन् ।

न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये ।
भावे हि विद्यते देवस्तस्माद्भावो हि कारणम् ।।
(चाणक्यनीतिदर्पण ८।१२)

देवता न काठमा छन् न पत्थरमा छन् न माटाका मूर्तिमा छन् देवता केवल निश्चय र भावनामा छन्, तसर्थ यसको मुख्य भावना नै हो ।

आत्मा नदी संयमपुण्यतीर्था सत्योदका शीलतटायोर्भिः
तत्राभिषेकं कुरु पाण्डपुत्र न वारिणा शुद्धयति चान्तरात्मा ।।
(हितोपदेश—सन्धि ८७)

हे पाण्डुपुत्र ! यो आत्मा नै एक नदी हो, संयम नै पुण्य तीर्थ हो, सत्यस्वरूप परमात्माबाट यसको उद्‌गम भएको छ। दया नै यसको किनारा हो । यसै आत्मरूपी नदीमा स्नान गर पानीमा स्नान गर्नाले अन्तरात्मा शुद्ध हुँदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्तै आश्चर्य लाग्दो कुरा यो छ कि आफू सच्चिदानन्द ब्रह्मस्वरूप भएर पनि आफूलाई न जानी ईश्वरको खोजीमा तीर्थाटन गर्दछन् । जुन ईश्वरको खोजीमा मानिसहरू अनेक कष्ट भोगदछन्, यो हो ठूलो भूल । म जलाई खोजिरहेछु त्यो खोज्ने नै म ईश्वर हुँ भनेर किन थाहा न पाएका होलान् । आफूमा रहेको कस्तुरीलाई मृगले बाहिर खोजेर हिंडेको जस्तो ईश्वर-लाई बाहिर खोज्नु हो ।

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।

(गीता १८।६१)

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– हे अर्जुन ! ईश्वर सबै भूतहरूको हृदयमा बसेक छन् ।

एतज्ज्ञेयं नित्यमेवात्मसंस्थं नातः परं वेदितव्यं हि किञ्चित् ।

(श्वेताश्वतरोपनिषद् १।१।१२)

हृदयस्थित ब्रह्मलाई नै जान्नु पर्दछ । यसभन्दा ठूलो अर्को कुनै ज्ञातव्य पदार्थ छैन ।

अङ्गुष्ठमात्रः पुरुषोऽन्तरात्मा सदा
जनानां हृदये संनिविष्ट : ।

(श्वेताश्वतरोपनिषद् ३।३।१३)

यो अङ्गुष्ठमात्र, पुरुष, अन्तरात्मा, सदैव जीवको हृदयमा स्थित छ ।

सर्वस्य चाहं हृदि संनिविष्टो ।

(गीता १५।१५)

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– म सबैको हृदयमा प्रतिष्ठित छु ।

तं दुर्दर्शं गूढमनुप्रविष्टं गुहाहितं गह्वरेष्ठं पुराणम् ।
अध्यात्मयोगाधिगमेन देवं मत्वा धीरो हर्षशोकौ जहाति ॥
(कठ १।२।१२)

जुन ब्रह्म सनातन दुर्लभ–दर्शन, गूढ, सर्वव्यापी, हृदयरूप गुफामा स्थित भएर रहेको छ; उसलाई बुद्धिमान् पुरुष आध्यात्मिक योगद्वारा थाहा पाई हर्ष शोकदेखि मुक्त हुन जान्छन् ।

दृष्टन्त– दुइजना दाजु-भाइ थिए, भाइ चाहिने ठूलो विद्वान् थिए । दाजु चाहिने सांसारिक विषयभोगमा आसक्त थिए । केही दिन पश्चात् उनले कपट, अन्याय, जुवा इत्यादि कुकर्मबाट धरै धन जम्मा गरे । लोकलाई धर्मात्मा रहेछ भनी देखाउन उनले तीर्थ यात्रा गर्ने निश्चय गरे । अनि उनले आफ्नो भाइ कहाँ गएर भने– भाइ ! म तीर्थ गर्न जान्छु मेरो साथ तिमी पनि हिंड । भाइले भने– दाइ ! मैले आत्मा–तीर्थमा नै स्नान गरिसकेको छु, त्यसअर्थ मरो सम्पूर्ण तीर्थ व्रत पूर्ण तथा समाप्त भैसकेको छ म जान्न तपाईं नै जानुहोस् । दाइले भने– तिमीले मसंग जानै पर्छ यदि तिमी संग खर्च नभए म दिन्छु । यसरी दाइले ठूलो आग्रह गर्दा पनि भाइले स्वीकार नगरी भने– म त तीर्थ जान्न यदि तपाईंलाई म माथि त्यस्तो इच्छा र स्नेह छ भने म एउटा तुम्वी दिन्छु जुन–जुन तीर्थमा तपाईं स्नान गर्नु हुन्छ, यो मरो भाइको सट्टा भनेर तुम्वीलाई स्नान गराई आउँदा त्यसैमा हाली मलाई जल ल्याई दिनुहोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

दाइले भाइको कुरालाई मञ्जूर गरी तुम्वी लिई तीर्थ प्रस्थान गरे ग्रफू जुन–जुन तीर्थमा स्नान गर्दथे त्यस–त्यस तीर्थमा यो मेरो भाइको सट्टा भनेर तुम्वीलाई स्नान गराउँदथे । एवं प्रकारवाट उनले सम्पूर्ण तीर्थ भ्रमण समाप्त गरे । घर फर्कदा भाइको निमित्त त्यसै तुम्वीमा जल राखी ल्याइदिएका दिए । तुम्वीमा जल लिएर भाइ कहाँ गएर भने– लाऊ जल पान गर । भाइले भने– दाइ ! तपाइँ पहिले पान गर्नु-होस् ग्रनि म गरौंला । दाइले भने– मैले त तीर्थमा नै पान गरिसकें, यो जल तिम्रो निमित्त ल्याई दिएको हुँ, पान गर । भाइले भने– दाइ ! पहिले तपाइँले पान नगरीकन म पान गर्दिन । दाइले जलपान गरे । भाइले सोध, स्वाद कस्तो छ ? दाइले उत्तर दिए, तीतो छ ।

भाइले भने– सम्पूर्ण तीर्थहरूमा स्नान गराएर पनि यो तुम्वीको तीतो पना गएन, त्यस्तै तपाइँको पनि पहिलेको जुन गुण ग्राचार, विचार, शील दूषित थियो त्यो परिवर्तन भयो कि भएन ? भाइको कुरा सुनी कुनै उत्तर नदिई मौन भए ।

स्नातं तेन समस्ततीर्थसलिले दत्ता च सर्वावनि
र्यज्ञानां च कृतं सहस्त्रमखिला देवाश्च संपूजिता : ।
संसाराच्च समुद्धृताः स्वपितरस्त्रैलोक्यपूज्योप्यसौ
यस्य ब्रह्मविचारणे क्षणमपि स्थैर्यमन : प्राप्नुयात् ।।
(सिद्धान्तमुक्तावलि)

ब्रह्मविचारमा जुन पुरुषको मन एक क्षण मात्र स्थिर भए पनि त्यस पुरुषलाई गङ्गादि सर्व तीर्थहरूमा स्नान गरको फल प्राप्त हुन्छ । त्यस पुरुषलाई समस्त पृथ्वी दान गरको

CC-0. In Public Domain. Digitization by eGangotri

फल तथा हजारौं यज्ञ, सर्व देवताको पूजा, सर्व पितृहरूलाई तृप्त गरको पुण्य प्राप्त हुन्छ। यस्तो पुरुषको पुण्यले उसका सारा पितृदेव सद्गतिमा प्राप्त हुन्छन् र त्यो पुरुष पनि स्वयं त्रिलोकमा अति पूज्य हुन्छ।

कर्मयज्ञारताः स्थूलाः स्थूललिंगार्चनेरता :।
असतां भावनार्थाय नान्यथा स्थूलविग्रहः ॥
(लिङ्ग पुराण अ। ३०)

जुन मानिस कर्मयज्ञमा रत हुन्छ, त्यो स्थूल हो र स्थूल नै लिंगको अर्चनमा रत भएर रहन्छ। जो अज्ञानी असत् पुरुष छ त्यसको भावनाको अर्थको लागि नै स्थूल विग्रह पार्थिव लिंगको स्वरूप हुन्छ वस्तुतः विचारबाट हुँदैन।

चरन्ति तीर्थान्यपि संग्रहीतुं लोकं महान्तो ननु शुद्धभावाः।
शुद्धात्मविद्याक्षपितोरुपापास्तज्जुष्टमम्मो निगदन्ति तीर्थम् ॥
(श्रीशङ्करदिग्विजय सर्ग १४।८६)

श्री शङ्कराचार्य भन्नुहुन्छ– शुद्ध हृदय भएका महापुरुष लोक-संग्रहको दृष्टिले तीर्थहरूमा विचरण गर्दछन्। तिनीहरूले शुद्ध आत्म विद्यालाई प्राप्त गरी विशाल पापहरूलाई टाढा भगाई दिएका छन्। ती पुण्यशील हुन्, आदर्श चरित्रवान् हुन्, ती जहाँ रहन्छन् त्यहींको जल तीर्थ हो परन्तु यस्तो हो तापनि लोक-शिक्षणको लागि ती तीर्थ यात्रा गर्दछन्।

आराधनं ते वहिरेव केचिदन्तर्वहिश्चैकतमेऽन्तरेव।
अन्ये परे त्वम्व कदा पि कुर्युर्नैव त्वदैक्यानुभवै कनिष्ठा :॥
(श्रीशङ्करदिग्विजय सर्ग १२।३०)

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्कर स्तुति गर्नु हुन्छ– हे देवी ! प्राकृत जन तिम्रो पूजन केवल बाहिर गर्दछन् । मध्यम कोटिका साधक मानसिक तथा बाह्य दुबै प्रकारका पूजन गर्दछन् । उत्तम साधक मानसिक पूजा मात्र गर्दछन्; परन्तु हे अम्बे ! तिम्रो साथ एकताको अनुभव गर्ने अति उत्तम साधक यस्ता पनि छन् जो तिम्रो पूजा कहिले पनि गर्दैनन् ।

एकजना ब्राह्मण भगवान्को मूर्तिलाई ठूलो प्रेमले पूजा गर्दथे । एक दिन उनी गङ्गामा स्नान गरी फर्किरहेका थिए । मार्गमा एकजना वृद्ध महात्मा जोरोले पीडित भएर सुतिरहेका थिए । स्वामीजीले भने– भक्तजी ! मलाई अलिकति जल पिलाऊ ईश्वरले तिम्रो कल्याण गर्ने छन् । आज रातभर सुतेको पनि छैन हिंड्ने सामर्थ्य पनि छैन । ब्राह्मणले भने–यो जल मैले ठांकुरजीको लागि ल्याएको हुँ । तिमीलाई पिलाउनाले अशुद्ध हुन जान्छ । तिमी जस्ता हजारौं सन्यासी मार्गमा भेटिन्छन्, के म ती सबैलाई जल पिलाउँदै जाउँ ? यति भनी उनी हिंडे । ठाकुरजीको मन्दिरमा गई मूर्तिको पूजा गरे । त्यस रात उनले स्वप्न देखे । ठाकुरजी यो भनिरहनु भएको थियो कि मलाई जोरो आयो । ती भक्तले भनें– तपाइँलाई पनि के जोरो आउँछ ? ठाकुरजीले भन्नु भयो– मार्गमा जुन साधु जोरोले पीडित भएर सुतिरहेका थिए, त्यो मेरै नै स्वरूप थियो । तिमीले उसलाई जल नपिलाएर मेरो मूर्तिमा जल चढायौ, त्यस्तो जल म कहिले पनि ग्रहण गर्दिन । अतएव अब तिमी मेरो चैतन्य मूर्ति साधु, महात्मा, ज्ञानी र दुःखीहरूका सेवा गर त्यसबाट म अति प्रसन्न हुनेछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

ठाकुरजीको यस्तो उपदेश सुनेपछि ती ब्राह्मण जागा भए। तदनन्तर तुरुन्त गई ती साधुको सेवा गर्न लागे। उनले रोगमुक्त नहुन्ज्यालसम्म ती साधुको खूब सेवा गरे। शेष जीवन पनि चैतन्य मूर्तिको सेवा गरेर व्यतित गरे।

शिवस्य परिपूर्णस्य किं नाम क्रियते शुभम् ।
यत्कृतं शिवभक्ताय तत्कृतं स्याच्छिवे मयि ॥
(शिवगीता १७।३८)

परिपूर्ण भगवान् शिवरूप मलाई के कल्याण गर्नु पर्दछ, किन्तु शिव भक्तलाई जो केही गऱ्यो त्यो शिवरूप मैलाई गरको हो।

एकदिन सम्पूर्ण ऋषि–मुनि भगवान् श्रीकृष्ण र बलराम-जीको दर्शन गर्न भेला भएका थिए। व्यास, नारद, च्यवन, देवल, विश्वामित्र, भरद्वाज, गौतम, परशुराम, वसिष्ठ, गालव, भृगु. पुलस्त, कश्यप, अत्रि, मार्कण्डय, वृहस्पति, सनक, सनन्दन, सनातन, सनत्कुमार, अङ्गिरा, अगस्त्य, याज्ञवल्क्य, वामदेव इत्यादि। स्वयं भगवान् श्रीकृष्णजीले ती सबै ऋषिमुनिहरूको विधिपूर्वक पूजा गर्नु भयो र भन्नु भयो–धन्य हो ! हामीहरूको जीवन सफल भयो, आज मनुष्य जन्म लिएको हामीहरूलाई पूरा-पूरा फल प्राप्त भयो; किनभने जुन योगेश्वरहरूका दर्शन प्राप्त हुनु ठूला–ठूला देवताहरूका लागि पनि अत्यन्त दुर्लभ थियो, त्यो दर्शन हामीहरूलाई प्राप्त भएको छ।

नह्यम्मयानि तीर्थानि न देवा मृच्छिलामयाः ।
ते पुनन्त्युरुकालेन दर्शनादेव साधव : ॥
(भागवत १०।८४।११)

CC-0. In Public Domain. Digitization by eGangotri

केवल जलमय तीर्थ नै तीर्थ होइन र केवल माटो तथा पत्थरको प्रतिमा नै देवता हुँदैन, सन्त पुरुष नै वास्तवमा तीर्थ र देवता हुन् । तीर्थ त धेरै काल सम्म सेवन गर्नाले पवित्र गर्दछ । परन्तु सन्तपुरुष त दर्शनमात्रले नै कृतार्थ गरिदिन्छन् ।

यस्यात्मबुद्धि : कुणपे त्रिधातुके
स्वधीः कलत्रादिषु भौम इज्यधीः ।
यत्तीर्थबुद्धि : सलिले न कर्हिचि-
ज्जनेष्वभिज्ञेषु स एव गोखर : ॥
(भागवत १०।८४।१३)

जुन पुरुषलाई वात, पित र कफ यी तीन धातुहरूले बनेको शव तुल्य शरीरमा नै आत्म बुद्धि छ, जो स्त्री आदिलाई आफ्नो मान्दछ, जसलाई केवल पार्थिव प्रतिमाहरूमा नै देव बुद्धि छ र केवल जलमा नै तीर्थ बुद्धि छ तथा जो ज्ञानी महात्माहरूमा कहिले पूज्य बुद्धि राख्तैन भने गधाको तुल्य नै हो। यस्तै उपदेश भगवान् कपिलदेवले पनि आफ्नी माता देवहुती लाई दिनु भएको छ ।

अहं सर्वेषु भूतेषु भूतात्मावस्थितः सदा ।
तमवज्ञाय मां मर्त्यः कुरुतेऽर्चाविडम्बनम् ॥
(भागवत ३।२९।२१)

म सम्पूर्ण भूतहरूका अन्तरात्मा हुँ र सर्वदा समस्त जीवमा विराजमान रहन्छु । यस्तो म परमात्माको अवज्ञा गरेर मानिसहरू परमात्मालाई केवल प्रतिमा नै मानेर पूजन गर्दछन्, तिनीहरूका त्यो पूजन स्वाँग मात्र हो।

CC-0. In Public Domain. Digitization by eGangotri

यो मां सर्वेषु भूतेषु सन्तमात्मानमीश्वरम् ।
हित्वार्चां भजते मौढ्याद्भस्मन्येव जुहोति सः ॥
(भागवत ३।२९।२२)

जुन पुरुष सम्पूर्ण भूतहरूमा स्थित र सबैको अन्तरात्मारूप म ईश्वरलाई मूर्खतावश अवहेलन गरी केवल प्रतिमा पूजनमा नै लागिरहन्छन् भने ती मानौं भस्मामा हवन गर्दछन्, अर्थात् तिनको उपासना भस्ममा गरको हवन झैं व्यर्थ हुन जान्छ ।

एकनाथजी रामेश्वर जाँदा धेरै तीर्थहरूको जल लिएर मूर्तिलाई चढाउन भनी गएका थिए । ज्यादा गर्मी भएको हुँदा मार्गमा एउटा गधा पानीको प्यासले मरणासन्न भएर छटपटाई राखेको देखें । एकनाथजीले रामेश्वरलाई चढाउन भनी लिएर आएको त्यो जल सबै गधालाई पिलाए । जल पिएपछि गधा खुशीले नाच्दै र उफ्रदै त्यहाँबाट गयो । केही समयमा नै आकाशवाणी भयो । एकनाथ तिमी फर्क तिमीले साक्षात् भगवान् शिवको दर्शन पाइसक्यौ । तिम्रो परीक्षाको लागि शिवजीले गधाको रूप धारण गर्नु भएको थियो, तिमी परीक्षामा उत्तीर्ण भयौ । तिमीलाई मूर्तिको दर्शन गर्न कुनै आवश्यकता छैन । यस्तो प्रकारको आकाशवाणीलाई सुनेर अत्यन्त खुशी भई एकनाथजी फर्के ।

जुन पुरुष जाग्रत, स्वप्न, सुषुप्ति, प्रिय, मोद, प्रमोद; भूत, भविष्य, वर्तमान; स्थूल, सूक्ष्म, कारण; सत्व, रज, तम; द्रष्टा, दर्शन, दृष्य; ध्याता, ध्यान, ध्येय; प्रमाता, प्रमाण, प्रमेय; ज्ञाता, ज्ञान, ज्ञेयादि त्रिपुटीरूप त्रिवेणीमा स्नान गर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् आफूलाई जाग्रदादि त्रिपुटीरूप त्रिवेणी दृष्यको साक्षी आत्मा हुँ भनी निश्चय गरेको छ भने त्यसले गरेको स्नान जीवनमुक्त स्नान हो ।

सत्ययुगमा मानिसको आयु एक लाख वर्षको थियो । त्यस समय उनीहरू हजारौं वर्षसम्म तपस्या गरी ईश्वरलाई प्राप्त गर्दथे । त्रेतायुगमा मानिसको मनोभावना केही मलीन हुँदै गएकोले मूर्ति पूजनको प्रथा विशेषरूपले चल्न लाग्यो । श्रीरामजीले पनि त्रेतायुगमा रामेश्वर स्थापना गर्नु भयो : क्रमशः देव मूर्तिहरू स्थापना हुँदैगए । वेदव्यासजीले द्वापरयुगमा जो पुराणहरू लेख्नु भयो, तिनमा मूर्ति पूजन को ठूलो महिमा देखाउनु भएको छ ।

तावन्मामर्चयेद्देवं प्रतिमादौ स्वकर्मभि : ।
यावत्सर्वेषु भूतेषु स्थितं चात्मनि न स्मरेत् ॥

(आ. रा. उ. ७।७६)

भगवान् श्रीरामचन्द्रजी भन्नुहुन्छ– म परमात्मदेवलाई आफ्नो कर्महरूद्वारा प्रतिमा आदिमा तवसम्म पूजा गर्नु पर्छ, जवसम्म कि समस्त प्राणीहरूमा र आफूमा म (राम) स्थित भएको वोध हुँदैन । स्वयं भगवान् श्रीरामजीले कालको विचार गरी लोकसंग्रहको लागि तीर्थयात्रा र रामेश्वर स्थापना गर्नु भएको हो । आनन्द रामायण यात्राकाण्डको ६।७१ मा यस्तो भनिएको छ– (गण्डकीसंगमे स्नात्वा नेपाले जगदीश्वरम्) गण्डकीको सङ्गममा स्नान गरेर श्रीरामजी नेपालमा श्रीपशुपतिनाथको दर्शनार्थ जानु भयो । यसकारण ज्ञानी महात्माहरूले

CC-0. In Public Domain. Digitization by eGangotri

लोक संग्रहको लागि र सर्वसाधारणले पाप नाशको लागि मूर्ति पूजा, तीर्थ व्रत गर्नु अति उत्तम छ।

पराञ्चि खानि व्यतृणत् स्वयंभूस्तस्मात्पराङ
पश्यति नान्तरात्मन् । कश्चिद्धीर : प्रत्यगात्मानमैक्ष
–दावृत्तचक्षुरमृतत्वमिच्छन् ॥ (कठ २।१।१)

परमात्माले इन्द्रियहरूलाई वहिर्मुख वनाई दिनु भएको छ। यसकारण प्रायः मनुष्यहरू वहिर्मुख रहेका हुन्छन्। त्यसमा कुनै विरला धीर मनुष्य नै अन्तर्मुख भएर स्वरूपको दर्शन गर्न पाउँदछ।

मनुष्यणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥
(गीता ७।३)

हजारौं मनुष्यमा कोही एक साधक ज्ञानसिद्धिका निम्ति यत्न गर्दछ, त्यस्ता यत्न गर्ने हजारौंमा कोही एउटाले मलाई यथार्थ रूपले जान्दछ। यो भगवान्को वचनलाई सम्झी तीर्थ व्रत गर्नु अति आवश्यक छ। लोकसंग्रहको लागि शंकराचार्यले नारद कुण्डवाट विष्णुको मूर्ति निकाली वदरी नारायणको मन्दिरमा स्थापना गर्नु भो र चारै धाममा मठ र पीठहरूको समेत स्थापना गरी पूजाको व्यंवस्था गर्नु भयो भने सर्वसाधारणको लागि त तीर्थ, व्रत, मूर्ति पूजन अत्यावश्यक देखिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

साकार ब्रम्ह भगवान राम–कृष्ण

भगवान्श्रीराम र कृष्ण साकार ब्रह्म हुनुहुन्छ। जन्म दुइ प्रकारका हुन्छन् ब्रह्ममय र भ्रान्तिज। पूर्व जन्मको अनुभवले वद्धमूल भई शरीरतादात्म्यले प्राणीहरूको जो उत्पत्ति हुन्छ त्यो भ्रान्तिज हो। किनभने त्यो दृश्यको संगले हुन्छ। नित्यमुक्त ब्रह्मलाई कहिले पनि जगत्को भ्रान्ति त हुँदैन, फेरि पनि उहाँ सृष्टिकोआदिमा तथा धर्मको रक्षा र भक्तलाई उद्धारगर्न चतुर्विध रूपले स्वयं आफ्नो संकल्पले उत्पन्न हुनुहुन्छ; त्यो जन्म योनिज होइन ब्रह्ममय हो।

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन्।
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया॥

(गीता ४।६)

यद्यपि म अविनाशी, जन्मरहित तथा सकल प्राणीको ईश्वर भएर पनि आफ्नी प्रकृतिलाई अधीनमा राखेर आफ्नै मायाले जन्म लिन्छु।

विप्र धेनु सुर सन्त हित, लीन्ह मनुज अवतार
निज इच्छा निर्मित तनु, माया गुन गो पार॥

(तु. रा. बा. दो. २०२)

CC-0. In Public Domain. Digitization by eGangotri

मायाको सत्व, रज, तम यी तीन गुण र इन्द्रियदेखि पर रहनु भएको प्रभु रामले आफ्नो इच्छाले शरीर वनाएर ब्राह्मण, गाई, देवता, सज्जनको हितको निमित्त मनुष्य अवतार लिनु भयो।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ॥

(गीता ४।८)

भगवान् श्री कृष्ण भन्नु हुन्छ– सज्जनहरूको रक्षा गर्न र दुष्टहरूको नाश गर्न तथा धर्मको स्थापना गर्न म युग-युगमा उत्पन्न हुन्छु ।

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥

(गीता ४।९)

हे अर्जुन ! जो मेरो दिव्य जन्म-कर्मलाई यथार्थरूपले जान्दछ त्यो शरीर त्यागेपछि फेरि जन्मदैन, मैमा लीन हुन्छ ।

ब्रह्मज्ञानी राजा जनक नाम– रूपात्मक सम्पूर्ण विश्वलाई मित्थ्या मान्दथे । लोभ अथवा भयकोले पनि उनलाई उनको निष्ठादेखि विचलित गर्नमा समर्थ थिएन । सारा दृष्य-जगत् उनको दृष्टिमा मिथ्या थियो । अत्यधिक आत्मलीन रहनुको कारण उनलाई आफ्नो देहको पनि स्मृति रहँदैनथ्यो, यसकारण उनलाई सदेह भएर पनि विदेह भनिन्थ्यो । कुनै पनि इन्द्रियको विषयले उनलाई आकर्षित गर्न समर्थ थिएन । ठूला-ठूला अरण्यवासी तपस्वी पनि प्रणत भावले उनीसंग ज्ञानोपदेश लिन आउँदथे । परन्तु भगवान् श्रीरामको साकार स्वरूपलाई देखेपछि

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो निष्ठादेखि च्युत भए । विश्वामित्रजीको साथ विदेह नगरमा आउनु भएको रामजीलाई देख्नासाथ अविचलित नेत्र भयो र एक टंकारसित त्यो सौन्दर्यमय साकार स्वरूपलाई हेरिरहे। राजाले आफूलाई बचाउन ठूलो चेष्टा गरे, तर नेत्र उनको आदेशलाई सुन्दैनथ्यो । उनको सहज विरागीमन रागी बनेर बेकाबू हुन गयो । उनलाई यस्तो लागि रहको थियो– यो सौन्दर्य मिथ्या होइन, सत्य हो । यता सबै मानिस राजा जनकको यस पराजयलाई देखि हाँसिरहेका थिए । विश्वामित्रजीले एक व्यंगमय हाँसोको साथ सोधे– ज्ञानी राज ! तिम्रो यो अहिलेको कुन अवस्था हो ? तब जनकले स्वयं आफ्नो अवस्थाकोवर्णन गरे–

कहहु नाथ सुंदर दोउ बालक। मुनिकुल तिलक कि नृपकुल पालक।।
ब्रह्म जो निगम नेति कहि गावा। उभय बेष धरि की सोइ आवा ।।
सहज बिरागरूप मनु मोरा । चकित होत जिमी चंद चकरो ।।
इन्हहि विलोकत अति अनुरागा। वरवस ब्रह्मसुखहि मन त्यागा ।।
बु. रा. बाल- दो २२४।३–५)

स्वाभाविक राग रहित भएको अर्थात् कहिले पनि विषयको सुन्दरतामा नभुल्ने मेरो मन रामलाई देख्ता चन्द्रमालाई देख्ता चकोर (च्याखुर) जस्तो भएर थकित हुन्छ (अघाउँदैन) त्यस्तै भएको छ । यिनलाई देख्ता अनुराग रहित भएको मनमा राग खूव भयो, मनले जवर्दस्तीमा परे जस्तो भएर ब्रह्मानन्दलाई पनि छोड्यो ।

यदि भगवान् श्रीराम केवल मानिस हुनु भएको भए जनक राजाको मन ब्रह्मानन्दलाई छोडी राममा कदापि जाने थिएन ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसबाट यो सिद्ध हुन्छ कि निराकार ब्रह्ममा भन्दा साकार ब्रह्ममा ज्यादा आनन्द प्राप्त हुँदो रहेछ ।

ब्रह्माजीको पुत्र ज्ञानमूर्ति वसिष्ठजीले साकार ब्रह्म श्रीरामको दर्शन गर्नको इच्छाले २१ कुलसम्म रघकुलको गुरु भएर बस्नु भएको थियो । त्यस्तै गर्ग ऋषिले न्वारान गर्दा कृष्णको दर्शन गर्ने सौभाग्य पाउनु भो र भन्नुहुन्छ–

जनमाद्य साधुसफलं सफले च नेत्रे विद्या तपः कुलमहो सफलं समस्तम् ।
आचार्यता भगवती हि यदोः कुलस्य मामद्य हन्त नितरामकरोत् कृतार्थम् ॥

(श्री आनन्दवृन्दावन चम्पू)

आज मैले जन्म धारण गरेको सफल भयो । मेरो नेत्र सफल भयो । मेरो विद्या, तप, कुल सबै सफल भए, म कृतार्थ भयें । मलाई कृतार्थ गरिदिने यदुकुलकी आचार्यतारूप भगवती नै हुन् । मैले यदुकुलको आचार्यताको आश्रय लिएको थिएँ, त्यसैको अनुकम्पाले मलाई कृतार्थ बनाएको हो ।

मधुसूदन सरस्वतीले अद्वैतसिद्धि पुस्तक लेख्नु भयो, त्यो पुस्तक वेदान्तको आचार्यकक्षामा पढाइन्छ । उहाँ भन्नुहुन्छ–

अद्वैतवीथीपथिकैरूपस्या स्वाराज्य सिंहासनलब्धदीक्षा ।
हठेन केनापि वयं शठेन दासीकृताः गोपवधूविटेन ॥

वेदान्तको महान् ग्रन्थ अद्वैतसिद्धि लेखेपछि मेरो कीर्ति फैलियो, त्यस्तो म वेदान्तीको मनलाई एउटा गोपवट्टुले जबर-जस्ती सँग हरेर दास बनाइदियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यानाभ्यासवशीकृतेन मनसा यन्निर्गुणं निष्क्रियम् ।
ज्योतिः किञ्चन योगिनो यदि परं पश्यन्ति पश्यन्तु ते ॥
अस्माकं तु तदेव लोचनचमत्काराय भूयाच्चिरं ।
कालिन्दीपुलिनेषु यत्किमपि तन्नीलमहो धावति ॥

मधुसूदनजी पुनः भन्नुहुन्छ– जसलाई निर्गुण निर्विशेष ब्रह्मको ध्यानबाट आनन्द आउँछ भने ती ध्यान र अभ्यासद्वारा निराकार ब्रह्मको ध्यान गरून् । किन्तु मेरो मन त त्यस यमुनाको पुलिनमा गाईहरूका पछाडि दौडने श्यामरङ्गको ठिटाले हरेर लियो । मेरो आँखा त त्यसैमा नै गड्यो । त्यसको अतरिक्त कुनै रूप नै भान हुँदैन, यो विश्व नै मलाई केवल नीलो नै देखिन्छ ।

मत्स्यादिभिरवतारैरवतारवताऽवता सदा वसुधाम् ।
परमेश्वर ; परिपाल्यो भवता भवताप भीतो ऽ हम् ॥
(षट्पदी – स्तोत्र ५)

अद्वैत वेदान्तका आचर्य शङ्कर भन्नुहुन्छ– तपाईं मत्स्यादि अवतार धारण गरेर सदा पृथ्वीको परिपालन गर्दै रहनु हुन्छ । हे प्रभो ! सांसारिक तापहरूलेसन्तप्त भएको म तपाईंको शरणमा आएको छु । मेरो रक्षा गर्नुहोस् ।

भगवति ! तव तीरे नीरमात्राशनो ऽ हं,
विगतविषयतृष्ण : कृष्णमाराधयामि ।
सकलकलुषभंगे ! स्वर्गसोपानसंगे,
तरलतरतरंगे ! देवि ! गंगे ! प्रसीद ॥(श्रीगङ्गाष्टकम् १)

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीशङ्कराचार्य भन्नुहुन्छ– हे भगवती भागिरथी ! हे सम्पूर्ण पापहरूलाई ध्वंस गर्ने भएकी ! हे स्वर्गको सीढी सँग सम्वन्ध गराउने भएकी ! अत्यन्त चञ्चल लहरहरू भएकी ! तिम्रो पवित्र एकान्त किनारामा बसेर म केवल जल-पान गर्दै, विषय भोगमा आसक्ति रहित भएर श्री कृष्णको आराधना गर्दछु। ममाथि प्रशन्न होऊ।

काम्योपासनयार्चयन्त्यनुदिनं केचित् फलं स्वेप्सित,
केचित् स्वर्गमथापवर्गमपरे योगादिपूजादिभिः ।
अस्माकं यदुनन्दनाङ्घ्रियुगलध्यानानार्थिना,
किं लोकेन दमेन किं नृपतिना स्वर्गापवर्गैश्च किम् ॥

(प्रबोधसुधाकर)

श्री शङ्कराचार्य भन्नुहुन्छ– धेरै मानिसहरू प्रतिदिन अनेक कामनाहरूको सहित उपासना गरेर मनोवाञ्छित फल चाहन्छन्, कोही मानिस यज्ञयागदिद्वारा स्वर्गको इच्छा गर्दछन्। धेरैजसो योगादिद्वारा मुक्तिको प्रार्थना गर्दछन्, किन्तु मलाई भने नन्द-नन्दन श्रीकृष्णचन्द्रको पदारविन्दकोध्यानमा नै तत्परताको साथ संलग्न रहनको इच्छा छ। मलई उत्तम लोकले के हुन्छ ? ऐश्वर्यवान् बन्नाले, स्वर्ग प्राप्तिले र मोक्षले पनि के हुन्छ ? मलाई त सतत तिनै अरुणवर्ण चरणको ध्यान बनिरहोस्।

श्रीशङ्कराचार्यले आफ्नी माताको अनंत्य समयमा निर्गुण ब्रह्मको उपदेश गर्नु भएकोमा माता भन्नुहुन्छ–

सौम्यागुणे मे रमते न चित्तं रम्यं वद त्वं सगुणं तु देवम् ।
न बुद्धिमारोहति तत्त्वमात्रं यदेकमस्थूलमनण्वगोत्रम् ॥

(श्रीशङ्कर दिग्विजय सर्ग १८।३६

CC-0. In Public Domain. Digitization by eGangotri

हे सौम्य ! निर्गुणमा मरो चित्त रमाउँदैन, यस कारण तिमी सुन्दर सगुण ईश्वरको उपदेश गर। किनभने एक, अस्थूल, अनणु गोत्रहीन तत्त्व मेरो बुद्धिमा चढ्दैन।

रामकृष्णावतारौ च पूर्णरूपेण तौ धृतौ ।
वरिष्ठौ सकलेष्वेवावतारेषु हि तावुभौ ॥

(आ. रा. सारकाण्ड. ३।३९२)

भगवान्ले अवतार लिएकोमा राम र कृष्णको पूर्ण अवतार थियो। सब अवतारहरूमा यी दुई अवतार श्रेष्ठछन्।

द्वे बाव ब्रह्मणो रूपे मूर्तं चैवामूर्तञ्च ।

(वृहदारण्यकोपनिषद्. २।३।१)

ब्रह्मको दुइ रूप छन्– मूर्त (साकार) र अमूर्त (निराकार) शास्त्रहरूमा एकै ब्रह्मलाई परात्पर, पर एवं अपररूपले तीन भाव वताइएका छन्। परात्पर शुद्ध ब्रह्म, त्यो द्वैत प्रपञ्चातीत, मायातीत, निरञ्जन, केवलएक अद्वय, पूर्ण, निरुपाधिक, अनुत्तम, सर्वोत्कृष्ट भाव हो। पर ब्रह्म सोपाधिक करण भाव हो। यही मायाद्वारा शवल अर्थात् विशिष्ट भएर विश्वको कारण भई ब्रह्म स्थूल-सूक्ष्मादि दशा भेदले ईश्वर, हिरण्यगर्भ, एवं विराट्-नामले व्यवहृत हुन्छ। जो अपर ब्रह्म हो, त्यो कार्योपाधिक हुनाको कारण शुद्धसत्वमयी-विविध मूर्तिरूप हुन गई ब्रह्मा, विष्णु, महेश्वर आदि नामहरूले भनिन्छ। यिनमा जो परात्पर निर्विशेष शुद्ध-ब्रह्म भाव छ, त्यो ज्ञानगम्य छ। अर्का दुइ पर एवं अपर ब्रह्मभाव, सविशेष हुनाको कारण उपास्य हुन्। निर्विशेष शुद्ध ब्रह्मको उपासना हुन सक्तैन। उपनिषद्मा भनिएको छ–

CC-0. In Public Domain. Digitization by eGangotri

तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते । **(केनो. १।५)**

त्यही नै ब्रह्मलाई तिमी जान, जो निर्विशेष परात्पर शुद्ध छ। जसको भक्तहरू उपासना गर्दछन् त्यो सविशेष सगुण साकार हो। साकार ब्रह्म श्रीराम–

रमन्ते योगिनो ऽ नन्ते नित्यानन्द चिदात्मनि ।
इति रामपदेनासौ परं ब्रह्माभिधीयते ।।

(रामपूर्वतापिन्युपनिषद्. १।६)

योगीहरू जुन अनन्त नित्यानन्द चिदातमा (चैतन्य स्वरूप) मा लीन हुन्छन्, त्यसैलाई राम पदद्वारा प्रतिपादन गरिएको छ र त्यसैलाई परब्रह्म भन्दछन् ।

राम एव परं ब्रह्म राम एव परं तपः ।
राम एव परं तत्त्वं श्रीरामो ब्रह्म तारकम् ।।

(महावाक्य जीवन मुक्ति प्रकाश. १८)

राम परब्रह्म हुनुहुन्छ, राम नै परम तप हो। राम नै परम तत्त्व हो। श्रीराम नै तारक ब्रह्म राम हुनुहुन्छ ।

श्रीराम राम रामेति एतत्तारकमुच्यते ।
अतस्त्वं जानकीनाथ परं ब्रह्माभिधीयते ।। **(महावाक्य)**

श्री राम राम यही तारकमन्त्र भनिन्छ, हे जानकीनाथ ! यसै कारण तपाईं परब्रह्म हुनुहुन्छ ।

नित्य : सर्वगतो ह्यात्मा कूटस्थो दोषवर्जित : ।
तत्पर : परमात्मा च श्रीराम पुरुषोत्तम ।।

(महावाक्य स्वरूप-स्थिति. ५)

CC-0. In Public Domain. Digitization by eGangotri

नित्य सर्व व्यापक आत्मा कूटस्थ भए पनि कूट आदि सर्व दोष विवर्जित क्षर अक्षरदेखि उत्तम पुरुषोत्तम भगवान् श्रीराम हुनुहुन्छ। त्यही पर स्वरूप परमात्मा हो।

व्यापक ब्रह्म निरंजन निर्गुण विगत विनोद।
सो अज प्रेम भगती वस कौसल्यां के गोद॥
(तु. रा. बाल. दो २०८)

जुन ब्रह्म, व्यापक, निरञ्जन (माया रहित) निर्गुण, विगतविनोद, (निष्क्रिय)–अज (जन्म रहित) भएर पनि प्रेमपूर्ण भएकोभक्तिको पराधीन भएर तिनै ब्रह्म कौसल्याको काखमा रहनु भयो।

व्यापक अकल अनीह अज निर्गुण नाम न रूप।
भगत हेतु नाना विधि करत चरित्र अनूप॥
(तु. रा. बाल. दो. २१४)

व्यापक, अखण्ड, निष्क्रिय,, जन्म रहित, निर्गुण, नामरूप रहित भएका परमात्मा भक्तका निमित्त अनेक प्रकारका अनुपम चरित्र गर्नु हुन्छ।

राम सच्चिदानन्द दिनेशा। नहि तहँ मोह निसा लवलेसा॥
(तु. रा. बाल. सोरठा. १६।५)

शिवजी भन्नुहुन्छ – पार्वती! रामजी सच्चिदानन्द स्वरूप हुनाले सूर्य जस्तै हुनुहुन्छ र उहाँमा अज्ञानरूप रात्रिको लवलेश पनि रहन सक्तैन।

राम ब्रह्म परमारथ रूपा। अविगत अलख अनादि अनूपा॥
सकल विकार रहित गतभेदा। कहि नित नेति निरूपहिं वेदा॥
(तु. रा. अयो. दो. ९२।७–८)

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराम परमार्थ स्वरूप ब्रह्म हुनुहुन्छ, उहाँ अविगत (अविज्ञात चिन्ह नसकिने चरित्र गर्ने) इन्द्रिय र मनले समेत चिन्तन गर्न नसकिने अनादि तुलनारहित, सकल विकाररहित, भेदरहित हुनुहुन्छ। वेदहरू सँधै नेतिनेति भनेर निरूपण गर्दछन्। अब साकार ब्रह्म श्रीकृष्णको निरूपण गरिन्छ–

वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम् ।
ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते ॥

तत्त्वविद् ज्ञानीहरू श्रीकृष्णको तीन रूप छन् भनी भन्दछन्– उहाँ भगवान्, परमात्मा र ब्रह्म नाम धारण गर्नुहुन्छ । सर्वत्र व्यापक रूपमा ब्रह्म भनिन्छ, यही निर्गुण– निराकार रूप हो । सगुण – निराकार रूप जो छ त्यो मण्डलको स्थान भएकोले त्यस रूपलाई परमात्मा भनिन्छ । यसको पनि जो अन्तरात्मभूत स्वरूप छ त्यही भगवान् हो । अर्थात् भक्तको भगवान्, योगीको परमात्मा र ज्ञानीको ब्रह्म हो ।

हरि : ॐ सच्चिदानन्दरूपाय कृष्णायाक्लिष्टकर्मणे
नमो वेदान्तवेद्याय गुरवे बुद्धिसाक्षिणे ॥
(गोपालपूर्वतापिन्युपनिषद् १)

सच्चिदानन्द स्वरूप श्रीकृष्ण अनायास नै सबै थोक गर्न समर्थ हुनुहुन्छ । सबैको बुद्धिको साक्षी र सबैले जान्न योग्य हुनुहुन्छ। उहाँ सम्पूर्ण विश्वको गुरु हुनुहुन्छ। उहाँलाई नमस्कार छ ।

बलं ज्ञान सुराणां वै तेषां ज्ञानं हृतं क्षणात् ।
शेषनागो भवेद्राम : कृष्णोब्रह्मैव शाश्वतम्।।
(कृष्णोपनिषद् १२)

CC-0. In Public Domain. Digitization by eGangotri

देवताहरू सँग जो ज्ञान रूप बल थियो त्यो पनि श्रीहरिको मायाले क्षणभरमा हरण गर्‍यो। सनातन ब्रह्म श्रीकृष्ण हुनु भो र शेषनागले बलरामको रूप ग्रहण गर्नु भयो।

परं ब्रह्म परं धाम पवित्रं परमं भवान्।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम्।।

(गीता १०।१२)

अर्जुन भन्दछन् – तपाईं परब्रह्म-परमात्मा, परमधाम–परमतेज र परमपावन हुनुहुन्छ। तथा तपाईं नित्य र दिव्य पुरुष हुनुहुन्छ अर्थात् देवलोकमा बस्नु हुने अलौकिक पुरुष हुनुहुन्छ एवं तपाईं सबै देवताहरू भन्दा पहिले हुने आदिदेव, अजन्मा र व्यापक हुनुहुन्छ। अर्जुनले श्रीकृष्णलाई गीतामा तीन ठाउँमा अच्युत शब्दले सम्बोधन गरेका छन्– (गीता १।२१ मा) सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत। (११।४२ मा) एकोऽथवाप्यच्युत तत्समक्षं। (१८।७३ मा) नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत।

न खलु गोपिकानन्दो भवानखिलदेहिनाम न्तरात्मदृक्।

(भागवत १०।३१।४)

गोपिनीहरू कृष्णलाई भन्दछन्– तपाईं केवल यशोदा-नन्दन मात्र नभई, समस्त शरीरधारीहरूको हृदयमा रहनेवाला तिनको साक्षी, अन्तर्यामी हुनुहुन्छ।

जसले वेदादि शास्त्रहरूको राम्रोसँग तात्पर्यलाई बुझेका छैनन्, तिनीहरू एक थरी भन्दछन्– हामी परमेश्वरको निर्गुण निराकारलाई मात्र मान्दछौं। कहिले पनि र कुनै प्रकारले पनि

CC-0. In Public Domain. Digitization by eGangotri

सगुण साकार ब्रह्मको काहीं पनि वर्णन छैन । यसकारण राम-कृष्णादि रूपले ब्रह्मको अवतार हुँदैन । राम-कृष्ण त आदर्श चरित्रवान् महापुरुष मात्र हुन्; ती भगवान् परमेश्वर हुन सक्तैनन् यदि साकार भएदेखि निराकार बन्न सक्तैन । यदि उनलाई निराकार मानेको खण्डमा, उनमा साकारता कसरी हुन्छ ? किनभने साकारत्व एवं निराकारत्व उष्णत्व– शीतत्वको भाँति परस्पर विरोधी धर्म हो । निराकार– ईश्वर नियमत: अपरिच्छिन्न व्यापक हुन्छ र साकार एकदेशी सानो हुन सक्तैन एवं एकदेशी, व्यापक हुन सक्तैन । यसकारण जगतकर्ता परमेश्वरलाई निराकार नै मान्नुपर्छ, साकार होइन ।

अर्कोथरी भन्दछन्– हाम्रो भगवान् त हस्त-पादादिले युक्त साकार नै हुनुहुन्छ । हामी यस निर्गण-निराकार परमेश्वर-लाई मात्र त परै जाओस् त्यसको नाम पनि सुन्न मनपराउदैनौं' अत: एव उनीहरू आफ्ना अनुयायीहरूसँग भन्दछन्– तिमी-हरूको अगाडि यदि कसैले निगुण-निरकारको चर्चा गरे भने तुरुन्त कान बन्द गर्नु । होइन भने त्यस ठाउँमा नवसी अन्यत्र जानू । हाम्रो भगवान् त भक्तहरूका लागि रामकृष्णादिरूपले अनेक अवतारहरू धरण गर्नु हुन्छ । हामी यिनै भगवान्लाई मान्दछौं । हामी त्यस निर्विशष-निराकार ब्रह्मलाई कहिले पनि मान्दैनौ

वरं वृन्दावने शून्ये शृगालत्वं य इच्छति ।
न तु निर्विषयं ब्रह्म मन्तुमर्हति गौतम !॥

अर्थात् शून्य वृन्दावनमा श्याल हुन मन पराउँदछन्, परन्तु निर्विशेष निराकार ब्रह्मलाई मात्र अथवा प्राप्त गर्न ती

CC-0. In Public Domain. Digitization by eGangotri

साकार भगवान्को भक्त कहिले पनि चाँहदैनन् ।

परन्तु वेदादि - शास्त्रहरूको तात्पर्यलाई जान्ने विशिष्ट विद्वानहरू भन्दछन् – निरुपाधिकरूपले परमेश्वर निर्गुण-निराकार हुनुहुन्छ, एवं सोपाधिकरूपले सगुण-साकार पनि हुनुहुन्छ । यिनमा निराकार-अव्यक्तरूप पारमार्थिको हो र साकार-व्यक्तरूप आरोपित हो ।

सगुनहिं अगुनहिं नहिंकछु भेदा। गावहिं मुनि पुरान बुधवेदा।
अगुन अरूप अलख अज जोई। भगत प्रेमवस सगुन सो होई॥
(तु. रा. बाल. सोरठा. १६।१–२)

सगुण र निर्गुणमा भेद छैन, यो कुरा मुनिहरू, पुराणहरू, विद्वान्हरू र वेदहरूले समेत भनेका छन्– जुन वस्तु, अगुण, अरूप, अलख, अज छ, त्यही वस्तु भक्त प्रेम पराधीन भएर सगुण पनि हुन्छ ।

एक दारूगत देखि एकू, पावक सम जुग ब्रह्म विवेकू ।
फूले कमल सो सर कैसे ? निर्गुण ब्रह्म सगुण भय जैसे ॥
(तु. रा. बाल. दो. २८।४)

जसरी एउटा अग्नि, अव्यक्तरूपले दाउरा आदिमा रहन्छ, अर्को एक अग्नि दीपक आदिमा व्यक्तरूपले प्रतीत हुन्छ, जस्तै नै ब्रह्म पनि निराकार अव्यक्तरूपले सर्वव्यापक छ; विश्वात्मा छ, सबैमा लुकेर वसेको छ र त्यही भक्तका लागि साकार रूपले अभिव्यक्त हुन जान्छ । जुनप्रकार सरोवरको जलदेखि प्रकट भएर कमल सरोवरको शोभा बढाउँदछ; उस्तै प्रकार निराकर परब्रह्मदेखि प्रकट भएको साकार-विग्रह मिराकार ब्रह्मको

CC-0. In Public Domain. Digitization by eGangotri

नै महिमा बढाउँदछ ।

न विद्यते यस्य च जन्म कर्म वा
न नामरूपे गुणदोष एव वा ।
तथापि लोकाप्ययसम्भवाय यः
स्वमायया तान्यनुकालमृच्छति ॥

(भागवत ८।३।८)

न भगवान्को जन्म कर्म छ र न नाम-रूप.; फेरि उहाँको सम्वन्धमा गुण र दोषको त कल्पना नै कसरी गर्न सकिन्छ ? फेरि पनि विश्वको सृष्टि र संहार गर्नको लागि समय-समयमा उहाँ आफ्नी मायालाई स्वीकारेर अवतार लिनु हुन्छ ।

वेदादि शास्त्रहरूले परमेश्वरको उभय रूपमा वर्णन गरेका छन् । उपनिषद्को एकै मन्त्रले निराकार र साकार दुवै रूपको वर्णन गरको दखिन्छ–

अपाणिपादो जवनो ग्रहीता, पश्यत्यचक्षुः स श्रृणोत्यकर्ण : ।

(श्वेता. ३।१९)

त्यो हस्तपाददेखि रहित छ, यस कारण निराकार हो । तथापि त्यो दौडन्छ एवं पुष्पादि अर्पण गरको ग्रहण गर्दछ । यहाँ विचार गर्नुपर्दछ कि ग्रहण गर्ने र दौडने भएका कुन परमेश्वर हुन् ? निराकार-व्यापक पदार्थ कहिले दौडन र ग्रहण गर्न सक्तैन । यसकारण धावन ग्रहण आदि क्रिया गर्ने साकारतै हुन्छ, निराकार हुँदैन । एवं त्यो चक्षु र कर्णले रहित भएको हुँदा निराकार हो, तथापि त्यो देख्दछ र सुन्दछ । देख्नु र सुन्नु क्रिया निराकारमा हुन सक्तैन, यस कारण देख्ने र सुन्ने भएको त्यस

CC-0. In Public Domain. Digitization by eGangotri

परमेश्वरलाई साकार नै मान्नुपर्छ । किनभने अपरिछिन्न–निराकारमा कुनै पनि प्रकारको क्रिया हुन सम्भव छैन । अतः परिछिन्न साकारमा नै क्रिया मान्नु युक्तियुक्तछ ।

न मे विदु : सुरगणाः प्रभवं न महर्षयः ।
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥

(गीता १०।२)

मेरो जन्म या प्रभावलाई देवता या महर्षि कसैले पनि जान्दैनन् किनकि देवता तथा महर्षिहरूको सबप्रकारबाट आदि कारण मै हुँ ।

भगवान् श्रीकृष्णको साकार–विग्रहलाई चिन्नसकी ब्रह्माजीले गाई अपहरण गर्नुभयो । त्यस्तै इन्द्रले पनि कृष्णको साकाररूपलाई चिन्न नसकी मोहमा परी जल वर्षा गर्नुभयो । एक दिन श्रीकृष्णजी श्रीदाम, सुबल, कडार वसन्त, अर्जुन आदि समानवयस्क आफ्ना सखाहरूका साथ बालुवाले हाना-हान गरी खेलिरहनु भएको थियो । यस्तैमा श्रीकृष्णचन्द्रले अन्जली भरी बालुवा लिई दौडेर श्रीदामाको शिरमा हाली दिनु भयो । एक कण बालुवा श्रीदामाको आँखामा पऱ्यो । उनी हातले आँखा मिच्दै श्रीकृष्णलाई समात्न गए ।श्रीकृष्ण भाग्नु भयो । उनी दौडे केही टाढा पुगेर उहाँलाई समाते । कृष्ण आफ्ना हातले दुवै आँखा बन्द गरी त्यही बालुवामा पल्टिनु भयो । श्रीदामाले हाँसेर कृष्णको पीठमा चढी बालुवा हाल्न शुरू गरेका मात्र थिए, पछाडिबाट बलराम एवं अन्य गोपशिशुहरू आई श्रीदामको शिरमा बालुवा हाले । अनि उनी कृष्णलाई छोडर गोपशिशुहरू

CC-0. In Public Domain. Digitization by eGangotri

पट्टी जाइलागे । यत्तिकैमा मौका पाएर श्रीकृष्ण उठेर भाग्नु भो। ठीक त्यसै समय अत्रिनन्दन महर्षि दुर्वासा क्रीडा स्थलमा आइपुग्नु भो र श्रीकृष्णजीको वाल्य लीलालाई देख्नु भो। दुर्वासा आउनु भएको हो परात्पर स्वयं भगवान् श्रीकृष्णको साकार रूप दर्शनको अभिलाषा लिएर; किन्तु परात्परको भेषलाई देखर विस्मित हुनुभयो ।

धूलि धूसरसर्वाङ्गं वक्रकेशं दिगम्बरम् ।
धावन्तं बालकैः सार्द्धं हरिं वीक्ष्य स विस्मितः ॥

(गर्गसंहिता)

समस्त अङ्ग धूलाले धूस्रो भएको छ । केश बांगोटिङ्गो भएको छ । अङ्गमा कुनै वस्त्र छैन, सर्वथा नग्न-दिगम्बर भेष छ बालकहरूका साथ दौडिरहनु भएको छ । परात्पर हरिको यस्तो रूपलाई देखर मुनिवर आश्चर्यमा पर्नु भयो ।

स ईश्वरोऽयं भगवान् कथं बालैर्लुठन् भुवि ।
अयं तु नन्दपुत्रोऽस्ति न श्रीकृष्णः परात्परः ॥

(गर्गसंहिता)

के यी ईश्वर हुन् ? भगवान् भए फेरि प्राकृत बालकहरूका साथ भूमिमा किन पल्टिरहेका छन्, यी परात्पर श्रीकृष्ण होइनन्। यी बालक नन्दका पुत्र मात्र हुन्, ईश्वर भगवान् केही पनि होइनन् ।

भगवान्को महामायाको प्रभाव महर्षिको तपःपूत मनमा पऱ्यो । जसले गर्दा दुर्वासको मनमा शङ्का र भ्रम उत्पन्न हुन गयो । अनुसूया जस्ती सतीको पुत्र परमतपस्वी, तेजोमूर्ति

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षि दुर्वासालाई भ्रम भएको देखेर यिनको भ्रमनिवारण गरी दिनु पर्छ भन्ने यस्तो कुरा श्रीकृष्णचन्द्रलाई आफ्नो सर्वज्ञाता शक्तिद्वारा थाहा भयो र कृपा दृष्टिले महर्षितिर हेर्न लाग्नु भो। अन्य गोपशिशुहरूले पनि मुनिलाई हेर्न लागे। यसै समयमा हाँस्दै श्रीकृष्णले भन्नुभयो– श्रीदाम ! तिम्रो हार भयो; यदि तिमीलाई विश्वास छैन भने हिंड ती साधुबाबा सँग सोधौं यति भनी महर्षि भएको तिर लाग्नु भो। सखा मण्डली पनि श्रीकृष्णको पछि लागे।

एक विशाल कदम्बवृक्षको छायामा महर्षि शान्त भावले गम्भीर मुद्रायुक्त रहनु भएको थियो। तपको तेज अङ्गहरूबाट फैलिरहको र नेत्रमा विचित्र ज्योति थियो। किन्तु जब श्रीकृष्ण समीपमा आउनु भो तबमुनिको सबै थोक बदलियो एक अनिर्वचनीय अवस्था हुन गयो। भगवन्‌ले सोध्नु भयो– साधुबाबा ! तपाईं ले मेरो खेल देखिहाल्नु भो, अब भन्नुहोस् श्रीदाम मदेखि हारे कि हारेनन्। महर्षि भने नेत्र झिम्म समेत नगरी एक टंकार सँग केवल श्रीकृष्णलाई नै हेरिरहनु भएको छ। मौन हुनुहुन्छ कुनै उत्तर दिनु हुन्न। श्रीकृष्ण मुनिको काखमा बस्नु भयो भो र पुनः सोध्न लाग्नु भो–बाबा! किन बताउनु हुन्न? श्रीदाम हारेकि हारेनन् ? यस पटक पनि कुनै उत्तर प्राप्त भएन र भगवान् काखबाट ओर्ली आफ्ना सखाहरूका साथ पुनः खेल्न लाग्नु भो। बाल्यलीलाविहारीको दुवै नाकका प्वालबाट सिंगान बगिरहेको थियो। भगवान्‌ले सिंगान माथितिर तान्दा दुर्वासा नाकको प्वालबाट पेटभित्र प्रवेश गर्नुभयो।

CC-0. In Public Domain. Digitization by eGangotri

तपोधनदुर्वासा अनुभव गर्न लाग्नु हुन्छ– म को हुँ ? यो कुन देश हो ? यत्रो विशाल लोक छ, म भ्रमण गर्दा-गर्दा थकित भइसकें तर कुनै पनि प्राणीको दर्शन अझसम्म भएन । यो त एक सम्पूर्ण ब्रह्माण्ड हो । सप्तलोक, सप्तपाताल सबै थोक यथा योग्य छ । एवं प्रकार चौधै भुवनलाई क्रमशः हेर्दै जाँदा शतकोटी वर्ष व्यतीत भएको मुनिलाई अनुभव भयो । यसै बीचमा श्रीकृष्णजीले हाछिऊ गर्दा महर्षि भगवान्को पेटवाट वाहिर आउनु भो । एक क्षणपछि महर्षिले नेत्र खोलेर हेर्दा भारतखण्डको वज्रपुर वालुकामयी क्रीडास्थल देख्नु भो – महर्षि दुर्वासाजीलाई पहिले श्रीकृष्ण परात्पर ब्रह्म होइन भन्ने जुन शङ्का र भ्रम भएको थियो तत्काल नै नष्ट हुनगयो । मुनिले श्रीकृष्णचन्द्रको चरणमा शिर झुकाउनु भो, दुवै नेत्रवाट हर्षाश्रु बगिरहेको थियो । त्यसपछि श्रीकृष्णजीको ध्यानमा निमग्न भएर वदरिकाश्रमतिर लाग्नु भयो । भगवान्ले पनि त्यस दिनको क्रीडा समाप्त गरी आफ्नो भवनमा प्रवेश गर्नुभो ।

प्रजापतिश्चरति गर्भे ऽअन्त र जायमानो बहुधा विजायते ।
तस्य योनिं परिपश्यन्ति धीरास्तस्मिनह तस्थुर्भुवनानि विश्वा ॥
(यजुर्वेद ३१।१९)

प्रजापति– परमेश्वर मायाको गर्भरूप (परिणाम रूप) विश्वको भित्र द्रष्टारूपले अनुगत रहन्छन् उनी निराकाररूपले अजन्मा भएर पनि साकाररूपले अनेक प्रकारका भएर प्रकट हुन्छन् । अविकृत - प्रज्ञावान् धीरजन नै अधिष्टानस्वरूपलाई साक्षात्कार गर्दछन् । उनैमा नै समस्त भुवन अवस्थित छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

एकै परमेश्वर निराकार भएर पनि मायाद्वारा साकार बन्नुहुन्छ, साकार बन्दामा पनि उहाँको निराकारत्वमा कुनै प्रकारको क्षति हुँदैन। यही त परमेश्वर को अद्भूत स्वरूप हो।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥

(गीता. २।२८)

हें अर्जुन ! समस्त भूतवर्ग पहिले अव्यक्त नै थिए, वीचमा प्रकट भएका छन्; नाश भएपछि फेरि अव्यक्त नै हुन्छन्; त्यस विषयमा के को शोक ?

अदर्शनादापतितः पुनश्चदर्शनं गतः ।

(मा. भा. स्त्रीपर्व. २।१३)

जीवहरू पहिले अदृश्य थिए, पछि दृश्य भए, फेरि अदृश्य नै हुन्छन्। जुनप्रकार जीवात्मा निराकार भएर पनि अविद्याका कर्मको अधीनमा परेर भौतिक साकार– शरीर धारण गर्दछन्, उस्तै प्रकार परमेश्वर निकार भएर पनि शुद्ध सत्वमयी - आफ्नो मायाद्वारा स्वेच्छाले दिव्य, मायिक विविध साकार विग्रहरूको दुष्टनिग्रह– साधुअनुग्रह आदि प्रयोजनको लागि धारण गर्नु हुन्छ, यसमा कुनै प्रकारको अनुपपत्ति छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर रचित सृष्टि

विश्वकर्मन् नभस्तेऽस्तु विश्वात्मन् विश्वसम्भव ।
अपवर्गोऽसि भूतानां पञ्चानां परतः स्थितः ॥

भगवन् ! यो सम्पूर्ण विश्व तपाईंको रचना हो, तपाईं समस्त विश्वको आत्मा र उत्पत्तिस्थान हुनुहुन्छ तथा पाँच भूतहरू देखि अतीत हुनाको कारण नित्य हुनुहुन्छ। तपाईंलाई नमस्कार छ।

त्वमेकं शरण्यं त्वमेकं वरेण्यं
त्वमेकं जगत्कारणं विश्वरूपम् ।
त्वमेकं जगत्कर्तृ पातृप्रहर्तृ
त्वमेकं परं निश्चलं निर्विकल्पम् ॥

केवल तपाईं शरण लिनमा साधु हुनुहुन्छ। मुख्य तपाईं जन्म मृत्युदुःखदेखि डराउनेहरूले उपासना गरिने हुनुहुन्छ। तपाईं एक नै जगत् निर्माण गर्ने, रक्षा गर्ने र नाश गर्ने हुनुहुन्छ। तपाईं नै मुख्य, श्रेष्ठ, निश्चल नान किसिमको कल्पनाले शून्य हुनुहुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस्मिन् सर्वं यतः सर्वं यः सर्वं सर्वतश्च यः ।
यश्च सर्वमयो नित्यं तस्मै सर्वात्मने नमः ।।

यी सारा प्रपञ्च जसमा स्थित छन्, जो स्वयं नै यी सबका रूपमा विराजमान छन् र जो यिनलाई सब प्रकारले व्याप्त गरेर रहेका छन् तथा जो सर्वदा सर्वस्वरूप छन् ती सर्वात्मालाई नमस्कार छ ।

सृष्टि ईश्वर रचित होइन भन्ने दर्शनशास्त्रहरू पनि छन् । परन्तु वेदान्तदर्शनको भने सृष्टि चेतन परमात्माबाट हुन्छ, जड परमाणु र प्रकृति बाट हुँदैन भन्ने अकाट्य प्रमाण छ । अन्य दर्शनहरूका भनाई – वैशेषिक-दर्शनमा जगत्को रचना परमाणुहरूबाट भएको छ भनी भनेको छ । न्याय दर्शनमा पनि संसारको रचना परमाणुहरूको संयोगबाट भएको बताइएको छ । सांख्यदर्शनमा सृष्टि प्रकृति र पुरुषको परस्पर सम्बन्धले भएको मानिएको छ । स हि सर्ववित् सर्वकर्ता (सां. द. ३।५६) ईश्वर नै सर्ववित, सर्वज्ञ, सर्वकर्ता र सबैको रचयिता हो । अधिकांश वैदिक धर्मानुयायीहरूले सष्टिको रचयिता ईश्वरलाई मानेका छन् । वेदान्तले भने सृष्टि ब्रह्मबाट भएको मानेको छ ।

वेदान्तदर्शनको रचयिता महर्षि कृष्णद्वैपायन व्यासजी सृष्टिको विषयमा भन्नुहुन्छ – जन्माद्यस्य यत. (वेदान्त-दर्शन १।१।२) उत्पत्ति, स्थिति र प्रलय यस विश्वको जसद्वारा हुन्छ त्यो ब्रह्म हो । शास्त्रयोनित्वात् (वे. द. १।१।३) वेदादि शास्त्र-हरूमा ब्रह्मलाई जगत्को कारण बताएको छ । वेदमा जुन ब्रह्म-लाई सत्य, ज्ञान, अनन्त आदि भनिएको छ, उसलाई जगत्को

CC-0. In Public Domain. Digitization by eGangotri

रचना गर्नेवाला पनि भनिएको छ । यसकारण वेद नै ब्रह्मको लक्षणमा प्रमाणस्वरूप छ । जगद्वाचित्वात् (वें. द.१।४।२५) श्रुतिहरूको भनाई छ कि ब्रह्म नै जगत्को उपादान र निमित्त कारण हुन् ।

सांख्य मतद्वारा वर्णित (प्रधान) सृष्टिको कारण हुन सक्तैन, किनभने त्यो चेतन छैन । प्रधान अचेतन हो, चेतनत्व नहुनाको कारण जगत्को रचना त्यो कसरी गर्न सक्छ ? माटो जड भएकोले घडा बनाउन सक्तैन । घडाको रचना चेतन कुमालेद्वारा मात्र हुन्छ । चेतनद्वारा नै जड वस्तुलाई कार्यमा प्रवृत्त गराउन सकिन्छ । यसमा मोटर र ड्राइवरको उदाहरण दिनु ठीक पर्छ । मोटर जड छ र ड्राइवर चेतन छ । ड्राइवर नै मोटरलाई इच्छा बमोजिम चलाउन सक्छ । यसबाट यो सिद्ध भयो कि जड प्रकृतिद्वारा सृष्टिरचनाको कार्य हुन सक्तैन ।

परमाणुवादीहरूले परमाणुलाई नित्य र रूप, रस, गुण आदिलेयुक्त मानेका छन् । परन्तु रूप, रस, गुणादि वस्तु नित्य हुँदैनन् नाशावान हुन्छन् । घट, पट इत्यादि जस्तै नाशवान हुन् । इत्यादि कारणहरूद्वारा परमाणुबाट सृष्टि हुन्छ भन्नु त्यो निरर्थक सिद्ध हुन्छ ।

आत्मन आकाशः संभूतः आकाशाद्वायु : ।
वायोरग्निः । अग्नेरापः अद्भ्य : पृथिवी ॥
(तैत्तिरीयो पनिषद् २।१)

आत्माबाट आकाशको उत्पत्ति भयो, आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट, पृथ्वीको उत्पत्ति भयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ आत्मा वा इदमेक एवाग्र आसीत् ।
नान्यत्किंचनमिषत् । स ईक्षत लोकान्नु सृजा इति ॥
(ऐतरेयोपनिषद्– १।१।१)

पहिले यो (जगत्) एकमात्र आत्मा नै थियो । आत्माको अतिरिक्त कुनै सक्रिय वस्तु थिएन । त्यस सत् परमात्माले लोकको रचनागर्ने विचार गर्नुभयो ।

तदैक्षत बहुस्यां प्रजायेयेति ।
(छान्दोग्योपनिषद्– ६।२।३)

त्यस (सत्) ले ईक्षण गरे, म धेरै बनौं, अनेक प्रकारले उत्पन्न हौं ।

त्वया सृष्टमिदं सर्वं विश्वं स्थावरजङ्गमम् ।
त्वामाश्रित्यैव जीवन्ति सर्वे स्थावरजङ्गमा : ॥
(आध्यात्मरामायण उ. कां. २।७१)

यो सम्पूर्ण स्थावर– जङ्गम जगत् तपाईंले सृष्टि गर्नु भएको हो र समस्त चराचर प्राणी तपाईंको आश्रयले नै जीवित रहन्छन् ।

यथाविशुद्ध आकाशे सहसैवाभ्रमण्डलम् ।
भूत्वाविलीयते तद्वदात्मनीहाखिलं जगत् ॥
(नैष्कर्म्य सिद्धि–२।६८)

जस्तै निर्मल आकाशमा शीघ्र नै बादल उत्पन्न भएर पुनः विलीन हुन जान्छ । त्यस्तै नै आत्माबाट सम्पूर्ण जगत् उत्पन्न हुन्छ र उसैमा विलीन पनि हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यथोर्णनाभि : सृजते गृह्णते च
यथा पृथिव्यामोषधयः सम्भवन्ति ।
यथा सतः पुरुषात्केश लोमानि
तथाक्षरात्सम्भवतीह विश्वम् ॥
(मुण्डकोपनिषद्–१।१।७)

जुन प्रकार माकुरो जाललाई बनाउदछ र पछि त्यसलाई निल्दछ, जस्तै पृथ्वीमा औषधि उत्पन्न हुन्छन्, जसरी सजीव पुरुषबाट केश एवं लोम उत्पन्न हुन्छन्, त्यस्तै प्रकार त्यस अक्षरबाट यो विश्व प्रकट हुन्छ ।

माकुरो अव्याकृत हो तर ब्याकृत भएर नाम रूप जनाएको छ त्यस्तै नै परमात्मा अव्याकृत र व्याकृत दुवै प्रकारको हुनुहुन्छ। माकुरो तथा उसको जालको समान नै यस ब्रह्माण्डको लीला रचना भएको छ । जस्तै माकुरो मूल हो तथा त्यसको रालबाट यो जगत् रूप जाल बाँधिएको छ, त्यस्तै नै परमात्मा एक नै सनातन हुनुहुन्छ। यो जगत् जो देख्नमा आएको छ त्यो उहाँको मायाजाल हो। माकुरोलाई जहाँ-जहाँ इच्छा लाग्छ त्यहाँ–त्यहाँ त्यो आफ्नो जाल बाँध्दछ, त्यस्तै प्रकार परमात्मालाई पनि जहाँ-जहाँ इच्छा हुन्छ त्यहाँ–त्यहाँ जगत्को सृष्टि गर्नु हुन्छ। (एको ऽ हं वहु स्याम प्रजायेय) उहाँलाई एकबाट अनेक रूपमा जन्मने कामना भयो । संसारको रचना गरेर अनि माकुरोको लीलाको समान (रूपं रूपं प्रतिरूपो बभूव) सवैमा प्रवेश भएर उहाँ सत् तथा असत् दुबै रूपमा रहनु भो, किन्तु असत् नाश भयो र सत्-सत् नै रह्यो। जस्तै माकुरोको जालमा

CC-0. In Public Domain. Digitization by eGangotri

सानो, ठूलो-मोटो, पातलो खण्ड देख्नमा आउँछ, त्यस्तै नै परमात्माको सृष्टिमा पनि सानो ठूलो अनेक ब्रह्माण्ड छ। माकुराको जालमा अनेक कीरा बस्तछन्, त्यस्तै नै यस ब्रह्माण्डमा अनेकौं प्राणी बस्ताछन्।

जुनसुकै कार्योत्पत्तिमा पनि निमित्तकारण र उपादानकारण मुख्य रहन्छन्। निमित्तकारण चेतन उपादानकारण जड हुन्छ। घटको निमित्तकारण कुमाले चेतन छ, उपादानकारण माटो जड छ। जो निमित्त हुन्छ त्यो कर्ता पनि हुन्छ। कर्तामा कार्य सम्बन्धी ज्ञान, चिकिर्षा तथा तदनुकूल कृति यी तीन हुन्छन्, यी तीन विना कर्ता हुन सकिन्न। वेदान्तमा ईश्वरलाई जगत्को अभिन्न निमित्त उपादानकारण वर्णन गरको छ। जस्तै एउटै माकुरो जालको प्रति जड अंशबाट उपादान र चेतन अंशबाट निमित्त-कारण हुन्छ। त्यस्तै परमात्माबाट सृष्टि, स्थिति र लय हुनेहुनाले उहाँ निमित्त र उपादान दुबै कारण हुनुहुन्छ। कुमालेले घट मात्र बनायो, त्यसमा आफू प्रवेश पनि भएन र कुमालेले माटो पनि बनाएको होइन। यस कारण कुमाले निमित्तकारण मात्र हो।

तत्सृष्ट्वा तदेवानुप्राविशत्।

(तैत्तिरीयोपनिषद्–२।६४)

परमात्माले चराचर सृष्टि गरी आफैं त्यसमा प्रवेश हुनु भयो।

अग्निर्मूर्धा चक्षुषी चन्द्रसूर्यौ
दिशः श्रोत्रे वाग् विवृताश्च वेदाः।

CC-0. In Public Domain. Digitization by eGangotri

वायुः प्राणो हृदयं विश्वमस्य
पद्भ्यां पृथिवी ह्येष सर्वभूतान्तरात्मा ॥
(मुण्ड– २।१।४)

जुन ईश्वरको द्युलोकरूप अग्नि शिर हो । तथा–ऋगादिक वेद उहाँका वाणी हुन् । बाह्य भूतात्मक वायु प्राण हो । यो सब जगत् हृदय अर्थात् अन्तःकरण हो । पृथ्वी परमेश्वरको पाद हो ।

ईश्वर रचित सृष्टि निरर्थक र सार हीन होइन, खूब बुद्धि पूर्वक रचना भएको छ । मानिसका निमित्त परमोपयोगी पनि छ । अज्ञानीहरू भन्दछन्– हिंसक जन्तु सृष्टि गरकोम। मानिसलाई केही लाभ छैन, केवल हानि मात्र छ । विचारणीय कुरा यो छ कि यदि ईश्वरले सर्प सृष्टि नगरेका भए कुनै मानिस पनि जीवित रहँदैन थिए । सर्पले विषालु वायुलाई खान्छ र मानिसले स्वच्छ र पवित्र वायु खान पाएका छन् । सर्पले विषालु वायुलाई नखाएको भए सबै मानिस मर्ने थिए ! नेपालको वायुमा विष ज्यादा कम भएकोले नेपालमा सर्पले टोकेर मानिस मर्दैनन् । भारतको वायुमा विशेष विष भएकोले त्यहाँका सर्पले टोक्दा मरिन्छ । वनको रक्षाको लागि बाघलाई सृष्टि गरेको हो । बाघ नभए वनको रक्षा हुन नसक्ने ।

दृष्टान्त– दुइ जना मित्र थिए, तिनमा एउटा ईश्वरमा भक्तिभाव गर्ने र अर्को तार्किक थिए ।दुइजना एकैसाथ घुमि-रहेका थिए, त्यस समय उनीहरूले ठूला-ठूला फर्सी फलेका तर बोटले भने त्यस भारलाई थाम्न नसकेको देखे । यस्तो देखि

CC-0. In Public Domain. Digitization by eGangotri

तार्किक बाबूले भने–ईश्वर बुद्धि भएका होइनन् ।यदि ईश्वर बुद्धिमान् भएको भए सानो लहरा भएको बोटमा यस्ता ठूला-ठूला फल किन फलाउँदथे । बोट फलको भार वहन गर्न नसक्ने अवस्थामा पुगको छ । यहाँ त साना-साना फल फलाउनु पर्दथ्यो । ईश्वरले जे जस्तो गर्दछन् भलाईका लागि गर्दछन् भन्ने विश्वास भएका मित्रले कुरा सुनेर पनि कुनै उतर दिएनन् । दुवै गैरहेका थिए, गर्मीको समय थियो । त्यस्तैमा उनीहरूले फलले युक्त एउटा ठूलो आँपको वृक्ष देखे र त्यस वृक्षको छाँयामा गएर बसे । तार्किक बाबू भन्छन्– यो आँपको वृक्ष भने अति ठूलो छ, यसमा जो फल फलेका छन् अति साना छन् । यदि ईश्वरको बुद्धि भएको भए फर्सी जत्रो फल यस वृक्षमा हुनु पर्ने र आँप जस्तो सानो फल फर्सी को बोटमा हुनु पर्दथ्यो । यस्तो कुरा हुँदै थियो, त्यस्तैमा एउटा आँप खसेर उनको टाउकोमा लाग्यो । अइया बा–बा भनी कराउन लागे । ईश्वर भक्त मित्र भन्दछन्– तिमीले भनेको जस्तो फर्सी जत्रो फल यस वृक्षमा फलेको भए अहिले तिम्रो टाउको कति टुक्रा हुने थियो होला । ईश्वरको सृष्टिमा जहाँ जस्तो हुनु पर्दछ त्यस्तै गरिएको छ । मन्द बुद्धि भएका मानिसको बुद्धि त्यहाँ सम्म पुग्न सक्तैन र ईश्वरलाई दोष दिन्छन् ।

ईश्वर रचित सृष्टिमा व्यावहारिक सत्ता हुन्छ, व्यवहार कालमा आज देखेको वस्तु भोलि पनि देख्न सकिन्छ र एउटाले जस्तो देखेको हुन्छ, सबैले त्यस्तै नै देखेका हुन्छन् । जस्तै माटो ढुङ्गा, रुख, पात, सूर्य, चन्द्रमा आदि ।

जीव रचित सृष्टिमा प्रातिभासिक सत्ता हुन्छ, त्यो देखुन्जेल सम्म मात्र रहन्छ, जस्तै स्वप्नको सृष्टि जीव सृष्टि हो जीव-जीव

CC-0. In Public Domain. Digitization by eGangotri

प्रति आ-आफ्नो सृष्टि हुन्छ, सबै जीव भिन्न-भिन्न स्वप्न देख्तछन् । जस्तै एउटा मन्दिरमा दश जना मानिस सुतेका थिए । दशै जनाले स्वप्न देखे, एउटाले देखेको स्वप्न अर्कालाई थाहा हुँदैन । त्यस्तै एउटाको अर्कालाई थाहा हुँदैन किनभने सबैका संकल्प फर्क-फर्क हुन्छन् ।

ईश्वर रचित सृष्टि सुख दुःखको हेतु हुँदैन । दुइ पुरुषका दुइ पुत्र विदेशमा गएका थिए । तिनमा एउटाको छोरा मर्‍यो, अर्काको भने जीवित छ । त्यो जीवित पुत्रले धरै धन र मान प्राप्त गरी कुनै पुरुषको द्वारा आफ्नो पिता कहाँ आफ्नो विभूतिको विषयमा र अर्काको मरण समाचार पठायो । त्यहाँ समाचार सुनाउनेको दुष्टताले जीवित पुत्रको पितालाई तिम्रो पुत्रको मरण भो र मृत पुत्रको पितालाई भने तिम्रो पुत्र निरोगी छ, उसले ठूलो विभूति पनि प्राप्त गरको छ भनी सुनाई दियो । त्यहाँ वञ्चकको वचन सुनेर जीवित पुत्रको पिता दुःखले रुन्छ । मृत पुत्रको बाबु भने ठूलो हर्षमा प्राप्त हुन्छ । यस्तो रीतिले देशान्तरमा ईश्वर रचित पुत्र जीवित हुँदा पनि मनोमय पुत्रको मरणबाट दुःख हुन्छ । ईश्वर रचित जीवित रहेको पुत्रको सुख हुँदैन । त्यस्तै अर्कालाई ईश्वर रचित पुत्रको मरणको दुःख हुँदैन, किन्तु मनोमय पुत्रको जीवनको सुख हुन्छ : अतः सुख दुःखको हेतु जीव सृष्टि नै हो ईश्वर सृष्टि होइन ।

वरुणका पुत्र भृगुले आफ्नो पिताको समीपमा गएर यस्तो प्रार्थना गरे- (अधीहि भगवो ब्रह्मेति) हे भगवान् ! मलाई ब्रह्मज्ञानको शिक्षा दिनुहोस् । वरुणले पुत्रलाई यस्तो उत्तर दिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति ।
यत्प्रयन्त्यभिसंविशन्ति तद्विजिज्ञासस्व तद् ब्रह्मेति ॥
(तैत्तिरी. उ. ३।१।१)

हे भृगु ! जसबाट समस्त प्राणीको उत्पत्ति हुन्छ, उत्पन्न, भएर पनि जसद्वारा जीवित रहन्छन् र अन्तमा जसमा विलीन हुन जान्छन् तिमी त्यस ब्रह्मलाई जान्ने इच्छा गर ।

त्वमादिदेवः पुरुषः प्रराणस्त्वमस्य विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम त्वया ततं विश्वमनन्तरूप ॥
(गीता. ११।३८)

तपाईं आदिदेव, पुराण पुरुष,तपाईं यस संसारका सबभन्दा ठूला आधार जान्ने, जान्न योग्य परधाम हुनुहुन्छ । हे अनन्तरूप तपाईं नै यो सारा संसारमा ब्याप्त हुनुभएको छ ।

जगतां पतये नमो नमो (यजुर्वेद १६।१८) संसारको पतिलाई नमस्कार छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

गायत्री जपको महिमा

वेंदजननी भगवती गायत्रीको वेद र अन्य सबै शास्त्रहरूले ठूलो महिमा गाएका छन् । वैदिक धर्मावलम्वी द्विज जातिहरूका सर्वाधार एवं परम श्रेष्ठ मन्त्र गायत्री मानिएकी छन् । गायत्री सबै मन्त्रहरू मध्ये, अमूल्य अद्वितीय र सर्वशक्तिकी भण्डार हुन् । इष्ट प्राप्ति र अनिष्ट परिहारको अलौकिक फल प्रदान गर्ने शक्ति राशि केवल गायत्री देवी नै हुन् । तात्पर्य यो हो कि गायत्री द्विज जातिहरूकी सर्वस्व र प्राण हुन्– भुक्ति–मुक्तिको आधारस्तम्भ हुन्, जसमा द्विज जातिहरूको जीवन अवलम्वित छ ।

गायत्री छन्दसां मातेति ।

(नारायणोपनिषद् ३४)

गायत्री समस्त वेदकी माता हुन् । वेदमाता गायत्रीले आफ्नो चारै हातमा चार वेद धारण गरकी छन् ।

भगवान् श्रीकृष्णजीले गीता १०–३५ मा भन्नु भएको छ– (गायत्री छन्दसामहम्) छन्दहरू मध्ये म गायत्री छन्द हुँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मणा वेदजननी प्रथमे पूजिता मुने ।
द्वितीये च देवगणैस्तत्पश्चाद्विदुषां गणैः ।।
तदा चाश्वपतिर्भूपः पूजयामास भारते ।
तत्पश्चात्पूजयामासुर्वर्णाश्चत्वार एव च ।।

(देवी भागवत ९।२६।३–४)

नारायणले भन्नुभयो– हे मुने ! सर्व प्रथम वेदजननी गायत्रीको पूजन ब्रह्माजीले गर्नु भयो, अनि देवताहरूले गरे। तदनन्तर विद्वान् पुरुषहरूले पूजा गरे। फेरि भारत वर्षमा राजा अश्वपतिले यिनको पूजन गरिसकेपछि चारै वर्णले यिनको पूजा गर्न लागे।

व्यासजी भन्नु हुन्छ– हे जनमेजय ! कुनै एक समयमा प्राणीहरूको कर्मफल भोगको अनुसार इन्द्रले १५ वर्ष सम्म वर्षा गरेनन्। यस अनावृष्टिबाट विनाशकारी दुर्भिक्ष उपस्थित भयो। घर–घरमा मृत्युको कारणले गर्दा अगणित शव एकत्रित भए। अश्व, शूकर र मनुष्यहरूको समेत भक्षण हुन लाग्यो, क्षुधाले पीडित माता आफ्नो बालकलाई र पुरुष आफ्नी स्त्रीलाई खान तयार भएका थिए। यस भयंकर स्थितिलाई देखेर ब्राह्मणहरूले विचार गरे कि तपो धन गौतम ऋषि हाम्रो यस घोर संकटलाई अवश्य हटाउन सक्ने छन्; यसकारण हामीहरू उनैको आश्रममा जाऔं। किनभने उनी गायत्रीको सच्चा उपासक हुन्, उनी कहाँ यस दुर्भिक्ष कालमा पनि सुभिक्ष नै छ। यस समयमा उनी कहाँ अनेकौं प्राणी उपस्थित भएका छन्। यस्तो विचार गरी आफ्ना अग्निहोत्र सामन,कुटुम्व, गोधन तथा दास आदिलाई लिएर ब्राह्मणहरू गौतमको आश्रममा गए।

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी चारै दिशाबाट धेरै ब्राह्मणहरू आफू कहाँ आएका देखेर गौतमले उनीहरूलाई प्रमाण गरे। आसनादि उपचार दिएर उनले ब्राह्मणहरूलाई श्रद्धा भक्तिको साथै पूजन गरी कुशल प्रश्नको पश्चात् आगमनको कारण सोधे। तव ब्राह्मण-हरूले दुर्भिक्षद्वारा प्राप्त हुन गएको आफ्ना दुःखहरू सबै सुनाए। ती सबै दुःखी ब्राह्मणहरूलाई गौतमले अभय दान दिई भने– हे विप्रवर ! यो आश्रम तपाइँहरूकै हो, म त तपाइँहरूको सेवक हुँ। तपाइँहरूको आमगनले म कृतकृत्य भएको छु। जसको दर्शनले नै दुष्कृत पनि सुकृत हुन जान्छ, तपाइँहरूको चरणरजले मेरो आश्रम अहिले परम पवित्र भएको छ। यस समयमा मेरो समान धन्य अरू को हुन सक्छ।

तपाइँहरू सबै संध्या–परायण ब्राह्मण यहाँ सुखपूर्वक निवास गर्नु होस्। यस प्रकारले सबै ब्राह्मणहरूलाई आश्वासन दिएर गौतमले भक्तिपूर्वक भगवती गायत्रीको प्रार्थना गरे– हे देवी महाविद्ये ! ! तपाइँ वेदमाता र परात्पर स्वरूप हुनुहुन्छ। तपाइँ व्याहृति आदि महामन्त्र एवं प्रणव रूपिणी हुनुहुन्छ। तपाइँ साम्यावस्था रहने हीकार स्वरूपा हुनुहुन्छ। इत्यादि प्रकारले स्तुति गरेकाले भगवती जगन्माता गायत्रीले गौतलाई प्रत्यक्ष दर्शन दिनु भयो।

गौतमको अभिप्राय जानेर गायत्रीले सबै प्राणीलाई पोषण गर्नमा समर्थ पूर्णपात्र ऋषिलाई प्रदान गरी भन्नु भयो– तिमी जब-जब, जुन–जुन वस्तुको इच्छा गर्ने छौ, तव-तव, त्यही-त्यही वस्तु तिमीलाई यस पूर्णपात्रद्वारा प्राप्त हुनेछ। यति भनी गायत्री अन्तर्धान हुनु भयो। तत्पश्चात् गौतमले इच्छा गर्नासाथ

CC-0. In Public Domain. Digitization by eGangotri
पूर्णपात्रद्वारा पर्वत समान अन्नको थुप्रो लाग्यो । एवं प्रकारले दिव्य भूषण, रेशमी वस्त्र' यज्ञ-सामग्री तथा विभिन्न पात्र इत्यादि त्यस पात्रबाट निसक्यो । तब गौतमले सबै ब्राह्मणहरूलाई बोला-एर प्रसन्न चितले धनधान्य र वस्त्राभूषणादि अर्पण गरे ।

ती सबै ब्राह्मण मुनिको आदेशानुसार यज्ञमा तत्पर भए । स्वर्गको समान त्यो आश्रममा विशाल शरणालय बन्न गयो । तीनै लोकमा जुन-जुन श्रेष्ठ पदार्थ छन्, ती सबै पूर्णपात्रद्वारा प्राप्त हुँदै गयो । अन्य अनेकौं प्राणीहरूलाई समेत मुनिले भरण-पोषण गरे । नाना प्रकारको यज्ञहरू विधिवत् सम्पन्न हुनाले देवताहरू पनि परम तृप्तिमा प्राप्त भएर महर्षि गौतमको प्रशंसा गर्न लागे ।

एक दिन इन्द्रले आफ्नो सभामा देवताहरूलाई भने–अहो ! महर्षि गौतम यो समय हाम्रो लागि कल्पवृक्षको समान भएका छन् । किनभने यिनीबाट हाम्रो मनोरथ पूर्ण भइरहको छ, अन्यथा जीवनको आशा पनि दुर्लभ भएको दुर्भिक्ष कालमा हामीलाई कसले हवि दिन्थे ? महर्षि गौतमले ती सबै शरणा-र्थीहरूलाई १२ वर्ष सम्म भरण–पोषण गरे । ती सबैलाई पुत्रवत् पालन गरेर पनि उनमा गर्वको गन्ध सम्म पनि भएन । ती मुनि श्रेष्ठ गौतमले भगवती गायत्रीको उपासना गर्नको लागि श्रेष्ठ स्थान बनाई दिएका थिए, त्यसै स्थानमा गएर ब्राह्मणहरू गायत्रीको पूजन गर्ने गर्दथे । एक दिन देवर्षि नारद गौतमको आश्रममा आई आफ्नो महती नाम गरको वीणा बजाउँदै गाय-त्रीको गुण–गान गर्न लाग्नु भयो । गौतमादि सबै मुनिहरूले नारदको स्वागत-सत्कार र विधिवत् पूजा गरे ।

नारदजीले भन्नुभयो– हे ब्रह्मर्षे! म देवताहरूको सभामा

CC-0. In Public Domain. Digitization by eGangotri

गएको समयमा इन्द्रले समेत तपाइँको यश गाएको सुने । उनको कथन छ कि महर्षि गौतमले सबैको भरण-पोषण गरी स्वच्छ यश प्राप्त गरे । इन्द्रको मुखबाट यो कुरा सुनेर नै म तपाइँको दर्शनार्थ यहाँ आएको हुँ, तपाइँ भगवती गायत्रीको कृपाले धन्य हुनु भएको छ । यस्तो भनी नारदजी गौतम द्वारा निर्मित गायत्री–मन्दिरमा गई जगदम्बाको दर्शन गरी स्वर्गलोक जानु भयो । परन्तु ती ब्राह्मण मध्ये धेरै यस्ता पनि थिए; गौतमको उत्कर्षलाई सुनेर ईर्ष्या गर्न लागे । उनीहरूले विचार गरे कि कुन कर्म गर्नाले यी मुनिको यश कीर्ति नाश हुन्छ त्यो गरौं । यस्तो निश्चय गरी एउटी मृत्युको निकटमा पुगिसकेकी गाईलाई गौतमको यज्ञशालामा हुलिदिए । मुनिले हूँ हूँ शब्दगरी ती जीर्ण-शीर्ण देह भएकी गाईलाई आउन रोक्दा रोक्दैमा प्राण त्याग गरिन् । अनि ती सबै ब्राह्मण यो दुष्ट गौतमले गौ-हत्या गर्‍यो भनी कराउन लागे । गौतम पनि गौ–हत्या भएको देखेर अत्यन्त विस्मयमा परे ।

उनले गौ-हत्याको कारण जान्नको लागि समाधि गरे, अनि उनलाई ब्राह्मणहरूका दुष्कर्म थाहा भयो र अत्यन्त क्रुद्ध भए । उनले ती ईर्ष्यालु ब्राह्मणहरूलाई शाप दिए । हे नीच विप्रहरू हो ! तिमीहरूले भगवती गायत्रीको ध्यान र जपदेखि सर्वथा उन्मुख हुनु परोस् । अन्धकूप आदि नरकको भोग प्राप्त होस् । यति शाप दिई गौतम भगवती गायत्री माताको दर्शनार्थ मन्दिरमा गएर देवीको चरणमा प्रणाम गरे । ब्राह्मणहरूको यस कृतघ्न-तालाई थाहा पाएर गायत्रीको मुख मण्डल विस्मय युक्त भएको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

गायत्रीले गौतमलाई भन्नु–भयो सर्पलाई पिलाएको दूध पनि विष हुन जान्छ । हे मुने ! कर्मको यस्तै नै गतिलाई जानेर धैर्य धारण गर । तब मुनिले देवीलाई प्रणाम गरी आफ्नो आश्रममा आए । यसको पश्चात् शापदेखि पीडित भएका ती ब्राह्मणहरू सम्पूर्ण वेदाध्ययन र गायत्री मन्त्र देखि विस्मृत भए । यस्तो भएपछि सबै ब्राह्मणले गौतमको शरण परी क्षमा पार्थना गरे । मुनिको हृदय करुणाले भरियो र भने– हे ब्राह्मणहरू हो । तिमीहरूले कृष्णावतार भए सम्म कुम्भी पाक नरकको कष्ट भोग्नु पर्नेछ,किन भने मेरो शाप असत्य हुँदैन । कलियुग लागेपछि तिमीहरूको पृथ्वीमा जन्म हुनेछ । मेरो शापदेखि मुक्त हुने उपाय एक मात्र भगवती गायत्रीको चरण–कमलको सेवा गर्नु हो । गौतमको शाप सबै ब्राह्मणहरू लाई लाग भएन केवल ईर्ष्यालु गर्ने ब्राह्मणहरूलाई मात्र लाग भयो ।

व्यासजी भन्नुहुन्छ – हे जनमेजय ! गौतमले यस्तो प्रकारको शान्त्वना दिएर ब्राह्मणहरूलाई विदा दिए । भगवान् श्रीकृष्णजी जब परमधाम जानु भयो, तब कलियुग आयो र ती सब ईर्ष्यालु ब्राह्मण कुम्भीपाक नरकदेखि मुक्त भएर पथ्वीमा ब्राह्मण भएर जन्मे ।

भुवि जाता ब्राह्मणाश्च शापदग्धाः पुरा तु ये ।
संध्यात्रयविहीनाश्च गायत्री भक्तिवर्जिताः ॥
वेद भक्तिविहीनश्च पाखण्डमतगामिनः ।
अग्निहोत्रादिसत्कर्मस्वधास्वाहाविवर्जिताः ॥

(देवी भागवत १२।९।९३–९४)

CC-0. In Public Domain. Digitization by eGangotri

ती जति पनि शापदग्ध ब्राह्मण थिए, ती सबै त्रिकाल संध्याले रहित र गायत्रीको भक्तिदेखि बंचित भएर ब्राह्मण जातिमा जन्म लिए। तिनीहरूको मनमा वेदको प्रतिश्रद्धा भएन, पाखाण्ड धर्मलाई पालन गर्ने भए। अग्निहोत्र स्वधाकार र स्वाहाकारदेखि विमुख भएर जीवन-यापन गर्न लागे। यो कथा दवी भगवतको १२ स्कन्धको ९ अध्यायको हो।

यावज्जीवनपर्यन्तं त्रिःसंध्यां य करोति च ।
सच सूर्यसमो विप्रस्तेजसा तपसा सदा ॥
तत्पादपद्मरजसा सद्यः पूता वसुंधरा ।
जीवन्मुक्त : स तेजस्वी संध्यापूतो हि यो द्विजः ॥
(दे. भा. ६।२६।२७–२८)

जुन ब्राह्मण जीवनभर त्रिकाल सन्ध्या गर्दछन्, तिनमा सूर्यको समान तेजस्विता हुन्छ। उनको चरणको रजले पृथ्वी पवित्र हुन जान्छिन्। सन्ध्याको प्रभावले जसको हृदय पाप रहित भएको होस्, ती द्विज जीवित नै जीवन्मुक्त हुन्।

न गृह्लंति सुराः पूजां पितर : पिंडतर्पणम् ।
स्वेच्छया च द्विजातेश्च त्रिसंध्यारहितस्य च ॥
(दे. भा. ६।२६।३०)

त्रिकाल संध्या हीन द्विजले दिएको पिण्ड दान र तर्पणलाई पितृ ग्रहण गर्दैनन् र देवता पनि उसले गरेको पूजा स्वीकार गर्दैनन्।

गायत्र्यास्तु परं नास्ति इह लोके परत्र च ॥
(दे. भा. ११।३।१०)

CC-0. In Public Domain. Digitization by eGangotri

यस लोक र परलोकमा पनि गायत्रीको समान कुनै अरू मन्त्र छैन ।

धिगस्तु जन्म तेषां वै कृतघ्नानां तु पापिनाम् ।
ये सर्वमातरं देवीं स्वोपास्यां न भजन्ति हि ॥
(दे. भा. ११।१८।६५)

जो सर्वमाता देवीलाई आफ्नो उपास्य मानेर उनको भजन गर्दैनन् ती कृतघ्न पापीहरूको जन्मलाई धिकारछ ।

पठेच्च चतुरो वेदान् गायत्रीं चैकतो जपेत् ।
वेदानां चावृतेस्तद्वद्गायत्रीजप उत्तमः ॥
(दे. भा. ११।१६।२३)

एकातिर चारै वेदको अध्ययन र अर्कोतिर गायत्रीको जपलाई राखेर तुलना गरेमा गायत्री जपको नै पलडा गरुङ्गो हुनेछ ।

सर्वे शाक्ताद्विजाः प्रोक्ता न शैवा न च वैष्णवाः ।
आदिशक्तिमुपासन्ते गायत्रीं वेदमातरम् ॥
(दे. भा. ११।२१।६)

जुन द्विज आदि शक्ति वेदमाता गायत्रीको उपासना गर्दछन्, ती सबैलाई शाक्त भनिन्छ, शैव अथवा वैष्णव भनिदैन ।

कुर्यादन्यन्न वा कुर्यादनुष्ठानादिकं तथा ।
गायत्रीमात्रनिष्ठस्तु कृतकृत्यो भवेद्द्विजः ॥
(दे. भा. १२।१।८)

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै अन्य अनुष्ठानलाई गरून्, अथवा न गरून्, परन्तु यदि एक मात्र गायत्रीको अनुष्ठान गरेमा द्विज त्यसबाट कृतकृत्य हुन सक्छन् ।

महाभारतको आदि पर्वमा जरत्कारु ऋषिको कथा छ । उनले सर्पराज वासुकिकी बहिनी आफ्नै नामकी नाग कन्यासंग विवाह गरेका थिए । विवाहको समय उनले ती कन्या संग यो शर्त गरेका थिए कि यदि तिमीले मेरो कुनै पनि अप्रिय कार्य गऱ्यौ भने म त्यस क्षण तिमीलाई परित्याग गरिदिनेछु । एक दिन यस्तो हुनगयो, ऋषि आफ्नी धर्मपत्नीको काखमा शिर राखेर सुतेका थिए । त्यस्तैमा सूर्यास्तको समय भयो । किन्तु ऋषि जागेनन्, अनि ऋषिपत्नीले विचार गरिन् कि ऋषिको सायं सन्ध्याको समय भयो; यदि यिनलाई जगाईं भने अवश्य यिनले क्रुद्ध भएर मलाई परित्याग गर्ने छन् र यदि जागा गराइन भने ऋषिको धर्म लोप हुनजान्छ । धर्मप्राण ऋषिपत्नीले अन्तमा यही निर्णय गरिन् कि पतिदेवले बरु मलाई त्याग गरून् ठीक छ, परन्तु उनको धर्मको रक्षा मैले अवश्य पनि गराउनु पर्छ । यस्तो विचार गरी उनले पतिलाई जागा गराइन् । ऋषिले आफ्नो इच्छाको विरुद्ध जगाइदिएकोमा क्रुद्ध भएर आफ्नो पूर्व प्रतिज्ञाको स्मरण गराएर पत्नीलाई त्याग्न तत्पर भए । पत्नीले उनलाई जगाउनको कारण बताए पछि ऋषिले भने– हे मुग्धे ! तिमीले यतिको दिनसम्म मेरो साथमा रहेर पनि मेरो प्रभावलाई जान्न सकिनौ । मैले आजसम्म कहिले पनि सन्ध्याको समयलाई अतिक्रमण गरेको छैन । फेरि के आज सूर्य भगवान् मेरो अर्घ्य लिए विना नै अस्त हुन सक्नु हुन्छ, यस्तो हुँदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिरस्ति न वाम्भोरु मयि सुप्ते विभावसोः ।।
अस्तं गन्तुं यथाकालमिति मे हृदि वर्तते ।

(म भा. आदि ४७।२५–२६)

हे सुन्दरी ! सूर्यमा यत्तिको शक्ति छैन कि म सुतेको समयमा मबाट अर्घ्य नलिइकन अस्त हुनु । मेरो हृदयमा यस्तो दृढ विश्वास छ ।

सन्ध्याहीनोऽशुचिर्नित्यमनर्हः सर्वकर्मसु ।
यदन्यत् कुरुते कर्म न तस्य फलभाग्भवेत् ।।

(दक्षस्मृति. २।२३)

सन्ध्याहीन द्विज नित्य नै अपवित्र हुन् र सम्पूर्ण धर्मकार्य गर्नमा अयोग्य हुन्छन् । तिनीहरूले जतिसुकै अन्य कर्म गरे पनि त्यसको फल मिल्दैन ।

एतदक्षरमेतां च जपन् व्याहृतिपूर्विकम् ।
सन्ध्ययोर्वेदविद्विप्रो वेदपुण्येन युज्यते ।।

(मनुस्मृति २।७८)

प्रातः सायं ओंकार एवं पूर्वोक्त तीनै व्याहृतिहरूले युक्त गायत्री मन्त्र जपने भएका वेदविज्ञ ब्राह्मण तीनै वेदको अध्ययनको पुण्यलाई प्राप्त गर्दछन् ।

न तिष्ठति तु यः पूर्वां नोपास्ते यश्च पश्चिमाम् ।
स शूद्रवद्बहिष्कार्यः सर्वस्माद्द्विजकर्मणः ।।

(मनुस्मृति २।१०३)

CC-0. In Public Domain. Digitization by eGangotri

जुन द्विज प्रातः काल र सायङ्कालको सन्ध्या गर्दैनन् तिनलाई शूद्रको समान द्विजातिहरूले गर्ने सबै कर्महरूदेखि अलग गरिदिनु पर्छ ।

निशायां वा दिवा यां वा यदज्ञानकृतं भवेत् ।
त्रिकालसन्ध्याकरणात्तत्सर्वं हि प्रणश्यति ॥

(याज्ञवल्क्यस्मृति ३।३०८)

दिनमा वा रात्रिको समय अनजानमा जुन पापहरू हुन जान्छन्, ती सबै तीनै कालको सन्ध्या गर्नाले नष्ट हुन्छन् ।

सहस्रपरमां देवीं शतमध्यां दशावराम् ।
गायत्रीं यो जपेन्नित्यं न स पापैर्विलिप्यते ॥

(नरसिंहपुराण ५८।८६)

वढीमा एक हजार, साधारणतया एक सय अथवा कमसेकम दश वार जो द्विज गायत्री जप्दछ, त्यो पापहरूले लिप्त हुँदैन ।

गायत्री मन्त्र–
तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ॥

(ऋग्वेदसंहिता ३।६२।१०)

हामीहरू सबैको बुद्धिमा उत्तम गुण, कर्म र स्वभावमा प्रेरित गरून्, सम्पूर्ण एश्वर्यले युक्त, स्वामी र सम्पूर्ण ऐश्वर्यको दाता, प्रकाशमान, सबैलाई प्रकाश गर्ने भएको, सर्वत्र व्यापक अन्तर्यामी सबभन्दा उत्तम प्राप्त हुनयोग्य, पापरूप दुःखहरूको मूल नष्ट गर्ने भएको प्रभावलाई धारणा गरौं ।

गायत्रीको महत्व अनेक स्थानहरूमा प्रदर्शित छन् । स्तुति

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नेलाई रक्षा गर्नुको कारण गायत्री मन्त्रको गायत्रीत्व सिद्ध भएको छ। गायत्री मन्त्रको महत्व यसबाट पनि सिद्ध भएको छ कि वेदहरूमा कुनै अन्य मन्त्रहरूको यतिको प्रचार र सम्भावना छैन, जति गायत्री मन्त्रको भएको छ।वेदहरूमा धरै गायत्रीछन्द नै छन्,ऋग्वेदको सर्वप्रथम मन्त्र गायत्रीछन्दमा छ,जो(अग्निमीले) बाट प्रारम्भ भएको छ (तत्सवितुर्वरण्यम्) मन्त्रमा गायत्रीको सबै अर्थ सन्निहित हुन्छ।

गायत्री वेद मातास्ति साद्या शक्तिर्मता भुवि ।
जगतां जननी चैव तामुपासे ऽ हमेव हि ॥

(गायत्री मंजरी ५)

शिवजी पार्वतीलाई भन्नुहुन्छ– गायत्री वेदमाता हुन् पृथ्वीमा उनीलाई आद्याशक्ति भनिन्छ र संसारकी माता हुन्। म उनैको उपासना गर्दछु।

गायत्री चारै वेदकी सार हुन्। जस्तो पुष्पहरूको सार मधु हो, दूधको सार घृत र रसको सार दूध हो। उनी जीव ब्रह्मको वास्तविक–एकता आदि रहस्यहरूको बोधन गर्दछिन्, सम्पूर्ण मनोरथहरूलाई सिद्ध गरिदिन्छिन्, अनादिकालदेखि व्यास–वसिष्ठादि शिष्ट पुरुषहरूद्वारा गायत्रीको उपासना चलेर आइरहको छ। सबै प्रकारका पाप र संतापहरूलाई नाश गर्दछिन्, उनी ब्राह्मणादि-द्विजहरूका र वेदहरूकी जननी हुन्, हृदय कमल स्थित ब्रह्म चैतन्यकी आवास भूमि हुन्। सबै वेदहरूका गूह्य (रहस्यमयी) उपनिषद् (वेदान्त) हो र उपनिषद्हरूका पनि साररूप गायत्री हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत शान्तिपर्व मोक्षधर्मको १९९ अध्यायमा गायत्री महिमाको अति सुन्दर उपाख्यान छ । कौशिक गोत्रमा उत्पन्न भएका पिप्पलादका पुत्र ठूला तपस्वी एवं धर्मनिष्ठ ब्राह्मण थिए । उनले गायत्रीको जप खूब गर्ने गरेका थिए । लगातार एक हजार वर्षसम्म गायत्रीको जप गरिसकेपछि गायत्रीदेवीले उनलाई साक्षात् दर्शन दिएर भनिन् कि म तिमीदेखि अत्यन्त प्रशन्न भएको छु । परन्तु त्यस समय ती ब्राह्मण जप गरिरहेका हुनाले गायत्रीलाई कुनै उत्तर दिएनन् । वेदमाता गायत्रीले उनको त्यो जप निष्ठालाई देखेर ज्यादा प्रशन्न भई प्रशंसा गरी खाडा भएर रहिन् । जसको साधनमा दृढ हुन्छ, त्यस्ता पुरुष साध्य चाहे छुटोस् साधन भने छोड्दैनन् । जपको संख्या पूरा भएपछि ती ब्राह्मणले खडा भई दवीको चरणमा ढोगे । भक्ति भावले प्रार्थन गरिसकेपछि ब्राह्मण भन्दछन्– यदि तपाईं मदेखि प्रशन्न हुनुहुन्छ भने कृपा गरेर मलाई यो वरदान दनुहोस् कि मेरो मन निरन्त जपमा नै लागिरहोस् र जप गर्नमा मेरो इच्छा उत्तरोत्तर बृद्धि हुँदै जावोस् । भगवती गायत्री ब्राह्मणको निष्काम भावलाई देखेर अत्यन्त प्रसन्न भइन् र तथास्तु भनी अन्तर्धान भइन् ।

नास्ति गङ्गासमं तीर्थं न देवः केशवात्पर : ।
गायत्र्यास्तु परं जाप्यं न भूतं न भविष्पति ।।

(बृ. यो. या. १०।१०)

संसारमा गंगाको समान अरू कुनै तीर्थ छैनन्, केशवको समान अरू कुनै देवता छैनन्, त्यस्तै प्रकार गायत्री भन्द ठूलो जप गर्न

CC-0. In Public Domain. Digitization by eGangotri

योग्य मन्त्र न छ, न हुन्छ, न भयो र न त हुन सक्नेछ ।

भगवान्‌ा श्रीकृष्णजीले आफ्नो श्रीमुखले गीत १०।२५ मा भन्नु भएको छ– (यज्ञानां जपयज्ञोऽस्मि) यज्ञहरूमा म जपयज्ञ हुँ ।

सव्याहृतिकां सप्रणवां गायत्रीं शिरसा सह ।
ये जपन्ति सदा तेषां न भयं विद्यते क्वचित् ॥
(शङ्ख स्मृति ११।२)

व्याहृति प्रणव एवं शिरोमन्त्र सहित जो गायत्री सर्वदा जप्दछन्, तिनलाई काँही कसै द्वारा भय हुँदैन, सदा सर्वत्र सर्वथा निर्भय हुन जान्छन् ।

गायत्री तद्ब्रह्मैव तदस्य सर्वस्योत्तमं ।
करोति तस्मात् ब्रह्मस्य सर्वस्योत्तममित्याहु : ॥
(शतपथ ब्राह्मण १४।६।२७)

जो गायत्री हो, त्यही ब्रह्म हो, त्यसको जसले जप ध्यानादि-द्वारा समुचित उपासना गरेको छ भने त्यसलाई गायत्रीले सत्रै उत्तम (ब्रह्मरूप) गरिदिन्छिन्, यस्तो विद्वान्‌को भनाइ छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

कालातीत भगवान्

संसार परमाणु रचित हो वा ईश्वर रचित हो ? कालवादीहरू काल रचित मान्दछन् र ईश्वरबादी ईश्वर रचित मान्दछन् । जहाँसम्म काल रचित र ईश्वर रचितको विषयमा राम्रो बोध हुँदैन त्यहाँसम्म यस विषयमा भ्रमनै भइरहको हुन्छ ।

कालः सृजति भूतानि कालः संहरते प्रजाः ।
सर्वे कालस्य वशगा न कालः कस्यचिद्वशे ॥

(शिवगीता १७।१६)

कालैले सृष्टि गर्दछ कालैले संहार गर्दछ, सबै कालका वशमा छन्, काल कसैको वशमा छैन ।

जनम मरन सब दुख सुख भोगा ।
हानि लाभ, प्रिय मिलन वियोगा ।।
काल करम बस होंहि गुसाईं ।
बरबस राति दिवस की नाईं ।।

(तु. रा. अयो. दो. १५०।५–६)

CC-0. In Public Domain. Digitization by eGangotri

हे स्वामी ! जन्म, मरण, सुख भोग, दुःख भोग, हानि,-लाभ, प्रियसंयोग र प्रियवियोग यी सबै कुरा काल र प्राक्तन कर्मका अधीनमा रहेर रात्रि र दिन जस्तै बराबर फिरिरहेका हुन्छन ।

मातुलो यस्य गोविन्दः पिता यस्य धनंजयः ।
सो ऽपि कालवशं प्राप्तः कालो हि दुरतिक्रमः ॥

(म. भा.)

अभिमन्युको मामा भगवान् श्रीकृष्णजी हुनुहुन्थ्यो र पिता धनुषधारी अर्जुन थिए । त्यस्ता अभिमन्यु समेत कालको वशमा प्राप्त भए भने काल कति बलियो रहेछ ।

सर्वः कालवशेन नश्यति नरः को वा परित्रायते ।

(राजा भोज ११)

सबै प्राणी कालका वशमा परी नष्ट भएर जान्छन् । कसैको पनि कालबाट बचने सामर्थ छैन ।

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥

(गीता ४।३८)

यस संसारमा ज्ञान बराबर पवित्र अवश्य पनि अर्को छैन । त्यो ज्ञान कालन्तरमा कर्मयोगद्वारा सिद्ध भएपछि आफ्नै हृदयमा पाइन्छ

कालेन परिपच्यन्ते कृषिगर्भादयो यथा ।
तद्वदात्मविचारोऽपि शनैः कालेन पच्यते ॥

(पं. ध्यान दीप ३७)

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै खेती, गर्भको वलक आदि कालले परिपक्क भएर फल्दछन् र जन्मन्छन् । त्यस्तै आत्मविचार पनि शनै-शनै परिपक्क हुन्छ ।

कुनै एक राजा महापराक्रमी थिए । उनले विवाह गरे, प्रथम समागमको समयमा रानीले भनिन्– तपाईं त सामर्थवान् हुनुहुन्छ यसकारण यस्तो गर्भदान दिनुहोस् कि यसै प्रथम समागमले नै मलाई गर्भ रहोस् र पराक्रमी पुत्र पैदा होस् ।

राजाले भने– यस्तो कसरी हुन सक्छ ? गर्भ त समयमा नै रहन्छ त्यसको लागि तिमीले योग्य वन्नु पर्दछ ।

रानीले भनिन्– के तपाईं पुरुषत्वहीन हुनुहुन्छ अथवा मरो स्त्रीत्वमा केही कमी छ ?

राजाले भने– यस्तो होइन ऋतुकालमा नै गर्भधारण हुन्छ, त्यो पनि प्रथम समागमबाट पुत्र हुन्छ भन्ने कुनै निश्चय छैन । यस्तै प्रकार (अहं ब्रह्मास्मि) भन्नाले मात्र तत्क्षणमा म नै ब्रह्म हुँ भन्ने निश्चय हुन सक्तैन । जसले धरै कालसम्म परिश्रम गरी भोग भोगी मुक्त भएर वैराग्यवृत्तिमा प्रवेश गरको छ र निष्काम भइसकी, आत्मानुसन्धानमा लागको छ, वासनालाई क्षय गरिसकेको छ, सम्पूर्ण शास्त्रविहित कर्मको अनुष्ठान समाप्त गरी आत्मज्ञान जान्नको तीव्र इच्छा छ, जसको चित्तवृत्ति निर्मल भइसकेको छ र जसको केही अधूरा संस्कार पूर्ण भइसकेको छ भने त्यही पुरुष ब्रह्मलाई प्राप्त गर्नमा सामर्थ हुन्छ ।

नित्येष्वभावादनित्येषु भावत् कारणे कालाख्येति ।

(वै. २।२।६)

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्वार्थ यो हो कि सृष्टि प्रलय, जन्म मरण सबै कालबाट नै हुन्छ। कालतत्व अति गहन भएकोले शीघ्र बुझ्न कठिन पर्दछ। यसमा पञ्चभूतका कुनै पनि तत्त्व छैनन्। पञ्चतन्मात्रा पनि न भएकोले इन्द्रिय जनित ज्ञानदेखि अगम्य छ। संकल्प-विकल्प चिन्तन र निश्चय गर्नु मन, बुद्धि, चित्तको स्वभाव हो, अहं गर्नु जीवको स्वभाव हो। इत्यादि स्वभाव पनि कालमा छैनन्। त्रिगुणमयी स्वभाव पनि कालमा छैनन्।

माकुरु धनजनयौवनगर्वम्।
हरति निमेषात् कालः सर्वम्॥

धन, जन र यौवनको गर्व नगर, किनकि कालले यी सबैलाई निमेष मात्रमा हरण गर्दछ।

कालः पचति भूतानि कालः संहरते प्रजाः।
कालः सुप्तेषु जागर्ति कालो हि दुरतिक्रमः॥
(चा. नीति. ६।७)

काल सबै प्राणीहरूलाई खान्छ, काल नै सबै प्रजालाई नाश गर्दछ र सबै पदार्थ लय भएपछि पनि काल जागै रहन्छ; काललाई कसैले पनि मार्न सक्तैनन्।

समय वडो वलवान है, नही पुरुष वलवान।
काबे अर्जुन लूटिया, वही धनुष वही वाण॥

(१) सामन्य दृष्टिले आत्मा र कालमा कुनै भेद देखिदैन। आत्मा अजन्मा छ, काल पनि अजन्मा छ। काल स्वयं अन्जमा रहेर सबैको जन्म सिद्ध गर्दछ। सबै सृष्टि कालमा उत्पन्न हुन्छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

(२) आत्मा अमर छ, काल पनि अमर छ। किन भने काल अवधि हो। काल अवधिमा नै सबै मृत्युमा प्राप्त हुन्छन्। काल सबैको मृत्युलाई सिद्ध गर्दछ।

(३) आत्मा अजर छ, काल पनि अजर छ। काल स्वयं अजर रहेर सबैलाई जरा बनाउँदछ।

(४) आत्मा सर्वव्यापक छ, काल पनि सर्वव्यापकछ, परमाणुदेखि महानसम्म काल निरन्तर विद्यमान छ र अणु-अणुमा व्यापक छ।

(५) आत्मा सबैमा व्याप्त र असङ्ग छ, काल पनि सबैमा व्याप्त र असङ्ग छ। कालको कोही पनि शत्रु-मित्र र वान्धव छैन, न यसको कोही आफ्नो र परायी छ।

(६) आत्मा सम छ, त्यस्तै काल पनि सम छ। काल न धर्म-पक्षपाती छ र न अधर्म – पक्षापाती नै छ।

(७) आत्मा नित्य छ, काल पनि नित्य छ। काल स्वयं नित्य रहेर सबैलाई अनित्य सिद्ध गर्दछ।

(८) आत्मा अपरिच्छिन्न छ, काल पनि अपरिच्छिन्न छ। काल आफ्नो वर्तमानतामा नै सबैको परिच्छिन्नतालाई सिद्ध गर्दछ।

(९) आत्मा असीम छ, काल पनि असीम छ। काल स्वयं असीम रहेर सबैको सीमा सिद्ध गर्दछ।

(१०) आत्मा अज्ञेय छ, काल पनि बुद्धिदेखि अतीत भएको अज्ञेय छ।

CC-0. In Public Domain. Digitization by eGangotri

(११) आत्मा अनन्त छ, काल पनि अनन्त छ। काल स्वयं अनन्त रहेर सबैलाई अन्त गर्दछ।

(१२) आत्मा आनादि छ, काल पनि अनादि छ। काल स्वयं अनादि रहेर सबैको आदि सिद्ध गर्दछ।

(१३) आत्मा अप्रमेय छ, काल पनि अप्रमेय छ। काल स्वयं अप्रमाणित रहेर सबैको प्रमाणित गर्दछ। इत्यादि प्रमाणहरूबाट आत्मामा र कालमा कुनै अन्तर देखिदैन तापनि विशेष दृष्टिले अवलोकन गर्दा अन्तर नै देख्नमा आउछ।

आत्मा स्वयं प्रकाश छ र आफ्नो प्रकाशद्वारा अरूलाई प्रकाश गर्दछ।आत्माको प्रकाश प्राप्त भएकोले नै बुद्धिमा निश्चय गर्ने सामर्थ उपलब्ध भएको छ, मनमा संकल्प-विकल्प, चित्तमा चिन्तन, पञ्च ज्ञानेन्द्रियमा पञ्चविषय भोग गर्ने सामर्थ प्राप्त भएको छ। कालस्वयं प्रकाश होइन र कालको सत्ता प्राप्त भएर मन, बुद्धि, चित्तमा चेतना प्राप्त हुन गएको पनि होइन। कालको सत्ताबाट पञ्चज्ञानेन्द्रियले पञ्चविषयको भोग गरेको पनि होइन। कालको अरूलाई सत्तादिन सक्ने सामर्थं छैन। काल स्वयं आत्मचेतनद्वारा प्रकाशित र प्रमाणित भएको छ। आत्मा सर्व शक्तिमान भएकोले पिण्ड र ब्रह्माण्डलाई पनि शक्ति दिन्छ। काल सर्वशक्तिमान होइन, त्यसको पिण्ड र ब्रह्माण्डलाई शक्ति प्रदान गर्ने सामर्थ छैन। काल स्वयं आत्म शक्तिद्वारा गतिशील प्रमाणित हुन्छ। आत्मा ज्ञानस्वरूप छ तर काललाई भने केवल काल-गणनाको निमित्त मात्र प्रयोगमा ल्याइन्छ। आत्मा काललाई जान्दछ तर काल आत्मालाई

CC-0. In Public Domain. Digitization by eGangotri

जान्दैन । काल अचेतन तत्त्व हो र आत्मा चेतन तत्त्व हो । अचेतन तत्त्व चेतन तत्त्ववाट नै प्रमाणित हुन्छ । आत्माको सत्ता पाएर काल समस्त संसारलाई भय भीत गर्दछ, स्वयं अचेतन छ । जुन मानिस आत्मादेखि विमुख छन्, तिनै माथि काल शासन गर्दछ र तिनीहरूलाई नै अन्त गर्दछ । जुन मानिस आत्माको उपासक छन्, तिनीहरूलाई कालले केही पनि विगार्न सक्तैन । आत्मज्ञान नहुने माथि मात्र प्रभुता राख्तछ ।

अहं गतिर्गतिमतां कालः कलयतामहम् ।

(भागवत – ११।१६।१०)

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– गतिशील पदार्थहरूमा म गति हुँ । आफ्नो अधीन गर्नेहरूमा म काल हुँ

ॐ आत्मा वा इदमेक एवाग्र आसीत् । नान्यत्किंचन मिषत् । स ईक्षत लोकान्नु सृजा इति ।

(ऐतरे.उ.१।१।१)

पहिले यो जगत् थिएन एक मात्र आत्मा नै थियो; त्यसको अतिरिक्त अरू कुनै सक्रिय वस्तु थिएनन् । उसले यो विचार गऱ्यो कि लोकहरूको रचना गरौं ।

सोऽकामयत । बहुस्यां प्रजायेयेति ।
तत्सृष्ट्वा तदेवानुप्रविशत् ।

(तै–२।६)

परमात्माले कामना गर्नु भयो कि म धेरै बनौं । यसरी स्थावर जङ्गम जगत्‌लाई सृष्टि गरेर आफू त्यसै भित्र पस्नु भयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

भयादस्याग्निस्तपति भयात् तपति सूर्यः ।
भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पञ्चमः ॥

(कठ. २।३।३)

परमेश्वरको भयले अग्नि तपत छन्, भयले सूर्य तपत छन्, भयले इन्द्र, वायु र पाचौं मृत्यु दौडन्छन् ।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युद्धय्च ।

(गीता ८।७)

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– हे अर्जुनः तिमी जुनसुकै कालमा पनि मलाई सम्झ र युद्ध गर ।

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।
पितॄणामर्यमा चास्मि यमः संयमतामहम् ॥
प्रह्लादश्चास्मि दैत्यानां काल कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥

(गीता. १०।२९।३०)

म नागहरूमा शेषनाग, जलचरहरूमा वरुण, पितृहरूमा अर्यमा तथा दण्डधारीमा यमराज हुँ । म दैत्यहरूमा प्रह्लाद, आक्रमण गर्नेहरूमा काल, पशुहरूमा सिंह तथा पक्षीहरूमा म गरूड हुँ ।

अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ।

(गीता १०।३३)

अक्षय काल र चतुर्मुख ब्रह्मा पनि मै हुँ ।

CC-0. In Public Domain. Digitization by eGangotri

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो
लोकान्समाहर्तुमिह प्रवृत्तः ।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे
येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥

(गीता ११।३२)।

म लोकलाई क्षय गर्ने कराल काल हुँ । सबैलाई नाश गर्न अघि सरेको छु, तिमी न भए पनि शत्रु-सैन्यका यी योद्धागणहरू कुनैलाई पनि बाँकी राख्ने छैन ।

अरक्षितं तिष्ठति दैवरक्षितं सुरक्षितं दैवहतं विनश्यति ।

(राजा भोज १६)

जसलाई दैव रक्षा गर्न चाहन्छन्, त्यस मनुष्य चाहे मर्नलाई उद्यत होस् तापनि त्यसको रक्षा हुन्छ र मनुष्य जसको रक्षा अनेक प्रकारले गरोस्; यदि दैव मार्न चाहन्छन् भने उसको विनाश नै हुन्छ ।

मयैवैते निहता पूर्वमेव
निमित्तमात्रं भव सव्यसाचिन् ॥

(गीता ११।३३)

श्रीकृष्ण भन्नुहुन्छ– यी सबैलाई त मैले पहिले नै मारीसकेको छु । हे सव्यसाचिन् ! तिमी केवल निमित्त मात्र होऊ । भगवान्‌को उपदेश अनुसार यो सिद्ध हुन्छ की काल स्वतन्त्र छैन, निमित्त मात्र छ अर्थात् भगवान्‌द्वारा मारिएकोलाई मात्र मार्न सक्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीराम र श्रीकृष्ण कालको वशमा हुनुहुँदैनथ्यो र उहाँहरूको उमेर जैले हेरे पनि सोन्ह वर्षको नव युवक देखिन्थ्यो। भगवान्को त के कुरा जुन भक्त परा भक्तिमा पुगेका छन्, जसले नैष्कर्म्य सिद्धि प्राप्त गरेका छन्, जो समाधिमा स्थित भै रहन्छन् तथा जो ब्रह्मज्ञानी छन् । तिनीहरू माथि कालले आफ्नो प्रभुता जमाउन सक्तैन। कति महापुरुषहरूले कालमाथि विजय प्राप्त गरेका छन् । ध्रुवले ध्रुवलोक जाँदा कालको शिर माथि टेकेर गए । चाङ्गदेव योग समाधिद्वारा यही कलियुगमा १४०० वर्षसम्म जीवित रहेका थिए । भीष्म-पितामहले कुरुक्षेत्रको युद्धमा शरीरमा धेरै वाण लाग्नको कारण कष्ट सहन नसकी प्राण त्याग्न लाग्नु भएको थियो । त्यस्तैमा आकाशवाणी देवताहरूले गरे भिष्मजी ज्ञानी भएर पनि शास्त्रको मर्यादा नराखी दक्षिणायनमा प्राग छोड्न किन लाग्नु भएको हो ? भीष्मले आकाशवाणी सुनेपछि शरशय्यामा सुतेको ५८ दिनमा उत्तरायण लागेपछि प्राण छोड्नु भयो । यसरी आफ्नो इच्छा मरण हुनु नै काल माथि विजय प्राप्त गर्नु हो ।

दृष्टान्त– श्रीभिरावाँ वाईको जन्म मुल्तान (वर्तमान पाकिस्तान) मा पण्डित श्रीप्रभुदयाल शर्माकी धर्मपत्नीको कोखवाट भएको थियो। उहाँको शुभविवाह पण्डित श्रीहर-नारायणजी सँग भयो । पण्डित श्रीहरनारायण अत्यन्त सरल, सौम्य, सदाचारी हुनुहुन्थ्यो । पण्डितजीले सरकारी नोकरी पनि गर्नु भएको थियो। श्री भिरावाँ वाई अत्यन्त सदाचारिणी, धर्मपरायण पतिव्रता स्त्री हुनुहुन्थ्यो । श्री स्वामी सियारामजी

CC-0. In Public Domain. Digitization by eGangotri

महाराजको सत्सङ्गमा भिरावाँ वाई आफ्नो पतिको साथ जानु हुन्थ्यो । स्वामीजीले पति-पत्नी दुवैलाई योगको दीक्षा दिनु भएको थियो । पति-पत्नी दुवै योगसाधनमा लाग्नु भएको थियो । प्रतिदिन प्रातः काल दुवै ब्राह्ममुहूर्तमा उठी स्नानादि-देखि निवृत्त भएर आफ्नो इष्टदेव श्रीकृष्णको पूजा समाप्त गरेर योग साधनमा लागि समाधिको आनन्दमा मग्न भएर रहनु हुन्थ्यो ।

पूजनीय माता श्रीभिरवाँ बाई शरीरको कुनै चिन्ता गर्नु हुँदै नथ्यो ।पाँच-पाँच दिनसम्म निराहार रहदा पनि पतिको सेवामा कुनै त्रुटी नपारी दत्तचित्तले सेवा-शुश्रूषा गर्नु हुन्थ्यो । माताजी सदा सात्विक आहारको सेवन र स्वयंपाक्य भोजन मात्र ग्रहण गर्नु हुन्थ्यो । उहाँले आप ो जीवनम कहिले पनि धाराको पानी पिउनु भएन र रेलको यात्रामा निर्जल उपवास वस्नु हुन्थ्यो । अंग्रेजी औषधिको पनि कहिले सेवन गर्नु-भएन ।

श्री भिरावाँ वाईको दुई पुत्र थिए—श्रीकृष्णन्दजी र श्रीचन्द्र-मणिजी । श्री कृष्णान्दजी धार्मिक कथा कीर्तनद्वारा सनातन धर्म प्रचार गर्दथे । श्रीचन्द्रमणिजी रेलवेमा नोकरी गर्दथे । श्रीचन्द्र-मणिजी सँग मासिक पाँच रूपैयाँ लिने गर्नु भएको थियो । एक पटक श्रीचन्द्रमणिजीले २५ रूपैयाँ पठाई दिएका थिए । परन्तु माताजीले २० रूपयाँ फिर्ता पठाई दिनु भयो । उहाँले भन्नु भयो– म ५ रूपैयाँ मासिकले नै जीवन निर्वाह गर्दछु ।

माताजी प्रतिदिन संध्या–समयमा सत्सङ्गमा आएका महिलाहरूलाई यो उपदेश दिनुहुन्थ्यो– जसलाई यमदूत एव

CC-0. In Public Domain. Digitization by eGangotri

नारकीय यातनादेखि वचने इच्छा छ भने, जसलाई यसलोक र परलोक सफल एवं मनुष्य जन्म सार्थक गर्नु छ भने भगवान्को भक्ति गर्नु पर्छ । भगवान् श्रीकृष्णको भक्तिमा अद्भूत आनन्द प्राप्त हुन्छ । यस्तैमा उहाँको पतिदेव श्रीहरनारायणजी परमधाम जानु भयो । पतिको मरणले माताजी अत्यन्त दुखित हुनुभयो । अब उहाँको मन संसारवाट ज्यादा विरक्त भयो । यसको फलस्वरूप उहाँको साधन तीव्र हुन गयो । माताजीलाई आफ्नो मृत्युकालको ज्ञान भयो र उहाँले आफ्नो शरीर त्यागको निश्चित काल सबैलाई बताउनु भयो । यो समाचार धेरै ठाउँमा प्रचार भयो । उक्त तिथिको दिनमा उहाँका पुत्रादि सबै सम्वन्धी, सत्सङ्गी, परिचित व्यक्ति तथा अन्यजनहरू माताजीको परमधाम गमनको दृश्य हेर्न उपस्थित भए, मानिसको भीड भयो ।

दिनको ठीक चार बजे माताजीले शरीर छोड्ने समय थियो । स्नानोपरान्त शुद्ध वस्त्र धारण गरेर श्रीकृष्णको पूजा गर्नु भयो । गङ्गाजल, तुलसीदल एवं भगवान्को चरणामृत मुखमा हालेर कुशासनमा वस्नु भयो । प्राणायाम द्वारा शरीर छोड्न तयार हुन लागको समयमा उहाँको भतिजा पण्डित जुगलकिशोरको पुत्र वैद्यराज पण्डित श्रीदेवेन्द्र शर्मा षट्शास्त्री भीडलाई नाघ्दै पुगेर श्रीमाताजीको चरणमा प्रणाम गरी सम्मुख हात जोडर खडा भै निवेदन गरे– परम पूजनीया माता ! तपाईं प्रेम, भक्ति एवं वैराग्यको मूर्ति सनातन धर्मको प्रचारिका हुनुहुन्छ फेरि यस्तो धर्मविरूद्ध आचरण किन ? श्रीमताजीले शान्ति र प्रेमपूर्ण बचन भन्नु-

CC-0. In Public Domain. Digitization by eGangotri

भयो–वाबू ! मैले धर्म विरुद्ध आचरण के गरें ? षट्शस्त्रीले भने तपाईं परमयोगिनीं भएर पनि दक्षिणायनमा शरीर–त्याग गर्न लाग्नु भएको छ, यो शास्त्रसम्मत होइन । तपाईं उत्तरायणमा परमधाम गमन गर्नुहोस् । माताजीले उत्तर दिनु भयो–वाबू ! तिम्रो कुरा उचित हो । परन्तु मलाई जान देऊ, मेरो शारीरिक वल पनि कम भएको छ अब मलाई स्वयं आफ्नो हातले पानी ल्याउन पनि अति कष्ट पर्नेछ । देवेन्द्र शर्मा षट्-शास्त्रीले भने– उत्तरायण आउनलाई एक महिना आठ दिन वाँकी छ । त्यति दिनसम्म पानी ल्याउनु आदि तपाईंको सम्पूर्ण सेवा म स्वयं गर्ने छु । ४२ दिन तपाईं कृपापूर्वक आफ्नो पवित्र दर्शन सबैलाई दिई उपदेश गरेर रहनु होस् । माताजीले यो षट्शास्त्रीको प्रार्थनालाई स्वीकार गर्नु भयो, सबैले जय-जयकार गरे ।

नियत समय उत्तरायण लागे पछि श्रीमाताजीले स्नान – पूजनदेखि निवृत भएर शुद्ध वस्त्र धारण गर्नु भयो । गङ्गाजल, तुलसीदल र भगवान्‌को चरणामृत मुखमा हाली गोवरले लिपेको पवित्र भूमिमा कुशासनमा वसी उपस्थित जन-समुदायद्वारा कृत भगवन्नाम-कीर्तन सुन्दै साथै स्वयं भगवन्नाम लिंदै शरीर छोडी परमधाम जानु भयो । यो घटना सन् १९४५ मा भएको हो ।

स एव काले भुवनस्य गोप्ता विश्वाधिपः
सर्वभूतेषु गूढ : । यस्मिन्युक्ता ब्रह्मर्षयो
देवताश्च तमेवं ज्ञात्वा मृत्युपाशांश्छिनत्ति ॥

(श्वेता. ४।१५)

CC-0. In Public Domain. Digitization by eGangotri

उनै अतीत कल्पमा विश्वको रक्षक थिए उनै विश्वको स्वामी सम्पूर्ण भूतहरूमा स्थित छन् । यस्ता जुन परमात्मामा ब्रह्मर्षि र देवगण अभिन्नरूपले स्थित रहन्छन् ।परमात्मालाई यस्तो प्रकार जानेर पुरुष मृत्युको पाशलाई काट्दछ ।

यस्य ब्रह्म च क्षत्रं च, उभे भवत ओदनः ।
मृत्युर्यस्योपसेचनं, क इत्था वेद यत्र सः ॥

(कठ. १।२।२५)

जुन आत्माको ब्राह्मण र क्षत्री यी दुबै भात हुन्, तथा मृत्यु जसको उपसेचन (तरकारी) को समान छ । त्यस्तो आत्मालाई साधन सम्पन्न पुरुषको अतिरिक्त अरूले जान्न सक्तैनन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

पिता–पुत्रको सम्बाद

कारण देवको पुत्र कार्यदेवले वालक अवस्थामा नै गुरुको आश्रममा वसी बेदादि विद्या सबै पढेर आफ्नो घरमा आई माता पिताको शास्त्र रीति अनुसार पूजन गरे, परन्तु नित्य नैमित्यकादि कर्म रहित तूष्णी भई स्थित रहे ।

पिताले – आफ्नो पुत्रको यस्तो अवस्था देखेर भने– हे पुत्र ! कर्मको पालन तिमी किन गर्दैनौं ?

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ।।

(गीता ३।८)

तिमी आफ्नू कर्तव्य कर्म गर, किनकि कर्म नगर्नु भन्दा गर्नु असल छ । कर्म गरेनौ भने तिम्रो शरीर निर्वाह पनि चल्ने छैन ।

पुत्रले भने– हे पिता ! शास्त्रमा भनेको छ कि कर्म गर्नाले वन्धन हुन्छ, यसै कारणले मोक्ष प्राप्तिको यत्न गर्ने मुमुक्षु पुरुष कर्म गर्दैनन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मणा वध्यते जन्तुर्विद्यया च विमुच्यते ।
तस्मात्कर्म न कुर्वन्ति यतयः पारदर्शिनः ॥
(महाभारत शान्ति. २४३।७)

व्यासजीले पनि शुकदेवजीलाई शिक्षा दिंदै भन्नु भएको छ कि जीव कर्मले बाँधिन्छ र ज्ञानले मुक्त हुन्छ, यस कारण आत्मतत्त्वको ज्ञाता यति कर्म गर्दैनन् : (अज्ञानाम् एव हि कर्मयोग न ज्ञानीनाम्) अतः अज्ञानीहरूको लागि मात्र कर्मयोग हो, ज्ञानीहरूको लागि होइन ।

तस्मात्त्यजेत्कार्यमशेषतः सुधी–
विद्याविरोधान्न समुच्चयो भवेत् ॥
(रामगीता–१६)

कर्मको ज्ञानसँग विरोध भएको कारणले ज्ञान र कर्म यी दुइको समुच्चय (मेल) हुन सक्तैन यस कारण मुमुक्षु पुरुषले कर्मलाई सर्वथा त्याग गरोस् ।

न कर्मणा न प्रजया न चान्येनापि केनचित् ।
ब्रह्मवेदनामात्रेण ब्रह्माप्नोत्येव मानवः ॥
(कठरुद्रोपनिषद् १३)

मनुष्य आफ्तो कुनै कर्मले अथवा कुनै पनि साधनद्वारा ब्रह्मलाई प्राप्त गर्न सक्तैन । सन्तान आदिकोद्वारा पनि ब्रह्म प्राप्त हुन सक्तैन (त्यागेनैक अमृतत्त्व मश्नुते) केवल त्यागबाट मात्र अमृतत्त्व प्राप्त हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

लोकत्रयेऽपि कर्तव्यं किंचिन्नास्त्यात्मवेदिनाम् ॥

(जावालदर्शनोपनिषद् १।२४)

आत्म ज्ञानी सन्तको लागि तिनै लोकमा कुनै पनि केही कर्त्तव्य हुँदैन ।

पिताले भने– हे पुत्र ! कर्म, उपासना र ज्ञान तीनैको प्रतिपादक वाक्य वेदमा छ । मलदोष निवृत्तिको लागि कर्मकाण्ड विक्षपदोष निवृत्तिको लागि उपासना काण्ड र आवरणदोष निवृत्तिको लागि ज्ञानकाण्डको आवश्यकता पर्छ । ब्रह्मात्मा एकत्व ज्ञान हुनु भन्दा प्रथम कर्म उपासनाको प्रतिपादक वाक्य-हरूको अनुष्ठान गर्नु मुमुक्षुहरूको कर्तव्य हो । पक्षीको माता-पिता जबसम्म बच्चाको पंखवृद्धि हुँदैन तबसम्म सेवा गर्दछन्, पंखवृद्धि हुनासाथ सेवा गर्न छाड्दछन् । ज्ञानीको लागि कुनै पनि अनुष्ठान गर्नु कर्तव्य रहँदैन ।

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥
नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥

(गीता . ३।१७–१८)

जो मानव केवल आत्मामै प्रेम भएको, आत्मामै तृप्त तथा आत्मामै सन्तुष्ट छ भने त्यसको केही पनि कर्तव्य बाँकी रहेको हुँदैन । आत्मराम पुरुषलाई कर्म गरेर लाभ हुने र नगरेर केही हानि हुने होइन, उसको सम्पूर्ण प्राणीमात्र सँग

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नू केही खास मतलव पनि हुँदैन । यस कारण हे पुत्र ! तिमी ब्रह्मात्मा एकत्व ज्ञान प्राप्तिको लागि योग्य अधिकारी भएका छौ । परन्तु ब्रह्मको अनुभव भने अहिले तिमीलाई भइसकेको छैन । यो अवस्थामा कर्म र उपासनालाई छाड्नाले तिमी उभय भ्रष्टमा प्राप्त हुनेछौ । अर्को कुरा यो छ कि कर्म र उपासनलाई आफूले छाड्ने होइन, उनीहरूले नै छाड्दछन् । जस्तै फल पाकेपछि वृक्षबाट आफै खस्तछ । त्यस्तै आत्मराम पुरुषको कर्म आपसे – आप छुट्दै गएको हुन्छ ।

सांसारिकक्रियायुक्तं ब्रह्मज्ञोऽस्मीति बादिनम् ।
कर्म ब्रह्मोभ्यभ्रष्टं तं त्यजेदन्त्यजं यथा ॥
वृथा ब्रह्मज्ञतागर्वाः कर्मकाण्डवितण्डिताः ।
पाषण्डाः पण्डितंमन्या न ते किमपिजानते ॥

(अमनस्क गीता. १०३।१०४)

सांसारिक कर्ममा युक्त भईकन म ब्रह्मज्ञानी हुँ भनी अहंकार गर्नेलाई कर्म ब्रह्म दुवैदेखि भ्रष्ट भएको चण्डाल हो भनी जाने हुन्छ । हामी तत्त्व जान्दछौं भनी अभिमान गरी कर्म छोडने अन्तःकरण मलीन भएका यस्ता पाखण्डी वृति भएका अभिमानी पण्डितहरू सँग केही छैन भनी जाने हुन्छ ।

पुत्रले भने– हे पिता ! ब्रह्मको अनुभव कसरी हुन्छ ?

पिताले भने– हे पुत्र ! जुन चैतन्य वस्तु आफू मन बुद्धि आदिहरूदेखि अज्ञात भएको र अज्ञानको तत्कार्य मन बुद्धि आदिको अन्तर ज्ञात गरेर जुन चैतन्यको स्फूर्ति छ, त्यही जान्नु

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मको अनुभव हो तथा देशान्तरमा जुन वृत्ति जान्छ तथा स्वप्नमा स्वप्नान्तर जुन मनको हुन्छ । त्यसको अनुभव गर्ने वालालाई ब्रह्म निजात्मा जान्नु नै ब्रह्मको अनुभव हो । म ब्रह्मलाई जान्दछु भन्ने यो मिथ्या हो, किनभने जो जान्नमा आउछ त्यो दृश्य हुन्छ । ब्रह्मलाई मन बुद्धिले जानिन्छ भनी मानेमा ब्रह्म दृश्य हुन्छ र मन बुद्धि स्वयंप्रकाश हुन्छ यस्तो अर्थ श्रुति तथा विद्वान्हरू अङ्गीकार गर्दैनन् । (अहं ब्रह्मास्मि) भन्ने महावक्यको उच्चारण गर्दैमा त्यसलाई ब्रह्माज्ञानी भनिदैन ।

न गच्छति विना पानं व्याधिरौषधशब्दतः ।
विनापरोक्षानुभवं ब्रह्मशब्दैर्न मुच्यते ॥

(विवेक – चूडामणि ६४)

औंषधि नपिई केवल औषधि शब्दको उच्चारणमात्रले रोग निको हुँदैन, यस्तै प्रकार अपरोक्षानुभवको विना केवल (म ब्रह्म हुँ) यस्तो भन्नाले कोही पनि मुक्त हुन सक्तैनन् ।

अकृत्वा शत्रुसंहारमगत्वाखिलभूश्रियम् ।
राजाहमिति शब्दान्नो राजा भवितुमर्हति ॥

(विवेक-चूडामणि ६६)

विना शत्रुहरूको वध नगरी, सम्पूर्ण पृथिवी मण्डलको ऐश्वर्य प्राप्त नगरी केवल (म राजा हुँ) यस्तो भन्नाले मात्र कोही राजा हुँदैनन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अहंकार रहित, सरल बुद्धि पूर्वक तीव्र जिज्ञासा सहित सम्यक् श्रद्धालु आचारवानलाई नै यो आत्माको सुलभ अनुभव हुन सक्तछ ।

पुत्रले भने– हे पिता ! यस मनादि जड संघातको प्रेरक जीव हो कि ब्रह्मात्मा हुन् ?

पिताले भने– हे पुत्र ! म तिमीलाई एक दृष्टान्त दिएर भन्दछु । जसद्वारा तिमीलाई जीव, ईश्वर र ब्रह्मको स्वरूपको बोध हुनाको साथै प्रेरक – प्रेर्य भावको पनि बोध हुन जानेछ ।

कूटस्थो ब्रह्म जीवेशावित्येवं चिच्चतुर्विधा ।
घटाकाशमहाकाशौ जलाकाशाभ्रखे यथा ॥

(पञ्चदशी चित्रदीप.प्र.१८)

कूटस्थ, ब्रह्म, जीव र ईश्वर यस्तो प्रकरले चेतन चार प्रकारको छ। घटाकाश– (घडाको भित्रको आकाश) जस्तै कूटस्थ छ। महाका-शभित्र र बाहिर व्यापक (आकाश) हो ब्रह्म। जलाकाश – जलले पूर्ण घटमा आकाशको प्रतिविम्व हो जीव । मेघाकाश – बादलको र आकाशको जलमा जो प्रतिविम्व हुन्छ त्यो ईश्वर हो । विम्व भनेको ब्रह्म हो र अन्तःकरण रूपी जलमा वा अविद्यामा त्यसको परेको प्रति-विम्व चाहि जीव हो ।

तत्राविद्यासमायुक्तं चैतन्यं प्रतिविम्बितम् ।
व्यावहारिकजीवस्तु क्षेत्रज्ञः पुरुषोऽपि वा ॥

(शिवगीता १०।१७)

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो लिङ्ग शरीरमा अविद्याले युक्त, मायाशबल चैतन्यको प्रतिविम्ब पर्दछ व्यवहारमा जीव र त्यसलाई क्षेत्रज्ञ, पुरुष पनि भनिन्छ ।

जीव नै कर्मको कर्त्ता भोक्ता भएकोले परलोक गमन-आगमन गर्दछ । ज्ञान-अज्ञान हर्ष-शोक, सुख-दुःख, बन्ध-मोक्षादि धर्म प्रतिविम्वरूप जीवको हो । प्रतिविम्व मिथ्या हुन्छ विम्व सत् हुन्छ । ब्रह्म सर्व बुद्धि आदिको प्रकाशक र प्रेरक हो, जीव होइन ।

यः पश्यति स्वयं सर्वं यं न पश्यति कश्चन ।
यश्चेतयति बुद्ध्यादिं न तु यं चेतयत्ययम् ॥

(विवेक – चूडामणि १२९)

जो स्वयं सबलाई देख्तछ, किन्तु उसलाई कोही पनि देख्न सक्तैनन् । जो बुद्धि आदिलाई प्रकाशित गर्दछन्; किन्तु उसलाई बुद्धि आदि कसैले पनि प्रकाशित गर्न सक्तैनन् । (तदेव ब्रह्म त्वं विद्धि) उसलाई तिमी ब्रह्म जान । ब्रह्मको कथन श्रुतिले यसरी गरेकिछन्– जो प्राणको प्राण, चक्षुको चक्षु, श्रोत्रको श्रोत्र, त्वचाको त्वचा,मनकोमन, आकाशको आकाश रूप छन् इत्यादि ।

पुत्रले भने हे पिता ! शुभाशुभ कर्मको फल जीवले भने भोगनु पर्ने, जो प्रेरक छ त्यसलाई भने फलले स्पर्शसम्म गर्न नसक्ने यस्तो कसरी भयो ?

CC-0. In Public Domain. Digitization by eGangotri

पिताले भने– हे पुत्र ! शुभाशुभ कर्म संघातको प्रसिद्ध धर्म हो, धर्म सहित यस संघातको द्रष्टा आत्मा भएकोले स्पर्श गर्न सक्तैन; परन्तु भ्रान्तिले जीव निज धर्म मान्दछ। यही कारणले गर्दा कर्मको फल सुखदुःख भोक्ता जीव भएको छ, परन्तु संघातको धर्मलाई निज धर्म नमानेमा भोक्ता हुँदैन। जस्तै पुत्रको सुख दुःखबाट पिता सुखी दुःखी हुन्छ, विचार गर्ने हो भने पितालाई पुत्रको सुख दुःख छैन।

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः।
अहंकारविमूढात्मा कर्ताहमिति मन्यते ॥

(गीता ३।२७)

प्रकृतिका गुणद्वारा भएका सम्पूर्ण कर्महरूलाई अहंकारले मूढबुद्धि भएकोले म गर्नेवाला हुँ भन्ने ठान्दछ। यसरी जीवले आफूलाई कर्ता-भोक्ता मानेको हुँदा शुभाशुभ कर्मको फल भोग्नु परेको हो। अब जो प्रेरक छ उसले भोग्नु न पर्ने कारण पनि सुन।

आकाश सर्वव्यापी भएर सबैलाई अवकाश दिएर पनि सबै देखि असंग छ, त्यस्तै नै आत्मा सबैमा स्थित छ र सबैलाई सत्तास्फूर्ति दिन्छ तापनि सबैदेखि असंग छ।

सूर्यो यथा सर्वलोकस्य चक्षु–
र्न लिप्यते चाक्षुषैर्बाह्यदोषैः।
एकस्तथा सर्वभूतान्तरात्मा
न लिप्यते लोकदुःखेन बाह्यः ॥

(कठोपनिषद् २।२।११)

CC-0. In Public Domain. Digitization by eGangotri

जुन प्रकार सम्पूर्ण लोकको नेत्र भएर पनि सूर्य नेत्रसम्बन्धी वाह्यदोषहरूदेखि लिप्त हुँदैनन् , त्यस्तै प्रकार सम्पूर्ण भूत-हरूको एक नै अन्तरात्मा संसारको दुःखले लिप्त हुँदैनन्, परन्तु तिनीहरूदेखि बाहिर रहन्छन् ।

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥

(गीता ४।१४)

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– कर्मफलमा आसक्त नहुनाले मलाई कर्महरू लिप्त हुँदैनन् । जो यस्ता प्रकारले जान्दछ, त्यसलाई कर्महरूले बाँध्दैनन् । कर्मफल लिप्त हुनामा कर्तापना र भोक्तापनाको अभिमान यी दुइ मुख्य कारण हुन् । पूर्व श्लोकमा भगवान्‌ले आफूलाई (अकर्तारम्) भन्नु भएकोले ईश्वरमा कर्तापना देखिदैन, यस श्लोकमा (न मे कर्मफले स्पृहा) भन्नु भएकोले भोक्तापना सिद्ध हुँदैन । त्यस्तै अस्ति, भाति, प्रिय-रूप आत्मा सर्व नाम रूपात्मक जगत्‌मा व्यापक, आधार, अधिष्ठान तथा द्रष्टा प्रकाशक भएर पनि तिनीहरूका व्यवहार-देखि अलिप्त छ । कर्तव्य अकर्तव्यको गुण दोषमा प्राप्त हुँदैन र असत जड जगत्‌को नियामक पनि छ । तात्पर्य यो हो कि सर्व संसारको र संसारको धर्म देखि रहित स्वतः सिद्ध अन्तर कुनै वस्तु छ, यस्तो अनुभव हुन्छ । त्यही आकाश-वत् सर्व मनादिहरूलाई सत्ता स्फूर्ति गरेर पनि असंग छ । त्यही तिम्रो र मेरो स्वरूप हो, यो जान्नु नै कर्तव्य हो गर्नु केही छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

हे पुत्र ! जसरी अचल जड वृक्ष चलानाले अरूप वायुको अनुमान हुन्छ वा त्वचा इन्द्रियदेखि अनुमान हुन्छ यो घटवत वायुको मूर्ति हो भन्ने । वायुलाई आँखाले देख्न र देखाउन कोही पनि सामर्थ भएनन्, न पहिले कोही भए न पछि हुनेछन् । यस्तै नै ब्रह्मात्म तिम्रो स्वरूप छ । आत्मा जाति आदि विशेषण नाम धर्म वाला नभएको यस्तो अवाङ्मनसगोचरलाई कसैले पनि गाईको श्रृंग सामातेर देखाए झै तिमीलाई देखाउन सक्तैनन् । हे पुत्र ! ग्रहण त्याग योग्य वस्तुदेखि विपरीत तिमी ब्रह्मरूप आत्मा हौ । मेरो उपदेशले तिमीलाई निज स्वरूपको अनुभव भयो कि भएन त्यो बताऊ ? पुत्र ले भने– हे पिता ! म सम्यक् आफ्नो आत्मास्वरूपलाई जान्दछु । पिताले भने हे पुत्र ! सम्यक् आत्मालाई जान्दछु भन्नु यो तिम्रो जान्नु भ्रांति रूप हो किनभने जसरी अग्निले काष्टादि वस्तुलाई जलाउदछ तर काष्ठादि जलाउने वाला अग्निको स्वरूप होइन भिन्न हो । दाहक शक्तिको अग्नि आत्मा हुनाले अग्निलाई जलाउन सक्तैन त्यस्तै जान्न योग्य ब्रह्मात्मा वस्तु कसैको विषय भएको भए सम्यक् त्यसलाई जान्न सकिने सामर्थ्य हुनथ्यो परन्तु आत्मा जान्नेवालाको स्वरूप हो । जान्नु त्रिपुटीमा हुन्छ, आत्मा त्रिपुटीको प्रकाशकहो विषय होइन; यो सर्व वेदान्तको सिद्धान्त हो । जस्तो अग्निको दाहशक्ति अग्निदेखि पृथक् काष्ठादि वस्तुलाई जलाउद छ, परन्तु दाहशक्ति जो आफ्नो आत्मा अग्निस्वरूप छ त्यसलाई दाह गर्न सक्तैन; त्यस्तै दाहरूप वृत्तिज्ञानको विषय काष्ठको समान ज्ञानदेखि भिन्न ब्रह्म भएको भए जान्न सकिन्थ्यो । जान्नेवलाको स्वरूप

CC-0. In Public Domain. Digitization by eGangotri

नै ब्रह्म भएकोले ब्रह्मलाई अन्य जान्नेवाला कोही पनि छैनन् । जस्तो स्वप्न द्रष्टालाई स्वप्ननरको जान्न योग्यता हुँदैन, किनकि स्वप्ननरको स्वप्न द्रष्टा आत्मा हो । जस्तो किरणको सूर्य आत्मा हुनाले किरणदेखि सूर्य अज्ञात हुन् जस्तै देहदेखि देही अज्ञात छ । जो अन्य कुनै साधनदेखि जानिन्छ भने त्यो स्वयं प्रकाश होइन परप्रकाश हो । जो परप्रकाश हुन्छ त्यो मिथ्या हुन्छ । यसकारण हे पुत्र ! तिमीले ब्रह्मात्मालाई सम्यक् जानेको छु भन्छौ भने निश्चय गर कि परिच्छिन्न असत् जड दृष्य मिथ्या वस्तुलाई नै जानेका हौ ब्रह्मात्मालाई जानेका होइनौ । त्यो ब्रह्म कस्तो छ सुन–

भावाभावविनिर्मुक्तं विनाशोत्येति बर्जितम् ।
सर्वसङ्कल्प नातीतं परतत्वं तदुच्यते ॥
अनाकारमविक्षीण मग्राह्यमचलं ध्रुवम् ।
सर्वोपाधि विनिर्मुक्तं सर्वकाम विबर्जितम् ॥

(अमनस्कगीता १०।११)

भाव अभाव भन्ने दुर्ब्वहार नभएको कहिले विनाश उत्पत्ति न भएको सम्पूर्ण संकल्पभन्दा पर रहेको छ । आकार पनि नभएको सम्पूर्णमा पूर्ण भइरहेको सम्पूर्ण उपाधिले रहित भएको सम्पूर्ण कामना भन्दा पर रहेको पक्रदा पनि नपक्रिने स्थिर भइरहको छ ।

जाति गुण क्रियादि धर्महरूदेखि रहित हुनाले बुद्धिको निश्चयमा आउँदैन, बुद्धिको द्रष्टा हुनाले बुद्धिले जान्न नसकेको

CC-0. In Public Domain. Digitization by eGangotri

हो । यस्तो अवाङ्मनसगोचर ब्रह्मात्मालाई तिमी कसरी जान्न सक्तछौ ।

पुत्रले भने हे पिता! जुन धर्मले जो निरुपण गरिन्छ त्यही त्यसको स्वरूप हुन्छ, जस्तो मनुष्यलाई मनुष्यत्व धर्मले निरुपण गरिन्छ र त्यही त्यसको स्वरूप हुन्छ । त्यस्तै ब्रह्मात्मलाई पूर्वोक्त सत् चित् आनन्दरूप विशेषणहरूदेखि निरुपण गरिन्छ र त्यही त्यसको स्वरूप हो ।

पिताले भने– हे पुत्र ! जति शब्दछन् ती सबैले केवल सापेक्षक सविकल्प जाति गुण क्रियावान् वस्तुको नै निरुपण गर्न सक्तछन् । ब्रह्मात्मा जाति आदि गुणहरूदेखि निरपेक्ष निर्विकल्प छ, त्यसको निरुपण कसरी गर्न सकिन्छ ?

यतो बाचो निवर्तन्ते । अप्राप्य मनसा सह ।

(तैत्तरीयोपनिषद् २।४।१)

जहाँदेखि मनको सहित वाणी उसालाई न पाएर फर्केर आउदछ (तदेव ब्रह्मं त्व विद्धि) तिमी त्यसैलाई नै ब्रह्म जान । तथापि मुमुक्षुलाई बोध गराउनको लागि मात्रै श्रुतिले सत् चित् आनन्दरूप जो वस्तु हो त्यही ब्रह्मातमा तिम्रो स्वरूप हो भनेको हो ।

ज्ञेयंयत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥

(गीता १३।१२)

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ– जो जान्नयोग्य या जान्नपर्ने वस्तु हो त्यो म भन्दछु । जसलाई जानेर मानव अमर हुन्छ, त्यो ज्ञेय तत्त्व सत्-असत् विलक्षण अनादि परब्रह्म हो ।

मूढं प्रत्युपदेशाय स्वात्मायं तत्त्वदर्शिभिः ।
सच्चिदानन्दरूपेण भण्यते न तु वस्तुतः ।

(तत्वनिर्णय प्रथम प्रकरण ६९)

मन्दमति पुरुषहरूलाई उपदेश दिनको लागि नै तत्त्वज्ञहरूले यस स्वस्वरूप आत्मालाई सच्चिदानन्दरूपले वर्णन गरेका हुन्, परमार्थरूपले होइन ।

यस्यामतं तस्य मतं मतं यस्य न वेद सः ।
अविज्ञातं विजानतां विज्ञातमविजानताम् ।।

(केनोपनिषद् २।३)

ब्रह्म जसलाई ज्ञात छैन उसलाई ज्ञात छ र जसलाई ज्ञात छ त्यो ब्रह्मलाई जान्दैन; किनभने ब्रह्म जान्नेवालाहरू विना नै जानिएको छ र न जान्नेवालाहरूले जानेका छन् । किनभने अन्य वस्तुहरूको समान दृश्य न हुनाले ब्रह्मलाई जान्न सकिंदैन ।

ब्रह्मात्माको स्वरूप जान्नमा आउदैन किनभने स्वयंप्रकाश छ । बुद्धिको वृत्तिरूप ज्ञानको विषय होइन । हे पुत्र ! मैले जो जति उपदेश गरें, त्यसवाट अब त तिमीलाई आत्माको सम्यक् अनुभव भयो होला ?

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्रले भने– हे पिता ! तपाईंको उपदेश र आफ्नो विचारबाट मलाई स्वयं प्रकाश स्वस्वरूप आत्माको सम्यक् अनुभव भयो। अब मेरो निमित्त ग्रहण र त्याग केही पनि छैन।

किं हेयं किमुपादेयं किमन्यत् किं विलक्षणम् ।
अखण्डानन्दपीयूष पूर्ण ब्रह्ममहार्णवे ॥

(अध्यात्मोपनिषद् ६७)

अखण्ड आनन्दरूप अमृतले भरिएको यस ब्रह्मरूप महासागरमा अब मलाई के त्याग गर्नु ? के ग्रहण गर्नु परको छ ? अन्य को छ र विलक्षण के छ ?

पिताले भने– हे पुत्र ! तिमीलाई धन्यवाद छ, यस्तो जान्नु नै सम्यक् जान्नु हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

मौन व्याख्यान

मौन व्याख्यान भन्नासाथ मानिसलाई आश्चर्य लाग्दछ । मौन हुँदा व्याख्यान हुँदैन र व्याख्यान हुँदा मौन हुँदैन । मौन व्याख्यानमा वदतोव्याघात दोष आउँदछ ।

यावज्जीवमहं मौनी ब्रह्मचारी च मे पिता ।
माता तु मम वंध्यासीदपुत्रश्च पितामहः।

जीवनपर्यन्त म मौनी छु, मरो पिता ब्रह्मचारी थिए, माता वंध्या स्त्री थिइन् पुत्र भने छैन तर म पितामह हुँ । यस्तो कसैले भन्यो भने समाजले हाँसेर अवश्य पनि यो पागल भएको रहेछ भन्नेछ । परन्तु मौन व्याख्यान हो अर्कै कुरा । आत्मा अवाङ्मनसगोचर भएकोले त्यसको यथार्थ व्याख्यान मौन व्याख्यान नै हो ।

कैलासपति भगवान् शङ्करसँग ब्रह्मविद्या प्राप्त गर्न भनी शिष्यरूप वृद्ध-ऋषिहरू आएका थिए । भगनान् शङ्करले मौन व्याख्यानद्वारा अभेद ब्रह्म-तत्त्वको उपदेश गर्नु भयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रं वटतरोर्मूले बृद्धाः शिष्या: गुरुर्युवा ।
गुरोस्तु मौनं व्याख्यानं शिष्यास्तु छिन्नसंशयाः ।।

कैलास पर्वतको शिखरमा अवस्थित वटवृक्षको मूलमा अगाडि बसेका उपदेश सुन्ने महर्षि शिष्यहरू वृद्ध छन्, एवं सन्मुख व्याघ्रचर्ममा बस्नुभएको उपदेष्टा गुरु भगवान् दक्षिणामूर्ति युवा (तरुण) हुनुहुन्छ, गुरुको मौन-व्याख्यान हुन्छ र त्यस मौन व्याख्यानलाई सुनेर ती शिष्य संशयरहित भई समाधिमग्न हुन्छन् ।

आत्मा अनिर्वचनीय भएको हुँदा वाणीद्वारा उसको यथार्थ अवगति सर्वथा अशक्य नै छ । यसै कारणले शिवजीले मौन व्याख्यानद्वारा आफ्ना शिष्यहरूलाई ब्रह्मज्ञानको बोध गराउनुभएको हो । कसैले पनि देख्न नसकिने उ स्वयं सबैलाई देख्ने कसैले पनि कानले सुन्न नसकिने उ स्वयं सुन्ने तथा मन–वाणीको विषय नभएको सबैको मनमा रहने रूपादि झैं निश्चय गर्न नसकिने उ स्वयं विज्ञाता इन्द्रियादिका विषय नभएको सर्व शक्तिमान् आत्मा छ ।

दिव्यो ह्यमूर्तः पुरुषः स बाह्याभ्यन्तरो ह्यजः ।
अप्राणो ह्यमनाः शुभ्रो ह्यक्षरात्परतः परः ।।

(मुण्ड २।१।१२)

आत्मा स्वयंप्रकाश, मूर्तिरहित पूर्ण वाह्य र आभ्यन्तर सँगै रहेको अज प्राणशून्य मनरहित शुद्ध अक्षरदेखिन् पनि पर छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

वृहच्च तद्व्यिमचिन्त्यरूपं सूक्ष्माच्च तत् सूक्ष्मतरं विभाति ।

(मुण्ड. ३।१।७)

यो ब्रह्म वृहत् स्वयंप्रभ (स्वयं प्रकाश) इन्द्रियको गौचर नभएको अर्थात् इन्द्रियले थाहा पाउन नसकिने सूक्ष्म आकाशादि-भन्दा पनि ज्यादा सूक्ष्म भई प्रकाशमान छ ।

स्वस्थं शान्तं सनिर्वाणमकथ्यं सुखमुत्तमम् ।
अजमजेन ज्ञेयेन सर्वज्ञँ परिचक्षते ॥

(माण्डू. ३।४७)

स्वस्थ शान्त, कैवल्य नाम भएको मोक्ष सहित भन्न नसकिने, अनुभवले मात्र थाहा पाइने, उत्तम सुख अज, सर्वज्ञ अनुत्पन्न अनुभवैकगम्य ब्रह्म नै सुख हो भनी ब्रह्म जान्नेहरू भन्दछन् ।

नायमात्मा प्रवचनेन लभ्यो न मेधया न बहुना श्रुतेन ।

(मुण्ड. ३।२।३)

यो आत्मा न त प्रवचन (पुष्कल शास्त्राध्यनले) प्राप्त हुन योग्य छ र मेधा (धारणा शक्ति) तथा ज्यादा श्रवण गर्नाले पनि प्राप्त गर्न नसकिने छ ।

यदिदं मनसा वाचा चक्षुर्भ्यां श्रवणादिभिः ।
नश्वरं गृह्यमाणं च विद्धि मायामनोमयम् ॥

(भागवतः ११७।७)

यो जगत्मा जो जति मनले विचार गरिन्छ, वाणीले भनिन्छ, आँखाले देखिन्छ र श्रवणादि इन्द्रियहरुद्वारा अनुभव गरिन्छ, ती सबै नाशवान् हुन् । यस कारण यी सबैलाई माया र मिथ्या हुन् भनी जान्नुपर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

नैव वाचा न मनसा प्राप्तुं शक्यो न चक्षुषा ।

(कठ. २।३।१२)

त्यो आत्मा न त वाणीले न मनले र न नेत्रले नै प्राप्त गर्न सकिन्छ ।

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।

(तै. २।४।१)

ब्रह्मको वर्णन गर्नमा वचन कुण्ठित हुन्छ र मनको द्वारा पनि ऊ अप्राप्य छ, अर्थात् मनले पनि ब्रह्मलाई प्राप्त गर्न सक्तैन ।

गो गोचर जहँ लगी मन जाई ।
सो सब माया जानहु भाई ॥

(तु. रा. अरण्य. दो. १४।३)

हे भाइ ! तिमी यो निश्चय गर कि इन्द्रिय र मनद्वारा जानेको र प्राप्त गरेको जो जति वस्तु छ, त्यो केवल माया मात्र हो । त्यो परमार्थ तत्त्व होइन ।

एतास्ते कीर्तिताः सर्वा संक्षेपेण विभूतयः ।
मनोविकारा एवैते यथा वाचाभिधीयते ॥

(भागवत. ११।१६।४१)

भगवान् भन्नुहुन्छ—उद्धवजी ! मैले तिम्रो प्रश्नको अनुसार संक्षेपमा विभूतिहरूको वर्णन गरें । यो सब परमार्थ--वस्तु होइन, मनोविकार मात्र हो । किनभने मनले विचार गरेको र वाणीले बताइए को कुनै पनि वस्तु परमार्थ (वास्तविक)हुँदैन । त्यसको एक कल्पना मात्र हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यत्र नान्यत्पश्यति नान्यच्छृणोति नान्यद्विजानाति स भूमाथ यत्रान्यत्पश्यत्यन्यच्छृणोत्यन्यद्विजानाति तदल्पं ।
(छा. ७।२४।१)

जहाँ अरू केही देखिदैन, अरू केही सुनिंद न तथा अरू केही जानिदैन त्यो भूमा हो । किन्तु जहाँ अरू केही देखिन्छ, अरू केही सुनिन्छ, एवं केही जानिन्छ भने त्यो अल्प हो ।

भगवान् श्री शिवले आफ्ना शिष्यहरूलाई भद्रमुद्राद्वारा उपदेश दिनु भएको तात्पर्य यो हो–मानिसका हातमा अंगुष्ठ (बूढी औंला) तर्जनी (चोर औंला) मध्यमा (माझी) अनामिका (साहिली) र कनिष्ठिका (कान्छी)औंला गरी जम्मा पाँच औंला हुन्छन् । बूढी औंला भनेको आत्मा हो उ सबैभन्दा पृथक् रहको हुन्छ । कान्छी औंला भनेको सत्त्व गुण हो, सत्वगुणी मानिस संसारमा धेरै नै कम हुन्छन् । सात्विक कर्मको फल सुख दिने र निर्मल हुन्छ । सत्त्व गुणबाट ज्ञान प्राप्त हुन्छ । साहिली औंला भनेको रजोगुण हो, रजोगुणी मानिस संसारमा धेरै मात्रामा हुन्छन् । राजसिक कर्मको फल दुःख दिने र लोभ उत्पन्न गराउने हुन्छ। लोभ नै पापको मूल कारणा हो। माझी औंला भनेको तमोगुण हो, संसारमा तमोगुणी मानिसको संख्या यति–उति छ भनेर भन्न कठिन नै छ। तामसिक कर्मको फल अज्ञान हुन्छ र अज्ञानीहरूबाट राग, द्वेष , मार–पीट आदि नीच कर्महरू हुन्छन् । सत्व, रज र तम तीन गुण भनेको माया हो, माया भनेको यो संसार हो । डोरी बाट्ने मानिसहरूले साना तीनओटा डोरा मिलाएर बाटेका हुन्छन्, त्यो डोरी चुडाल्न

CC-0. In Public Domain. Digitization by eGangotri

हमेसी कसैले पनि सक्तैनन् । त्यस्तै भगवान्को सत्व, रज र तम त्रिगुणात्मकमायादेखि मुक्त हुन पनि अत्यन्त कठिन छ ।

चौथो परिशिष्ट चोर औंला भनेको जीव हो । यस औंलालाई चोर संज्ञा कसरी भयो, जीव नै शिव हुनुपर्नेमा जीवमा सांसारिक गुण कहाँबाट आयो ? सबै कर्महरू प्रकृतिको सत्त्व, रज र तम गुणबाट हुन्छन् । अर्कालि गरेको कर्मलाई जीवले मैले गरेको हुँ भनी अभिमान गर्नाको कारण चोर संज्ञा भयो र जीव प्रकृतिको गुणमा मिसी शिवदेखि भिन्न भयो । । जुन दिन, जुन समय जीवले आफूलाई शिव जानी प्रकृतिको गुणदेखि पृथक् भई बूढी औंलासंग चोर औंला जोडेपछि त्यसै समय मुक्त हुन्छ ।

सत्यं ज्ञानमनन्तं ब्रह्म । यो वेद निहितं गुहायां परमेव्योमन् ।
सोऽश्नुते सर्वान् कामान् सह ब्रह्मणा विपश्चितेति ॥
(तै. २।१।१)

जुन जीवात्माले आफ्नो बुद्धि र आत्मामा स्थित सत्य ज्ञान र अनन्त आनन्द स्वरूप परमात्मालाई जान्दछ त्यो त्यस व्यापकरूप ब्रह्ममा स्थित भएर सबै कामना भोग गर्दछ यही मुक्ति हो ।

स यो ह वै तत्परमं ब्रह्म वेद ब्रह्मैव भवति ।
(मु. ३।२।९)

जसले त्यो परमपद (ब्रह्मैवाहमस्मि) म ब्रह्म नै हुँ भनी जान्दछ त्यो ब्रह्म नै हुन्छ । (देही देवालयः प्रोक्तः स जीवः केवलः शिवः) यो देह नै देवालय हो र जीव नै वस्तुतः शिव हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्कराचार्य भन्नुहुन्छ– (जीवो ब्रह्मैव नापरः) यो जीवात्मा वस्तुतः ब्रह्म नै हो, अन्य होइन। भगवान् श्री कृष्ण भन्नुहुन्छ– (निस्त्रैगुण्यो भवार्जुन) गीता २।४५ हे अर्जुन ! तिमी तीनै गुणदेखि रहित–निस्त्रैगुण्य बन । गुणदेखि रहित हुनु नै जीव शिव हुनु हो ।

मौनं स्तुति :

(म. ब्रा. २।५)

मौन नै स्तुति हो।

मौनं चैवास्मि गुह्यानां

(गीता. १०।३८)

म गोप्यहरूमा मौन हुँ ।

मौनमात्मविनिग्रहः

(गीता. १७।१६)

मौन मनको विशेष निग्रह गर्नु (मौनान्नास्ति परं तपः) मौनभन्दा ठूलो अर्को तप छैन (मौनान्नास्ति परं व्रतम्) मौनभन्दा ठूलो अर्को व्रत छैन ।

मौनवान्निरहम्भावो निर्मानो मुक्तमत्सरः ।
यः करोति गतोद्वेगः स जीवन्मुक्त उच्यते ॥

(महो. २।५०)

मौन रही अहङ्कार अभिमान ईर्ष्या नलिई उत्साहले युक्त भएर जो क्रियारत छ त्यो जीवन्मुक्त भनिन्छ ।

मौनानीहानिलायामा दण्डा वाग्देहचेतसाम् ।
नह्येते यस्य सन्त्यङ्ग वेणुभिर्न भवेद् यतिः ॥

(भा. ११।१८।१७)

CC-0. In Public Domain. Digitization by eGangotri

वाणीको लागि मौन, शरीरको लागि निश्चेष्ट स्थिति र मनको लागि प्राणायाम दण्ड हो। जसको साथमा यी तीन दण्ड छैनन्, त्यो केवल शरीरले बाँसको दण्ड धारणा गर्नाले मात्र दण्डी स्वामी हुँदैन।

महर्षि देवलकी सुवर्चला नाम गरेकी पुत्री थिइन्। उनीले यस्तो पतिको खोजी गरकी थिइन्, जो अन्धो होस् आँखा भएको पनि होस्। उद्दालक पुत्र श्वतकेतुले म अन्धो पनि छु र साथै विशाल नेत्रले युक्त पनि छु भनी उपर्युक्त कुराको कारण बताए ज्ञान नेत्रले युक्त हुनाको कारण म नेत्रवान हुँ। लौकिक चक्षु-द्वारा ज्ञात विषयमा आसक्त न हुनाको कारण म नेत्र भएर पनि अन्धो छु। ठीक उत्तर प्राप्त भएकोले सुवर्चला र श्वेतकेतु दुबै ब्रह्मवेत्ताको विवाह भयो।

कालिदास र राजकुमारी विद्यावतीको पनि यस्तै प्रकार-बाट विवाह भएको थियो। परम विदुषी राजकुमारी विद्यावती विद्वान्, पतिको खोजीमा थिइन्। उनको मनसाय यो थियो कि जो मसँग शास्त्रार्थमा विजय प्राप्त गर्दछन् उनैसँग म विवाह गर्दछु भनी प्रतिज्ञा समेत गरकी थिइन्। धर्मज्ञ एवं शास्त्रज्ञ ब्राह्मणहरूले पनि उनीलाई पराजय गराउन सकेनन्। एक दिन कालिदाससंग मौन वाणीमा शास्त्रार्थ भयो। विद्यावतीले इशारावाट यो कुरा गर्न थालिन्। तिनले ईश्वर एउटा छ भन्ने आशयले एउटा औंला ठड्याइन्। कालिदास राजकुमारीले मरो एउटा आँखा फोरिदिन्छु भनेकी हुन् भन्ने ठानेर दुई औंला ठड्याए। तिमीलें मरो एउटा आँखा फोरिदियो भने म तिम्रा दुबै आँखा फोरिदिन्छु भन्ने उनको आशय थियो। परन्तु

CC-0. In Public Domain. Digitization by eGangotri

राजकुमारीलें यस्तो विचार गरिन् कि दुईको अर्थ प्रकृति र पुरुष दुई तत्त्व मात्र छ, ठिकै हो भनी विवाह गरिन्।

ज्ञानमार्गमा अनेक आश्चर्यका कुराहरू आउँदछन् – यहाँ भन्दा कति आश्चर्य। १६ हजार गोपिनीहरू र ८ पट रानीमा रमण गर्ने कृष्ण सदाको बालब्रह्मचारी तथा हजारौं गोपिनीहरूले दिएको सम्पूर्ण भोजन खाने दुर्वासाजी सदाको निराहारी नै हुनुहुन्छ।

आत्मा अनुपम, अतीन्द्रिय, अविषय, अनाख्येय भएकोले शिवजीले भद्रामुद्राबाट शिष्यलाई अवगत गराउनु भएको हो। आत्मज्ञानको मार्ग कठिन मात्र नभई अपठचारो र आश्चर्यजनक समेत छ।

आश्चार्यवत्पश्यति कश्चिदेनमाश्चर्यवद्वदति तथैव चान्यः।
आश्चर्यवच्चैनमन्यः शृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित्॥
(गीता २।२९)

कोही आत्मालाई आश्चर्ययुक्त देख्तछन्, त्यस्तै कोही आश्चर्य कुरा रहेछ, भन्दछन्, कोही आश्चर्य मानेर आत्मविषयको कुरा सुन्दछन्, सुनेर पनि यस्तै हो भनेर जान्न सक्तैनन्।

श्रवणायापि बहुभिर्यो न लभ्यः
शृण्वन्तोऽपि बहवो यं न विद्युः।
आश्चर्यो वक्ता कुशलोऽस्य लब्धा–
ऽऽश्चर्यो ज्ञाता कुशलानुशिष्ट॥
(कठ. १।२।७)

CC-0. In Public Domain. Digitization by eGangotri

धेरैजसो मानिसहरू आत्मविषयको कुरा सुन्न पनि पाउँदैनन्, धेरै जसो सुनेर पनि केही बुझ्दैनन्, आत्मतत्त्वको निरुपण गर्ने पनि आश्चर्य पुरुष हो, त्यसलाई प्राप्त गर्ने पुरुष पनि विरला नै हुन्छन् तथा आत्मदर्शनको उपदेश कुशल आचार्यले गरको होस् र यसको ज्ञाता पनि आश्चर्यरूप नै हुन्छ ।

क्षुरस्य धारा निशिता दुरत्यया
दुर्गं पथस्तत्कवयो वदन्ति ॥

(कठ. १।३।१४)

जुन प्रकार छुराको धार तीक्ष्ण र दुस्तर हुन्छ, तत्त्व ज्ञानीहरू त्यस मार्गलाई त्यस्तै नै दुर्गम बताउँछन् ।

कहत कठिन समुझत कठिन साधन कठिन विवेक ।
होइ घुनाच्छर न्याय जौं पुनि प्रत्यूह अनेक ॥

(तु. रा. उत्तर. दो. २०३)

ज्ञान भनेको पदार्थ भन्नलाई पनि कठिन छ । कसैले यथाकथंचित् भनिहाल्यो भने पनि बुझ्नलाई कठिन छ । बुझिहाल्यो भने पनि त्यसको साधन कठिन छ । घुणाक्षरन्यायले साधन भए पनि फेरि अनेक विघ्न पर्दछन् ।

यह तो गति है अटपटि झटपट लखे नकोय ।
जो मन की खटपट मिटे चटपट दर्शन होय ॥

यो मार्ग अति अप्ठ्यारो भएको हुँदा झटपट बुझ्नमा आउँदैन । मनको लटपट मिटिनसाथ चटपट दर्शन पनि भइहाल्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

एक पटक अद्वैतवादी र द्वैतवादीहरूका मौन व्याख्यानमा शास्त्रार्थ भएको थियो। अद्वैतवादीले एउटा औंला देखाए। द्वैतवादीले दुइटा औंला देखाए। अद्वैतवादीले तीनौटा औंला देखाए। द्वैतवादीले चारौटा देखाए। अन्तमा अद्वैतवादीले पाँचै औंला मूठी पारी मूड्की उजाए, यत्तिकैमा शास्त्रार्थ पनि समाप्त भयो।

सिद्धान्त–अद्वैतवादीले एउटा औंला देखाएको यो हो कि (सोऽहं) म नै ब्रह्म हुँ अर्थात् (एको देवः सर्व भूतेषु गूढः) एउटा देव नै सम्पूर्णको हृदयमा रहेका छन्। (ब्रह्म अद्वितीय श्रुति यो प्रमाण) ईश्वर एउटै छ अरू केही छैन भन्ने विषयमा वेदै प्रमाण छ– (एकमेवाद्वितीयम्) श्री कृष्णजीले अक्षयपात्रमा शेष रहेको सागको त्यान्द्रालाई (अनेन विश्वात्मा तृप्यताम्) भनेर खाँदा दुर्वासाजी सहित उहाँका १०००० दशहजार शिष्य मात्र होइनन् कि विश्व नै तृप्त भयो। ईश्वर एक छ भन्ने कुरामा कृष्ण नै प्रमाण हुनुहुन्छ। द्वैतवादीले दुई औंला देखाउनुको अर्थ (दासोऽहं) भन्नु हो र अर्को खाली दुई तत्त्व मात्र छ भन्नु हो। जड–चेतन, दृश्य–द्रष्टा, जीव–ईश्वर, बिम्ब–प्रतिबिम्ब, सत्–असत्, प्रकृति–पुरुष, सेवक–सेव्य इत्यादि। अद्वैतवादीले तीन औंला देखाउनुको मतलब हो। (सदा सोऽहं) भन्नु र प्रकाश, सुख र आत्मा यी तीनमा कुनै भेद छैन, जस्तै सत्, चित्, आनन्द भन्नु अस्ति, भाति, प्रिय भन्नु एकै ब्रह्मको नाम हो। अ–उ–म ॐ भन्नु एकाक्षर ब्रह्मको नाम हो, केवल नाममा फरक देखिए तापनि स्वरूपमा भेद छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम् ।
ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते ॥

श्री कृष्णको तीन रूप–भगवान् परमात्मा र ब्रह्म । सर्वत्र व्यापकरूपमा ब्रह्म भनिन्छ, यही निर्गुण निराकाररूप हो । सगुण–निराकार रूप छ त्यो मण्डलको स्थानमा, यसैलाई परमात्मा भनिन्छ । यसको पनि अन्तरात्मभूत जो स्वरूप हो त्यही भगवान् हो । भगवान् कृष्ण ज्ञानीको ब्रह्म, योगीको परमात्मा र भक्तको भगवान् हुनुहुन्छ ।

द्वैतवादीले चार औंला देखाउनुको मतलब हो (दास-दासोऽहं) भगवान्का भक्तको दासको पनि दास हुँ र वासुदेव, प्रद्युम्न, अनिरुद्र र संकर्षणलाई सदा मान्दछु । चेतन चार प्रकारका हुन्छन्–प्रमातृचेतन, प्रमाणचेतन, विषयचेतन र फलचेतन । अन्तःकरण शिविष्टचेतन प्रमातृचेतन हो । वृत्ति अवच्छिन्नचेतन प्रमाणचेतन हो । घटादि अवच्छिन्नचेतन विषयचेतन हो । वृत्ति सम्बन्धदेखि घटादिमा चेतनको जो प्रतिविम्व पर्दछ, त्यो फलचेतन हो ।

अद्वैतवादीले पाँच औंला मूठी पारी देखाउनुको तात्पर्य यो हो कि (सदा सदा सोऽहं) सदाकाल मै नै हुँ (एकं सद्विप्रा वहुधा वदन्ति) ऋग्वेद १।१६४।४६ त्यस एक ब्रह्मलाई विद्वान् अनेक नामले पुकार्दछन् (एको विश्वस्य भुवनस्य राजा) ऋग्वेद ६।३६।४ त्यो सब लोकको एकमात्र स्वामी हो (तत्सृष्ट्वा तदेवानुप्राविशत्) तै २।६ प्राणीलाई सृष्टि गरेर ईश्वर आफैं त्यसमा प्रवेश गरे । एकै

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस पिताको दृष्टिमा पुत्र, मामाको दृष्टिमा भानिज, दाइको भाइ, पत्नीको पति इत्यादि देखिएता पनि हो त्यो एकै पुरुष । वेदान्त शास्त्रहरूको अध्ययन गरी हेर्दा एकैबाट अनन्त भएको र अन्तमा एकै भएको देखिन्छ । कुनै कवि भन्दछन्–

एक ही से सब हो त है, एक ही मे सब समाय ।
जो वह एक न जानिया, तो वहु जाने क्या होय ।।

मानिस तबसम्म आत्माको विषयमा तर्क–वितर्क गर्दछ, जबसम्म उसलाई आत्मानन्दको रसास्वाद मिलेको हुँदैन । स्वाद थाहा पाएपछि चुप–चाप मग्न भई मौन रहन्छ । भमरा तबसम्म भुं–भुं कराउँ छ जबसम्म फूलको रस भेट्टाएको हुँदैन । फूलको रस पान गर्न थालेपछि त उसको मुख आपसें आप बन्द हुन्छ ।

मौन भाषा हो विश्वभाषा, मौन भई इशारा गरको कुरा मनुष्य मात्रले सजिलैसंग बुझ्दछ ।

आत्मानन्द जो हो त्यो सर्वोच्चानन्द भएको हुँदा वाणी-द्वारा त्यो आनन्द प्रकट गर्न सकिंदैन । कुनै एक स्त्री कूवामा पानी झिकिराखकी थिइन् दैवसंयोगवश उनीले हातमा लगाएको सुनको बाला कूवामा खस्यो । यस्तैमा एउटा परिचित मानिस त्यहाँ आइपुग्यो । ती स्त्रीले त्यस मानिसलाई भनिन्–मेरो बाला पानीमा खस्यो, त्यो बाला झिकिदेऊ म तिमीलाई दुइ सय २००। रूपैयाँ इनाम दिनेछु। त्यस पुरुषले पानीमा डुबुल्की लगाएर खोज्दा बाला फेला पार्‍यो र उसलाई असीम आनन्द

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त भयो । परन्तु बाला फेला पार्दा जुन आनन्द उसलाई प्राप्त भयो त्यो वाणीद्वारा प्रकट गर्न सकेन किनभने पानी भित्र बोल्न सकिंदैन । ब्रह्मानन्दको केवल अनुभव मात्र हुन्छ वाणीमा आउँदैन ।

अविगत अकल अनुपम देख्या कहताँ कह्या न जाई ।
सैन करे मनही मन रहसै गूंगै जानि मिठाई ।।

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त प्रक्रिया

(१) कारण, तीन प्रकारका छन्– समवायि कारण असमवायि कारण र निमित्त कारण यी तीन कारणद्वारा सर्व भाव कार्य उत्पन्न हुन्छन्। समवायि कारण– एक द्रव्य पदार्थमा मात्र हुन्छ, गुण कर्मादिमा हुँदैन । असमवायि कारण– गुण र कर्म यी दुइ पदार्थमा मात्र हुन्छ, अन्य पदार्थमा हुँदैन । निमित्त कारण– द्रव्यदिक सबै पदार्थहरूमा हुन्छ ।

(२) विचार, प्रधान विचार – अहं ब्रह्मास्मि यस्तो वाक्यार्थज्ञानद्वारा प्राप्त हुनु अति वाञ्छित हुनाले ब्रह्म प्रधान हो । यस्तो जो ब्रह्मको विचार हो यो प्रधान विचार हो । सहकारी विचार – ब्रह्मको विचार समन्वय आदि विचारविना संभवता छैन अर्थात् समन्वय, अविरोध, साधन र फल यी चारको जो विचार हो त्यो सहकारी विचार हो। समन्वय–उपनिषद् वेदमा स्थित जो वाक्य हो त्यस वाक्यमा ब्रह्म आत्माको अभेद प्रतिपादक गरिएको तात्पर्य हो, त्यसको नाम समन्वय हो। अविरोध– प्रत्यक्षादि प्रमाण संग जो

CC-0. In Public Domain. Digitization by eGangotri

विरोधको अभाव छ त्यसको नाम अविरोध हो। साधन– ज्ञान प्राप्तिको जो उपाय हो त्यसको नाम साधन हो। फल– साधन गरेर प्राप्त हुनु योग्य जो अर्थ हो त्यसको नाम फल हो।

(३) समानाधिकरण्य, चार प्रकारका छन्– विशेषण-विशेष्यभाव, अध्यसस्थ, बाध र ऐक्य विशेषण निशेष्य भाव– (निलो घटः) यहाँ नीलो पदार्थ घट पदार्थको विशेषण छ र घट चाहिं विशेष्य हुन्छ अतः यो समानाधिकरण्य विशेषण विशेष्य भावयुक्त छ। अध्यसस्थ–मा सामानाधिकरण्य हुन्छ, जस्तो कि (इदं रजतम्)यो अध्यास सामानाधिकरण्य व्यावहारिक तादात्म्यको नाम हो। बाध– हुँदाखेरि पनि, समानाधिकरण्य हुन जान्छ, जस्तो कि यो चोर होइन स्थाणु हो भनी ज्ञात भएको हुन्छ। ऐक्य – (सोऽयम्) इत्यादिमा हुन्छ।

(४) व्यावर्तक र व्यावृत्ति। व्यावर्तक – भनेको शब्द बोधको फलत्व हो। व्यावृत्ति – भनेको लक्षणको विना नै शब्द-बोधमा भासित हुन्छ।

(५) वैराग्य र अभ्यास। यी दुइलाई विध्वंसक र विधायक पनि भनिन्छ। खेतबाट घाँस उखलेर फ्याक्नु विध्वंसक काम भयो। यसैलाई वैराग्य भन्दछन्। त्यसयमा बीज रोप्नु विधायक काम हो। मनमा सद्विचारहरूको पुनः पुनः चिन्तन गर्नुलाई अभ्यास भनिन्छ। वैराग्य विध्वसक क्रिया हो, अभ्यास विधायक क्रिया हो।

(६) क्रियाफल, चार प्रकारका छन्– उत्पाद्य, विकार्य,

CC-0. In Public Domain. Digitization by eGangotri

सस्कार्य र प्राप्य। उत्पाद्य – जुनसुकै अविद्यामान वस्तु क्रियाद्वारा उत्पन्न गरिन्छ त्यसलाई उत्पाद्य भनिन्छ, जस्तै घट, पटादि। विकार्य – एक वस्तुलाई अर्को रूपमा परिणत गर्दा खेरि जुन फल प्राप्त हुन्छ त्यसलाई विकार्य भनिन्छ, जस्तै हारलाई गालेर त्यसको वाला वनाउनु हो । संस्कार्य दोषलाई हटाउनु र गुणलाई प्रकट गर्नु संस्कार्य हो, जस्तै ऐनालाई सफा गरेर त्यसको मैलो फ्याकी त्यसलाई उज्यालो पार्नु । प्राप्य – कुनै अप्राप्य वस्तुलाई क्रियाद्वारा प्राप्त गर्नु यो प्राप्य क्रियाफल हो, जस्तै गमन क्रियाद्वारा कुनै गाउँमा पुग्नु हो ।

(७) मायाको चौबीस भेद– एक प्रकृति (त्रिगुणात्मिका मूल प्रकृति) सात प्रकृति–विकृति (महत्व, अहंकार र पाच तन्मात्रा) सोरह विकृति (दश इन्द्रिय एक मन र पाँच भूत)

(८) अतत्प्रधान र तत्प्रधान । अतत्प्रधान– जुन वाक्य-हरूमा ज्ञातव्य वस्तुको चर्चा रहन्छ, परन्तु त्यसको मुख्य तात्पर्य त्यस वस्तुको स्वरूपको प्रतिपादन गर्नुमा हुँदैन, त्यो अतत्प्रधान हो । तत्प्रधान– जुन वाक्य मुख्यतया ज्ञातव्य वस्तुको तत्त्वलाई नै प्रतिपादन गर्नमा तात्पर्य राख्दतछ त्यो तत्प्रधान हो ।

(९) अध्यारोप र अपवाद । अध्यारोप–कुनै सत्य वस्तुमा असत्य पदार्थको भान हुनु अध्यारोप हो, जस्तै रज्जुमा सर्पको भ्रान्ति हुनुं अर्थात् अद्वैत ब्रह्ममा द्वैत प्रपंचको आरोप गर्नु । अपवाद–आरोपित प्रपञ्चको जो (नेह नेनास्ति किंचन) भनेर श्रुतिले निषेध गरेको छ त्यसको नाम अपवाद हो अर्थात् असत्य पदार्थलाई वाधपूर्वक परमार्थ सत्यको प्रदर्शित गर्नु अप-

CC-0. In Public Domain. Digitization by eGangotri

वाद हो, जस्तै कल्पित सर्पको निराकरणद्वारा त्यसको अधि-ष्टानभूत रज्जुको भान हुनु हो।

(१०) प्रधान– मनुष्यदेहमा, वैदिकज्ञानको विशेषताले गर्दा चेतन प्रधान हुन्छ। तिर्यग्योनी–पशु, पक्षीमा जड चेतन दुबै प्रधान हुन्छन्। स्थावरयोनी–वृक्ष, पहाडादिमा जड प्रधान हुन्छ।

(११) विकल्प–जसबाट केवल शब्दको मात्र ज्ञान हुन्छ, वस्तु भने हुँदैन, जस्तै आकाशकुसुम, शशश्रृङ्ग, वन्ध्या-पुत्र आदि (शब्द ज्ञानानुपाती वस्तुशून्यो विकल्पः)

(१२) मुक्ति, एक सदेह मुक्ति अर्थात् जीवन्मुक्ति र अर्को विदेहमुक्ति। जुन अनासक्त बुद्धिमान् पुरुषलाई इष्टा-निष्ट कर्महरूको ग्रहण-त्यागमा आफ्नो कुनै इच्छा रहदैन अर्थात् जसको इच्छाको सर्वथा अभाव भएको छ; त्यो स्थिति जीवन्मुक्त अवस्थाको हो र त्यही सदेहमुक्ति हो। देहको नाश भएपछि पुनर्जन्मदेखि रहित हुनु त्यो विदेहमुक्ति हो।

(१३) उत्पति दुइ प्रकारका हुन्छन्–भ्रान्तिज र ब्रह्ममय। भ्रान्तिज–पूर्वजन्मको वासनाले बद्धमूल शरीरतादात्म्यको भ्रमवश प्राणीहरूको उत्पति हुनु त्यो भ्रान्तिज हो; किन भने त्यो दृश्यको सङ्गले हुन्छ। ब्रह्ममय–नित्यमुक्त ब्रह्मलाई कहिले पनि जगत्को भ्रन्ति त हुँदैन, फेरि पनि उनी सृष्टिको आदिमा चतुर्विध जीवरूपले जो स्वयं आफ्नो संकल्पले उत्पन्न हुन्छन्, त्यो जन्म योनिज होइन ब्रह्ममय हो।

(१४) अवस्था चार प्रकारका हुन्छन्– विश्लिष्ट, गतागत,

CC-0. In Public Domain. Digitization by eGangotri

सुश्लिष्ट र सुलीन । विश्लिष्ट–तामस अवस्था, गतागत–राजस अवस्था, सुश्लिष्ट–सात्विक अवस्था, सुलीन–भनेको यी तीनै गुणदेखि रहित भएको अवस्था हो ।

(१५) अग्नि, पाँच प्रकारका छन्– जठराग्नि, कामाग्नि, मन्दाग्नि, प्रकाशाग्नि र ब्रह्माग्नि । जठराग्निले–नाभिमा रहेर अन्न जलादिलाई पचाउदछ । कामाग्नि–भनेको अज्ञानतावाट हठयोग, पञ्चाग्नि ताप्नु, जलाशयन, धूम्रपान, ठाडेश्वरी आदि अनेक तप साधनहरू गर्नु हो । मन्दाग्नि-ले भित्र मनवाट संकलप उठाउदछ । प्रकाशाग्निको अर्को नाम वडवाग्नि हो, परमतत्त्व परमात्मालाई शीतल रूप मानेको छ । परन्तु वडवाग्नि नै फेरि लहरी जस्तो जगत्‌को इच्छा प्रकट गर्नमा कारण छ । ब्रह्माग्नि–भनेको सर्व अज्ञान कर्म ज्ञानाग्निमा जलाई सकेको, विज्ञानरूप शान्त पदलाई मानेको छ ।

(१६) मौन, चार प्रकारका छन्–वाणी मौन, समाधि मौन, इन्द्रिय मौन र सुषुप्ति मौन । वाणी मौन–नबोली चूप–चाप संग रहनु । समाधि मौन– आँखा चिम्ली कुनै पदार्थलाई पनि नहेर्नु । इन्द्रिय मौन–हठ गरेर मन र इन्द्रियलाई रोकी राख्नु । सुषुप्ति मौन–ब्रह्म ज्ञानीलाई हुन्छ, न म हुँ, नजगत् हो अथवा यस्तो ठानी सबै मैं पो रहछु भनी रहनु ।

(१७) वेद, मन्त्ररूप अथवा संहिता र ब्राह्मणरूप अथवा आरण्यक । मन्त्ररूप वेद–भनेको ऋग्, यजु, साम र अर्थवर्णवेद गरी चार प्रकारका छन् । ब्राह्मण रूप वेद–भनेको इतिहास,

CC-0. In Public Domain. Digitization by eGangotri

पुराण, विद्या, उपनिषद्, श्लोक, सूत्र, व्याख्यान र अनुव्याख्यान गरी आठ प्रकारका छन् । इतिहास–जनक राजादिको कथाको प्रसंग गर्ने वेद वचनको नाम इतिहास हो । पुराण–मायाशिविष्ट परमात्माबाट जगत्को उत्पत्ति स्थितिको कथन, ऋषिहरूको वंशको कथन, मनुहरूको कथन, चारवर्णको कथन र चार आश्रमको कथन गर्ने भएको वेद वचनको नाम पुराण हो । विद्या–ब्रह्मादिक देवताहरूको उपासनाको कथन गर्ने भएको वेद वचनको नाम विद्या हो । उपनिषद्–ब्रह्मको रहस्यको कथन गर्ने भएको वेद वचनको नाम उपनिषद् हो । श्लोक–वेदको ब्राह्मण भागलाई कथन गर्ने जुन मन्त्र हो त्यसैको नाम श्लोक हो । सूत्र–अनेक अर्थहरूको कथन गर्ने भएको वेदको वचनको नाम सूत्र हो । व्याख्यान–मन्त्रको अर्थलाई कथन गर्ने भएको जुन ब्राह्मणरूप वेदको भाग हो त्यसैको नाम व्याख्यान हो । अनुव्याख्यान–सूत्रको र मन्त्रको अर्थहरू सहित कथन गर्ने भएको वेद वचनको नाम अनुव्याख्यान हो ।

(१८) आप्तकाम– सबैको साथमा एकता हुनु यसको रूप हो, यसकारण यस स्वयं ज्योतिः स्वरूप आत्माको यो रूप आप्तकाम हो । आत्मकाम–आत्मादेखि भिन्न कुनै अर्को वस्तु छैन, सुषुप्तिमा अन्यत्व प्रस्तुत गर्नेवाला अविद्यारूप, हेतुको अभाव हुनाको कारण आत्मा नै उसको काम हो । यस कारण त्यो रूप आत्मकाम हो । अकाम–काम्य विषयहरूको अभाव हुनाको कारण यो रूप अकाम हो, तात्पर्य यो हो कि यो रूप सर्वथा शोकरहित छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

(१९) धर्म, तीन प्रकारका छन्– स्थूलदेहको धर्म, मनको धर्म र प्राणको धर्म । स्थूलदेहको धर्म–जरा, मरण, जन्म इत्यादि । मनको धर्म–शोक, मोह, राग इत्यादि । प्राणको धर्म–क्षुधा पिपसा ।

(२०) अनादि, छ प्रकारका छन्–जीव, ईश्वर, ब्रह्म, जीव र ईश्वरको भेद, माया । यिनीहरू मध्ये एक ब्रह्म मात्र अनादि अनन्त छ अरू अनादि सान्त छन् अर्थात् अनादि भएता पनि यिनीहरूको अन्त छ ।

(२१) परमात्माको दुइ रूप छन्–पर र अपर । निर्गुण-रूप पर हो र सगुणरूप अपर हो ।

(२२) ब्रह्म मायाको चारै सम्वन्ध देखि रहित छ– संयोगसम्वन्ध, समवायसम्बन्ध, तादात्म्यसम्वन्ध र भेदाभेद सम्वन्ध । संयोगसम्वन्ध–संयोग अव्याप्यवृत्ति हुनाले सावयव द्रव्यहरूको धर्म हुन्छ । जस्तो पक्षीको जो वृक्षको साथ संयोग छ त्यो संयोग सबै वृक्षमा रहँदैन, किन्तु वृक्षको कुनै एक शाखामा मात्र संयोग रहन्छ मूलदिमा र हुँदैन । यस कारण त्यो संयोग अव्याप्यवृत्ति हो । यस प्रकार संयोग पक्षीको वृक्षरूप सावयव-द्रव्यको नै धर्म हो र ब्रह्म त निरवयव छ । यस कारण ब्रह्मको मायाको साथ संयोगसम्वन्ध छैन । समवायसम्वन्ध – गुण गुणी, क्रिया क्रियावान्, जाति व्यक्ति, अवयव अवयवी यिनी-हरूको नै समवायसम्वन्ध हुन्छ, ती गुण गुणी भावादिक ब्रह्म र मायामा छैन । यस कारण ब्रह्मको मायाको साथ समवाय-सम्वन्ध छैन । तादात्म्यसम्वन्ध–भेद रहित पदार्थहरूमा नै

CC-0. In Public Domain. Digitization by eGangotri

तादात्म्य हुन्छ, ब्रह्म र मायामा परस्पर भेद छ। यस कारण ब्रह्म र मायाको तादात्म्यसम्बन्ध हुँदैन। भेदाभेदसम्बन्ध–भेद र अभेद दुबै परस्पर विरूद्ध भएकाले एकै अधिकरण विशेष रहदैन। ब्रह्म चेतन र माया जड भएको हुँदा ब्रह्ममा मायाको उपहितपना छैन।

(२३) मार्ग, दुइटा छन्–श्रेय र प्रेय। श्रेयमार्ग–मोक्षरूप नित्यसुख हो। प्रेयमार्ग–विषयजन्य अनित्य र क्षणिक सुख हो जो धनवाट प्राप्त हुन्छ।

(२४) अवस्थाका देवताहरू, जाग्रत अवस्थाको– विराट देवता, स्वप्न अवस्थाको–हिरण्यगर्भ देवता, सुषुप्ति अवस्थाको रुद्र देवता, तुरीय अवस्थाको–परमात्मा देवता हुन्। तुरीय अवस्थाको जुन परमात्मा देव हुन् मायाको उपाधिदेखि रहित र मनवाणीको अविषय स्वयं ज्योति आनन्दस्वरूप हुन्।

(२५) अज्ञान, दुइ प्रकारका छन्–मूला अज्ञान र तूला अज्ञान। मूला अज्ञान–जुन अज्ञान ब्रह्मको आश्रित भएर ब्रह्मलाई नै आच्छादान गर्दछ र ब्रह्मको ज्ञानद्वारा निवृत्त हुन्छ। तूला अज्ञान–घटादिक विषयावच्छिन्न चैतन्यको आश्रित भएर घटादिक विषयावच्छिन्न चैतन्यलाई नै आच्छादान गर्दछ र घटादिक विषयावच्छिन्न चैतन्यको ज्ञान गरेर निवृत्त हुन्छ त्यो तूला अज्ञान हो।

(२६) प्रश्न, दुइ प्रकारका छन्– अतिमोक्ष र संपद। अतिमोक्ष–कर्मी पुरुषको वागादि अध्यात्म हो वागादि अध्यात्मको जो अग्नि आदि अधिदेवको साथ परिच्छेद छ। त्यो परिच्छेद-रूप मृत्युको निवृत्तिको साधन जो वागादिहरूको अभेद

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान हो; त्यसलाई मोक्ष भनिएको छ र त्यो अभेद ज्ञान गरेर वागादिक अध्यात्मको अग्निआदि अधिदैव भावको प्राप्तिरूप फल हो, त्यसलाई अतिमोक्ष भनिएको छ। त्यो अतिमोक्षरूप फलको विषय गरिने भएको प्रश्नहरूलाई पनि अतिमोक्ष भनिएको छ। संपद–निकृष्ट वस्तु विशेष किंचित् मात्र समान धर्मलाई लिएर जो उत्कृष्ट दृष्टि छ त्यसलाई संपद भनिएको छ। जस्तो श्राद्ध को अन्नलाई अमृत दृष्टि तथा ब्राह्मणलाई विष्णु दृष्टि। यी संपदको विषय गरिने प्रश्नहरूलाई पनि संपद भनिएको छ।

(२७) तुरीयको, चार भेद छन्– ओत, अनुज्ञाता, अनुज्ञा र अविकल्प। ओत– देहाभिमान देखि निवृत्त भएको विद्वान् पुरुष समाधिदेखि व्युत्थानकालमा वाह्य अन्तर विश्वलाई ब्रह्मरूप गरेर अनुभव गर्दछ। त्यस व्युत्थान कालमा सर्व विश्वलाई प्रकाश गर्ने चैतन्य हो, त्यस चैतन्यको नाम ओत हो। अनुज्ञाता– ध्याता, ध्यान र ध्येय त्रिपुटीले युक्त जो सविकल्प समाधि हो। त्यस समाधिमा स्थित भएको विद्वान् पुरुष सर्व विश्वलाई ब्रह्मरूप गरेर देख्तछ। त्यस सविकल्प समाधि कालमा चैतन्यले सर्वविश्वको सत्तालाई प्राप्त गरेको हुन्छ। त्यस चैतन्यको नाम अनुज्ञाता हो। अनुज्ञा– निर्विकल्प समाधिमा स्थित भएको विद्वान् पुरुष ध्याता, ध्यान र ध्येय आदि सर्व त्रिपुटीलाई त्याग गरेर सर्व जगत्को सत्तालाई आकर्षण गर्ने वाला चैतन्यरूप आत्माको अनुभव गर्दछ। त्यस चैतन्यरूप आत्माको नाम अनुज्ञा हो। अविकल्प– जुन समयमा विद्वान् पुरुषलाई मन वाणीको अविषयरूप स्वयं ज्योति आनन्द-स्वरूप अद्वितीय आत्माको ज्ञान हुन्छ। यो म हुँ त्यो अर्को

CC-0. In Public Domain. Digitization by eGangotri

भन्न देख्तैन, तथा त्यसमा भेदभाव केही हुँदैन । म जीवित छु या मरेको छु भन्ने इत्यादि विषय समेत देख्तैन । त्यस कालमा स्थित भएको चैतन्य स्वरूप आत्माको नाम अविकल्प हो । जस्तै जाग्रत, स्वप्न र सुषुप्ति तीनै अवस्था भेददोषले युक्त छन् । त्यस्तै तुरीयआत्माको पनि ओत, अनुज्ञाता र अनुज्ञा भेदरूप दोषले युक्त छन् । यस कारण जाग्रदादि तीनै अवस्था र तुरीयआत्माको ओत आदि तीनै रूपलाई समेत परित्याग गर्नु । जो चतुर्थ अविकल्पस्वरूप हो त्यही आफ्नो स्वरूप हो ।

(२८) प्रतिबन्धक, तीन प्रकारका छन्– भूत, वर्तमान र भावी। भूत प्रतिबन्धक– अघि गैसकेको विषयमा अत्यन्त आसक्ति हुनाले पुनः पुनः स्मृति भइरहनु । वर्तमान प्रतिबन्धक– विषयमा आसक्ति, मन्द बुद्धित्व, कुतर्क र असत्य वस्तु देह, धन, पुत्र, स्त्री आदिलाई म र मेरो भनी मान्नु हो । भावी प्रतिबन्धक– थाहा पाउन सकिदैन र हटाउन पनि सकिदैन भन्नुको तात्पर्य हो अत्यन्त कठिन । म जीव हुँ भनी मान्नु अज्ञान हो, अज्ञान नै प्रतिबन्धक हो, अज्ञान भन्नु भ्रम हो, भ्रम ज्ञानले निवारण हुन्छ ।

(२९) उपासना, दुइ प्रकारका छन्– सगुण र निर्गुण। सगुण उपासनाको व्यष्टि प्रतीकोपासना र समष्टि प्रतिकोपासनाको भेदले दुइ प्रकार हुन गएको छ । व्यष्टि प्रतीकोपसना– आफ्नो इष्टलाई कागजको मूर्तिमा ढुङ्गा, धातु आदिको मूर्तिमा कल्पना गरेर उपासना गर्नु व्यष्टि प्रतीकोपासना हो । समष्टि प्रतीकोपासना– जड-चेतन सबैमा आफ्नो

CC-0. In Public Domain. Digitization by eGangotri

इष्टदेव मान्नु अर्थात् विश्वरूपमा उपासना गर्नु समष्टि प्रतीकोपासना हो । निर्गुणोपासना – विधिमुखले ब्रह्मको लक्ष गरी आनन्द स्वरूप, ज्ञान स्वरूप, मुक्त स्वरूप भनी बोध गराउछ । निषेधमुखले अज, निराकार, निर्गुण, निरञ्जन आदि बताउँदछ । अर्थात् ब्रह्मको विशेषण बताउने विधिमुख र कुनै विशेषण पनि छैन भनी बताउने निषेधमुख हो । यी दुवै विधिमुख र निषधमुखले बताएका ब्रह्म मै नै हुँ भनेर चिन्तन गर्नु नै निर्गुण उपासना हो ।

(३०) ब्रह्म, शुद्धब्रह्म र परात्पर ब्रह्म । शुद्धब्रह्म–जस मा वल (माया) सर्वथा सुप्त रहन्छ, यस्तो रस (ब्रह्म) निर्विशेष शुद्धब्रह्म हो । परात्पर ब्रह्म– जसलाई मन या वाणीद्वारा कुनै प्रकार व्यक्त गर्न सकिंदैन । उद्बुद्धवल वाला निःसीम ब्रह्मलाई परात्पर ब्रह्म भनिन्छ । वेदान्त शास्त्रमा निर्विशेषलाई शुद्धब्रह्म र परात्परलाई विशिष्ट ब्रह्म भनेको छ ।

(३१) अधिकारी, दुइ प्रकारका हुन्छन्– अव्युत्पन्न अथवा व्युत्पन्न र अमुख्य । अव्युत्पन्न– जुन पुरुषले सगुण ब्रह्मको उपासना साक्षात्कार पर्यन्त गरेको छ भने यस्तो कृतोपासक पुरुष मुख्य अधिकारी व्युत्पन्न हो त्यस्तालाई ब्रह्मको एकत्व प्रतिपादन गर्ने एक श्लोक अथवा आधा श्लोक मात्र श्रवण गर्नाले ब्रह्म साक्षात्कार हुन्छ । त्यसलाई कुनै शास्त्रको अध्ययन गर्नु पर्दैन । अमुख्य अधिकारी– जो छ त्यसलाई केवल महावाक्य मात्र श्रवणले ब्रह्म साक्षात्कार हुँदैन । त्यस्ताको लागि दर्शन शास्त्र अध्ययन गर्नुको पश्चात् साक्षात्कार हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

(३२) व्यपकता, दुइ प्रकारका छन्– निरपेक्षव्यापकता र सापेक्षव्यापकता । निरपेक्षव्याकता – एक आत्मालाई भनेको छ ·। सापेक्षव्यपकता– आकाशादिको आपनो कार्य जो वायु आदिलाई भनेको छ तिनलाई अपेक्षा गरेर नै सापेक्ष व्यापकता हुन्छ । त्यस सापेक्षव्यापकतालाई अंगीकार गरेर नै आत्मामा आकाशको दृष्टान्त दिएको हो । आत्माको अपेक्षा गरेर नै आकाशादिक परिच्छिन्न नै छन्, नित्य छैनन् ।

(३३) परिच्छेद, तीन प्रकारका छन्– देशपरिच्छेद कालपरिच्छेद र वस्तुपरिच्छेद यी तीनै परिच्छेद ब्रह्ममा अभाव छन् । देशपरिच्छेद– अत्यान्ताभावको प्रतियोगिताको नाम देश परिच्छेद हो । जस्तै एक देशमा रहेको घट अर्को देशमा –त्यन्ताभाव हुन्छ । त्यो अत्यन्ताभावको प्रतियोगिपन घट विषय हो त्यसको नाम देश परिच्छेद हो । कालपरिच्छेद- प्रागभाव र प्रध्वंसाभावको प्रतियोगिताको नाम कालपरिच्छेद– हो । जस्तै घटको उत्पत्ति हुनुभन्दा पूर्व कालमा घट प्राग-भावमा रहेको हुन्छ । घट नाश भएको समयमा घट प्रध्वंसा-भावमा रहको हुन्छ । दुवै अभावको प्रतियोगीपना घट विशेष छ । त्यसको नाम कालपरिच्छेद हो । वस्तुपरिच्छेद– अन्योन्याभावको प्रतियोगिताको नाम वस्तुपरिच्छेद हो । जस्तै पट घट होइन यस्तो प्रतीति घटको अन्योन्याभाव पटमा भासेको छ । अन्योन्याभावको प्रतियोगिपन घटमा छ त्यसको नाम वस्तुपरिच्छेद हो । यी तीनै परिछेच्द अनात्मपदार्थमा युक्त रहन्छन् । ब्रह्ममा तीनै परिच्छेदको अभाव छ । ब्रह्म व्यापक छ यस कारण देश परिच्छेद ब्रह्ममा छैन । उत्पत्ति

CC-0. In Public Domain. Digitization by eGangotri

नाशदेखि रहित हुनाको कारण कालपरिच्छेद ब्रह्ममा छैन। सम्पूर्णको आत्मा भएकोले वस्तु परिच्छेद ब्रह्ममा छैन।

(३४) ब्रह्मज्ञानी, चार प्रकारका हुन्छन्– ब्रह्मवित्, ब्रह्मविद्वर, ब्रह्मविद्वरीयान र ब्रह्मविद्वरिष्ठ। ब्रह्मवित्– चतुर्थ भूमिकामा स्थित ज्ञानी पुरुष। ब्रह्मविद्वर– पञ्च भूमिकामा स्थित ज्ञानी पुरुष। ब्रह्मविद्वरीयान्– षष्ट भूमिकामा स्थित ज्ञानी पुरुष। ब्रह्मविद्वरिष्ठ– सप्त भूमिकामा स्थित ज्ञानी पुरुष। यी चारै ब्रह्मज्ञानीलाई प्राप्त भएको सुखमा केही विशेषता हुन्छ। परन्तु मुक्ति भने चारैलाई समान नै हुन्छ।

(३५) अर्थवाद, तीन प्रकारका हुन्छन्– गुणवाद, अनुवाद र भूतार्थवाद। गुणवाद– जहाँ अन्य प्रमाणहरूदेखि विरोध हुन्छ त्यो गुणवाद हो। जस्तै (आदित्यो यूपः) इत्यादि वाक्य यहाँ यूप (पशुलाई बाँध्नको लागि स्थापित काष्ठ) लाई सूर्य भनेको छ, जो प्रत्यक्ष अनुभवको विरुद्ध छ। अनुवाद– जो अन्य प्रमाणहरूद्वारा ज्ञात अर्थको बोध गराउने वाला छ, त्यसलाई अनुवाद भन्दछन्। जस्तै (अग्निः हिमस्य भेषजम्) आग्नि शीतको औषधि हो इत्यादि। अग्निदेखि शीतको कष्ट हटनु प्रत्यक्ष छ। भूतार्थवाद– जो अन्य प्रमणहरूदेखि न त ज्ञात हुन्छ न विरुद्ध नै हुन्छ, त्यस अर्थको बोधक वाक्यलाई भूतार्थवाद भनिन्छ। जस्तै (इन्द्रो वृत्राय वज्रमुदयच्छत्) इन्द्रले वृत्रासुरलाई मार्नको लागि वज्र उठाए इत्यादि।

(३६) दोष, उच्चारण गरेको शब्दलाई पुनः पुनः उच्चारण गर्नुको नाम पुनरुक्ति दोष हो।

CC-0. In Public Domain. Digitization by eGangotri

(३७) वासना, तीन प्रकारका छन्– शरीरको वासना, शास्त्रको वासना र लोकको वासना। यी तीनै वासना ज्ञानीको लागि त्याज्य छन्।

(३८) उत्पन्न, आकाशादिको समष्टि सत्वांशबाट मन, बुद्धि, चित्त र अहंकार यी चार अन्तःकरण र समष्टि रज अंशबाट प्राण, अपान, समान, उदान र व्यान यी पञ्च प्राण उत्पन्न हुन्छन्। व्यष्टि सत्वांशबाट पञ्च ज्ञानेन्द्रिय र व्यष्टि रज अंशबाट पञ्च कर्मेन्द्रिय उत्पन्न हुन्छन्। आकाशादिको तम अंशबाट प्राणीहरूको कर्मफल भोगार्थ पञ्चीकरण गरेर स्थूल भूत उत्पन्न भई जसबाट ब्रह्माण्ड एवं प्राणीको शरीर भयो।

(३९) प्रमाण, छ प्रकारका हुन्छन्– प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापति र अनुपलब्धि। प्रत्यक्ष प्रमाण– इन्द्रिहरू द्वारा हुने वस्तुको ज्ञान प्रत्यक्ष प्रमाण हो। अनुमान प्रमाण–इन्द्रियद्वारा न जानिने वस्तुको ज्ञान अनुमानबाट जानिन्छ जस्तै पानी परेको नदेखे तापनि खोला बढेको देखेर शिर वर्षेछ भन्ने अनुमान हुन्छ। अनुमान प्रमाण मानसिक ज्ञान हो वाह्येन्द्रियजन्य होइन। उपमान प्रमाण–सादृश्य ज्ञान हो। कहिले वाघ नदेखेको मानिसलाई बाघ, बिरालो जस्तो र ठूलो हुन्छ भनी बताई दिएमा उसले कुनै समयमा बिरालो जस्तो ठूलो जन्तुलाई देख्यो भने उपमान गरी यही वाघ हो भनी निश्चय गर्छ। शब्द प्रमाण– कानले शब्द सुनेर त्यसको अर्थ थाहा पाउनु शब्द प्रमाण हो। विदेशमा भ्रमण गरेर

CC-0. In Public Domain. Digitization by eGangotri

आएका मानिसले त्यहाँको कुरा गर्दा शब्द प्रमाणद्वारा त्यहाँको ज्ञान हुन्छ । रेडियो सुनेर पनि देश–देशान्तरको ज्ञान हुन्छ । शब्द प्रमाणमा आफूले नदेखेको र न सुनेको वस्तुको ज्ञान अर्काको मुखदेखि, रेडियोद्वारा र पुस्तकादिको अध्ययनद्वारा हुन्छ । अर्थापत्ति प्रमाण–भनेको कल्पना हो । कसैले म कहिले केही खान्न तर मेरो शरीर मोटो छ भन्यो भने, बुद्धिमान् मानिस कल्पना गर्दछन् कि अवश्य पनि कसैले नं देखने गरी राती खान्छ । अनुपलब्धि प्रमाण–प्रमाणद्वारा जानिने वस्तु प्रमाण सावुत छँदाछँदै पनि जानिएन भने यो थाहा हुन्छ कि त्यहाँ त्यो वस्तु कै नै अभाव छ । वस्तुको अभाव रहेछ भनी जान्नु अनुपलब्धि प्रमाण हो । प्रमाणद्वारा जानिने वस्तु प्रमेय हुन्छ, कुनै प्रमाण-द्वारा पनि जानिदैन त्यो अप्रमेय हुन्छ । आत्मा अप्रमेय भएकोले यी छ प्रमाणहरूद्वारा पनि जानिदैन ।

(४०) ज्ञानवान्, दुइप्रकारका हुन्छन्– कृतोपास्ति र अकृतोपास्ति । कृतोपस्ति– जुन पुरुषले आत्म साक्षात्कार गर्नु भुन्दा पूर्व सगुण ब्रम्हलाई साक्षात्कार पर्यन्तउपासना गरेको छभने त्यो ज्ञानवान् पुरुष कृतोपास्ति हो । मनो नाश वासना क्षय र साधन चतुर्थ सम्पन्न भइसकेको हुन्छ। अकृतोपास्ति– जसले उपासना गरको छैन भने त्यो ज्ञानवान् अकृतो-पास्ति हो । त्यसको मनोनश वासना क्षय भएको हुँदैन । साधन चतुर्थ सम्पन्न न भैकन ज्ञान प्राप्तिमा लागेको हुन्छ। श्रवण, मनन र निदिध्यासनको आवृत्ति गरेर मनोनाश र वासनालाई क्षय गरी धेरै कालमा ज्ञान प्राप्त गर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा-सम्बन्धी प्रश्नोत्तर

(१) प्र– परब्रह्म धेरै टाढा हुनुहुन्छ कि नजीकै अथवा कुनै गोप्य स्थानमा हुनुहुन्छ ।

उ– वाह्य दृष्टि भएका पुरुषका लागि उहाँ अति टाढा र अन्तर दृष्टि भएका पुरुषका निमित्त अति नजीक, उहाँभन्दा नजीक नै अरू केही छैन । उहाँ सर्वव्यापक हुनुहुन्छ तापनि हृदयरूपी गुफामा मुख्य उहाँको निवास स्थान मानिएको छ । सत्य कुरा त यो हो कि ब्रह्म नै आफू हो ।

(२) प्र. – ब्रह्मलाई प्राप्त गर्न ज्ञान र भक्तिमा एक थोक जे भए पनि हुन्छ कि हुँदैन ?

उ. – हुँदैन ! दुवै चाहिन्छ । केवल ज्ञान र सगुण भक्तिले ब्रह्म प्राप्ति हुँदैन । ज्ञानीको भक्ति र भक्तिमय ज्ञान विशुद्ध हुन्छ । भक्ति यदि ज्ञानरहित छ भने त्यो भक्तिले मोक्षरूप फल दिन सक्तैन । ज्ञान सहित जो भक्ति हो त्यो निर्गुण निर्वासनामय हुन्छ र ब्रह्मलाई प्राप्त गराउदछ । ज्ञानरहित विना समझको भक्तिलाई त शास्त्रले अज्ञान बताएको छ र भक्तिरहित ज्ञानलाई जड बताएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

(३) प्र.– मानिसहरू ज्ञानको कुरा भने खूव गर्दछन्, आफूलाई म ब्रह्मज्ञानी हुँ भनी भन्दछन् पनि तर तिनीहरूको स्थितिमा कुनै परिवर्तन भएको छैन, यसको के कारण हो ?

उ. – यसको कारण प्रत्यक्ष छ । वैद्य रोगीलाई औषधि दिएर भन्दछन्– यो औषधि यो अनुपान सँग सेवन गर्नु र यस्तो पथ्यलाई पालन गर्नु रोग शीघ्र निको हुनेछ। परन्तु रोगी अनुपान पनि ठीक सँग प्रयोग गर्दैन र साथै पथ्यमा पनि रहँदैन । यसै कारणले गर्दा रोग निको हुँदैन । रोग निको न भएकोमा वैद्य र औषधिको कुनै दोष छैन ।

यस्तै प्रकार महावाक्य सुनेको र केही बुझेको छ तापनि संसारको विषयवासना रहिनै रह्यो भने शान्ति प्राप्त हुँदैन (अशान्तस्य कुत सुखन्म्)अशान्तिलाई सुख हुँदैन । त्यसमा गुरु र शास्त्रको के दोष ? जसले वासनालाई क्षय गरेको छ, उसलाई नै महावाक्यको फल प्राप्त हुन्छ; विषयासक्तलाई प्राप्त हुँदैन । धूलो माटोमा तत् कालमा चिन्न पर्छ, तर ढुङ्गामा भने पर्दैन । ढुङ्गाको समान कठोर हृदय भएको, विषयासक्त पुरुषको चित्तमा कुनै असर पर्दैन, अनि शांन्ति कहाँबाट प्रांप्त होस् ? जो निर्गुण भक्तिवान् छन् र दृढ वैरागी छन् भने तिनलाई उपदेश दिएको सार्थक हुन्छ र तिनै स्वरूपस्थितिमा प्राप्त हुन्छन् । अनेककाचमणि छन्, तर चन्द्रोदयले केवल चन्द्रकान्तमणि मात्र झल्किन्छ । अनेक पक्षी छन्, तर मेघ कराएको शब्द सुनेर नै मयूर नै प्रफुल्लित हुन्छ । जलमा अनेक प्रकारका फूल छन् तर सूर्योदयले कमल मात्र फग्रिन्छ, यस्तै लाखौं जीव छन् तर अधिकारी, संस्कारी र श्रद्धावान्

CC-0. In Public Domain. Digitization by eGangotri

जो छन् तिनैलाई महावाक्य श्रवणको फल ब्रह्म प्राप्त हुन्छ।

(४) प्र.– यदि कसैले त्यो भोजनमा विष हालेको छ भन्यो भने, चाहें विष हालेको होस् या नहोस्, सात दिनको भोको होस् या लाख रूपैयाँ प्राप्त हुन्छ भने पनि कोही त्यो भोजनलाई खान इच्छा गर्दैनन्। यो सांसारिक विषय भोग विषको तुल्य छ (विषयं विषवत् त्यजेत्) भनी महापुरुषहरू पनि भन्दछन् र आफैले पनि शास्त्रमा पढेको छ, तैपनि त्यसलाई त्याग गर्न सकिन्न, के कारण हो ?

उ– अज्ञानको कारण सधैं विषयमा प्रत्यक्ष सुख प्रतीत भइरहको हुनाले त्यसमा आसक्त भएको हुन्छ। त्यस्तै प्रकार रोगीलाई वैद्यले समझाएर भन्दछन् कि यो कुपथ्य हो, यसलाई सेवन गर्न हुन्न। परन्तु रोगी आसक्तिवश कुपथ्यलाई छोड्न सक्तैन, त्यस्तै मानिस पनि आसक्तिको कारण विषयलाई त्यागन सक्तैन। अर्को कुरा यो छ कि जुनप्रकार विषको कुपरिणामको असर तुरुन्त पर्छ, त्यस्तो विषय सेवनको कुपरिणामको असर तुरुन्त नभएर विलम्ब हुन जान्छ। यसकारण विषयलाई विषयुक्त मान्नमा केही सन्देह उत्पन्न हुन जानाको कारणले त्यसलाई बारम्बार सुनेर पनि त्याग गर्न कठिन पर्छ।। परन्तु विवेक र विचारले दृढ निश्चयपूर्वक मनलाई बारम्बार समझाउनाले तथा विरक्त महापुरुषहरूका सङ्गको प्रभावले विषयदेखि वैराग्य भएर यसको त्याग हुन सक्तछ।

(५) प्र. – विषयलाई सेवन गर्ने अनादिकालदेखि नै बानी परिआएको हुनाले त्यसको कसरी त्याग हुन सक्तछ ?

CC-0. In Public Domain. Digitization by eGangotri

उ– जस्तो एक दुइ वर्षको बालक हातले मलमूत्र समाती त्यही हात अज्ञानको कारण मुख भित्र हाल्दछ । समझदार पुरुषले त्यस पदार्थलाई दोष देखाई बालकलाई बारम्बार त्यस घृणित पदार्थलाई छुन निषेध गर्दछ । बालकलाई विवेक उत्पन्न हुँदै जान्छ, बालककालमा गरेको बानी छुट्न जान्छ । यस्तै प्रकार विषयदेखि विरक्त भइसकेका पुरुषले वारम्बार समझाई निषेध गर्नाले त्यसको प्रभावले विषयमा वैराग्य भएर त्यसलाई त्याग गर्न सक्छ ।

(६) प्र – एउटा यस्तो देह छ, जसमा एकै पुरुष छ । एउटा यस्तो प्वाल छ, जसमा बाहिर आउने मार्ग नै छैन । एउटी यस्तो स्त्री छ, जो वहुरूपिणी छ । एउटा यस्तो नदी छ, आडि-पछाडि दुवैतिर बग्दछ । एउटा यस्तो विचित्र घर छ, जो पच्चीस पदार्थले वनेको छ । एउटा यस्तो हंस छ, जसको कहानी अत्यन्त विचित्र छ । एउटा यस्तो चक्रछ, जो छुरा एवं वज्रले बनेको छ र आपसे-आप घुमिरहन्छ त्यो के होला ?

उ. – भगवान् एउटा हुनुहुन्छ । जुन ठाउँमा गएर फेरि फर्केर आउनु पर्दैन त्यो भगवान्को धाम हो । त्यो धाम पाउन भागवान्लाई नै प्राप्त गर्नुपर्छ । उहाँ जाग्रत आदि तीनै अवस्थादेखि र तिनका आभिमानिहरूदेखि भिन्न, तिनका साक्षी तुरीय हुनुहुन्छ । उहाँको आश्रयमा सबै छन् परन्तु उहा कसैको पनि आश्रयमा हुनुहुन्न । जस्तै मनुष्य विलरूप पातालमा प्रवेश गरेर त्यहबाट फर्केर आउँदैन, त्यस्तै नै जीव भगवान्लाई प्राप्त गरेर फेरि संसारमा फर्केर आउँदैन । यो आफ्नो बुद्धि नै

CC-0. In Public Domain. Digitization by eGangotri

बहुरूपिणी र सत्व, रज आदि गुणहरूलाई धारण गर्ने भएकी व्यभिचारिणी स्त्रीको समान छ। यो बुद्धि कुलटा स्त्रीको तुल्य छ। यसैको सङ्गले गर्दा जीवरूप पुरुषको ऐश्वर्य, स्वतन्त्रता आदि नष्ट भएर गएको छ। बुद्धिको पछाडि-पछाडि जीव कुलटा स्त्रीको पतिको तुल्य न जाने कहाँ-कहाँ घुमिरहन्छ। माया नै दुवैतिर बग्ने नदी हो। यो सृष्टि पनि गर्दछे र प्रलय पनि। पच्चीस तत्वले बनेको देह नै एउटा अद्भूत घर हो। पुरुष त्यसको आश्चर्यमय आश्रय हो। त्यही समस्त कार्य-कारणात्मक जगत्को अधिष्ठाता हो। भगवान्लाई बताउने भएको शास्त्र हंसको समान नीर-क्षीर छुटाउने विवेक हो। त्यसले बन्ध मोक्ष, चेतन र जडको अलग-अलग स्वरूप गरेर देखाई दिन्छ। काल नै एक चक्र हो, त्यो निरन्तर घुमिरहन्छ। त्यसको धार छुरा र वज्रको समान तीखो छ र त्यो सम्पूर्ण जगत्लाई आफूतिर खिचिरहन्छ। त्यसलाई रोक्ने कोही छैनन्, त्यो परम स्वतन्त्र छ।

(७) प्र–शरीरयात्राको निमित्त अध्यात्मवादीहरूले कर्म गर्नु पर्छ कि पर्दैन ?

उ– अध्यात्मवादी ज्ञानीहरूले पनि जीवन निर्वाहको लागि कर्म गर्नुपर्छ, परन्तु ब्रह्मचिन्तनमा रत हुनाको कारण तिनलाई म कर्म गरिरहेछु भन्ने भावना हुँदैन। भावना रहित कर्म बन्धनकारक हुँदैन। यस्तो कर्म दूषण होइन भूषण हो।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः।
शरीरयात्रापि च तेन प्रसिद्धयेदकर्मणः ॥

(गीता ३।८)

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ– शास्त्रले गर्न पर्छ भनेर वताएको कर्म तिमी अवश्य गर। कर्म नगर्नु भन्दा कर्म गर्नु श्रेष्ठ छ। केही कामै न गरेको खण्डमा त तिमीलई जीवन निर्वाह गर्न पनि कठिन पर्ला।

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते॥

(गीता १८।११)

देह धारी कसैले पनि पूर्णतया कर्म त्याग गर्न सक्तैन। जो कर्मफलको त्यागी हो त्यै त्यागी भनेर गनिन्छ। अरूको के कुरा स्वयं भगवान्‌ले म पनि कर्म गरिरहेको छु भन्नु भएको छ भने अब आफै विचार गर ज्ञानीले कर्म गर्नु पर्छ कि पर्दैन।

(८) प्र– मृत्यु हुन लागेको समयमा मानिसहरू यस आशाले गाई दान गर्दछन् कि यी गाईले परलोक जाँदा मलाई तारी दिन्छिन् भनेर, परन्तु जीव त गाईदान गरेर शरीर छोड्दछन्, फेरि ती गाईले कसलाई तार्दछिन्? गाई दान गर्ने मनुष्य गाई तथा दान लिने ब्राह्मण तीनै जनायहीं मरेको देखिन्छ, फेरि परलोकमा तिनको कसरी समागम हुन्छ?

उ– जीव तथा उसले दिएको दान एवं गरेको कर्म कहिले नाश हुँदैन। जीव त अर्को शरीरमा प्रवेश हुन जान्छ; केवल उसले छोडको स्थूल शरीर यहाँ नष्ट हुन्छ। शरीरको आश्रयले रहने भएको जीव शरीर नष्ट भएर पनि त्यो नष्ट हुँदैन। जस्तै समिधाहरूले आश्रित भएको अग्नि दाउरा बलेर सिद्धिसकेपछि पनि अग्नि नष्ट हुँदैन, त्यस्तै प्रकार जीव नष्ट

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन । कुनै शास्त्रमा जीव नष्ट हुन्छ भनी लेखको छैन । एउटा वाममार्ग (चार्वक) हरू मात्र शरीरको साथ जीव पनि नष्ट हुन्छ भनी मान्दछन् तर त्यो वेद विरूद्ध भएकोले मिथ्या छ र शास्त्र र अनुभवदेखि पनि विरुद्ध छ ।

यावज्जीवेत् सुखं जीवेत ऋणं कृत्वा घृतं पिवेत् ।
भस्मी भूतस्य देहस्य पुनरागमनं कुत : ।।

जबसम्म बाचिन्छ, सुखपूर्वक बाँचोस् । आफू सँग द्रव्यको अभाव भएमा ऋण लिएर भए पनि घृत पियोस् । ऋणलाई तिर्ने चिन्ता नगरोस् किनकि शरीर भस्म भएर गएपछि फेरि जीवको पुनरागमन कसरी हुन्छ ? यस्तो उनीहरूले मानेका छन् । त्यसको अतिरिक्त अरू जति शास्त्र छन्, तिनले (पुनरपि जननं पुनरपि मरणम्) लाई मानेका छन् ।

(९) प्र– (ब्रह्म सत्यं जगन्मिथ्या) भनी शास्त्र र ज्ञानी भन्दछन् । संसार झूठा भएपछि त्यसमा गरिएको व्यवहार पनि के झूठो होइन ? यदि यस्तै नै हो भने ब्रह्म प्राप्तिको लागि गरिएको प्रयत्न पनि कसरी सत्य हुन सक्ला ?

उ– संसारलाई सत्य मानुनज्याल परमात्मातिर मन लाग्दैन, यसकारण संसारलाई अनित्य र झूठो मान्नुपर्छ । तत्त्व दृष्टिले हेर्ने हो भने परमात्माबाट उत्पन्न भएकोले झूठो छैन । (ब्रह्मैवेदं विश्वम्) ब्रह्म नै यो विश्व हो (आत्मैवेदं सर्वम्) आत्मा नै यो विश्व हो । परन्तु प्रवाह रूपले संसार अनादि होता पनि परिवर्तनशील र अनित्य छ । ब्रह्म मात्र

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा सत्य सनातन हो त्यसदेखि अतिरिक्त अरू सबै मिथ्या नाशवान् हुन् । वेदान्तले दृश्य वस्तुलाई नाशवान् क्षर मानेको छ । वेद पनि दृश्य भएकोले क्षर हो । परन्तु वेदद्वारा नै सत्य ब्रह्मको बोध हुन्छ । मन, बुद्धि जड हुन् तापनि मन, बुद्धिले नै ब्रह्मलाई प्राप्त गर्दछ । मिथ्या जड देहलाई नै ब्रह्म प्राप्ति साधनको घर मानेको छ । जड देह नभए जीवले कहाँ बसेर ब्रह्म प्राप्ति गर्दछ ? वृक्षको शाखाको लक्ष्य गरर विम्वरूप चन्द्रमालाई देखिन्छ । इत्यादि कारणले गर्दा ब्रह्म प्राप्तिको लागि गरिएको प्रयत्न सत्य हो मिथ्या होइन ।

(१०) प्र– मुमुक्षु भएर पनि परम रहस्य यथार्थ जान्न नसक्नु यो के कारण हो ?

उ– हृदयको शुद्धवृत्ति विना प्रेम हुँदैन र प्रेम विना एकाकार वृत्ति अभेदभाव प्रकट हुँदैन । जवसम्म अभेद हुँदैन, अन्तः करण शुद्ध हुँदैन तवसम्म जीव ज्ञाता भएर पनि पुनः पतित भएर विनाशरूप पाशोमा ,आएर पर्छ । परन्तु खालि जान्नुको इच्छा गर्नु नै साचो मुमुक्षुता होइन । साचो मुमुक्षुता प्रेमवद्ध भएर, चैतन्य र चैतन्यको लीनतामा छ । साधन सम्पत्तिले विकसित भएको मुमुक्षुता नै मुमुक्षुता हो र त्यस्तो मुमुक्षुताले पूर्ण भएको पुरुष नै परम रहस्य जान्नमा समर्थ हुन्छ ।

(११) प्र– ज्ञानीको चित्त हुन्छ कि हुँदैन । चित्त हुन्छ भने चित्त हो अज्ञानको कारण जसलाई अज्ञान नै नाश भएको छैन भने ज्ञानी कसरी भयो ? ज्ञानीको चित्त हुन्न

CC-0. In Public Domain. Digitization by eGangotri

भनौ भने कसरी ज्ञानको उपदेश गर्दछ। आत्मा स्वरूप अद्वैतमा रहेर त कुरा गर्न सकिदैन, कुरा गर्दा त द्वैतमा आई चित्तलाई ग्रहण गर्नु पर्छ ?

उ – त्यसको उत्तर यो हो कि जाग्रत अवस्थाको चित्त घोर, स्वप्ना अवस्थाको चित्त शान्त र सुषुप्ति अवस्थाको चित्त मूढ हुन्छ। तीनै अवस्थादेखि रहित भएको चित्त मृत चित्त हो। ज्ञानीको मृत चित्त हुन्छ। मृत चित्तमा आसक्ति हुँदैन, कसैले प्रश्न गर्‍यो भने उसको इच्छा पूर्ण गर्न उत्तर दिन्छन्। यसमा ज्ञानीको इच्छा होइन कि पर इच्छा हो। जस्तै डढेको वस्त्रको आकार उस्तै भएर पनि लाउने काममा आउँदैन। भुटेको बीज अरूले देख्ता उस्तै भएर पनि त्यो फेरि उम्रिदैन, त्यस्तै ज्ञानीको चित्त भुटिएको मृत हुनाको कारण कर्महरू गर्नाले र उपदेश गर्नाले पनि पुनः जन्मलाई उत्पन्न गर्दैन। मृत चित्त भन्नुमा र क्षय भएको चित्त भन्नुमा केही अन्तर छैन। द्वैतमा आएर मात्र कुरा हुन्छ ठीक हो; परन्तु नाटकका पात्रले अनेक भेष धारण गरेका हुन्छन् ता पनि उनीहरूले त्यो भेषलाई क्षणिक ठानेका छन् र म मा कुनै विकार भएको छैन भन्ने ज्ञान रहिरहकै हुन्छ। त्यस्तै ज्ञानीले द्वैतमा आएर कुरा गर्दा पनि आफ्नो अद्वैत स्वरूपलाई भुलेको हुँदैन।

(१२) प्र–ब्रह्म चैतन्य ज्ञानस्वरूप भएर पनि अज्ञान नाश गर्न किन समर्थ भएन ?

उत्तर– सामान्य ज्ञान अज्ञानको विरोध छैन। त्यसकारण अज्ञान नाश गर्न वृत्ति विशिष्ट ज्ञान चाहिन्छ अज्ञानलाई नाश

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने ज्ञानै होत पनि विना ब्रह्माकार–वृत्तिमा आरूढ नभई अज्ञानलई नाश गर्न सक्तैन ।

(१३ प्र– जीव, ईश्वर र माया कस्ता प्रकारले रहेका हुन्छन् ?

उ– एउटा पिपलको वृक्ष छ । त्यसमा दुइटा पक्षी बसेका छन् । एउटा पक्षी भने पिपलको फल खान्छ र अर्को पक्षी भने त्यो फललाई नखाई केवल हेरेर मात्र रहन्छ । पिपलको वृक्ष भनेको माया हो । त्यस मायाको आश्रित रहने पक्षी जीव र ईश्वर हुन् । जीव चाहिने मायारूप वृक्षबाट उत्पन्न भएको पुण्यरूप फल सुख दुःख भोग गर्दछ । अर्को ईश्वररूप पक्षी सुख दुःखरूप फललाई भोग नगरी केवल हेरेर रहन्छ । वृक्ष स्थित भन्नु र हृदय स्थित भन्नुमा केही फरक छैन ।

(१४)प्र– गुरु र शास्त्रको भनाई छ– चित्तको संकल्प विकल्प देखि रहित हुनु पर्छ, अनि मात्र आफ्नो स्वरूपमा स्थित हुन सकिन्छ । मलाई भने यस्तो लाग्दछ मनको धर्महो संकल्प– विकल्प गर्नु, चित्तको धर्म हो चिन्तन गर्नु । उनीहरू आफ्ना धर्मलाई किन छोड्दथे ?

उ– चित्त चल्नाले बन्धन हुन्छ र निश्चल भएमा मोक्ष हुन्छ । यस कारण चित्त (संकल्प–विकल्प) लाई टाढा फ्याक अर्थात् वाध गर्दा जो शेष शुद्ध स्वरूप रहन्छ, तिमीनै त्यही हौ । ब्रह्म चिन्तनमा लागेको चित्त बदलिएर चित हुन्छ उसले गर्ने संकल्प–विकल्प मात्र सदास्थिर भएर एकै प्रकारले रहन सक्तैन । बालककालको जस्तो मन बुद्धि युवावस्थामा

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन । बालककालमा जुन खेल खेल्दा चित्त प्रसन्न हुन्थ्यो, चित्त बदलिएको हुँदा आज त्यो खेल खेल्न उसलाई मन लाग्दैन। यदि चित्त सदा काल स्वस्वरूपमा स्थिर नभई उठ्यो भने पनि केही हानि छैन । किन भने स्वप्नावस्थामा भएको दुःख सुखले जाग्रत अवस्थामा केही हानि लाभ हुँदैन । मोही पारी झिकेको घिउलाई पुनः मोहीमा हाल्दा पनि मोही संग नमिसी अलगै रहन्छ, घिउ–घिउ संग कहिले अलग हुँदैन । ज्ञानीको चित्त स्फुरण भए पनि क्षणिक मात्र हुन्छ ।

१५ प्र– भागवद्गीता र योगवासिष्ठ पढेपछि कुनै कर्म गर्नु पर्दैन भन्दछन् यो के ठीक कुरा हो ?

उ– गीता र योगवासिष्ठ पढेका मानिसले यस्तो कहिले पनि भन्दैनन्, जो भन्द छ त्यसले गीता र योगवासिष्ठ पढेको भए पनि बुझको छैन । स्वयं गीता वक्ता भगवान् श्रीकृष्णजी भन्नुहुन्छ–मैले कर्म गर्न छोडको छैन । भिक्षा वृत्तिले जीवन निर्वाह गर्नु नै ठीक छ म युद्ध गर्दिन भनी धनुषवाण समेत फ्याकेका अर्जुनले गीता ज्ञान प्राप्त गरेर भनेका छन्– (करिष्ये वचनं तव) अव मेरो मोह नष्ट भयो, मलाई ज्ञान भयो, तपाईले मलाई युद्ध गर भन्नु भएको वचन लाई पालन गर्दछु भनी युद्ध जस्तो महान् कर्मलाई गरे ।

योगवासिष्ठबक्ता बसिष्ठलाई ज्ञानी र सम्पूर्ण कर्मको कर्ता भनेर शास्त्रले बताएको छ। वसिष्ठद्वारा योगवासिष्ठ सुनी ज्ञान प्राप्त गरेर रामजीले सीताजीसंग विवाह गर्नु भयो र रावणलाई मारी राज्य गर्नु भयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥
(गीता ४ १८)

(१६) प्र– जीव ईश्वरको अंश हो र ईश्वरदेखि भिन्न होइन भने सर्वशक्ति र अल्पशक्ति भन्ने किन नाम भयो ?

उ– निसन्देह जीव ईश्वरको अशं हो, अंश अशीदेखि भिन्न अर्कै वस्तु हुँदैन । परन्तु जस्तो आकाशस्थ निर्मलमेघको अंश भूत जल पृथ्वीमा खस्नाले मलीन हुन जान्छ, त्यस्तै प्रकार देहासक्तिमा फस्नाले जीव पनि मलीन हुन जान्छ । यस मलीनताको कारणले गर्दा जीव मोहमा पर्छ र आफूलाई अल्पज्ञ मान्दछ ।

(१७) प्र– घटमा आकश रहेको हो वा आकाशमा घट रहेको हो, शरीरमा आत्मा रहको हो वा आत्मामा शरीर रहेको हो ?

उ– सर्बत्र व्यापक आकाशलाई अज्ञानी पुरुष केवल घट भित्र स्थित भएको मान्दछ । परन्तु त्यो आकाश वास्तवमा घटको आश्रित रहेका छैन । उल्टो घटादिक सर्व पदार्थ आकाशमा रहेका छन् । त्यस्तै सर्व जगत्को अधिष्ठान परब्रह्मलाई विचार हीन पुरुष केवल शरीरमा स्थित भएको मान्दछ । परन्तु परमात्मा वास्तवमा सर्वव्यापक हुनुहुन्छ । उल्टो शरीरादि जड पदार्थ सबै चेतन परमात्माको आश्रित रहेका छन् । जस्तै घटको उत्पत्ति हुनु भन्दा पूर्व नै सर्वत्र आकाश विद्यमान छ । तथापि घटको उत्पत्तिको अन्तर घटमा आकश प्रविप्ट भएको

CC-0. In Public Domain. Digitization by eGangotri

हो भन्ने मान्दछन् । यस्तै परमात्मामा पनि शरीरको उत्पत्ति हुनु भन्दा पूर्व नै सर्वत्र विद्यामान हुनुहुन्छ ता पनि अज्ञानी जन शरीरको उत्पन्न भएपछि त्यसमा प्रविष्ट भएको मान्दछन् । वास्तवमा होइन, यदि घटको अधारमा आकाश रहेको भए घट नष्ट हुँदा आकाश पनि नष्ट हुनु पर्ने । शरीरको आधारमा परमात्मा रहनु भएको भए शरीरको मृत्यु हुँदा परमात्माको पनि मृत्यु हुने थियो । परन्तु घट नष्ट हुँदा आकाशको नष्ट र शरीरको मृत्यु हुँदा परमात्माको मृत्यु भयो भनी कोही पनि भन्दैनन् । सर्वत्र व्यापक आकाश र परमात्मालाई घटस्थित र शरीर स्थित मात्र मान्नाले एक देशी परिच्छिन्न मान्नु पर्ने हुन आउँछ । व्यापक हुनाको कारण परमात्मा शरीर भित्र बाहिर सर्वत्र पूर्ण हुनुहुन्छ ।

(१८) प्र– मन बुद्धिलाई क्षय नगरी जीवनमुक्त हुँदैन भने सुषुप्ति अवस्थामा त मन बुद्धि हुँदैन फेरि किन मुक्त भएन । सुषुप्ति अवस्थामा भएको आनन्द त्यस समयमा किन भन्न सकिदैन ?

उ– अज्ञानका दुइ रूप छन्– आवरण स्वरूप र विक्षेप स्वरूप । सुषुप्ति अवस्थामा आत्मालाई आवरण गर्ने अज्ञान त रहकै हुन्छ। परन्तु सुषुप्ति अवस्थामा विक्षेप स्वरूप अज्ञान भने लय भएको हुन्छ । जस्तै पक्षी दिनभर आहारा खोजीको निमित्त यत्रतत्र घुम्दछ र रात परेपछि विश्रामको लागि आफ्नो गूडमा आएर सुत्तछ। त्यस्तै यो मन बुद्धिलाई जाग्रत र स्वप्नामा घुम्दा परिश्रम हुन्छ र सुषुप्ति अवस्थामा आएर विश्राम लिन्छ । विश्राम लिदामा क्षय भएको हुँदैन केवल

CC-0. In Public Domain. Digitization by eGangotri

वासना त्यस अवस्थामा सुप्त अथवा विलीन भएको हुन्छ । जागा भएपछि पुन: पूर्ववत् हुन्छ । सुषुप्ति अवस्था कारण देह र तमोगुणको हो र आनन्दमय कोश मानिएको छ । यसको स्थान हृदयहो र मूढ चित्त हो । सुषुप्ति अवस्थाबाट मन बुद्धि पुन: उत्पन्न भई हाल्दछ । जवसम्म बीज अज्ञान नाश हुँदैन तव सम्म अंकुर रूप मन बुद्धिको उत्पन्न भई रहन्छ । जीवन मुक्त हुनलाई त मन वुद्धिको क्षय नै हुनु पर्छ ।

निद्रामा मैले केही पनि जानिन भनी जो जागा भए पछि भनिन्छ । यसबाट सिद्ध हुन्छ कि त्यस समयमा कुनै प्रपञ्च थिएन अर्थात् साधन गर्ने मन बुद्धि थिएन, किन्तु प्रपञ्चको अभावलाई जान्ने भएको आत्मा स्वयं थियो र जागा भएपछि थाहा भयो । त्यस निद्राको समयमा मलाई आनन्द भयो भन्न नसक्नुको कारण यो हो कि प्रपञ्च रचियता बुद्धि नै सुतिदियो । यसवाट यो कुराको बोध हुन्छ कि केही कुरा भन्न र गर्नलाई जीवले बुद्धि संग मिसिएर मात्र गर्न सक्तो रहेछ । यदि जीव निदाएको पनि छैन र संकल्प--विकल्प पनि मनमा उठको छैन भने जीव नै शिव हुन्छ । अर्को शब्दमा भन्ने हो भने न निदाएको नचिताएको जुन अवस्था हो त्यही नै जीवन्मुक्त अवस्था हो ।

(१९) प्र– मनोनाश वासना क्षय कहिले हुन्छ ?

उ– यसको कुनै निश्चित समय छैन । जुन दिन ज्ञान प्राप्त हुन्छ, त्यसै काल एकै साथ मनोनाश वासना क्षय हुन्छ । अन्धकारमा दीपकको प्रकाश पुग्न साथ उज्यालो भइहाल्दछ । केराको बोट फल फलेपछि आफै नाश

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ, त्यस्तै यो मन पनि ज्ञान प्राप्त गरी अज्ञानलाई नाश गरी जीवलाई मोक्षरूप फल दिएर आफै नाश हुन्छ।

(२०) प्र– जुन सुकै वस्तु देख्नको निमित्त प्रकाश र नेत्रको आवश्यकता पर्दछ। परन्तु यो एउटा सारै आश्चर्यको कुरा छ, स्वप्नावस्थामा मानिसको नेत्र पनि बन्द हुन्छ र कोठा पनि अध्यारो हुन्छ फेरि स्वप्ना भने देखिन्छ यो कसरी भयो ?

उ–स्वप्नावस्थामा आदित्य, चन्द्र, दीपक र अग्निको प्रकाश हुँदैन र आँखा पनि चिम्लिएको हुन्छ। स्वप्नावस्थामा उक्त कुनै ज्योति नभए पनि स्वयंज्योति आत्माको प्रकाशद्वारा स्वप्न देखिन्छ। जाग्रत अवस्थामा पनि देखेको स्वयं आत्मा ज्योतिको प्रकाशले हो,तर त्यसको ज्ञान सर्व साधारणलाई भएको हुदैन। आँखा चिम्लिएर ध्यानमा बसेका योगी महात्माहरूले आत्माको प्रकाशले सबै चीजलाई देखेका हुन्छन्।

(२१) प्र– प्राण र जीव यी दुबै एकै हुन वा' फरक छन्। यदि फरक भए यी दुई मध्ये श्रेष्ठ कसलाई मानिएको छ ?

उ– फरकछन्, सूक्ष्म र कारण शरीरको अधिष्ठान सूक्ष्म देहमा स्थित चैतन्यको छायाँ तीनैको समूहलाई जीव भनिएको छ। पुरुष, प्रकृति, पञ्च विषय, दश इन्द्रिय, अहङ्कार, मन र पञ्चमहाभूत यी सबैका समूहलाई प्राण भनिएको छ। जीव र प्राणमा ठूलो अन्तर छ। जीव चेतन हो र प्राण जड हो। प्राणको स्वामी चैतन्य जीव हो, जीवको प्रेरणाले नासिकाद्वारा

CC-0. In Public Domain. Digitization by eGangotri

श्वास–प्रश्वास भित्र बाहिर फर्ने क्रिया गर्दछ। प्राण जड वायुतत्त्वको हो र परतन्त्र छ, अरू दश इन्द्रिय भन्दा यो केही श्रेष्ठ छ। प्राणलाई धारणा गर्ने चैतन्य जीव प्राणदेखि भिन्न र श्रेष्ठ छ, जस्तै मोटर चालक मोटर देखि भिन्न र श्रेष्ठ हुन्छ। प्राण जीवको नोकर हो, नोकर विना उ एक क्षण पनि रहँदैन। जब जीवले शरीरलाई छाडेर जान्छ, त्यस समय उसले प्राण सहित मन र इन्द्रियहरूलाई साथै लान्छ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जनः॥

समाप्त

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ लेखकका अन्य रचनाहरू

वेदान्त–संग्रह प्रथम भाग मूल्य रू–५।
" " द्वितीय भाग " रू–५।
" " तृतीय भाग " रू–५।

पुस्तक पाइने ठेगाना:–

हरेक पुस्तक भण्डार भोटाहिटी, काठमाडौं,
श्रीनरबहादुर भण्डारी क्षत्री वागबजार
लेखकको घर लाजिम्पाट काठमाडौं

मूल्य:– ने. रू. ५०।

मुद्रक:– श्री ५ को सरकारको छापाखाना सिंहदरवार